CC-0. In Public Domain. Digitization by eGangotri

ISSN 2091-2927



ज्ञानबिन्दु

१२

दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र, काठमाडौं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जि.प्र.का.द.नं.५०९/०६३

ISSN 2091-2927

ज्ञानबिन्दु

Gyanbindu

वर्ष १२ २०७५ चैत्र पूर्णाङ्क १२

सम्पादक

प्राज्ञ विष्णु प्रभात

कपिलचन्द्र खनाल

गीता रेग्मी

प्रकाशक

दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र

नयाँबजार, काठमाडौं

फोनः ४४३०३२६, ९८४१६१५०४४, ९८४१७३७२९२

Facebook: Dandapani Arjyal Memorial Center

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पादकीय

नेपाली ज्ञान परम्परामा तीन मौलिक चिन्तनहरू परापूर्वकालदेखि रहिआएका छन् । दर्शनिक सोचभन्दा केही पृथक रहेर पनि ती ज्ञान परम्पराले नेपाली समाजलाई चरप्पै समाएको देखिन्छ। हिमाली क्षेत्र होस् या तराई, पहाडी भू–भाग हुन या उपत्यका सवैतिर कम बेसी मात्रामा छरिएको यस्तो ज्ञान परम्परामा तन्त्र, मष्टो र मुन्धुमी चिन्तन रहेको छ। धामी झाँक्रीको परम्परासंग तन्त्रको गहिरो सम्बन्ध छ भने मातृप्रधान समाज कालिक प्रकृतिक परक चिन्तनको रूपमा मष्टो परम्परा छ । मुन्धुमी परम्पराको रूपमा थिग्रिएको प्रकृतिपरक सोच, जीवन दृष्टि र संस्कारहरू पनि नेपाली ज्ञान परम्परामा प्रभावकारी रही आएको पाईन्छ। सभ्यता संग–सँगै मानिसको चिन्तनले क्रमश अग्रगामी पाईला चाल्दै अघि बढ्ने क्रममा हिमवत् खण्ड, मानस खण्ड आदि भू–क्षेत्रका अतिरिक्त कौशिकी क्षेत्रको सन्दर्भ, समाज र सभ्यता अनुरूपको ज्ञानधारण नेपाली चिन्तनका रूपमा रह्यो । हाम्रो प्रकाशन ज्ञानबिन्दुले अविरल प्रवाहमा अहिलेसम्म ज्ञानका यिनै विविध क्षेत्र, स्रोत, परम्परा र विशिष्ठतालाई विवेचना गर्ने, प्रस्तुत गर्ने र सिर्जनात्मक रचनालाई प्रोत्साहन गर्ने काम गर्दै आएको कुरा सर्व विदितै छ। देशका मुर्धन्य कवि, कलाकार, साहित्यकार, इतिहासकार, दर्शनाचार्य संस्कृतिविद्, भाषाशास्त्री, कुटनीतिज्ञ, शिक्षाविद्, नियात्राकार, समाजशास्त्री, तन्त्रविद्, धर्मशास्त्रीहरूका विभिन्न लेख रचना विगतका अङ्कहरूमा प्रस्तुत गर्दै आएका थियौं । त्यसक्रममा आफ्ना रचना, विवेचना र दृष्टिकोण दिएर ज्ञानबिन्दुलाई सघाउनु हुने सबै विद्वान्बृन्द प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं । दिव्य १२ बर्षको यात्रामा सम्मानित पुरस्कृत प्रतिभाहरूलाई पनि हामी स्मरण गर्दछौं। यस पटक पनि हामीले केही चिन्तनपरक ज्ञानका कुराहरू र मीमांसापरक व्याख्या तथा मौलिक सिर्जनाहरू समावेश गरेका छौं। हामीलाई आफ्ना अमूल्य सामग्री दिएर सहयोग पुऱ्याउनु हुने प्रतिभा प्रति पुनः हार्दिक आभार व्यक्त गर्दै यस बर्ष पुरस्कृत हुनु भएका विशिष्ट नेपाली प्रतिभा डा. हरि प्रसाद मानसाग्नि प्रति विनयपूर्ण बधाई व्यक्त गर्दछौं।

–सम्पादक मण्डल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषयसूची

शीर्षक	लेखक	पृष्ठ
दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र : सङ्क्षिप्त परिचय		४
नेपाली दर्शनको ऐतिहासिक शृङ्खला (दर्शन)	विष्णु प्रभात	६
पृथ्वीनारायण शाह, एसिया ... (इतिहास)	सुरेन्द्र के.सी.	३५
कला, कलाको ऐतिहासिक ... (कला)	वासुदेव खनाल	४४
बोस्टनमा बिताएका अनिदा रातहरू (नियात्रा)	गोविन्द गिरी प्रेरणा	६०
कविता (साहित्य)	खलानको मान्छे	६७
हिमताल फुट्ने जोखिम न्यूनीकरण (भूशास्त्र)	.रामचन्द्र तिवारी	६८
एक सामाजिक संस्थाको चिरफार (विवेचना)	ईश्वरचन्द्र बानियाँ	७८
हरिभक्त देवकोटा सङ्क्षिप्त परिचय (जीवनी)	मोहननारायण श्रेष्ठ	८१
श्रीपशुपतिनाथको महास्नानपूजामा... (संस्कृति)	माधव प्र. लामिछाने	८७
नियति परदेशीको (कविता)	राजेन्द्रप्रसाद अर्याल	१०२
मनिलालाई एक चक्कर (नियात्रा)	दीपकबाबु अर्याल	१०४
नेपालमा शक्तिउपासना परम्परा (संस्कृति)	हरिप्रसाद खराल	११२
दुई गीत (साहित्य)	सीता अर्याल	१३१
Skilling Youth for Self-employment ...(शिक्षा)	Kushmakar Bhatta	१३२
मौलिक र मौलिकताप्रतिको (चिन्तन)	राजेन्द्र सुवेदी	१३७
उद्दालकको दर्शन (दर्शन)	रामराज रेग्मी	१४२
नेपालका तीन मौलिक चिन्तन परम्परा (दर्शन)	असरफ अली	१५३
टोपी (कविता)	हरिहर अर्याल	१६१
निर्मल ध्यान (प्रथम चरण) (योग)	मानसाग्नि	१६२
अमर श्रष्टा पारिजातको अमर कृति (समिक्षा)	ज्ञानू पाण्डे	१७२
बहुलयात्राको सम्झौटो पत्थरै पत्थर (विवेचना)	दुर्गाप्रसाद अर्याल	१८२
पद्यावली (कविता)	शिवहरि मरहट्टा	१९१
पशुपति क्षेत्रका अभिलेखहरू सम्बन्धमा ... (पुरातत्व)	प्रकाश दर्नाल	१९४
प्रतिभा परिचय (जिवनी)	कपिलचन्द्र खनाल	२००
फरक भूगोलको फरक कथा (साहित्य)	प्रभा बराल	२०४
सङ्घीय पद्धति अनुरूप भाषा संरक्षण (शिक्षाशास्त्र)	रमेश भट्टराई	२१०
भ्यागुते रेलमा तिआनजिनको यात्रा (नियात्रा)	सरिता अर्याल	२२८
किन लेख्नु ? (दृष्टिकोण)	गीता रेग्मी	२३२
वसन्तको पदार्पणले (कविता)	गंगा लिगल	२३६
Dandapani Arjyal Memorial Center: A brief ...	Anupama Aryal	२३८
स्मृति केन्द्रका गतिविधि	कमल अर्याल	२४१
मलाई थाहै भएन (गीत)	उत्सव अर्याल	२४४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र : सङ्क्षिप्त परिचय

ज्योतिषी पण्डित दण्डपाणि अर्ज्यालको जन्म वि.सं. १९६३ साल कार्तिक २४ गते गोरखामा भएको थियो र २०४५ साल माघ ७ गते गोरखा बजारमा नै स्वर्गारोहण भयो । उहाँ गोरखामा पण्डितबाजे, ज्योतिषीबाजे र माष्टरबाजे जस्ता नामहरूले चिनिनुहुन्थ्यो । वि.सं. २००४ सालदेखि गोरखा भाषा पाठशालामा शिक्षण पेसा थालनी गरेर आधार स्कुल अनि शक्ति मा.वि. हुँदै निवृत्त जीवनमा पनि जिल्लाशिक्षा समिति लगायत विभिन्न संस्थाहरूमा रही शिक्षा विकासमा योगदान दिनुभयो । आफ्नो ८३ वर्षे जीवनकालमा उहाँले नेपाली समाजको लागि महत्वपूर्ण योगदान पुऱ्याउनु भएको थियो ।

समाजमा रहेको कुरीति, अन्धविश्वास, छुवाछुत आदिको उन्मूलनमा उहाँको सबल योगदान रहेको छ । यसका साथै ज्योतिषी पण्डितको हैसियतले गोरखाली समाजमा धार्मिक सहिष्णुता र सामाजिक सद्भावको प्रवर्धनमा संलग्न हुनुहुन्थ्यो । उहाँ एक इतिहासकार, अन्वेषक एवं अनुसन्धानकर्ता हुनुहुन्थ्यो । यसै प्रसङ्गमा इतिहासकार प्रा. श्री दिनेशराज पन्तले उल्लेख गर्नु भएको छ कि **स्वर्गीय श्री दण्डपाणि अर्ज्याललाई गोरखा सम्बन्धी विश्वकोष भनेपनि हुन्छ ।** नेपालको इतिहास अन्वेषक श्री धनवज्र बज्राचार्य तथा प्रा.डा. श्री तुलसीराम वैद्य, कवि भीमनिधि तिवारी लगायतका विभिन्न विद्वान्हरू पनि उहाँको संसर्गमा रहेर विविध खोज, अनुसन्धानको काम गर्नु भएको थियो । समाजशास्त्रको क्षेत्रमा पनि उहाँ उत्तिकै जानकारी राख्नुहुन्थ्यो । शाहवंशको वंशावली तथा अर्ज्याल वंशावली वहाँका सङ्कलनमा थिए । दण्डपाणि अर्ज्याल गोरखाको मात्र नभएर नेपालकै एक बहु प्रतिभाशाली सर्जक हुनुहुन्थ्यो । वहाँले अति मेहनत गरेर तयार पार्नु भएको **दशमहाविद्या** तन्त्रशास्त्रको किताब, **अर्ज्यालहरूको बृहद बंशावली** र **त्रिबिधा** (इतिहास, संस्कृति र ज्योतिष सम्बन्धी) गरी तीन पुस्तकहरू हामीले प्रकाशित गरिसकेका छौं । यी गहन विषयका पुस्तकहरू राष्ट्र तथा नेपाली समाजको एक निधि रहेको कुरा धेरै विद्वान्हरूले बताउनु भएको छ । यसरी नै उहाँको योगदानका बारेमा प्रकाशित लेख रचनाहरूको सङ्कलन– **'दण्डपाणि अर्ज्याल जन्मशताब्दी स्मृतिग्रन्थ'** का साथै **ज्ञानबिन्दु**-एघारौं अङ्क- (केन्द्रको वार्षिक प्रकाशन) समेत गरी २०७४ सम्ममा कुल २० थान पुस्तकहरू हामीले प्रकाशित गरी सकेका छौं । उहाँका इतिहास विषयक रचनाहरू पनि प्रशस्तै रहेका छन् र ती प्रकाशित हुने क्रममा छन् ।

स्व. दण्डपाणि अर्ज्यालले विभिन्न क्षेत्रमा गर्नु भएको योगदानलाई जनसमक्ष

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुऱ्याउने, वहाँको स्मृतिलाई चिरस्थायी वनाउँदै लैजाने र विविध सामाजिक कार्य गर्ने उद्देश्यका साथ समाजका प्रवुद्ध वर्ग अनि परिवारको संलग्नतामा वि.सं. २०६२ सालमा **दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र** स्थापना भएको हो। स्मृतिकेन्द्रको स्थापनापछि हामीले उहाँको योगदानलाई कदर गर्दै अक्षयकोष तथा पुरस्कारको प्रवन्ध गरेका छौं र २०६३ देखि प्रतिवर्ष **दण्डपाणि-नन्दकुमारी अर्ज्याल स्मृति पुरस्कार** प्रदान गर्दै आएका छौं। (२०७० अघि यो पुरस्कारको नाम **दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार** थियो) इतिहास, संस्कृति, वंशावली अनुसन्धान, शिक्षासेवा, साहित्य, समाजसेवा, संस्कृतभाषा, ज्योतिषशास्त्र आदि विषयहरूमा आलोपालो गरी प्रतिभा चयन गर्दै आएका छौं। यस अघि २०६३ मा पहिलोपल्ट इतिहास विषयमा अन्वेषक प्राज्ञ **ज्ञानमणि नेपाल**लाई, दोस्रो पल्ट २०६४ मा ज्योतिषशास्त्र एवं संस्कृतभाषा साहित्यमा समेत योगदान दिनु भएका इतिहासकार **प्रा. दिनेशराज पन्त**लाई र २०६५ मा संस्कृति विषयमा वरिष्ठ साहित्यकार, अन्वेषक तथा संस्कृतिविद् **सत्यमोहन जोशी**लाई सम्मान र पुरस्कार प्रदान गरेका थियौं। २०६६ मा हामीले शिक्षा विषय छान्यौं र सोही क्षेत्रमा समर्पित विद्वान्, दीर्घ शिक्षासेवी, शिक्षाविद् **प्रा.डा. सुरेशराज शर्मा** पुरस्कृत हुनु भयो। २०६७ मा वैदिक वाङ्मय तथा संस्कृति विषयमा वरिष्ठ साहित्यकार **मदनमणि दीक्षित**लाई सम्मान र पुरस्कार प्रदान गरेका थियौं। २०६८ मा साहित्य, आयुर्वेद विषयमा वरिष्ठ साहित्यकार **मोदनाथ प्रश्रित**लाई सम्मान र पुरस्कार प्रदान गरेका छौ। २०६९ सालमा इतिहासकार **प्रा. डा. सुरेन्द्र के.सी.**लाई, २०७० मा दीर्घ शिक्षा सेविका एवं उपन्यासकार महिला सर्जक **श्री पुण्यरश्मी खतिवडा**लाई, २०७१ मा अन्वेषक तथा इतिहासकार **प्रा.डा.तुलसीराम बैद्य**लाई, २०७२ मा समाजशास्त्री एवं संस्कृतिविद् **प्रा.डा.प्रेम कुमार खत्री**लाई, २०७३ मा ज्योतिषज्ञ एवं संस्कृतिविद् **डा. जगमान गुरुङ्**लाई र २०७४ मा धुर्मुस सुन्तली फाउन्डेसनका सीताराम कट्टेल र कुन्जना घिमिरेलाई सम्मान र पुरस्कार प्रदान गरेका छौं। यसवर्ष संस्थाले सामाजिक विषय छान्यो र सोही क्षेत्रमा समर्पित प्राकृतिक चिकित्सा र उपचार पद्धतिमा छुट्टै पहिचान वनाउन सफल एक सामाजिक अभियन्ता **डा. हरि प्रसाद पोखरेल "मानसाग्नि"**लाई पुरस्कृत गर्ने निर्णय गरेको छ।

यस संस्थाले प्रत्येक वर्ष कुनै एउटा राष्ट्रिय महत्वको विषयमा विचार-गोष्ठी गर्दै आएको छ। दलित छात्रा तथा महिला प्रतिभालाई पुरस्कृत गरेको छ। गोरखाका क्याम्पस स्तरीय निबन्ध प्रतियोगिता सम्पन्न भयो। विभिन्न सेवामूलक र रचनात्मक कार्यक्रमहरू गर्ने गराउने लक्ष्य राखेको छ। दण्डपाणि अर्ज्यालका कृतिहरूको अनुसन्धान तथा प्रकाशन गर्दै जाने, गोरखाली एवं नेपाली प्रतिभाहरूलाई प्रेरणा र प्रोत्साहन दिँदै सम्मान, पुरस्कार दिने काम गरेको छ। खोजमूलक कृतिहरू प्रकाशित गर्दै विविध सामाजिक कार्यहरूसमेत गर्ने उद्देश्य राखेको व्यहोरा सहर्ष जानकारी गराउन चाहन्छौं।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली दर्शनको ऐतिहासिक शृङ्खला

प्राज्ञ. विष्णु प्रभात

१. विषय प्रवेश

नेपालको भूगोल र समाज दुवै विविधतापूर्ण र आश्चर्य लाग्दो छ। यहाँ संसारकै अग्लो हिमचुली सगरमाथादेखि संसारकै होंचो या गहिरो गल्छी पनि रहेको छ। हिमालय पर्वत, समतल तराई र थुम्के पहाडका प्रकृतिमा विविधतापूर्ण जीवजन्तु, वनस्पति र मानिसहरू बसोवास गर्दछन्। जातीय बनौट, सांस्कृतिक संस्कार, धार्मिक आस्था र खानपिनमा अनौठो सङ्गम छ। संसारका साना देशहरूमध्ये यति ठूलो विविधता अन्य कुनै मुलुकमा पाइँदैन। हिमाली शेर्पा हुन् या पहाडी राउटे, तराईका थारु हुन् या कान्तिपुर उपत्यका निवासी महर्जन, यिनीहरूको जैविक विकासको स्तर, सामाजिक चेतना र सभ्यताको तह नै फरक–फरक अवस्थामा देखिन्छन्। पहाडका मगर, गुरुङ, राई, लिम्बू र तामाङहरूका बीचमा रहेका विशेषता पनि गजबका छन्। ब्राम्हण, क्षत्री, नेवार, थकालीहरूका विशेषता झनै विशिष्ट छन्। यी कुराले हाम्रो समाजको चिन्तन, दृष्टि, सोच विचार, संस्कार, सदाचार र समुन्नतिका क्रियाकलापहरूलाई प्रभावित गरेको छ। एकातर्फ उत्पादनशील भूमि र प्रविधिको न्यूनताले आर्थिक विषमतालाई बढाएको छ भने अर्कोतर्फ सहर र गाउँको जीवन शैली, शिक्षा र स्वास्थ्यको पहुँच र प्रयोगले मानिसका आफ्ना विश्वासहरूलाई जातीय एवं क्षेत्रीय परिधिमा समेत खुम्च्याएको छ। खाना र नानामा अन्तर रहे जस्तै भाषामा समेत प्रशस्तै विविधता छ। यद्यपि नेपाली समाजमा रहेका सबै जाति र क्षेत्रका नागरिकहरूले नेपाली भाषा बोल्ने बुझ्ने सामथ्र्य राख्दछन्। जुनसुकै जाति र धर्मका भए पनि सबैले हामी नेपाली भन्ने भावनामा आफूलाई आबद्ध गरेका छन्। खानपिनको विविधताले तागाधारी र मतवाली छुट्याएको भए पनि दुवैले दाल–भात–डुकु उसै गरी खान्छन्। शाकाहारी र मांसाहारी संस्कारमा बाँडिएका छन्। परन्तु परस्परमा सद्भाव र सहजीवनको व्यवहार गर्दछन्। भू—बनौटमा समुद्र छैन तर समुद्रसँग जोडिएका नदीहरू छन्। मरुभूमि छैन तर वनस्पति विनाका पहाडी चट्टानहरू छन्, हिमचुलीहरू छन् अनि अनेकौं फाँट टार र उपत्यकाहरू छन्। लेक बेंसीहरू छन्। परिवारका बनौटमा पनि सानो र ठूलो, सजातीय र विजातीय दुवै स्वरूपका छन्। अन्तर धार्मिक सद्भाव र सहजीवन सुन्दर छ। "आफ्नो मानु खानु चानु मानु बस्नु" भन्ने जीवनशैलीले गर्दा अनेकौं दुःख सहेर पनि नेपालीहरूले आफ्नो लोकधारणा निर्माण गरेका छन्। नेपालका सबै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जाति र क्षेत्रमा छरिएका मत–अभिमतको समुच्चयमा नेपाली लोकदर्शन खडा छ। **लोकदर्शन भनेको विचार र व्यवहारको लौकिकतामा निर्मित सामूहिक दृष्टिकोण र पद्धति हो, जीवन बोध र शैली हो। यसभित्र सम्पूर्ण जाति–प्रजातिका विश्वास, विधि–थिति, प्रविधि र ज्ञानहरू समेटिएको हुन्छ।**

नेपाली लोक दर्शन यहाँका जनताको जीवन र प्रकृतिसँगै हुर्कियो। हिमाली खण्डमा होस् या तराईमा- मानिसहरूका खानपिन, पहिरन र कामको स्वरूप पर्यावरणीय परिवेश अनुकूल हुँदै आयो। प्रकृतिकै प्रभाव स्वरूप खगोल र भूगोलको ऋतुचक्रलाई आधार बनाएर मान्छेले विभिन्न दिक् काल र युगहरूको कल्पना गर्‍यो। अन्न प्रशस्त हुने समय सुखी जीवन र अनिकाल महामारीको समय दुःखी जीवन बन्यो। वर्षा र हिउँदको पुनरावृत्तिमा हाम्रा लोक धारणाहरू बने। जाडो गर्मीका प्रभावबाट हाम्रो सञ्चयकला, खानपिन र पहिरनका बान्कीहरू बने। सूर्य, चन्द्र, ताराहरूको आधारमा प्रकृतिबोध गरियो, यहाँको जीवन भोगाइमा सुख, दुख, सद्भाव, सहयोग, सभ्यता, संस्कृतिका भावनाहरू हुर्किए। यद्यपि विभिन्न धार्मिक कथा र किम्बदन्तिले सुनाउने काल्पनिक युगको अस्तित्व भने कुनै तथ्यद्वारा सत्य सावित भएको छैन। न त चेप्टो पृथ्वीकै कथा टिक्यो, न कुनै ईश्वरीय सृष्टिकथा यथार्थमा पुष्टि भयो। बरु मानिसको विकास स्तनधारी जीवन हुँदै बाँदरबाट विकसित भएको तथ्य औंल्याउने हाम्रा जातीय पूराकथा क्रमश पुष्टि हुँदै गएका छन्। हजारौं वर्ष अघिका मानव अस्थि–अवशेष, उनीहरूले प्रयोग गरेका औजार र नास भएका सभ्यताको अध्ययनबाट जसरी विश्वका मानव जातिको यथार्थ छर्लङ्ग हुँदो छ त्यसरी नै नेपाली समाज र सभ्यताको विकास पनि प्राचीन शिकारी युगबाट विस्तारै मातृप्रधान समाज, कृषि कर्म आश्रित सामन्तवाद र औद्योगिक समाजतर्फ अघि बढेको तथ्य हाम्रो वर्तमानले समेत दर्शाएकै छ। विकसित नेपाली समाज सहरी सभ्यतामा अन्तरजातीय एकत्व निर्माण गर्दै अघि बढेको छ भने अविकसित नेपाली समाज अझै पनि घुमन्तु जङ्गली जीवनमा समेत घस्रिँदै छ। राउटेका बगालले यस्तै तथ्य दर्शाउँछ। विकासको गतिशील यात्रा असमान रहेकोले नेपाली समाज पनि सबै भूगोल, जाति र बस्तीको अनुकूलतामा आ–आफ्नै अलग विशेषताका साथ असमान परिस्थितिमा अघि–पछि भएका हुन्। अत्यन्तै विकसित प्रविधिको प्रयोग सँगसँगै अति नै अविकसित घरेलु प्रविधिको प्रयोग पनि हाम्रो नेपाली लोक जीवनमा रहेकै छ। नेपाली लोक जीवनमा एकातर्फ अझै पनि ढिंकी, जाँतो, ढुङ्गाको ओखली, काठको मुसल, खल, सिलौटो, ओदान, खलाँती, कुटो, कोदाली, हलो, फाली र खन्ती प्रयोग भइरहेको छ भने अर्को तर्फ मोबाइल, कम्प्युटर, ट्याक्टर, हार्भेस्टर, रेल, हवाइजहाज, डिगर, डोजर जस्ता आधुनिक यन्त्र प्रयोग भएको छ। ग्रामीण खेत बारीमा पनि भूगोलको सुगमताका आधारमा ट्याक्टर आदि नयाँ नयाँ उपकरणहरू पुगेका छन्। वास्तवमा नेपालको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रारम्भिक नगर सभ्यताको विकास बाह्य हस्तक्षेपबाट भएको थिएन। तर प्रविधिको विस्तार भने बाह्य प्रभावकै बर्चस्वमा भएको देखिन्छ। नेपाली लोक जीवनले माना, पाथी, धार्नी र बिसौली जस्ता नाप तौलको धारणा विकास गरेको थियो। जसको प्रारम्भ बुद्धकालिक कोलीय राज्यबाट भएको मानिन्छ। वर्तमानमा ती प्राचीन पद्धति बदलिइसकेका छन्। यस क्रममा कोल र निषाद जातिको सम्मिलन खसहरूसँग भए पछि ती सवर्णमा दरिएको कुरा हाम्रो सामाजिक इतिहासमा पाइन्छ। यसले नेपाली समाज र जातिको विकास स्वाभाविक एवं स्वस्फूर्त ढङ्गले अन्तरजातीय सम्मिलनकै प्रकृयाबाट अघि बढेको देखाउँदछ। फलतः चिन्तनको स्वरूप र सारमा समेत विविधतामा एकता कायम गर्दै नेपाली लोकदर्शनको प्रारम्भ प्राकृतिक भौतिकवादी विशिष्टतामा नै विकसित हुँदै आएको छ।

मानिसले मानिसलाई नैतिक जीवन तर्फ डोऱ्याउने साधनका रूपमा प्रयोग गरेको धर्म– प्रत्ययवादी सिद्धान्त, अध्यात्मवादी पद्धति र त्यस निम्ति गरिने भावनात्मक कर्मसंस्कारका रूपमा रहेको छ। अध्यात्मवाद अधिभूतवादको पर्यायवाची शब्द हो र यसैलाई अङग्रेजीमा मेटाफिजिक्स भनिँदै आएको छ। कतिपयले अध्यात्मवादलाई नै दर्शनको तहमा हेर्ने र कतिपयले धर्मको अर्थमा बुझ्ने गरेको पनि पाइन्छ। परन्तु यो शब्दले बुझाउने अर्थ भनेको प्रत्ययवादको पद्धतिलाई हो। जुन पद्धतिले संसारको ज्ञेयतालाई अज्ञेयताद्वारा पुरपार पारेर ज्ञानको क्षेत्रमा रहस्यवाद, जगतको सन्दर्भमा अबोधगम्यता र दृष्टिकोणका सन्दर्भमा ईश्वरवादलाई स्थापित गर्दछ। धर्म यसैद्वारा संरक्षित सोच बनेर रहेको छ। त्यसो त धर्म प्रत्येक मानिसको विश्वास र अन्धविश्वासमा रहेको त्रासपूर्ण धारणा बनेर आएको छ। यसले प्रारम्भमा प्रकृतिको ताडना रोगव्याधी र दूर्बलताबाट बाँच्ने र बलियो हुने चाहना राख्दै लौकिक कर्ममा आफूलाई केन्द्रित गरेको थियो। तर आज रुढ विश्वास र प्रतीकमा उम्रिएको त्रास नै धर्म बनेको छ। त्यसैले धर्म भनेको मानिसले मानिसलाई विधिमा बाँध्न बनाएको त्रासपूर्ण संस्कार कर्म हो। धर्म कल्पनाका कथाहरूद्वारा अदृश्य शक्तिप्रति भक्ति उत्पन्न गर्न रचिएका पूजा, पाठ, सप्ताह, यज्ञ, पुराण, पिटक, कुरान, बाइबल र काव्य कलाले भरिएको छ। मानिसमा धर्मद्वारा प्रकृति, समाज र सामाजिक सम्बन्धलाई हेर्ने खास खास धारणा उत्पन्न गरिन्छ र त्यही धारणागत आस्थामा आफ्नो कुल, जाति र क्षेत्रका सीमाभित्र विविध धर्महरूका सिद्धान्तको स्थापना र व्याख्या गरिन्छ। यही वृत्तमा अडिएर आज पनि अनेकौं धार्मिक आस्थाका व्यक्ति, सम्प्रदाय र संस्थाहरू क्रियाशील रहेका छन्। यद्यपि कतिपय धार्मिक धारणाले त्यस्तो सीमालाई अतिक्रमण गरेको पनि पाईन्छ। समाजको विविधता जस्तै चिन्तन दृष्टि र संस्कारका विविधता पनि प्रकृति, समाज र समय सँगसँगै निरन्तर बदलिएर अघि बढ्दछन्। नेपाली लोक जीवनमा विकसित लौकिक विचारहरू पनि विविधता पूर्ण नै छन्। दर्शनको तहमा विकसित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भई नसकेका दृष्टिकोण एवं दर्शनको तहमा विकसित विचार पद्धति विविधतापूर्ण हुनुमा समाज, संस्कार र सभ्यताको प्रभाव नै कारण बनेको देखिन्छ। वास्तवमा सबैले जाने बुझेको कुरा हो प्राकृतिक परिवेशको सामना गर्ने क्रममा मानिसले अनेकौँ बिघ्नबाधासँग जुध्दै आफ्ना अनुभवलाई समृद्ध पार्‍यो र त्यसै क्रममा अनुमान या अडकल गर्ने तर्कशील गुण पनि हासिल गर्‍यो। तार्किक क्षमताको विकास सँगै घाम, पानी, हावा, हुरी, वर्षा, आँधी, बाढी, पहिरो, चट्याङ, भूकम्प, शीत लहर, डढेलो झेल्दै आफूभन्दा बलिया शक्तिहरूसँग समन्वय अथवा सङ्घर्ष गर्दै अघि बढ्दा नै मन मस्तिष्कले चिन्तनशीलतालाई समेत समृद्ध पार्‍यो। जाने बुझेका कुरामा यो वा त्यो हुन सक्छ भन्दै तर्क र अनुमानद्वारा जिज्ञासालाई समाधान गर्ने काम गर्न थाल्यो। यही श्रृङ्खलामा मिथकशास्त्रको श्रुति परम्परा हुर्कियो। रहस्यको काल्पनिकीमा रमाउँदै अनेकौं आख्यान बतुर्न थालियो र प्रकृतिकै समेत जय गान गाउन थालियो। प्रकृतिपूजक चिन्तनको प्रारम्भ यसैगरी भएको थियो। परन्तु त्यसपछि भने तान्त्रिक भावको मातृत्व पूजक शाक्त सोच, शैव दर्शन, ब्रह्म दर्शन, शाङ्ख्य दर्शन र बौद्ध दर्शनको मुख्य धारा नै नेपाली लोकदर्शनको चिन्हारीमा अघि बढ्यो। बुद्ध पछिको नेपाली लोक दर्शनमा अनेकौं विशेषता स्वरूप सन्त दर्शन, शिखदर्शन र वैष्णव दर्शनका विविध शाखा देखा परेका भए पनि ती मूलतः सनातनी ईस्वरवादकै नयाँ रूप बनेका छन्। प्रकृतिपूजक बोन परम्परादेखिकै प्रभाव लिएर हिन्दु बौद्ध सनातनी दृष्टिकोणको परिधिमा तिनीहरू क्रियाशील रहेका देखिन्छन्। त्यसैले यथार्थलाई अँगाल्ने कुरामा ती सवै दुर्बल रहे र सबैमा प्रशस्त कमजोरीहरू रहे।

२. प्रकृतिपूजक लोकचिन्तनका रूपमा बोन दर्शन

सम्पूर्ण सृष्टिको आधार भौतिक संसार अर्थात् प्रकृतिलाई मान्ने र प्रकृतिसँग पितृलाई जोड्ने लोक चिन्तन र पद्धतिलाई **पोन दर्शन** भनिन्छ। पोन शब्द नै तिब्बती भाषा-ध्वनिमा बोन बन्न पुगेको हो। पोन शब्दले प्राचीन समयका किराँती मूलका नेपाली बासिन्दालाई जनाउँछ। गैर किराँती मानिसलाई त्यस बखत मोन भनिन्थ्यो। मोन भनेको डोल्पाको पश्चिम दक्षिण भागमा बस्ने लामो नाक भएका बाहुन, क्षत्री, ठकुरी र शिल्पीलाई (कामी, दमै, सार्की र चुनारा) जनाउन प्रयोग गरिन्थ्यो। (पृ. ३१, तामाङ, वि.सं. २०५१) तिब्बती ग्रन्थ जामलिङ गेस्सेमा पनि मोन जाति बारे उल्लेख छ। (पृ.११ बूढा मगर २०४९) मोन र पोन दुई मुख्य जातिको उपस्थिति प्राचीन खस राज्यकाल भन्दा पहिलेदेखिनै नेपालमा रहेको तथ्य पाईन्छ। खस राज्यकालमा यी दुई जाति बीच साँस्कृतिक प्रतिस्पर्धा हुँदा समन्वयकारी सहजीवनको सोचले लामा र विष्णुलाई संयुक्त रूपमा पुज्ने चिन्तन खस संस्कृतिमा हुर्काएको वर्णन धेरैले गरेका छन्। तन्त्र र टुनामुनाको परम्परा प्रकृतिपूजक चिन्तन पछिको हो र यो ऋग्वेद भन्दा पुरानो लोकदर्शनको परम्परा हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकृति पूजाको परम्परामा नै भूमि पूजा, योनी पूजा र देवी पूजाको धारणा हुर्किएका थिए । प्रजनक शक्तिका रूपमा मातृत्वपूजक दृष्टिकोणलाई समाजले अँगालेको अवस्थामा नै मातृप्रधानताको संस्कृति हुर्किएको थियो । सप्तमातृका हुन् या अष्टमातृका अथवा चौंसठ्ठी योगिनीका कुरामा तान्त्रिक विचार नै रही आएको छ। त्यसैले मदनमणि दीक्षित भन्नुहुन्छ -योग र साङ्ख्यलाई आर्यहरूले आफूसित ल्याएका होइनन्। ती दुवै स्थानीय असुरहरूका आफ्ना दर्शन थिए। लक्ष्मीलाई यक्षबाट लिए। शाक्त शैव सोच अनार्य परम्पराका देन हुन्। (पृ.१३ त्यो युग, दीक्षित–२०६६) वास्तवमा नारीत्वलाई प्राथमिकतामा राख्ने दृष्टिकोण नै शाक्त दर्शनको मीयो हो । दुर्गा माता, भवानी देवी र उमाका रूपमा पुजिने आद्यशक्तिकै विस्तारीत धारणामा दशमहाविद्या रहेको छ र श्री यन्त्र स्वयं प्रजननताको प्रतीक मानिन्छ । बोनहरूको प्रारम्भिक विश्वास प्रकृति रिसाएकोबाट अघि बढ्दै जाँदा आफ्ना पितृहरूसँग माग्ने मुख्य आशिर्वाद नै लामो आयु, सुखी जीवन र सन्तानको प्रचुरता थियो। त्यसैले बोन भनिने प्राचीन पोनहरूको लोकदृष्टि प्राकृतिक भौतिकवादी थियो ।

मस्टो पूजक संस्कृतिका संवाहक भनी मोनहरूलाई हेरिन्छ । नेपालमा रहेका रैथाने खस ब्राह्मणहरूको जातीय जीवन दर्शन यही पोन अर्थात बोन दर्शनमा आश्रित छ।ऋग्वैदिक काल भन्दा धेरै अघिको यो चिन्तन- दृष्टिको ज्ञानार्जन पद्धति तान्त्रिक थियो । तन्त्रवाद नेपाली लोक दर्शनको परम्परामा प्रकृति पूजक स्वभाववादी सोच भन्दा पछिको हो । बोन दर्शनको दृष्टिकोण प्रकृतिपूजक, पितृपूजक र देहवादी रहिआएको छ। पितृलाई बोलाएर कुराकानी गर्ने गराउने काम झाँक्रीबाट हुने गर्दछ। त्यसैक्रममा बोन दर्शनको मूल पद्धति बनेर **तन्त्रवाद** विकसित भयो । सुरुसुरुमा प्रेतसँग कुरा गर्ने गराउने काम धामी–झाँक्री र लामा–बिजुवाबाट हुन्थ्यो। पितृको हंस उनीहरूमा चढी बोल्छ भन्ने लोकविश्वास थियो र अझ पनि बाँकी नै छ। त्यसैले कपिपय विश्लेषकहरूले बोन दर्शनको चिन्तन दृष्टि र पद्धतिलाई विशिष्टीकरण नगरी तन्त्र–दर्शन भनी पृथक व्याख्या गर्न पुगेको पाइन्छ। (भट्ट, २०६९:अक्षमाला तन्त्र) झाँक्रीवाद नै बोनवाद हो भन्नेसम्मको पनि विवेचना भए गरेको पाइन्छ। (पृ.९ कावाकिता वि.सं. २०४७) झाँक्रीवादलाई धर्मको अर्थमा शमानीज्म मान्ने धारणा जिसेप तुच्चीको पनि देखिन्छ। बोन दर्शन र तान्त्रिक पद्धति नेपालबाटै फैलिएको भन्ने विचार कावाकिताले व्यक्त गरेका छन् । (पृ.८६ कावाकिता वि.सं. २०४७) फादर कामिल बुल्केले भने बोन दर्शनलाई **शामनी–धर्म** भनेका छन् । शामानिज्म क्जकबलष्क प्रकृतिलाई सर्वोच्च शक्ति स्वीकार्ने आदिम चिन्तन हो र यस्तो चिन्तन विश्वका प्राय सबै सभ्यता र संस्कृतिमा पाइन्छ। अगोचर कुनै शक्तिको आशिर्वादमा मानिसका रोग व्याधि निको पार्ने झाँक्रीले यथार्थमा भने तान्त्रिक टुनामुना र जडीबुटीहरू नै प्रयोग गरेका हुन्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बोन दर्शनको सन्दर्भमा हेर्दा के देखिन्छ भने यो नै मानव जातिको पहिलो जीवन-दृष्टि थियो। प्रकृतिलाई सर्वेसर्वा मान्ने—प्रकृतिका मुख्य तत्वमा पृथ्वी, जल, वायु, अग्नि र आकाश जस्ता भौतिक यथार्थलाई आदितत्व मान्ने—प्राणी वनस्पतिलाई समान प्रजनक देख्ने, सृष्टिको प्रारम्भ जलबाट जङ्गल हुँदै मातृ-वात्सल्यमा मनुष्यको विकास बनदेवी र बाँदरबाट भएको बताउने, त्रि—शक्ति अर्थात वस्तु, व्यवस्था र ज्ञानलाई सम्पूर्ण भूवनको आधार, पद्धति र प्राप्ति मान्ने, सबै भुवन् अर्थात आकाश पृथिवी र पाताल लौकिक छन् भन्ने र ती सबै आ-आफ्ना स्वभावमा नियमित छन् भन्ने, वनको बिम्बका रूपमा मनचिन्ते रुख—कल्पवृक्षको कल्पना गर्ने जस्ता कुराहरू बोनदर्शन को देन हो, दृष्टिकोण हो। यही चिन्तन-दृष्टिको प्रभावमा मातृत्व पूजक धारणा विकसित भयो।

बोन दर्शनको ज्ञानशास्त्रीय सोच प्रकृतिवादी नै रहेको छ। प्रकृतिले प्राकृतिक मर्यादा राख्दछ। अपवादमा बाहेक स्वभावत वस्तुले आफ्नो गुण-धर्म छाड्दैन। बोन दर्शनले मानिसका चार आधारभूत गुण परोपकार, सदाचार, मर्यादा र ज्ञानका अतिरिक्त **सप्त-संवेग**लाई ज्ञानको विशिष्ट स्रोत मान्दछ। सप्त-संवेग प्राकृतिक स्वभाव हो र त्यसमा आनन्द, इच्छा, प्रेम, घृणा, खुसी, दुःख र रिस रहेका छन्। बोन दर्शनका चार आधारभूत सद्‌गुण र सप्त संवेगलाई झाँक्रीवादको विश्वव्यापी चिन्तन दृष्टि भनिएको पाइन्छ। पछि पछि आएर भने बोन दर्शनमा तान्त्रिक पद्धति सँगै मन्त्रवादी प्रवृत्ति पनि मिसिँदै गयो।

तन्त्र, मन्त्र र यन्त्रको परम्परा हेर्दा के देखिन्छ भने- तन्त्र—मन्त्र र यन्त्रको रचना गर्दै साधक र प्रयोग अघि बढ्ने क्रममा बोन विश्वास हुर्किंदै गयो। यही क्रममा बोन ज्ञानशास्त्रले मानिसको बौद्धिकतालाई पाँच विधिमा व्यक्त हुने खूवी मान्न थाल्यो। ती खूवी या विधिमा पहिलो तन्त्र मन्त्र युक्त कर्म विधि जसलाई क्याम्रोङ भनिन्छ। दोस्रो "ऋत विधि" जसमा विजेतालाई मान-सम्मान दिने गरिन्छ। ह्यातोङ भनिने यो विधिमा मान सम्मान दिंदा ठूला लामालाई ठूलै सम्मान भन्ने भावना रहेको छ। तेस्रो मनलाई शान्त गर्ने ध्यान- विधि हो। यसमा वनदेवीको भोम्बूपूजा गरिन्छ। चौथोमा उपासना र पाँचौ सर्वकल्याणको भावद्वारा असल होस् भनी गर्ने भविष्य पूजा रहेको छ। बोन परम्पराबाटै लामाको स्तर निर्धारण गर्ने चलन शुरु भएको थियो। प्रारम्भमा रिम्पोछे, घेलुङ र ढोबाको नाममा वर्गीकरण गरी उनीहरूको पोशाक पहेंलो, कलेजी र सेतो रङ निर्धारण गरिएको थियो। त्यही भावधारामा आजसम्मै लामाहरूको पहिरन बनाइएको देखिन्छ। ढोबा सहयोगीका रूपमा रहने जनसमुदाय अर्थात् गृहस्थी हुन् भने घेलुङ सानो लामा हुन्। रिम्पोछे ठूलो लामा मानिदै आएको छ। लामायानी बौद्ध सम्प्रदायका थुप्रै चलनहरू बोन परम्पराबाट आएको देखिन्छ। बोन परम्पराको ह्यातोङविधि अन्तरगत नै लामाको सेवामा गृहस्थीले आफ्नो माइलो छोरा र छोरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुम्बामा चढाउने प्रथा सुरु भएको थियो। जुन प्रथालाई देउका, झुमा र आनी प्रथाको रूपमा लिइन्छ।

नेपालका प्राय सबै जातीय दर्शनहरूमा बोन दर्शनको प्रभाव सुस्पष्टै देख्न सकिन्छ। यद्यपि सबैले आ–आफ्नो डम्मरू बजाएरै दुवैतिर सहजीवन अँगाल्न पुग्दछन्। खस आर्य तथा अनार्य दुवैमा मष्टो पूजक लोक दर्शन छ। मष्टो परम्परामा बोन विश्वास सँगै शैवदर्शनको समन्वय देखिन्छ। लामा विष्णु पूजन प्रकृयामा उनीहरू बीच एकता एवं समन्वय कायम भएको पाइन्छ। मातृप्रधान समाजको सोचका आधारमा गरिने भवानी पूजा तन्त्रवादी रह्यो। त्यसैले ऋग्वेदपूर्वको नेपाली लोक दर्शन र त्यस पछिको चिन्तन दृष्टिमा निकै अन्तर पाइन्छ। स्त्री सिद्धान्त नाम दिएर अँगालिएको मातृत्ववादी चिन्तन नेपाली समाजमा रहेको तथ्य सर्व प्रथम पुष्पलालले औंल्याउनु भएको थियो। (पृ. ३१०–२२, पुष्पलाल वि.सं. २०५३) ऋग्वेदको दर्शन सारतः प्राकृतिक भौतिकवादी भएर पनि सुस्पष्ट छैन। थुप्रै वैचारिक अल्मलसँगै विपक्षी विचारहरू प्रति, सुधारवादी सोच प्रति र समाजमा रहेका विभिन्न जाति र वर्गहरू प्रति उचित मानवीय व्यवहारको पर्याप्त पक्ष–पोषण भएको देखिंदैन। शैव दर्शनसँगको कठोर सङ्घर्षमा पूर्ववर्ती बोन र तान्त्रिक दृष्टिकोण एवं उत्तरवर्ती शैव र ब्रह्मवादीहरूको वैचारिक लडाइँ निकै घातक रहेको साक्षी वैदिक साहित्यका अतिरिक्त रामायण र महाभारतले पनि बकी रहेका छन्। त्यसैले नेपाली दर्शनको परम्परा नियाल्दा पनि पूर्ववर्ती दार्शनिक विचारहरू र त्यसका विधिहरूले उत्तरवर्ती सोच, दृष्टिकोण र व्यवहारलाई निकै नै प्रभाव पार्दै आएको देखिन्छ। मातृत्व प्रधान, चिन्तनको लोक दृष्टिकोण इतिहासको एउटा कालखण्डमा निकै प्रभावशाली रहेको तथ्य अशोक चल्लले वंशावलीमा बाबुको नाम नलेखी आमाको नाम लेखाएको घटनाले पनि पुष्टि गर्दछ। ईसापूर्व प्रथम शताब्दिदेखि ईसाको तेस्रो शताब्दिसम्मका प्राचीन मूर्तिहरूमा प्रायजसो मातृका, सप्तमातृका, अष्टमातृका, शोडषमातृका र चौंसट्ठी योगिनीका साथै विभिन्न देवीहरूका मूर्ति बनाइनु। सांस्कृतिक विम्बमा पनि योनीमा लिङ्ग स्थापना गर्नु र त्यसलाई कल्याणकारी दैवी शक्ति मान्नु, शिव पार्वती या उमामहेशको उपस्थापना गर्नु या गराउनुले हाम्रो लोकदर्शनमा रहेको मातृप्रधान संस्कृतिको ऐतिहासिकतालाई नै व्यक्त गर्दछ।

झाँक्रीवाद या पोन दर्शन (Bonism) जीवनलाई स्वस्थ्य राख्न अँगालिएको प्राचीन उपचार पद्धति मात्र थिएन, त्यो त तत्कालिक लोकदर्शन पनि थियो र भौतिक जगतलाई महत्व दिने चिन्तन–दृष्टि पनि थियो। सांस्कृतिक कर्मका रूपमा लामा या धामी–झाँक्रीद्वारा अगोचर पितृका हंससँग कुराकानी गर्ने गराउने विधिको रूपमा झाँक बोलाउने प्रचलनसँगै उपचार कर्म र शुभाशुभ भविष्य सूचक वाणीका लागि समेत झाँक्रीवाद भनौं अथवा पोनवाद जसलाई बोनवाद भनी विवेचना गरियो र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसको आधारभूत स्वभाव एवं कर्महरू त्यही धारणाका आडमा निश्चित गरिएको देखिन्छ। जीवनको परिवर्तनका लागि प्रकृतिसँग गरिने पुकार–प्रार्थना, लौकिक सुखकै कामनास्वरूप भएको पाइन्छ। व्यक्तिको मनोभावनालाई सन्तुलित राख्न जादु, टुनामुना, जनावरका हाड, दाँत, दाह्रा र छाला प्रयोग गर्नु, भय निवारण गरी निर्भय बन्नका लागि उपासना किर्तन गर्नु र भौतिक शक्ति हासिल गर्नका लागि जडिबुटी बनस्पति र खाद्यान्नको व्यवस्थापन गर्नु बोन्पाहरूको लोकदर्शन थियो। जो आज पनि परम्परागत ढङ्गले चल्दै आई रहेको छ। प्रकृतिपूजक धारणा भन्दा पछि पनि यी कर्महरू जारी छन्। झारफूक गरी झाँक्रीलाई बकाउने विधिसँग जोडिएका कतिपय तानेबाने तरिका विसङ्गत व्यवहारका रूपमा पनि छन्। त्यसमा विशेष गरी बोक्सा–बोक्सी, प्रेत–किचकन्या, डाईन र भूत साधनाका कुराहरू रहेका छन्। विश्व मानव संस्कृतिमा यो क्रम अरुदेशहरूमा पनि देखा परेको थियो र हाम्रो लोक जीवनमा पनि अझै बाँकी छ। धामी–झाँक्रीका तन्त्र–मन्त्र, टुनामुना पत्याउने नेपाली लोकजीवन नेपालका ग्रामीण बस्तीमा मात्र होइन सहर बजार र देशको राजधानीमा समेत प्रष्टै देख्न सकिन्छ। अन्धविश्वासलाई टेवा दिने यस्तो कर्म गर्नेहरूले आफूलाई अद्‌भूत देखाउनकै निम्ति विचित्र पहिरन लगाउने, लट्टा पाल्ने, घण्टी–घुँघुरा भिर्ने, रिठ्ठा या रुद्राक्षका माला लगाउने, मयुर या डाँफेका, कालीज या कुखुराका प्वाँखको कल्की बनाएर लगाउने, मुकुट या फेटामा रङ्गी–बिरङ्गी फूल धजा र चराका प्वाँखहरू सिउर्ने, टोपीलाई चोंगाको रूप दिने, एकतर्फी या दुईतर्फी ढ्याङ्ग्रो (शर्ती) लिने बजाउने गरेको देखिन्छ। प्राचीन समयमा त बालीघरे प्रथामा कुलको धामी या वैद्यको रूपमा नै उनीहरूलाई अनुबन्धित गरिन्थ्यो। लागो खुट्याउने, रोगको उपचार गर्ने, मन्त्र फुक्ने, जडीबुटी दिने र भविष्य बताउने हुँदा सामान्य लोक जीवनमा धामी, झाँक्री, लामा र वैद्यलाई निकै मान–मनितो गरिन्थ्यो, अझै पनि गरिन्छ। फेदाम्बा नाक्छुङ् हुन् या बनझाँक्री, बुङ् थिङ् हुन् या आखते चिपा सबको आड आधार भनेको पुरातन अन्धविश्वास नै रहेको पाइन्छ।

नेपाली लोक जीवनमा बोन परम्परा आज पनि जीवन्त छ। डोल्पाको भ्रमणमा जाँदाको अनुभव सुनाउँदै डा. तीर्थबहादुर श्रेष्ठ लेख्दछन्–"श्ये फोकसुन्डो ताल नजिक रहेका दुई गाउँ रिङमो र पुङमोका मानिसहरू बोनपो नामक प्राग्ऐतिहासिक धर्म मान्दा रहेछन्।" (पृ.५८ शिक्षक मासिक जेठ २०७३, वर्ष ९ अङ्क ९८) रिङ्मो गाउँका सवै मानिस बोनधर्मावलम्वी हुन् बोनधर्म बौद्धधर्मभन्दा पनि पुरानो हो। पृ ७९ डोल्पाः विश्वको जीवित संग्रहालय पराजुली, वि.सं. २०७५ काठः भूँडीपुराण प्रकाशन। डोल्पा मुस्ताङ तिर मात्र हैन बोन प्रभाव नेपाली समाजका सबै जाति र क्षेत्रमा प्रसस्त छँदै छ। प्रकृतिलाई आद्यतत्व मान्ने पोनपाहरूले माता पृथिवी पिता सूर्य भन्दै आकाश र धरतीलाई जोडेर हेर्दछन्। थुर्मीसँगै मुर्मीलाई साक्षी राखेर द्यौ उतार्छन्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र भुर्मी अर्थात् जनसमुदायलाई सच्चरित्रवान् बन्ने उपदेश दिन्छन् । न चोर, नढाँट, साना र ठूला दुवैलाई स्नेह र सम्मान देऊ ! सबैको कल्याण सोच ! भन्दै मानिसलाई सदाचारी बन्न प्रेरित गर्दछन् । पहाड पर्वत नदी र ताल रक्षागर्ने पुज्ने, आफ्नो पितृ बसेको ठाउँलाई पवित्र मान्ने हुँदा अगोचरको स्वर्ग नर्क मान्दैनन् जे छ यही धरतीमा छ भन्दछन्। पितृका आशिर्वादले नै हामीलाई शक्ति प्राप्त हुन्छ भन्ने विश्वास उनीहरूको छ । त्यसैले नेपाली समाजमा विकसित दर्शनको परम्परामा– बोन दर्शन पहिलो यथार्थिक चिन्तन रह्यो र स्वभाववादी दृष्टिकोण भौतिक नियममा अडिएको पद्धति अँगाल्ने दर्शन बन्न पुग्यो। यसका अनेकौं पक्षहरूको शास्त्रीय अध्ययन–अनुसन्धान हुन निकै बाँकी रहेको भए पनि यो नै नेपाली दर्शनको पहिलो बोध थियो।

३. मातृत्वपूजक शाक्त दर्शन

हिमालयको फेदीमा रहेका प्राचीन बासिन्दा पोन सँगसँगै केही तल दक्षिण तर्फका पहाड बेँसी र उपत्यकाहरूमा मोन अर्थात् ब्राह्मण, क्षत्री, ठकुरी र शिल्पी जाति–कामी, सार्की, दमै र चुँदाराहरूको बसोबास थियो भन्ने कुरा त ऐतिहासिक तथ्यहरूले नै दर्शाएका छन् । मोन पोन जुन शाखाका भए पनि तिनीहरू यायावरी थिएनन् । पशुपालक चरणदेखि कृषियुगको आरम्भसम्मका विविध अवस्थामा उनीहरू थिए । जगतको सृष्टि र स्थितिका बारेमा, प्रकृतिका परिवर्तन र ताडनाका बारेमा अनि जन्म र मृत्युका बारेमा आ–आफ्नै अड्कल अनुभूति एवं ज्ञानका कारण उनीहरूको सोचाइमा पनि विविधता थियो । प्रकृतिको सञ्चालन सम्बन्धी सोचमा भिन्नता थियो । तर पनि मानिसलाई जन्मदिने माताको महिमा सबैमा उस्तै उस्तै थियो । आमाको लाडप्यारमा हुर्केका सन्तान, आमाकै रेखदेखमा सप्रेको खेतिपाती बोट बिरूवा र रतिएका पशुपन्छीको बगालसँगै मानिसले मातृजातिलाई आफ्नो स्रष्टा, पालक र प्रेरक मान्न थाल्यो । समाज मातृत्वप्रधान अवस्था तर्फ गयो र माता, महामाताका रूपमा बगालका बूढी आमाहरू अजिमाको रूपमा आदरणीय बन्न पुगे । त्यही क्रममा शक्तिको रूप भनेझैं प्रजनक खूवी हो भन्ने ठानियो र त्यस्तो प्रजनन् शक्ति स्त्रीमा निहित भएकाले नारी नै प्रकृतिकी सञ्चालिका हुन् भन्ने सम्मको धारणा हुर्कियो । फलस्वरूप शक्तिरूपा देवीको स्थानमा मातृ महिमा गाउन थालियो र स्त्री सिद्धान्त देखापर्‍यो । मातृदेवो भवः महामातायै नमः जस्ता सूत्रले सम्मान दर्शाउन थालियो ।

स्वभाव प्रकृतिगत हुन्छ। ईच्छाको समबन्धमा स्वभावले ज्ञान हासिल गर्दछ। पुरुष प्रकृतिकै प्रेरणामा सक्रिय हुने गर्दछ । त्यसैले स्वभावगत इच्छा र कर्मको एकत्वलाई तन्त्रले महत्त्व दिन्छ। स्त्री शक्तिलाई सिर्जनाकी देवी मान्नुको तात्पर्य पनि तान्त्रिक नै छ। आखिरमा शक्ति भनेको त कार्यक्षमता या उर्जाको उपलब्धता न हो। शक्तिलाई सामर्थ्य मानेर मानिसको सीप, बल र बुद्धिसँग पनि जोडिन्छ। सिर्जनात्मक ज्ञान या

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चेतनालाई पनि शक्ति नै मानिएको छ। साधारण अर्थमा वस्तु वा ब्यक्तिको तागतलाई शक्ति मान्ने गरिन्छ। शक्ति युग्मताको अर्को नाम पनि हो जो प्रकृतिको स्वभावका रूपमा दुई वैपरीत्यको एकतामा गतिशील बन्ने गर्दछ। उमा–महेश या गौरी–शङ्कर भन्दा त्यही युग्मता युक्त प्राचीन मातृप्रधान संस्कृतिलाई सङ्केत गरे जस्तै शक्तिको तात्पर्य नियाल्दा व्यक्तिको बल–बुद्धि, सिप–जुक्ति र निर्णय क्षमता पनि सँगै देखापर्दछ। भौतिक र मानसिक क्षेत्रमा शक्तिको अर्थ अलग भैँ लाग्दछ तर शक्ति सार्वभौम बल बनेर विषय–क्षेत्र, समाज र सभ्यताको सापेक्षतामा परिभाषित हुन्छ। कहीं भौतिक सम्पत्ति शक्ति बनेको हुन्छ कहीं बौद्धिक सम्पत्ति, कहीं विचार शक्ति प्रबल हुन्छ त कहीं हतियार, कहीं जनशक्ति त कहीं सैन्य शक्तिः। पहिल्लो समय शक्तिको प्राविधिक रुप यन्त्र–उपकरण र उर्जाजस्ता साधनहरूलाई समेत शक्तिको पङ्क्तिमा राखिएको पाईन्छ। त्यसैले शक्ति मानव जातिको उत्थान र पतनको कारण बनेर सबैतिर व्यक्त हुन्छ। चेतनाको तहअनुसार पनि शक्तिको व्याख्या गर्ने गरिन्छ। विचारवादको मियो ऋग्वेदमा थियो। संसारलाई ज्ञानले जित्ने उद्घोषमा त्यो व्यक्त भएको थियो–**धिः यो विश्व विराजते !** परन्तु पछि ज्ञानको सट्टा हतियारको प्रयोग बढी हुँदै गयो र शक्तिशाली व्यक्तिका सामु समाज झुक्दै गयो। लोकजीवनमा पनि शक्तिसामर्थ्य विविधतापूर्ण बन्यो। सामाजिक विकासको चरण मातृप्रधान अवस्थामा परिणत भएपछि नै शक्तिको अर्थ नारी शक्ति भन्ने भयो। माता, महामाता र देवीहरू शक्तिशाली बने। मातृत्व पूजक संस्कृतिलाई मातृका पूजाले स्थापित गऱ्यो र सबैतिर देवी महिमा फैलियो। शक्तिको भक्ति गर्ने चलन बहुल स्वरूपमा विस्तारित हुँदै गयो।

शाङ्ख्य दर्शन मातृप्रधान समाजको उपज थियो र त्यो तन्त्रका रूपमा जानिन्थ्यो। देवहुति कपिलाद्वारा प्रवर्तित यस चिन्तनका प्रबर्धक कपिल मुनि थिए। यद्यपि केही विवेचकहरूले त कपिलालाई नै पितृप्रधान समाजमा कपिल बनाइएको धारणा पनि राखेको पाइन्छ। (पृ. ५३ हिमाली दर्शन, मोहन वैद्य किरण (२०६४)। शाङ्ख्य र योग दुवै अवैदिक चिन्तन दृष्टि थिए। दुवै मातृत्वप्रधान समाजका तान्त्रिक दृष्टिकोण बनेर रहेका थिए। लोकमतका रूपमा स्वीकृत थिए। प्रारम्भमा यी ईश्वरवादी थिएनन्। पछि ब्रह्मवादी प्रभावमा क्रमश ईश्वरवादी बन्न पुगेका हुन्। मातृत्वलाई शक्तिका रूपमा व्याख्या गरी त्यसै शक्तिलाई अगोचर आद्य स्रष्टाको रूपमा स्वीकार्ने दृष्टिकोण बनेर शाक्त दर्शन रहेको छ। यसले सम्पूर्ण ब्रह्माण्डलाई शक्तिको सिर्जना मान्दछ। प्रकृति स्वयं शक्तिरूपी तत्व हो र यसको बिस्तार अनन्त छ। एकबाट अनेक रचना भयो भन्दै शक्तिका तीन रूप ज्ञान, इच्छा र कर्मको श्रृङ्खलामा जगत अघि बढ्छ भन्दछ। जगत सिर्जना योनीबाट भयो भन्दै मातृत्वशक्तिलाई महत्व दिनु शाक्त दर्शनको विशेषता हो। सबै देवीहरू मातृका हुन्। ती महामाताद्वारा संरक्षित छन्। महामाताको धारणा मानव सभ्यताको विकास यात्रामा प्रारम्भिक चिन्तनदृष्टि बनेर सबै सभ्यतामा देखापरेका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छन्। बरुणको यज्ञमा नौ मातृका उपस्थित थिए। लक्ष्मी, सरस्वती, गौरी, चण्डीका, त्रिपुराम्बिका, चामुण्डा, भैरवी, काली, महारात्रीलाई नवमातृका मानेको पाइन्छ। मत्स्य पुराणले १३ मातृका उल्लेख गर्दछ। गणेश पुराणमा १६ मातृकाको उल्लेख छ। (पृ.४१४ पौराणिक कोश, पूर्ववत्) मातृत्व–भाव अर्थात् माया, दया, करुणा, स्नेह र कल्याणको भावना मातृकाको मुख्य गुण हो। मातृपूजक संस्कृति मातृप्रधान समाजको देन बनेर हुर्कियो। प्राचीन स्त्री सिद्धान्त होस् अथवा देवीपूजक परम्परा दुवैमा नारी जातिलाई शक्ति रूपमा मर्यादा दिइएको छ। शक्तिरूपा भवानी भनौं या भगवती, गौरी भनौं या लक्ष्मी तिनीहरू सबै शक्ति माता मानिएका छन्। विद्याकी देवी सरस्वती हुन् या युद्धकी देवी महाकाली, दुवैको शक्ति एउटै शाक्त दर्शनको धार्मिक आधार बनेको देखिन्छ। शाक्त धर्म दर्शन देवीपूजक छ, तर शाक्त दर्शन भने नीरिश्वरवादी छ। प्रकृतिको मूल चरित्र स्वभाववादी छ र स्वभाव वस्तु या व्यक्तिको मूल लक्षण बनेर रहेको हुन्छ। नर नारी बराबरी पछिल्लो चिन्तन हो शुरुमा नारी महान त्यस पछि पुरुष र अहिले दुवै समान ! त्यसो त शक्तिविना शिव सामर्थ्यहीन हुन्छन् भन्नु अनि उमा–महेश्वरलाई अर्धनारीश्वर मान्नु जस्ताकुरा औंल्याएर सुरुमा पनि नरनारी बराबरी भन्ने गरिएको पाइन्छ, परन्तु त्यो भावनापरक व्यख्या मात्र हो।

शाक्त दर्शनको तत्व मीमांसा गर्दा यसले सम्पूर्ण पदार्थलाई शक्ति रूपमा हेर्छ। पदार्थ स्वभावतः शक्ति रूपी उर्जामा स्थित छ भन्दै प्राकृतिक भौतिकवादी दृष्टिकोण अघि सार्नु शाक्त दर्शनको मूल विशेषता हो। भूत द्रव्य हुन् या चेत चैतन्य दुवै शक्तिका भिन्न रूप हुन्। भूत द्रव्य विनाको चेत चैतन्य सम्भव छैन। जगतमा जे छ त्यो पदार्थमा आश्रित छ र पदार्थ जे जति छन् ती सबै स्वभावमा स्थित छन् भन्ने दृष्टिकोण शाक्त दर्शनको मूल चुरो हो।

शाक्त दर्शनको आरम्भ विन्दु खोज्दा ऋग्वेदमै पुगिन्छ। उमालाई विश्वकी महामाता मान्ने धारणासँगै शाक्त चिन्तन अघि बढेको थियो। उमालाई शिवको शक्ति मान्ने सोचसँगै शक्ति देवी चण्डी, चामुण्डा, दुर्गा, सरस्वती र महामायाका नामले सप्तमातृका स्थापित छन्। अस्तित्वको शक्तिमा नै ज्ञान या ब्रह्मको उदय हुन्छ भन्ने सोच शाक्त चिन्तनमा रहेको छ। शक्तिको विन्दु एक तर विन्यास अनेक मान्दै प्रकृति र पुरुषको एकत्वमा शिव खडा हुन्छन् र त्यही विन्दुमा महामाया पैदा भई सृष्टि अघि बढ्छ। लिङ्ग या मौलाको उद्दीपन योनी या धरती बिना निसार हुने हुन्छ। त्यसो भए सृष्टि अघि बढ्दैन। त्यसैले जलहारी स्वरूप शक्ति बिम्बमा शिव स्वरूप लिङ्ग स्थापना गरी शिव शक्ति समन्वय गरिएको देखिन्छ। यही आधारलाई तन्त्रशास्त्रले विशेषगरी शाक्ततन्त्रले बताएको छ। योगलाई तन्त्र र मन्त्रको संयुक्ततामा विन्दु र नादको मिलन मानेर हेरिन्छ। यो पनि शिव शक्ति समन्वयको भावमा नै व्यक्त भएको कुरा भैरवतन्त्रले बताउँछ।

योगको प्राचीन परम्परा लोकदर्शनको रूपमा रहेको भौतिक कर्म थियो, जसले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानिसलाई स्वस्थ सन्तुलित र बलवान् बनाउने गर्दथ्यो। त्यसैले योगलाई प्रायः कविलातन्त्रीय समाजको उपज मानिन्छ र निकै पछि आएर मात्र पतञ्जलीले त्यसलाई व्यवस्थित बनाएका थिए। सूत्र बद्ध गरेका थिए। (पृ. २२ मोहन वैद्य किरण पूर्ववत् (वि.सं २०६४) लपु–सा.प्र) योगसँग भोगलाई जोड्नेहरू पनि छन्। परन्तु त्यो निकै पछि आर्यवेदान्तीहरूले बङ्ग्याएको तथ्य हो। किनकी उनीहरूले जब **वीर भोग्या बसुन्धरा !** भन्दै अघि बढे तब नै त्यस किसिमको सोच देखापरेको थियो। वास्तवमा योग मात्र हैन शाङ्ख्य, वैशेषिक, तन्त्र, शैव र शाक्त चिन्तनको उत्पत्ति पनि आर्येत्तर जनजातिबाट भएको थियो भनी दीक्षितले किटानीसाथ उल्लेख गरेका छन् (पृ. ९ त्यो युग वि.सं २०६६)। साङ्ख्य र लोकायतमा खासै भेद नभएको कुरा पनि शिलाङ्कले बताएको पृष्ठभूमिमा नेपाली लोक दार्शनिक आधार प्रकृति र पुरुषको योग देखापर्नु र शैव दर्शनले समेत त्यसलाई स्थापित गर्नु महत्वपूर्ण पक्ष रहेको छ।

शक्तिसाधनामा तन्त्रको प्रयोग प्राचीन समयदेखि हुँदै आएको र तान्त्रिक ध्यान एवं योगाचारलाई गुह्य यौनाचारको भावमा समेत व्याख्या गरिएको छ। यही क्रममा यौनिकताको रूपान्तरण कर्मलाई हेरियो। यौन, जीवनको मौन आकाङ्क्षा बनेको हुन्छ र त्यसलाई खुला र खुकुलो परिवेश दिएर मानिसहरूलाई नैतिकवान् बनाउन सकिन्छ भन्ने धारणा रजनीशले अघि सारेका छन्। उनले योनीलाई र प्रकृतिलाई स्त्री बताउँछन् कतिपयले उनको यो दृष्टिकोणलाई ओशोतन्त्रका रूपमा व्याख्या गर्ने प्रयत्न गरेको पनि पाइन्छ। परन्तु ओशोले भने झैं सबै कुरा तन्त्र हो भन्न सकिँदैन। शक्तिको सन्दर्भ धार्मिक सम्प्रदायवाद– देवी पूजक धारासँग मात्र सम्बन्धित छैन। प्रकृतिवादी चिन्तनदृष्टि लौकिक, भौतिक र पदार्थवादी छ। चेत चैतन्य प्राकृतिक प्रकृयाबाटै सङ्ग्रहित गरिन्छ। त्यसैले देवीपूजक धार्मिक धारणा ऋग्वेदभन्दा अघिबाटै समाजमा फैलिएको तथ्यलाई धेरै विद्वान्हरूले उल्लेख गरिआएका हुन्। धार्मिक धारणा राख्नेहरूले शक्तिको स्वरूपमा निर्विकल्प चेतन तत्वको भावमा शिवलाई राखेर शाक्त दर्शनको चर्चा गर्दछन् र शाक्त दर्शनलाई शैव दर्शनकै एउटा शाखा भनी विश्लेषण गर्दछन्। समाज विकासको सन्दर्भमा भने शाक्त दर्शन मातृप्रधान समाजको सांस्कृतिक दृष्टिकोण थियो र त्यो प्राकृतिक भौतिकवादी थियो- जो शैव दर्शनको विकास हुनु भन्दा अगाडिको थियो।

ऋग्वेदमा ईन्द्र, अग्नि र सोमले देवीको प्रार्थना गर्दछन्। प्रजापति ब्रह्मा र पुरुषले पनि देवी कै जय गान गर्दछन्। दशौं मण्डलको १२५ औं सूक्तमा उषा (प्रकृति) वाणि (बुद्धि) वाग्देवी (सरस्वती) लगायत पृथिवी, श्रद्धा आदिलाई देवी भनिएको छ। केनोपनिषद्, शाक्त उपनिषद् र कालिका–पुराण, ललिता सहस्रनाम, ब्रह्मानन्द पुराण जस्ता ग्रन्थहरूले शक्तिरूपमा देवीहरू नै देवताका आधार हुन् भन्ने विचार अघि सार्दछन्। शक्तिको भक्तिमा सबै लाग्नुपर्छ भन्ने भाव सन्देश दिन्छन्। महाविद्याले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दशदेवीको चर्चा गर्दछ। देवीगीताले प्रष्ट शब्दमा के भन्दछ भने शक्ति नै चलायमान ब्रह्म हो। मानिसको हितका लागि लड्ने देवी नै सर्वव्यापी शक्ति हुन् जसले जीवन शक्ति, ज्ञानबोध र समस्त भोगको क्षमता प्रदान गर्दछिन्। यसरी शाक्त दर्शन आदिमता परक चिन्तनको एउटा मुख्य धारा बनेर अघि बढ्यो र उत्तरवर्ती सबै विचार धारणालाई प्रभाव पार्‍यो। त्रिकोणलाई प्रजनक प्रतीक मान्ने र त्यसैमा सबै देवता रहन्छन् भन्ने तन्त्रशास्त्रीय सोच शाक्त तन्त्रको छ र यौन कलाकारितालाई समेत त्यसले टेवा दिएको छ। यी सब कुराहरूमा शाक्त दर्शनका विविधताहरू नै व्यक्त भएका छन्।

४. नेपाली लोक जीवनमा शैव दर्शन

नेपालमा प्रकृतिपूजक बोन (पोन) दर्शन पछि मातृत्वपूजक शाक्त चिन्तन देखापरेको भए पनि त्यसका अधिकांश विशेषताहरू प्रकृतिपूजक भौतिक दर्शनकै आधारमा खडा थिए। त्यसैले शाक्त दर्शन आफ्नो समयको पूर्ववर्ती विचार पद्धतिबाट प्रभावित रह्यो। यसो हुनु स्वाभाविक थियो। किनभने ज्ञान परम्परामा प्राय पूर्ववर्ती विचारधाराले उत्तरवर्ती विचार-व्यवहारलाई प्रभावित गर्दै समाज अघि बढेको हुन्छ। शिव किराँती हुन् र पोनहरू पनि किराँती नै थिए। त्यसैले प्राग-ऐतिहासिक चिन्तनका रूपमा रहेको पोनवाद (Bonism) मातृत्वपूजक शैव दर्शनसम्म नै प्रभावकारी रही आएको देखिन्छ। शिवद्वारा प्रतिपादित एवं विस्तारीत कतिपय सोच विधि थिति र जीवनशैलीलाई एकमुष्टमा शैव दर्शन भनिन्छ। शिव संस्कृतिमा रहेको सामाजिक दृष्टिकोणका रूपमा शैव दर्शन भए पनि यसको दार्शनिक धारा तान्त्रिक, मान्त्रिक र योगाचारको एकत्वमा उभिएको छ। सम्पूर्ण ब्रह्माण्डको अधिपति अथवा स्रष्टा-द्रष्टा, पालक-संहारक शिवलाई मान्ने दृष्टिकोण बनेर रहेको भए पनि यो प्राकृतिक स्वभाववादी जीवन दर्शन बनेर देखापरेको चिन्तन थियो। लोक जीवनमा शिव ! भनेर पुकार्ने चलन शुरू हुनु अघि रूद्र र पशुपति नामले जानिन्थ्यो। हिमाली भूमिका देवता-कैलाशपतिको नामबाट पनि शिवलाई जानिन्थ्यो। किराँती गणनायक एवं हिमाली सन्तपरम्पराका प्रतीक भनेको पनि पाइन्छ। (पृ.६५ प्रश्रित २०७०) रूद्र गणनायक किराँतेश्वर गुलेली, डमरू, त्रिशुल तथा बञ्चरोका आविष्कारक, जडिबुटीका ज्ञाता, योगशास्त्रका प्रणेता, सङ्गीत र तन्त्र शास्त्रका प्रवर्तक, भाषा चिन्तक, मातृप्रधान समाजका भैरव एवं अनाथका नाथ भन्दै कल्याणकारी पितृदेवता मान्ने गरिएका शिवको भूमि वर्तमान र प्राचीन दुवै समयको नेपाल उल्लेखनीय छ। कैलाश अहिले चीनको तिब्बतमा परे पनि प्राचीन खस साम्राज्य कालसम्म नेपाली भूमि नै थियो। कैलाशको आसपासको हिमाली क्षेत्र नै शिवको थलो मानिन्छ। शुक्लयजुर्वेदमा शिवलाई रोग उपचारक, पशुरक्षक शक्तिसाधक र महायोगी भनी स्तुति गरिएको पाइन्छ। श्वेतास्वत्तर उपनिषद्ले शिवलाई पुरूष र शक्तिलाई प्रकृति भनेको छ। किराँत वंशावली अनुसार उनी किराँतीहरूका कुलदेव हुन् (पृ.८०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्षत्री र खतिवडा वि.सं. २०५४) सम्पूर्ण किराँतहरू मोनहरू जस्तै प्राचीन समयका पोनहरू हुन् । उनीहरूको अवैदिक चिन्तनधाराबाटै शैव दर्शनको विकास भएको थियो। वनदेवी र शिवको समागमबाट मष्टा र भवानी पैदा भए भन्दै खसहरूले पनि आफ्नो इष्टदेव या कुल शिवसँग जोडेको पाइन्छ। उनीहरूले ज्वालामाई (वनदेवी) र शङ्करको गति र मतिले ज्योति बिस्तार गर्दा जगत् श्रृष्टि भएको धारणा राख्दछन्। परम्परागत हिन्दु सनातनी सम्प्रदायका विवेचकहरूले शैव दर्शनलाई समुच्चयमा होइन खण्डीकरण गरी हेर्दछन् (पृ.७३९ आचार्य, वि.सं. २०६२) फगत् तन्त्रका रूपमा अर्थात् आगम मान्ने सोच पनि रहेको देखिन्छ। परन्तु शिव दर्शनको सन्दर्भलाई हिन्दु वृत्तभित्रको तान्त्रिक मतका रूपमा मात्र हेर्नु नेपाली चिन्तन परम्पराको इतिहासको बेवास्ता गर्नु हो। शैव दर्शनको सबैभन्दा पुरानो धारा पाशुपत हो र यो आफ्नो समयका दृष्टिमा अवैदिक चिन्तनधारा थियो। हिन्दु ब्रह्मवादीहरूले शिवलाई ब्रह्मा, विष्णु र महेश्वरको एकत्वमा ओमकार भित्र राखे पनि शाक्त धारासँगको प्राचीन दृष्टिकोणमा रहेको समभावले वैष्णवधारासँग अलग गर्दछ। ब्रह्मवादी वेदान्तीधारा भन्दा पृथक बनाउँछ। त्यसैले नेपाली दर्शनको खोजविन गर्दा शैवदर्शनको प्राचीन मौलिकपन खोज्नु जरूरी हुन्छ। शैवदर्शनलाई न तन्त्रमा न मन्त्रमा सीमित गर्नु उचित हुन्छ न फगत् हिन्दु चिन्तनको अद्वैत वेदान्ती धारणाभित्र राखेर धार्मिक भावधारामा ठिंगुऱ्याउनु उचित हुन्छ। किनभने शैव दर्शन फगत् धर्म होइन, तन्त्र होइन र हिन्दुबृत्तको एउटा मत मात्र होइन। शाक्त मतसँग धेरै कुराहरू मिले पनि वैष्णव मतसँग यसको बैरभाव अथवा पृथकता लामो समयदेखि रहेर आएको तथ्य पौराणिक ग्रन्थहरूबाटै पुष्टि हुन्छ। दक्ष प्रजापतिसँगको द्वन्द्वले यसलाई पुष्टि गर्दछ।

शैव दर्शनले प्रकृतिका आधारभूत तत्व भू, भूव, स्व, सौर र बरूणलाई मान्दछ। शैवहरू भू पृथ्वी, भूव–अन्तरीक्ष, स्व–जीवत्व, सौर सूर्य, वरूण–जल गरी पञ्चतत्व स्वीकार गर्दछन्। स्वले जीवत्वलाई मात्र बुझाउँदैन। स्वको तात्पर्य वस्तु जीव या पदार्थको स्वत्त्व समेत हुन्छ। वैदिक कालमा पञ्चतत्त्वलाई पृथ्वी, जल, तेज, वायु र आकाश भनी परिस्कृत गरियो। जीवनलाई भौतिक पदार्थ मान्नु शैव दर्शनको विशिष्टता हो। शैव दर्शन प्राकृतिक स्वभाववादी रहेको हुँदा यसले भौतिक यथार्थलाई सत्य मान्दछ। गति प्रगतिको संवाहक हो र त्यो पदार्थको अद्वैत युग्मता स्वत्वबाट क्रियाशील हुन्छ। शक्ति दुई पक्षको एकताबाट अघि बढ्दछ। तातो र चीसो, उज्यालो र अँध्यारो, चलायमान र स्थीर पक्षको बोधलाई शैवहरू सौम्य तत्व र आग्नेय तत्व भनी व्याख्या गर्दछन्। अघिल्लो शान्त र पछिल्लो गतिशील प्रकृतिको स्वभावमा व्यक्त हुन्छ। लास्य र ताण्डव भाकामा नटराजको स्वभाव व्यक्त हुन्छ। प्राचीन बोनको हंस पूजा र शाक्तको मातृपूजालाई मिलाएर शैवहरूले हंस, बंश र अंशपूजालाई जोडेका छन्। अर्धनारीश्वरमा आधा अंश आमा र आधा अंश बाबुको रहन्छ भन्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सोच सँगै यसमा प्रकृतिको हिस्सा आधा र पुरूषको हिस्सा आधा भन्ने भाव पनि रहेको छ। शिवलाई ऋग्वेदकालसम्म शिस्नपूजक भनी निन्दा गरिएको पाइन्छ तर यजुर्वेदमा विशेषत शुक्ल यजुर्वेदमा त्यो सोच बदलिएको देखिन्छ। रूद्राध्याय थपेर शिवलाई शिश्नदेव भन्दै महादेव मान्ने र ब्रह्मवादी दर्शनको वृत्त भित्र समावेश गर्ने काम याज्ञबल्क्यले गरे। याज्ञवल्क्य शैव दर्शन पछिका ब्रह्मवादी दार्शनिक थिए र वेदान्तका प्रथम व्याख्याता थिए।

शैवदर्शनले सात ग्रहको धारणा अघि सार्दै सूर्य र चन्द्रमाको किरणले उजेल्ने ग्रह पृथ्वी हो भन्दछ। कार्य-कारणमा आश्रित संयोगद्वारा नै समस्त ब्रह्माण्डको विस्तार र सङ्कोचन हुन्छ भन्ने धारणा शैव सृष्टिशास्त्रको सोच हो। कार्य कारण र योगको त्रिगुणमा नै सुवर्णमय अण्डाबाट ग्यास तरल र ठोस पदार्थ हुँदै सृष्टि अघि बढ्यो भन्ने व्याख्या शिवपुराणमा पाइन्छ। सात बारको धारणा पनि शैव दर्शन कै उपज हो। शैव, ज्ञानशास्त्रका सन्दर्भमा यसलाई लिन सकिन्छ। उनले पहिलो बार सूर्यलाई, दोस्रो चन्द्रमालाई दिदै आदित्य, सोम, मङ्गल भन्दै सात ग्रहसँग सामञ्जस्य कायम गरेको देखिन्छ। शैव दर्शनको प्राचीनतम स्वरूप पाशुपत मत मानिन्छ र त्यसले पनि पाँच पदार्थको धारणा राखेको पाइन्छ। कार्य, कारण, योग, विधि र दुखका नाममा तिनको चर्चा गरिएको छ। दुखको अन्त्यका निम्ति नै शिवको सहारा आवश्यक हुन्छ भन्दै दुखान्तलाई मोक्ष मानिन्छ। यी सबै काम कुरामा लौकिक जीवनलाई नै आधार बनाइएको छ। शैव दर्शन भन्छ- "लोकानन्द महासुखम्" त्यसो त जाबाल्य उपनिषद् अनुसार पशुपति भनेको सांसारिक जीव हो। अलौकिक पात्र होइन। रूद्रयामलतन्त्रले त झन् पशुत्व भनेको भाव विशेष मात्र हो भन्दछ।

नेपाली लोकजीवनमा देवीपूजा पछि सर्वाधिक व्यापक आस्था शिवमा देखिन्छ। प्रकृतिको सन्तुलनका लागि "हरहर महादेव पानी देऊ देऊ !" भन्ने या हरिहर सरोबरको सम भावधारामा समन्वयकारी संस्कार स्थापित छ। ब्रह्मवादी चिन्तनको विस्तारका क्रममा वैदिक ऋषिहरू ज्ञानको मार्गमा भन्दा कर्मकाण्डीय पुरोहित बन्ने बाटोमा लागेपछि नै बढी अहंकारी भएको देखिन्छ। कुरा याज्ञबल्क्यमा सीमित छैन। अष्टावक्र वशिष्ट विश्वामित्र, वाल्मीकि र व्यासहरूसम्मको श्रृङ्खलामा सांस्कृतिक समन्वयको पक्ष वैदिक आर्यमुखी बनेर हिन्दु सनातनी बर्चस्व कायम गर्ने दिशामा अग्रसर छ। त्यसैले शैवमार्गीहरूलाई तान्त्रिक धार मात्र बताउँदै दर्शनको तहमा परिचर्चा न्यून पारियो। लोकजीवनमा भने शाक्त प्रभावको निरन्तरता सहित शिव-शक्ति, उमा-महेश, गौरी-शङ्कर, बाजे-बज्यै, सुम्निमा-पारूहाङ्ग आदि प्रतीकमा आस्था राख्दै आएको अवस्था रह्यो। त्यसैले शैव दर्शन लोकजीवनको दर्शन बन्नपुग्यो। भारतीय शैव शाखालाई सिद्धान्त- शैव भनियो। नेपाली शैव दर्शनलाई पाशुपत सम्प्रदायमा हेरियो र तान्त्रिक धारालाई कास्मिरी शैव मानियो। पाशुपतधारा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सबै भन्दा पुरानो धारा हो र यो नेपाली लोकदर्शनको रूपमा रही आएको छ। धेरै पछि मात्र नकुलीशले यस धारालाई धार्मिक चरित्र दिएर अघि बढाएको देखिन्छ। यी धारालाई धार्मिक चरित्र दिएर अघि बढाईएको भए पनि पाशुपतधारा अलिबढी यथार्थपरक छ। सिद्धान्त शैव तामिल धारा हो। तान्त्रिक धाराको प्रत्यभिज्ञालाई कास्मिरी शैव भनिएको छ। नकुलीश धारा दोस्रो शदी र कास्मिरी धारा आठौं शदीको मानिन्छ। प्रत्यभिज्ञाले अद्वैत भावधारालाई अङ्गिकार गर्दछ। यही भावधाराको आडमा शङ्कराचार्यले आफूलाई शिव भक्त बताएका हुन्। नेपाललाई प्राचीन समयदेखि अहिलेसम्म नै शिवभूमि, किँरात भूमि मान्दै आईरहेको अवस्था छ। यस भूमिमा सुरूदेखि नै गैर किराती मोनरू पनि रहँदै आएका थिए। अन्तरजातीय एकता सद्भाव र सहजीवन हिमाली भूखण्डको विशेषता रह्यो। त्यसैले हिमाली भूखण्डको दर्शनमा पनि त्यसको प्रतिविम्ब देखा पर्‍यो। अनि नै शिव सबैका साझा देवता बन्न पुगे। प्रारम्भमा भने शिवलाई रुद्रका नामले द्रविड देवता मानिन्थ्यो।

नेपाली लोकदर्शनका नायक शिव तथा पार्वती, दुई रक्त वंशका जोडी हुन्। दुवैको सम्बन्ध पारस्परिक समर्पणबाट भएको थियो। त्यसैले पार्वतीले तीजदेखि शिवरात्रीसम्म सङ्कल्प गरी (ब्रत बसी) आफ्ना बाबु दक्षसँग शिवसँगै बिहे गरिदिन अड्डी लिइन्। परन्तु अन्तरजातीय विवाहलाई दक्षले स्वीकारेनन्। त्यही द्वन्द्वले पछि **हरिहर संस्कृति** हुर्कायो। हाम्रो समाजमा ब्रह्मवादी दर्शनसँग शैव दर्शनको समन्वय यही लोकसंस्कृतिका आडमा भयो। शिवलाई अनार्य असभ्य भन्नेहरूले नै उनलाई इष्टदेव, कुलदेव र महाज्ञानीका रूपमा पूज्न थाले। फलस्वरूप ब्रह्मा विष्णु महेशलाई एउटै परमात्माको त्रि-एक प्रतीक भन्दै ओम् (ॐ) मा थिग्ग्राईयो। शैव चिन्तनधारामै नाथ सम्प्रदाय पनि रहेको छ। गोरखनाथ शैव धाराका सिध्द थिए। यही क्रममा मष्टोको मौलो शिवको बिम्बमा ठडिन पुग्यो। भवानी त्यही मौलाको कालिका बन्दै गइन्। शाक्त-शैव दुवै संस्कृतिको समन्वय वैष्णवहरूसँग अर्थात् ब्रह्मवादी बेदान्ती हिन्दुहरूसँग हुन पुग्यो। फलतः शिव, पार्वती दुवै हिन्दुको समेत महादेव र महादेवी हुन पुगे। शैवतन्त्रका योनी विम्ब, त्रिकोण, षड्कोण यन्त्र र शिव लिङ्ग सबै वैदिक, अनुष्ठानका उपकरण हुन पुगे। यसरी ब्रह्मवादी दर्शनको बर्चस्व नेपाली समाजमा कायम भयो र शैव दर्शन पछिल्तिर धकेलियो। (देवीप्रसाद मौर्य, भारतीय लौकिक चिन्तन और चार्वाक, इ.सं. २००५ नइदिल्लीः नेशनल पब्लिसिङहाउस पृ.११) परमात्माको शुध्दपन शिवत्व हो भन्दै त्यसलाई विकासको अन्तिम शिखर बताउने रजनीश पनि शिवको महिमा गाउँछन्। उनले शिवत्वलाई कहिल्यै पनि नओइल्याउने फूल भन्दै मनुष्यको गन्तब्य नै शिवत्व प्राप्तिका निम्ति अग्रसर रहेको बताउँछन् (पृ.२५६/२९३, शिवसूत्र, ओशो वि.सं. २०६९ अनु. काशिराज सुवेदी, मधुवन प्रकाशन नेपाल) यद्यपि रजनीशले धार्मिककताको आलोचना गरे पनि परमात्मा रूपी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काल्पनिकीको विरोध गर्दैनन् । बरू त्यसको प्राप्ती सहज नहुने बताउँछन् । उनी परम्परागत अर्थमा आस्तिक नै हुन्।

५. ब्रम्हदर्शन र वेदान्ती धाराहरू

ब्रह्मशब्दसँग दर्शन जोडिएर ब्रह्मदर्शन पदावली बनेको हुँदा सबै भन्दा पहिले हामी ब्रह्म शब्दको अर्थ निक्यौंल गर्न पट्टि लागौं। ब्र भनेको बढ्नु या विकसित हुनु हो र ह्मको तात्पर्य आफै अर्थात् प्राकृत ढङ्गले भन्ने हुन्छ। त्यसैले ब्रह्म भनेको त्यस्तो गुण या स्वभाव हो जो जीव र वनस्पतिमा प्राकृतिकरूपले रहेको हुन्छ। विकासशील गुण–स्वभावको अर्थमा ब्रह्म व्यष्टि या समष्टिको चेतना हो। ऐतरेयोपनिषद्ले प्रज्ञानं ब्रह्म भनेको छ (३/१/३) मानिस अथवा जीवले अनुभूत गरेका ज्ञानहरू चेतना हुन्। जो आफैद्वारा अथवा अरूद्वारा आर्जित अनुभवको रूपमा रहेको हुन्छ। (३/१४/१, सर्वं खल्विदं ब्रह्मः छान्दोग्य उपनिषद् भन्दछ यस अर्थमा लोकले हासिल गरेको जीवनबोध पनि ब्रह्महुन्छ। ज्ञानकै परम्परामा श्रुति स्मृति र तर्क (न्याय) लाई ब्रह्म प्राप्तिको मार्ग बताइएको पाईन्छ। यसरी यथार्थिक लोक दर्शनले ब्रह्मलाई मानिसको अन्तरबोधको अर्थमा व्याख्या गर्दछ । परन्तु निघण्टुले भने ब्रह्मलाई अन्नको पर्यायवाची शब्द मानेको छ । तैतरीय उपनिषद्ले सही सत्य ज्ञानको अर्थमा ब्रह्मलाई लिएको छ । सत्यज्ञान मनन्तं ब्रह्म उसको कथन छ। यसरी सामान्य ज्ञान, चेतना, भावना, विश्वास र विवेकलाई एकमुष्टमा ब्रह्म भनिन्छ । भृगुऋषिले भने अन्नलाई नै ब्रह्मभनेका छन् । आध्यात्मिक प्रत्ययवादका क्षेत्रमा भने ब्रह्म ईश्वर हो । परम आत्मा हो र अन्तस्करणको वृत्ति ब्रह्म हो (पृ.१९८, इशादि नौ उपनिषद् वि.सं. २०३० अनु. माधव प्र. देवकोटा) याज्ञवल्क्यले ब्रह्मलाई प्राथमिक महत्व दिएका छन् र आफ्नो समयको वैचारिक द्वन्द्वमा उद्दालक आरूणीको विपक्षमा खडा भै ब्रह्मदर्शनको प्रत्ययवादी चिन्तनलाई सुदृढ गरेका छन्।

दर्शन भन्नाले हेर्नु देख्नु जान्नु बुझ्नु भन्ने सामान्य ज्ञानदेखि विशिष्ट अर्थमा प्रकृति समाज र परिवर्तनको सृष्टि स्थिति र गतिको अध्ययन गर्ने दृष्टिकोण र विधिको नाम दर्शन हो। कुनै पनि वस्तु तथा घटनालाई हेर्ने बुझ्ने र व्याख्या गर्ने शास्त्र अर्थात् हेर्ने र फेर्ने सोच र विधि बनेर दर्शन रहेको हुन्छ। वस्तु या विषयलाई व्यवस्थित क्रमबद्धतामा वैज्ञानिक ढङ्गले प्रस्तुत गर्नु दर्शनको कार्यभार हो । त्यसैले दर्शनलाई ज्ञानको विज्ञान भन्ने गरेको पाईन्छ। तत्व, सत्व र व्यक्तित्वको ठम्याईमा दर्शनशास्त्रले विषयगत बहुआयामिकता निर्माण गरेको छ। लोक दार्शनिक फाँटमा पनि यस्तो नानात्व अथवा बहुलताको अवस्था रहेको देखिन्छ । लोकरूचीलाई परिस्कार गर्न ज्ञान र विज्ञान–प्रविधि दुवैको आवश्यकता पर्दछ। प्राचीन समयमा यन्त्र र तन्त्रलाई समेत विज्ञानको अर्थमा प्रयोग गरेको पाइन्छ। परन्तु आधुनिक बुझाइमा विज्ञान मानव कल्याणको कालीगढी कर्म बनेको छ। त्यसो त प्राचीन समयमा पनि हलो, गाडा, रथ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र धनुष जस्ता उपकरण रचिएका थिए र तिनका स्रष्टालाई निकै आदर मान मनितो गरिएको सन्दर्भ वेद, उपनिषद् र पुराण कथाहरूमा उल्लेख भएकै छन्।

अर्को शब्द रहेको छ वेदान्त। शीर्षकमा रहेका तीन मुख्य शब्दले गहन अर्थ बहन गर्दछ। वेदान्त अर्थात् वेदको अन्त्य। यद्यपि वेदको अन्त्य भन्दा वस्तुगत रूपमा सबै वेदहरूको समाप्ति भन्ने नभएर वेदले अघि सारेको चिन्तन, पद्धति र परम्परामा परिवर्तन भन्ने हो। प्रारम्भमा त्रिदेवको महिमा गान गरिन्थ्यो। लामो समयसम्म दक्षिण एशियामा लोकायत दर्शन र वैदिक दर्शनको द्वन्दात्मक वाद प्रतिवाद चल्यो। ऋग्वेद भन्दा पृथक भावधारमा यजुर्वेदलाई संयोजित गरियो। तार्किक रहस्यलाई आधार बनाएर उपनिषदहरू पनि ऋग्वेद पछिको समयमा नै रचिए। वेदपछि ब्राह्मण ग्रन्थ, आरण्यक र अन्त्यमा उपनिषद्हरूको रचना भयो। त्यसैले कतिपय मीमांसकहरूले उपनिषद्हरूलाई नै वेदान्त दर्शन र वेदान्ती मत मानेको देखिन्छ। कतिपयले भने ब्रह्मसम्बन्धी ज्ञानलाई वेदान्त भनेका छन्। ब्रह्मज्ञान वा ब्रह्मविद्या भनेर पनि वेदान्तको चर्चा गरिन्छ। वास्तवमा वेदान्त कुनै दार्शनिक दृष्टिकोण र पद्धति नभएर आध्यात्मिक प्रत्ययवादी दर्शनको एउटा तार्किक रहस्यवादी ढाँचा हो। वेदान्तीहरूको मूल दर्शन त ब्रह्म दर्शन हो, ब्रह्म विद्या हो र ब्रह्म बारेमा गरिने कर्मकाण्डपरक ईश्वरवादी जीवन-दृष्टि हो। आफ्नै अल्मल र अष्पष्टतामा भुंवरी भैं घुमेका वेदान्तीहरूले कतै जीव र ब्रह्म एउटै हो भन्दै अद्वैतको कुरा गर्दछन् त कतै ओम आकार नै ब्रह्म हो भन्दछन् (गीता ८/१३)। कतै आनन्द नै ब्रह्म हो भन्दछन् (बृहदारण्यक उपनिषद) तेसैले हामी अब केही छलफल या विचार विमर्श ब्रह्म-दर्शनका बारेमै गरौँ।

ब्रह्म-दर्शनका प्रारम्भ कर्ता याज्ञवल्क्य हुन्। ईसापूर्व ६५० तिर जनकपुर मटिहानीको कुसुमपुर निवासी मानिएका याज्ञबल्क्य मैथिल ब्राह्मण थिए। उनी उद्दालक आरूणीका चेला थिए। शुक्ल यजुर्वेद, शतपथ ब्राह्मण ग्रन्थ, इशावाश्य उपनिषद् र बृहदारण्यक उपनिषद् रचना गर्ने यी ऋषि जनक राजाका पुरोहित पनि थिए। सुरूमा यी वैशम्पायनका शिष्य थिए तर पछि गुरूसँग मतभेद भएपछि उनी त्यस धाराबाट अलग भएका थिए। यिनले "याज्ञवल्क्य स्मृति" पनि रचेका छन्। यो स्मृति ग्रन्थ मनुस्मृति पछि सर्वाधिक प्रचलित मानिन्छ। यसले विधवा नारीलाई पतिको सम्पत्तिमा हक प्रदान गरेको छ। याज्ञवल्क्यले जनकपुरमा ब्रह्म-दर्शनको व्याख्या आत्मा र परम आत्माको चर्चा गर्दै सुरू गरेका थिए। उनले जीव र ब्रह्मको पारस्परिक सम्बन्धमात्र हैन ब्रह्म र परब्रह्मको व्याख्या गर्दै जीवात्मा परमात्माको सहारामा जीवित रहने धारणा व्यक्त गरेका थिए। त्यसैले ब्रह्मदर्शन या वेदान्तको जन्मथलो जनकपुर मान्नुपर्ने हुन्छ। उपनिषद्हरूमध्ये धेरैले ब्रह्मलाई ईश्वरीय अगोचर सत्ताको अर्थमा र त्यसकै अंश लिएर जीव बाँच्ने कुरा गरेका छन्। जीव र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्ममा भेद छैन किनकी ब्रह्मकै तेजमा जीव जीवित छन् भन्दै अभेद दृष्टि अघि सार्दछन् । सर्वम् खल्विदं ब्रह्मः (छान्दोग्य उपनिषद) भन्दाहोस् अथवा **नित्यानन्द मयं ब्रह्म**(बृहदारख्यक उपनिषद) भन्दाहोस्, तत्वमसिः भन्दा होस् अथवा अयमात्मा ब्रह्मः (माण्डुक्योपनिषद्) भन्दाहोस् ती सबैको सार ईश्वरवाद रहेको छ । दर्शनको तहमा धर्मलाई उकास्ने काम उपनिषद्हरूले गरे । उपनिषदहरूमध्ये धेरै नेपाली भूमिमा रचिएका थिए । ईशावास्यमिदं सर्वम् भन्दै मनुष्यलाई नीरिह बनाउने काम धार्मिक कर्मकाण्डले गर्दै आएको छ । ब्रह्मदर्शन भनेको परमात्माको बलमा यो ब्रह्माण्ड चलेको भन्ने दृष्टिकोण हो । केनोपनिषद् या प्रश्नोपनिषद् दुवैले पञ्चमहाभूत समेत ईश्वराश्रित छन् भन्दछ । त्यसैले यी धारणाका आधारमा नै पदार्थ भन्दा चेतना नै महाशक्ति हो भन्ने र त्यही चेतना तत्वको सर्वोच्च रूप ब्रह्म हो भनी जगतलाई अबोधगम्य र ब्रह्मलाई अनिर्वचनीय बताउनु वेदान्ती भनिदै आएको ब्रह्मदर्शनको विशेषता हो । ब्रह्मवादीहरू प्रकृतिको आत्मा भनी ब्रह्मको व्याख्या गर्दछन् र त्यसलाई अद्वैत भावमा परम पदार्थ मान्दछन् । द्वैतभाव त ब्रह्मको माया हो भन्दै लीलाको रूपमा नानात्व पैदाभएको बताउँछन् । ब्रह्मसत्यम् जगत् मिथ्या जीवो ब्रह्मैव ना पर ! भन्ने शङ्कराचार्यसम्म आइपुग्दा वेदान्तीहरूबीच विभिन्नता पनि पैदा हुँदै गयो । शङ्कराचार्य पछि त बेदान्तीहरू प्रष्टरूपमा निम्बार्की, रामानुजी, मध्वाचार्यी र बल्लभाचार्यी हाँगा गरी पाँचधारा बन्न पुगे । शङ्कराचार्यका अनुगामीलाई शाङ्कर वेदान्ती भनियो । उनीहरूको विवेचनामा ब्रह्म स्वयं निर्गुण-सगुण, ज्ञेय-उपास्य, साकार-निराकार, शब्द ब्रह्म-मनब्रह्म आदि रूप एवं प्रकार उल्लेख हुन थाल्यो । मानिसको मानस पटललाई रहस्यका भुँवरीमा रिंगाउँदै थप अल्मल पारियो । कारण कार्य विहिन ब्रह्मको चर्चा सँगै कामनामय कर्म र निष्कामना युक्त कर्मको गफ बीच जीव र ब्रह्मको एकत्वबोधलाई मोक्ष बताइयो । (ऋषभ पृ. ४६ प्राच्यदर्शन परिचय-पाविके, २०३४) ।

शाङ्करवेदान्त ब्रह्मवादी दर्शनको सर्वाधिक बर्चस्वशाली धारा रही आएको छ । शैव दर्शनलाई निषेध गर्ने ध्येयका साथ अघि बढेको यो सम्प्रदायले विष्णु, राम र कृष्णलाई एउटै परब्रह्मको अवतारी लीलामा हेर्छ । ब्रह्म नै एकमात्र सत्य बाँकी सबै असत्य अर्थात् मिथ्या भन्ने दृष्टिकोण अनुरूप जड-चेतन, आत्मा-परात्मा, जीव-ईश्वर, जल-अग्नि, आकाश-वायु, प्राण-कोश, स्थूल-शूक्ष्म, व्यष्टि-समष्टि, सबै ब्रह्मचालित पालित छन् । मायाको लीलामा प्रारब्ध अनुसार अवतार र भोग सबैले गर्नु पर्ने व्याख्या शाङ्कर-वेदान्तीहरूले गर्दछन् । ब्रह्मवादी दर्शनको क्षेत्रमा याज्ञवल्क्य पछिका प्रमुख व्याख्याताको व्यक्तित्वमा शङ्कराचार्यलाई लिइन्छ । उनले अद्वैत ब्रह्म नै ईश्वर हो भन्दै ब्रह्म नै जगतको गतिका मति नै हुन् भन्दछन् । बैष्णव वेदान्ती धारणामा विष्णु, राम र कृष्णको कथा सँगै भागवत् गाथा जोडिन्छ । ब्रह्मवाद सबैको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मूलआधार रहेको छ। ब्रह्म दर्शनको विशेषता नै जगतलाई अबोधगम्य बताएर, ज्ञानका जिज्ञासाहरूलाई रहस्यको आहालमा डुवाएर, आफ्ना भनाइलाई आतार्किक ढङ्गले सिद्ध गर्नु रहेको छ। म नै ब्रह्म हुँ अथवा तत् त्वम् असिका सूत्रद्वारा वेदान्तलाई विवर्तवादी व्याख्यामा प्रचार गर्नु सबैधारा या शाखाको कार्यव्यापार भएको छ।

निम्बार्कीहरू चित् अचित् र ब्रह्मलाई त्रितत्व मान्दछन्। यिनीहरू जीव र ईश्वरलाई द्वैत भावमा देख्दछन्। भिन्न-भिन्न अस्तित्व ठान्दछन्। परन्तु ब्रह्मलाई अद्वैत भन्दै भगवान् भनेका भावना स्वरूप विराजमान ब्रह्महुन् भन्दछ। द्वैत-अद्वैत स्वीकार्ने हुँदा निम्बार्की हाँगालाई "द्वैता-द्वैत" नामबाट पनि जानिन्छ।

रामानुजी शाखाका वेदान्तीहरूपनि वैष्णव धाराका मानिन्छन्। यिनीहरूले त्रि-तत्वलाई पृथकतामा देखे पनि ईश्वर विशिष्ट छन् र जड-चेतन दुवैलाई नियमन गर्दछन् भन्दै काल्पनिक सत्तालाई विशिष्ट र अद्वैत मान्दछन्। त्यसैले रामानुजी बेदान्ती चिन्तनलाई विशिष्टाद्वैत नामले चिनिन्छ। रामानुजीहरू मायावादका विपक्षमा छन्। ब्रह्मचेतन छ र जीव पनि चेतन छ त्यसैले दुवैको कल्याणका लागि जगत्मा ब्रह्मतत्वस्वरूप भगवान् छन्। उनी अद्वैत छन् भन्दै विशिष्ट व्याख्या गर्दछन्।

मध्वाचार्यीहरू प्रकृतिमा एकलगुण र रूप नहुनु सँगै अस्तित्व निरूपण हुने हुँदा जगत् र जीव द्वैत छ। जड र जीवको द्वैतरूप मात्र हैन जड या जीवभित्र पनि पारस्परिक भिन्नता छन्। पदार्थमा पनि स्वतन्त्र र परतन्त्री गुण छन्। जीव पनि परब्रह्मआश्रित छन्। त्यसैले द्वैत-अद्वैत परस्पर भिन्न छन् भन्ने दृष्टिकोण यिनीहरूको छ। द्वैतवादी वेदान्तीका दृष्टिमा देश काल परिस्थितिको प्रभावस्वरूप पैदाहुने सत्ता स्वयं परमार्थिक मात्र नभै व्यवहारिक पनि छ भन्दै जगतलाई आभाषिक सत्ता मान्नु यिनीहरूको दृष्टिकोण हो।

बल्लभाचार्यीहरू शङ्कराचार्यको मायावादी ब्रह्मको धारणालाई अस्वीकार गर्दछन्। बल्लभाचार्यले मायारहित ब्रह्मको कुरा गर्दै जीव र ब्रह्मदुवै सत्य हुन् भन्दछन्। कृष्ण भक्तिधाराको यो मतले लौकिक जीव र अलौकिक ब्रह्मको द्वैध अस्तित्व स्वीकार गर्दछ। कृष्ण प्रणामी नामबाट परिचालित निम्बार्कदेखि प्राणनाथ सम्मनै वेदान्ती रहस्यवादको आर्वतमा घुमेका छन्। प्रारम्भमा जातिवाद विनाको बेदान्त दर्शन थियो तर पछि जातिवादी बेदान्ती एवं धर्माधिकारीहरूले ईश्वरीय अनुकम्पामा नै जातिवाद सञ्चालित छ भन्न पुगे। सबैले लगभग चैतन्य बाहेक अरू कुनै केही शास्वत छैन भन्ने धारणालाई घुमाईफिराई सकारेका छन्। (पृ३५ भट्टराय २०३१) वेदान्तीहरू जुनसुकै धाराका भएपनि वेदलाई नित्य मान्दछन्। त्यसमा कुनै भूल त्रुटी छैन किनकी त्यो देववाणी हो भन्ने ठान्दछन्। सत्य त के हो भने बेदका सूक्त तथा ऋचाका रचयिता प्रष्ट उल्लेख छँदैछ र ती सबै मनुष्य ऋषि-ऋषिका थिए। त्यसैले बेद देववाणी थिएन र होइन। ऋग्वेद पूर्णत प्राकृतिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वभाववादलाई अँगालेर लेखिएको छ। त्यसले देवता र मनुष्य माझ कुनै भिन्नता देख्दैन पारखी मान्छे नै देवता हो भन्दछ। परन्तु यजुर्वेद कृष्ण या शुक्ल दुवै धाराका अनुयायीहरूले आत्मा, परमआत्मा ईश्वर र ब्रह्मलाई अदृश्य शक्तिका रूपमा व्याख्या गरी रहस्यपूर्ण आख्यान सुनाउँछन्। ब्राह्मण ग्रन्थ आरण्यक र उपनिषद्हरू वेदाश्रित बताइन्छन्। परन्तु ती वेदालोचक छन्। उपनिषद्ले पनि परलोक र पुनर्जन्मको कथा सुनाउँदै जीवनको वास्तविकता र जगतको वस्तुस्थितिलाई रहस्यमय बनाइदिन्छन्। दिक्-काल, स्थान-मान र यथार्थलाई भन्दा भावना विश्वास र तर्कहिनताको सहारामा अघि सारिएका विचारहरूको थुप्रो बनेर **आध्यात्मिक प्रत्ययवाद** रहेको छ। दक्षिण एशियाली हिन्दु समाजमा यही चिन्तन र दृष्टिकोणलाई वेदान्तका नामले जानिन्छ। वेदान्ती चिन्तनका पाँचवटै शाखाको एकमुष्ट नाम ब्रह्मदर्शन हो र यी विचारधाराले पुरानै ईश्वरवादी भावनाको प्रतिविम्बन गर्दछन्।

वेदान्त या ब्रह्मदर्शनलाई सर्वप्रथम व्यवस्थित गर्ने काम बादरायणले गरे। उनले याज्ञवल्क्यद्वारा अघि सारेको, अष्टाबक्रद्वारा प्रबर्धित एवं पछि आदिशङ्कराचार्यद्वारा परिपुष्ट पारिएको ब्रह्मदर्शनलाई व्यवस्थित गर्दा नै ब्रह्मसूत्र रचना गरे। ब्रह्मदर्शनमा वेदव्यास र वाल्मीकिले पनि थप मलजल गरेका थिए। गीताले ब्रह्मदर्शनको व्याख्या आफ्नै ढङ्गले गरेको छ। महाभारतमा कृष्णको मुखबाट बोल्न लगाइएको अर्जुन-गीता वेद-व्यासको मात्र चिन्तन थिएन। त्यस अघिको रामगीताबाट पनि प्रभावित विचारधारा थियो। पुरानो कपिल गीता यथार्थवादी स्वभाववादको पक्षमा रहेको भए पनि पछिल्ला गीताहरू प्राय सबै नै आध्यात्मिक-प्रत्ययवादी रहेका छन् र ब्रह्मदर्शनको पक्षधर रहेका छन्। कृष्णद्वारा अर्जुनलाई दिएको उपदेशका रूपमा रहेको भए पनि महाभारतको एउटा हिस्सा मानेर नै गीतालाई हेरिन्छ। महाभारत कालमा फलामको तरवार प्रयोगमा आइसकेको थियो। ऋग्वेदकाल सम्म तत्कालिक मानव समाज पशुपालक अवस्थामा रमाएको थियो। गाई-गोरू, घोडा र कुकुर पाल्तु जनावर थिए। अधिकतम् माटो ढुङ्गा र काठका सामानहरू प्रयोग गरिन्थ्यो। समाजमा एकपत्नी व्यवस्था विकास भईसकेको थियो। तर पनि बहुपति र बहुपत्नि प्रथा समेत छँदै थियो। ऋग्वेदकाल झण्डै चार पाँच सय वर्षको मानिन्छ। त्यस अवधिमा ब्रह्मदर्शनको धारणा आउनु भन्दा अघिका बोनदर्शन, शाक्त दर्शन र शैव दर्शनका अनेकौं तर्क अनुमान र परम्पराका बीचमा लोक जीवनले उब्जाएका नानाविचारहरू वैदिक साहित्यमा पस्दै थिए बस्दै थिए र सभ्यताका सोपान अनुरूपका चिन्तन पनि गतिशील प्रवाहमा अघि बढ्दै नै थिए। त्यसैले वेद र वैदिक ग्रन्थहरू, उपनिषद् र पौराणिक काव्य कथामा विविधता आउनु स्वाभाविक थियो। ऋग्वेद कालसम्म त ब्रह्मवादी दर्शनको प्रार्दुभाव भएकै थिएन। किनभने ऋग्वेदमा आत्मा, ब्रह्मर मोक्षको कुनै कल्पना पाँईदैन। त्यतिबेला स्वाभाविक कर्मको ऋत व्यवस्था प्रचलित थियो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् प्राकृत-स्वभाववाद सर्व स्वीकार्य थियो, जो आद्यभौतिकवादी सोच थियो। उपनिषद्‌काल पछि नै राजसंस्थाको रूपमा सामन्ती सत्ताले आफ्नो आकार ग्रहण गऱ्यो। क्षत्रीहरू बर्चस्वशाली बने। ब्रह्मणहरू प्राय ज्ञान गुनका कुरामा केन्द्रित रहे। पुरको हितमा काम गर्नु उनीहरूको धर्मकर्म बन्यो। उनीहरूलाई राजपुरोहित, कुलपुरोहित, धर्मगुरू आदि सम्मान र पदले सुशोभित गरियो। याज्ञवल्क्य स्वयं जनकराजाका पुरोहित थिए। उपनिषद्‌को प्रवर्तक सँगसँगै उनी याज्ञवल्क्य स्मृतिका श्रष्टा पनि थिए। जनक क्षत्रीय राजा थिए। बृहदारण्यक उपनिषद्‌मा यी दुई बीच गम्भीर विमर्श भएको पाइन्छ। वेदान्ती ब्रह्मदर्शन क्षत्री र ब्रह्मण बीचको द्वन्द्व र एकतामा विकसित विचार प्रणाली पनि हो (पृ. १०० भारतीय दर्शन ऐ. नेभा २०७०) यथार्थवादी दृष्टिले हेर्दा ब्रह्म दक्षिण एशियाली समाजको प्रारम्भिक चरणतिर कल्पना गरिएको एउटा मानस पात्र हो। जसलाई धर्मको जलपले सर्वशक्तिमान् देवता-परमेश्वर, बनाइदियो। दर्शनको बगैँचामा तार्किक रहस्यवादी चिन्तनको एउटा काल्पनिकी धार्मिक क्षेत्रमा शक्तिरूप लिएर प्रवेश गरी परमं-पिता, परब्रह्म, परमात्मा ईश्वर बन्न पुग्दछ। यही नै वेदान्तको पौरख थियो र उनीहरूको व्याख्यानुसार परमात्माकै हंस या अंश बनेर त्यही काल्पनिक हंस जीवहरूको देहमा जीवात्मा बन्दछ। मायाको भोग सकिए पछि त्यो पुनः ब्रह्म मै फर्केर लीन हुन्छ र प्राणीहरू मर्दछन् भन्ने जीवन दृष्टिकोण वेदान्ती व्याख्या मात्र नरही सर्वसाधारण लोक-मानसको संस्कार बन्न पुगेको देखिन्छ। प्रारब्ध, पूर्वजन्म, पुनर्जन्म र मोक्षको धारणा दिने अनेकौं आख्यानहरू, मठ-मन्दिर, गुम्बा र विहारहरूले प्राय वेदान्ती दृष्टिकोणलाई नै टेवा दिएको देखिन्छ। एकल हुन् वा बहुल ईश्वरको कथा सुनाउनेहरूले मानव सामर्थ्य र कार्यकुशलतालाई कमजोर नै बताई रहेका हुन्छन्। हाम्रो नेपाली लोक मानसमा पनि सुधार र परिवर्तनका ध्वनि गुजँदै आएका छन् र सन्त-साहित्य, तन्त्र-तारतम्य, यन्त्र-सामर्थ्य र आधुनिक विज्ञानको प्रभाव स्वरूप परिवर्तनहरू हुँदै आए, सन्तहरूले मनुष्यको जय गाथा गाए। यही क्रममा वेदान्तको कट्टरपन्थी सोच र शैली माथि प्रहार गर्दै बुद्ध देखा परे। बुद्धका विचारहरू सनातन परम्पराबाट केही प्रभावित रहेको भए पनि ती यथार्थवादी छन् र समाजलाई नयाँ जीवन दृष्टि दिने लोक दर्शन बन्न पुगेका छन्।

६. बुद्ध, बौद्ध दर्शन र नेपाल

ईशापूर्व ५६३ मा वर्तमान नेपालको कपिलवस्तु जिल्लाको लुम्बिनीमा सिद्धार्थ गौतम बुद्धको जन्म भएको थियो। उनले आफ्ना आमाको गोत्र लिएका थिए। त्यसैले गर्दा सर्वार्थसिद्धलाई गौतम बुद्ध भनिएको हो। तात्कालिक समाज मातृप्रधानताको अवस्थामा हुनु र तन्त्रको बर्चस्व रहनुका कारण बुद्धको बाल्यकाल ती चिन्तन र संस्कारबाट प्रभावित हुनु स्वाभाविक थियो। गौतम बुद्धले सानैदेखि अहिंसालाई अँगालेका थिए। उनले छर छिमेकी बीच मेल हुनुपर्ने धारणासँगै प्राकृत सम्पदामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सबैको पहुँच रहनु पर्ने धारणा राख्दथे। त्यही कारण रोहिणी नदीको पानी सम्बन्धी विवादमा उनले मावलीहरूको पक्ष लिँदा कपिलबस्तुका शाक्य शासकहरूले उनलाई दुईवटा वाचामा चुकाए। देवदत्तको षड्यन्त्र स्वरूप ती बाचालाई सभाले पारित गरेको हुँदा बुद्धले मृत्युवरणको सट्टा राज्य त्यागे र निर्वासन स्वीकारी जङ्गलतर्फ स्वीकारेका थिए। आफ्नो देशको भन्दा मावलीको पक्ष लिएको भन्दै बुद्धका सामु कि मृत्यु दण्ड अथवा निर्वासन मध्ये एउटा स्वीकार्नु पर्ने शर्त थियो। कतिपयले उनको त्यस निर्वासनलाई मानव जातिलाई नयाँ जीवनदृष्टि दिने यात्रा **महाभिनिष्क्रमण** भनी व्याख्या गरेको पाइन्छ। बुद्धले चार दुःखबाट शिक्षा लिएको र चार सत्यका लागि आठ असल बाटो देखाएर मानव जातिको कल्याण गरेको बताइन्छ। ज्ञानको आभामा जाग्नु बुद्ध हुनु हो। निजी भोग, लोभ र स्वार्थ त्यागेर सबै जनताको हितमा समर्पित हुनु बौद्ध हुनु हो। परन्तु बुद्धको निर्वासनमा रहेको राजकीय कुटिलता निकै गम्भिर मुद्दा थियो।

बौद्ध दर्शनलाई बुद्धवाद भन्ने र त्यसलाई विचार-पद्धति मान्ने धारणा लोक जीवनमा रहेको छ। ब्रह्मवादी चिन्तन र पद्धतिका विरूद्ध श्रमण आन्दोलनद्वारा बुद्धका विचारहरू फैलिएका थिए। प्रारम्भमा पूर्णत लौकिक यथार्थलाई महत्व दिदै मानव जीवनका दुख हटाएर सुखी र समृद्ध जीवन बनाउने सोच राखेर बुद्धवाद अघि बढेको थियो। बुद्ध दर्शनको सामाजिकता यही बहुजनहितायको कल्याणकारी सोचबाट अघि बढ्दै गएर सर्वकल्याणको भावमा अघि बढेको हो। आज बुद्ध दर्शनको भन्दा बुद्ध धर्मको चर्चा या पठनपाठन बढी भइरहेको छ। एउटा धर्मको रूपमा सम्प्रदायबद्ध हुँदा बुद्धमा मानवहितकारी विचार र व्यवहार भन्दा धार्मिक कर्मकाण्डको चर्चालाई बढाइएको छ। परन्तु बुद्धका विचारमा रहेका सम्यक् मार्गहरू नैतिक मूल्यका कुरा मात्र नभएर शान्ति, मानवता र समृद्धि हासिल गर्ने पथप्रदर्शन पनि हो। हिन्दु सनातनी कट्टरताको विपक्षमा रहेको हुँदा नै बौद्धमार्गी माथि शङ्कराचार्यको आक्रमण भएको थियो। कतिपय बौद्ध ग्रन्थहरू जलाएको र विहारहरू, ध्यान केन्द्र एवं गुम्बाहरू नष्ट गरिएका थिए। त्यसो त धार्मिक प्रतिस्पर्धाको क्रममा बौद्धहरूले पनि शैव मठ मन्दिर कब्जा गरी तिनीहरूलाई बौद्ध चैत्य, गुम्बा र विहारमा परिवर्तन गरेका थिए। जसको उदाहरण काठमाडौंको स्वयम्भू चैत्य नै रहेको छ। जहाँ पहिले प्रागऐतिहासिक कालमा शिव मन्दिर थियो र आठौं शदीमा राजा वृषदेवले त्यसलाई बौद्ध स्तूपमा बदलेका थिए। (पृ.५३, ठाकुर, वि.सं. २०२६ नेपाल देश और संस्कृति राष्ट्रभाषा परिषद बिहार) पछिपछि भने शैव र बौद्धहरू बीच समन्वय हुँदै गयो अनि खस संस्कृतिमा भएको लामा-विष्णु समन्वय जस्तै शिव-बुद्ध दुवै एक हुन् भन्न थालियो। मातृपूजक शाक्तसँग समन्वय गरी शिव-बुद्ध-तारा र विष्णुको समेत समन्वय गर्ने काम भयो। नेपाली लोकदर्शनको यही समन्वयात्मक भावधारा हिमाली संस्कृतिको मूल मीयो बनेको तथ्य धेरै विद्वान्हरूले उल्लेख गरेको पाइन्छ। दत्तात्रेयले शैवको योग र बौद्धको ध्यानलाई समन्वय गरेका थिए। तान्त्रिक भावधारासँग मन्त्रमार्गीका रूपमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रहेका ब्रह्मवादी हिन्दु सनातनीलाई बौद्धसँग मिलाएका थिए। जसले गर्दा बौद्धतन्त्र सबैतिर फैलिएको थियो।

नेपालमा बौद्धदर्शन र बौद्ध धर्म दुवै प्रचलनमा छ। पहिलो प्राज्ञिक–बुद्धवादका रूपमा रहेको छ र बौद्धिक व्यक्तित्वहरूले विमर्श गर्दै बुद्ध दर्शनका सामाजिक व्यवहारिक पक्ष तर्फ हाम्रो ध्यानाकर्षण गर्दछन्। दोस्रो बौद्धसम्प्रदायका रूपमा विभिन्न हाँगामा छुट्टा–छुट्टै धाराको अस्तित्व निर्माण गरी अघिबढेका छन्। यही क्रममा नै पद्मसंभवद्वारा प्रबर्धित लामायान र त्यसका चार हाँगालाई हिमाली बौद्धधर्मको रूपमा उल्लेख गरिन्छ। हिनयान–महायानको पुरानो विभाजनको सट्टा देश पिच्छेका विशेषता थपेर नेपाली, थाई, सिंहाली, जापानी, बर्मेली, तिब्बती, कोरियाली रूपमा समेत बौद्ध धर्मका हाँगाहरू देखा परेका छन्। यी सबै लोक–जीवनले आ–आफ्नो पन थपेर बनाइएका बौद्ध हेराई हुन्। लोक–दर्शन हुन्। नेपालको सबै भन्दा पुरानो र ठूलो बौद्ध चैत्य खास्ती (बौद्धनाथ) र स्वयम्भू रहेको छ। ती बाहेक थुप्रै विहार र गुम्बाहरू बौद्धदर्शनको धार्मिक केन्द्रस्वरूप प्रचलित छन्। लुम्बिनी बौद्ध विश्वविद्यालयको स्थापना पछि भने बुद्धदर्शनको अध्ययन अध्यापनमा केही नवीनता र बुद्धले अघि सारेका प्रारम्भिक चिन्तनतर्फ सामाजिक शान्ति र प्रगति तर्फ, सम्यक अष्टाङ्गमार्गलाई राजकीय नीति बनाउने तर्फ, मानवतावादी सञ्चेतना प्रबर्द्धन गर्ने गराउने तर्फ केही काम अघि बढ्ला कि भन्ने अपेक्षा धेरैले राखेका छन्।

७. नेपाली समाजमा रहेका अन्य लोक-दर्शनहरू

नेपाली लोक जीवन नेपालको प्राकृतिक विविधताद्वारा प्रभावित भएको हुँदा हिमाली, पहाडी र तराईको सामाजिक व्यवहारमा प्रशस्त भिन्नता छ। लोक जीवनको आधारमा नै लोक–दर्शन निर्माण हुन्छ। समाजको बनावट एकल जातीय नभएको हुँदा सांस्कृतिक सोच र व्यवहार पनि अन्तरजातीय समन्वयमा सहजीवन निर्माण गर्दै गतिशील रही आएको छ। लोकको कुरा आफ्नो धर्तिको यथार्थमा अडिएको हुन्छ र त्यो मूलत- मानिस, पृथ्वी र समयको एकत्वमा निर्मित हुन्छ। हिमाली क्षेत्र, पहाडी क्षेत्र र तराइको क्षेत्रसँग जोडिएको हाम्रो देश स्वयं त्रिलोक बन्न पुगेको छ। यहाँको पर्यावरण, वनस्पति र जैविक विविधताको आधारमा पनि त्रिएकको अवस्था छ। यसैलाई पुरातन ईश्वरवादीहरूले स्वर्ग, मर्त्य र पाताल भन्दै जमिन माथिको भाग, जमिनको भाग र सागर मुनीको भागलाई त्रिएक भन्दछन्। परन्तु यथार्थमा लोक जीवनको सत्य काल्पनिक नभएर यथार्थिक हुन्छ। यथार्थ विना मानव समाज निर्माण हुनै सक्दैन। त्यसैले लोक दर्शनका रूपमा सरल सुबोध सांस्कृतिक सोचका साथमा सन्तहरूले समाजलाई लौकिक पद्धतिमा चल्न सिकाउँदै आएका हुन्। सन्तहरूद्वारा परिमार्जित मानव विश्वासको परम्परा बनेर हाम्रो नेपाली लोक दर्शन सञ्चालित रहेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लोक चिन्तन र पद्धतिका रूपमा रहेका धारणा र कर्मसंस्कारहरू बीच नेपालीहरूले आफ्ना केही विशिष्ट मौलिक रीत, संस्कार र अनुष्ठान बनाउँदै आएका छन्। सनातन शास्त्रीय मान्यताहरूको ठाउँमा केही नरम र सरल पद्धति, आचार विधि र सामाजिक व्यवहार निर्धारण गरेका छन्। सुधारवादका जगमा खडा भएका त्यस्ता विषयहरू दर्शनको बहुलता अनुरूप विकास गरिएका हुन्। यही क्रममा नै जातीय दृष्टिकोणहरूसमेत बनाइए। यस्ता चिन्तनको श्रृङ्खलामा नै नेपाली भूमिमा **सन्तदर्शन** विकास भएको छ। निकै प्राचीन समयका सिद्ध कुकुरिप्पा हुन् अथवा पछिल्लो समयका सन्त सत्यहाङ्मा हुन्। उनीहरूको ध्यान हाम्रो समाजलाई सुधारेर अघि बढाउनुमा नै केन्द्रित रहेको देखिन्छ।

सन्त दर्शन मूलत जोशमणि सन्त परम्पराका रूपमा परिचित छ। जोशमनी सन्तमत नेपालकै माटोमा विकसित भएको हो र यो सहजयानी मत हो (पृ.१-४ जनकलाल शर्मा, जोशमणि सन्त परम्परा र साहित्य वि.सं. २०५२, लपु सा.प्र.) यसले पाँच पदार्थलाई मुख्य तत्व मान्दछ। माया, जीव र आत्माको सरल व्याख्या गर्ने हुँदा यसलाई **सहजयान** भनिएको हो। दर्शनको सन्दर्भमा भने यो मत धर्मदर्शनकै अल्मलमा घुमेको अव्यवस्थित सोच हो। यसले दर्शनको तहमा समग्रता निर्माण गर्न सकेको छैन। चिन्तन र प्रणालीको व्यवहारिक अन्विति विना कुनै पनि विचारले दर्शनको तहमा आफूलाई व्यक्त गर्न सक्दैन। त्यसैकारण जोशमनि सम्प्रदाय भनी यसको उल्लेख गरिदै आएको हो।

लोक जीवनलाई व्यवस्थित,सरल र नैतिक बनाउने ध्येयले नेपाली ऋषिहरूले प्रवर्तन गरेका विभिन्न धार्मिक विश्वासले समेत आफ्ना समयको सापेक्षतामा सुधार र परिवर्तनलाई टेवा पुऱ्याएका छन्। त्यसैले नेपाली समाजमा प्रार्दुभाव भएका तथा प्रचलनमा आएका सबै प्रकारका धार्मिक विश्वास र कर्मकाण्डहरूले समेत प्रारम्भमा केही प्रगतीशील भूमिका निर्वाह गरेका थिए भनी समाज शास्त्रीय विश्लेषण भएको पाइन्छ। (पृ.५० पुष्पलाल, नयाँ जनवादी कार्यक्रम वि.सं. २०२६ बनारस) किराँत दर्शनका नामबाट आजभोली मुन्धुमी मतको चर्चा गरिन्छ। मुन्दुम मा व्यक्त भएका विचार, दृष्टिकोण र जीवन शैलीयुक्त व्यवहारको समुच्चयलाई किरात दर्शन भनिएको छ। मुन्दुम या मुन्धुम जुन शब्द लिए पनि राई, लिम्बू जाति बीच प्रचलित सोच संस्कारको युग्ममा किराँत- दर्शन खडा छ। त्यसो त सबै किराँतीहरूको एउटै भाषा, धर्म र संस्कार छैन र उनीहरूबीच थुप्रै सांस्कृतिक भिन्नता समेत छँदैछन्। तर पनि कतिपय आधारभूत प्रश्नमा किराँत दर्शनले अर्थात् मुन्धुमी मतले महाशून्यमा गति, ज्योति र मतिले विश्व सृष्टि भएको व्याख्या गर्दछ। हावा, पानी, आगो र पृथ्वी बनेपछि जीव र मनुष्य पैदा भएको बताउँछ। शक्तिको अनेकता, सृष्टिको विविधता र जीवको बहुलताद्वारा जगत्ले पूर्णता पाएको बताउने मुन्धुमी दर्शनमा पछि आएर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ईश्वर सम्बन्धी धारणा विकसित भएको देखिन्छ। शुरूमा द्वैधता र बहुलतालाई एकता र सम्मिलनको प्रकृयामा वस्तु र व्यक्तिको उत्पत्ति र विकासलाई हेर्ने प्रकृतिवादी सोच रहेको भए पनि पछि गएर बहु ईश्वरबादबाट गुज्रँदै एकेश्वरवादी चिन्तनको तागेरा-निङवाफुसम्म विस्तार हुन्छ।

माछाबाट कछुवा हुँदै जीव विकास भएको, पृथ्वी हावामा घुमिरहेको, पञ्चतत्व-आगो, पानी, हावा, पृथ्वी र आकाशद्वारा श्रृष्टि अघि बढेको कुरा पनि किराँती मिथकमा पाइन्छ (पृ.१-४ इमान सिंह चेम्जोङ, किरातको वेद, किरात मुन्धुम (वि.सं. २०५९, याक्थुङ चुम्लुङ) वास्तवमा लोकवार्ताको क्षेत्रमा हेर्दा पृथ्वीलाई आमा सूर्यलाई बाबु मान्दै प्रारम्भ भएको प्रकृतिवादी चिन्तनमा विस्तारै अलौकिक शक्तिको अड्कल थपिए पछि नै पहाड पर्वत नदीनाला र वन जङ्गलका थुम्का-थुम्कीहरूले देवताको रूप लिन थाले। त्यसैमा पितृ-मातृ पुर्खालाई देवत्वकरण गर्दै थपना र मन्दिर बनाएर बसालियो। अनि त जमिन, आकाश, तारा, चन्द्रमा, बतास, पानी सबैतिर भगवान् देखिन थाले।

नेपाली लोक जीवनमा प्रचलित अन्य मतहरू मध्ये जातीय दृष्टिबोधको रूपमा रहेको ताम्बा-दर्शन अर्को महत्वपूर्ण चिन्तन हो। तामाङ जातिले आफ्ना सिपालु पुर्खाको कथन स्वरूप भन्दै गाउँदै आएको संस्कार गीतका रूपमा समेत **ताम्बा कइतेन** रहेको छ। ताम्बाले भनेका कुराहरूनै ताम्बा दर्शनको गुदी हो। त्यसमा सृष्टिकथा, ज्ञान परम्परा र नीतिपरक विधि-व्यवस्था रहेको छ। **ताम्बा दर्शन**ले हावा, पानी, आगो र पृथ्वीलाई मुख्य तत्व मान्दछ। जीव विकासको सन्दर्भमा फाबा च्यारू (ब्रह्मा) ले सृष्टि गरेको गासिन डोल्मा (वनदेवी) र बाँदर (वनमान्छे) बीच विहे भए पछि मनुष्यको सृष्टि अघि बढेको मिथक छ। यसले मानिसको विकास बाँदरबाट भएको बताउने आधुनिक विकासवादी सोचसँग सामञ्जस्य राख्दछ।

थारू जातीय जीवन दर्शनमा द्वैधता पाइन्छ। एकातर्फ गुरूबाबाको कथा छ भने अर्को तर्फ सिद्धार्थ बुद्धको थेरवादी धारालाई आफ्नो लोक दर्शन मान्ने धारणा रहेको छ। गुरूवावक जलमौटी अनुसार सम्पूर्ण जगत् जलबाट सृष्टि भएको हो। थकाली ह्रब अनुसार आफ्ना दिवंगत पितृहरू नै अदृश्य शक्ति हुन् र ती यही धर्तिमा आफ्नै बस्ति र बंशको हेरचाह गर्दै पहाड, गुफा र जङ्गलमा बस्दछन्। प्रेतात्माको रूपमा रहेका पितृलाई देवता मान्ने सोच प्राचीन बोन दर्शनको प्रभाव हो। प्रकृतिका चारतत्व हावा, पानी, माटो र ढुङ्गा हेरी पुर्खाले बस्ती बसालेको कुरा थकाली लोक दर्शनमा पाइन्छ। बानर तथा वनदेवीबाट मान्छेको उत्पत्ति र विकास भएको भन्ने **दृष्टिबोध थकाली वेद-** ह्रबले पनि दिएको छ।

प्रकृतिका शक्तिमाता वनदेवी, संसारीमाई या बाजे-बजैलाई पूजनीय ठान्ने मगर जातिले पनि झाँक्रीलाई आफ्नो रक्षक मान्दछन्। उनीहरूमा मातृपूजक संस्कार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाइन्छ। जो बोन परम्परा हो र पछि नेपाली लोक-जीवनमा प्रचलित हुँदै आएको थियो। त्यही क्रममा बाजे-बजुलाई पुज्ने र तिनीहरूलाई शिवशक्ति मान्ने धारणा समेत पाइन्छ। आलम देवीको नाममा विद्याकी देवी, मनकामना माईको रूपमा इच्छाकी देवी र धनकी देवीको रूपमा धनेश्वरी माईलाई समेत मगरी लोक जीवनमा ठाउँ दिईएको छ। यी सबै मातृकाले तीन लोकमा अर्थात् ज्ञानको लोक, पृथ्वी लोक र सम्पत्तिको लोकलाई सञ्चालन गर्दछन्। ऋग्वेदमा पनि त्रिशक्ति माताको रूपमा संसारीमाई, बागेश्वरी माई र धनेश्वरी माईको एकत्वमा सर्वव्यापी आद्यशक्तिको चर्चा पाइन्छ। (पृ.१००४, तिलकप्रसाद लुइँटेल मण्डल १० सूक्त १२५ का ऋचाहरू) **त्रिकोणे देवताः सर्वा ब्रह्म विष्णु महेश्वर** भनिएको सन्दर्भमा भने त्यो योनीको तान्त्रिक बिम्ब तर त्रिलोके भ्रमणा सन्ति वाग्लक्ष्मी जगतेश्वराः भन्दा उनै शक्तिमाताको आद्य रूपलाई बुझिन्छ। यसरी त्रिदेवीको धारणा विकसित भएको देखिन्छ। त्रि-शक्ति, त्रिनेत्र, त्रिलोक, त्रितत्व, त्रिगुण, त्रिनीति, त्रिवेद, त्रि-देव, त्रि-रत्न, त्रिकाल, त्रियोग र त्रिपिटक जस्ता युग्म स्मरणीय रहेका छन्। परन्तु मगरी जीवन दर्शन कुनै शास्त्रीय आधारमा स्थापित छैन र प्रकृतिपूजक, मातृप्रधान संस्कार युक्त देखा पर्दछ।

लोक दर्शनको एउटा अर्को महत्वपूर्ण क्षेत्र लोकाख्यान, गीत र उखानलाई मान्ने गरिन्छ। स्रष्टा विनाको सोच बनेर व्यक्त हुने लोक साहित्य या लोकवार्तामा मात्र होइन लोक-प्रविधिको प्रारम्भ र विस्तार को कसले ? कहिले ? कसरी गरे ? भन्ने किटान गर्न निकै गाह्रो पर्दछ। लोकले रचेको लोक भावना अनुरूप प्रयोग भई आएको र लोकले जोगाएको दृष्टिकोण एवं अनुभवको त्यस विविधतामा रहेका अनेकौं विचार र धारणा एवं हेराईहरू नै **लोक दर्शन** बन्न पुगेका पाइन्छन्। लोक जीवनमा शास्त्रीय निरीश्वरवाद भन्दा **खाने बुद्धि शिला र मन्तर** भन्नु अथवा **ढुङ्गा रातो पेट तातो,** भन्नुमा उस्तै भाव विस्तार एवं प्रवाहित भएको हुन्छ। **मरे पछि डुमै राजा** भन्दा होस् या **मर्दा लानु केही छैन** भन्दा होस् दुवैले जीवनका सुकर्म र कुकर्म यही धरतीमा सिद्धिन्छन् भन्ने विचार नै व्यक्त गरेका हुन्छन्। हात्तिका दुईवटा दाँत भन्दा देखाउने दाँत र चपाउने दातको पृथकता मात्र औंल्याएको नभई ठूला ठालुको वास्तविकता देखिने र नदेखिने प्रकारका हुन्छन् भन्ने लाक्षणिक अर्थतर्फ पनि हामीलाई लैजान्छन्। यस्ता अनेकौं उखानहरू हाम्रो लोक साहित्यमा छँदैछन् र ती प्राय भौतिक यथार्थको अनुभव जन्य ज्ञान बनेर सङ्गृहित दृष्टिबोध हुन्- लोक दर्शन हुन्।

लोकदर्शनमा रहेको एउटा अर्को दृष्टिकोण नाथ सम्प्रदायको रूपमा परिचित छ। यसलाई कतिपयले सन्त दर्शन भनी व्याख्या गर्ने गरेको पाइन्छ। **नाथ सम्प्रदाय** शैव दर्शनकै धार्मिक धारणामा रहेको सुधारवादी सोचको योगाचारी धारा हो र यसले आफ्नो मुल गुरूको स्थानमा शिवलाई नै आदिनाथ भनी राखेको छ। शिवभूमि नेपाल, पशुपतिनाथको देश र गोरखनाथको तपोभूमि भन्दै हाम्रो हिमाली भूखण्डलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महिमा मण्डित गरिन्छ। आदिनाथ शिवदेखि बुद्धसम्मलाई समेटेर यसले शाक्त, शैव र ब्रह्मदर्शनलाई मात्र होइन बौद्ध दर्शनको समेत समन्वय गरी-**आत्मवत् सर्व भूतेषु यःपश्यति सःपण्डित** भन्दै भौतिक पदार्थलाई नै आत्मतत्वको स्थान र महत्व दिँदै आएको छ। सन्त साहित्यमा वैष्णवधारा पनि छ र त्यसले अवैदिक नेपाली सोचलाई वैदिक परम्परासँग समन्वित गर्दै आएको पाइन्छ। सिद्ध, सन्त र योगीहरूको जनकल्याण्कारी कर्महरूलाई विषयगत क्षेत्रमा विस्तार गरेको इतिहास नेपाली चिन्तन परम्परामा स्थापित छ। नाथ शिव हुन् र अनाथ संसारका सम्पूर्ण जीव हुन् भन्ने धारणा सँगै शिवत्वलाई मानव कल्याणको कर्म स्वीकार गर्नु नाथ सम्प्रदायको दृष्टिबोध हो।

नाथ सम्प्रदायका आराध्य पुरूष गोरखनाथलाई मानेको देखिन्छ। यद्यपि आदिनाथ शिव पछि मीननाथ या मत्स्येन्द्रनाथ र गोरखनाथको क्रम जोडी कामरूपी गोर्खाली र नेपाली भनेको पनि भेटिन्छ। सिद्ध परम्परामा उल्लेख गरिने कतिपय नामहरू आख्यानपरक लाग्दछन् र कतिपय त एकै व्यक्तिलाई फरक-फरक मिथकअनुरूप नाम दिएको तर्फ पनि विद्वान्हरूले ध्यानाकर्षण गराएका छन्। प्रबोधचन्द्रले त मीननाथ अथवा मत्स्येन्द्रनाथ र लुइपालाई एउटै मान्दछन् (पृ.२२-२४ प्रबोधचन्द्र बागची, कौलज्ञान निर्णय (ई.सं. १९३४) कलकत्ता, संस्कृत सिरिज) मीननाथ या मीनपाका गुरू कुकुरिपा रहेको र मीनपाको छोरा मत्सेन्द्र भनी राहुलले उल्लेख गरेको भेटिन्छ। (पृ.१६४ राहुल सांकृत्यायन, पुरातत्व निबन्धावली (इ.सं. १९३७) इलाहावाद, इण्डियनप्रेस) नेपाली समाजमा मीननाथलाई अवलोकितेश्वर भनेर बौद्धपरम्परामा पूजा गर्ने चलन छ। वास्तवमा लोक दर्शन र संस्कृतिको व्यापकता र गहिराई नियाल्दा चौरासी सिद्ध मध्ये को को ऐतिहासिक पुरूष थिए र ती कुन कुन जातीय सम्प्रदायका थिए भन्ने निक्यौंल गर्न निकै गाह्रो छ। अझ थप कुरा त यी सिद्धहरूकुन कुन समयमा कहाँकहाँ पुगे र बसे भन्ने कुराको खोज झनै अप्ठेरो लाग्दछ। किनकी उनीहरूले आ-आफ्नो जातीय सनातन परम्परा त्यागेर योगी सिद्ध भएका थिए र नयाँ धर्म रचेका थिए।

निष्कर्ष

यसरी सरसर्ती हेर्दा नेपाली दर्शनको ऐतिहासिक परिप्रेक्ष्यमा पाँच मुख्य दृष्टिकोण, व्याख्या एवं विश्वासहरू रहेको देखिन्छ। पहिलो नेपाली चिन्तन दृष्टि पोनवादी रह्यो र त्यसलाई नै पछि पछि आएर बोन दर्शनको चिहारीमा हेरियो। बोन दर्शनको पछिलो रूप धार्मिक विश्वासको तान्त्रिक दृष्टिकोण बन्न पुगेको भए पनि प्रारम्भमा यसले सम्पूर्ण जगत र जीवनलाई भौतिक आधारमा नै निर्मित, विकसित र सञ्चालित देख्दथ्यो। यही लोक मान्यताका आधारमा लोकायत धारणा हुर्कियो। आफ्नो प्रारम्भिक यात्रा नै ज्ञानको द्वन्दात्मक प्रतिवादबाट अघि बढ्दा-बोन, लोकायत, चार्वाक जस्ता नामले लगभग एउटै भौतिक यथार्थलाई अँगाल्ने दृष्टिकोणलाई जनाउँदै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आयो। यसले आफ्नो लौकिक धारणालाई पुष्टि गर्दा तार्किक- यथार्थवादको प्रयोग गरेको देखिन्छ। कतिपय सन्दर्भ तान्त्रिक तरिका युक्त रहेको भए पनि पछि शाक्त, शैव, हिन्दु, बौद्ध दृष्टिबोधका प्रभावमा धार्मिक कर्मकाण्डलाई समेत अँगाल्न पुगेको छ। मातृप्रधान समाज रहेका बेलामा शक्ति स्वरूपा देवी माताको महिमा गान गर्दै शाक्त धारणा हुर्कियो। परन्तु पछि त्यस दर्शनमा पनि भौतिकवादी यथार्थलाई भन्दा भावनापरक रहस्यलाई महत्वदिँदै जाने क्रममा देवी पूजाको संस्कृति स्वरूप शाक्त दर्शन पैदा भयो र त्यसैलाई अलौकिकता तर्फ डोऱ्याउँदै लगियो। शाक्त धारणा पछि शैव दर्शनले प्राचीन बोन परम्परा र शाक्त धारणालाई समन्वय गरी श्रृष्टिको बिम्ब नै योनी र लिङ्गलाई जोडेर लग्यो। शैव दर्शनले पनि सुरुमा मूलतः प्रकृतिपरक धारणालाई अँगालेको थियो। पछि ब्रह्म-दर्शनको रहस्यवादी व्याख्या र तर्कबाट विचलित भई शिवको कल्याणकारीतालाई देवताको पनि देवताका रूपमा स्थापित गरी व्याख्या गर्न थालियो। शैवदर्शन ऋग्वेदकालसम्म नेपाली भूमि,-किरात देश-को कुरा थियो। पछि विदेह अर्थात् जनकपुरीया ब्रह्मवादले लपेट्दै गए पछि दक्षिण एशियाली समाजमा विस्तारित भएर गयो। ब्रह्मदर्शनको व्याख्या वेदान्तको नामबाट हिन्दु सनातनी शास्त्रका रूपमा गर्न थालेपछि शिव दर्शनलाई किराती चिन्तन मान्नै छाडियो। फलस्वरुप प्रकृतिपूजक बोन, मातृत्वपूजक शाक्त र मानव कल्याणमा केन्द्रित शैव दर्शनलाई नै ब्रह्मको अद्भूत लीला भन्न र मान्न थालियो। कट्टरता र हठका बीच बैचारिक द्वन्द चल्दै जाँदा सुधारवादी भावका साथ बौद्ध चिन्तनको मानवतावादी दर्शनले नेपाली समाजलाई टम्म समात्यो। बुद्धको चिन्तनमा वैदिक र अवैदिक दुवै दृष्टिकोणको मिश्रण देखा पर्दछ। यद्यपि बौद्ध दर्शनलाई नै पनि पछि रहस्यवादी धारामा लग्दै तान्त्रिक मान्त्रिक, लौकिक अलौकिक बताउँदै विविध यान विस्तार गरिए। फलतः नेपाली लोकदर्शनको व्यवहारिक यथार्थ क्रमश घट्दै गयो र धार्मिक पन्थहरूमा परिणत भयो।

सन्दर्भ ग्रन्थ

१. ऋषभदेव रेग्मी, **प्राच्य दर्शन परिचय** (२०३४) काठमाडौं : पाठयक्रम विकास केन्द्र।
२. कावाकिता, **नेपालका जातिहरू** (२०४७) च्वसापासा : काठमाडौं।
३. जनकलाल शर्मा, **जोशमनि सन्त परम्परा र साहित्य** (२०५२) लपु : साप्र.।
४. प्रवोधचन्द्र बागची, **कौलज्ञान निर्णय** (इ.सं १९३४) कलकत्ताः संस्कृत सिरिज।
५. मदनमणि दीक्षित, **त्यो युग** (२०६६) क्यानडा : देव इन्टरनेशनल ग्रुप।
६. माधवप्रसाद देवकोटा, (अनु.) **ईशादी नौ उपनिषद्** (२०३०) काठमाडौं : ने.रा.प्र.पं.।
७. मोदनाथ प्रश्रित, **दर्शन दृष्टिकोण** (२०७०) माइलस्टोन प्रकाशन : ललितपुर।
८. मोहन बैद्य किरण, **हिमाली दर्शन** (२०७४) ललितपुर : साझा प्रकाशन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पृथ्वीनारायण शाह, एसिया प्यासिफिक सम्मेलन- २०१८ र राजनीतिक नैतिकताको प्रश्न

✍ प्रा.डा. सुरेन्द्र के.सी.*

विषयप्रवेश

प्रस्तुत लेख मूलतः तीन खण्डमा विभाजित छ। पहिलो खण्ड अन्तर्गत पृथ्वी नारायण शाहले नेपाल राष्ट्रको एकीकरण गर्दाको पृष्ठभूमि र परिवेशमाथि चर्चा छ भने दोस्रोमा हालै सम्पन्न एसिया प्यासिफिक सम्मेलन २०१८ को चरित्र र त्यसमा सम्वद्ध नेतृत्व वर्गले गरेको राजनीतिक बेइमानी छ। तेस्रोमा त्यस राजनीतिक नैतिकतामा ल्याएको ह्रास एवं नैतिकतामा पार्ने प्रभावको प्रश्नमाथि दृष्टिपात गरिएको छ।

१. नेपालको एतिहासिक भूगोल र पृथ्वीनारायण शाह

भगौलिक दृष्टिले तत्कालिक नेपाललाई पनि जर्मनी वा इटालीकै जस्तो 'भौगोलिक अभिव्यक्ति' मात्र नै मान्न सकिन्छ किनभने तिनताका यस भूगोलभित्र कुनै ठोस नेपाल राष्ट्रको अस्तित्व देखापर्दैन जो प्राचीन धार्मिक ग्रन्थहरूमा यसबारे साना-ठूला चर्चा र प्रसङ्गहरू उल्लेखमा आउने गर्दछन्। तर जुन बिन्दुबाट त्यस भूगोलमा केही ठोस राज्यहरूको उल्लेख आउन थाल्छ, त्यस बखत यहाँ नेपाल उपत्यका, कपिलवस्तु, विदेह र देवदह जस्ता राज्यहरू क्रमशः काठमाडौं उपत्यका र मध्य तराई क्षेत्रमा देखापर्ने गर्छन्। समयावधिका दृष्टिले यो काल इस्वीको आरम्भ हुनुपूर्व झण्डै १००० इशापूर्व हुन पुग्दछ। तिनताका काठमाडौं उपत्यकामा किरात राज्य देखापर्दछ भने मध्य तराईमा विख्यात राजकुमार सिद्धार्थ गौतम बुद्धका पिता, मावली वा ससुराली खलकको राज्य कपिलवस्तु, देवदह र त्यत्तिकै विख्यात राजा जनकद्वारा शासित विदेह (मिथिला) राज्यहरू देखापर्दछन्। प्रश्न आउँछ यी राज्यहरूको क्षेत्राधिकार वा सीमागत स्थिति पूर्व-पश्चिम कहाँसम्म विस्तारित थियो त ? तिनताका नगर राज्यको अभ्यास हुँदा कपिलवस्तु वर्तमान कपिलवस्तु जिल्लाकै वरिपरि अनि विदेह चाहिँ वर्तमान धनुषा जिल्ला वा जनकपुरकै वरिपरि मात्र सीमित थियो वा त्यसभन्दा पनि परसम्म विस्तारित थियो कि ?

त्यसैगरी किरात राज्यको क्षेत्र कहाँसम्म विस्तारित थियो त ? उपत्यका पूर्व

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कहाँसम्म अनि उत्तर, पश्चिम र दक्षिण कहाँसम्म ? केही पनि प्रष्ट पार्न सकिन्न। वर्तमान कर्णाली भेग र कोशी पारिको क्षेत्र अनकण्टार जङ्गल मात्र रहेको सहजै अनुमान गर्न सकिएता पनि त्यसमाथिको अधिकार र सार्वभौमसत्ताबारे निश्चय नै ठोकेर पनि भन्न सकिने सामग्रीहरू इतिहासलाई प्राप्त छैनन्।

अर्कोतर्फ, इशापूर्व छैठौं वा पाँचौ शताब्दितिर नै कोशल नरेश प्रसेनजितद्वारा कपिलवस्तु अनि मगध नरेश अजातशत्रुको भीषण हमलाद्वारा विदेह राज्य विनष्ट पार्ने काम भयो भने त्यस पछिका अनेकौं वर्षहरू ती राज्य अज्ञात अवस्थातर्फ धकेलिए। त्यस अवस्थामा ती क्षेत्रहरू पूर्णतः अनकण्टार क्षेत्रमा रूपान्तरण भए वा अज्ञात स्थलका रूपमा यथावत रहे ? कम्तिमा कपिलवस्तु क्षेत्र पूर्णतः उजाड भएको मानिएता पनि विदेह क्षेत्रको स्थितिका बारेमा इतिहासहरू त्यति मुखर छैनन्।

हठात् ई. १०९७ मा दक्षिण भारतका सेनापति नान्यदेवद्वारा वर्तमान बारा-पर्सा क्षेत्रमा एक पृथक राज्यको स्थापना गर्दा त्यस राज्यको नामकरण सिम्रौनगढ परेको देखिएता पनि ई. १३२४ मा दिल्लीका सुल्तान गयाशुद्धिन तुगलकद्वारा यसको पनि सर्वनाश गरेको देखापर्दछ। २२७ वर्षसम्म अस्तित्वमा रहेको यस राज्यले पनि त्यसपछि लामो समयसम्म कपिलवस्तु वा विदेहकै जस्तो अज्ञाततातर्फ धकेलिनु परेको पाइन्छ। उता इस्वीको बाह्रौं शताब्दितिर खारी प्रदेशबाट झरेका नागराजले खश मल्ल वंशका नाममा अर्को एक नवीन राज्यको स्थापना गरेको सूचना इतिहासका सामग्रीहरूले प्रदान गर्ने गरेको पाइन्छ। उत्कर्षका दिनमा यस खश राज्यले पश्चिममा सम्पूर्ण कुमाउँ-गढवाल, उत्तरमा तिब्बतको गुंगे अनि पूर्वमा वर्तमान गोर्खा राज्यलाई नै स्पर्श गरेको देखापर्दछ। यता गोर्खादेखि कोशीपारिसम्मको स्थिति के रह्यो ? त्यतातर्फ पनि इतिहास त्यत्ति प्रष्ट पार्न सक्षम देखिन्न भने चौधौं शताब्दिको उत्तरार्द्धतिरबाट यस विशाल खश साम्राज्यले पनि उही बिभाजनकारी नियति व्यहोर्नु परेको देखापर्दछ।

यतिका उतारचढावका बीच देखिन्छ के भने विशाल खश साम्राज्यकै जस्तो लिच्छवि नेपाल कमोवेश आजकै नेपालको आकारयुक्त भूगोल लिईबसेको र कम्तीमा पूर्वमा कोशी अनि पश्चिममा गण्डकी नदीसम्म यसको क्षेत्राधिकार रहेको तथ्यलाई अहिलेसम्म पनि जीवन्त रहेको चाँगुनारायण मन्दिर परिसरभित्र कुदिएको अभिलेख स्तम्भ स्वयंले बताइनै रहेको अवस्था छ। यो स्तम्भ नै यस्तो तथ्य हो जसले प्रामाणिक रूपमा नेपालको प्राचिनता, ऐतिहासिकता एवं प्रामाणिकतालाई सालनाल सहित पुष्टि गर्दछ। र, त्यसैले भन्दछ लिच्छवि नेपालले कम्तीमा उक्त क्षेत्रसम्मको भूगोललाई “नेपाल” का रूपमा समेट्यो। लिच्छवि कालका सामग्रीहरू पूर्वमा रुम्झाटारसम्म अनि पश्चिममा गोर्खासम्म पनि दुरुस्त फेला परे। दुर्भाग्य ! यो राज्य पनि या त अन्धकारतर्फ होइन भने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विभाजनकै शिकार भएपछि मूलतः यो 'नेपाल' एक 'भौगोलिक अभिव्यक्ति' मात्रमा सीमित रहन पुग्यो ।

फलस्वरूप लिच्छवि नेपाल 'नेपाल मण्डल' का रूपमा मूलतः काठमाडौं उपत्यकाभित्र सीमित रहन आयो भने झण्डै ३०० वर्षपछि विशाल खश साम्राज्य पनि विभिन्न वाइसी चौविसी अनि थप भुरेटाकुरे राज्यहरूमा विभाजन हुन पुग्यो । कति दुःखान्त भने यो नेपाल मण्डल पनि झण्डै २०० वर्षको भोग पछि (ई. १२००-१३८४) कान्तिपुर, ललितपुर र भक्तपुर गरी ३ बेग्लाबेग्लै मल्लराज्यका रूपमा विखण्डित हुन पुग्यो । एउटा अवस्थामा त उपत्यकाको पूर्वतर्फ दोलखा र वनेपातर्फ पनि थप २ स-साना भुरे राज्यहरू अस्तित्वमा आई तिनका आफ्नै मुद्रा ढलोट वा अन्तर्राष्ट्रिय सम्वन्धहरू कायम भएका आदि प्रसंगहरू पनि इतिहासका पन्नाहरूले देखाउने गर्दछन् । जे होस्, यत्तिका उतारचढावपछि यस भूगोलमा विस्तारित राज्य र सार्वभौमसत्ता कुनै एकात्मक र एकीकृत नेपाल भन्दा पनि विभिन्न ५२ राज्यहरूमा विकेन्द्रित र विखण्डित इदमित्थनै हाम्रो देशको वास्तविकता रह्यो । फलतः आज यो प्रश्न नै हाम्रो मुलुकको इतिहास वुझाइमा एक तगारोका रूपमा रहेको तथ्य पनि ज्ञातव्य रहेको छ किनभने जवसम्म इतिहासको यस तगारोलाई खोलिँदैन तवसम्म हाम्रो मुलुकको वास्तविकता पनि उद्घाटन गर्न सकिने छैन । के हो त वास्तविकता ? अब यसतर्फ पनि थोरै विचरण गर्नु परेको छ ।

विभ्रमको जड

इतिहासलाई प्रागइतिहास, आद्य इतिहास र लिखित इतिहास गरी विभिन्न ३ चरणमा बाँड्ने चलन भएता पनि हाम्रो इतिहास लेखनको विधि भने यस अभ्यासलाई नअपनाई सोझै प्राचीन, मध्य र आधुनिक गरी विभिन्न ३ कालमा विभाजन गरी अनुसन्धान एवं व्याख्या- विश्लेषण गर्ने प्रचलन छ । उता मानवसभ्यताको इतिहास भने स्वभावतः लाखौं होइन करोडौं वर्षको हुने नै भयो । कम्तीमा १ करोड ५० लाख वर्षको उहापोहपछि मात्र मानवसभ्यताले आजको चरण प्रारम्भ गरेको मान्ने प्रचलन रहने गरेको छ । तर हाम्रो इतिहास लेखनले यी सबै प्रचलनहरूप्रति बिल्कुलै आँखा चिम्लेर एकैचोटि राजतन्त्रात्मक समाज र चरणबाट देशको इतिहास पर्गेल्ने प्रचलन अपनाउने गरेको पाइन्छ । सबैलाई थाहा छ- राजतन्त्र ऐतिहासिक चरणको सबैभन्दा पछिल्लो चरण हो ।

आजसम्मको अन्वेषणले मान्छेको प्राचीनतम पुर्खा कम्तीमा १ करोड ५० लाख वर्षअघि अफ्रिकाको केन्याबाट प्रारम्भ भएको मान्ने प्रचलन छ । नेपालकै कुरा गर्दा पनि यस देशको वर्तमान वुटवलको तिनाउ नदीमा रामवानरको १ करोड १० लाख वर्षअघिको दाँत फेला परेको स्थिति छ । रामापिथेकशलाई दक्षिण एशियामा रामवानर भन्ने अभ्यास छ । जो वनमान्छे भन्दा थोरै भिन्न भए

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि यसैलाई मानिस मात्रको सवैभन्दा निकटको पूर्वज मान्छे नृतत्ववेत्ताहरूको मान्यता रहने गरेको पाइन्छ । उता सालनालकै कुरा गर्दा लिच्छविकाल, अन्यथा गोपाल-महिषपाल हुँदै किरात काललाई राजतन्त्रात्मक युग मान्दा पनि यस प्रणालीको सूत्रपात इशापूर्व १००० भन्दा उता तान्न सकिने स्थिति किमार्थ रहन जाँदैन ।

त्यसैले भन्न के सकिन्छ भने जबसम्म इतिहासले उसको व्याख्या विश्लेषणको यस विधिलाई अपनाउँदैन तवसम्म यसको वास्तविकताको कुरा गर्नु नै व्यर्थ हुन जान्छ । जुन प्रणालीलाई हाम्रो व्याख्या-विधिले हालसम्म पनि अपनाउनु त टाढा सोचने सम्म गरेको पनि पाइने छैन । अतः इतिहास क्षेत्रले ढिलो चाँडो सम्पादन नगरी नहुने एक महत्वपूर्ण कार्य क्षेत्रका रूपमा यसलाई पनि मान्नुपर्ने देखिन्छ तर प्रस्तुत आलेखको ध्येय इतिहासको यस विहङ्गम पाटोमाथि प्रकाश पार्न नभई आज अस्तित्वमा रहेको हाम्रो राष्ट्रको एकीकरण प्रक्रिया र त्यस प्रक्रियाका थालनीकर्ता वा जनक पृथ्वीनारायण शाहका आर्थिक, सांस्कृतिक र प्रशासनिक, व्यापारिक एवं परराष्ट्र नीतिको सान्दर्भिकतामाथि प्रकाश पार्नु मात्र रहेकोले अब कलमलाई सोही दिशा दिनु परेको छ ।

पृथ्वीनारायण शाहको कामको मूल्याङ्कनको प्रश्न

पृथ्वीनारायण शाहले जुन परिवेश र कारणले गोर्खा राज्यको विस्तार अभियान थालनी गरेका थिए त्यो उक्त राज्यको साम्राज्य विस्तार मात्र थियो वा नेपाल राष्ट्रकै एकीकरण ? भन्ने प्रश्नमा समेत आजका इतिहासवेत्तादेखि राजनीतिक नेताहरूसम्ममा ठूलो दिग्भ्रम रहेको तिनका यदाकदाका बोली-वचन स्वयंले पुष्टि गर्दै गरेको स्थिति छ । प्रस्तुत शीषर्कले यस विषयमा पनि थप व्याख्या गर्ने अनुमति पाइरहेको अवस्था छैन किनभने त्यसको ध्येय नै अर्कै छ । र, त्यो ध्येय हो- पृथ्वीनारायण शाहले कस्तो परिवेशमा किन र कसरी त्यस एकीकरण अभियानलाई सञ्चालन गर्नुपरेको थियो र त्यसो गरी रहँदा उनले भोलिको पिँढीलाई जे दिशानिर्देश गरेर गए वर्तमानमा त्यसको औचित्य र महत्व के होला ? त्यो दिशानिर्देशमा परेका विषयवस्तु र उनको अनुभव नै यस्ता रहे जसले के सिद्ध गरिदियो भने वस्तुतः उनको विजय अभियान आफ्नो राज्यको विस्तार भन्दा पनि हाम्रो देशको राष्ट्र निर्माणकै ऐतिहासिक प्रक्रिया थियो । अन्यथा त्यस भूगोलमा किमार्थ आजको नेपालको अस्तित्व सम्भव थिएन । त्यसको विपरीत वर्तमान भारतकै एक अङ्गका रूपमा हामीले अस्तित्वरहित भई बाँच्नको विकल्प रहने थिएन । यस मानेमा पृथ्वीनारायण शाहले आफ्नो ५२ वर्षे अल्पायुको जीवन र ३२ वर्षे शासनकाल (वि.सं. १७९९-१८३१) मा हाम्रा लागि जे विराशद र योगदान छोडेर गए निश्चय नै त्यो जति नै प्रशंसा गरे पनि कम नै हुनेछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निष्कर्षमा के भन्न सकिन्छ भने आज देश कुनै कारण क्रमशः स्खलतनतर्फ उन्मुख छ भने राज्यले पृथ्वीनारायणंद्वारा प्रतिपादित दिव्यापदेशलाई उनको शेषपछि नै क्रमशः उपेक्षा गरेकै कारण यहाँसम्म आइपुग्दा त उसले उनको पथबाट नै स्वयंलाई विचलित गराइसकेको स्थिति छ । यथार्थमा उनी सदैव योग्यता, सक्रियता, क्षमता र देशभक्तिमा विश्वास गर्दथे । देशले सेना र कर्मचारीलाई कहिल्यै पनि कमाउनेतर्फ होइन निर्वाहा मात्र सुनिश्चित गर्ने अनि कर्मचारीले घुस लिने दिने गरेमा ज्यानै लिइदिने नीतिले मात्र मुलुकको थिति वसाउन सकिने अन्यथा देश नरहने तर्फ दिव्योपदेशले सर्वथा सचेत गराएको देखिन्छ भने आज पनि यो स्थिति त्यत्तिकै एकनाश सत्य देखिन्छ । यताबाट उनको नीति यस दशकमा पनि समान रूपले उपयुक्त र अनिवार्य रहेको आभाष हुन्छ । खासगरी हामी त्यस्तो अवस्थामा यस राष्ट्रका संस्थापक तथा निर्माता पृथ्वीनारायण शाहलाई मूल्याङ्कन गर्न वसेका छौं जुन वखत देशको सामाजिक सद्भाव, धार्मिक सहिष्णुता र भौगोलिक अखण्डता मात्र खजमजिएको छैन सँगसँगै मुलुकको अर्थव्यवस्था पनि तहसनहस भई रुग्णताको दुश्चक्रमा फसिसकेको अवस्था छ । आजभन्दा ३०० वर्ष अघिको एउटा अनपढ राजाले जुन मिसन र भिजनका साथ राष्ट्र निर्माणको सपना देखे, विदेशी हस्तक्षेपको आंकलन गरे अनि राजनीतिज्ञहरूवीच उत्पन्न हुनसक्ने कटुताको पूर्व आँकलन गर्दै त्यसबाट वचेर मुलुकलाई थामीखानका लागि जेजस्ता धार्मिक, सामाजिक प्रशासनिक एवं कुटनीतिक मार्गचित्र कोरेर गए आजको पिँढीले त्यस्तो स्वप्नशीलता त टाढा त्यसको महत्व समेत हृदयगङ्म गर्न नसक्नु निश्चय नै ठूलो खेद एवं आश्चर्यको विषय वनेको छ । किनभने आज तिनीहरू एकीकरणलाई अस्वीकार होइन पृथ्वी नारायण शाहको तस्विरमा थुक्नेजस्तो निकृष्ट हर्कतमा आइपुगेको अवस्था छ ।

धार्मिक-सामाजिक र प्रशासनिक एवं कुटनीतिलाई सुनिश्चित गर्नका लागि देशको अर्थतन्त्र पनि त्यत्तिकै सुदृढ हुनुपर्छ भन्ने सोच पृथ्वीनारायणमा देखिन्छ । तदनुरूप उनले स्वेदशी उत्पादन र दीगो अर्थनीतिको औचित्य औंल्याई मुद्रामा स्वच्छता र आयातमुखी नभई निर्यातमुखी अर्थनीति अनिवार्य भएको तर्फ पनि यथोचित मार्गदर्शन गरेको पाइन्छ । दुर्भाग्यको कुरा उनको शेषपछि होइन जीवनको उत्तरार्द्धतिर नै स्वयं आफ्ना पुत्र तथा राज्याधिकारी युवराज प्रतापसिंह नै उनको सोचाइको बर्खिलाप गएबाट उनी ज्यादै विरक्तिएकै अवस्थामा नुवाकोट प्रस्थान गरेको अनि त्यताबाट कहिल्यै राजधानी नफर्किएको इतिहासविद्हरूको निष्कर्ष रहेको पाइन्छ ।

प्रकारान्तरले उनका उत्तराधिकारी हुँदै आजको शासकवर्गसम्म आइपुग्दा त यिनीहरू स्वयं पृथ्वीनारायाणलाई दुत्कार्ने र अस्वीकार गर्नेसम्मको हर्कत निश्चय नै उनको अवमूल्यन मात्र नभई स्वयं आफ्नो दुश्चरित्रबाहेक अर्थोक हुने छैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. एसिया प्यासिफिक सम्मेलन- २०१८ के हो ?

गत मङ्सिर १४-१७ गतेसम्म राजधानीमा एउटा भव्य तर अत्यन्त विवादास्पद सामाजिक-राजनीतिक आवरणको धार्मिक सम्मेलन सम्पन्न हुँदा सिङ्गो मुलुक तरङ्गित भई मूलतः एक अन्तर्राष्ट्रिय गैरसरकारी कम धार्मिक बढी प्रकृतिको संस्थाले देशको 'कम्युनिष्ट' भनिएको वामपन्थी सरकारलाई आफ्नो पञ्जामा पारी संस्थाको हितार्थ पट्याउन सफल भएको घटनालाई ज्यादै तुच्छ र सरकारको राज्यसंयन्त्र-नेतागणको निजी स्वार्थ एवम् दुराशयपूर्ण कर्मका रूपमा चित्रण गरियो। यस्तो न त अस्वाभाविक थियो न तथ्यहीन नै। त्यसको विपरीत स्वयंलाई 'कम्युनिष्ट' भन्ने स्वार्थी एवम् पाखण्ड संस्थाले आफ्नो द्रव्यमोह, शिक्षार्जन एवम् सन्तानस्वार्थ साध्ने हेतुले लामो समयदेखि तिनको नोकरी गरी आएको फेहरिस्त सिद्ध भएको इतिहासकै कलङ्कपूर्ण क्षण थियो, यो एसिया प्यासिफिक सम्मेलन २०१८। कम्युनिष्ट आँखाबाट यो कृत्य के र कस्तो ? यसबारे सङ्क्षिप्त चर्चा निश्चय नै असामयिक हुनेछैन। प्रस्तुत लेख सोही प्रयोजनार्थ रचना गरिएको छ।

कार्यक्रमको संरचना

एसिया प्यासिफिक सम्मेलनमा विश्वका झण्डै ४५ मुलुकका विशिष्ट तहका नेता-अधिकारीहरू सम्मिलित भए भने सात मुलुकका राष्ट्र प्रमुख अनि दुई मुलुकका त पूर्वप्रधानमन्त्रीहरू नै। नेपालले त आफ्नो सम्पूर्ण राज्य संयन्त्र नै यसैमा झोसी ठूलो धनराशिसम्म खर्चने र झण्डै ६ महिनादेखि पूर्वतयारी एवम् सम्बद्ध सम्पूर्ण गतिविधिमा स्वयम् वरियतामा तेस्रो नम्बरमा रहेका नेकपाका नेता एवम् पूर्वप्रधानमन्त्री माधव कुमार नेपाल नै उक्त विवादास्पद धार्मिक प्रकृतिको संस्थाबाट विभिन्न आर्थिक-भौतिक लाभ लिँदै त्यसका विश्वव्यापी कार्यक्रमहरूमा संलग्न भई मानौँ आफू स्वयम् एक धार्मिक अगुवा भएको या रहिआएको पनि यसै सम्मेलनपछि मात्र आम नेपाली जनताले थाहा पाउनु नेपाली लोकतन्त्र खासगरी स्वयंलाई 'कम्युनिष्ट' भन्ने नेतृत्वले देखाएको ज्यादै निन्दनीय एवम् तुच्छ हर्कत रहेको स्वतः सिद्ध हुन पुग्यो। किनभने जति नै विश्व भ्रातृत्व, शान्ति, पर्यावरण, जलवायु परिवर्तन र सद्भाव भने तापनि मूलतः यो एक धार्मिक प्रवृत्तिकै योजनावद्ध प्रचार-प्रसार एवम् साङ्गठनिक विस्तारमुखी संस्था र कार्यक्रम नै थियो।

स्वयंलाई 'कम्युनिष्ट' मात्र नभनी धर्मनिरपेक्षताका मसिहासम्म ठान्ने यिनले पनि कुरा नबुझी यस सम्मेलनको मतियार बनेको होला भनी विश्वास गर्न कुनै नेपाली तयार देखिएन। किनभने 'रोम एक दिनमा बनेको थिएन' भनेझैँ यो सम्मेलन पनि हठात् र एकैदिनमा सम्पन्न भएको थिएन। त्यसको विपरीत वर्षौंदेखि नेपाली सत्ताको केन्द्रमा रही आएका यस कार्यक्रमका हर्ताकर्ता एवम्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संयोजक रहेका पूर्वमन्त्री एकनाथ ढकालमार्फत् त्यस विश्वसंस्थाले यहाँको कमजोर नेतृत्वलाई विश्वभ्रमण एवम् द्रव्य मोहजालमा फसाई यी सबै हर्कत गरेको थियो यस संस्थाले गत महिनामै सातै प्रदेशका नगरप्रमुख तथा उपप्रमुखहरूलाई संस्थाका प्रमुख माता मुन र उनको आदर्शअनुरूप अन्तरनगरपालिका स्तरीय राष्ट्रिय सम्मेलनमार्फत नगरपालिका स्तरमा सङ्गठित तुल्याई यसै अन्तर्राष्ट्रिय सम्मेलनमा त्यस अन्तर्राष्ट्रिय मेयर संस्थाको पनि औपचारिक घोषणा गरिने पूर्वयोजना स्वरूप नै सिङ्गो नेपाल सरकारलाई आफ्नो मुट्ठीमा पारेर एकनाथलाई सरकारी प्रतिनिधिनै मुकर्रर गरी सबै विदेशी पाहुनाहरूलाई निम्तो दिन अनि नेपाल सरकारचाहिँ कार्यक्रमको सहआयोजक बन्नेलगायतका यावत प्रपञ्चहरू यसभित्र सालनालको रूपमा वेरिएको पनि नेपाली जनताले सम्मेलनका क्रममा रहस्योद्घाटनपछि मात्रै थाहा पाए । तदनुरूप उक्त नगरपालिका संगठनमा आवद्ध पदाधिकारीहरू व्यक्तिगत रूपमा प्र.म. ओली कै नामबाट आमन्त्रण गरिए भने सम्मेलनको निमन्त्रणामा माधव नेपाल कै नाम पनि उल्लेख गरियो ।

त्यसैले यहाँ कुन प्रश्न आकर्षित हुन आयो भने के कुनै मुलुकको 'कम्युनिष्ट' भनिएको वामपन्थी सरकारले यसप्रकार जनतालाई दिग्भ्रमित तुल्याई नेतृत्वको सङ्कुचित एवम् तुच्छ स्वार्थका लागि सिङ्गो पार्टी र सरकारलाई नै मुट्ठीमा राखी स्वयम् सरकार प्रमुख होटलमा बसेर संदिग्घ गतिविधि गर्नैपर्ने किन ? यसलाई चिने पनि यस संदिग्ध संस्थाको इदमित्यवारे ठोश ज्ञान हुनु अनिवार्य बन्न पुगेको छ ।

युनिफिकेसन चर्चको चरित्र

विश्वभरिका इशाइहरूलाई एकीकृत गर्ने हेतुले कोरियाली नागरिक सन म्यङ मुनले ई. १९५४ मई १ का दिन Unification of World Chiristianity नामक संस्था गठन गरेकोमा हालसम्म यस संस्थाले विश्वव्यापी स्वरूप ग्रहण गरिसकेको भएता पनि यस संस्थाको सन्दिग्ध एवं अपारदर्शीपूर्ण प्रवृत्तिले गर्दा त्यत्तिकै विवादित पनि रहीआएको देखिन्छ । विगत हेर्दा यसका संस्थापक मुन स्वयं अमेरिका र उत्तर कोरियामा क्रमशः १८ महिना र ५ वर्ष थुनिएको देखिन्छ भने धर्मलाई दुरुपयोग गरेको आरोपमा बेलायत र जापानमा यस संस्था विरुद्ध प्रवेश निषेधकै स्थिति रहेको अवस्था छ । प्रश्न रह्यो यस्तो विवादित संस्थाले नेपालमा चाहिँ किन यति व्यापक स्वागत सत्कार पायो ? यो नै यस संस्थाबारेको कुञ्जि प्रश्न हो ।

त्यताबाट हेर्दा यसको पछाडि मूलतः आर्थिक तथा राजनीतिक ध्येय नै मुख्य विषय देखिन्छ । राजनीतिक दृष्टि हेर्दा विश्वबाट साम्यवादको अन्त्य नै यस संस्थाको प्रमुख लक्ष्य देखिन्छ भने धार्मिक कोणबाट हेर्दा पनि स्वयं इशाई धर्मलाई आफ्नैपनबाट प्रतिस्थापन गर्ने यसको ध्येय देखिन्छ । यही कारण हो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वयं विश्वभरिका इशाईहरू पनि यस संस्थाविरुद्ध जाइलागेका छन् । नेपालको स्थिति हेर्दा यहाँ जम्मा ८ सम्प्रदायका क्रिश्चियन सम्प्रदाय देखिन्छन् र ती सबै यस मुन सम्प्रदायप्रति असहमत रहने गर्दछन् । यही कारण हो यो हालै सम्पन्न सम्मेलनले पनि "क्रिश्चियन धर्मलाई वदनाम गराएको" भन्दै त्यसविरुद्ध संयुक्त विज्ञप्ति नै जारी गरेको पाइयो । कारण के रहेछ भने यो मून धर्म सम्प्रदायले बाइवलका कतिपय मौलिक सिद्धान्तलाई तोडमोड गरी आफ्नै सिद्धान्तमा ढाल्ने ध्येय बोक्दो रहेछ ।

उता कम्युनिष्टको हकमा चाहिँ स्वयं नेकपाका नेता रहिसकेका माधव नेपाल नै यस संस्थाको प्रमुख पात्रका रूपमा देखापरेबाट सिंगो कम्युनिष्ट र हिन्दु सम्प्रदायका नेपालीहरू नै स्तब्ध बने । आखिर किन त ? कम्युनिष्ट कोणबाट हेर्दा त्यो पक्षले त मूलतः धर्म मान्दैन अनि राजकिय जिम्मेवारीको हिसावबाट हेर्दा तिनीहरू कै करवलमा देश धर्मनिरपेक्ष बनेको अहिले ३ वर्ष पनि नाघीरहेको छैन । उता, नेपालकै कर बलमा यत्रो विशाल सम्मेलन भव्यतापूर्वक सम्पन्न भइसकेको मात्र नभई भित्रभित्रै नीज नेपाल विगत २२ वर्षदेखि नै त्यस चर्च अभियानको स्थानीय राजनीतिक मतियारका रूपमा रहेको नेपाल परिवार दलका अगुवा एकनाथ ढकालको संरक्षण-प्रवर्द्धन एवं विस्तारमा पनि दत्तचित्त लागिआएको अब आएर खुलस्त भइसकेको अवस्था बन्यो । आखिर किन त ? के यसमा कुनै नैतिक जिम्मेवारी र जवाफदेहिताको पक्ष खडा हुन्न ? कम्युनिष्ट पार्टी र त्यसको नेताले कसरी यस्तो सन्दिग्ध धार्मिक संस्थाको अभियन्ता भई २६ मुलुकको भ्रमण मात्र नगरी स्वयं आफ्नै दलको सरकार र प्रधानमन्त्रीलाई नै लतारी उसैको मतियार वनाउन सकेको ? के यो सामान्य द्रव्यमुखी कुरा मात्र हो ? निश्चय नै यसलाई सामान्य घटना मान्न सकिने छैन जसलाई स्वयं त्यसै पार्टीका युवा नेता घनश्याम भूषालले पनि पार्टीलाई सन्तान दर सन्तान सम्म पिरोल्ने वताएकै छन् ।

निश्चय नै यो क्रिश्चियन धर्म प्रचारको मात्र पनि कुरा भएन । त्यस विपरीत देशको हर्ताकर्ता र प्रधानमन्त्रीसम्म रहिसकेको व्यक्तिले यसप्रकार कुनै एक सन्दिग्ध संस्था र धर्म-सम्प्रदायको मतियार भई हिड्नुहुन्छ/हुन्न ? भन्ने सम्मको गम्भिर प्रश्न हो यो । त्यसैले केही खारिएका बौद्धिकहरूले यसलाई नेपाली नेताहरू आफ्नो निजी फाइदाका लागि जे पनि गर्ने र मुलुक नै वेच्नसम्म पछि नपर्ने प्रमाणका रूपमा लिन विवश बनेबाट सोहीअनुसारको निष्कर्ष निरुपण गर्न उतारु भएको आलेख पढ्न पनि बाध्य भयो- नेपाली जमात यस घटनाको कारण । त्यसैले हामीले पनि नैतिकता र जवाफदेहिता, खासगरी कम्युनिष्ट नैतिकतासँग जोडेर यस प्रश्नलाई उभ्याउने गरेका छौं । जहाँ राज्य नै सम्पूर्ण संरचना र १३ करोडभन्दा ठूलो धनराशी अनि स्वयं प्रधानमन्त्री खर्चिलो होटलमा ३ दिनसम्म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लम्पसार भएर खटिएको घटनाप्रति तिनको संस्था र नेता-कार्यकर्ता पङ्क्ति स्वयंले पनि टुलुटुलु हेरेर पच्छ्याउन मिल्छ ? निश्चय नै सुदुर भविष्यसम्मको पिँढीले तिनीहरूबाट यस प्रश्नको उत्तर खोज्ने नै छन् । यो अर्कै कि आज एउटा सानो पङ्क्ति मात्र यसप्रकार मुखर भई यस विषयमा एकाकिभावले उभिनुपरेबाट तिनले हामीविरुद्ध डाडे आँखाले दमनात्मक भावले डसिरहेको पीडा पनि खपिरहनु परेको छ ।

३. राजनीतिक नैतिकताको प्रश्न र निष्कर्ष

राजनीतिमा नैतिकता र जवाफदेहिता नामको वस्तु हुन्छ कि हुँदैन ? कम्युनिष्ट नभए पनि वामपन्थीसम्म त यिनीहरू पनि अवश्य होलान् ! त्यो पनि नभए कम्तीमा यो देश सञ्चालन गर्ने नेता-प्रधानमन्त्री त ती अवश्य पनि हुन् ! के तिनले चाहिँ नियम, कानुन र संविधानको परिपालन गर्नुपर्दैन ? हालैको पेसिफिक शिखर सम्मेलन- २०१८ ले निश्चय नै यी सबै घेरा उल्लङ्घन गरेको स्पष्टै छ तर दुर्भाग्य ! कसैले पनि यसको जवाफदेहिता लिनु परेन ! निश्चय नै यो ज्यादै तुच्छ र निन्दनीय घटना हो जसले देशको सिंगो कम्युनिष्ट आन्दोलनभित्र ज्यादै घातक फोहोर फ्याँकेकोले पछिसम्म पनि यस दुर्गन्धले पिरोलिरहने देखिन्छ । समग्र नेपाली जनमानसले देशको कम्युनिष्ट पङ्क्तिबाट यसको उत्तर खोजिरहने र सदैव निन्दा गरिरहने घाउ छोडेको छ- यस पटक, नेकपाको केपी-माधव मण्डलीले ।

२०७५ पुष २२ गतेको अन्नपूर्ण (राष्ट्रिय दैनिक) मा "प्रभावकारी मानिसको किनवेच" शीर्षकमा पाका पत्रकार आदित्यमानद्वारा लेखिएको एउटा विचारोत्तेजक लेख प्रकाशित छ । उक्त लेखले नेपाली नेतृत्व कसरी किनवेचको साधन भई व्यक्तिगत स्वार्थको लागि देशको धर्म संस्कृति मात्रै होइन उसको अस्तित्व नै नामेट गराउने दिशातर्फ उन्मुख छ भन्ने क्रमवद्ध प्रस्तुति छ । जहाँ संविधान सभाका सभासद्देखि सांसद हुँदै स्थापित नेता कृष्णवहादुर महरा, झलनाथ खनाल, माधव नेपाल र बहालवाला प्रधानमन्त्री के.पी. शर्मा ओलीसम्म निहित आर्थिक लाभ र पदका लागि रकम बढावढको घनचक्करमा फसेर आए भन्ने क्रमागत प्रस्तुति छ । यस पृष्ठभूमिमा नेपाल राष्ट्रका जनक पृथ्वीनारायण शाहले यो देश बनाउनुको उद्देश्य के थियो र कुन पृष्ठभूमिमा यसको प्रारुप खडा गरिएको थियो ? तर एसिया प्यासिफिक २०१८ सम्म आइपुग्दा कसरी यसको स्वरूप र चरित्रमा स्खलन आई आज यो देश रहने नरहने दोसाँधमा खडा हुन थाल्यो भन्ने नै प्रस्तुत आलेखको निष्कर्ष हो ।

*राजनीतिक विश्लेषक एवं इतिहासविद्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कला, कलाको ऐतिहासिक पृष्टभूमि र धार्मिक विश्वास

डा. वासुदेव खनाल

१. विषयप्रवेशः

वर्तमानमा कला शब्द व्यापक अर्थमा प्रयोग भएको पाइन्छ । जसलाई अङ्ग्रेजीमा 'आर्ट' भन्ने गरिन्छ । आर्ट शब्दले पनि व्यापक अर्थतर्फ सङ्केत गरेको देखिन्छ । आर्ट अन्तर्गत मनुष्यका सम्पूर्ण काम, शिल्प, गृहनिर्माण, उद्योग, चिकित्सा, शासन विधान, धार्मिक आस्था शिक्षा आदि सबैलाई लिने गरिएको छ । हामीकहाँ पनि विश्वविद्यालयमा अध्ययन-अध्यापन हुने संस्कृत र विज्ञान बाहेकका सबै जसो विषयहरूलाई 'आर्ट" भन्ने गरिन्छ । हुन त संस्कृत वाङ्मयभित्र आर्टसम्बद्ध अनेक विषयहरू पर्दछन् । पछिल्लो समयमा कुनै विषयको पठन-पाठनमा नाप-तौल गर्ने प्रवृत्तिको विकास भएपछि विषयको मर्यादालाई बढाउने उद्देश्यले 'विज्ञान' को संज्ञा दिन थालेको पनि पाइन्छ। जसको ज्वलन्त उदाहरणको रूपमा मनोविज्ञानलाई लिन सकिन्छ। केही समयअघिसम्म दर्शनको अभिन्न अङ्गको रूपमा रहेको मनोविज्ञान कला (आर्ट) अन्तर्गत पर्दथ्यो। व्यापकताका बीच एक सीमित क्षेत्र पनि रहेको छ जसतर्फ सङ्केत गर्नका लागि बोलचालको भाषामा 'कला' शब्दको व्यवहार हुन्छ। जसलाई पाश्चात्य मुलुकमा 'फाइन आर्ट' भन्ने शब्दले इङ्गित गर्ने गरिन्छ । नेपाली भाषामा यसलाई 'ललितकला' को नामले जानिन्छ। ललितकला अन्तर्गत चित्रनिर्माण, मूर्तिनिर्माण, गृहनिर्माण, साहित्य र सङ्गीतलाई पनि समावेश गरिएको पाइन्छ । यसरी हेर्दा कला शब्द आफ्नो प्राचीन अर्थभन्दा धेरै टाढा मात्र पुगेको छैन धेरै माथि पनि उठेको छ। गृहनिर्माणको कुरा गर्ने हो भने यसका दुई भाग हुन सक्दछन्। पहिलो उपयोगिता अर्को सौन्दर्य । मानिसको मृत्युपछि जुन परम्परामा गाड्ने प्रचलन रहेको हुन्छ जसका लागि छ/सात फिट लामो, दुई/तीन फिट चौडा र दुई/तीन फिट अग्लो खाल्डो भए पुग्दछ । वर्षा, जङ्गली जनावर आदिबाट बचाउनका लागि ईंटा तथा ढुङ्गा छापेर या सिमेन्ट आदिको प्रयोग गरेर पक्का पनि बनाउन सकिन्छ। त्यसको दीर्घकालसम्मको रक्षाका लागि अझ केही गरौं भन्ने हो भने त्यसमाथि सानो झुपडी पनि बनाउन सकिन्छ । यहाँसम्म त्यसको उपयोगिता देखिन्छ। त्यो भन्दा बढी त्यहाँ केही बनाउने प्रयत्न गरिन्छ भने त्यसको लक्ष्य सौन्दर्य नै हो । जसको उदाहरणको रूपमा ताजमहललाई लिन सकिन्छ । तर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सौन्दर्यकै निम्ति बनाइएको हो भने ताजमहल पनि कमी नै हुन्छ ।

हर्षको समयमा भारतवर्षमा चित्रकलाको विकास चरम सीमामा पुगेको थियो । वाण भट्टका रचनाहरू यसको प्रमाणका रूपमा रहेका छन् । त्यो समयमा नेपाल, असम, बङ्ग, कलिङ्ग आदिमा विशेष गरेर चित्रकलाको विकास चरम सीमामै पुगेको थियो । यही समयमा सिन्ध, कावुल, काश्मीर आदिमा चित्रकला पल्लवित एवं प्रफुल्लित भएको देखिन्छ । लिच्छविकाल नेपाली चित्रकलाको स्वर्णयुग नै थियो भन्दा अत्युक्ति हुने छैन । पछिल्लो समयमा भारतवर्षकै राजनीतिक उथल-पुथल वा आक्रमण आदिका कारण अन्य कलामा जस्तै चित्रकलाको विकासमा पनि बाधा उत्पन्न भएको देखिन्छ तथापि यसको विकासक्रम सर्वथा विश्रृङ्खलित तथा लुप्त भनेको भएको छैन । कुनै न कुनै रूपका कलाकारको कलाकारिताले निरन्तरता पाएको देखिन्छ ।

२. कला शब्दको शाब्दिक अर्थ

'कल्' धातुवाट उत्पन्न भएको कला शव्दको अर्थ 'सङ्ख्यान' हुन्छ । ख्या धातु 'कथन'(भन्ने) अर्थमा नभएर यहाँ 'चक्षिङ् व्यक्तायाम् वाचि' वाट सङ्ख्यान शव्द सिद्ध हुन्छ । जसको अर्थ 'स्पष्ट वाणीमा प्रकटन' भन्ने हुन्छ । 'चक्षिङ्' को स्थानमा ख्या आदेश भएर अवधानपूर्वक देख्ने अर्थमा पनि यो प्रयुक्त भएको देखिन्छ । सम् उपसर्गपूर्वक यो धातुको अर्थ गन्नु, गणना वा सङ्कलन भन्ने हुन्छ । यो आधारमा पनि 'सङ्ख्यान' शव्द मनन, चिन्तन, ध्यान अर्थमा पनि प्रयोग भएको देखिन्छ। कल् धातुवाट (कल्यते अस्याम्) भाव अर्थमा यसको अर्थ ध्यानपूर्वक दृष्टि, सङ्कलन एवं प्रष्ट प्रकटन भन्ने पनि हुन्छ। जसको सिद्धि घ प्रत्ययान्त कल् धातुवाट पाणिनिको 'पुंसि संज्ञायां घः प्रायेण'[1] भन्ने सूत्र अनुसार भएको हो । 'ला' धातुवाट प्राप्त गर्ने अर्थमा कला शव्द वन्दछ । 'कं लाति' व्युत्पत्तिवाट 'आनन्ददायक-आनन्द दिनेवाला' भन्ने अर्थ पनि हुन्छ। यो व्युत्पत्ति 'कलाकृति' सँग सम्वन्धित रहेको छ जसले कलालाई 'सहृदय संवेद्य' बनाउँछ।

३. कलाको क्षेत्रः

कला एवं संस्कृतिलाई सभ्यताका अभिन्न अङ्गको रूपमा लिइएको छ । जुन देशको जस्तो संस्कृति र सभ्यता हुन्छ त्यो देशको कला पनि त्यस्तै हुन्छ। पूर्वीय संस्कृति एवं सभ्यतामा अध्यात्म र भौतिक अभ्युदय दुवैलाई मापदण्डको रूपमा परिकल्पित गरिएको देखिन्छ। कलाकारले भौतिक वस्तुहरूको यथावत् अनुकृति बनाउँदैन र फोटो पनि खिच्दैन । उसका कृतिमा उसले बनाएका फूलहरू, पशुपक्षीहरू, घर तथा भौतिक वस्तुहरूसँगको अनुरूपता त हुन्छ नै त्यो अनुकृतिका साथ-साथै अरू पनि केही हुन्छ। उसको कृति अनिर्वचनीय हुन्छ। उसले बनाएको फूल फूल नै हो तर त्यस्तो फूल पृथिवीमा कहीं पनि मिल्दैन।

१. पाणिनिसूत्र, ३.३.११८ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उसका शब्द शब्द हुन् तर ती शब्दबाट जो अर्थ निष्कन्छ त्यो अर्थ कुनै कोश एवं व्याकरणभित्र अटाउँदैन। कलाकार त्यो योगी हो जसले समाधिको अवस्थामा उस तत्वलाई साक्षात्कार गर्दछ जुन यो विश्वमा ओतप्रोत छ। जसको लीला सबै मूर्त एवं अमूर्त द्रव्यमा निरन्तर रहन्छ, जो असङ्ख्य शक्तिका साथ वैदिक शब्दमा असङ्ख्य देवताहरूको रूपमा यो जगत्को सञ्चालक रहेको छ जसको आँखाको एक पलक तथा क्षण-क्षणमा सम्पूर्ण विश्व नै परिवर्तन हुन्छ। योगीले समाधिमा जुन अनुभूति गर्दछन् त्यो वाणीको शक्ति भन्दा बाहिर छ। योगीले यदि त्यो कुराको वर्णन गर्न चाहेको अवस्थामा समाधिको भाषाबाट काम चलाउनु पर्ने हुन्छ। जसको अनुभूतिको जगत्मा कुनै प्रतिमा छैन। कलाकार योगी होइन, कलाकृति उसको एकाग्रताको उपलब्धि हो। कलाकार जब आफ्नो कलाकारितामा डुबुल्की लगाउँछ उसलाई पनि विश्व-रहस्यका सम्बन्धमा केही झलक मिल्दछ जुन अनुभवलाई पनि उसले यथावत् व्यक्त गर्न सक्दैन जसका दुई कारणमध्ये एक अप्रतिम विषय र अर्को जुन साधनद्वारा उसले व्यक्त गर्न चाहन्छ त्यसमा क्षमताको कमी। तथापि यो दिशामा उसलाई सफलता अवश्य पनि मिल्दछ जसका कारण कलाकार र फोटोग्राफरका कृतिमा अन्तर देखिन्छ। उदाहरणका लागि कुनै कुकूर वा सुँगुरले आफ्ना बच्चाहरूलाई दूध चुसाइरहेको हुन्छ जुन विषय अत्यन्त साधारण विषय हो जुन कुरा हामीले जहाँ कहीं देखिरहेका हुन्छौं। क्यामराबाट त्यसको सुन्दर तस्विर लिन सकिन्छ यो दृश्यको चित्र कुनै पनि फोटो ग्राफरले खिच्न सक्दछ। त्यो फोटोमा कुकूर या सुंगूर हुन्छ र त्यसले आफ्ना बच्चाहरूलाई दूध चुसाइरहेको हुन्छ। तर कलाकारद्वारा निर्मित चित्रमा कुकुर या सुँगुरको पर्दामा त्यो देवता, त्यो शक्तिको झलक देखिन्छ जो समस्त प्राणी जगत्का अधिष्ठाता ब्रम्हादेखि लिएर कीटपतङ्गसम्मलाई परिपोषण गरिरहेको हुन्छ। कुकुर या सुँगुरको शरीरबाट भगवती जगद्धात्रीको आभा प्रकट भइरहको हुन्छ। जहाँसम्म चित्रकारको कुरा छ त्यहाँ चित्रकारले आफ्नो प्रतिभालाई धनीमानी या राज्याधिकारीहरूको मनोरञ्जनको सामग्री बनाउँदैन त्यहाँसम्म त्यो कलाकार हो। कलाकारले आफ्नो रचनाद्वारा सौन्दर्यको अनुभूति गराउँछ। तर त्यो सौन्दर्य कहाँ छ ? भनेर देखाउने विषय होइन र त्यो सौन्दर्य द्रष्टाको पनि गुण हो। जब द्रष्टाको चित्त एकाग्र हुन्छ तब मात्र द्रष्ट्रामा जगत्को वास्तविक स्वरूप देख्ने क्षमता प्राप्त हुन्छ। परिवर्तनशील जगत्मा प्रकृतिले प्रतिक्षण आफ्नो पट परिवर्तन गरिरहेको हुन्छ। यही अनुभूति नै सौन्दर्यानुभूति हो त्यसैले भनिएको छ- 'क्षणे क्षणे यन्नवतामुपैति तदैव रूपं रमणीयतायाः'। तर चित्रकारको सामग्री कागज या कपडा र थोरै रङ्ग मात्रै हो जसको माध्यमबाट उसले ईश्वरीय दर्शन गराउन सक्दछ यही नै सच्चा कलाकारको विशेषता हो। यसबाट कलाको क्षेत्र यति नै हो भनेर किटानीका साथ भन्न सकिने अवस्था छैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४. कलाको ऐतिहासिकता

कला शब्दको प्राचीनताका तथा ऐतिहासिकताका सम्बन्धमा विचार गर्दा विश्वकै सबैभन्दा प्रचीन मानिएको ऋग्वेदसम्म पुग्नुपर्ने हुन्छ। ऋग्वेदमा विविध रूपका प्रतिभा एवं कलाविषयक निपुणताका लागि 'धी' शब्दको प्रयोग भएको पाइन्छ[२]। वैदिक साहित्यमा उल्लिखित कलाहरू जस्तो वुनाई, वढईगीरी, लोहारी, मृद्भाण्डकलार सोनारी, चर्मकारी, माला बनाउने कला, केश संस्कारकला, भैषज्यकला, सङ्गीतकला आदि उपयोगी हुनुका साथ साथै कौशल अर्थमा पनि प्रयोग भएको देखिन्छ। महर्षि पाञ्चालले ऋग्वेदलाई चतुःषष्टि (६४)को संज्ञा दिएका छन्। जसअनुसार ऋग्वेदमा आठ अष्टक र प्रत्येक अष्टकमा आठ-आठ अध्याय रहेका छन्। यसै आधारमा वात्स्यायनले चौसट्ठीको सङ्ख्यालाई पवित्र मानेर चौसट्ठी कलाको वर्णन गरेका छन्। यसरी आदिकालदेखि नै ऋषिमहर्षिहरूले कलाको विषयमा पर्याप्त चिन्तन गरेको पाइन्छ। ईसापूर्व तीनहजारवर्ष पुराना मानिएका सिन्धु नदीको निकटस्थ प्रदेशका सांस्कृतिक सम्पदा वास्तु, मूर्ति, चित्र, भाण्ड निर्माण, लौहवस्तु रचना आदि अनेक कलाकृतिहरूको आधारमा पनि कलाको प्राचीनता सिद्ध हुन्छ। ऋग्वेददेखि लिएर व्राम्हण, उपनिषद्, सूत्रग्रन्थ, लक्षणग्रन्थ, कामसूत्र, शुक्रनीतिसार, वृहत्संहिता, पुराण, गद्य-पद्य, चम्पू, नाटक आदिमा कलाका सम्बन्धमा स्पष्ट पार्ने प्रयास गरिएको देखिन्छ। पुरुषार्थ चतुष्टयको सिद्धिका लागि धर्मशास्त्र, अर्थशास्त्र, कामशास्त्र र दर्शन शास्त्रको प्रतिपादन गरिएको हो। जस अनुसार दर्शनशास्त्र अन्तर्गत मनु, याज्ञवल्क्य आदि प्रणीत धर्म प्रतिपादक ग्रन्थहरू आउँदछन् भने अर्थशास्त्र अन्तर्गत बृहस्पति, कौटिल्य आदि प्रणीत ग्रन्थहरू पर्दछन्। यस्तै कामशास्त्र अन्तर्गत वात्सायनकृत कामसूत्रादि ग्रन्थहरू पर्दछन् र यस्तै दर्शनशास्त्रमा दार्शनिकहरूको मत प्रतिपादन गरिएको छ। जसमा कलाका सम्बन्धमा केही न केही छनक पाइन्छ।

पूर्वीय चित्रकला प्राचीनकालदेखि नै धर्ममा आधारित रहेको छ। जसमा सनातनधर्मको विशेष भूमिका देखिन्छ। हुन त वौद्ध एवं जैनधर्मसँग सम्वद्ध चित्रहरू पनि अङ्कन नगरिएका होइनन् जसका चित्रको अङ्कन चित्र, भित्ता आदिमा अङ्कित पाइन्छन्। सनातन परम्परामा पनि वैष्णव सम्प्रदाय अन्तर्गत विष्णुका विभिन्न अवतारहरू उनका लक्षण एवं घटनाक्रमअनुसार विभिन्न शैलीका विभिन्न विशेषता अनुरूप दर्शाइएको र चित्राङ्कित गरिएको देखिन्छ। यो पृथिवीमा रहेका समस्त जीवलाई सनातन धर्ममा एउटै धरातल प्रदान गरिएको छ यो सनातनधर्मको महानता हो। पृथक्-पृथक् प्रकृतिका पशुहरूको देवाकृति रूपमा अङ्कन, कतै अर्ध रूपमा अङ्कन त कतै पूर्णरूपमा पशुको रूपमा अङ्कनले समस्त पशुजगत्को महत्तालाई दर्शाउँछ। यसबाट संसारमा उत्पन्न सम्पूर्ण

२. ऋग्वेद, ६.११२.१।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राणिप्रतिको सनातन धर्ममा रहेको आत्मीय भाव तथा सम्मानीत दृष्टिकोण स्पष्ट हुन्छ । जसमा सृष्टिकर्ताले विश्व मानव विकास क्रान्तिको क्रमानुसार मत्स्य(जलचर), कच्छप(उभयचर) शूकर(स्थलचर) प्राणिहरूको धर्मको पूज्य धरातल प्रदान गरेको पाइन्छ । उल्लेखित मत्स्य, कच्छप र बराह(शूकर) हुँदै नरसिंह(मानव एवं पशु) स्वरूप देखाइएको छ । त्यसपछि कम उचाइले युक्त मनुष्य(वामन) अवतार यसपछि मजबूत कदले युक्त परशुराम अवतार, त्यसपछि सामाजिक पुरुष(श्रीराम अवतार), त्यसपछि यस्तो पुरुष जसका साथ व्यवसाय पनि होस्(बलराम अवतार) र नायक पुरुष (श्रीकृष्ण अवतार) एवं कलियुगमा उत्पन्न हुने बुद्ध र कल्कि अवतारको वर्णन सनातन धर्मका धार्मिक ग्रन्थहरूमा गरिएको छ । यो अवतारवादले कलाको क्रमिक विकासको स्वरूपलाई पनि दर्शाएको देखिन्छ । जसलाई सनातनधर्मले भगवान्का विभिन्न अवतारको रूपमा पनि स्वीकार गरेको देखिन्छ ।

शैवागम तथा शैवतन्त्रमा उद्धृत कलाहरूका सम्बन्धमा अध्ययन गर्दा वात्स्यायन कथित चौसठ्ठीकलासँग मिल्दो जुल्दो देखिन्छ । शैव दर्शनमा कला तथा कला-प्रकृतिका सम्बन्धमा सार्थक निरूपण गरिएको छ । शैव दर्शनमा शिव परमतत्त्व मानिएका छन् भने माया प्रकृति तत्व र कला महामाया(शक्ति)को रूपविधायिनी शक्तिको रूपमा लिइएको छ । जब शिव मायाका पाँच आवरण(काल, नियति, राग, विद्या र कला)बाट आवृत्त हुन्छन् तब उनी आफ्नो व्यापक चैतन्य रूपलाई विर्सेर 'पुरुष' (अहं- पुरुषरूपमा, इदम्-प्रकृति रूपमा) बन्दछन् । पुरुष जीवत्पूर्ण मानव जस्तै सीमित बन्दछ । त्यो कालका कारण नित्यबाट अनित्य, नियतिका कारण सर्वदेशीयबाट नियत, रागका कारण भावयुक्तबाट अभावयुक्त, विद्याका कारण सर्वज्ञबाट सविद्य तथा कलाका कारण सर्वकर्त्ताबाट सीमित कर्ता बन्दछ । यही सीमाको बन्धनमा रहेर उनले लोकको रचना गर्दछन् । शिव पुन यिनकै माध्यमद्वारा परं शिव बन्दछन् । परमशिवतत्व इच्छा, ज्ञान, क्रियात्मक हुनुको साथै पूर्णानन्द र प्रकाशात्मा रहेका छन् । परमात्मालाई सर्वकर्त्ता मानिएको छ । कलाका कारण परमात्मा सर्वकर्त्ताबाट सीमित कर्ता पुरुष वनेर मानवको रूपमा पाँच ज्ञानेन्द्रियद्वारा विद्या एवं बुद्धि रूपी चैतन्यलाई संवर्द्धित गरेर पञ्चकर्मेन्द्रियहरूद्वारा कलाको निरूपण गर्दछन् । लौकिक जड बन्धनहरूबाट मुक्त भएर अलौकिक जगत्मा विचरण गर्दै रूप विधान गर्नु नै कुशलता हो र कला आफ्नो अनन्त अभिव्यक्तिमा ठोस जीवनको अभिपुष्टि हो । वास्तवमा भन्ने हो भने चित्रकला मानवेतिहासको आदिम रूप हो । काव्य तथा साहित्यको इतिहास लेखनकलाको विकास भएपछि मात्र भएको हो । चित्रकलाको माध्यमबाट नै मानव संस्कृतिको आदि स्वरूपलाई खोज्ने सफलता मिलेको हो ।

कलाकृति विकासको नेपाली सन्दर्भलाई लिने हो भने पाँचौ शताब्दीतिर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काठमाडौ उपत्यकाभित्र रचना भएका असङ्ख्य कृतिहरू र नेपाली स्रष्टाहरूको मौलिकताले विश्वलाई नै विमुग्ध बनाइदिएको छ। कर्क प्याट्रिकको भनाइअनुसार सङ्ख्यात्मक दृष्टिबाट यहाँ त्यति नै धेरै मूर्तिहरू थिए जति यहाँ मानिस र त्यति नै धेरै मन्दिरहरू थिए जति धेरै घरहरू थिए। गुणात्मक पक्षवाट हेर्दा यहाँका प्रत्येक कलाकृतिमा आफ्नै मौलिकपन कायम भएको छ। जसमा कलाकारले आफ्नो अद्भुत प्रतिभावको परिचय दिएका छन्[३]। साधारणतया वास्तुकला, मूर्तिकला र चित्रकलाका माध्यम भिन्नाभिन्नै हुने भएकाले प्रयोग गरिएको माध्यमअनुसार कुनैको दीर्घ आयु हुन्छ भने कुनैको अल्प। वास्तुकलाको क्षेत्रमा नेपालले आफ्ना वरिपरि प्राप्त हुने साधन काठको अत्यधिक प्रयोग गऱ्यो भने मूर्तिका लागि ढुङ्गाको प्रयोग गरेको देखिन्छ। तत्कालीनसमयमा चित्रकला भने देवप्रासाद, राजप्रासादका भित्तिसतह वा काठको फल्याक, ताडपत्र गाता अथवा कागज, कपडा आदिमा बनाइन्थ्यो। जसको परिणाम स्वरूप हामीले चाँगुको मन्दिरको प्रारम्भिक रूप कस्तो थियो भन्न सक्दैनौ। यसै सन्दर्भमा कति मानभवन, भद्राधिवास भवन, कैलाशकूट भवनजस्ता विश्वकलाका अद्वितीय नमूनाहरू नाश भइसके। भन्न सकिँदैन ती भवनहरूमा कति उत्कृष्ट कलाकृतिहरू रचिएका हुँदाहुन् ती सवै कमजोर माध्यमको अल्पायुका कारण नाश भइसके। केवल प्रस्तर र धातुका खपालु कलाकृतिहरूमात्र रहेका थिए[४]। ती पनि २०७२ सालको भूकम्पका कारण कतिपय नष्ट भए भने कतिपय संरक्षणको प्रतिक्षामा रहेका छन्। सातौं शताब्दीमा नेपाली कलाले तिब्वत, चीन, जापान, वर्मा, श्याम र श्रीलंकासम्म नेपाली मौलिक शैलीको परिचय दिएको थियो। त्यसको छशताव्दीपछि नेपाली कलाकारको एउटा वृहद्टोलीले तिब्वत तथा चीनमा नेपाली कलाक्षमताको प्रदर्शन गऱ्यो। चीनका बादसाहले नेपाली कला प्रतिनिधिमण्डलका नवयुवक नेता 'अरनिको'(अरनिको: बलबाहु)को ठूलो सम्मान गरे र नेपाली कलाजगत्को शैलीगत उत्कृष्टतालाई सहर्ष स्वीकार गरेको इतिहास छ[५]। ऐतिहासिक विकासक्रमको रेखा कहिल्यै पनि सोझो हुँदैन। विकासको गति कहिले तीव्र हुँदै माथितिर जान्छ भने कहिले मन्द हुँदै तलतर्फ ओर्लन्छ। हरेक क्षेत्रको विकासमा देशको राजनीतिको प्रभाव त रहन्छ नै। राजनीतिक उथलपुथलको समयमा भन्दा राजनीतिक स्थिरता भएको अवस्थामा हरेक क्षेत्रमा जस्तै कलाको क्षेत्रमा पनि विकासको गति तीव्र हुन्छ।

५. कलाबाट हुने अनुभूति

कुनै वस्तुलाई देखेर चित्तमा जो आनन्दको अनुभूति हुन्छ त्यही नै सौन्दर्यानुभूति हो। यस्तो अनुभूति चित्तको सात्विक अवस्थामा मात्र हुन्छ

३. पञ्चायत स्मारिका, पृ.३१३।

४. ऐ.ऐ.

५. ऐ.ऐ.पृ.३१४।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् चित्त जब रजस् र तमस्बाट उन्मुक्त हुन्छ । यस्तो सत्वानिविष्ट मनको अभिव्यक्तिले नै कलाको रूप धारण गर्दछ त्यही नै वास्तवमा अनुभूत आनन्द हो। चित्रकारले चित्रको माध्यमद्वारा, मूर्तिकारले मूर्तिको माध्यमद्वारा, सङ्गीतकारले संगीतको माध्यमद्वारा, काव्यकारले काव्यको माध्यमद्वारा आफूले प्राप्त गरेको आनन्दानुभूतिलाई मूर्तरूप दिन चाहन्छ। जसले गर्दा नै सबैमा रमणीयता रहेको हुन्छ। हुन त संस्कृत वाङ्मयमा चौसट्ठीकलाको वर्णन गरिएको छ। जसमा चित्र, मूर्ति, स्थापत्य आदिको गणना गरिएको छ ।

प्रकृतिका विविध परिदृश्यलाई देखेर हाम्रो ह्दय आह्लादित हुन्छ र हामी त्यसको कर्ताको निपुणतामा मुग्ध हुन्छौ । यो मुग्धताको आधार हो चाक्षुष-राग। यही चाक्षुष राग सौन्दर्यदृष्टि बनेर जब प्रकट हुन्छ । यही सौन्दर्य दृष्टि नै विधाताको आदि कला हो। यही कलाको विस्तारमा विस्मयाकृष्ट भएर विधाताले विचार मन्थनोपरान्त जीवनलाई अवतरित गरेका हुन् । त्यही जीवनको उपभोग तथा उपयोग गर्ने उद्देश्यले सौन्दर्यसृष्टिको सिर्जना भएको देखिन्छ । विधाताले जीवनका साथसाथै कलारूपी संगीनीलाई पनि सहायिकाको रूपमा पठाएका छन् । जुन एक अमोघ शक्तिको साथै प्रेरणाको पनि स्रोत हो । जसको रक्षा गर्नु प्रत्येक प्राणीको धर्म तथा कर्तव्य हो ।

कला मानवीय गुणहरूको सुन्दरतम, मङ्गलमय सत्यस्वरूपको अभिज्ञान पनि हो। जसको विस्तारको कुनै सीमा छैन। यसको परिधिमा अनादि तथा अनन्त जीवनको विकास, ह्रास, विलास, उपहासको इतिहास समाहित छ। कलामा मानव जीवनको उत्थान-पतन, जय-पराजय, शान्ति-अशान्ति आदिको रसमय परिदृश्य अङ्कित छ । जीवनको रसमयताका कारण मानवमन सौन्दर्यमुखी बनेको हो । यही सौन्दर्योन्मुखता नै उसको जीवन्तता हो । यही जीवन्तताको सुमधुर दर्शन हामीलाई सनातनकालदेखि नै भइरहेको छ र यही कला नै मानवको जीवन्तता हो । जसको चित्रण कलाकारले चित्रमा, शिल्पमा, रचनामा, तूलिकामा, छेनी तथा कलमको सहयोगले शाश्वत बनाउँदै आएको हो । यही कलाका विभिन्न विधाहरूमध्ये काव्यकला पनि एक हो। काव्यकार तथा काव्यको कलाकारले पनि यही जीवन्तताको अनुभूतिलाई सरमय वाणीको माध्यमबाट मुखरित गरिदिन्छ भने चित्रकारले चित्रको माध्यमबाट आफूले प्राप्त गरेको ईश्वरीय अनुभूतिलाई चित्ररूपमा प्रकट गरिदिन्छ जुन कलानुरागीका लागि साक्षात ईश्वरको स्वरूप नै बन्न पुग्दछ। यही नै वास्तवमा कलाबाट प्राप्त हुने अनुभूति हो। सत्यं शिवं सुन्दरम्को पराकाष्टा हो ।

६. चित्रकला

वैदिक इष्टि (यज्ञ-संस्था)सँग सँगै जब पूर्तधर्म (देवालय निर्माण एवं देवपूजा)ले जन समुदायलाई आकर्षित गरेको हो त्यही समयदेखि नै चित्रकलाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रादुर्भाव भएको हो । यसैबेला देखि नै भारतवर्षमा प्रतिमा पूजाले स्थान लिएको इतिहासविदको धारणा रहेको छ। पार्थिव, धातुज प्रतिमाहरू पूजाका लागि बनाउन थालियो जसका लागि ईश्वरका विभिन्न आकृतिको निर्माण हुन थालेको पाइन्छ। हुन त ज्ञानी एवं योगीका लागि कुनै प्रतिमा या प्रतिमूर्तिको आवश्यकता पर्दैन। विना प्रतिमा तथा प्रतिमूर्ति पनि तपस्वी योगीहरूले आफ्नो साधना ब्रह्मचिन्तन तथा ईश्वराधना गर्न सक्दछन् तर सम्पूर्ण समाज योगी तथा ब्रह्मज्ञानी बन्न सक्दैन जसलाई दृष्टिगत गरी प्राचीन आचार्यहरूले देवप्रतिमाको परिकल्पना गरेका हुन्[६] । यही क्रममा पञ्चदेव (पाञ्चायत्न) पूजन परम्पराको विकास पनि भएको हो । जसलाई नित्ययज्ञको संज्ञा पनि दिइएको छ[७] । हयशीर्षपञ्चरात्रमा विष्णुको प्रतिमा तथा चित्र बनाएर पूजा गर्नका लागि निर्देश गरिएको छ। यसरी बनाइएको चित्रमा स्वयं हरि रहने हुनाले यस्ता चित्रपटमा विष्णुको पूजा गर्नाले हजारौं युगसम्म विष्णुलोकमा रहन सकिने कुराको उल्लेख पनि गरिएको छ[८] । यति मात्र होइन चित्रमा अवस्थित विलास र विभ्रमले युक्त पुण्डरीकाक्षलाई देखे मात्र पनि कोटि कोटि जन्ममा सञ्चित पापवाट मुक्त भइन्छ तसर्थ कल्याण तथा महापुण्यको अभिलाशी धीर पुरुषले पटमा बनाइएको नारायणको चित्राङ्कित प्रतिमूर्तिको पूजा गर्नुपर्ने कुराको उल्लेख पनि हयशीर्षपञ्चरात्रमा उल्लेख गरिएको छ[९] । अर्कोतर्फ चित्रकलाको विषय विशेष रूपले मनमा उत्पन्न हुने रतिसँग सम्वन्धित छ । संस्कृत साहित्यका पात्रहरूमा चित्रको माध्यमद्वारा रतिको उत्पत्ति वताइएको छ । रतिको माध्यमवाट नै रसको व्युत्पत्ति हुन्छ । भर्तृहरिले आफ्नो 'श्रृंगार शतक' मा नारीलाई सौन्दर्यको परम प्रतीक मानेका छन् । नारीको सम्पूर्ण शरीर नै कलाको समष्टि हो । त्यहाँ सङ्गीतको मधुर ध्वनि, चित्रको रङ्ग र रेखाहरूको मधुर विन्यास हुन्छ। नारीको गतिमा नृत्यको गति हुन्छ र वचनमा साहित्यको प्राण हुन्छ जसलाई साहित्यिक भाषामा रसको

---

६. अज्ञानां भावनार्थाय प्रतिमाः परिकल्पिता।

७. आदित्यमम्बिका विष्णु गणनाथ महेश्वरम्।
पञ्चयज्ञपरो नित्यं गृहस्थ पञ्च पूजयेत्॥

८. यावन्ति विष्णुरूपाणि सुरूपाणीह लेखयेत।
तावद् युगसहस्राणि विष्णुलोको महीयते॥
लेप्ये चित्रे हरिर्नित्यं सन्निधानमुपैति हि।
तस्मात् सर्वप्रयत्नेन लेप्यचित्रगतं यजेत्॥ हयशीर्षपञ्चरात्रम्।

९. चित्रस्थ पुण्डरीकाक्ष सविलास सविभ्रमम्।
दृष्ट्वा मुच्यते पापैर्जन्मकोटिसुसञ्चितैः।
तस्माच्छुभार्थिभिर्धीरैः महापुण्यजिगीषया।
पटस्थः पूजनीयस्तु देवो नारायणः प्रभुः॥ हयशीर्षपञ्चरात्रम्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संज्ञा दिइएको छ । त्यसैले चित्रसूत्रकारले सर्वप्रथम उर्वशीको सिर्जना गरेका हुन् भनिएको छ[१०] । विशेष गरेर नायिकाका लागि आउने विशेषण कमलनाल, मृगनयनी, गजगामिनी, कुचकलश इत्यादिलाई चित्रकारको तुलिकामा स्वरूप प्रदान गर्दछन् । त्यसैले भनिएको छ- सात्विक प्रवृत्तिले युक्त नायिकाको यौवन नै आफैमा श्रृंगार हो[११] । नव यौवनमा नारीको शरीरका अङ्ग प्रत्यङ्गको सौन्दर्य शोभा, आकर्षण र प्रत्याकर्षणले नै संस्कृत साहित्यका रचनाकारहरूलाई विषय प्रदान गरेको देखिन्छ । गद्य, पद्य, नाटक, चम्पू आदि यसका प्रत्यक्ष उदाहरणको रूपमा रहेका छन् । काव्यप्रकाशकार मम्मटले पनि काव्य कलाको प्रयोजन 'कान्ता सम्मित उपदेश' नै मानेका छन् । आध्यात्मिक एवं शारीरिक वेदनाहरूलाई तृप्त गराउन समर्थ नारी-शरीर नै शोभाकान्ति, समता, लावण्य, सुन्दरता आदिको प्रतीकको रूपमा रहेको देखिन्छ । सौन्दर्यको उद्देश्य पापवृत्तिका लागि नभएर जीवनमा सदाचारको अभ्युदयका लागि हो[१२] । जुन कुरालाई कलाकारले आफ्नो कलाको माध्यमबाट उजागर गरेको हुन्छ । चित्रकलाको इतिहास खोतल्दै जाँदा अधिकांश कलाकारले नारीलाई नै आफ्नो कलाको केन्दविन्दु बनाएको देखिन्छ । विष्णुधमोत्तर पुराणमा कलालाई सर्वोपरि स्थान दिइएको छ । त्यहाँ चित्रकलालाई सर्वश्रेष्ठकलाको संज्ञा पनि दिइएको छ । चित्रकलाको माध्यमबाट मानिसको आत्मा दिव्य बन्दछ । साहित्यमा आफ्नो आह्लादक वाणीको माध्यमद्वारा र चित्रकारले आफ्नो वर्णिका र वर्तिकाको माध्यमबाट स्त्री-स्वरूपलाई दिव्यता प्रदान गरेको पाइन्छ । संस्कृतका महाकवि कालिदासले आफ्नो काव्यकृति 'विक्रमोर्वशीयम्' मा भनेका छन् दिव्याङ्गनालाई वास्तविक मानवीय स्वरूपमा लिनुहुँदैन[१३] । मानवीय प्रवृत्ति सौन्दर्याभिव्यक्ति परक हुन्छ र चित्रमा रेखाहरूको माध्यमबाट सौदर्यको आभास मिल्दछ । शब्द एवं चित्र समानधर्मी हुन्छन् र दुबैको धर्म मानव मनमा सौन्दर्यको सृष्टि गर्नु हो ।

७. कलाको उद्देश्य

प्रत्येक कलाको एउटै उद्देश्य रहेको हुन्छ त्यो हो आनन्दको सृष्टि । आनन्दको सृष्टिका लागि कलाकारले आफ्नो कलाको माध्यमबाट भावरूप तथा स्थूलरूपको निर्माण गर्दछ । यसरी कलाकारले निर्माण गरेका रूप अनिवार्यतः सुन्दर नै हुन्छन् किनभने सुन्दर नभएको अवस्थामा आनन्दको सृष्टि हुन सक्दैन । हामीले स्वर, रेखा, आकार, रूपलाई यसर्थ चाहन्छौ जसबाट हाम्रा इन्द्रियहरूलाई राम्रो

---

१०. उर्वशीं सृजतः पूर्वं चित्रसूत्रं नृपात्मजः ।

११. यौवने सत्वजाः स्त्रीणामलंकारस्तु विशतिः ।

१२. यदुच्यते पार्वती पापवृत्तये, न रूपमित्य व्यभिचारी तद्वच ॥

१३. मा भवान् सर्व मानुषी धर्म दिव्यासु संभावयतु । प्रभावनि गूढानि तासां चरितानि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लागोस्, हाम्रो सौन्दर्यबोधलाई सन्तुष्ट बनाओस् । सन्तुलन र सामञ्जस्यका कारण नै यस्तो हुन सकेको हो । सन्तुलन एवं सामञ्जस्य प्रत्येक कलाको अनिवार्य आधारशीला हो । कुनै मूर्ति होस्, प्रासाद होस्, चित्र होस् अथवा कुनै राग-रागिनी नै किन नहोस् सामञ्जस्य एवं सन्तुलनको एक आग्रह हाम्रो मनमा रहेको हुन्छ र यही आग्रहको तुष्टिमा नै कलाको सफलता निर्भर हुन्छ । जो सुन्दर छ त्यही नै कला हो तथा समस्त कलाकृति अनिवार्यतः सुन्दर हुन्छन् तथापि यो निष्कर्ष निकाल्नु पनि उपयुक्त हुँदैन । वास्तवमा भन्ने हो भने कलाकृतिमा सौन्दर्य गौण वस्तु हो । कला र सौन्दर्यको सत्ता अलग-अलग हो । दुवैको चरम उद्देश्य आनन्दको सृजना गर्नु हो । दुवैमा एक प्रकारको अन्तरनिर्भरता रहेको हुन्छ र दुवैमा अन्योन्याश्रित सम्वन्ध पनि रहेको हुन्छ । यसरी कलाकार स्वयं र द्रष्टा, श्रोतामा पनि आनन्दको सृजना गर्नु नै कलाको उद्देश्य हो ।

८. चित्रकलाका अङ्ग

पाश्चात्य विद्वान्हरूको मतमा चित्रकलामा पाँच तत्वको समयन्वय रहन्छ । रेखाहरूको लयकारी, रूपको संपुजीकरण, रिक्तता, प्रकाश र छाया तथा वर्ण नै पाँच तत्व हुन् । रूपका लागि रेखा अनिवार्य तत्व हो । यदि रेखा सप्राण हो भने त्यसमा लयकारी र गत्यात्मकता रहन्छ नै । संपुजीकरण, रिक्तता, प्रकाश र छायाको घनिष्ट अन्तरसम्वन्ध हुन्छ । प्रकाश र छायाको माध्यमद्वारा रिक्तता सम्बन्धित घनत्व प्राप्त गरेपछि ठोस बन्न जान्छ । रिक्तता स्वयं घनत्वको अनुपस्थिति मात्र हो । यी सवै तत्व प्रत्येक चित्रका अङ्ग हुन् । चित्रकलासम्वन्धी पूर्वीय दृष्टिकोण यो भन्दा केही भिन्न रहेको छ । पूर्वीय मान्यतामा रूपभेद, प्रमाण, भाव, लावण्य-योजना, सादृश्य र वर्णिका भङ्ग गरी चित्रकलाका छ वटा अङ्ग भएको उल्लेख गरिएको छ[१४] । यहाँ रूप भन्नाले आकृतिलाई जनाउँछ, प्रमाणको अर्थ हो मान, सीमा तथा कद, भावको अर्थ आकृतिको भङ्गिमा, लावण्य भनेको निर्मित रूप, सादृश्य भन्ने शब्दले मूल वस्तुसँगको समानतालाई जनाउँछ भने वर्णिका भङ्गको अर्थ नाना वर्णहरूको सम्मिलित तथा समन्वित भङ्गिमा हो । यही वर्णिका भङ्ग नै चित्रकलासँग सम्वन्धित साधनाको चरम विन्दु तथा अन्तिम परिणति हो । यस्तो परिणति तूलिकालाई संयोजन नगरेसम्म संभव छैन । कलाकारले कलाकारिताका यी अङ्गहरूको सफल संयोजनको माध्यमबाट चित्रको रचना गर्दछ ।

९. कला र धर्मः

कलाहरूको जन्म धर्मका साथ भएको हो र धर्मले कलाहरूको माध्यमबाट

---

१४. रूपभेदाः प्रमाणानि भावलावण्ययोजनम् ।
सादृश्यं वर्णिकाभङ्गं इति चित्र षडङ्गकम् ॥ कामसूत्रम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्ना धार्मिक मान्यताहरूलाई जनसमक्ष पुऱ्याउन सफल भएको हो । चित्रका माध्यमबाट नै कलाकारहरूले अदृश्य शक्तिहरूको साकार स्वरूप प्रदान गरेका हुन् । यसरी प्राचीन धार्मिक परम्परा तथा मान्यताहरूलाई सञ्चालित गर्नका लागि कलाले महत्वपूर्ण योगदान दिएको देखिन्छ । आदि मानवले प्राकृतिक अदृश्य शक्तिहरूको उपासना गर्ने उद्देश्यले कन्दराका भित्तामा एवं ढुङ्गामा चित्राङ्कन गरेर निराकार स्वरूपलाई आकार दिने प्रयास गरेको देखिन्छ । आदि मानवले प्राकृतिक अदृश्य शक्तिहरू सुखी जीवनका लागि अर्थात् सुखी जीवनको कामनाका लागि उपासना गर्दथ्यो र उसले भित्ति चित्रकलालाई उपासनाको माध्यम बनाएको देखिन्छ । कला र धर्मको अनादिकालदेखि नै गूढ सम्बन्ध थियो । प्रकृतिमा दृष्टिगोचर हुने अनन्त शक्तिहरूले आदि मानवमा भयको भावनाको पुष्टि गर्दछन् । नराम्रो कर्मबाट वचाउने अभिप्रायका लागि ईश्वरमा क्रोधको कल्पना, ईश्वरीय आदेशको रूपमा भएका समस्त धार्मिक तत्वले कलाको जति सम्वर्द्धन गरे अन्य कुनै मानवीय कर्मबाट भएन भन्दा अत्युक्ति हुने छैन । कला शव्द हृदयमा उठ्ने भावनासँग सम्बन्धित रहेको छ । 'क' अर्थात् आनन्द 'ल' को अर्थ ल्याउने हुन्छ यसरी कला शव्दले मानवलाई आनन्द प्रदान गर्ने भन्ने हुन्छ । सबै प्राणीले सुखको चाहना राख्दछन् र त्यो सुख धर्मबाट उत्पन्न हुन्छ । अतः समस्त वर्णले सदैव प्रयत्नपूर्वक धर्माचरण गर्नुपर्दछ[१५] । यही सन्देश कलाकारले कलाको माध्यमबाट दिएको देखिन्छ ।

१०. सत्यं शिवं सुन्दरम्

'सत्यं-शिवं-सुन्दरम्'को सम्बन्ध भावसँग रहेको छ । पूर्वीय मान्यतामा वैदिककालदेखि लिएर वर्तमानसम्म जीवनी शक्ति समान रहेको छ । सत्यं, शिवं, सुन्दरम्को भाव हाम्रो जीवनको सुख, उल्लाससँग जोडिएर विना कुनै आश्रय प्रोत्साहन एवं अवलम्बनको प्रवाह निरन्तर रहीआएको छ । चित्रकारले स्वानुभूत सत्यलाई सुन्दरतम ढङ्गले उपयुक्त तत्वहरूको माध्यमबाट अभिव्यक्त गर्दछ र उसको अभिव्यक्ति रूचिकर, आकर्षक, मोहक र उत्प्रेरक मात्र हुँदैन मङ्गलकारी पनि हुन्छ जसले गर्दा उसमा शिवत्व पनि हुन्छ । यसरी निर्मित कला निश्चय पनि परमानन्ददायिनी हुन्छ । कलाकारले आफू 'स्व' लाई भूलेर आफ्नो रचना प्रस्तुत गर्दछ र अन्ततोगत्वा उसको रचना तथा कृति नै उसको 'स्व' वन्न पुग्दछ । उसले आफ्नो यही स्वान्तःसुखाय रचनामा तल्लीन रहेर आफ्नो कुशलतालाई सार्थकता प्रदान गर्दछ । चित्र-रचना कलाकारको मानस-छवि अथवा वैयक्तिक अनुभूतिको अभिव्यक्ति हो । यस्तो अभिव्यक्ति जसका लागि उसले वर्ण र तूलिकाको सहारा लिनुपर्दछ । यस्तो क्रियाका लागि व्यक्ति जति सामाजिक बन्दछ उसको वैयक्तिक अनुभूति त्यति नै धेरै समाजपरक बन्दछ ।

१५. सुखं वान्छन्ति सर्वे हि तच्च धर्म समुवम् । तस्माद् धर्मः सदा कार्यः सर्वेवर्णाः प्रयत्नतः ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आदिम समाजका चित्रकलाका सम्वन्धमा विश्लेषण गर्ने हो भने शिकारी, शिकार हुने पशु र शिकारका लागि प्रयुक्त हतियार वाहेक अरु केही प्राप्त हुँदैन। जब कृषि सभ्यताको आरम्भ हुन्छ चित्रकलामा विविधता आएको पाइन्छ जसमा वृक्ष, लहरा, फूल, पात आदिको अङ्कन चित्रकलामा गरिएको देखिन्छ। यो युगका चित्रमा एकाङ्गिता नभएर विविध प्राकृतिक तत्वको बहुलता तथा सम्पन्नता पाइन्छ। जति-जति सभ्यताको विकास हुँदै गयो कलामा पनि निखारता वन्दै गएको देखिन्छ। पछिल्लो समयमा शिकारी मानव स्नेहासिक्त, करुणार्द्र, संवेदनशील तथा सामाजिक बन्दै गएको पाइन्छ। अझ पछिल्लो समयमा मानव आकृतिहरूको साथै अनेक प्रकारका पाल्तु पशुहरूको चित्रण परम्पराको पनि थालनी भएको देखिन्छ।

चित्रकलाको वर्णन हाम्रा प्राचीन लक्षण ग्रन्थहरू, शास्त्रहरूका साथै विभिन्न साहित्यिक ग्रन्थहरूमा पाइन्छ। रामायण, महाभारतका साथै जैन एवं बौद्ध साहित्यमा पनि चित्रकला तथा चित्रका सम्वन्धमा वर्णन गरिएको पाइन्छ। यसैगरी इतिहास, पुराण, काव्यादि संस्कृतका अन्यान्य ग्रन्थहरूमा पनि चित्रका सम्वन्धमा विशद वर्णन गरिएको भेटिन्छ। साँच्चै भन्ने हो भने प्राचीन यस्तो कुनै साहित्य छैन जहाँ कुनै न कुनै रूपमा चित्रका सम्वन्धमा वर्णन नगरिएको होस्। सबैजसो साहित्य तथा शास्त्रमा कुनै न कुनै अंशमा यस्ता प्रकारका चित्रहरूको वर्णन गरिएको पाइन्छ। उदाहरणको लागि कालिदासद्वारा रचित मेघदूतको उत्तरमेघमा उल्लिखित यो श्लोकलाई लिन सकिन्छ। त्यहाँ भनिएको छ- जब मैले पत्थरको शिलामा गेरूले तिम्रो रिसाएको मूर्ति वनाएर यो देखाउन चाहन्छु जसमा रिसाएकी तिमीलाई मनाउनका लागि म तिम्रो पाउमा परेको हुन्छु त्यो समयमा आँसूको भेल बग्दछ जसले गर्दा तिमीले हेर्न पनि सक्दैनौ निर्दयी भाग्यले चित्रमा पनि हामीलाई एक-आपसमा हेराहेर गर्न दिएको छैन[१६]। प्रस्तुत श्लोकमा विरहले युक्त विरहीको कथा र व्यथालाई कसरी सटिक शैलीमा वर्णन गरिएको छ भन्ने कुराको ज्ञान काव्यकलामा डुबेको काव्य रसिकले मात्र प्राप्त गर्न सक्दछ। कालिदासकै महाकाव्य 'अभिज्ञान शाकुन्तल' को छैठौं अङ्कमा दुष्यन्त भन्दछन्- अब मैले मालिनी नदीको चित्रण गर्नुछ जसको वगरमा हाँसको जोडी बसेको छ। त्यसको दुवैतिर हिमालय चित्रित गर्नुछ जहाँ हरिण बसेको छ। त्यहाँ मैले यस्तो वृक्षको पनि अङ्कित गर्न चाहन्छु जुन वृक्षमा वल्कल वस्त्रहरू टागिएका होऊन् जसको छहारीमा बसेकी हरिणीले आफ्नो बाँया आँखा कालो हरिणको सिङ्गले रगडेर कनाइरहेको होस्[१७]। यसरी काव्यकारले पनि चित्रकलाका सम्बन्धमा

१६. त्वामालिख्य प्रणयकुपितां धातुरागैः शिलाया- मात्मानं ते चरणपतितं यावदिच्छामि कर्तुम्।
अस्रैस्तावन्मुहुरुपचितैर्दृष्टिरालुप्यते मे क्रूरस्तस्मिन्नपि न सहते संगमं नौ कृतान्तः॥ उत्तरमेघ।
१७ कार्या सैकतीलीनहंसमिथुना स्रोतोवहा मालिनी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सटिक वर्णन गरेर काव्यरसिकलाई रसास्वादन गराउने कविको कला निश्चय पनि ईश्वरीय वरदान तथा 'सत्यं शिवं सुन्दरम्' हो ।

'विष्णुधर्मोत्तरपुराण' को तृतीय खण्डमा एक सय अठार अध्यायले युक्त एक प्रकरण रहेको छ । जुन 'चित्रसूत्र' का नामले चिनिन्छ । जसमा देव-प्रतिमाको विषयमा विस्तार पूर्वक वर्णन गरिएको छ । त्यसमा पनि चित्रविद्यासम्बन्धी (अध्याय ३५ देखि ४३ अध्यायसम्म) नौ अध्याय रोचक रहेका छन् । यी नौ अध्यायको पनि सविशेष नाम चित्रसूत्र नै हो । यहाँ गुप्तकालीन चित्रकलाका सिद्धान्तलाई विशेष गरेर प्रकाश पारिएको छ । त्यहाँ भनिएको छ-कलाहरूमध्ये चित्रकला उत्तम रहेको छ । चित्रकलाको साधनाबाट धर्म, अर्थ, काम र मोक्ष गरी चारै पुरुषार्थको प्राप्ति हुन्छ । घरमा चित्र बनाउने भन्दा मंगलकारक अरू केही पनि छैन[१८] । चित्रकलाको प्रशंसाका सम्बन्धमा यो भन्दा बढी अरु के नै हुन सक्दछ र ? प्राचीनकालमा कलाका सम्बन्धमा जुन सम्मानको भावना थियो त्यही सम्मानको भावनाको प्रतिबिम्ब नै हो प्रस्तुत श्लोक । चित्रकलासम्बन्धी भावनालाई सोही प्रसङ्गमा भनिएको छ- जसरी पर्वतहरूमध्ये सुमेरु, पक्षीहरूमध्ये गरुड र मनुष्यमा राजा श्रेष्ठ मानिन्छन् त्यसैगरी कलाहरूमध्ये चित्रकला अत्यन्त श्रेष्ठ रहेको छ[१९] । कलाको माध्यम कुनै पनि हुन सक्दछ त्यसले भावलाई मूर्तरूपमा प्रस्तुत गरेको हुन्छ । मूर्तरूप भनेकै आकृति हो । आकृतिको प्राण भनेको आकारजनित रेखा हो । प्रत्येक कलामा आकारजनित रेखाको मूलतः आवश्यकता हुन्छ । त्यसैमा नै कलाको सौष्ठव निर्भर हुन्छ र त्यही सौष्ठव नै समग्रमा सत्यं शिवं सुन्दरम् अप्रतिम स्वरूप हो ।

कला कल्याणकी जननी हुन् । यो धर्तीमा मानवको उदय जतिवेला भयो त्यतिबेलाको इतिहास कलाकै हातबाट लेखिएको छ भन्दा अत्युक्ति हुने छैन । विश्वात्माको सर्जना शक्तिका कारण सृष्टिका समस्त पदार्थमा उही परमात्माको आधान रहेको छ । परमात्मा अनन्तरूप रहेका हुन्छन् । परमात्माका अनन्त रूपको निष्पत्ति पनि कलाकार(परमेश्वर)बाटै भएको हो । जति पनि तत्वविद्,

---

पादास्तामभिमतो निषण्णहरिणागौरीगुरोः पावनाः ।
शाखालम्बितवल्कलस्य च तरोर्निर्मातुमिच्छाम्बधः
श्रृंगे कृणमृगस्य वामनयनं कण्डूयमानां मृगीम् ॥ अभिज्ञानशाकुन्तल, अङ्क, ६ ।

१८ कलानां प्रवरं चित्रं धर्मकामार्थमोक्षदम् ।
मांगल्यं प्रथमं ह्येतद् गृहे यत्र प्रतिष्ठितम् ॥
विष्णुधर्मोत्तर पुराण, चित्रसूत्र ३.४३.३८ ।

१९ यथा सुमेरुः प्रवरो नगानां यथाण्डजानां गरुडः प्रधानः ।
यथा नराणां प्रवरः क्षितीशस्तथा कलानामिह चित्रकल्पः ॥
विष्णुधर्मोत्तर पुराण, चित्रसूत्र ३.४३.३९ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साहित्यस्रष्टा एवं कलासेवी भए ती सवैले भिन्न-भिन्न मार्गको माध्यमवाट एउटै लक्ष्यको अनुसन्धान गरेको पाइन्छ। कलाले मनुष्यको वास्तविक स्वरूप, उसको चित्तका प्रवृत्ति र वासनाको साक्षात्कार पनि गराउँछ। यसो गर्नाले रसहरूको उद्वोधन हुन्छ र मनुष्यलाई दैनन्दिनको स्थूल जीवनवाट माथि पनि उठाउँछ। कलाले मानवीय भावनालाई शुद्ध वनाउनुको साथै चित्तशुद्धि पनि गराउँछ। नारी र पुरुष परापूर्व कालदेखि नै एक-अर्काप्रति आकर्षित थिए र हुन्छन् नै। मनुष्यमात्रमा काम वासना व्याप्त रहेको हुन्छ तर काम वासनाले नै एक-अर्काप्रति सहनशीलता, एक-अर्काप्रतिको यस्तो प्रेम जो केवल शारीरिक भोगको मात्र अपेक्षा गर्दैन यी सवै गुण उत्पन्न हुन्छन्। चित्रकारले यो भावनालाई पनि सामुन्ने ल्याइदिन्छ। जव कलाकारले साधारण स्त्री-पुरुषको स्थानमा शिव-पार्वती या राधा-कृष्णको परिकल्पना गर्दछ तव व्यक्तिको भावना परिवर्तित हुन्छ जुन भावनावाट व्यक्ति धरातलवाट केही माथि उठेर विश्वधरातलमा पुग्दछ। जव वासना पवित्र हुन्छ त्यसले भक्तिको स्वरूप धारण गर्दछ भन्ने मनोविज्ञान वेत्ताको धारणा रहको छ। यही नै वास्तवमा सत्यस्वरूप, शिवस्वरूप र सुन्दरस्वरूप हो। हाम्रा पूर्वज ऋषिमहर्षिहरू परिवर्तनशील तथा कालदर्शक थिए। यही भूमिका जन्मेका हाम्रा ती अग्रजहरू जसले आफ्नो चरित्रको माध्यमवाट संसारलाई शिक्षा दिएका थिए[२०]। तर हाम्रो समाज हाम्रो त्यो विरासतवाट अपरिचित देखिन्छ। हाम्रो धर्म, संस्कृति, कला आदिवाट वर्तमान पुस्ता अत्यन्त टाढा भएको महसुस सर्वत्र गरिदै छ। पूर्वीय सभ्यता, संस्कृति, कला, धर्म आदि सवैको उत्पत्ति वेदवाट भएको हो। वेदलाई 'सर्व ज्ञानमयो हि स' अर्थात् सवै ज्ञानको भण्डार मानिएको छ। यस्तो ज्ञानको भण्डारको रूपमा रहेको वेद एक नभएर चार-चारवटा छन्। यी चारवटा वेदमध्ये ऋग्वेदले विशेष गरेर ज्ञानको प्रतिनिधित्व गर्दछ भने यजुर्वेदले कर्मको प्रतिनिधित्व गर्दछ। यस्तै सामवेद उपासनासँग जोडिएको छ भने अथर्ववेद दैनिक जीवन यापनका साथै कलासँग सम्वन्धित छ जसलाई कतिपय विद्वान्ले मोक्षसाधनासँग सम्वन्धित रहेको पनि वताएका छन्। चार वेदका चारवटै उपवेद पनि छन् ऋग्वेदको उपवेद आयुर्वेद, यजुर्वेदको धनुर्वेद, सामवेदको गान्धर्ववेद र अथर्ववेदको उपवेद अर्थवेद तथा स्थापत्यवेद हो। कतिपय विद्वान्हरूले अथर्ववेदको उपवेदको रूपमा आयुर्वेदलाई लिने गरेको पनि पाइन्छ। चारवेद, पुराण, न्याय, मीमांसा, धर्मशास्त्र, वेदका छवटा अङ्ग (शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष) र चारवटा उपवेद गरी अष्टादश विद्या रहेका थिए जसको आधारमा प्राय सवै विज्ञान (Pure, Positive and Technical) को जन्म एवं विकास भइसकेको देखिन्छ। यी अष्टादश विद्यामा पारङ्गतलाई नै

२० एतद्देशप्रसूतस्य सकाशादग्रजन्मनः।
स्वं स्वं चरित्रं शिक्षेरन् पृथिव्यां सर्वमानवाः॥ मनुस्मृति, २.२०।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राचीनकालमा वास्तवमा विद्वान्को कोटिमा गनिन्थ्यो । अथर्ववेदको उपवेदको रूपमा रहेको स्थापत्यवेदसँग सम्वद्ध कलाको उद्देश्य केवल बौद्धिक व्यायाममात्र थिएन न त विलासिताको साधन मात्र । वास्तवमा भन्ने हो भने कला व्यवहारिक जीवनको लागि आदर्शरूप थियो भने पारमार्थिक जीवनका लागि श्रेय प्राप्तिको साधन । धार्मिक दृष्टिले कला माङ्गलिक कार्यको सूचक हो भने लोकहितका दृष्टिले शिवमयी आराधना । यही दृष्टिले नै कलामा सत्यं, शिवं, सन्दरम्को आधान गरिएको हो । सारांशमा भन्दा कलाको अर्थ शिवत्वको उपलब्धिका लागि सत्यको सौन्दर्यमय अभिव्यक्ति हो । सर्जन प्रक्रिया शाश्वत, सुन्दर र सुखात्मक हुन्छ । प्राकृतिक एवं लौकिक सृष्टि शाश्वत र सनातन हुन सक्दैन । जुन सुख कहिल्यै दुःखमा वदलिँदैन, निष्पाप, मंगलास्पद शिव स्वरूप मानिएको छ । सत्य त्यो हो जो शाश्वत एवं सनातन होस् अतः सत्यं शिवं सुन्दरम्को अविनासी सम्वन्ध रहेको छ । कलाको क्षेत्रमा पनि सत्यं शिवं सुन्दरम्को भावलाई यही रूपमा स्थापना गरिएको छ । वास्तवमा प्रकृतिमा सुन्दरता हुनु सत्य हो तर त्यो सत्यलाई सुन्दर बनाएर जीवनका लागि मंगलप्रद बनाउनु नै कला दर्शन हो ।

११. उपसंहारः

कलाको जन्म एवं विकास वैदिककालभन्दा अगाडिदेखि भएको थियो भन्ने कुरा ऋग्वेदमा कलासम्बन्धी विभिन्न पक्षका सम्बन्धमा उल्लेख भएबाट स्पष्ट हुन आउँछ । पुरातत्वीय अन्वेषण तथा प्राचीन वैदिक साहित्यको अनुशीलनको आधारमा ईसा पूर्व शताब्दीऔं पूर्व कलाको विकास भइसकेको थियो । वैदिक कालमा भौतिक एवं आध्यात्मिक दुबै पक्ष उत्कर्षमा पुगेको देखिन्छ । जुन कुरा नाट्य, संगीत, नृत्य तथा आलेख्य वैदिककालमै पूर्णरूपले प्रचलित भएबाटै स्पष्ट हुन्छ । जसको प्रमाण भरतको नाट्यशास्त्र रहेको छ । जनानुरञ्जन एवं जनतालाई उपदेशात्मक, मनोरञ्जनात्मक, ज्ञानात्मक गाथाहरूको माध्यमद्वारा प्रचार गर्नका लागि ब्रम्हाले नाट्यवेदको नामले पाँचौं वेदको निर्माण गरेको कुराको उल्लेख नाट्यशास्त्रमा गरिएको छ । वात्सायनको कामसूत्र भौतिक विकासको एक महान् दर्पण नै हो । जसमा नागरिकहरूका लागि चतुषष्टि-कला-सेवन एक प्रकारको जीवन एवं सामाजिक सभ्यताको अभिन्न अङ्ग बनेबाट स्पष्ट हुन्छ । वात्सायनद्वारा उल्लेखित चौसट्ठी कलाहरूमध्ये नृत्य, गीत, आलेख्य(चित्रकला)का साथ साथै नाना अन्य शिल्पकलाहरूको पनि उल्लेख गरिएको छ । दुर्भाग्य भनौ कि के भनौ हाम्रो आधुनिक समाज वैदिक, धर्मशास्त्रीय, पौराणिक, ज्योतिष, व्याकरण, दर्शन आदि शास्त्रहरूका अतिरिक्त अत्यन्त प्रोन्नत एवं प्रवृद्ध वैज्ञानिक एव पारिभाषिक शास्त्रबाट अपरिचि छ । वेदहरू थिए भन्ने कुरामा कतिपयलाई ज्ञान होला तर वेदमा कुन कुन कुराको ज्ञान छ भन्ने सम्बन्धमा भने सायदै केहीलाई मात्र होला । चारवेद छन् भन्ने ज्ञानकै कमी रहेको वर्तमान अवस्थामा यी चार वेदका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपवेद पनि छन् भन्ने कुरामा त धेरैको ज्ञान नहुन सक्दछ ।

त्यही स्थापत्य वेदसँग सम्बद्ध कलामा भावव्यञ्जनताको प्रधानता रहन्छ । आकृति, प्रतिकृति र अभिव्यक्ति गरी कलालाई प्रस्तुतिकरणका हिसावले तीन भागमा विभाजन गर्न सकिन्छ । जुन कलाको उद्देश्य मुख्य रूपले सौन्दर्यमयी आकृतिहरू बनाइएको हुन्छ त्यस्तो कलाकृतिलाई आकृतिप्रधान कलाकृति भनिन्छ । यस्तै रमणीय प्राकृतिक घटनाहरू र मानवीय रूपको यथार्थ प्रतिकृति वनाएर कलालाई स्मरणीय वनाइन्छ भने त्यो कला प्रतिकृति प्रधानकलाको रूपमा चिनिन्छ र जुन कलाकृतिमा अमूर्त भावलाई कलात्मक कृतिद्वारा अभिव्यक्त गरिन्छ त्यस्तो कलाकृतिलाई अभिव्यक्तिप्रधान कलाकृतिको रूपमा चिनिन्छ । विशेष गरेर तेस्रो अभिव्यक्ति प्रधान कलालाई नेपाली कलाकारहरूले विशेष महत्व दिने गरेको पाइन्छ । जति पनि प्राचीन नेपाली कलाकृति छन् सवैजसो कलाकृति धार्मिक भावनाले ओतप्रोत रहेका छन् । सत्यं, शिवं सुन्दरम्को भावनाले ओतप्रोत रहेको हाम्रा पुर्खाले छोडेको अनुपम संरक्षण र सम्वर्द्धन गर्ने दायित्व पनि हामीमा रहेकाले निस्काम भावनाले मोक्षमार्गमा अग्रसर गराउने कलाकृतिको जर्गेना गर्नका लागि क्रियाशील हुनु हरेक नेपालीको कर्तव्य हुन आउँछ ।

सन्दर्भग्रन्थहरू

* अग्रवाल, मधूलिका, **चित्रकला और संस्कृत साहित्य,** हिन्दुस्तानी एकेडेमी, इलाहावाद, सन् २००२ ।
* ऋक्संहिता, भाष्यकार स्कन्दस्वामी, महामहिमसेतुलक्ष्मीमहाराज्ञीशासनेन राजकीय मुद्रणयन्त्रालये तदध्यक्षेण मुद्रयित्वा प्रकाशिता च, सन् १९२९ ।
* कालीदास, अभिज्ञान शाकुन्तल, मेघदूत ।
* गैरोला, वाचस्पति, **भारतीय चित्रकला,** मित्र प्रकाशन, इलाहावाद, सन् १९६३ ।
* दीक्षित, सुरेन्द्रनाथ, **भरत और भारतीय नाट्यकला,** मोतीलाल वनारसी दास, सन् १९८९ ।
* पञ्चायत स्मारिका, २०४३ पौष १ गते ।
* प्रसाद, ईश्वरी एवं शर्मा शैलेन्द्र, **प्राचीन भारतीय संस्कृति, कला, राजनीति, धर्म तथा दर्शन,** मीनू पब्लिकेशन्स, सन् १९८० ।
* पाणिनिः, अष्ठाध्यायीसूत्रपाठः, चौखम्वा संस्कृत सीरीज अफिस, वाराणसी, सप्तमसंस्करणम्, वि.सं. १९३२ ।
* **भारतीय कलाका सिंहावलोकन,** सूचना और प्रसार मन्त्रालय भारत सरकार, सन् १९५५ ।
* मनु, मनुस्मृति, चौखम्वा विद्याभवन, वाराणसी, सन् २०१४ ।
* महाराजाधिराजश्रीभोजदेवप्रणीतः समराङ्गसूत्रधारः, भाग १,सन् १९२४ ।
* मुनि, मय, मयमतं, राजकीय मुद्रणालय, सन् १९१९ ।
* राय, कृष्णदास, **भारतकी चित्रकला,** सन् १९९६ ।
* व्यास, विष्णुधर्मोत्तर पुराण, क्षेमराज-श्रीकृष्णदास, श्रीवेङ्कटेश्वर यन्त्रालय मुम्बई ।
* वात्सायन, कामसूत्रम् सन् १९२९ ।
* वेदालङ्कार, हरिदत्त, **भारतका सांस्कृतिक इतिहास,** आत्माराम एण्ड संस, सन् १९४९ ।

सह-प्राध्यापक, धर्मशास्त्रविभाग, नेपाल संस्कृत विश्वविद्यालय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बोस्टनमा बिताएका अनिदा रातहरू



✍ गोविन्द गिरी प्रेरणा

बोस्टनमा कहिल्यै पूरा रात सुत्न पाइएन ।

हुन त म बोस्टन जम्मा २ पल्ट गएको हुँ, एक दिनका लागि र ३ दिनका लागि । तर जतिदिन बसेँ सुत्न पाइएन पूरा निद्रा । भनौं, बोस्टनमा सुत्न नजुरेको रहेछ ।

पहिलोपल्ट म अनिदो नै पुगेको थिएँ ।

कुरा के थियो भने एनआरएनको क्षेत्रीय सम्मेलन भएको थियो ह्युस्टन टेक्सासमा । म त्यो सम्मेलनमा सहभागी हुन पुगेको थिएँ । सम्मेलन सकिने रात दिउँसै भीम कार्की फर्कनु भएपछि म कोठामा एक्लै थिएँ । तर मेरो एकान्तलाई दूर गर्न मित्र लोकनाथ तिवारीले सहयोग पुर्‍याउनु भयो ।

पिउने कर्म मजाले गरिएको थियो र आकाश पातालका कुरा गर्दै रातको एक प्रहर समाप्त भैसकेको थियो । म बिहान ४ वजे होटलबाट प्रस्थान गर्नुपर्ने थियो । मेरो गन्तव्य बोस्टन थियो ।

झण्डै ३ बजेपछि हामीले सोच्यौं, अब सुत्नु निद्रालाई जिस्क्याउनु सरह हो । त्यसैले नसुत्ने निर्णय त गरियो तर आँखा मजाले बटारिन थाले । लौ त भनेर यसो के पल्टिएको थिएँ होटलको वेक अप कल अर्थात् बिउँझाइदिने फोनले बिउँझाइदियो र सूक्ष्म विहानी कर्मबाट निवृत्त भएर लोकनाथजीलाई ओछ्यान लोकको निद्रालोकमै विचरण गर्न दिएर म होटलको लवीमा आएँ जहाँ मलाई यौटा ट्याक्सी पहिलेनै प्रतीक्षारत थियो ।

त्यो ट्याक्सीमा बसेपछि मैले महसुस गरेँ, मेरा आँखाले जम्माजम्मी ४५ मिनेटको निद्राप्रसाद पाएछन् । धन्य त्यति भए पनि त पाइयो भन्दै लट्ठिएका आँखा लिएर एयर पोर्ट पुगेँ । अमेरिकन इगल नामको अमेरिकन एयरलाइन्सको सानो र छरितो विमानमा छोटो यात्रा गर्दै म डल्लास पुगेँ जहाँबाट २ घण्टापछि मलाई बोस्टनका लागि उड्नु थियो ।

बोस्टन म २९ औं एएनए सम्मेलनको अन्तिम तयारी बैठकमा भाग लिन पुगेको थिएँ । म एएनएको कार्यकारी समितिमा नभए पनि एएनएसँग आबद्ध मिडिया क्लवको संयोजक भएको र एएनएलाई नजिकबाट सघाउँदै आएको हुनाले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तथा एएनएका अध्यक्ष र उपाध्यक्षले विश्वास गरेका हुनाले म एएनएको वोर्डको सदस्य बराबर नै थिएँ। वोस्टन लोगन विमानस्थलमा पहिलोपल्ट अवतरण गर्दा समुद्रको किनारमा अवस्थित वोस्टन सहरले मलाई मज्जाले आकर्षित गर्‍यो। तर आँखामा भने हिजोको निद्रा चमेरो झैं तुर्लुंग झुण्डिएको थियो।

मैले विमानस्थलवाट फोन गरेपछि कुनै एकजना भाई आएर मलाई पार्क प्लाजा होटलको वैठक चलिरहेको स्थलसम्म पुर्‍याएर सहयोग गर्नुभयो। वैठक सकिने वेला भएको थियो तर पनि मलाई छोटकरीमा वैठकको वारेमा जानकारी दिइयो र मैले पनि आफ्ना कुरा राखें।

वैठक सकिए लगत्तै भर्खरै खुलेको नेपाली रेस्टुरेन्टमा विहानीको खाना खान पुगेका थियौं हामी। मैले त्यतिखेर एएनएका अध्यक्ष सिमोन ढुँगानालाई सोधें सुटुक्क, कस्तो छ त व्यवस्थापनको स्थिति ?

सिमोनले मुख कुच्याएर भन्नुभयो, मैले २ वटा सम्मेलन चलाएँ, यस्तो कच्चा अवस्था त कहिल्यै थिएन।

त्यसो भए सम्मेलन अध्यक्षभन्दा अगाडि वढेर आफ्नो अधिकार प्रयोग गर्नोस् नत्र असफलतासँग तपाईंको पनि नाम जोडिन्छ।

ooo

विहानीको खानापछि सिमोनजी फर्कनु भयो। मेरो फ्लाइट भोलि मात्र भएकोले म चाहिँ वस्ने भएँ। दिउँसो टाउन हल मिटिंग थियो जसमा मेरो सहभागिता आधा मात्र भयो। आधा समय त अर्ध निद्रामा झुलेरै खपत भएको थियो। टाउन हल मिटिंग सकिएपछि महेश्वर पन्तजीले मलाई वोस्टन डाउन टाउनको सङ्क्षिप्त भ्रमण गराउँदै यौटा चिनियाँ रेस्टुरामा लैजानु भयो जहाँ हामीले केही हल्का खाजा र पेय उदरस्थ गर्ने कर्म गरयौं।

त्यसपछि हामी सुन्दर गुरुङगजीको निवासमा पुग्यौं जहाँ वारविक्यू गरिएका मासुका लाप्सा, पेय र अन्य परिकारहरू हाम्रो प्रतीक्षामा थिए। त्यहाँ उत्तमवावु श्रेष्ट, तामाङगजी लगायत मेदिनी अधिकारीहरू थिए। त्यहींनै भेटिनु भयो प्रख्यात संगीतकार अम्वर गुरुङका सुपुत्र पनि। केहीवेरमा लोक गायनका प्रतिभा पनि आइपुगेपछि त्यो रात्री सङ्गीतमय हुन पुग्यो।

वास्तवमा सङ्गीतले यो दुनियाँलाई कति श्रवणमय वनाइदिएको छ।

रातको १।२ कति बजेसम्म खाइयो, पिइयो थाहा भएन। त्यसपछि स्वतः निदाइयो, बिना कुनै प्रयत्न। यस्ता खानपानले निद्राको औषधीकै काम गर्छ।

सुतेको समयको सम्झना नभए पनि उठेको समय भने मलाई याद छ। ४ वजे। ४ बजे कसैले मलाई उठाउँदै भन्यो, "उठ्नु पर्‍यो।"

मैले आँखा मिच्दै मुन्टो उठाएँ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तिनले भने, "हजुरलाई एयरपोर्ट पुऱ्याउने जिम्मा मैले पाएको छु । म ६ वजे काममा पुग्नु पर्छ, तपाईंलाई एयरपोर्ट पुऱ्याएर । त्यसैले तपाइं तयार भैहाल्नु पऱ्यो ।"

म हतारहतार उठेर हतारहतार तयार भएँ ।

अनिदो आँखामै म एयरपोर्ट पुगिसकेको थिएँ । विमानको उडान समय निकै टाढा थियो र कफीसपहरू खुल्ने तर्खरमा थिए ।

मलाई एयरपोर्ट पुऱ्याउने मित्र मलाई छाडेर गइसक्नु भएको थियो । अव यसो फोन गरौं भनेर खल्ती छाम्छु त फोन खल्तीमा थिएन । हिजो खानपानको बेलामा चार्जमा राखेको फोन सुन्दरजीको घरमै छुटेछ ।

अब संवादका ढोकाहरू बन्द भएका थिए सेल फोनको अभावमा ।

मैले एयरपोर्टबाट पे फोन मार्फत् मेदिनी र सुन्दरजीलाई धेरै पटक फोन सम्पर्क गर्न खोजें र ध्वनि सन्देश छाडेँ तर त्यो कुनै कामको भएन । सायद मध्यरातसम्म चलेको पार्टीको धङधडीले घुर्दै हुनुहोला भन्ने अनुमान गरे र म आफ्नो अनिदो आँखा र जीवित धङधडीका साथ भर्खरै खुलेको कफीसपमा कफी लिन लाममा वसेँ । बोस्टनको यो पहिलो यात्रा यसरी सेल फोन बिर्सेर अनिदो मै बितेको थियो र आँखामा अनिदोपन बोकेर फर्केको थिएँ ।

००

बोस्टनमा म पुन: ३ रातका लागि गएँ, २०१० को जुलाई १ का दिन । तर यस पटकका रातहरू पनि अनिदो नै विते । कस्तो अचम्म ।

यस पल्टको बोस्टन उडान वासिङटन डलस एयरपोर्टबाट सिधै लोगान विमानस्थल थियो । यसपल्टको यात्रामा सहयात्री थिए कवि हेमन्त श्रेष्ठ । कविजी भन्छौं हामी एक अर्कालाई । कविजी सँगै जाऔं भनेर मैले नै प्रस्ताव गरेको थिएँ र मैले नै टिकट बुक गरेको थिएँ । एयरपोर्टसम्म मेरो छोरा अनुभवले पुऱ्याइदिएको थियो मलाई भने कविजीलाई चाहिँ उनकै छोरीले ।

मैले कविजीलाई भनें, कविजी यसपालि पहिलोपल्ट अमेरिकामा हामी सँगै प्लेनमा यात्रा गर्दैछौं हगि ?

कविजीले हाँस्दै भने, "मेरो अमेरिकामा यो हवाई यात्रा नै पहिलो हो ।" छक्क परें म । त्यसो त कविजी धेरै ठाउँमा घुमेका छन्, तर गाडीमा । रमाइलो संयोग मान्नुपर्छ यो उनको प्रथम हवाई यात्राको सहयात्री र साक्षी म हुन पाएँ ।

न्युयोर्कमा प्रथम अन्तर्राष्ट्रिय साहित्य सम्मेलन नाम दिइएको भेलामा सहभागी भएर फर्कदा हामी दिनभर भनौं साथै बात मार्दै यात्रा गरेका थियौं । सँगै यात्रा गर्ने अवसर जुटेको चाहिँ यो दोश्रो पल्ट थियो, हवाई यात्राको हिसाबले प्रथम भए पनि । त्यसबेला भएको यौटा घटना बडो रोचक छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बस डबल डेकर थियो र हामी माथिल्लो तल्लाको अघिल्लो सिटमा वसेर विमान यात्राको झैं रोमाञ्च अनुभूत गर्दै नेपालमा विताएका साहित्यिक दिनहरू र विभिन्न साहित्यकारहरूको आनी वानी र विसङ्गतिपूर्ण व्यवहारको रमाइलो चर्चा गर्दै थियौं । हामीले फोहर शव्द त उच्चारण गरेनौं तर केही वदख्वाईं, केही आलोचना र केही उडाउने हिसावका कुराहरू जरुर भए ।

झण्डै वाल्टिमोरनिर आएपछि हामीसँगै आएका एक सहयात्रीले मुख खोले, “ए, तपाईंहरू पनि नेपाली ? म पनि नेपाली हुँ, त्यसैले त वाटाभरि तपाईंहरूको कुरा सुनेर मज्जा लाग्यो ।” तिनले मन्द मुस्कान छर्दै बताए ।

हेमन्तले सोधे, “कतै हामीले नराम्रो कुरा त गरेनौं ?”

छैन छैन । यत्ति भनेका थिए तिनले ।

वास्तवमा नेपालको साहित्य र साहित्यकारसँग नजिक नभएको व्यक्तिलाई हामीहरूको गफको कुनै सरोकार हुने कुरा थिएन । हामीले काठमाडौंका साहित्यिक दिनहरूको परिभ्रमण गरेका थियौं ।

विमान समयमै लोगान विमानस्थलमा उत्रियो । समुद्री तटमा रहेको यो विमानस्थलको आफ्नै प्रकारको रमाइलो सौन्दर्य छ । विशेष गरी विमान अवतरणको समयमा यो सौन्दर्य मजाले पान गर्न पाइन्छ । दुवइमा मैले समुद्री तटको अवतरणको सौन्दर्य सन् १९९२ मा पहिलो पल्टको विदेश यात्रामा देख्न पाएको थिएँ । त्यो पहिलो पल्टको याद मलाई सधैं हुन्छ । अमेरिकाका विभिन्न ठाउँमा यस्ता सौन्दर्य देख्न पाइएको छ । त्यसमध्य यो लोगान पनि एक हो ।

विमानस्थलबाट हामी सिधै पार्कप्लाजा होटल पुग्यौं र होटलको कोठाका लागि एएनएका पदाधिकारीहरूको खोजीमा लागें म भने हेमन्त पनि आफुले वुक गरेको कोठाको खोजिमा लागे । भद्रगोल हिसावको उद्घाटन समारोह सकिएपछि त्यहाँ रहेका वुथहरू चहार्न थालियो । विभिन्न स्टलहरू चहार्दा चहार्दै गायिका अन्जु पन्त र उनका पति यौटावुथमा फेला परे । उनीहरू नेपालवाट ल्याएको सिडी बिक्री प्रवर्द्धन गर्ने क्रममा थिए । मैले एक सेट सिडी किनें ।

कवि गोष्ठी नै हाम्रो लागि मूल आकर्षण थियो र भव्य रूपले सम्पन्न भयो । हाल टेक्सासमा बसोवास गर्नु हुने साहित्यप्रेमी व्यवसायी हेम पाठकको सौजन्यबाट एक हजार डलरको पुरस्कार राखिएको कविता प्रतियोगिता र त्यसमा पुरस्कृत हुनेको विषयमा जान्न आतुर जिज्ञासुहरू प्रशस्त थिए । साहित्यको क्षेत्रमा यौटा कविता प्रतियोगिताको लागि हजार डलरको यो पुरस्कार नै नेपाली साहित्य जगतमा ठूलो पुरस्कार हो । कवि गोष्ठी भव्य र रमाइलो वातावरणमा सम्पन्न भएपछिको वाँकी समय सांस्कृतिक कार्यक्रम र रसपानकै लागि त हो । त्यो कर्ममा लागेपछि रात अनिदो हुनु स्वाभाविकै थियो । यसरी अनिदो रात

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बिताउनुको पनि आफ्नै प्रकारको मजा र आनन्द हुन्छ, त्यो म पान गर्दै थिएँ, बोस्टनमा ।

यस्ता सम्मेलनहरूमा अमेरिकाका विभिन्न सहरहरूमा गइन्छ, तर सम्मेलनको लम्बेतान कार्यक्रमले त्यो सहरको राम्रो भ्रमण गर्ने अवसर कहिल्यै जुर्दैन । यसपालि भने सम्मेलनमा पूरा नवसी घुमघाम पनि गर्ने मनसाय बनाएँ मैले र साथीहरूलाई प्रस्ताव गरे । साथीहरू पनि यस्तो प्रस्ताव कसले गर्ला र सहमतिमा ताली बजाउँला झैं पो देखिए त । सवले स्वीकारे मेरो प्रस्ताव र हामी केही कवि लेखक बोस्टन सहर पर्यटकलाई घुमाउने बसमा टिकट लिन पुग्यौं । टिकट लिंदालिंदै मेरो सेल फोनमा सिमोनजीको फोन आयो, गोविन्दजी यहाँको यो अहिलेको फोरममा तपाईंले बोल्दिनै पर्छ ।

सिमोनजीको कुरालाई मैले कसरी नाईं भन्नु ? म हतारहतार वस बिसौनीबाट पार्कप्लाजा होटलको त्यो फोरम चलिरहेको कक्षमा पुगें र मैले आफू हतारमा भएकोले मेरो बोल्ने पालो छिटै राखिदिन आग्रह गरें । तर २।३ पल्ट आग्रह गर्दा पनि पालो आएकै होइन । उता सेल फोनमा लगातार रिंग आएको आयै थियो, घुम्न जान छिटो गर्नु पर्‍यो भनेर । बल्ल मेरो बोल्ने पालो आयो र सङ्क्षिप्त रूपमा आफ्नो मन्तव्य हतारहतार राखेर म हस्याँग फस्याँग गर्दै वस विसौनी पुगें । साथीहरू मसँग आगो भइसकेका रहेछन्, ढिलो गर्‍यो भनेर । तर उनीहरूले क्यै बोल्नु अघि वस आइपुगेकोले उनीहरूले आगो ओकल्ने अवसरै पाएनन् । वसमा चढिसकेपछि त दृष्यावलोकन् गरून् कि मलाई गाली गरून् ?

वास्तवमा मसँग आगो हुनुको कारण के रहेछ भने सवैसँग पैसा उठाएर टिकट मैले किनेको थिएँ र उता फोरममा भाषण ठोक्न जाँदा मैले सवैको टिकट आफैंसँग लिएर गएछु । म ढिलो भएको भए उनीहरू मलाई छाडेर जान सक्थे, तर टिकट मैसँग भएकोले उनीहरू आगो भएका रहेछन् । तर पछि ठट्टा, रमाइलो र अनौपचारिक साहित्यिक छलफल र गफगाफ चल्न थालेपछि मप्रतिको रिस शान्त मुद्रामा परिवर्तित भैसकेको थियो ।

वास्तवमा यो दृष्यावलोकन भ्रमण त नाम मात्रको थियो, साहित्यिक गफगाफ नै प्रमुख कुरा थियो । कसैलाई मान मनितो नगरीकन मजाले आफ्ना कुरा भन्न पाइने यस्ता अवसरको फाइदा हो । गीता खत्री पतिसहित, वासु श्रेष्ठ पत्नीसहित, शरद निरौला र मञ्जु निरौला पति पत्नी, हेमन्त श्रेष्ठ, गोविन्द सिङ रावत र म दृष्यावलोकन भ्रमणका पात्र थियौं । भ्रमणमा स्थल भ्रमण र दृष्यावलोकन सहित छोटो नौका विहार पनि समावेश रहेछ । यो मजाको पक्ष थियो । नौकाले किनार छाडेपछि हामीले पनि अनुशासन अलि खुकुलो बनायौं र नौकामा किन्न पाइने नसानसामा नशा सञ्चार गराइदिने पेय चियर्स गर्दै झन् रमाउन थाल्यौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खुल्ला आकाश, टाढाटाढासम्म देखिने पानीको अनन्त संसार, किनारमा अवस्थित सुन्दर बान्कीका भवनहरू, हातमा वियर र ओठमा अनौपचारिक गफको अन्त्यहीन सिलसिला । त्यो अमूल्य क्षण थियो, अतुलनीय अवसर थियो, हार्दिक परिवेश थियो, सुन्दर सिलसिला थियो र थियो कहिल्यै दोहरिन नसक्ने मौसम, भौतिक रूपमा र अभौतिक रूपमा पनि ।

यी सब जीवनका अवसर हुन्, वाँच्नुका बान्की हुन् । यसरी यिनै पात्रहरू यही मुड र मौसममा रम्ने अवसर के दोहरिन सम्भव छ त ? सायद छैन । तर नदोहोरिए पनि के, यो क्षण त हामीले उपयोग गरी नै हाल्यौं ।

दृष्यावलोकन भ्रमणपछि पुन पार्क प्लाजा होटलको परिसरमा पुगेपछि हामी छरपस्ट भयौ र आआफ्नो रुचिको क्षेत्रमा सहभागी हुन पुग्यौं ।

साँझको सांस्कृतिक कार्यक्रमको आफ्नै किसिमको रमाइलो थियो । कार्यक्रम हलको कुनाकुनामा वार सजाइएको थियो र पिउन, नाच्न र रमाइलो मनोरञ्जनका सारा ढोकाहरू खुल्ला थिए । फगत् मनोरञ्जनका लागि तयार भए पुग्दथ्यो, हातमा गिलास भए पुग्दथ्यो, नाच्नका लागि हात तान्न आउनेहरूको कुनै कमी थिएन ।

एएनएका अध्यक्ष आफ्ना दुई वालक र श्रीमतिसहित पछाडितिरको मेचमा अलि उपेक्षित झैं थिए । एएनएका सम्मेलन अध्यक्ष कार्यक्रम गजव सफल भयो, अव आगामी अध्यक्ष त मै हुने हुँ भन्दै नृत्य मुद्रामा थिए र रमाइलो मुडमा मलाई वियर अफर गरे ।

फेसन सो चलिरहँदा यौटी युवती स्टेजवाट हाई हिल रड्केर स्टेजवाट तल पछारिन पुगिन् । त्यसको केही क्षणमै एक युवक पनि त्यसै गरी स्टेजवाट तल पछारिन पुगे । यसरी पछारिने अरु क्वै नभई लोकगायक प्रेमराजा महतका सुपुत्र सरगम महत थिए । त्यसपछि त कोकोहोलो नै मच्चियो । एकाएक सम्मेलन अध्यक्ष स्टेजमा पुगेर माइकबाट यसमा भएको दुर्घटनाको लागि जिम्मेवारी लिन्छु भनेर भाषण ठोक्न पुगे । तर भाग्यवस कसैलाई खास गम्भिर चोट नलागेकोले कार्यक्रम सुचारु भयो र मध्यरातपछिको डिजेले त्यतिन्जेल अलि सुषुप्त भएकालाई पनि व्युँझाइदियो र रातको प्रथम प्रहरसम्म होटलको त्यो हल सङ्गीत र नृत्यले गुञ्जायमान भैरह्यो ।

000

एएनएको सम्मेलनमा सधैंजसो अन्तिम रात वँकेट गर्ने चलन थियो । यस्तो वँकेट मैले वाल्टिमोर, क्यालिफोर्नियामा ग्रहण गर्ने अवसर पाएको थिएँ । यो विशेष गरी १०० डलरमा टिकट सिस्टममा गर्ने गरिन्छ, म चाहिँ मिडियाको कारणले यसमा समाविष्ट हुन्थें, निशुल्क । तर वोस्टनको वँकेट वँकेटका नाममा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपहास जस्तो मात्र थियो । उही सादा खाना थियो, वँकेटको तक्मासहित । त्यहाँ सम्मान गर्ने परम्परा छ, त्यो पनि त त्यस्तै हविगतको भयो ।

जे होस् साँझसम्म एएनएको त्यस वर्षको सवै औपचारिक कार्यक्रम सकिएको थियो र रातीको मनोरञ्जनको कार्यक्रम मात्र शेष रहेको थियो ।

राती केहीबेर हेमन्त, म र अन्य डिवी तामाङजीको सौजन्यमा कालो रंगको ह्विस्कीको चुस्की लाउँदै थियौं । यसो सांस्कृतिक कार्यक्रमतिर पनि लागियो । अलिअलि नाचियो पनि माइलीसँग ।

यात्रामा कतै गइन्छ, तर अन्तमा भनुँ अन्ततः फर्किनु पर्ने हुन्छ । यो प्रकृतिको नियम हो, नियति हो, यथार्थ हो, वास्तविकता हो ।

राती साह्रै अवेर गरिएछ, आँखामा निद्रा चमेरो झैं तुन्द्रुँङ्ग झुण्डिरहेको थियो । तर ठिक समयमा बज्न आफैंले आदेश दिएको घडीले अलार्म बजाएपछि यसो आँखाको छेउमा ढिम्कन आइपुगेको निद्रा पनि छारतोष ठोकेर वेपत्ता भयो । सँगै जान सजिलोका लागि हेमन्त पनि मेरै कोठामा सुत्न आएका थिए । हामी दुवै हत्तपत्त तयार हुने क्रममा लाग्यौं ।

सात वजेको उडानका लागि हामी होटलबाट पाँच नवज्दै बाहिरिई सकेका थियौं र यौटा ट्याक्सी लिएर एयरपोर्ट पुगेका थियौं ।

एयरपोर्ट पुगेर चेकइनको काम सकेपछि हेमन्तले भर्खरै खुल्दै गरेको कफीसपतिर औंल्याउँदै भने, "कविजी तिमी कफी लिऊ म व्याग कुरेर बस्छु ।

म कफीका लागि लाममा वसें र वालेट निकाल्न पछाडिको खल्तीमा हात लैजाँदा दाहिने हात हलुँगो भएको महसुस गरें । साँच्चै मेरो दाहिने हात हलुका भएको रहेछ । दाहिने हातमा मैले लगाएको हात्तीको पुच्छरको स्वर्ण वाला हातमा थिएन । त्यो हराएको थियो, किंवा खुस्केर खसेको थियो ।

मैले होटलमा फोन गरेर लस्ट एन्ड फाउन्डमा रिपोर्ट गरें ।

तर त्यो कहिल्यै पत्तो लागेन ।

अघिल्लोपल्ट मैले सेल फोन बिर्सेर आएको थिएँ त्यो पछि पाइएको थियो । तर यसपल्ट एक तोला नम्बरी सुनसहितको हात्तीको पुच्छरको बाला हराएको हरायै भयो ।

हेमन्त र म आइएडी अर्थात् इन्टरनेसनल एयरपोर्ट डल्लास आइपुग्दा पनि आँखामा निद्राले झम्म पारेको थियो ।

यो त्यही दिन थियो, हामीले फेयरफ्याक्सवाट मनासस घर सरेको ।

दिनभर मुभिङ्ग मिनी ट्रक चलाइरहँदा पनि अनिदोपनले झस्काइरहेको थियो ।

२२अक्टोवर २०१२, मनासस, भर्जिनिया ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कविता

'खलानको मान्छे'

तेत्तीस किलो सुन छिर्ने एर्पोटवाट
छोरा तिमीलाई ल्याइदिएको व्याट छिरेन
अधिकृतलाई कर तिर्छु भन्दा पनि
प्रिय तिमीलाई ल्याइदिएको वुलाकी छिरेन।

भ्रष्टाचारमा शून्य सहनशीलता भन्ने
सरकारले वाई वडीको तीन अरव लुटेको देखेन
पानी जाहजको टिकट काट्न मिती तोक्नेहरूले
मेलम्चीको ठेकेदारलाई काम अराउन सकेन

सपनाको देश वनाउने सङ्कल्प गर्नेहरू
फेरि खुनी युद्दको धंम्की दिदै आफूले गरेको
गल्ती लुकाउन
जङ्गली आव्हान गर्न आतुर छन्
फेरि रगतको खोला वगाउने

धम्की दिदै छन्
व्रम्हलुटको पराकाष्टाभित्र
अब नेपालीको लास वेच्ने योजना वुन्दै
प्रवासीलाई स्वदेश मै

कामको लालिपप देखाउँदै
सामाजिक अभियान्ताको नाममा
विदेशी डलरको चास्नीमा
डुवेका छन् केही वोलक्कड भुलक्कडहरू

फेरि वर्वाराउदै छन्
सत्यलाई हत्केलाले छेक्दै
रातलाई दिन भन्दै छन्
अजवको वनेको छ मेरो देश

कानुन निमुखालाई निचोर्ने
हतियार वनेको छ
शक्ति, पैसा, जमात, वन्दुक, गोली
सोझाको छात्तीमै दागिएको छ

ए राष्ट्रवादको खोल ओड्ने
झेली सरकार
खाडीमा पसिनासँग
साटेको वुलाकी लिलामीमा राख

अनि नयाँ सुपर गाडी किन
भत्ता खाऊ अझै पुग्दैन भने
धरहराको लागि उठेको पैसाले
धरहरा होइन तिम्रो ऐस गर्ने

महल वनाऊ
धुर्मुसलाई स्टेडिएम वनाउन दिने वाहानामा
जङ्गली चन्दा आत्ङ्क सुरुवात गर
सुशासनको लागि हामी
गोविन्द के.सी. जस्तो
आमरण अनसन वस्ने छैनौ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हिमताल फुट्ने जोखिम न्यूनीकरण

डा.रामचन्द्र तिवारी

विपद् न्यूनीकरणको क्षेत्र फराकिलो छ । भुँइचालो, बाढी, पहिरो, हिमताल फुटने अवस्था लगायतका विभिन्न विपद्हरूमा क्षति न्यूनीकरण गर्नेतर्फ अध्ययन अनुसन्धान हुन जरूरी छ । नेपाल जस्तो पहाडी मुलुकका लागि विपद् न्यूनीकरणको पूर्वतयारी अझ बढी आवश्यक पनि छ । यस लेखमा विपद्का सम्पूर्ण आयामहरूबारे चर्चा गर्न सम्भव नभए पनि हिमताल फुट्ने जोखिमलाई कसरी न्यूनीकरण गर्न सकिन्छ भन्ने बारे केन्द्रित गरिएको छ । शक्तिशाली भूकम्प २०७२ पछिका दिनहरूमा यो समस्या झनै टड्कारो रूपमा देखा परेको छ । यसलाई बेलैमा न्यूनीकरण गर्न सकिएन भने ठूलो क्षति हुने निश्चित प्राय: छ ।

नेपालको उच्च हिमाली क्षेत्रमा साना ठूला २३१५ को सङ्ख्यामा रहेका हिमतालहरू मध्ये हालसम्म अध्ययनको दायरामा आएका करिब १४५६ अन्तर्गत २१ वटा हिमतालहरू बढी नै जोखिम अवस्थामा रहेको आँकडा छ । यसरी उच्च हिमाली क्षेत्रमा यति विघ्न सङ्ख्यामा हिमतालहरू बन्नु र जोखिममा रहनु उदेकको कुरा हो । हिमालमा पनि पहाडमा जस्तै पहिरो जान्छ तिनै पहिरोहरूको कारणले ठाउँ ठाउँमा बाँध जस्तै बनेको हुन्छ । हिमालमा रहेको हिउँको थुप्रो जब पग्लिन थाल्छ त्यही हिउँ पानीको रूपमा तिनै बाँधसम्म भरिदै जाँदा तालको रूप लिन्छ । हिमतालहरू जोखिममा पर्नुको मुख्य कारणमा अस्वाभाविक रूपमा हिउँ पग्लिने र हिमतालहरू पानीले भरिने गर्दा हो । साथै, हिउँ पग्लिने गतिसँगै हिमालमा मक्किएर रहेका चट्टानको हिस्सा खस्न गई पहिरोको रूप लिने कारणले पनि हो । त्यही पहिरो प्राकृत रूपमा बनेको बाँधमाथि बज्रिन पुग्दा हिमताल फुट्ने सम्भावना बढ्छ । हिमपहिरो जाने अर्को मुख्य कारणमा शक्तिशाली भूकम्पको कारण चट्टानहरूको संरचनामा आएको परिवर्तनलाई पनि मान्न सकिन्छ । भूकम्पको कारणले सोही ठाउँमा पहिरो जाँदा पहिरोले हिमताल वरपरका बाँधहरू भत्किन गई हिमतालहरू फुट्ने खतरा रहन्छ । यस अर्थले हेर्दा शक्तिशाली भूकम्प २०७२ पछिको दिनमा हिमतालहरू बढी जोखिममा छन् भन्नु स्वभाविक छ । तर यसको निर्क्योल हुन जरुरी छ । कुन हिमताल के कति जोखिममा छ भन्ने यकिन गर्न फेरि एकपटक अध्ययन अनुसन्धान गर्न जरुरी भएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मौसम परिवर्तन र विपद् एक अर्कामा सम्बन्धित विषयवस्तु हुन्। सामान्यतः मौसम परिवर्तन पृथ्वीको मौसममा आउने फरकलाई लिइन्छ जुन पुरातन ऊर्जाको प्रयोग, वनविनाश, वनजंगलमा आगलागी र अन्य कार्यहरू जसले वायुमण्डलमा हरितगृह ग्याँसको मात्रा बनाउँछ। यसको लागि वायुमण्डलमा हावाको तापक्रम र समुन्द्र सतहको उचाइ बढेकोबाट मौसम परिवर्तनको अनुभव गर्न सकिन्छ। सन् १८५० देखि हालसम्म पृथ्वीको तापक्रम ०.७४ सेन्टीग्रेडले बढेको र प्रत्येक वर्ष ०.०६ प्रतिशतले बढी नै रहेको आँकडा भेट्न सकिन्छ। नेपालको सन्दर्भमा तापक्रम बढ्नुको मुख्य असरमा हिमालमा हिउँ पग्लने गतिमा वृद्धि भैरहेको र विश्वव्यापी रूपमा समुन्द्र सतहको उचाइ १७ सेन्टीमिटरले बढेको भन्ने तथ्याङ्क छ । यसको अतिरिक्त, मौसम परिवर्तनसँगै कतै अनावष्टि, कतै अतिवृष्टि र सोसँगै ह्वात्त बाढी आउने, कतै हिउँ पग्लने, कतै समुन्द्रको सतह बढ्ने आदि भएको पाइन्छ।

मौसम परिवर्तनले गर्दा आकाशबाट पर्ने पानीको मात्रामा अनियमितता बढेको पाइन्छ । यसबाट वर्षा याममा अधिक वर्षा हुने र जाडो समयमा लामो समयसम्म सुख्खा रहिरहने हुन्छ। भूमण्डलीय उष्णता वास्तममा हरितगृह ग्यासहरू बढनाले नै हुने हो। कार्वनडाइअक्साइड, मिथेन र अन्य हरित ग्याँसको अधिक उत्पादनले नै भूमण्डलीय उष्णता बढाउँछ । जुन पृथ्वीको तापक्रम बढाउन मदत गर्दछ र त्यही तापक्रम बढ्ने गतिसँगै पृथ्वीको मौसममा परिवर्तन देखा पर्दछ । हरितगृह ग्याँस भन्नाले कार्वनडाइअक्साइड, ओजोन, मिथेन, नाइट्रसअक्साइड, ह्यालोकार्वन आदि पर्दछन्। हरितगृहको असर भन्नाले पृथ्वीको वायुमण्डलमा रहेको तातोपनालाई यिनै हरितगृह ग्याँसहरूले सोसेर राख्ने कारणले पृथ्वीको सतहको तापक्रम बढ्न जाने हुन्छ। यसबाट मानवीय स्वास्थ्य, खेतीपाती, पानीको स्रोत, वनजंगल, किराफट्याग्रा, सामुन्द्रिक जीवजन्तु आदिमा प्रतिकूल असर पर्न जान्छ। पृथ्वीको तापक्रम बढ्नुसँगै प्रतिकूल मौसम हुने गर्छ जसले गर्दा हिमालमा हिउँ पग्लिने, सोको कारणले हिमतालहरू फुट्ने र बाढी आउने, आकाशबाट पर्ने पानीमा अनियमितता बढ्ने, तातो र चिसो हावाको प्रभावले मानिस र जनावरहरूको स्वास्थ्यमा प्रतिकूल असर पर्ने आदि घटना हुन सक्छन् । मौसम परिवर्तनसँगै खेतीपातीको उब्जाउमा पनि ह्रास आउँछ। पानीको स्रोत सुक्ने, केही जाति प्रजातिको इकोसिस्टममा समेत असर पर्न जान्छ।

मौसम परिवर्तनसँगै यसको मूल मुद्धामा जनसङ्ख्याको वृदिदर र सोको कारणले परम्परागत ऊर्जा स्रोतको अधिक प्रयोग, वनविनाश आदिको प्रकोपलाई लिइन्छ । यसबाट शुद्ध पानीको अभाव, पानीको पुनर्प्रयोग (ग्राउन्ड रिर्चाज) को क्षमतामा ह्रास, पानी प्रदूषित हुने आदि अवस्था देखिन सक्छ। वातावरण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रदूषणसँगै मौसम परिवर्तनको घटना पनि यसैसंग जोडिएको छ ।

पृथ्वीको तापक्रम बढ्नाको कारणले हिमालमा हिउँ पग्लिन्छ र छोटो समयमा अधिक पानीको प्रवाह हन्छ । जसले गर्दा हिमपहिरो जाने, हिमताल फुट्ने खतरा बढ्नुको साथसाथै लामो समयसम्म हिमनदीहरूले पानी सञ्चार गर्न सक्दैनन् जसले गर्दा पानीको अभाव र सुख्खाको अवस्था सिर्जना हुन्छ ।

हिमालमा हिउँ पग्लिने कुरा विश्वव्यापी समस्या हो । विगत ५० वर्ष यता यो गति ह्वात्तै बढेको पाइन्छ । अमेरिका, युरोप र एसियामा यो गति बढ्दो अवस्थामा छ । हिमालमा रहेको हिउँ अस्वाभाविक रूपमा पग्लिने क्रम भएमा अन्ततोगत्वा त्यो हिउँ पानी बनेर समुन्द्रमा जान्छ र समुन्द्रको पानीको तह बढ्न जान्छ सोसँगै समुन्द्रको गतिविधिमा परिवर्तन आउँछ र समुन्द्र छेउका भूमिहरूमा त्यसको सिधा प्रभाव देखिन थाल्छ ।

जलवायु परिवर्तनका कारणले नेपालको हिमाली क्षेत्रमा वर्षेनी ०.०६ डिग्री सेन्टिग्रेड तापक्रम बढेको पाइन्छ । सो अनुसार हेर्दा हिमालमा हिउँ पग्लिने गतिमा तीव्रता आएको मान्न सकिन्छ । जसको कारणले हिमालमा हिउँसँगै मक्किएका भूकम्पले छियाछिया पारेका चट्टानको हिस्सासमेत झारेर हिमपहिरोको रूप लिन सक्छ । हिमपहिरोको कुरा गर्दा वि.सं २०७० सालमा अन्नपूर्ण हिमाल क्षेत्रमा पहिरो जाँदा त्यस क्षेत्रबाट आएको हिमपहिरोले पोखराको सेती नदीमा हिमताल फुटेसरह पानीको भेल उर्लेको थियो, तथापि त्यहाँ हिमताल थिएन, हिमताल फुट्ने संभावना नै रहेन । हालसालै हिमाल पारि मनाङको गंगापूर्ण हिमालबाट खसेको हिमपहिरोले फेरि एकपटक झस्काएको छ । करिब ७४५४ मिटर अग्लो गंगापूर्ण हिमालबाट ३५४० मिटरमा रहेको गंगापूर्ण हिमतालसम्म आइपुग्दा हिमपहिरोको हिस्सा छिन्नभिन्न भएर फैलिएको थियो । शक्तिशाली भूकम्प २०७२ पछि गएको शक्तिशाली पराकम्पनको कारणले लाङटाङ हिमालमा पहिरो जाँदा सिंगो लाङटाङ क्षेत्र एक चिहानमा परिणत भएको दृश्य हाम्रो सामु छदैं छ । लाङटाङ हिमपहिरोसँग हिमतालको केही सम्वन्ध थिएन, तरपनि हिमाली क्षेत्रमा प्रकृतिको यस किसिमको वितण्डा देख्न सकिन्छ ।

यसप्रकार हिमपहिरो जाने प्रक्रिया नेपालको उच्च हिमाली क्षेत्रमा भई नै रहेको हुन्छ । जसको सिधा सम्बन्ध हिमालयमा हुने जलवायु परिवर्तनसँग छ । यो एउटा विश्वव्यापी प्रक्रिया पनि हो । पृथ्वीको तापक्रम बढ्नुको पछाडि हामीभन्दा बढी विश्वमा अन्य मुलुकहरू जिम्मेवार छन् तरपनि यसबाट हामी सवै भन्दा बढी प्रताडित बनेका छौं । किनकि हामी हिमालको सिरानमा छौं । समस्याको सुरुवांत पनि सिरानबाटै हन्छ । यस सम्बन्धमा नेपाल सरकारले सन् २००९ डिसेम्बर ४ तारिकका दिन संसारको उच्च हिमशिखर सगरमाथाको वेशक्याम्प नजिक कालापत्थरमा मन्त्री स्तरीय बैठक बसेको थियो । उक्त बैठकको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उदेश्य सोही वर्षको डिसेम्वर ११ तारिकका दिन डेनमार्कको कोपनहेगनमा हुन लागेको १५औं सयुक्त राष्ट्रसंघको मौसम परिवर्तन सम्वन्धी अन्तराष्ट्रिय सम्मेलनमा नेपालका तर्फवाट हिमाल वचाउँ अभियानलाई वढावा दिनु थियो । त्यस सम्मेलनमा हिमाल जोगाउने विषय, हिमाली पहाडी क्षेत्रको इकोसिस्टम जोगाउने विषय सम्वन्धित राष्ट्रको मात्र जिम्मेवारी नभएर सिंगो क्षेत्रको भएको र त्यसमा सवैको सक्रिय साथ र सहयोग हुनपर्ने मुद्धा उठाउनु थियो । यसप्रकार इकोसिस्टम जोगाउने कुरा, मानव समुदाय र सिंगो जल, थल, चर सवै प्राणीको रक्षाको कुरा मौसम परिवर्तनको मुद्धासँग जोडिएको गहन विषय हो । यसबाट हिमाली पहाडी क्षेत्रका मानिसहरूमा पर्न जाने प्रत्यक्ष असरप्रति अन्तराष्ट्रिय समुदायवाट चासो र सहयोग हुन पर्ने कुरा टड्कारो रूपमा उठ्न स्वभाविक छ । हिमाल जोगाउने विषय मानवजाति र सिंगो सजिव प्राणीको हितसँग जोडिएको हुँदा यसको प्रत्यक्ष र परोक्ष सम्वन्ध दिगोविकाससँग जोडिएको छ । अक्सिजन मार्क्स प्रयोग गरेर ५५४२ मिटरको उचाइमा अवस्थित सगरमाथाको वेशक्याम्प नजिक कालापत्थरमा पुगेर मन्त्रीस्तरीय वैठक वसी मौसम परिवर्तन र त्यसको प्रत्यक्ष असरवारे विश्व समदाय वीच साक्षात्कार गराएको घटनाले पनि मौसम परिवर्तनको मुद्धा कति गहन छ भन्ने प्रस्ट पार्दछ ।

हिमालमा अस्वाभाविक रूपमा हिउँ पग्लिनाले हिमतालहरू भरिने सम्भावनासँगै हिमतालको पानीको ठूलो हिस्सालाई त्यहाँको वाँधले थेग्न सक्ला वा नसक्ला सोको अध्ययन गर्न जरुरी छ । हिउँ पग्लिने समस्याले उब्जाएको दुईवटा मुख्य समस्यामा हिमाली क्षेत्रमा पहिरो जाने र भएका हिमतालहरू भरिने क्रम जारी रहने सँगसँगै नयाँ नयाँ हिमतालहरू वन्ने प्रक्रिया वढ्ने क्रममा छ । हिमतालहरू जोखिमबाट पर्ने अवस्थावाट वचाउन मूलतः जलवायु परिवर्तनका जोखिमहरूलाई न्यूनीकरण गर्न हरेक मुलुकले ठोस रूपमा कार्यहरू गर्न जरुरी छ । जोखिममा परिसकेका हिमतालहरूलाई खतरामुक्त बनाउन केही इन्जिनियरिङ संरचनाहरू निर्माण गर्न सकिन्छ र ताल परेर वसेको पानीको तह घटाउन सकिन्छ । यसो गर्न नसकी हिमताल फुट्न गएमा हिमतालको बाटोमा पर्ने पुलपुलेसा, बाटोघाटो, गाउँबस्तीहरू क्षणभरमै वढारेर लैजाने खतरा रहन्छ । यस किसिमको जोखिमवाट हिमाली क्षेत्रलाई जोगाउन, समस्या पहिचान गर्ने तहदेखि समस्याको न्यूनीकरण गर्ने तहसम्म स्थान र अवस्था विशेषको अध्ययन अनुसन्धान गर्नुपर्दछ । हिमाली क्षेत्रमा मौसम प्रतिकूल भइरहने, तापक्रम माइनस २०, २५ डिग्रीसम्म झर्ने र भौगोलिक रूपले अति नै कठिन भएको कारणले पनि कार्यान्वयन तहमा कठिन छ । ५, ६ हजार मिटरको उचाइमा अवस्थित ती स्थानहरूमा सजिलैसँग आवतजावत गर्न नसकिने, अल्टिच्यूड लाग्ने, निर्माण सामग्रीको ढुवानीमा असहजता हुने, भरिया, खच्चरबाट ढुवानी गर्न नसकिने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेसाइज र गह्रौं उपकरणका सामग्रीहरू हवाइमार्गबाट पनि लैजान कठिन हुने र निर्माण सामग्रीको मूल्य असहज ढुवानीको कारणले लागतको दसौं गुणासम्म बढ्न जाने आदि कारणले पनि ठोस रूपमा जोखिम न्यूनीकरण गर्ने तर्फ संरचनाहरू निमार्ण गर्न कठिन छ ।

हिमताल फुटने खतराको पूर्वतयारीको रूपमा निम्न केही महत्वपूर्ण कार्यहरू अघि बढाउन सकिन्छ ।

१. हिमताल फुट्नसक्ने खतरालाई पहिचान गरी नक्शाङ्कन गर्न सकिन्छ र सो हिमताल फुट्दा के कति जोखिममा छन् त्यसको पनि तुलनात्मक रूपमा यकीन गर्न सकिन्छ ।
२. स्वचालित रूपमा सेन्सरहरू र साइरन जडान गरी हिमताल फुट्ने खतरालाई यकीन गर्न सकिन्छ ।
३. सुरक्षित तबरले जोखिम क्षेत्र छोड्ने बाटोहरूको पहिचान गर्दै जोखिममुक्त क्षेत्रसम्म जाने सम्पूर्ण सुरक्षा व्यवस्था गर्न सकिन्छ ।
४. स्थानीय तबरमा विभिन्न तालिमहरू उपलब्ध गराउँदै हिमताल जोखिम सम्वन्धी गतिविधिसँग सचेत गराउन सकिन्छ ।
५. मोवाइल एप्लिकेसन्स, एफएम प्रसारण आदिको मद्धतले हिमतालमा भएको जोखिमपूर्ण गतिविधिहरू सरोकारवाला समुदायमा सचेतना बढाउन सकिन्छ ।
६. हिमाली क्षेत्रमा भ्रमण गर्ने पर्यटक र जो कोहीको लागि स्मार्टकार्डको व्यवस्था गर्न सके हिमताल फुट्ने अवस्था वा हिमपहिरो आदिको उद्धार सुरक्षामा सहयोगी बन्न सक्छ ।
७. समुदायमा आधारित हिमताल विष्फोटन जोखिम न्यूनीकरण नै उपयोगी हुने हुँदा सो अनुसारको योजना गर्दा बढी प्रभावकारी हुन सक्छ ।

हिमताल फुट्ने जोखिमको पूर्व तयारीको रूपमा स्वचालित उपकरणहरू जडान गर्न सकिन्छ । यस अन्तर्गत पानीको तह पत्ता लगाउने सेन्सर, हिमाली क्षेत्रको मौसम मापन गर्ने स्टेसन, तालको सिरान र पुछारमा हिमताल फुट्ने अवस्थाहरू पहिचान गर्ने सेन्सरहरू आदि पर्दछन् । तालको सिरानमा पानीको तह यकीन गर्ने उपकरणको साथमा बाँधको हलचल पत्ता लगाउने सेन्सरहरूको जडान गर्न सकिन्छ भने तालको पुछारमा पनि क्यामेरा लगायत हिमतालको अवस्था यकीन गर्ने उपकरणहरू जडान गरी समुदायमा सो सम्बन्धी अवस्थालाई साक्षात्कार गर्न सकिन्छ । पूर्वतयारीको अतिरिक्त हिमतालको पानीको तह घटाउने केही ठोस कार्य गर्न जरुरी हुन्छ । सोको लागि जिओफिजिकल सर्भे गरेर तालमुनिको भूबनोट के कस्तो छ सोको यकिन गर्नु पर्दछ ।

जिओफिजिकल सर्भे विधि, संसारभर प्रयोगमा आईरहेको र नेपालमा पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशेष गरी जलविद्युत आयोजना निर्माण गर्दा जमिनमुनि रहेको चट्टानको मजवुत तह (वेड रक), जमिनमुनिको गुफा, खाडल, पानीको स्रोत आदि पत्ता लगाउन प्रयोगमा आइरहेको छ। यसवाट जमिनमुनि हरेक तहको टोमोग्राफ (वस्तुहरूको थ्रि.डि. तस्वीर) प्राप्त हुने हुँदा जमिनमुनि रहेको विभिन्न वस्तुहरू माटो, चट्टान, खनिज, हिउँ, अर्गानिक वस्तुहरूको आ-आफ्नो फरक फरक रेजिस्टिभिटी हुने हुँदा सो अनुसारको रंगीन कन्टुर वनाएर हेर्दा स्थान विशेषको अवस्था पहिचान हुन सक्छ। प्रतिकूल मौसमको साथसाथै पहिरो गइरहने ठाउँमा डेब्रिस (मोराइन) दब्ने र खाडल पर्ने प्रकृया निरन्तर कायम रहेने हुँदा सवै क्षेत्रमा सर्भे गर्न जोखिमपूर्ण हुन सक्छ। डेव्रिस भन्नाले हिउँको साथसाथै चट्टानको भाग, त्यसका टुक्राहरू र चट्टानहरू एक आपसमा ठोक्किदा बनेको धुलोको भाग हो। पहिरो गइरहने ठाउँमा हिउँ पग्लिने क्रम जारी रहेने तथा डेव्रिसको मुनिवाट पानी वगिरहने हुँदा जमिन दब्ने र खाडल वन्ने प्रकृया नियमित रूपमा भइरहेको हुन्छ। तर, यस किसिमको खुकुलो जमिनमा तरङ्ग उत्पन्न गराई गरिने विभिन्न खाले जिओफिजिकल सर्भेवाट राम्रो नतिजा नआउने हुँदा यसको लागि जिओफिजिकल सर्भे अन्तरगत इलेक्ट्रिकल रेजिस्टिभिटी सर्भे नै गर्न जरूरी हुन्छ।

जिओफिजिकल सर्भेको अतिरिक्त जोखिम न्यूनीकरणको लागि खास खास निर्माण कार्य गर्न मानवीय संसाधनको प्रयोग पनि उत्तिकै चुनौतिपूर्ण हुन्छ। उच्च हिमाली क्षेत्रमा काम गर्न सवै मानिसहरूको वशमा नहुन सक्छ। हिमाली क्षेत्रमा वढेर हुर्केका सो समुदायका मानिसहरू वा विशिष्ट किसिमको हिमाली क्षेत्रमा तालिम प्राप्त व्यक्तिहरू मात्र सो कार्यको लागि उपयोगी वन्न सक्छन्। नेपालको सन्दर्भमा विदेशी ठेकदारहरूको यस किसिमको कार्यमा त्यति रुचि नहुन सक्छ। नेपाली ठेकदारहरूमा प्राय: त्यो उचाइमा काम गरेको अनुभवी भेट्न गाह्रो छ। हिउँ जमेको जमिनमा खनेर अधिक पानी कटाउने कुलो वनाउने कार्य चुनौती पूर्ण छँदै छ। ठूला ठूला मेसिनहरू, औजारहरू, त्यस ठाउँमा ढुवानी गर्न पनि अत्यन्तै कठिन छ। सँगसँगै विस्फोटक पदार्थको प्रयोग गरेर काम गर्न प्राय असम्भव छ। किनकी हिमताल फुट्ने खतरा यसवाट झनै वढ्न सक्छ। सुरक्षित किसिमको विस्फोटन गर्न कतिपय अवस्थामा राष्ट्रिय निकुन्ज, संरक्षण क्षेत्र सम्पदा सूची आदि कारणले पनि नमिल्न सक्छ। यी आदि चुनौतीहरूको कारणले हिमताल फुट्ने खतरा न्यूनीकरण गर्ने उपायहरू असहज छन्।

हाल जोखिममा रहेका हिमतालहरूमध्ये 'इम्जाताल' प्रमुख रूपमा आउँछ। यो ताल सगरमाथा अञ्चल अन्तर्गत सोलुखुम्वु जिल्लामा रहेको छ। यो ताल राजधानी काठमाडौंदेखि १६५ कि.मि. र संसारको उच्च शिखर सगरमाथादेखि ६ कि.मि.को सिधा हवाई दुरीमा पर्दछ। यो ताल २७ डिग्री ५९ मिनेट १७ सेकेन्ड उत्तरी अक्षांश र ८६ डिग्री ५५ मिनेट ३१ सेकेन्ड पूर्वी देशान्तरमा अवस्थित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ। सगरमाथा वेसक्याम्प जाने र इम्जाताल जाने बाटो डिङवोचेवाट छुट्टिन्छ। करिव ३७,६७ वर्ग किलो मिटर क्षेत्रफलवाट बगेर आउने पानी जम्मा हुँदै गर्दा बनेको इम्जा तालमा ६९ प्रतिशत हिउँको मात्रा रहेको छ। हिमपहिरोको कारणले बनेको बाँध भएकोले बाँधमा रहेको मटेरियल माटो, वालुवा, ग्राभेल र गोलाकार चट्टानहरूको अवस्थिति अत्यन्त खुकुलो प्रकृतिको छ। इम्जा तालको जोखिमको विषयलाई लिएर विभिन्नखाले अध्ययन अनुसन्धान भई नै रहेका छन्। सन् १९६३ देखि २००८ सम्मको अध्ययनलाई हेर्दा इम्जा तालको फैलावट ०.०३ देखि ०.९५९५ वर्ग कि.मि. भएको देखिन्छ। सो अनुसार त्यसमा जम्मा भएको पानीको मात्रा पनि ३ देखि ४५० लाख घनमिटर भएको पाइन्छ। हाल, इम्जा तालको मुख्य तालसंगै स-साना तालहरू पनि बनेका छन्। यसप्रकार इम्जा तालको फैलिने क्रम जारी छ भन्ने बुझ्न सकिन्छ।

करिब २४६० मिटर उचाइमा रहेको सोलु फाप्लुसम्म कालोपत्रे सडक भएकोले निर्माण सामग्री, निर्माण उपकरणहरू सडक मार्गबाट ढुवानी गर्न सकिए पनि त्यो भन्दा माथिका ठाउँहरू जस्तै ४४१० मिटर उचाइमा रहेको डिङ्गवोचे, ४७३० मिटर उचाइमा रहेको चुकुङ्ग जहाँ मानवीय बस्तीहरू पनि छन्। सो स्थानसम्म ढुवानी गर्न भरिया, खच्चर वा हवाइमार्गको सहारा लिनु पर्ने हुन्छ।

सोलुखुम्बुको फाप्लुबाट ३७६८ मिटर उचाइमा रहेको स्याङवोचेवाट डिङवोचेसम्म त्यसको एक तिहाइ तौलमात्र हवाइमार्गबाट लैजान सकिने देखिन्छ। इम्जा ताल छेउमा अत्यन्त चिसो, जताततै कमजोर डेब्रिस मटेरियल (मोराइन) भएकोले हवाइ मार्ग एकैपटक इम्जासम्म तय गर्न कठिन छ र इम्जासम्म अपेक्षित तौल ढुवानी गर्न पनि सकिन्न। साथै सो उचाइमा अत्यधिक हावा चल्ने कारणले हेलिकोप्टर अनियन्त्रित हुने खतरा पनि उत्तिकै हुने गर्दछ। यस्तै खालको विषम परिस्थिति अन्य हिमतालको हकमा पनि छ।

हिमतालहरूको जोखिम यकीन गर्न निम्न बुँदाहरूमा आधारित रहेर गर्न सकिन्छ।

१. हिमताल कति क्षेत्रफलमा फैलिएको छ ?
२. हिमतालदेखि तलका पुल पुलेसा, वाटोघाटो, गाउँवस्ती कति दुरीमा अवस्थित छन्?
३. हिमतालको वरपर पहिरो जाने सम्भावना के कति छ ?
४. हिमताल वरपर फल्ट लाइन पर्छ कि पर्दैन ?
५. ताल वरपर बाँधहरूबाट पानी उम्रिएको छ वा छैन ?
६. हिमताल बन्ने क्रममा पहिरोबाट बनेका बाँधहरू के कत्तिको सुरक्षित छन् ?
७. बाँधको उचाइ, त्यसको चौडाइ, गहिराई, भित्री वाहिरी भिरालोपन, बाँधमा रहेको मटेरियल, मटेरियलको छिद्रपन, मटेरियलको घर्षण र खँदिलोपन आदिमा आधारित रहेर जोखिमको तह यकीन गर्न सकिन्छ। जोखिमको तह यकीन भइसकेपछि त्यसको न्यूनीकरण गर्नेतर्फ ठाउँ सुहाउँदो प्रविधि अपनाउनु पर्ने हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
नेपालको सन्दर्भमा कुरा गर्दै हिमताल फुट्ने जोखिम न्यूनीकरणको प्रयासहरू यथेस्ट मात्रामा हुन सकेको छैन । इम्जा हिमतालमा जुन खाले न्यूनीकरणको प्रयास गरिन्छ, सो प्रविधि अनुरुप अन्य हिमतालहरूमा पनि उपयोगी हुनसक्छ । यस किसिमको प्रयासले अवका दिनमा मूर्तरूप पाउला र हिमाली भेगमा वस्तीहरूको हिमपहिरो, हिमताल फुट्ने खतरावाट मुक्त गर्न सकिएला यो त समयले वताउँला । शक्तिशाली भूकम्प पछिका दिनहरूमा हिमताल फुट्ने खतरा ह्वात्तै वढेको कारणले पनि यसमा एक्सन रिसर्चमा (निर्माणमुखी अनुसन्धान) नगई सुखै छैन ।

इम्जाताल जोखिममा पर्नुसँगै सो तालवाट वगेर दुधकोशीमा मिसिदैं गर्दा हजारौं हेक्टर खेतीयोग्य जमिन ढुवानमा पर्नुको साथै जलविद्युतको सम्भावना रहेको दुधकोशी नदीको थुप्रै स्थानहरू समेत जोखिममा पर्ने देखिन्छ । इसिमोडले गरेको एक अध्ययनलाई आधार वनाउने हो भने इम्जा हिमताल फुट्न गएमा त्यसवाट ५५०० घनमिटर पानी प्रति सेकेन्डको दरले २.५ घण्टाभित्रै अधिकतम पानी वग्न थाल्छ । इम्जा ताल के कति जोखिममा छ भन्ने यकीन गर्न तालको फैलावट, त्यसमा रहेको पानीको मात्रा, मोराइन वाँधवाट पानी चुहिएर वा वाँधको छिद्रवाट मूल पलाएको छ छैन, चट्टान खस्ने वा हिम पहिरोको सम्भावना के कति छ । वाँधको अधिकतम उचाइसम्म पुग्न पानीको सतह के कति वाँकी छ । वाँध के कति भिरालो छ र त्यसमा जटिल र मिश्रित प्रकृतिको जोखिम के कति छ यी आदि सूचकहरूको आधारमा जोखिमको तह पत्ता लगाउन सकिन्छ । यी सूचकहरूको आधारमा भन्दा, इम्जा तालको फैलावट र त्यहाँ भएको जलकुण्डको अवस्था हेर्दा अति जोखिमपूर्ण देखिन्छ । त्यो भन्दा वाँकी सूचकहरूको हकमा औसत र न्यून जोखिमको तहमा रहेको देखिन्छ ।

मौसम परिवर्तनको कारणले हिउँ पग्लिने प्रक्रियासंगै इम्जातालको यस किसिमको अस्वाभाविक फैलावट भएको, जसको कारणले थपिदैं गएको पानीको मात्राकै कारणले पानीलाई थेग्ने वाँध पर्याप्त नभएको र यो क्रम नरोकिएसम्म जोखिमको तह उच्च रहने निर्क्योल गर्न सकिन्छ । त्यसैले इम्जाताललाई फुट्नबाट बचाउने हो भने हाल भएको बाँधको मजबुतीमा केही सुधारहरू गर्दै पानीलाई कुलो काटेर तालको पानी घटाउनै पर्नेछ । जसले गर्दा पानीको सतहदेखि बाँधको भाग पर्याप्त रूपमा खाली हुन सकोस् र पानीले बाँध भरिने स्थिति नवनोस भन्ने हुन्छ । साथसाथै पानीले बाँधमा दिने दवाब पनि कम होस्, जुन पानीको तह घटाउनाले मात्र सम्भव हुने गर्छ । तसर्थ जोखिममा परेका हिमतालहरूलाई जोगाउने इन्जिनियरिङ समाधान यही नै उपयुक्त हुन सक्छ । हिमताल फुट्ने जोखिमबाट बच्नको लागि मूलतः दुई प्रयासहरू सार्थक हुन्छन् । १. पूर्व तयारी २. तालको पानी घटाउने इन्जिनियरिङ तौर तरिका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इम्जा ताल वा कुनै हिमतालहरू के कति जोखिममा छन् भनेर निर्क्योल गर्न, जिओ, हाइड्रो र ग्लासियर यी तिनै खाले अध्ययन अनुसन्धान निरन्तर गरिनु पर्छ । जिओ भन्नाले माटो र चट्टान, सो सम्बन्धी बाँधको मजबुतीकरण, चुहावट, हिमपहिरोको अवस्था, माटो र चट्टानमा आएको विचलन आदि पर्दछ । हाइड्रो भन्नाले पानीसँग सम्बन्धी पानीको हेड, पानीको कुण्ड, त्यसको फैलावट, पानी बगेर तालसम्म आउने सिंगो वाटर सेड एरिया र सोको अवस्था आदि पर्दछन् भने ग्लासिएर भन्नाले हिउँ पर्ने र पग्लने गति, ताल बन्नुमा वा तालको फैलावट र कुण्ड बन्नुमा हिउँको के कति भूमिका छ भन्ने कुरा हुन सक्छ । कठिन भूबनोट र प्रतिकूल मौसम भएकोले हिमतालमा ठूला ठूला संरचनाहरू बनाउन कठिन हुन्छ । पानीको तह घटाउन सुरक्षित किसिमको कुलो बनाउन सकिन्छ र अधिक पानीको मात्रालाई उक्त कुलोबाट कटाउन सकिन्छ । यसरी बनाइने कुलोबाट कमभन्दा कम पानी चुहिएर जाने खालको बन्नु पर्छ र हिमताल क्षेत्रको वातावरणमा प्रतिकूल नहुने किसिमले माटो वा चट्टानको भाग काट्ने र पुर्ने कार्य समान रूपले गर्नु पर्दछ ।

हिमताल क्षेत्रको निर्माण कार्यसँग जोडिएका केही मूलभूत तत्वहरू छन् । जसलाई महत्वकासाथ हेरिनु पर्छ ।

१. सिभिल निर्माण कार्य, २. हाइड्रो मेकानिकल कार्य, ३. हेभी औजार र निर्माण सामग्रीको ढुवानी, ४. निर्माण निरीक्षण र व्यवस्थापन, ५. हिमताल क्षेत्रको वातावरण व्यवस्थापन आदि ।

यस कार्यको लागि नेपाली जनशक्तिको डिजाइन तथा निर्माण क्षमता अभिवृद्धि गर्न जरूरी छ । यसका पनि केही मूलभूत आधारहरू छन् ।

१. चुनौतीपूर्ण कार्यहरूमा सुरक्षाको प्रत्याभूतिको गृहकार्य
२. विशिष्ट तहको इन्जिनियरिङ मूल्य, मान्यता र व्यावहारिक ज्ञानको अवलम्बन
३. योजनादेखि कार्यान्वयन तहसम्म विशेषज्ञहरूको संलग्नता
४. परिणाममुखी तालिमहरूको व्यवस्था ।

यसमा कुनै एउटा हिमताललाई पाइलट प्रोजेक्ट मानेर जोखिम न्यूनीकरणको सबै कार्य अघि बढाउन जरूरी छ। जोखिम न्यूनीकरणको लागि गरिएको डिजाइन तथा निर्माण कार्यको सफल प्रयोग पछि मात्र अन्य जोखिममा परेका तालहरूको पनि उचित समाधान निकाल्न सकिन्छ । यसरी गरिने कार्यलाई उदाहरणीय र प्रभावकारी बनाउने निम्न आधारहरू हुन सक्छन् ।

१. निर्माणको गुणस्तर निर्धारण, २. किफायती निर्माण, ३. समयमा सम्पन्न ४. उत्कृष्ट समन्वयकारी भूमिका, ५. उपलब्ध साधन र स्रोतको अधिकतम प्रयोग, ६. निर्माण सुरक्षाको प्रत्याभूति, ७. जोखिममुक्त निर्माण अवधारणा ८. चरणबद्ध निरिक्षण, ९. स्थान र प्रयोजन विशेषको निर्माण, १०. गुरूयोजना मुताविक कार्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पादन, ११. प्रतिस्पर्धी र प्रभावकारी टेन्डर प्रकृया, १२. अध्ययन, अनुसन्धान र अनुभवमा आधारित कार्य सम्पादन, १३. परिणाममुखी कार्य सम्पादन, १४. स्थानीय रूपमा उल्लेख्य सहभागिता र योगदान, १५. विशिष्ट प्रकृतिको कार्य कौशलता प्रदर्शन आदि ।

सन्दर्भ सामग्रीः तिवारी रामचन्द्र (२०७२) विपद् न्यूनीकरण, प्रकाशक-प्रभा बराल, पेज-२०८ Mool et al. (2001). Inventory of Glaciers, Glacial Lakes and Glacial Lake Outburst Floods, Monitoring and Early Warning Systems in the Hindu-Kush-Himalaya Region Nepal, International Centre for Integrated Mountain Development, Kathmandu, pp. 363, Gurung et al. (2011). Snow-Cover Mapping and Monitoring in the Hindu-Kush Himalaya, International Centre for Integrated Mountain Development, KTM., pp. 32

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एक सामाजिक संस्थाको चिरफार

ईश्वरचन्द्र बानियाँ

अष्टादश पुराणेसु व्यासस्य बचन द्वयम्
परोपकार पुण्याय: पापाय पर पीडनम् !

अठार पुराणका रचयिता बेद व्यासले प्राणी मात्रको उद्धारको लागि अनेक शास्त्र रचना गरे पनि सारांशमा अरुको उपकार गर्नु पुण्य हो । अरुलाई दु:ख दिनु पाप हो भन्ने उपदेश दिए । मानिसले मैखाउँ, मैलाउँ, मैगरुँ मोज भन्नु राम्रो होइन । सत्कार्य त त्यो हो जसले आफू बाँच्छ र अरुलाई पनि बचाउन मद्दत गर्छ । त्यसैले धेरै सप्ताह, पुराण, यज्ञ, दान, धर्म, पूजापाठ, ब्रत गर्नुभन्दा असहायको सेवा गर्नु परम पुण्य हो ।

यो सनातन संस्कृतिले मात्रै भनेको कुरो होइन, वरु सबै धार्मिक सम्प्रदायले मानेको सत्य हो । यही धरातलमा टेकेर संसारमा कैयौं परोपकारी संस्थाहरू खुलेका छन् । त्यस्तै एक संस्था हो हेड्स नेपाल (Health, Education, Agriculture and Development Society, Nepal_ HEADS Nepal.

नेपालमा हाल झण्डै ५० हजारको हाराहारीमा समाजसेवी सङ्ख्याहरू दर्ता भएका छन् । परोपकारलाई नेपालमा जन्मिएको अग्रणी र निष्कलङ्कित सङ्ख्याको रूपमा लिइन्छ । यसैसँग आवद्ध भएका गोरखा, वगुवाका युवाहरूले समाजको लागि काम गर्ने एक संस्थाको स्थापना गरे । जसको नाम थियो **"बगुवा (गोरखा) स्वास्थ्य कल्याण समिति"** । उक्त सङ्ख्या प्रसुतिगृहको प्राङ्गणमा जन्मिएको थियो । यसको कारक थिइन् दुर्गादेवी पोखरेल । उनलाई बचाउन भएको प्रयास र सफलताले नै २०५० साल जेष्ठ १ गते उक्त संस्थाको जन्म भएको थियो ।

यो संस्थाको मूल उद्देश्य **"उपचार नपाएर अकालमा मृत्युवरण गर्न नपरोस"** भन्ने थियो । सुरुमा वगुवाका मात्र यसका सदस्य थिए र त्यहीँवाट काठमाडौं ल्याइएका विरामीलाई सहयोग गर्दथे । ती युवाहरूसँग पैसा नभएकाले धेरैलाई सहयोग गर्न सक्ने कुरा पनि भएन । एक जनाले दिनमा एक रूपैयाँ सङ्कलन गरी श्रोत जुटाउथे । आर्थिक भन्दा मानवीय सहयोग नै बढी हुन्थ्यो । वगुवा वाहेक छिमेकी गाउँवाट पनि सहयोग खोज्दै विरामीहरू आउन थालेपछि भने समस्या थपिन थाल्यो । उनीहरूले कार्यक्षेत्र विस्तार गर्न वाध्य भए । सदस्यता पनि विस्तार गर्न थाले । देउँसीभैलो लगायत कार्यक्रम गरेर रकम जुटाउदै सानो सानो आर्थिक सहयोग, रगतको व्यवस्था उपयुक्त अस्पतालमा बिरामी पुऱ्याइदिने, विरामीको रेखदेख र स्वास्थ्य कर्मीहरूसँग समन्वय गर्ने काम हुन थाल्यो ।

२०६५ सालसम्म आउँदा यस संस्थामा गोरखा वाहेक धेरै जिल्लाका सदस्यहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
जोडिन पुगे । विरामीको चाप पनि बढ्न थाल्यो । संस्था कसरी अगाडि बढाउने भन्ने वहस सुरु भयो । के एक रूपैयाँबाटै संस्था चलाउन सम्भव छ ? विरामी हुनबाटै बचाउने कुनै उपाय छैन ? कार्य क्षेत्र के कति गर्ने ? जस्ता सवालमा छलफल हुँदा देशभरि सदस्यता विस्तार गर्ने दश हजार लिएर आजीवन सदस्यता र एक लाख लिएर श्रेयस्कर सदस्यता प्रदान गर्ने निर्णय भयो । अस्वस्थ हुनुमा अशिक्षा र कुपोषणको मुख्य भूमिका रहने भएको हुनाले शिक्षा, कृषि र मानव विकासलाई पनि साथ साथै लैजानु पर्ने निर्क्योल निस्कियो । सोही अनुसार हेड्स नेपालको नाममा यो संस्थाको पुनर्जन्म भयो ।

"सेवाही परमो धर्म" यस संस्थाको मूल मर्म हो । सेवा गर्न धेरै पैसा नै चाहिन्छ भन्ने कुरामा विश्वास गरिन्छ तर पैसाले त विकृति जन्माउँछ । पैसा देखेपछि महादेवको पनि ३ नेत्र वल्छ । धेरै संस्थाहरू जनताका नाममा रकम जुटाउने र आफू सम्पन्न हुने गरेका उदाहरणहरू हाम्रा समाजमा नभएका होइनन् । यो विकृतिवाट वचाउनका लागि पारदर्शी वनाउन यस संस्थाले सकेसम्म धेरै व्यक्तिहरू जोड्ने, ठूलो ठूलो कार्य समितिहरू वनाउने र स्वयंसेवक परिचालन गर्ने गरेको छ ।

२०७५ साल जेष्ठ १ गते रजत महोत्सव मनाइसकेको हेड्स नेपालमा हालसम्म ६५ जिल्लाका ८ हजार भन्दा वढी सदस्य वनिसकेका छन् । यी मध्ये झन्डै १ हजार आजीवन सदस्य र ११ जना श्रेयस्कर सदस्य छन् । गोरखा, कास्की, तनहुँ, चितवन, हुम्ला, धादिङ्ग लगायत जिल्लामा जिल्ला समिति र ३ नं प्रदेश र गण्डकी प्रदेशमा प्रादेशिक समिति पनि वनेका छन् । क्रमिक रूपमा सवै प्रदेशमा यसले शाखा, उपशाखा विस्तार गर्दै लैजाने र तत्तत् ठाउँमा सेवा प्रदान गर्ने यसको **"लक्ष्य"** रहेको छ ।

ठूला काम गर्नेले धेरै काम गर्न सक्दैनन् । साना मान्छेका समस्या सानै हुन्छन् । साना साना समस्याले कैयौं नेपालीहरू तड्पिरहेका छन् । कति मुग्लान भासिएका छन् । कतिको घर विग्रिएको छ । कतिले छोराछोरी सहित आत्महत्या गरेका छन् । कतिले बाध्यतावश नैतिकता वेचेका छन् । अशिक्षा र अज्ञानताले कतिले मानव मूल्य नै चिन्न सकेका छैनन् । रोग, भोकले छट्पटिएका कैयौं नेपाली अझै छन् । विश्वमै हेर्दा यो समस्या २१ सौं शताब्दीमा पनि भयावह नै छ । संसारका १० प्रतिशत भन्दा कम व्यक्तिको हातमा विश्वको अधिकांश सम्पत्ति रहेको छ । त्यसैले यी सवैको निराकरणको लागि हरेक विवेकशील मानव सचेत हुनु जरुरी छ भन्ने यो संस्था सोच्दछ ।

हेड्स नेपालका स्वयंसेवकहरू हरेक दिन विभिन्न अस्पतालहरूमा विरामीको सेवामा लागि रहेका हुन्छन् । हरेक ३ महिनामा रक्तदान कार्यक्रम, विभिन्न जिल्लाहरूमा स्वास्थ्य शिविर संचालन, अशक्तको लागि आर्थिक सहयोग तथा अस्पतालमा समन्वय गर्ने गर्दछ । गाउँ, गाउँका टुहुरा टुहुरी, अशक्त वालवच्चाको लागि छात्रवृत्ति, कलम कापी, कपडाबाट सहयोग अर्को पक्ष हो । त्यस्तै गरी गोरखा वगुवाको सहृदयी, दानी व्यक्तिहरूवाट प्राप्त करिव २०० रोपनी जग्गामा नर्सरी, वगैचा, माछा पालन, इट्टा उत्पादनबाट समाजमा कृषि चेतना जगाउने र आत्मनिर्भर हुन प्रेरित गर्ने कार्य पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दै आइरहेको छ ।

यो संस्थाको अरु भन्दा फरक पक्ष हो, हालसम्म सरकारी रकम र विदेशी सहयोग नलिनु । हाम्रो समाजको लागि हामी आफैले गर्नुपर्छ, गर्न सकिन्छ । यो सोचवाट प्रभावित भएर विभिन्न क्षेत्रका विद्वान् विज्ञ, विशेषज्ञ लगायत गाउँ गाउँका गरीब जनता पनि यसमा आवद्ध भैरहेका छन् । २०७२ सालको भूकम्प लगायत विभिन्न प्राकृतिक प्रकोपमा यस संस्थाका सदस्यहरू मानवीय सहयोगको लागि देशका विभिन्न ठाउँमा पुग्दछन् । विदेशमा रहेका आफ्ना सदस्यहरूले पठाएका सहयोग कसरी सदुपयोग गर्न सकिन्छ भनेर चिन्तित वन्छन् । विभिन्न दुर्घटना भवितव्यबाट परेका समस्याको समाधान गर्न, सहयोग पुऱ्याउन यो संस्था हरहमेशा प्रयत्नशील रहन्छ ।

प्राकृतिक जीवनशैली, स्वस्थ खानपान, स्वच्छ विचार, अन्यायको विरोध, वागमती, चक्रपथ लगायत टोल सरसफाइ, प्राकृतिक तथा धार्मिक सम्पदाको संरक्षणमा लाग्नु पनि हेड्स नेपालको अर्को पक्ष हो । जसलाई निरन्तरता दिदै आइरहेको छ । आफ्नो संस्कृतिको संरक्षण योग, ध्यान प्राकृतिक चिकित्सा प्रणालीप्रति जागरणमा पनि हामी सवैले ध्यान पुऱ्याउनु पर्दछ भन्ने यस संस्थाले सोच्दछ । त्यसैले यसको कार्यालय वनस्थलीमा र अन्यत्र स्थानमा पनि बेलाबेलामा विभिन्न विषयका विज्ञहरूसँग अन्तरक्रियात्मक **"विचारशाला"** कार्यक्रमको आयोजना गरिन्छ ।

वृहस्पति भन्दा बढी ज्ञान भएका शुक्राचार्यले देव गुरु हुन नपाएपछि दैत्यहरूको गुरु भएर पनि आफ्नो ज्ञान, वुद्धिको प्रयोग गरे । उनको शुक्रनीतिमा लेखिएको छ :

अमन्त्रं अक्षरं नास्ति, नास्ति मुलम् नऔषधम्
अयोन्य पुरुषा नास्ति, योजकस्तत्र दूलर्भ !

हो हरेक अक्षर मन्त्र बन्न लायक छ, हरेक बोट-विरुवा झार-पात औषधि वन्न लायक छन्, हरेक व्यक्ति योग्य छन् । तिनीहरूलाई उपयोग गर्न प्रयोग गर्न, समायोजन गर्न सक्ने व्यक्तिको खाँचो छ । जसरी शुक्राचार्यले असभ्य, असङ्गठित, अव्यावहारिक दैत्यहरूलाई सङ्गठित गरी, तपस्या गराई, ज्ञान दिलाई पटक पटक देवताहरूलाई हराउन सक्थे त्यस्तै गरी हेड्स नेपालले सम्पूर्ण नेपालीहरूलाई असल, ज्ञानी, परोपकारी वनाउँदै नेपाल मात्र नभै विश्वबाट रोग, भोक र शोकको अन्त्य गर्न पहल गर्दछ । यसले विभिन्न देशमा रहेका हजारौं नेपालीहरूलाई सदस्य बनाइसकेको छ । मकाउमा यसको शाखा खुली सकेको छ । अमेरिकाको न्युयोर्क र जापानमा पनि वैदेशिक शाखा खोल्न त्यहाँका सदस्यहरू लागेका छन् ।

यसरी २५ वर्ष पहिले नेपालमा जन्मिएको एक सामाजिक संस्थाले नेपाल मात्र नभै विश्वभरिका समस्याग्रस्त मानव समुदायको लागि मानवीय सहयोग पुऱ्याई **"वसुधैव कुटुम्बकम्"** वाक्यलाई चरितार्थ गर्दै अघि बढेको देख्दा सम्पूर्ण नेपालीको शिर उच्च हुनु स्वभाविकै हो ।

अस्तु !

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हरिभक्त देवकोटा सङ्क्षिप्त परिचय

✍ **मोहननारायण श्रेष्ठ**

ऐतिहासिक र सुरम्य पर्वत लिगलिगको दक्षिण पाटामा एउटा प्रसिद्ध गाउँ छ पण्डित गाउँ । गोरखा राजधानी काठमाडौंवाट धेरै टाढा पनि होइन तापनि त्यति वेलाको कुरा पनि धेरै पुरानो जस्तो लाग्छ लिगलिग निकै टाडा जस्तो प्रतीत हुन्छ । आज यातायात र शिक्षाको विस्तार भइसकेकोले यस सानो अवधिमा ठूलो अन्तर वनिसक्यो, दुरी धेरै खुम्चियो । अनवरत काल जति लामो भए पनि त्यो चर्चाको विषय हुँदैन, परिवर्तनको अवधि नै ऐतिहासिक हुन जान्छ । परिवर्तनका निमित्त जसको जति पनि भूमिका रहेको हुन्छ तिनको कुनै न कुनै रूपमा लिपिमा अङ्कित हुँदा व्यक्तिको परिचय भन्दा पनि व्यक्ति परिचय दिँदा झल्किने त्यसवेलाको सामाजिक स्थितिलाई वढी प्रयोजनपूर्ण हुन जान्छ । सम्भवत: कसैको जीवनीको महत्वपूर्ण सन्देश नै त्यही हो ।

१९६६ मा जन्मिएका हरिभक्त देवकोटा त्यस वेलाको त्यस समाजको एक परिचयकको रूपमा प्रस्तुत हुन्छन् । जुन वेला मुलुकमा एक प्रतिशत पनि साक्षर थिएनन् । उनको केही पूर्ववृतको चर्चा गरौं ।

भारद्धाज गोत्रीय यो देवकोटा परिवार पश्चिम अछामवाट जुम्ला र त्यहाँवाट गोरखा गएको बुझिन्छ । कन्नौजवाट लगभग ४०० वर्ष पहिले उत्तराखण्डतिर लागेका कति समयमा अछाम आइपुगे त्यसको भरपर्दो विवरण भेटिन्न तापनि कान्चकुब्ज मानिने ब्राहणहरूको पूर्वस्थल कन्नौज भन्नेमा सन्देह रहन्छ ।

भारद्धाज, अंगिरस, ब्रार्हस्पत्य त्रिप्रवर भएका यजुर्वेदाध्याधी देवकोटाहरू अछामको देवकोटमा बसाई आउनु पूर्व के उपनामवाट चिनिन्थे होला ? संभवत : कान्यकुब्ज भारद्धाज वा उपाध्याय यिनै मध्ये कुनै नामवाट देवकोटाहरू सम्वोधन हुन्थे होलान् ?

भारद्धाज ऋषिहरूको उत्पत्ति र शाखा प्रशाखाको वर्णन भेटिन्छ । भारद्धाजका सन्ततिलाई भारद्धाज भनिन्छ । भारद्धाज स्वयम् अंगिरस् र ब्रार्हस्पत्य हुन् । अर्थात भारद्धाजका पिता वृहस्पति र प्रपितामह अंगिरस रहेछन् । जुनजुन कुलमा जो प्रशिद्ध भए तिनको नाम लिने परिपाटी अनुसार भारद्धाज गोत्रीयहरू उक्त तीन पुर्खाको नामवाट त्रिप्रवर जगाउँछन् । भेटिएसम्मको पुस्तावली अनुसार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देवकोटा परिवार अध्यापन र पौरोहित्य वृत्तिमा संलग्न देखिन्छ। परिवारका सवै नै पण्डित हुँदा त्यहाँ गाउँको गाउँ नै पण्डित गाउँ रहन गएको छ। यो गाउँ गोरखा र छिमेकका प्रदेशहरूको निनित्त विद्याका केन्द्र जस्तो नै मानिन्थ्यो। प्रत्येक जसो घरमा संस्कृतमा लेखिएका पुराण, साहित्य, वेद कर्मकाण्ड, ज्योतिशास्त्र आदिका पुस्तकहरू हुन्थे। २००७ सालपछि अनुसन्धानकर्ताहरू गाउँ पस्नुभन्दा पहिले देवकोटा परिवारको पुस्तकालयमा विजय तिलक र भूपतिरन्जन महाकाव्यका पाण्डुलिपिहरू थिए। यी कुरा कुनै अनुसन्धानकर्ताको सङ्ग्रहमा कतै होला कि नहोला ? यसवाट पढने र पढाउनेका अतिरिक्त कवित्वको परम्परा पनि भएको देखिन्छ।

त्यहाँ सवै नै पण्डित नभएपनि निरक्षर कोही रहन्नथे तर महिलाहरूले भने पढने चलन थिएन। प्रारम्भिक अध्ययन घरसारमा गरी विशेष अध्ययनका लागि काठमाठौं र विशेषतः काशी जाने चलन थियो। काशीबाट आउने पण्डितहरू विदेशी पल्टनमा भर्ना भएका लाहुरेहरू, कम्पनी कारखानामा काम गर्ने चौकिदार मजदुरहरूले नेपालका पाखा पर्वतमा नयाँ आविष्कारका वस्तु ल्याए। हरिभक्तका पिता रघुनन्दनले छापिएका पुस्तकसँगै काशीबाट लालटिन लिएर आएछन्, त्यो हेर्न गाँउका मानिस धुइरिएका थिए रे। मट्टितेलले भान्छा छोइने भएकोले त्यो बाहिरतिरै रहन्थ्यो। काशीमा वस्दा रघुनन्दनले धोवीले धोई ल्याएको धोतीलाई फेरि आँफूले पखालेर मात्र फेर्दथे रे। त्यो सुनेकी र देखेकी हरिभक्तकी आमा पद्मा देवीले पनि धोवीले धोएका लुगा भनी ती लुगाहरूलाई तिरस्कार गर्दथिन्। उनीहरूका भान्छा गोलभेडाले छोइनथ्यो किनकी त्यो त घरभित्रको वस्तु नै भएन। उनका नातिहरूले बारीमा गोलभेडा रोप्दा गाँउका बूढाहरूले नाक खुम्च्याएका थिए, यो त २००७ साल पछिको मात्र कुरा हो। गोलभैंडा खाने नातिहरूलाई भान्छामा चढाएकोले देवकोटा कुलले हरिभक्तको परिवारको भात पान काढेछन्।

लिगलिगको पाखामा देवकोटाहरूका कैयौं वस्ती छन् तर पढने र पढ्नुपर्ने दायित्व भने मानौं यसै पण्डित गाँउका देवकोटाहरूको हो भन्ने जस्तो थियो। अन्य गाँउका देवकोटाहरू छिटफुट सङ्गतले कोही कोही साक्षर हुन जान्थे। पण्डितबाले सवै कुरा जानेको हुनुपर्दथ्यो र जानेका पनि थिए। थुम्काका मसहला पण्डित वैद्य, ज्योतिष, पुराण, कर्मकाण्ड यावत कुरा जान्दथे। ओखती गरिदिए वापत पैसा लिंदैनथे। उनका परम्परा र धर्मले उनका छोरा नाति वास्तवमा नै वैद्य र डाक्टर निस्किए। त्यतिमात्र होइन पण्डित बाले वेसाहा र अन्य क्रय विक्रयका भाउ पनि बसालिदिनु पर्दथ्यो। अड्डा अदालतको मामलामा सल्लाह दिनुपर्दथ्यो। विहावारी, बाँदा, कमारा, खेतबारीको लेनदेनको प्रबन्ध मिलाई दिनु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पर्दथ्यो । यी सवै काम गर्ने नयाँघरे पण्डित थिए । गाँउमा मुखिया पनि थिए । मुखियाले गर्ने सवै काम गर्दथे । सायद त्यसभन्दा पनि अधिक गाँउमा हरेकको खेतवारीमा के त्रृटि भइरहेको छ, कहाँ पानी पुगेन, कहाँ वढी भयो, कहाँ किरा लागेको छ, कहाँ पहिरो लाग्यो हरेकलाई उसको खेतीको विषयमा सूचना र सल्लाह दिन्थे तर उनीभने आफ्नै खेत हेर्न भ्याउँदैनथे । देवकोटा परिवारमा उनीमात्र निरक्षर थिए तरपनि विद्वान् थिए । उनी रघुनन्दनको पछि लागि परदेश पनि गएका थिए, सायद लालटिन उनैले वोकी ल्याएका हुन् । पढने अवसर त पाएका होलान् तर पढन सकेनन् । छिमेकीहरू भन्दथे पण्डित गाँउका गोरुले पनि वेद पढदछ, कुरा ठिकै थियो । पण्डितहरू तिथि वार्दथे त्यसैले वारेको तिथिमा गोरुले जोतिनु पर्दैनथ्यो ।

अरु कुनै व्यवसायमा लाग्नेहरूले यदाकदा फुर्सद पाउँछ होला ? तर जजमानी गर्नेले कहिल्यै पनि फुर्सद पाउँदो रहेनछ । देवकोटाहरू त्यही गाँउमा वसिरहे, अन्य कतै वसाइ सरेनन् । माझा घरे कान्छा पण्डितले मधेशमा अलिकति जग्गा किनेछन तर छिमेकको एकजना विचारीले मुद्धा हाली दिएछ यसै कारणले पनि जति धेरै फैलिएपनि देवकोटाहरू त्यसै गाँउमा नै खाँदिएछन् । तर एकाएक २००७ साल पछि देवकोटाहरू उच्च शिक्षा प्राप्त गरी यत्रतत्र लाग्ने थालेकाले अहिले पण्डित गाँउको धेरै घर खाली छन् ।

पण्डित देवकोटा परिवार ४ भाइका सन्तान रहेछन् । थुम्के, नयाँघरे, माझघरे र हरिभक्त ठूला घरे जेठाका सन्तान । यिनका कुल पुर्खा सुदर्शन रहेछन् जो त्यहाँ गई वसे ।

हरिभक्तको शिक्षा दिक्षा गाँउमा र काठमाडौंमा सम्पन्न भएको हो, उनी वालक हुँदै पिताको स्वर्गवास भएकोले उनको पठनपाठनको भार उनकी आमा माथी पर्न गयो । उनले काठमाडौंको रानीपोखरी प्रधान पाठशालामा संस्कृत व्याकरणमा मध्यमा सम्ममात्र पूरा गरे । त्यसपछि उनी गाँउमा नै रहन थाले । पढाउने स्वयं पढने र पुराण कथावाचन गर्ने काम गर्दथे । यसैमा उनको जीवन अधिक व्यस्त रहन्थ्यो तर त्यतिले मात्र जीवन निर्वाह नहुने हुँदा कृषि व्यावसायको पनि संचालन गर्दथे ।

पौराणिक अध्यापक र पण्डितको रूपमा उनको ख्याति र सम्मान थियो । लम्जुङ, गोरखा उनको कार्यक्षेत्र रह्यो तर उनीसँग पढनको लागि धेरै टाढाटाढावाट समेत विद्यार्थीहरू आउँथे । कथावाचनमा उनको विशेषता भएकाले उनी हरेक वर्ग र पेशाका मान्छेकालाई प्रिय र रुचिकर थिए ।

उनी आफ्नै घर पिढीमा आँगन र धन्सारमा विद्यार्थीहरूलाई पढाउँथे । विद्यार्थीहरूवाट शुल्क प्राप्त हुँदैनथ्यो । वैतनिक शिक्षक भई गाँउवाट टाढाटाढासम्म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गएर पढाएका पनि छन् तर पनि विद्यार्थीले कुनै प्रकारको शुल्क तिर्दैनथे गाउँका विशिष्ठ मानिसले अध्यापनको वेतन व्यहोर्दथे ।

एक अध्यापक तर विद्यार्थीहरूको सङ्ख्या असिमित अक्षर चिन्नेहरू देखि भाष्य पढनेहरूसम्म सवै एकै ठाउँ थुप्रिन्थे । तर ती सवैले पाठ लिने र पाठ बुझाउने अवसर पाउँथे । विद्यार्थीहरू पुस्तकसँगै आफ्नो घरबाट परालका चकटीपनि लिएर जान्थे गुरुको लागि कुनै ठूलो विद्यार्थीले चकटी बोकिदिनु पर्दथ्यो । विद्यार्थीहरूको पहिरन दौरा, टोपी, पटुका र लगौटी हुन्थ्यो । अलि उमेर छिप्पिएका विद्यार्थीहरू भोटो माथी ठाडो धोती बेर्दथे । तर जुत्ता भने कसैसँग हुँदैनथ्यो । चप्पलको नामै कसैले सुनेका हुन्नथ्यो । कटटु घटिया मानिन्थ्यो भने प्यान्ट पुगेको थिएनन् । घडी थिएन तर घामको छाँयाको भरमा हाजिरी र छुट्टीको समयको निर्धारण हुन्थ्यो । गुरुको घर वा डेरा चौविसै घण्टा विद्यार्थीहरूका लागि खुला हुने हुनाले समय निर्धारणको प्रयोजन पनि रहन्नथ्यो । अधिक पढ्नेहरूले तल्लो कक्षामा पढन आउनेहरूका लागि सहायता गरिदिनु उनीहरूको कर्तव्य भित्र पर्दथ्यो । कक्षा र पाठ्यक्रम निर्धारण हुन्नथ्यो । जसले जुन पुस्तक पढ्न चाहेपनि हुन्थ्यो र जुन पुस्तक जहाँबाट प्रारम्भ गर्न चाहेपनि पढ्ने अवसर पाउँथ्यो । एक विद्यार्थी स्वयम विद्यार्थी रहँदारहँदै पनि अध्यापकको पनि काम गरिहाल्थ्यो । यसप्रकार एक गुरु भाइको परम्परा पनि बसिहाल्थ्यो । गुरुको अनुपस्थितिमा पनि कक्षाहरू सञ्चालन भइनै रहन्थ्यो । गुरुले जुन विद्यार्थीलाई अख्तियारी दिन्छ उसैले पठनपाठन जारी राख्ने र अनुशासन कायम गर्ने गर्दथ्यो । प्रायजसो अख्तियारी पाउने विद्यार्थी सवैभन्दा माथिल्लो कक्षा पढ्ने हुन्थ्यो । एउटै पुस्तक अनेक विद्यार्थी र पुस्तौपुस्तासम्म पढदथे । रघुनन्दनले किनी ल्याएको पाणिनी व्याकरणको पुस्तक कैयौ विद्यार्थी र उनका छोरानातिले पढिसकेपछि पनि सुरक्षित नै थियो ।

गुरुलाई विद्यार्थीले खुट्टामा ढोग्नुपर्दथ्यो । तिनताक सामाजिक अनुशासन थियो । बाबुआमा गुरु र बूढाबूढीलाई शिष्टाचारपूर्वक अभिवादन गरिन्थ्यो । तिनताक एक जातीय मान्यता पनि थियो । छुवाछूतको भेद मध्येपनि सानो ठूलो जातको भेदले कानुनी मान्यता पाएर समाजको विभाजन भएता पनि परस्परमा प्रेम र सदभाव रहन्थ्यो । उमेरको कारणले सम्मान पाउने हक सवैमा रहन्थ्यो । जात विशेषबाट मानिसलाई सम्वोधन गर्ने चलन थियो । भने नारी र अछूतहरूले पढ्न हुँदैन भन्ने गलत धारणाले सामाजिक मान्यता पाएको थियो ।

हरिभक्तको अध्यापन कालको प्रारम्भमा गोरखा जिल्लाभरमा एकदुई सरकारी पाठशाला थिए होलान् ? पछिपछि एक शिक्षक रहने केही पाठशाला थपिए । हरिभक्त पनि पछि सरकारी पाठशालामा नियुक्त भए । उनको मासिक पारिश्रमिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
९ रुपियाँ थियो । शिक्षकले पाटीपौवा वा कसैको घर दलान खोजेर कक्षा चलाउनु पर्दथ्यो । तत्कालिन सामाजिक मान्यताभित्र पेशा पौराणिक पण्डित भएर बस्नुपर्ने भएपनि उनी गतिशील विचार राख्दथे । पाठशालाको जागिर माया मारेर उनी २००७ सालका क्रान्तिमा संलग्न भए, त्यसवेला उनी गोरखाको खोप्लाङ गाँउमा पढाउथे । यहाँका युवक र बूढाबूढीलाई समेत क्रान्तिका निमित्त अग्रसर गराउन उनको ठूलो योगदान रहेको छ । गोरखा जिल्लाको खोप्लाङ गाँउ २००७ सालको क्रान्तिको प्रसिद्ध केन्द्रनै रहेको थियो । उनी १९९० को दशकमा नै गोरखापत्र र शारदाको ग्राहक थिए । आफ्नो दलानमा मान्छे जम्मा गरेर देश विदेशका समाचार सुनाउँथे र साहित्यिक रचना पाठ गर्दथे । र स्वयम पनि कविता लेख्दथे । उखान टुक्का र हास्यव्यङ्ग्य, गीत र हार्मेनियम तवलामा पनि रसिक थिए र अक्षर साह्रै राम्रा लेख्दथे । उनले लेखेको कविताको सङ्ग्रह भेटिएको छैन फुटकर रचना कहाँ छापिए होलान भनि खोजी गर्दा शारदा (वर्ष १, सङ्ख्या १०–११–१९९२) मा एउटा सन्ध्या पथ कविता मात्र भेटियो ।

आफ्ना प्रत्येक व्यवसायमा तल्लीन भई परिश्रम गर्ने एवं तदनुसार चातुर्य पनि राख्ने उनको बानी थियो । विषय वुझ्ने र वुझाउने क्षमताले गर्दा उनीसित शिक्षा प्राप्त गरेकाहरूले राम्रै उन्नती गरेको देखिएको छ । मान्छेले जन्मिदा ३ गुण बोकेर आएको हुन्छ, पितृ गुण, ऋृषि गुण र देव गुण । हरिभक्त आफ्नो विद्यार्थीहरूलाई यी तीन गुणका विषयमा वताईरहन्थे र भन्दथे हरेकले यी तीन गुणहरू तिर्नुपर्छ । ग्रार्हस्थ गर्नाले पितृ गुण, पढनाले पढाउनाले ऋण गुण र धार्मिक सत्कार्य गर्नाले देव गुण तिरिन्छ । हरिभक्तले यी तीन गुण तिरेका छन् । यहाँ गुणलाई द्वयार्थक भावमा लिएको देखिन्छ । अन्यत्र ऋणको भावमा व्याख्या गरेको पाईन्छ । -सम्पा. उनी यस संसारवाट अल्प आयुमा नै २०११ भाद्रमा दरभंगामा उपचार गर्दागर्दै परमधाम भए ।

धर्म र नीति साहित्य र कला स्वास्थ्य र कृषि प्रत्येक विषयमा शिक्षा र दिक्षा दिने हरिभक्तले आफ्ना विद्यार्थीहरूलाई इतिहास भने पढाएनन्, मात्र पुराणग्रन्थमा वर्णित भूगोलको ज्ञान विस्तारसाथ गराउँथे, जहाँ लोक त्रयको अदभूत तर काल्पनिक वर्णन पनि छ । केही तथ्य र केही कल्पनाले भरिएको भूगोलमा संस्कृतज्ञहरू रमाउँथे । लिगलिगको इतिहास यतिमा मात्र सिमित छैन् । गोरखा शाह वंशका पहिला राजा द्रब्य शाहको पहिलो राज्य लिगलिग थियो । लिगलिगतको उत्तरपट्टि सिरानचोक, पूर्वमा छोप्राक र पश्चिममा राइनासकोट पर्दछन् । पूर्व पश्चिम दुईतिर दरौदी र चेपे खोला रहेको छ भने लिगलिगकोटको दक्षिण तर्फ मर्स्याङदी वगिरहेको छ । लिगलिग पर्वतका चारैतिरका गाँउ ठाउँको समेत इतिहासमा उल्लेख रहेको छ । महिवल लिगलिगकोट आसपानै पर्छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जहाँ पाँचजनालाई द्रव्य शाहले आक्रमण गरी मारे । संवत १६१६ मा चल्ती रहेको नाम महीवललाई अहिले पनि महिवल नै भनिन्छ । संभवतः धर्म, दर्शन, ब्याकरण साहित्य र ज्योतिशास्त्र जस्ता शास्त्रीय विषयभित्र इतिहास परेन । आचार्य विद्वान्हरूले पढाउने रानी पोखरी प्रधान पाठशालामा पनि इतिहास र भूगोल पढाइन्नथ्यो । सम्भवत संस्कृतमा ती विषय नलेखिएकोले हो कि ? आचार्य गुरुहरूलाई ती विषयका ज्ञान हुन्नथ्यो भन्ने कुरा भने होइन, आचार्यहरू ती विषयलाई अनावश्यक शास्त्र भन्दा रहेछन क्यार ? संस्कृत पाठशालाहरूमा इतिहास र भूगोल पढाउने परिपाटी नहुँदा त्यसबाट वञ्चित विद्यार्थीहरू स्वयमले आफ्नो शिक्षामा रहेको त्रृटीको अनुभव गरेर पाठयक्रममा (२००४ सालमा) इतिहास र भूगोल विषय राखियोस भनी माग गर्दा यो मागलाई राजनीतिवाट प्रेरित भनियो । यद्यपि त्यो राजनीतिको भूमिका नै थियो तर आन्दोलन नचर्किएसम्म त्यो माग पूरा भएन् । यद्यपि त्यसै पाठशालाको उपल्लो तल्लामा स्थित दरवार हाइस्कुलमा इतिहास र भूगोलको पढाइ भइरहेको हुन्थ्यो ।

तत्कालीन सामाजिक रचना र शासनको विसङ्गतिले कैयौ प्रतिभा फुल्न नपाइकन झरे होलान् ती मध्ये हरिभक्त एक हुन । उनका साधारण जीवनीबाट इतिहासको विशेष बोध हुन्छ । यो जीवनी तयार गर्नुको अभिप्राय पनि यही हो । हरिभक्त देवकोटालाई आफ्नो सँस्कृति र साहित्यप्रति प्रेम भएकाले उनैको नामबाट हरि साँस्कृतिक केन्द्र स्थापना भएको छ । केन्द्रको अक्षय सम्पति रु ५८,००० रहेको छ । कोषको आम्दानीबाट यस केन्द्रले साहित्यिक लेखनमा लागेका प्रतिभाहरूलाई पुरस्कृत गर्दै आइरहेको छ । अहिले यसको कार्यक्षेत्र गोरखा जिल्लामा मात्र सीमित रहेको छ ।

(लेखक २०७४ सालमा स्वर्गारोहण भईसक्नु भएको छ उहाँले हरि साँस्कृतिक केन्द्रको अध्यक्ष रहँदा केही सुनेको, केही खोजेको आधारमा प्रस्तुत जीवनी तयार पार्नु भएको हो ।)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीपशुपतिनाथको महास्नानपूजामा तान्त्रिक कृत्यहरूको प्रयोग

✍ उप. प्रा. माधवप्रसाद लामिछाने

१. विषयप्रवेश

शैवधर्म संसारका प्राचीनतम धर्महरूमध्ये एक हो । शैवधर्म र उपासनाका सम्बन्धमा विद्वान्हरूका विभिन्न मतहरू पाइन्छन् । मोहनजोदडो र हडप्पासभ्यताको उत्खननवाट प्राप्त अवशेषका आधारमा शैवधर्मको अस्तित्व हिमवत् खण्डमा आजभन्दा पाँच हजार वर्षपहिले नै विद्यमान रहेको सिद्ध भएको छ । वेदसंहितामा रुद्रलाई पशुहरूका रक्षक एवं आफ्नो प्रतापले रोगहरू निको पार्न सक्ने हजारौं प्रकारका औषधि र जडिबुटीहरू जान्ने कविराज मानिएको छ । उनलाई चोर, डाँका, यक्ष, गन्धर्व, किन्नर आदिका देवता र वलिया हातपाखुरा भएका खैरो रङ्गको स्वर्गको असुरको रूपमा पनि चित्रण गरिएको छ । उपनिषद्मा रुद्र शिवरूप धारण गरी सर्वोच्च देवका रूपमा प्रतिष्ठित भएका छन् । तिनै शिव वा पशुपतिलाई आगम अथवा तन्त्रहरूले सुदृढ दार्शनिक आधार प्रदान गरी नवीन र भव्य उपासनापद्धतिको आविष्कार गरेको पाइन्छ । यसै सन्दर्भमा प्रस्तुत लेखमा प्रत्येक महिनाको पूर्णिमा तथा कार्तिक शुक्ल चतुर्दशीका दिन भगवान् श्रीपशुपतिनाथको महास्नानपूजामा गरिने तान्त्रिक कृत्यहरूको प्रयोगका सम्बन्धमा चर्चा र विश्लेषण गरिन्छ ।

२. श्रीपशुपतिनाथको स्वरूप

शिवका अनेकौं नाममध्ये पशुपति प्रमुख नाम हो । वेदसंहिता र ब्राह्मणमा रुद्रलाई पशु र मनुष्यका रक्षक, अनेकौं औषधीका ज्ञाता, लता एवं वनस्पतिका देवता आदि भनेर स्तुति गरिएकाले यिनी आफ्ना क्रियाकलापद्वारा पशुप वा पशुपतिका रूपमा सम्मानित रहेको देखिन्छ । पशुपतिलाई पार्थिव जगत्का अधीश्वर, उग्ररूप र कल्याणमय रूपका साथै समस्त भुवनका मालिक तथा विश्वव्यापी सत्ताका रूपमा महिमागान गरिएको छ । यसका साथै पृथ्वी, जल, तेज, वायु र आकाशरूप पञ्चतत्वको अधिष्ठानका रूपमा पनि मान्यता मिलेको देखिन्छ । शिवलाई गिरिशन्त, गिरित्र, नीलग्रीव, शितिकण्ठ, कपर्दी, सहस्राक्ष, विश्वरूप, व्युप्तकेश, शिपिविष्ट, कृत्तिवासा, ईशान, भूतपति, पशुपति आदि नामले सम्वोधन गरेको पाइन्छ ।

वेदसंहितामा विश्वव्यापी सत्ताका रूपमा मान्यता पाएका शिव भव, शर्व, रुद्र, उग्र, पशुपति, महादेव, ईशान र अशनिका रूपमा अष्टमूर्ति नामले प्रसिद्ध छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चब्रह्मोपनिषद्मा शाकलले भगवान् को हुन् ? भनी प्रश्न गर्दा पैप्पलादले भगवान् सद्योजात, वामदेव, तत्पुरुष, अघोर र ईशान हुन् भनी उत्तर दिएका छन् । यिनै पञ्चब्रह्म हुन् र पञ्चब्रह्मको समन्वित स्वरूप नै परमतत्व पशुपति हो । तिनै पञ्चब्रह्ममध्ये ऊर्ध्ववक्त्र ईशानमूर्ति क्षेत्रज्ञका अधिष्ठान, आकाशका प्रतिनिधि, सर्वविद्यात्मक, कामेश्वरीशक्तिले अभिन्न सदाशिवस्वरूप हुन् । पूर्ववक्त्र तत्पुरुषमूर्ति सत्व, रज र तमोगुणको आश्रय र भोग्य अव्यक्तको अधिष्ठान, वायुका प्रतिनिधि, अथर्ववेदस्वरूप, पूर्णेश्वरीशक्तिले अभिन्न, ईश्वरस्वरूप हुन् । दक्षिणवक्त्र अघोरमूर्ति धर्म, ज्ञान, वैराग्य, ऐश्वर्य आदि अष्टाङ्गले समन्वित बुद्धिका अधिष्ठान, अग्निका प्रतिनिधि, सामवेदस्वरूप, निशेश्वरीशक्तिले अभिन्न रुद्रस्वरूप हुन् । उत्तरवक्त्र वामदेवमूर्ति अहङ्कारका अधिष्ठान, जलका प्रतिनिधि, यजुर्वेदस्वरूप, सिद्धेश्वरीशक्तिले अभिन्न, विष्णुस्वरूप हुन् । पश्चिमवक्त्र सद्योजातमूर्ति मनका अधिष्ठान, पृथ्वीका प्रतिनिधि, ऋग्वेदस्वरूप, कुब्जिकाशक्तिले अभिन्न ब्रह्मास्वरूप हुन् । यिनै ब्रह्मादिस्वरूप पञ्चदेव वा पञ्चब्रह्म नै तत्तत् रूपमा सृष्टि, स्थिति, संहार, निग्रह र अनुग्रहस्वरूप पञ्चकृत्यका सम्पादक हुन् । भगवान् श्रीपशुपतिनाथका यी पाँच वक्त्रका अतिरिक्त तन्त्र तथा आगमशास्त्रमा अर्को अधोवक्त्रको पनि कल्पना गरिएको छ जसलाई पिचुवक्त्र, पातालवक्त्र, रहस्यवक्त्र आदि नाम दिइएको छ । उक्त वक्त्रलाई कालाग्निरुद्रका नामले जानिन्छ । कालाग्निरुद्र सबैका आधारस्वरूप छन् । सृष्टि, स्थिति, संहार आदि पञ्चकृत्यहरू तिनै कालाग्निरुद्रमा लय हुन्छन् । यसप्रकार ईशान, तत्पुरुष, अघोर, सद्योजात, वामदेव र कालाग्निरुद्ररूप षड्वक्त्रका समष्टिस्वरूप नै भगवान् श्रीपशुपतिनाथ हुन् ।

३. श्रीपशुपतिनाथको महास्नानपूजाको सैद्धान्तिक आधार

हिरण्यगर्भविद्या (सूर्यविद्या) वा निगमविद्याका अनुसार सम्पूर्ण विश्वको रचनाको आधार सूर्यलाई मानिएको छ । 'नूनं जनाः सूर्येण प्रसूताः' अर्थात् सम्पूर्ण जीवजन्तुहरू सूर्यबाट उत्पन्न भएका हुन् तथा 'सूर्य आत्मा जगतस्तस्थुषश्च' अर्थात् सूर्य समस्त चराचर जगत्का आत्मा हुन् आदि वैदिक वाक्यहरू त्यसका प्रमाण हुन् । यहाँ सूर्यको अभिप्राय नक्षत्ररूप पिण्ड सूर्य नभई भूः, भुवः, स्वः तीनै लोकमा सर्वत्र व्याप्त अग्नितत्वको एकीभूत रूप वैश्वानर हो जो उष्णता र प्रकाशको आधारभूत तत्व हो । त्यही वैश्वानरलाई बुझाउन वैदिक साहित्यमा सूर्यलाई प्रतीक बनाइएको छ[1] । सोही वैश्वानर अग्नि 'भूः' अर्थात् पृथिवीलोकमा पार्थिव अग्निका रूपमा, 'भुवः' अर्थात् अन्तरिक्षलोकमा सोम एवं वातका रूपमा र 'स्वः' अर्थात् द्युलोकमा सबैको समष्टिस्वरूप वैश्वानर वा सौर-अग्निका रूपमा रहेको छ । सोही वैश्वानर वा सौर-अग्निको अर्को पर्याय हो -कालाग्निरुद्र । रुद्र

१. फतहसिंह, **वैदिक दर्शन,** (इलाहावाद : भारती भण्डार), वि.सं. २०१९,पृ. ८९ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
र अग्निको एकत्व देखाउँदै अथर्ववेदमा भनिएको छ-

यो अग्नौ रुद्रो यो अप्स्वन्तर्य औषधीर्वीरूध आविवेश, य इमा विश्वा भुवनानि चाक्लृपि तस्मै रुद्राय नमोस्त्वग्नये[२]। अर्थात् जो रुद्रदेव तेजका रूपले अग्निमा, वरुणको रूपले जलमा र सोमका रूपले लता एवं औषधीहरूमा व्याप्त छन् तिनले सबै प्राणीहरूको रचना गर्दछन्। ती अग्निरूप रुद्रलाई नमस्कार छ। तिनै रुद्ररूप सौर-अग्निका मुख्य दुई भेद छन्- घोर (उग्र) र शिव (शान्त)। आफ्नो उग्र रूपप्रति पार्वतीको जिज्ञासा शान्त गर्दै भगवान् शिव भन्नुहुन्छ -

द्विविधो लौकिको भावः शीतमुष्णमिति प्रिये।
तयोर्हि ग्रथितं सर्वं सौम्याग्नेयमिदं जगत्॥
सौम्यत्वं सततं विष्णौ मङ्घयाग्नेयं प्रतिष्ठितम्।
अनेन वपुषा नित्यं सर्वान् लोकान् विभर्म्यहम्[३]॥

अर्थात् हे प्रिये ! चिसो र तातो गरी लौकिक भाव दुई किसिमको हुन्छ। तिनै दुई भावले यो विश्व व्याप्त छ। सौम्य भाव विष्णुमा रहेको छ अर्थात् सौम्य भावमा म विष्णुरूपमा रहेको छु भने आग्नेय भाव ममा रहेको छ अर्थात् आग्नेय भावमा म रुद्ररूपमा रहेको छु। यही सौम्य एवं आग्नेय स्वरूपले नै म सम्पूर्ण लोकलाई धारण गर्दछु। यसबाट अग्निरूप रुद्रको शान्त स्वरूपलाई 'विष्णु' भनिने कुरा स्पष्ट हुन्छ। त्यसैले वेदमा जहाँ सूर्यलाई विष्णु भनिएको छ त्यो सूर्य वा वैश्वानर अग्निको शान्त स्वरूप हो भन्ने स्पष्ट हुन्छ।

अग्निलाई अन्नाद अर्थात् अन्न खानेवाला भनिन्छ। अन्न खानु अग्निको स्वाभाविक धर्म हो। पार्थिव एवं सौर-अग्नि अन्नाद हुन् भने अन्तरिक्षमा रहेको सोम एवं वातचाहिँ अन्न हो। यसै तथ्यलाई सङ्केत गर्दै शतपथब्राह्मणमा भनिएको छ -एष वै सोमो राजा देवानामन्नं यच्चन्द्रमा[४] अर्थात् सोम वा चन्द्रमा सौर एवं पार्थिव अग्निरूप देवताका अन्न हुन्।

माथि प्रसङ्गवश भनिसकिएको छ कि रुद्ररूप सौर-अग्निका मुख्य दुई भेद छन्- घोर र शिव। औषधि, वनस्पति आदि अन्नरूप सोम सौर-अग्निमा निरन्तर आहूत भइरहेका छन्। फलतः सौर–अग्नि शान्त शिव वा विष्णुरूप ग्रहण गर्दै विश्वको पालनपोषण गरिरहेका छन्। शिव वा विष्णु सौर–अग्निरूप रुद्रको शान्त वा सौम्य रूप हो। त्यसैले रुद्रको शान्त वा सौम्य रूप शिवलाई पुरुषोत्तम वा विष्णु भनेको पाइन्छ। अतः शिव र विष्णुमा भेद देख्नु अज्ञानता सिवाय केही होइन। अन्नरूप सोमतत्व शान्ततत्व भएकाले उक्त सोमको आहूतिबाट रुद्राग्नि शान्त रूप ग्रहण गर्दै शिव बन्दछन्। यदि सोमरूप अन्नको आहूति

---

२. अथर्ववेद-७।८७।१।

३. महाभारत, अनुशासन पर्व – ११४।२४–२५ ॥

४. शतपथब्राह्मण-१।६।४।५ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बन्द भयो भने सौर-अग्निरूप रुद्र घोर रूपमा परिणत भई विश्वको संहारक बन्न पुग्छन् । पार्थिव औषधि, वनस्पति, अप वा वायुरूप सोम (अन्न) को निरन्तर आहूतिले नै उग्र रुद्र वा सौर-अग्नि शान्त बन्दछन् । त्यसैले उक्त सोमरूप अन्नलाई शान्तदैवत्य वा शान्तरुद्रिय भनिन्छ । परोक्षप्रिय देवताहरूको परोक्षभाषामा त्यही शान्तरुद्रिय अन्न शतरुद्रिय नामले प्रसिद्ध छ । यसैलाई स्पष्ट गर्दै शतपथ ब्राह्मणमा भनिएको छ - अत्रैष: सर्वोऽग्नि: संस्कृत: । स एषोऽत्र रुद्रो देवता । स दीप्यमानोऽतिष्ठदन्नमिच्छमान: । तस्मादेवा अविभेयु:- यद्वै नोऽयं न हिंस्यादिति । तस्मै एतदन्नं समभरत् शान्तदैवत्यम् । तेनैनमशमयन् । शान्तदैवत्यं ह वै शतरुद्रियमित्याचक्षते परोक्षम् । परोक्षकामा हि देवा: [५] अर्थात् देदीप्यमान परिष्कृत अग्नि नै रुद्र देवता हुन् । अन्नको कामना गर्ने त्यस्तो देदीप्यमान रुद्ररूप अग्निवाट देवताहरू अत्यन्त भयभीत भए । यसले हामीलाई नमारोस् भन्ने कामनाका साथ अन्नको चाहना गर्ने त्यस अग्निलाई शान्तदैवत्यरूप अन्न प्रदान गरे जसलाई रुद्ररूप अग्निले ग्रहण गरे । परोक्षकाम देवताहरूको परोक्ष भाषामा शान्तदैवत्यलाई नै शतरुद्रिय भनिन्छ । यसवाट के वुझिन्छ भने अग्निरूप रुद्रलाई शान्त गर्नका लागि शतरुद्रिय मन्त्रले स्तुति गर्दै शीततत्वरूप सोम वा अन्नरूप जलको अभिषेक गरिन्छ ।

माथिको विवेचनवाट के कुरा स्पष्ट हुन्छ भने सौर-अग्निस्वरूप रुद्रतेज शान्त गर्नका लागि पार्थिव औषधि, वनस्पति आदि सोम (अन्न) रूप शीततत्वको आहूतिद्वारा विश्वब्रह्माण्डमा निरन्तर प्राकृत रुद्रानुष्ठान चलिरहेको छ । सोही प्राकृत रुद्रानुष्ठानको अनुकरणस्वरूप लौकिक जगत्मा अग्नितत्वको प्रतीकस्वरूप रुद्रलिङ्गमा सोमरूप शीततत्वको अभिषेक गरी रुद्रलाई शान्त र सौम्य शिवरूप धारण गर्नका लागि तथा आफ्नो अभीष्ट सिद्धिका साथै विश्वको कल्याणको कामनाले प्रार्थना गरिन्छ । यही नै शिव वा श्रीपशुपतिनाथको अभिषेकात्मक अनुष्ठान वा महास्नानको रहस्य हो ।

२. श्रीपशुपतिनाथमा महास्नानपूजा सम्बन्धी व्यवस्था

श्रीपशुपतिनाथमा हाल प्रत्येक महिनाको पूर्णिमाका दिन र कार्तिक शुक्ल चतुर्दशीका दिन गरिने महास्नानपूजाका सम्वन्धमा ऐतिहासिक रूपमा प्रथम उल्लेख राजा अभय मल्ल (वि.सं. १२७३-१३१२) को पालामा भएको देखिन्छ[६] । त्यसपछि लक्ष्मीनरसिंह मल्लले वि.सं. १६९१ मा वैशाख शुक्ल तृतीयाका दिन श्रीपशुपतिनाथमा महास्नानपूजा गर्ने गरी गुठीका रूपमा सोह्र रोपनी जग्गा

---

५. शतपथब्राह्मण-९।१।१।१ ॥

६. ज्ञानमणि नेपाल, नेपालको माध्यमिक कालको इतिहास, (काठमाडौं : मकालु वुक्स एण्ड स्टेसनर्स), वि.सं. २०६२, पृ. १४५ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राखेको जानकारी पाइन्छ[७] तर हाल सो दिन अर्थात् अक्षय तृतीयाका दिन महास्नानपूजा गरिँदैन । राजा नृपेन्द्र मल्लले वि.सं. १७३५ वैशाख शुक्ल पूर्णिमाका दिन श्रीपशुपतिनाथमा महास्नानपूजा गरेको उल्लेख पाइन्छ[८] । त्यसै गरी सिंख्वाल प्रधानले कार्तिक शुक्ल पूर्णिमाका दिन श्रीपशुपतिनाथमा महास्नानपूजा गराउने व्यवस्था मिलाएको देखिन्छ[९] । श्री ५ रणवहादुर शाहकी रानी कान्तिवतीले वर्षभरि वाह्रै पूर्णिमाका दिन श्रीपशुपतिनाथमा महास्नानपूजा गराउने व्यवस्था बाँधी वि.सं. १८५६ वैशाख शुक्ल पूर्णिमाका दिन काठमाडौँको गोकर्ण एवं सिन्धुपाल्चोक जिल्लाको फटकशिलामा करिव वाइस सय रोपनी जग्गा गुठी राखिदिइन्[१०] । सिंख्वाल प्रधानले राखेको गुठीवाट चाहिँ कार्तिक शुक्ल चतुर्दशीका दिन महास्नानपूजा हुन थाल्यो । सोही व्यवस्था अनुरूप आजसम्म कार्तिक शुक्ल चतुर्दशीका दिन हुने महास्नानपूजामा देवीदासका छोरीपट्टिका सन्तान जोशी खलकको प्रतिनिधिका रूपमा हनुमानढोकास्थित तलेजुका जोशी उपस्थित हुने गरेका छन् । यस प्रकार हाल वाह्र महिनाका वाह्रै पूर्णिमा तथा कार्तिक शुक्ल चतुर्दशीका दिन समेत गरी वर्षभरिमा जम्मा तेह्र दिन श्रीपशुपतिनाथमा महास्नानपूजा गर्ने परम्परा रहेको छ ।

३. महास्नानपूजाका अवसरमा गरिने कृत्यहरू र तिनको तान्त्रिक आधार

श्रीपशुपतिनाथको महास्नानपूजाका लागि चाहिने प्रायः सवै सामग्रीहरू सिन्धुपाल्चोक जिल्लाको फटकशिलाबाट ल्याइन्छ । महास्नानपूजाका लागि आवश्यक सामग्रीहरू जोख्ने, भर्ने, गन्ने र सम्वद्ध ठाउँमा पुऱ्याउने कार्य एक थरि व्यक्तिहरूले गर्दछन् भने पशुपति क्षेत्रका विभिन्न देवीदेवताको पूजाका लागि सामग्री तयार पार्ने काम हनुमानढोकामा अवस्थित तलेजु मन्दिरका नकिनीहरू(घरमूली)ले गर्दछन् । पूजासामग्री तयार पार्ने कार्यमा तलेजु मन्दिरका नकिनी र महास्नानपूजाका अवसरमा गरिने पठन, हवन एवं पूजनमा तलेजुका राजोपाध्याय एवं कर्माचार्यको भूमिका महत्वपूर्ण रहने गरेको छ । महास्नानपूजाका अवसरमा यज्ञशालाभित्र गरिने क्षेत्रपालको पूजा एवं अन्य तान्त्रिक पूजाका साथै गुह्येश्वरीमा गरिने पूजा र वलिको सङ्कल्प हनुमानढोकास्थित तलेजुका पूजारी कर्माचार्यले गर्दछन् भने हवनकार्य राजोपाध्यायले गर्दछन् ।

तलेजु वा तुलजा भवानीलाई श्रीविद्याको षोडश नित्याहरूमध्ये अष्टम नित्या

७. गोविन्द टण्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन, (काठमाडौँ : झरेन्द्र शमशेर ज.ब.रा. तथा श्रीमती प्रभा राणा), वि.सं. २०५३, पृ. १५० ।

८. पूर्ववत् ।

९.. पूर्ववत् ।

१०. पूर्ववत् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्वरिता हुन् भनेर यिनको मूर्ति प्रतिष्ठापित गरिएको एउटा मन्दिर राजस्थानमा रहेको छ। अतः यिनी ऊर्ध्वाम्नायकी देवी हुन् भन्ने स्पष्ट हुन्छ[11]। भक्तपुरमा प्रतिष्ठापित तलेजुपीठ नजिकै रहेको दुमाजुपीठमा तलेजुमै प्रचलित विधिअनुसार पूजाउपासना हुने गरेको र बिस्केटजात्राको अवसरमा सर्वसाधारणका लागि देखाइने दुमाजुको अष्टधातुको मूर्ति पश्चिमाम्नायनायिका कुब्जिकाको स्वरूप भएकाले भक्तपुरमा प्रतिष्ठापित तलेजु पश्चिमाम्नाय र ऊर्ध्वाम्नायकी समष्टि हुन् भन्ने बुझिन्छ[12]। महात्रिपुरसुन्दर्याश्चण्डयोगेश्वरी परा। न तयोर्विद्यते भेदो भेदकृत् नरकं व्रजेत्॥ अर्थात् पराशक्ति महात्रिपुरसुन्दरी र चण्डयोगेश्वरी गुह्यकालीका बीच कुनै भिन्नता छैन, जसले भिन्नताको कल्पना गर्छ त्यो नरक जान्छ भन्ने उक्तिअनुसार ऊर्ध्वाम्नायनायिका महात्रिपुरासुन्दरी एवं उत्तराम्नायनायिका गुह्यकाली वा चण्डयोगेश्वरी अभिन्न भएकाले तलेजु भवानी ऊर्ध्वाम्नायस्वरूप श्रीविद्या, पश्चिमाम्नायस्वरूप कुब्जिका र उत्तराम्नायस्वरूप गुह्यकालीको समष्टिस्वरूप भएको स्पष्ट हुन्छ[13]। अतः महास्नानपूजाका अवसरमा हुने पञ्चवक्त्र श्रीपशुपतिनाथ र उनकी अभिन्न शक्ति षोडशी वा महात्रिपुरसुन्दरीको पूजाअर्चनाका क्रममा हवन एवं पूजनकार्यमा तीनै विद्याको समष्टिस्वरूप तलेजुका पूजारीहरू राजोपाध्याय र कर्माचार्य एवं पूजासामग्री तयार पार्ने कार्यमा तलेजुका नकिनीको भूमिका आवश्यक भएको हो।

काठमाडौँका राजा रत्न मल्लको पालादेखि श्रीपशुपतिनाथका पूजारीका रूपमा शङ्कराचार्यको सिद्धान्तका अनुयायी षोढान्यासी संन्यासीहरूले काम चलाएको देखिन्छ[14]। त्यसैबेला नेपालमा आएका शङ्कराचार्यले श्रीपशुपतिनाथमा हुने तान्त्रिक विधिलाई परिष्कृत गरी तिनै षोढान्यासी संन्यासीहरूद्वारा सात्त्विक पूजाअर्चना गर्ने र पशुपतिलिङ्गको माथि श्रीयन्त्र निर्माण गरी सोही यन्त्रमा पञ्चवक्त्र श्रीपशुपतिनाथकी अभिन्न शक्ति षोडशी वा महात्रिपुरसुन्दरीको पूजा गर्ने प्रथा चलाएका थिए। सो प्रथा बाँधिनुभन्दा अगाडि श्रीपशुपतिनाथको पूजा हुँदा उनकी अभिन्न शक्ति महात्रिपुरसुन्दरीका रूपमा हनुमानढोकास्थित तलेजुको पूजा हुन्थ्यो होला। अर्को कुरा वि.सं. १४१६ मा बनेपाका शासक जयरामसिंहवर्धनले श्रीपशुपतिनाथको पुनः प्रतिष्ठा गराएको उल्लेख पाइन्छ[15]।

---

११. धनशमशेर ज.ब.रा., **कामकलारहस्य**, (काठमाडौँ : नेपाल र एसियाली अनुसन्धान केन्द्र), वि.सं. २०३६, पृ. १४५।

१२. पूर्ववत्।

१३. पूर्ववत्।

१४. ज्ञानमणि नेपाल, **पशुपतिनाथको दर्शन, स्पर्शन, पूजनसम्बन्धमा समीक्षा,** (काठमाडौँ : महेशराज पन्त), वि.सं.२०४३, पृ.२८।

१५. पूर्ववत्, पृ. १९।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उक्त प्रतिष्ठाकार्यमा आचार्यका रूपमा उनकै कुलपुरोहित उपाध्याय वैदिक सनातनी ब्राह्मणहरू देखिन्छन् तर पछि षोढान्यासी संन्यासीहरू र दाक्षिणात्य भट्टहरू श्रीपशुपतिनाथको पुजारी हुन थालेपछि भने यहाँका राजोपाध्यायहरूको भूमिका न्यून हुन गई तलेजुमा मात्र सीमित हुन पुगेको हुन सक्छ।

महास्नानपूजाका अवसरमा पूजासामग्री तयार पार्ने तलेजुका नकिनीहरूले पूजासामग्री चाँदीको भाँडामा एक भाग, तामाको भाँडामा एक भाग, पित्तलको भाँडामा तीन भाग र टपरीमा छब्बीस भाग तयार पार्दछन्[१६]। यी सामग्रीहरूमध्ये चाँदीको भाँडामा तयार पारेको सामग्री श्रीपशुपतिनाथमा चढाइन्छ जो स्वयं परब्रह्म प्रकाशस्वरूप अनुत्तर परम शिव हुन्। प्रकाशरूप शिवलाई सेतो मान्ने र विमर्शरूप शक्तिलाई रातो मान्ने परम्परा सर्वविदित छ। त्यसैले चाँदीको भाँडामा तयार पारिएको सामग्री श्रीपशुपतिनाथलाई एवं तामाको भाँडामा तयार पारिएको सामग्री त्रिपुराशक्तिको प्रतीकस्वरूप श्रीयन्त्रमा चढाउने गरेको देखिन्छ। प्रकाशस्वरूप शिवलाई शास्त्रहरूमा गौरवर्णका भनिएकाले उनलाई सेता फूलहरू र चाँदीका पात्रहरू चढाउने गरेका प्रशस्त उदाहरणहरू पाइन्छन्।

निष्कल तत्वातीत विश्वोत्तीर्ण भगवान् श्रीपशुपतिनाथ नै विश्वको मूल केन्द्रमा विश्वमय रूपमा विद्यमान छन्। तामाको भाँडामा तयार पारिएको सामग्री श्रीयन्त्रमा चढाइन्छ जो प्रकाशरूप परम शिवकी विमर्शरूप पराशक्तिको दृष्टविग्रह हो। उक्त विमर्शरूप पराशक्ति अनुत्तर परम शिवका साथ अभिन्न सम्वन्धले रहेको हुन्छ। जसरी आगोवाट त्यसको पोल्ने शक्ति कहिल्यै भिन्न हुँदैन त्यसरी नै पराशक्ति पनि शक्तिमान् परम शिववाट कहिल्यै भिन्न हुँदैन। शक्ति नै वास्तवमा शक्तिमान् तत्वको वास्तविक स्वरूपमा प्रवेश पाउनका लागि प्राथमिक उपाय हो[१७]। शक्ति नै शिवको परम सुन्दर स्वरूपमा प्रवेश गर्ने द्वार हो। जसरी कुनै व्यक्तिको अनुहार हेरेर उक्त व्यक्तिको पहिचान हुन्छ त्यसरी नै शक्तिका माध्यमबाट शिवको पहिचान हुन्छ[१८]। परम शिव र पराशक्तिको त्यस्तो सम्वन्ध वुझाउनका लागि नै श्रीपशुपतिनाथको ऊर्ध्ववक्त्र(ईशानवक्त्र)मा पराशक्तिको प्रतीकस्वरूप श्रीयन्त्रको निर्माण गरी पूजाअर्चना गर्ने परम्परा रहेको छ। श्रीयन्त्र निर्माणका दुईवटा प्रक्रिया वताइएका छन्– १) सृष्टिक्रम, २) संहारक्रम। सृष्टिक्रम अर्थात् समयमार्ग अनुसार पहिले त्रिकोण लेखेर त्यसमा विन्दु लेखी

---

१६. गोविन्द टण्डन, **पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन,** (काठमाडौं: झरेन्द्र शमशेर ज.व.रा. तथा श्रीमती प्रभा राणा) वि.सं. २०५३, पृ.१५२।

१७. न वह्नेर्दाहिकाशक्तिरतिरिक्ता विभाव्यते।
केवलं ज्ञानसत्तायां प्रारम्भोऽयं प्रवेशने॥ –विज्ञानभैरव, १९ श्लोक।

१८. शक्त्यवस्थाप्रविष्टस्य निर्विभागेन भावना।
तदासौ शिवरूपी स्यात् शैवी मुखमिहोच्यते॥ –पूर्ववत्, २० श्लोक।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अष्टकोण, अन्तर्दशार, बहिर्दशार, चतुर्दशार, अष्टदलपद्म, षोडशदलपद्म, वृत्तत्रय र चतुर्द्वारयुक्त भूपुरत्रय लेखी श्रीयन्त्रको निर्माण सम्पन्न गरिन्छ। समयमार्ग अनुसार श्रीयन्त्रको मध्यत्रिकोण ऊर्ध्वमुख लेखिन्छ[19]। संहारक्रम अर्थात् कौलमार्ग अनुसार वृत्तबाट प्रारम्भ गरेर बिन्दुमा पुगी श्रीयन्त्रको निर्माण सम्पन्न गरिन्छ[20]। संहारक्रममा श्रीयन्त्रको मध्यत्रिकोण ऊर्ध्वमुख वा अधोमुख के हुन्छ भन्ने विषयमा सौन्दर्यलहरीमा केही उल्लेख नगरे तापनि सृष्टिक्रममा उक्त त्रिकोण ऊर्ध्वमुख हुन्छ भनेर स्पष्ट लेखिएकाले संहारक्रममा चाहिँ अधोमुख हुन्छ भन्ने अनुमान गर्न सकिन्छ। भगवान् श्रीपशुपतिनाथको ऊर्ध्ववक्त्रमा निर्माण गरिने श्रीयन्त्र समयमार्ग अनुसार लेखिन्छ तर मध्यत्रिकोणचाहिँ अधोमुख बनाइन्छ[21]। यसबाट यहाँ मिश्रपद्धतिको अभ्यास भएको देखिन्छ। पञ्चवक्त्र श्रीपशुपतिनाथकी अभिन्न शक्ति षोडशी वा महात्रिपुरसुन्दरी ज्ञानशक्ति, इच्छाशक्ति एवं क्रियाशक्तिको समष्टिस्वरूप विमर्शशक्ति हुन् जसलाई ब्रह्मा, विष्णु एवं महेश्वररूपिणी पराशक्ति मानिएको छ[22]। उपर्युक्त तथ्यबाट ब्रह्मा, विष्णु एवं महेश्वररूपिणी पराशक्ति त्रिपुरसुन्दरीका शक्तिमान् तत्व पञ्चवक्त्र भगवान् श्रीपशुपतिनाथ पनि ब्रह्मा, विष्णु एवं महेश्वरस्वरूप परम तत्व हुन भन्ने सिद्ध हुन्छ। पराशक्ति त्रिपुराले नै आफूभित्र बीजरूपमा अवस्थित सम्पूर्ण चराचर जगत्लाई बाहिर प्रकट गर्ने काम गर्दछिन्। तिनै त्रिपुरादेवी पराशक्तिमा शिवदेखि पृथ्वीसम्मका छत्तीस तत्व निहित छन्। अनन्त विश्ववैचित्यका रूपमा तिनै पराशक्ति रहेकी छिन्। आफ्नो स्वातन्त्ययशक्तिका माध्यमबाट बाहिर प्रकट भएको चराचर जगत्लाई अहंस्वरूप मान्दै अर्थात् आफूदेखि अभिन्न रूपमा ग्रहण गर्दै सबैलाई अनुग्रह गर्नमा तत्पर तत्वलाई सदाशिव भनिन्छ। सदाशिव तत्वमा परम शिवमा निहित इच्छाशक्ति, ज्ञानशक्ति र क्रियाशक्तिमध्ये ज्ञानशक्तिको प्राधान्य रहन्छ। सोही सदाशिव तत्वका रूपमा यहाँ कीर्तिमुख भैरव देखापर्दछन् जसलाई पित्तलको भाँडामा तयार पारिएको सामग्रीमध्ये एक भाग चढाइन्छ। सम्पूर्ण जगत्लाई इदं रूपमा मान्दै आफूदेखि भिन्न रूपमा ग्रहण गर्ने तत्वलाई ईश्वर भनिन्छ। पित्तलको भाँडामा तयार पारिएको सामग्रीमध्ये एक भाग यज्ञशालामा हवन कार्यमा चढाइन्छ। यहाँ यज्ञशालामा गरिने हवन क्रियाशक्तिको द्योतक भएकाले क्रियाशक्तिको अधिष्ठानस्वरूप ईश्वर तत्वलाई उद्देश्य गरेर उक्त पूजासामग्री

---

१९. शङ्कराचार्य, सौन्दर्यलहरी, ११ श्लोक, लक्ष्मीधराव्याख्या।

२०. पूर्ववत्।

२१. श्रीपशुपतिनाथको दक्षिणवक्त्रका पूजारी श्रीराम कारन्तसँगको कुराकानीका क्रममा प्राप्त जानकारी।

२२. एषा सा परमा शक्तिरेकैव परमेश्वरी।
त्रिपुरा त्रिविधा देवी ब्रह्मविष्ण्वीशरूपिणी॥ –नित्याषोडशिकार्णव, ४।११

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चढाएको देखिन्छ। परम शिवको ज्ञानशक्ति र क्रियाशक्तिमध्ये ईश्वर तत्वमा क्रियाशक्तिको प्राधान्य रहन्छ। अहं(म) र इदं(यो) का बीच अर्थात् ज्ञाता र ज्ञेयका वीच अभेद दृष्टि जगाई 'यो सवै विश्वप्रपञ्च म नै हो' भन्ने शुद्ध विकल्पको उदय गराउने तत्वलाई **शुद्धविद्या** भनिन्छ। ज्ञानयोगस्वरूप उत्तराम्नायकी नायिका भएकाले गुह्येश्वरी शुद्धविद्या स्वरूप हुन्। अतः पित्तलको भाँडामा तयार पारिएको सामग्रीमध्ये एक भाग गुह्येश्वरीमा चढाउनुको अर्थ शुद्धविद्या तत्वलाई समर्पण गर्नु हो भन्ने वुझिन्छ।

यसप्रकार चाँदी, तामा र पित्तलको भाँडामा तयार पारिएका सामग्रीहरू शिव, शक्ति, सदाशिव, ईश्वर र शुद्धविद्या तत्वका प्रतिनिधिस्वरूप उपर्युक्त देवीदेवतालाई चढाउने गरिएको देखिन्छ। टपरीमा तयार पारिएका वाँकी छव्वीस भाग पूजा सामग्रीहरू मायातत्वका पञ्च कञ्चुक (कला, अविद्या, राग, काल र नियति) वाहेक पुरुषदेखि पृथिवीसम्मका पच्चीस तत्व र मायासमेत जम्मा छव्वीस तत्वका प्रतिनिधिका रूपमा पशुपतिप्राङ्गणस्थित विभिन्न देवीदेवतालाई समर्पण गरेको वुझिन्छ।

समस्त प्राणीहरूमा भेदवुद्धि उत्पन्न गर्ने तत्वलाई **माया** भनिन्छ। मायाका कारण नै शिवका अपरिमित सर्वज्ञत्व आदि शक्तिहरू सङ्कुचित भएर शिव तत्व परिमित प्रमाता अर्थात् पुरुष तत्वका रूपमा परिणत हुन पुग्छ। परम शिवको सर्वकर्तृत्वलाई सङ्कुचित वनाएर किञ्चित्कर्ताका रूपमा सीमित गर्ने तत्वलाई **कला** भनिन्छ। शिवको सर्वज्ञत्व शक्तिलाई सङ्कुचित वनाउने तत्वलाई **विद्या** भनिन्छ। शिवको नित्य परिपूर्ण तृप्त निरभिलाष स्वरूपलाई सङ्कुचित वनाएर सीमित विषयभोगमा लगाउने तत्वलाई **राग** भनिन्छ। कालातीत नित्य परम शिवलाई सङ्कुचित वनाएर उसलाई समयको सीमामा वाँध्ने तत्वलाई **काल** भनिन्छ। परम शिवको स्वातन्त्यशक्तिलाई नियमन गर्ने तत्वलाई **नियति** भनिन्छ। नियतिका कारण नै पुरुष शुभ र अशुभ वासनात्मक कर्मको चक्करमा फस्दछ। यस प्रकार शिव नै जब आफ्नै स्वातन्त्यशक्तिवाट सृजित मायाका कला, विद्या, राग, काल र नियतिरूप पञ्चकञ्चुकवाट घेरिएर परिमित प्रमाता वन्न पुग्छ तव उसैलाई **पुरुष** तत्वका नामले चिनिन्छ। विश्वप्रपञ्चको विकासका क्रममा ज्ञान, इच्छा र क्रियाशक्तिलाई आफूभित्र अन्तर्लीन गरेर रहेको शान्ताशक्ति जब सङ्कुचित वन्न पुग्छ तव सङ्कुचित ज्ञान, इच्छा र क्रियाशक्ति सत्व, रज र तमोगुणका रूपमा तथा स्वयं सङ्कुचित शान्ताशक्ति सत्व, रज र तमोगुणको साम्य अवस्थास्वरूप **प्रकृति** तत्वका रूपमा परिणत हुन पुग्छ। ज्ञानशक्तिको सङ्कुचित स्वरूप सत्वगुण, इच्छाशक्तिको सङ्कुचित स्वरूप रजोगुण र क्रियाशक्तिको सङ्कुचित स्वरूप तमोगुण हो। प्राकृत सृष्टिका क्रममा जब प्रकृति सृष्टिका प्रति उन्मुख हुन्छ तव उसको साम्य अवस्था भङ्ग हुन्छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र त्यसले चित्तको स्वरूप धारण गर्दछ। सत्व, रज र तमोगुणको साम्यावस्था भङ्ग हुनेबित्तिकै सत्वगुणको अधिकता एवं रज र तमोगुणको न्यूनता हुँदा **बुद्धि** तत्वको आविर्भाव हुन्छ। बुद्धि तत्वबाट **अहङ्कार** तत्वको आविर्भाव हुन्छ। अहङ्कार तत्व सात्विक, राजस र तामस भेदले तीन प्रकारको हुन्छ। राजस अहङ्कारबाट **मन**को उत्पत्ति हुन्छ। सात्विक अहङ्कारबाट पाँच **ज्ञानेन्द्रिय** र पाँच **कर्मेन्द्रिय**को उत्पत्ति हुन्छ भने तामस अहङ्कारबाट **पञ्चतन्मात्रा**को उत्पत्ति हुन्छ। पञ्चतन्मात्राबाट **पञ्चमहाभूत**को उत्पत्ति हुन्छ।

यसप्रकार टपरीमा तयार पारिएका बाँकी छब्बीस भाग पूजा सामग्रीहरू मायातत्वका पञ्च कञ्चुक (कला, अविद्या, राग, काल र नियति) वाहेक पुरुषदेखि पृथिवीसम्मका पच्चीस तत्व र मायासमेत जम्मा छब्बीस तत्वका प्रतिनिधिका रूपमा पशुपतिप्राङ्गणस्थित विभिन्न देवीदेवतालाई समर्पण गरेको स्पष्ट हुन्छ।

महास्नानपूजाका अवसरमा भगवान् श्रीपशुपतिनाथलाई पूर्णकलशको जलले तथा पञ्चामृतले स्नान गराउने कार्यमा पनि राजोपाध्याय र मैथिल ब्राह्मणको भूमिका देखिन्छ। राजोपाध्यायले यज्ञशालबाट पूर्णकलश मन्दिरमा लगी मन्दिरको प्रदक्षिणा गरेर दक्षिण ढोकाबाट पशुपतिनाथका पूजारीलाई दिन्छन् भने पिण्डिका निर्माणका लागि भात पकाउने मैथिल ब्राह्मणले पञ्चामृतको घडा यज्ञशालाबाट मन्दिरमा लगी मन्दिरको प्रदक्षिणापूर्वक दक्षिण ढोकाबाट पूजारीलाई दिन्छन्। महास्नानपूजाका अवसरमा मन्दिरको एक र यज्ञशालाको एक गरी जम्मा दुईवटा पूर्णकलशले तथा एक सय बीस घडा पञ्चामृतले श्रीपशुपतिनाथलाई महास्नान गराइन्छ। सो अवसरमा वासुकिमा पनि पाँच घडा पञ्चामृतले महास्नान गराइन्छ।

भगवान् श्रीपशुपतिनाथलाई महास्नानपूजाका बखत पोशाक फेराउनका लागि पोशाकहरू सिलाउने र रङ्गाउने कार्य नेवार जातिका रञ्जितकारले गर्दछन्। देवीदेवताका मूर्तिहरूमा रङ्गरोगन गर्ने पुर्ख्यौली पेसा अपनाउने भएकाले नै यिनीहरूलाई रञ्जितकार भनिएको हो। उपासनामा यस प्रथाको कुनै तात्त्विक सम्बन्ध नभए तापनि सामाजिक सद्भाव र समन्वयका लागि उनीहरूको उपस्थिति महत्वपूर्ण देखिन्छ र यस प्रथाले रञ्जितकारहरूलाई आफ्नो जातीय गौरवको अनुभूति अवश्य दिलाएको हुनुपर्छ।

भगवान् श्रीपशुपतिनाथको महास्नानपूजाका अवसरमा कामेश्वरस्वरूप पञ्चवक्त्र श्रीपशुपतिनाथ एवं उनकी अभिन्न शक्ति कामेश्वरीलाई चढाउने उद्देश्यले धर्मशिलामा नन्दीको सुनको प्रतिमा राखी त्यसमाथि छ मुरी, छ पाथी, छ माना र छ मुठी भातको पिण्डिका निर्माण गरिन्छ। उक्त पिण्डिका तत्पुरुष, अघोर, सद्योजात, वामदेव र ईशानरूप पञ्चवक्त्र पशुपतिनाथ एवं उनकी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिन्न शक्ति कामेश्वरीलाई उद्देश्य गरी निर्माण गरिएको हो[२३] । यसबाट भातको पिण्डिका निर्माणमा प्रयोग हुने छ सङ्ख्याको रहस्य पनि खुल्दछ । सामान्यतया भोगका लागि तयार पारिने पदार्थलाई पूजा गर्ने विधान अन्यत्र नदेखिए तापनि जसरी पितृहरूको श्राद्धका अवसरमा पितृलाई समर्पण गरिने पिण्डमा पूजा गरिन्छ त्यसरी नै यहाँ पनि भातको पिण्डिकालाई पञ्चरङ्गी कपडाका टुक्राहरूले वेर्ने, उक्त पिण्डिकाको वरिपरि पालामा घ्यू र तेलको बत्ती बाल्ने, पिण्डिकामा पशुपतिनाथका मूल पूजारी भट्ट र तलेजुका राजोपाध्यायले विधिपूर्वक जौ-तिल, अक्षता, फूलले पूजा गर्ने, पुष्पाञ्जलि सहित मन्त्रपाठ गरी प्रार्थना गर्ने आदि कार्य गरिन्छ । पञ्चरङ्गी धागोको डल्लोलाई श्रीपशुपतिनाथका मूल पूजारी भट्ट तथा राजोपाध्याय दुवैले पूजा गरी भातको उक्त पिण्डिकामा चढाउँछन् र त्यसलाई फुकाउँदै लगेर श्रीपशुपतिनाथमा स्पर्श गराउँछन् । वास्तवमा उक्त पिण्डिका साक्षात्‌रूपमा भगवान् श्रीपशुपतिनाथ एवं कामेश्वरीलाई चढाउन व्यावहारिक रूपमा नसकिने भएकाले आलभन (स्पर्श) विधिका रूपमा यो प्रक्रिया अपनाइएको हो । ठीक यति वेलै कीर्तिमुखभैरवमा बाजागाजाका साथ पञ्चबलि दिइन्छ एवं उन्मत्तभैरवको माथिल्लो कोठामा तान्त्रिक विधिद्वारा गोप्य पूजा सम्पन्न गरिन्छ । उक्त गोप्य पूजाका क्रममा उन्मत्त भैरवका पूजारी कर्माचार्यले त्यहाँ स्थापित कुमारीलाई तान्त्रिक विधिले आवाहन गरी फूल वा कुनै द्रव्यविशेषमा पूजा सम्पन्न गर्दछन् ।

भगवान् श्रीपशुपतिनाथको महास्नानपूजाका अवसरमा कामेश्वरस्वरूप पञ्चवक्त्र श्रीपशुपतिनाथ एवं उनकी अभिन्न शक्ति कामेश्वरीलाई चढाउने उद्देश्यले पिण्डिका निर्माणका लागि भात पकाउने काम मैथिल झा र मिश्र ब्राह्मणहरूले गर्दछन् । त्यसका साथै यज्ञशालामा गरिने हवनकार्यमा पाठ गर्नका लागि एघार जना मैथिल ब्राह्मणहरू रहने गरेका छन् । यस चलनको उपासनासँग कुनै तात्त्विक सम्बन्ध नभए तापनि यसले नेपालको मध्यकालिक इतिहासलाई भने अवश्य सम्झाउँछ । कर्णाटवंशी राजा नान्यदेवले वि.सं. ११५४ मा नेपालको तराईमा मिथिला वा तिरहुत राज्यको नयाँ राजधानी सिम्रौनगढमा स्थापना गरेका थिए[२४] । तिनै कर्णाटवंशी तिरहुते राजाहरूकी इष्टदेवी 'तुलजा भवानी' थिइन् । वि.सं. १३८१ मा दिल्लीका शासक गयासुद्दीन तुगलकको भयङ्कर आक्रमणमा परी सिम्रौनगढको पतन भएपछि त्यहाँबाट भागेर नेपाल मण्डल (काठमाडौँ उपत्यका) मा पसेका हरिसिंहदेवका वंशजहरूको हातमा तात्कालिक भक्तपुर

२३. श्रीपशुपतिनाथको दक्षिणवक्त्रका पूजारी श्रीराम कारन्तसँगको कुराकानीका क्रममा प्राप्त जानकारी ।

२४. ज्ञानमणि नेपाल, **नेपालको माध्यमिक कालको इतिहास,** (काठमाडौँ : मकालु बुक्स एण्ड स्टेसनर्स), वि.सं. २०६२, पृ. ८५ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राज्यको शासन परेपछि तिनीहरूले नै तुलजा भवानीको स्थापना गरेका थिए र यहाँको स्थानीय नेवार बोली मिसिएपछि तिनै तुलजालाई तलेजु भन्न थालियो। यसप्रकार श्रीपशुपतिनाथको महास्नानपूजाका अवसरमा मैथिल ब्राह्मणहरूको उपस्थितिले मधेस र काठमाडौँका बीच रहिआएको पुरानो सम्बन्धलाई दर्शाउने गरेको छ र यसले राष्ट्रिय एकता र समन्वयको भावनालाई सुदृढ गरेको छ।

श्रीपशुपतिनाथको महास्नानपूजाका अवसरमा पशुपतिमा अवस्थित यज्ञशालामा तान्त्रिक विधि अनुसार हवन एवं पूजन सम्पन्न गर्ने कार्य काठमाडौँको तलेजु मन्दिरका कर्माचार्य, राजोपाध्याय, जोशी, भुवनेश्वरीका कर्माचार्य र मैथिल ब्राह्मणहरूद्वारा गरिन्छ। यज्ञमा राजोपाध्यायहरूले दश हजार पाशुपतास्त्र मन्त्रद्वारा हवन गर्दछन्[२५]। यसबाट राजेपाध्यायहरू पाशुपतास्त्र मन्त्रको ज्ञाता रहेको जानकारी प्राप्त हुन्छ। यहाँनेर के कुरा उल्लेख गर्नु प्रासङ्गिक हुन आउँछ भने काठमाडौँका राजा भूपालेन्द्र मल्लको समयमा श्रीपशुपतिनाथको मूल पूजारी बनेका स्वामी राघवानन्दले समाधि ग्रहण गरेपछि नेपालमा पाशुपत मन्त्र जान्ने स्वामीहरू आउन छोडेको उल्लेख पाइन्छ[२६]। सायद यसै बेलादेखि राजोपाध्यायहरूले पाशुपतास्त्र मन्त्र ग्रहण गरेका हुन सक्छन् तर यसबाट पाशुपतास्त्र मन्त्रको अधिकार पाएका व्यक्तिहरू अत्यन्त सीमित रहेको कुराचाहिँ निश्चित हुन आउँछ। उक्त पाशुपतास्त्र मन्त्रको स्वरूपका विषयमा अजितागममा भनिएको छ –

स्थलिकाकर्णिकामध्ये यजेत्पाशुपतास्त्रकम्।
त्रिनेत्रं चतुर्भुजं चैव श्लक्ष्णपिङ्गोर्ध्वकेशकम्॥
वरदाभयहस्तं च वामसव्याक्षशूलधृक्।
एवं पाशुपतं ध्यात्वा बहिर्लिङ्ग समर्चयेत्[२७]॥ अर्थात् कमलको कर्णिकाको माझमा तीन आँखा तथा चार हात भएका, चार हातमा वरमुद्रा, अभयमुद्रा, अक्षमाला र त्रिशूल धारण गरेका, नरम पहेँला ऊर्ध्वकेश भएका यस्ता पाशुपतास्त्रको ध्यानपूर्वक पूजा गर्नू र पाशुपतास्त्रको ध्यान एवं पूजा गरेपछि वाह्य लिङ्गमा पूजा गर्नू।

४. महास्नानपूजामा कपालीहरूको भूमिका

जिष्णुगुप्तको पालाको पशुपति छत्रचण्डेश्वरको अभिलेख अनुसार मुण्ड(खप्पर) को शृङ्खला (माला) लगाउने मुण्डशृङ्खलिक पाशुपत आचार्यहरूको

२५. महास्नानपूजामा सम्मिलित तलेजुका पुजारी श्रीसुरेशनारायण राजोपाध्यायवाट प्राप्त जानकारी।

२६. ज्ञानमणि नेपाल, **पशुपतिनाथको दर्शन, स्पर्शन, पूजनसम्बन्धमा समीक्षा,** (काठमाडौँ : महेशराज पन्त), वि.सं.२०४३, पृ.२८।

२७. अजितागम, २५।१५–१६।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्घलाई र वराहस्वामी आदिलाई धारा तथा मन्दिर आदि टुटफुट भएमा मर्मतका लागि जग्गा प्रदान गरेको देखिन्छ[२८]। लिच्छविसंवत् ६९ को देवपाटनको अभिलेखमा राजा नरेन्द्रदेवको पालामा ब्राह्मण विश्वसेनकी पत्नी सुवर्ण गोमिनीले दानपाशुपताचार्य दक्षिणतिलडुकलाई भूमिदान गरेको र ती आचार्यले सो भूमि मुण्डशृङ्खलिक पाशुपतहरूको औषधोपचारका लागि दिएको कुरा उल्लेख भएको छ[२९]। लिच्छविसंवत् ८३ को ललितपुर गैह्रीधारको अभिलेखबाट राजा नरेन्द्रदेवको शासनकालमा महाप्रतिहार चन्द्रवर्माले राजामा विन्ती चढाए अनुसार भगवान् वज्रेश्वरको मण्डलीमा सबै अड्डाहरूले पस्न नपाउने गरी राजाज्ञा भएको र चन्द्रवर्माले आफ्नो पुण्यवृद्धिका लागि उक्त मण्डलीमा धार्मिक सङ्घहरूलाई दानदातव्य दिएको देखिन्छ। साथै सोही अभिलेखमा भगवान् वज्रेश्वरलाई उद्देश्य गरी पाशुपतहरू र ब्राह्मणहरूलाई भोजन गराउने राजाज्ञा भएको देखिन्छ[३०]। सो अभिलेखमा पाशुपतहरू र ब्राह्मणहरूलाई छुट्टाछुट्टै ग्रहण गरिएकाले पाशुपत शब्दले पशुपतिको वामाचार विधिले पूजा उपासना गर्ने पुजारी वर्ग र ब्राह्मण शब्दले वेदानुकूल दक्षिणाचार विधिबाट शिवको पूजाउपासना गर्ने अर्चकहरूलाई ग्रहण गरिएको बोध हुन्छ। लिच्छविसंवत् ११९ को लगन विष्णु मन्दिरको अभिलेखबाट महाराज शिवदेवले आफैँले स्थापना गरेको शिवदेवेश्वरको पूजा अर्चनाका लागि सो मन्दिर बिग्रेभत्केमा मर्मतका लागि एउटा गाउँ नै पाशुपत आचार्यहरूलाई दान दिएको जानकारी प्राप्त हुन्छ। साथै सो गाउँका सम्पूर्ण गृहस्थहरूलाई उनीहरूले सरकारलाई बुझाउँदै आएको भाग, भोग, कर, सुन आदि पाशुपत आचार्यहरूलाई नै बुझाई तिनीहरूको हेरचाहमा रहेर काम गर्नू, उनीहरूले अह्राएको खटाएको काम गरी आनन्दसँग रहनू भन्ने राजाज्ञा भएको छ[३१]।

माथिका अभिलेखहरूमा आएको पाशुपताचार्य शब्दले पशुपतिका पूजारी भन्ने अर्थ ग्रहण गरेको देखिन्छ। पशुपतिसँग सम्वद्ध भन्ने अर्थमा पाशुपत शब्दको प्रयोग हुन्छ। तिनै पशुपति वा शिवसँग सम्वद्ध आचार्य वा पूजारी भन्ने अर्थमा पाशुपताचार्यको प्रयोग भएको देखिन्छ। त्यसैको सादृश्यमा शाक्त पूजारीहरूलाई कर्माचार्य, बौद्ध पूजारीहरूलाई वज्राचार्य भन्ने गरेको पाइन्छ। तिनै मुण्डश्रृङ्खलिक पाशुपत आचार्यहरूका वंशज नै आधुनिक नेवार समाजका कपाली वा कुश्ले जाति हुन्। शिवरात्रिका दिनदेखि अक्षयतृतीयाका दिनसम्म

---

२८. हरिराम जोशी (सम्पादक), नेपालको प्राचीन अभिलेख, अभिलेख सङ्ख्या ११३, (काठमाडौं : नेपाल राजकीय प्रज्ञा- प्रतिष्ठान), वि.सं. २०३०, पृ. ४१५।

२९. पूर्ववत्, अभिलेख सङ्ख्या १२४, पृ. ४६७।

३०. पूर्ववत्, अभिलेख सङ्ख्या १३०, पृ.४९१-४९२।

३१. पूर्ववत्, अभिलेख सङ्ख्या १४१, पृ.५२८-५२९।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कपाली जातिका विशेष व्यक्ति महादेवको भेष गरी त्रिशूल हातमा लिई डमरु बजाउँदै गृहस्थका घरघरमा भिक्षा माग्न जाने परम्परा अद्यापि देखिनु र प्रत्येक पूर्णिमाका दिन पशुपतिमा हुने महास्नानपूजामा बाजा बजाउने कार्य कपाली जातिले गर्नुपर्ने परम्परा रहनु तथा पञ्चवक्त्र श्रीपशुपतिनाथ एवं उनकी अभिन्न शक्ति कामेश्वरीलाई उद्देश्य गरी चढाइने महाभोगमा कपाली जातिको विशेष हक लाग्ने परम्परा रहनुले लिच्छविकालमा श्रीपशुपतिनाथका पूजारीहरू कापालिक शैव सम्प्रदायका तिनै मुण्डश्रृङ्खलिक कपालीहरू हुन्थे र उनीहरू शिवलाई तान्त्रिक वामाचार विधिबाट पूजाअर्चना गर्दथे भन्ने स्पष्ट हुन्छ ।

४. उपसंहार

प्रत्येक महिनाको पूर्णिमा र कार्तिक शुक्ल चतुर्दशीका दिन गरिने भगवान् श्रीपशुपतिनाथको महास्नानपूजा वास्तवमा महापूजा नै हो। स्नपन, पठन, हवन र बलिदानसहितको पूजा वा अर्चनालाई महापूजा भनिन्छ। भगवान् श्रीपशुपतिनाथको महास्नानपूजामा पनि स्नपन, पठन, हवन र बलिदानसहित षोडशोपचारले पूजा गरिने भएकाले उक्त महास्नानलाई महापूजाको संज्ञा दिन सकिन्छ। 'वामा भूत्वा यजेत् वामाम्' अर्थात् नारी बनेर नारीशक्तिको उपासना गर भन्ने तान्त्रिक सिद्धान्त अनुरूप श्रीपशुपतिनाथको पूजामा त्यहाँका अर्चकहरू रातो नारी वस्त्र लगाएर कामेश्वरीसहित कामेश्वरस्वरूप भगवान् श्रीपशुपतिनाथको अर्चना गर्दछन्। यसबाट श्रीपशुपतिनाथको अर्चना वस्तुतः पराशक्ति श्रीको उपासना हो भन्ने स्पष्ट हुन्छ। शक्तिसाधना नै तान्त्रिक उपासनाको प्राण हो किनभने शक्तिका माध्यमबाट नै शक्तिमान् तत्वको बोध हुन्छ। यसप्रकार श्रीपशुपतिनाथको महास्नानपूजामा गरिने कृत्यहरू शैव एवं शाक्त तन्त्रपरम्परामा आधृत छन् र उक्त महास्नानपूजामा नेपालको मौलिक सांस्कृतिक वैशिष्ट्य प्रकट भएको छ। शिवमस्तु।

सन्दर्भसामग्री

* .... **अजितागम,** *............. **अथर्ववेद**
* ज.ब.रा., धनशमशेर **कामकलारहस्य,** (काठमाडौँः नेपाल र एसियाली अनुसन्धान केन्द्र), वि.सं. २०३६
* जोशी, हरिराम (सम्पादक) **नेपालको प्राचीन अभिलेख,** (काठमाडौँः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान), वि.सं. २०३० ।
* टण्डन, गोविन्द **पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन,** (काठमाडौँः झरेन्द्र शमशेर ज.ब.रा. तथा श्रीमती प्रभा राणा), वि.सं. २०५३ ।
* द्विवेदी, व्रजवल्लभ **विज्ञानभैरव,** (वाराणसी : मोतीलाल बनारसीदास), द्वितीय संस्करण, ई. १९८४ ।
* द्विवेदी, व्रजवल्लभ **नित्याषोडशिकार्णव,** (वाराणसीः वाराणसेयसंस्कृत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विश्वविद्यालय), ई. १९६८ ।

* नेपाल, ज्ञानमणि **पशुपतिनाथको दर्शन, स्पर्शन, पूजनसम्बन्धमा समीक्षा,** (काठमाडौँ : महेशराज पन्त), वि.सं.२०४३ ।
* नेपाल, ज्ञानमणि **नेपालको माध्यमिक कालको इतिहास,**(काठमाडौँ : मकालु बुक्स एण्ड स्टेसनर्स), वि.सं. २०६२ ।
* फतहसिंह, **वैदिक दर्शन,**(इलाहावाद : भारती भण्डार), वि.सं. २०१९ ।
* महर्षि वेदव्यास, **महाभारत,** (गोरखपुर : गोविन्दभवन कार्यालय, गीताप्रेस), वि.सं. २०३५ । *......... **शतपथब्राह्मण**
* शङकराचार्य **सौन्दर्यलहरी** (लक्ष्मीधरा व्याख्यासहित), (मद्रास :गणेश एण्ड कम्पनी, ई. १९५७ ।

Email : madhavlamichhane1@gmail.com, Mobile : 9849761915

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नियति परदेशिको

राजेन्द्रप्रसाद अर्याल

झुसिलो यो बर्तमानमा
आफ्नो त परै जावस
पुर्खाहरूले आँफैलाई
रगतमा चोबल्दै
समयको कुचीले निर्माण गरेको
राष्ट्रकै सिमानाको सुरक्षा छैन
पराइको जाउलोमा हुर्केकाहरू
गरिबीको अलख जगाएर
विकास निर्माण र प्रगतिको
छद्म रामनामी ओढ्दै
ब्रह्मलुट मच्चाइरहेछन्
दुस्शासनहरू वस्त्रहरणमा लिप्त छन्
अस्तित्वको जोखिमपूर्ण भङ्गालोमा
देशै लड्खडाउँदासमेत
नेताहरूको अनुहारमा
भोलिको उन्नत राष्ट्रको
विम्व र प्रतिविम्व देखेन उस्ले ।

देशको विप्ल्याँटापूर्ण यो अवस्थामा
अभाव र दरिद्रताको ओभरकोट भिरेर
निस्सहाय अनि निरुपाय बन्दै
दु:खको 'खुईय' सुस्केरामा रन्किँदै
डिभी भर्नेको असङ्ख्य भेलमा
समाहित भयो ऊ
राजादेखि रङ्क सबै
उतै भास्सिन तत्पर भेट्यो
पातल प्रवासमा जानलाई
प्रयास मात्र पनि नगर्नेले
जीवन नै खेर फालेको
नमिठो यथार्थ अनुभव गऱ्यो
भिसा प्रापकको हर्षबढाइँ
नपाउनेको आँसु व्यहोऱ्याइ
एउटा फूल टिप्ने कल्पनामा
अनगिन्ती काँडा टेक्दै र झेल्दै
अन्तत:
ऊ अमेरिका आइपुग्यो ।

भौगोलिक रूपमा मात्र हैन
भाषा-भेष र खान-पान
संस्कार अनि संस्कृतिको
बिपरित भेलमा हेल्लियो
हण्डर, ठक्कर र सङ्घर्षको रनाहबाट
बामे सर्न सिक्दै गयो
घडीको आदेशमा चल्ने यो समाजमा
फारु गरेर खर्चदा पनि
समय पुऱ्याउन सक्दैनथ्यो
श्रमको वत्ती कात्दा-कात्दा
दुईचार पैसा त जोर्न सक्यो
अपितु
प्रवासीको उपनामलाई
कमाएको डलरले फेर्न सकेन
यो पराइ भूमिमा
आफ्नै छालाको रङ्गले बिझायो
भौतिक सरसुबिधा त भेट्यो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तर पुर्खाको गाथा भेटेन
र त मनग्य आर्जनपश्चात्
स्वदेश गमनको कल्पनामा
कल्पिई रह्यो, कल्पिई रह्यो ।

देशप्रेमको सम्झना गर्दै
आँसुको सिरानीमा पल्टन्थ्यो
पात बजाएर सपनीमा
राष्ट्रधुन निकाल्दथ्यो
देशभक्तिको खलाँती फुक्दै
राष्ट्रप्रेमको सङ्कीर्तनमा रमाउँथ्यो
बारम्वार अनुवाद हुन्छ ऊ देशसँग
माटो कै मायामा रङ्गिएको छ
गहको आँसुले त्यो रङ्ग भिजाउँछ
सनाहीमा विरह पोख्दैमा
दिलको पीडा थामिएन
त्यसैले त उतै फिर्ने कुरा अलाप्छ ।

व्यवहारको वोझले थलिँदै गयो
उमेरगत रोगले निहुँ खोज्न थाल्यो
स्वयं शरीर शत्रु बनेर
आफैलाई गिज्याउन थाल्यो
पखेटाहरू कुँजिदै गए
आत्मविश्वास घट्दै गयो
स्वदेश ऊ नफिर्ने भयो
फिर्ने चाहना तिर्सनामै रह्यो
अन्ततः
जिन्दगीको जागिरवाट
ऊ यतै निवृत्त भयो
जीवनको प्यारो कुर्सीवाट
ऊ यतै सत्ताच्यूत भयो ।

दण्डपाणि अर्ज्याल स्मृति केन्द्र
काठमाडौं

आ.व. २०७४/०७५ को पुस्तक विमोचन खर्च

क्र.सं.	विवरण	गत वर्षको २०७५
१	प्रज्ञा प्रतिष्ठानमा खाजा खर्च	३९,०००।००
३	फ्लेक्स, फोटो र सम्मानपत्र, दोसल्ला	३,८९०।००
४	नेपाल प्रज्ञा प्रतिष्ठानको हल–भाडा	७,०००।००
५	पानी, फलफुल	२,२५०।००
६	टेलिफोन	२,०००।००
७	लेखन वापत	९,५००।००
	जम्मा	६३,६४०।००

कोषाध्यक्ष | सचिव | अध्यक्ष | लेखापरिक्षक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मनिलालाई एक चक्कर

दीपकबाबु अर्याल

२०७५ मसिंर ८ गते मध्यरातको ११:३० बजे, जहाज भित्र ढुक्कले वस्न नपाउँदै गुम्सिएर उकुस–मुकुस बनाई हाल्यो, बढदै गएको उमेरलाई मंसिर महिनाको काठमाडौंको सिरेटोबाट जोगिन शरीरलाई बाक्लै कपडाले ढाकेको थिएँ। जहाजभित्रको वातानुकूलित तातोले एकैछिनमा गर्माई हाल्यो। साथीहरूले यसपालिको बैदेशिक यात्रालाई विन्दास नै बनाई दिएका छन कि क्या हो ? बोहनीमा नै झकास भयो त ! चाइना साउदर्न जहाजको बिजनेस क्लासमा बस्दा मनले यस्तै सोच्यो। मैले कति नै विदेश यात्रा गरेको छु र ? तर जेजति गरेको छु आजसम्म बिजिनेस क्लासमा बसेर हवाई यात्रा गरेको थिइन। गजक्कसँग बिजिनेस क्लासको सिटमा बसें। मुसुक्क मुस्कुराउँदै टिकटको तारतम्य मिलाइदिने मनकारीहरूलाई धन्यवाद दिएँ। मज्जाले सिटमा बसेर शरीर तन्काउन के लागेथें हवाई सुन्दरीहरू सल्वलाउन थालिहाले, तत्कालै पेय पदार्थ पस्किहाले। मलाई भने कपडाको थुप्रोले गुम्सिएको ज्यानलाई हल्का बनाउन हतारो थियो। विस्तारै हल्का हुन खोजें, मेरा बाबै मैले त दुई जोर मोजा पो लगाएको रहेछ ? बिहानै श्रीमतीजीले स्नेहपूर्वक आँफूले लगाउने गरेको मोजा दिएकी थिइन्। त्यसलाई नमैलियोस भनेर जतन गर्नको लागि अर्को खोल लगाएको थिएँ, घरबाट एअरपोर्ट निस्कने चटारोमा खोल त निकाल्नै बिर्सिएछु, अहिले पो झल्यास्स भएँ। यस्तो हुस्सु कुरा कसलाई पो सेयर गर्नु र ? अन्य लुगाका पत्रहरू पनि खोल्न पाउँदा नपाउँदै टेवलमा खाना आइसकेको थियो। यसो झ्यालवाट बाहिर नियाल्दा जहाजले निकै उचाई लिइसकेको थियो जमिनलाई बाक्लो सेतो बादलले ढाकेर सवै सेतै। सँगैका साथी भने पोज मिलाई मिलाई सेल्फी हान्दै थिए।

खाना खाईवरी बिजिनेस क्लासको विचरण गर्नतिर लागें, प्रायजसो यात्रुहरू पलङ्गमा लमतन्न विश्राम गरे जसरी मस्त घुर्न थालिसकेछन्। खुट्टा पसार्न मिल्ने कसरी बनाएका होलान् ? कौतूहल बोकेर सिटमा आएर बसें र दायाँतर्फ भएको एउटा बटम दवाएको त सिट स्वारार अगाडि बढन थाल्यो। सातोपुत्लो उडिहाल्यो ? आसमानमा भएको जहाजको सिट बग्न थालेपछि वित्यास नै पर्‍यो क्यारे भने झैं भई गएँ। यसो पल्याकपुलुक दायाँवायाँ हेरेर फेरि डराई डराई अर्को बटन थिचेको खुट्टातिर पनि उचालिन थाल्यो। अब भने यसै गर्नुपर्ने रहेछ भनेर ढुक्क भएँ अनि केहीबेर दुवै बटमसँग खेल्दै आफूलाई पायक पर्ने गरी पलङ्ग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तयार पारें र झयाप्पै शरीर ढाक्नेगरी ब्ल्याङ्केट ओडेर मज्जाले सुतेँ । विउँझिँदा जहाजको उचाई निकै तल झरिसकेको थियो, मिर्मिरे उज्यालोमा झिलिमिल्ली सडकको बैभवले चाइनाको गञ्जावो आइपुगेको अनुमान गरेँ । क्षणभरमा नै हवाई सुन्दरीहरू सल्वलाउन थाले, खानाको टेवल वन्द गर्दै सिट मिलाएर वस्न अर्थ्याउन थाले, शौचालय नजानका लागि निर्देशन दिदैं थिए, ककपिट भित्र रहेका क्याप्टेनले प्लेन गञ्जावो विमानस्थलमा ल्याण्ड गर्न लागेकोले सिटमा बसी सिटको पेटी बाँध्ने एनाउन्स गरे । उनीहरू हतार हतार पर्दा भित्र छिरिहाले । जहाज गञ्जावोका गगनचुम्वी घरहरू छुम्ला झै गर्दै अवतरण गर्‍यो ।

विश्वको नम्वर एक अर्थतन्त्र हुनको लागि लम्किएको चाइना । त्यसमाथि व्यस्त विमानस्थल “गन्जावो”को वाइवान विमानस्थल, यहाँको विकास र व्यवस्थापनको कसरी वर्णन गर्नु र ? हामीलाई सवै कुरा नौला ? अनौठो त प्रत्येक शौचालयको वाहिर एकजना मानिस तयारी अवस्थामा उभिएको देखिन्छ । मानौं कोही भित्र पसेर फोहर गर्ला र सफा गरौला भने जस्तो गरेर स्ट्यानवाई बसेका ! व्यवस्थित विश्रामस्थल, यथेष्ठ रेष्टुरेन्ट, तातोचिसो पिउने पानीको यत्रतत्र व्यवस्था, यिनै वैभवलाई नियाल्दा नियाल्दै तिन घण्टाको ट्रान्जिट समय वितेको पत्तो नै भएन । अर्को चाइना साउदर्नवाट फिलिपिन्सको राजधानी मनिला उडनको लागि लामवद्ध हुन पुग्यौं । झण्डै २ घण्टाको उडान पश्चात अधँरिएको समुद्रलाई छिचल्दै मनिलाको निन्यो अक्विनो अन्तराष्ट्रिय विमानस्थलमा जहाज अवतरण गर्‍यो । जहाजको झ्यालवाट वाहिरी नियाल्दा रङ् फुङ्ग उडेको टर्मिनलका बाहिरी आवरणले मनिलाको वास्तविकतालाई प्रतिविम्वित गरेजस्तो लाग्यो ? टर्मिनलभित्र पस्दा भने अर्कै रूप देखियो । सानो टर्मिनल तर अत्यन्त सफा र व्यवस्थित, डिउटी फ्रिका पसलहरू धेरै थिएनन तर जति थिए लोभलाग्दा सामग्रीहरूले भरिभराउ थिए । हामी मनिलाका लागि विशिष्ठ पाहुना थियौं कि क्या हो ? फटाफट लाइनै नबसी हाम्रा पासपोर्टमा भटाभट छाप लगाइदियो । एयरपोर्टभित्रै रहेको पैसा साटने काउण्टरमा जतनसाथ कोटको भित्र गोजीमा राखेको दुईसय डलर झिकी सानले साटें । जम्मा दशहजार चारसय फिलिपिनो पैसो हातमा पर्‍यो । पैसो गोजीमा थन्क्याउँदै पर आँखा लगाएँ, हाम्रा सुटकेसहरू फित्तामा मस्त घुमिरहेका थिए ।

मेरा लागि फिलिपिन्स सपनाको देश हो । पढेको थिएँ, यहाँका वस्तीहरू प्रायः जसो सामुद्रिक टापुहरूमा बसेका छन् तर एयरपोर्टबाट वाहिर के निस्किएको थिएँ चट्टाने सडक र कंक्रिट नै कंक्रिटका गगनचुम्वी घरहरूको दृष्यले खिन्न बनायो ? मेरा मानसपटलमा बसेको फिलिपिन्स यस्तो थिएन । विकसित सहरहरूका जस्तै छाँटकाटका फराक र चौडा सडकहरू, अग्ला घरहरू असरल्ल ट्राफिक र मनग्गै मोटरका कोलाहल, सडकका किनाराहरूमा असरल्ल परेका टेलिफोनका तारहरू,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुचो लगाउन नभ्याएका जस्ता देखिने सडकका किनाराहरूलाई हेर्दै आफ्नै देशको अवस्थासँग तुलना गर्दै गर्दा ध्याच्च मोटरको ब्रेकले झसङ्गै वनायो । अन्य कुराहरू आफ्नो देशसँग तुलना गर्न लायक नै थिए गाडी चलाउने गुरुजी पनि हाम्रा जस्तै रहेछन् । दायाँबायाँ नागबेली बनाएर गाडी चलाउने र घच्याक्क रोक्ने कुराले आफ्नै देशको बालाजु देखि रत्नपार्क चल्ने माइक्रोको झझल्को दिलायो । घच्याकघुचुक गर्दागर्दै मोटर मेट्रो मनिला सहरको पूर्वी सिमानामा अवस्थित "पिसाग" सहरमा अवस्थित शिक्षा विभागको कम्पाउण्ड भित्र छिर्‍यो । "जहाँ कोलम्वो प्लान स्टाफ कलेज" को कार्यालय थियो, उसैको निमन्त्रणामा हामी फिलिपिन्स भित्रिएका थियौं, जहाँ हाम्रो फिलिपिन्स बसाइको विश्रामस्थल थियो । नेपालीहरू भाते हुन् भन्ने राम्रै ज्ञान भएका आयोजकहरूले व्यवस्थापन गरेका नेपाली स्वादको खाना खाइवरी यसो आराम गर्न ढल्किएको मात्र के थिएँ ! मेगा महलमा झोला सेलमा छ रे ? आजै अन्तिम दिन रहेछ ! जाऊँ न दाइ भन्दै सहकर्मी बद्री दाहाल भाइ कोठा ढकढक्याउन आए । सेल भन्ने शब्दले कान चनाखो भयो ? जाऊँ न त भन्दै म पनि तयार भई हालेँ ।

यो घुमाइको पथप्रदशकको रूपमा विगत एक वर्षदेखि कोलम्वो प्लान स्टाफ कलेजमा अध्ययन गरिरहेकी नेपाली चेली सङ्गीता लामिछाने तयार हुनुभएको रहेछ । मेगा महल यहाँबाट त्यस्तै आधा घण्टा हिंडेर पुगिन्छ, हेर्न पनि हुन्छ ! हिँड्दै जाऊँ उहाँले भन्नुभयो ! हामी घुमन्तेले उहाँको प्रस्तावलाई सहर्ष स्विकार गर्दै अगाडि बढयौं । मोटरको चर्को कोलाहलका वीच फुटपाथमा टहलिंदै दायाँबायाँ नियाल्दै आफ्नो देशको विकास र यहाँका विकासका हरेक चिजसँग तुलना गर्दै फुटपाथको बीचमा ठिङ्ग उभिएर सेल्फी हान्दै सेल महलभित्र भित्रियौं । भव्य महलभित्रको सेल वजारले मलाई खासै आकर्षित गर्न सकेन । सामान किनमेल गर्ने मेरो रुचिको विषय पनि नभएकोले होला, यस्ता सेलले सितिमिति आकर्षण ल्याउन सक्दैन । साथीसङ्गीहरू सेलमा नै रमिरहेका बेला म भने अन्य परिदृष्यहरू अवलोकन गर्नतिर लागेँ । मलाई फुटपाथको अझ भनौ महल बाहिरको खुजुरे पसलमा राखिएको खानेकुराले आकर्षित गर्ने गर्दछ । मौका मिलेसम्म यस्ता पसलहरूका परिकार चाख्नमा रुचि राख्छु । ठूला र दमदार रेष्टुरेन्टको खानाभन्दा सफा वातावरणको फुटपाथे खाना नै श्रेष्ठकर हो जस्तो लाग्छ । यहाँपनि समयको सदुपयोग गर्न भ्याइ हालेँ, महल बाहिरको फुटपाथमा बेच्न राखिएको फिलिपिनी राइस केक चाखेँ । आहा कति मिठो । हातमा सीप भएपछि चामलको केक बनाउन पनि सकिंदो रहेछ । कसरी बनाउने होला यस्तो केक ? मनभित्र कौतूहलता जाग्यो ! मनरूपी चङ्गा दौडिएर काठमाडौं वनस्थलीमा साइस केक पसल खोल्ने मृगतृष्णा जन्मिहाल्यो । तर के गर्ने आफूले वोलेको पसलेले नबुझ्ने उसले वोलेको आफूले नबुझने, यही बीचमा हाम्रो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संवादलाई सहजीकरण गर्न एकजना बुज्रुक आइपुगे । उनी खरर अङ्ग्रेजी बोल्दा रहेछन् उनीसँग राम्रै भलाकुसारी पो हुन थाल्यो साहित्यका विद्यार्थी रहेछन् साह्रै फरासिला फरर ननस्टप बोल्न थाली हाले मानौं हाम्रो यसअघि राम्रै दोस्ती भए झै ? उनले फिलिपिनी खानाका धेरै परिकारहरूका बारेमा मलाई बताउन थाले । चामलबाट मात्रै ३०-४० परिकार बनाउन सकिने उनले बताउँदा म भने मनमनै आफ्नो देशमा बन्ने चामलका परिकारहरू गन्न थाले । मैले १०-१२ भन्दा बढी पुऱ्याउनै सकिनँ ? उनी ३६ वर्षीय अविवाहित फिलिपिनी नागरिक ऐन थिए ।

उनी मलाई अर्थ्याउन थाले फिलिपिन्समा धेरै कुराको विविधता छ भने साँस्कृतिक रूपबाट अत्यन्त सम्भ्रान्त छ । उनी भन्दै गए, तिमीलाई थाह छ ? पश्चिमी प्रशान्त महासागरको दक्षिणमा अवस्थित सामुन्द्रिक टापु नै टापुले भरिएको रमणीय भूमिको नाम फिलिपिन्स हो । यहाँ झण्डै ७,१०० सामुन्द्रिक टापुहरू छन् । फिलिपिन्सको राजधानी मनिला भएपनि नजिकै रहेको क्युजन अर्को ठूलो र धेरै जनसङ्ख्या भएको सहर हो । यी दुवै सहर मनिला मेट्रोमा अवस्थित छ, दुवै सहर बसेको "लुजान" फिलिपिन्सको सबैभन्दा ठूलो सामुद्रिक टापु हो । यी दुवै सहरमा गरी झण्डै डेढ करोड मानिसहरू बसोबास गर्दछन् साह्रै भिडभाड हुन्छ मनिला वरपर त ! उनी भन्दै गए,

स्पेनिसहरूले फिलिपिन्सलाई झण्डै ३३३ वर्ष उपनिवेश बनाए, १६ औं शताब्दीका शासक फिलिप द्वितीयको नामबाट फिलिपिन्सको नामकरण गरिएको हो । स्पेनिसहरूको शासनबाट मुक्ति पाउँदा नपाउँदै अर्का शासक अमेरिकनहरूले झण्डै ४८ वर्ष फिलिपिन्समा राज गरे त्यसैले फिलिपिनोहरूका रहनसहन र संस्कृति पश्चिमाहरूसँग मिल्न जाने भएता पनि जनताहरूको जिउडाल र अन्य व्यवहार भने एशियनहरूसँग मिल्ने गर्दछ । सायद तिमी पनि एशियन हौ क्यारे होइन् ? उनी कहिलेकाहीँ मलाई पनि प्रश्न गर्न भ्याउँछन् । तर बोल्न भने छोडेका छैनन् भन्दै गए,

२० औं शताब्दीको झण्डै एक चौथाई समय हाम्रो देशको राजनीतिमा धेरै नै उथलपुथल भयो । जब राष्ट्रपति मार्कोस सत्तामा आए त्यसपछि भने यहाको राजनीतिमा केही स्थिरता आएको मान्न सकिन्छ । फर्नाडेज मार्कोस फिलिपिन्सको सत्तामा झण्डै एक दशकभन्दा बढी बसे । उनी सन् १९८६ मा भएको रक्तपातविहीन विद्रोहबाट सत्ताका उत्तराधिकारी भएका थिए । उनले देशभित्र हुने बाहिरी चलखेलको अन्तमात्र गरेनन् फिलिपिन्समा प्रजातन्त्रको जग पनि बसाउन सफल भए । परिणाम स्वरूप देशमा शिक्षा र उद्योगधन्दामा युगान्तकारी परिवर्तन हुन पुग्यो । २१ औ शताब्दीसम्म आइपुग्दा फिलिपिन्सको साक्षरतादर अन्य एशियन मुलुकहरूभन्दा अग्रणी स्थानमा उभिन पुगेको छ । अन्नको भण्डार फिलिपिन्स, संसारकै धेरै धान फल्ने देशहरू मध्येको एक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थियो । तर औद्योगीकरण र उच्च साक्षरताले गर्दा स्वदेश र विदेशमा काम गर्ने कामदारहरूको मागमा बृद्धि भएको कारणबाट हिजोआज कृषिमा निकै ह्रास आएको छ । उष्ण प्रदेशीय जलबायु भएको यहाँ सामान्यतया उत्तरदेखि दक्षिणसम्मको तामक्रम वर्षभरि नै एकैनासको र एकैप्रकारको हुने गर्दछ । यहाँको औसत तापक्रम ३० डिग्री सेल्सियससम्म हुने गर्दछ तर आषाढदेखि झण्डै मङ्सिरसम्म सामुन्द्रिक आँधी आउने त्रासले भने सताई रहन्छ । यति छोटो समयमा इतिहासका पाना नै पल्टाउन भ्याई हाले । उनी आफ्नो देशलाई अति नै माया गर्ने एक राष्ट्रबादी रहेछन् क्यारे ?

ऐनले सुनाएका कुराहरू साह्रै रमाइलो र घतलाग्दो लाग्दा लाग्दै उनीसँगको संवादलाई बिट मार्न बाध्य भएँ, फेरि भेटेर कफी पिउने बाचाका साथ उनको सम्पर्क नम्बर लिएर विदा भएँ । किनकी साथीहरूसँग छुट्टिएर एक्लै बरालिंदै यहाँसम्म आइपुगेको थिए । फटाफट पाइला तन्काएर माथि सेल महलतिर लम्किएँ, दुवै पाखुरीमा नयाँ झोला झुण्ड्याएर कुर्लुम्मै भारी बोकेर उभिरहेका बद्रीजी गेटमा नै भेट भए । अरु साथीहरूपनि राम्रै किनमेल गरेर फुत्तफुत्त बाहिर निस्कन थाले । साथीहरू अरु पसलमा झुण्डयाएका सामानहरूमा पनि आँखा लगाउँदै लहसिंदै थिए तर रात झमक्कै परिसकेको र जानुपर्ने बासस्थान पनि टाढै भएको कारणबाट फेरि आइहालिन्छ नि भन्दै महलबाट बाहिरियौं । गन्तव्य तर्फको बाटो निकै पाइला नापीसकेका थियौं, बद्रीजीका पाइला पछिपछि हुन थाल्यो, उनले लगाएर गएको ज्याकेट महल भित्रै छाडेछन् ? फिलिपिन्स आउनकै लागि किनेका रहेछन् माया मार्न सकेनन् । उनको मनोदशा बुझ्यौं हामीले र उनलाई लिएर म र साथी कञ्चन लामा महलतिर फिर्ता भयौं, पथप्रदर्शक सङ्गीता मेडम हामी अलमलिन्छौं कि भनेर निकै सुर्ता गर्दै हुनुहुन्थ्यो । हामी सकुसल फर्किन्छौं भन्दै उहाँलाई आस्वस्त पारेर हामी गएका थियौं । ज्याकेट पसलको ह्याङ्गरमा सहीसलामत झुण्डयाउन भ्याइसकेका रहेछन्, इमान्दारीताका साथ फिर्ता दिए । बद्रीजीको मुहार उज्यालियो । रात छिप्पिसकेकोले फटाफट बासस्थानतर्फ फर्कियौं ।

फिलिपिन्स बसाई छोटो अवधिको थियो, हेर्ने बुझ्ने उत्सुकता धेरै थिए मनभित्र सँगसँगै जुन उदेश्यको लागि गएका थियौं उद्देश्य विपरित एक्लै भौतारिनु पनि राम्रो भएन । दुबै कुराको तारतम्य मिलाउँदै सन्तुष्टि लिनुपर्ने बाध्यता थियो । तथापि मौका मिल्नासाथ हामी एकदुई साथी मिलेर बाहिर सुइकि हाल्यौं । जिपको साइडमा मानिस वस्न मिल्ने गरी क्यारियर झुण्डयाएको त देखेको थिए । मनिलाका सडकहरूमा एउटा अनौठो यातायातका साधन देखियो मोटरसाईकलमा रिक्सा जोडेर त्यहाँ चारजनासम्म बस्ने र मोटरसाइकल चलाउने चालकसहित ३ जना बस्ने गरी जम्मा ७ जनासम्म बस्न मिल्ने सवारी साधनको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाम ट्राईसाइकल रहेछ । यो साधन एकदमै प्रचलित र सस्तो सवारी साधनको रूपमा मनिलाका सडकमा गुड्ने कुरा थाहा भयो । सरकारले गरिव जनताहरूका लागि रोजीरोटीको लागि यो सुविधा दिएको रहेछ तर ट्राफिक व्यवस्थापनलाई मध्यनगर राख्दै सहरका व्यस्त भागहरूमा भने ट्राइसाइकल प्रवेश निषेध गरेको पनि पाइयो । मेरो मनमा कौतूहल जागिरह्यो निस्फ्रिक्री रूपमा यसरी चलाइएको ट्राइसाइकलवाट मानिसलाई कति धेरै सुरक्षित वनाएको होला ? यो साधनले मानवीय सुरक्षा दिनसक्छ होला ? तर मनिलाको तथ्याङ्मा सर्वसाधारणहरू सवैभन्दा सुरक्षित र भरपर्दो सवारीसाधनको रूपमा ट्राइसाइकललाई सम्झन्छन् भन्ने कुराले फेरि मनलाई आफ्नै भूमितिर फर्कायो । दिनदहाडै वलात्कार र हत्या अनि ट्रिपर आतङ्कले अक्रान्त मेरो मनभित्र मनिलाको चौडा सडकमा विन्दास गुडेका ट्राईसाइकलले अति नै लोभ्यायो र ईर्ष्यालु पनि वनायो । सररर रोमाञ्चकारी सवारी साधनको रूपमा चित्रण गरेँ मैले ।

डिसेम्वरको महिना रोमन क्याथोलिकहरूको वाहुल्यता भएको देशको विचरण गर्न पाएका थियौं, मेरा वावै ! जता हेर्‍यो उतै झिलिमिली क्रिसमस यति धेरै धुमधामसँग मनाइदो रहेछ कि जता हेर्‍यो उतै ढकमक्क सेता दाह्रीजुगाँले भरिएको अनुहार भएका राता वस्त्र लगाएका शान्ता क्लजको मानव निर्मित विम्व सँगसँगै क्रिसमस रुखको सजिसजाउ । यो त राष्ट्रिय चाड नै रहेछ, कार्यालय हेरी एक हप्तादेखि तिन हप्तासम्म क्रिसमसको अवसरमा विदा हुने परम्परा रहँदै आएको सुन्दा अचम्मै लाग्यो । हाम्रो देशमा सार्वजनिक विदा धेरै भयो भनेर कुर्लिएका सुन्थ्यौ तर फिलिपिन्सले त विदाको सवालमा हामीलाई माथ गर्ने पो रहेछ ?

डुल्दा धुम्दा झल्याकझुलुक आँखा परेको ठाउँ मध्ये एक ठाउँ थियो ठूला अक्षरले "**जिलवी**" लेखिएको युवायुवती ठूलै भिडभाडजन्य ठाउँ ? एकदिन त्यही ठाउँमा ठोकिन पुगियो, नेपाली नाकले पत्तो पाइहाल्यो यो त खानेवस्ने ठाउँ पो रहेछ । यो फिलिफिनोहरूको आफ्नै ब्याण्डको वहुराष्ट्रिय फास्टफुड उत्पादन गर्ने कम्पनी रहेछ, जसरी संसारभरि म्याकडोनल्ड र केयफसीले वजार ओगटिरहेको छ त्यसैगरी एशिया प्यासिफिक लगाएत ल्याटिन अमेरिकी मुलुकहरू लगाएत युरोपका केही मुलुकहरूमा "**जिलवीले**" आफ्नो पहिचान वनाउन सुरु गरेको अनुमान लगाउन सकिन्छ किनभने हालसम्म संसारभरि गरी १२०० "**जिलवीका**" आउटलेटहरू भइसकेको तथ्याङ्क सुनियो । लौन त "**जिलवी**"को स्वाद चाखौं भनेर चिकेन राईस खाने सोचाई बनाएँ । असी पैसो तिरेर प्याकेट वोकेर बाहिर बरण्डामा निस्किएर अन्य फिलिपिनोहरूले जस्तै मैले पनि त्यही बसेर खाने मेसो गरेँ । प्याकेटभित्र २ वटा कुखुराको मासुको पिस र निस्तो भात रहेछ, अनि साईडमा सानो डब्बाभित्र अचार पनि थियो तर त्यो अचार होइन रसबरीको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

झोलजस्तो गुलियोमा पिरो मिसाइएको थियो । चिकेन त हाम्रै स्वादको थियो तर निस्तो भातमा त्यो अचार मिसाएर पटक्कै मुखभित्र छिरेन । नजिकै भएका फिलिपिनोहरू मज्जाले रमाउँदै खाइरहेका थिए । लाग्यो स्वाद आ-आफ्नै हो, जो जेमा रमाएको छ त्यही खोज्नु त मानवीय स्वभाव नै हो ? हुनपनि यी फिलिपिनोहरूले कति खाएका भन्या ? जतिखेर पनि खाइरहेकामात्र देखिने, अनि एउटा माछाको पिस लिएर पनि दुई थाल भात भकुर्न सक्ने त्यही भएर त धेरैजसा गुजरातीजस्ता मोटा देखिन्थे ।

आजको यात्रा कविते बिच हुँदै तागेताय, बताङ्गा, ताल भल्कानो हुदैं एकफन्को लगाएर मनिला फर्कने बन्यो । मनिलाका धेरैजस्तो जमिनहरू समुद्रलाई माटोले पुरेर कृत्रिम किसिमबाट बनाइएको छ भन्ने सुनेको थिएँ आज देख्न पाइयो । जहाँ कृत्रिम जमिन बनाईएको छ, त्यहिको बस्ति एकदम उच्चस्तरिय र महँगा देख्दा अचम्म लाग्यो ? हामीले यो संसारका धनीमानीका विलासिताका कुरा कसरी बुझ्न सक्ने ? मनिलालाई छोडदै छौं क्यारे ? बाटोको दायाँतर्फ कालो लेदो समुन्द्रका किनारा देखिदैछ भने बायाँतर्फ असङ्ख्य झोपडपट्टी ! आँखा नै तिरिमिरी बनायो । अघि केही मिनेट अगाडिसम्म देखिएको मनिलाको वैभव काल्पनिक हो क्यारे जस्तो बनायो । झोपडपट्टि कस्ता भने हाम्रो तराईमा हात्ती लखेटनका लागि बनाएको टहरो जस्ता, चारवटा खाँवा अड्यायो घर भई हाल्यो ? अस्ति मनिला भित्रिदै गर्दा जहाजबाट समुद्रको किनारामा असङ्ख्य साना छाप्राहरू देखिएको यही पो रहेछ ? अचम्म नै बनायो यो कसरी ? अनि यति धेरै सङ्ख्यामा कसरी ? आजका हाम्रा पथप्रदर्शक डा. रामहरि लामिछानेले अर्थ्याउनु भयो, फिलिपिन्समा झण्डै ७,१०० टापुहरू छन् सामुन्द्रिक टापुहरूको के भर ? आज छ भोलि छैन अनि ती मानिसहरू यहाँ नआएर कहाँ जाने ? हो नि त टापुमा बस्नेहरूको जीवनको के भर ? आज करोडपति भोलि सडकपति ! विचरा यिनीहरू पनि त्यस्तै त होलान् नि सडकपति भएर जीवन जिउनको लागि राजधानी आसपास भित्रिएका ? राजधानी आसपास काम पाइन्छ भन्ने आसले यति धेरै जोखिम मोलेर बसिरहेका छन् ? कहिलेकाँही त यो मानव चोला सम्झिएर पनि धिक्कार लाग्ने ? मोटर धेरै पर दोडिसकेछ यहाँ भने चाक्ला फाँटहरू देखिन थाले तर यति ठूला फाँटमा खेती चाहिँ भएको छैन क्यारे ? किन होला ? फेरि डा. साहेवले अर्थ्याउन थाले, यहाँका युवायुवतीहरू अधिकांशको हातमा सीप हुन्छ । सकेसम्म यिनीहरू रोज्जा देशमा राम्रो पारिश्रमिकमा काम गर्न जान्छन् नभएमात्र स्वदेशमा काम गर्ने भएकोले नेपालमा जस्तै हो यहाँ पनि युवायुवती भेट्टाउन ? पाएसम्म विदेश टाप कसि हाल्छन् ! हत्तेरिका यो बैदेशिक रोजगारीले हाम्रो देशका गाँउवस्तीको विचल्ली वनायो भनेको त यहाँ पनि रोग त उस्तै रहेछ । विश्वव्यापीकरण भनेको यही हो कि क्या हो ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मोटर घ्याच्चै रोकियो ! हामी कविते बीचमा आइसकेछौं, अब प्रशान्त महासागरमा हेलिनको लागि कसले रोक्ने ? मस्तसँग प्रशान्त महासागरमा धित मरुञ्जेल रमायौं, बालुवामा घर बनाउने खेल पनि खेल्यौं, समुद्रकै किनारामा खाजा खाइवरी बताङगातिर लागियो । बाटोमा अघाउञ्जेल नरिवल पानी खायौ साथमा केराको बारबक्यु पनि । मनमोहक सामुद्रिक दृष्यलाई मोबाइलमा कैद गर्दै लाग्यौ तायताय जहाँ ताल भल्कानो अवस्थित थियो टाढैबाट भल्कानोको अवलोकन गर्दै हाम्रा नेपाली व्यापारी विनोद चौधरीको तागतायमा भएको होटललाई दर्शन गर्दै आनन्दित मनले फर्किदा भयौँ । बाटोमा गोयमानु (क्यान्सर निको पार्ने फल) खान पनि भ्यायौँ । फिलिपिन्स बसाईको आज अन्तिम दिन थियो त्यसैले आजको साझँ फिलिपिनो परिकारसँग रमाउने निचोडमा साथी कञ्चन र म सहमत भएका थियौं तर किन हुन्थ्यो र ? आज एक त शुक्रवार त्यहीमाथि सवैले तलव बुझेका दिन परेछ, अनि हामीले के पालो पाउनु ? जता गयो उतै भिडभाड, टेवलभरि वियरका बोतल लडेका छन् वारविक्युको वास्नाले नाक नै अवरुद्ध होलाजस्तो बनाइसक्यो तर पनि हामीले यो माहोलमा घुस्न सकेनौं । साच्ची नै फिलिपिनो्हरूलाई अमेरिकीहरूले आफ्नै स्टाइलका बनाइसकेछन भन्ने सोच्दै आफ्नै वासस्थानमा पाकेको फिलिपिनो स्टाइलको नेपाली खाना जिन्दावाद गर्नतिर लम्कियौं ।

आज शनिवार सखारै झोलातुम्वा पोको पारेर एयरपोर्ट निस्कन ठिकठाक भइयो, फिलिपिन्स बसाइको सात दिन सकिएको पत्तो नै भएन । यति छोटो बसाईमा धेरै त के देखियो र ? तरपनि जेजति हेरियो देखियो जीवनमा नयाँ अनुभग संगाल्न पाइयो । फिलिपिनोहरू सेक्सको मामिलामा धेरै नै स्वच्छन्द छन् विश्व सेक्स मार्केट यिनीहरूले नै धानेका छन् भन्ने सुनिएको थियो तर मनिलाको सात दिनको बसाइमा कहींकतै यस्तो छनकसम्म देख्न पाइएन । फिलिपिनीहरू त सुशील, शान्त र साह्रै नम्र पो हुँदारहेछन भन्ने अमीट छाप बोकेर आएँ म त ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालमा शक्तिउपासना परम्परा

✍ हरिप्रसाद खराल

१. शक्ति शब्दको शब्दिक व्युत्पत्ति र अर्थ

'शक्ति' शब्दलाई 'शक्' धातुबाट 'क्तिन्' प्रत्यय गरेर निष्पन्न हुने स्त्रीलिङ्गी शब्दका रूपमा उल्लेख गरिएको छ (वाचस्पत्यम्, प्रकाशित मिति नभएको)। यसका (१) सामर्थ्य (२) स्त्रीदेवतासँग सम्बन्धित देवीमूर्तिहरू (३) न्याय आदि शास्त्रले बताइएको कार्योत्पादन योग्य कारणमा रहने क्षमता (४) शब्दमा रहने अर्थ बोधक क्षमता आदि अर्थ निष्पन्न हुन्छन् । शक्ति शब्दका उपर्युक्त अर्थहरूकै उल्लेख सहित बार्छा, भाला र धर्म विशेष भन्ने अर्थमा पनि शक्ति शब्दको प्रयोग हुन्छ (चतुर्वेदी कोश, ३४८) । व्याकरणका अनुसार 'शाक्यते अनया इति शक्तिः' यस्तो व्युत्पत्तिका आधारमा जसबाट कुनै काम गर्न सकिन्छ त्यस्तो क्षमतालाई 'शक्ति' शब्दले बुझाउँछ । शक्तिको प्रयोग संस्कृत भाषामा बल, पौरुष र क्षमता आदिको पर्यायका रूपमा भएको छ । तर धर्म-दर्शनका क्षेत्रमा शक्तिलाई 'देवी' या स्त्रीरूपमा पूजित देवताको पर्यायका रूपमा लिइएको छ (जोशी, सन् १९८९:१७) । प्रस्तुत लेखमा पनि सोही धर्म र दर्शनपरक अर्थकै तात्पर्यमा 'शक्ति' शब्दको प्रयोग गरिएको छ ।

२. शक्ति शब्दको परिभाषा

'शक्ति' लाई शिवकी इच्छात्मिका, समवाहिनी वा सहचारिणीका रूपमा परिभाषित गर्न सकिन्छ । शक्तिमतका अनुयायीका दृष्टिमा यिनी जगत्की आद्याप्रकृति हुन् । यिनलाई परमशिवकी अहं अस्मिता स्वरूप पनि मानिएको छ (द्विवेदी, सन् २०१२:७) ।

३. नेपालमा शक्तिउपासनाको इतिहास

नेपाल प्राचीन कालदेखि नै शिव र शक्तिको क्रीडास्थलका रूपमा परिचित छ । हिमवत्खण्ड, शिवपुराण आदि पौराणिक साहित्यहरूले नेपाललाई शिव र शक्तिको निवासस्थान र क्रीडास्थलका रूपमा उल्लेख गर्दछन् । यहाँ रहेका विभिन्न शक्तिपीठहरू, शाक्तसम्प्रदायसँग सम्बद्ध धार्मिक समूहहरू र तान्त्रिक साधनाका सुदीर्घ परम्पराहरूले यस कुरालाई पुष्टि गर्दछन् । भारतवर्षमा हिन्दूधर्मानुयायी द्विज जातिहरूले हरेक दिन पाञ्चायन देवताको पूजा उपासना गर्दछन् । उक्त उपासनाका पाँच ओटा आराध्यदेवहरू गणेश, सूर्य, देवी, विष्णु र शिव हुन् । यी हरेक देवतालाई प्रमुख मानेर उपासना गर्ने परम्परा भारत र नेपालमा अद्यापि विद्यमान छ । यही परम्परा अन्तर्गत जसले गणेश भगवान्लाई प्रमुख मानेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपासना गर्दछन् तिनलाई गाणपत्य सम्प्रदाय भनिन्छ। त्यस्तै जसले सूर्यदेवलाई प्रमुख आराध्य मानेर उपासना गर्दछन् तिनलाई सौर्यसम्प्रदाय भनिन्छ। त्यस्तै देवी वा शक्तिलाई प्रमुख आराध्या मानेर उपासना गर्ने सम्प्रदायलाई शाक्तसम्प्रदाय भनिन्छ। विष्णु भगवान्लाई मुख्य आराध्यदेव मानेर उपासना गर्ने समूहलाई वैष्णव सम्प्रदाय भनिन्छ भने शिवजीलाई प्रमुख आराध्यदेव मानेर उपासना गर्ने सम्प्रदायलाई शैवसम्प्रदाय भनिन्छ। यिनै उपासनाका क्रममा ध्यान, पूजा र अनुष्ठानका विभिन्न विधि र पद्धतिहरू विकसित हुँदै आएका छन्। जुन कुरा निगमागम वाङ्मयबाट स्पष्ट हुन्छ। शाक्तसम्प्रदायको प्रादुर्भाव र विकास पनि यसै पृष्ठभूमिमा भएको हो।

ब्रह्मस्थानीय उपास्यका रूपमा देवी या शक्तिलाई ग्रहण गर्ने अर्थात् देवी वा मातृ शक्तिलाई विश्वब्रह्माण्डको एकमात्र कारण मान्दै उनलाई नित्य, शाश्वत तत्वका रूपमा उपासना गर्ने धार्मिक सम्प्रदायलाई शाक्तसम्प्रदाय भनिन्छ (लामिछाने, २०७३:८३)।

३.१. वेदमा शक्तिचर्चा

विश्ववाङ्मयको आदि ग्रन्थ वेदका संहिताहरूमा भिन्नाभिन्नै किसिमले शक्तिस्वरूपा पराम्बा भगवतीको महिमा उल्लेख गरिएको पाइन्छ। ऋग्वेद (१०।१२५।७) को वाक्सूक्तमा देवीले आफूलाई करुणामय बताउँदै करुणाको समुद्रका रूपमा रहेको ब्रह्मतत्व नै आफ्नो आश्रय हो भनेको पाइन्छ। ऋग्वेदको सोही सूक्त (१०।१२५।८) मा देवीले आफ्नो स्वेच्छाले सृष्टिरचनामा प्रवृत्त हुने बताएर सृष्टिकर्ता ब्रह्मा र आफ्नो बीच अभेद सम्बन्धको संकेत गरेको देखिनाले शक्तितत्वलाई वेदले परब्रह्मकै समकक्षमा स्थापना गरेको देखिन्छ। ऋग्वेद (१०।१२५।७) मा प्रकृतिस्वरूपा देवीले भन्दछिन् "मैले जसरी पृथ्वीवासीहरूलाई स्पर्श गरेर स्नेह प्रकट गर्दछु, त्यसै गरी सुदूर स्वर्गवासीहरूलाई पनि स्पर्श गर्दै काखमा राखेर माया गर्दछु।"

ऋग्वेदमा शक्ति वा देवीलाई प्रकृतिका रूपमा वर्णन गरिएको छ। ऋग्वेदको दशम मण्डलमा रहेको सरस्वतीको वर्णन र 'उषःसूक्त' मा रहेको उषाको वर्णन अत्यन्त मीठो काव्यमय शैलीमा गरिएका शक्तिको स्तुतिका उदाहरण हुन्। त्यसै गरी ऋग्वेदमा देवमाता अदितिलाई समस्त प्राणी एवं जगत्रूपी प्रपञ्चकी जननी तथा संहारकर्तृका रूपमा वर्णन गरिएको छ। ऋग्वेदमा रात्रि, पृथ्वी, इला, भारती, मही आदि देवीहरूको पनि चर्चा पाइन्छ (लामिछाने, २०७३:८७)। ऋग्वेद (१०।१२५।१२) कै 'देव्यथर्वशीर्षम्' मा देवीले स्वयंलाई ब्रह्मस्वरूपा बताउँदै आफूबाटै प्रकृतिपुरुषात्मक सद्रूप र असद्रूप जगत् उत्पन्न भएको बताउनाले वेदमा उनको उच्च महिमागान गरिएको स्पष्ट हुन्छ। देव्यथर्वशीर्षम्का अनुसार देवी परमात्माकी शक्ति हुन्, उनी ब्रह्मस्वरूपिणी र विश्वमोहिनी स्वरूपमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्थित छन्। 'ह्रीँ' यो देवीको बीजमन्त्र हो। यसलाई अक्षरब्रहमस्वरूप देवी प्रणव मन्त्र भनिएको छ। 'ह्रीँ' मा 'ह्' को अर्थ आकाश, 'र' को अर्थ 'अग्नि', 'ई' को अर्थ शक्ति, नाद र विन्दु (ँ) को अर्थ ब्रह्मतेज हो। यसरी निर्मित हुने 'ह्रीँ' को अर्थ इच्छा, ज्ञान र क्रियाको आधार हो। यो नै अद्वैत, अखण्ड, सच्चिदानन्द, समरसीभूत, शिवशक्तिस्फुरणभाव मानिएको छ। यसै गरी ऋग्वेदका (१०।१२५।४), (१०।१२५।६) र (१०।१२५।३) सूक्तमा पनि शक्तिपरक वर्णन पाइन्छ। अथर्ववेदमा जनकल्याणकारी कार्य गर्दा विरोधीहरूले अवरोध गरेको स्थितिमा मनमा क्षोभ उत्पन्न हुने र त्यस्तो स्थितिमा आफ्नो ज्ञानमय एवं स्नेहमय लेपद्वारा घाउ निको पारिदिन देवी सरस्वतीसँग प्रार्थना गरिएको छ (अथर्ववेद, ७९७१)।

३.२. उपनिषद्मा शक्तिचर्चा

उपनिषद्हरूले पनि शक्तितत्वको मुक्तकण्ठले महिमागान गरेका छन्। तैत्तिरीय उपनिषद् (२।७२) मा शक्तिस्वरूपमा पराम्बा भन्दछिन्- "यदि म आनन्दस्वरूपा हुन्नथें भने प्राणीहरू बाँच्न नै किन चाहन्थे र ? बाँच्दा, खाँदा, पिउँदा र सुत्दा जे जस्तो सुखको प्रतीति हुन्छ ती सबै क्रियामा मेरो आनन्दांश अनुस्यूत हुनाले त्यस्तो भएको हो। जसरी मेरो सत् र चित् अंश ब्रह्माण्डका कण-कणमा अनुस्यूत छ त्यसै गरी मेरो आनन्द अंश पनि व्याप्त छ।

गुह्यकाल्युपनिषद्ले आत्मतत्वलाई निर्गुण भावले वर्णन गर्दै आत्मास्वरूप परमात्मा न स्त्रीरूप छ, न पुरुषरूप छ, न त नपुंसकरूप नै छ भनेको पाइन्छ। सोही उपनिषद्को अर्को श्लोकमा यही परमात्मातत्व भक्तको भावना अनुसार शक्ति र शक्तिमान् जस्ता विविध स्वरूपमा दृष्टिगोचर हुने बताइएको छ (गुह्यकाल्युपनिषद्, ५२)। वास्तवमा परमात्मा रसरूप छ, तसर्थ परब्रह्मस्वरूपिणी पराम्बा पनि रसरूपा छन्। यही रसको आश्वादनको क्रममा द्वैताभास हुन्छ र परम्बाको प्रेम लीलाले आकृष्ट भएर प्राणीहरू उनलाई शक्तिका रूपमा परमात्मादेखि भिन्न ठान्न पुग्दछन्। श्वेताश्वतरोपनिषद्को चौथो अध्ययायमा शक्तिस्वरूपमा यिनै देवी नै प्रकृति हुन् र यिनै माया हुन् साथै महेश्वर उनका अधिष्ठाता हुन् भनिएको छ। **छान्दोग्योपनिषद्** (३।१२।१) मा शक्तिस्वरूपमा गायत्रीलाई वाङ्मयकी मूल अधिष्ठात्री बताउँदै उनको आराधनाको निर्देश गरिएको छ। महानारायणोपनिषद्मा पनि गायत्रीको त्यसै स्वरूपको व्याख्या गरिएको छ। महानारायणोपनिषद्मा देवीका विविध नाम सर्वप्रथम उल्लेख भएको पाइन्छ। यसमा दुर्गा, कात्यायनी, कन्याकुमारी, महाशूलिनी, सुभगा, काममालिनी र गौरी आदि नामान्तरको उल्लेख छ। महानारायणोपनिषद्मै सबै प्राणीहरूको अन्तस्करणमा अवस्थित आशातत्वलाई देवीकै प्रतिरूपका रूपमा महाशक्ति भनी वर्णन गरिएको छ। छान्दोग्योपनिषद्मा यिनै आशारूप महाशक्तिलाई ब्रह्मरूपमा उपासना गर्ने निर्देश गरिएको पाइन्छ। यी उच्चस्तरीय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपनिषद्का अतिरिक्त देवीकै स्तुति र उपासनाको विधान उल्लेख गरिएका अन्य अठार ओटा उपनिषद्हरू रहेको कुरा कल्याण शक्ति उपासना अङ्कको 'उपनिषदों मे शक्तितत्व' शीर्षक लेखमा ओम प्रकाश जी पाण्डेयले उल्लेख गरेका छन् ।

३.३. महाभारत र पुराणमा शक्तिचर्चा

त्यस्तै गरी शक्तितत्वका वारेमा महाभारतका साथै विभिन्न पुराणहरूमा पनि उल्लेख भएको पाइन्छ । महाभारत अन्तर्गतको भगवती गीतामा देवी स्वयं आफूले ब्रह्मारूपवाट जगत्को सृष्टि गर्ने र आफ्नो इच्छा अनुसार महारुद्ररूपवाट अन्त्यमा जगत्को संहार गर्ने साथै आफूले नै पुरुषोत्तम विष्णुरूप धारण गरी दुष्टहरूको नाश गर्दै समस्त जगत्को पालन गर्ने वताएकी छन् । पुराणहरूको गणनामा उपपुराण अन्तर्गत राखिए पनि शाक्तमतका अनुयायीहरूका लागि महापुराण जत्तिकै मूल्यवान् ठानिने देवीभागवतमा शक्तितत्वको विस्तृत प्रतिपादन गरिएको छ । यस पुराणले शक्तिको प्रधानतालाई स्वीकार गर्दै वेदका कतिपय ॠचाहरूमा भनिए झैं शक्तितत्व र ब्रह्मतत्वमा कुनै भेद नरहेको वताइएको छ । देवीभागवतका अनुसार देवी नै सवै देवताहरूका रूपमा विभिन्न नाममा स्थित छन् र उनीहरूको सामर्थ्य वा वलका रूपमा रहेर पराक्रम गर्दछिन् । पानीमा रहने शीतलता, अग्निमा रहने उष्णता, सूर्यमा रहने ज्योति र चन्द्रमामा रहने शैत्य शक्तिकै रूप हुन् । संसारका समस्त जीवहरूको स्पन्दन क्रिया उनकै शक्तिवाट हुने गर्दछ । शक्तिविना शिवले पनि दैत्यहरूको संहार गर्न सक्दैनन् र उनी 'शव' जस्तै हुन्छन् । संसारमा जो व्यक्ति शक्तिले रहित छ, उसलाई शक्तिहीन भनिन्छ । उसलाई कसैले पनि 'रुद्रहीन' वा 'विष्णुहीन' भन्दैन ।

मार्कण्डेयपुराणमा पनि शक्तिमतको परिशीलन गरिएको छ । शाक्तमतको सुप्रसिद्ध ग्रन्थ दुर्गासप्तशती मार्कण्डेयपुराणको एउटा प्रसिद्ध अंश हो । गीतामा भगवान् श्री कृष्णले संसारमा अत्याचार वढेपछि धर्मको स्थापनाका लागि आफूले अवतार लिने उल्लेख गरे झैं दुर्गासप्तशतीमा भगवतीले जव-जव संसारमा दानवी बाधा उपस्थित हुन्छ तव-तव मैले अवतार लिएर शत्रुहरूको संहार गर्दछु (मार्कण्डेयपुराण, ९१।५१) भनेकी छन् । यसरी नै ब्रह्मवैवर्तपुराणको प्रकृतिखण्ड र शिवपुराणको उमासंहिता प्रकरणका साथै कालिका पुराणमा समेत शक्तितत्वको विशद् व्याख्या गरिएको पाइन्छ । ब्रह्माण्डपुराणको द्वितीय भाग अन्तर्गत ललितासहस्रनाम शीर्षकमा देवीका एक हजार आठ (१,००८) नामको उल्लेख गरिएको छ भने कूर्मपुराणमा देवीका आठ ओटा नामको वर्णन छ ।

यसरी आदिग्रन्थ ॠग्वेददेखि नै शक्तितत्वको व्याख्या हुँदै आएको र सो परम्परालाई उपनिषद्, महाभारत र पुराणहरू लगायतका आर्षग्रन्थहरूले निरन्तरता दिँदै आएको पाइन्छ । उल्लिखित विश्लेषणबाट के निष्कर्ष निस्किन्छ भने वेद, उपनिषद्, महाभारत, पुराण, उपपुराण आदि ग्रन्थहरूमा शक्तिलाई कतै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परमात्माकी जननी परम्वाका रूपमा, कतै परब्रह्मकै रूपमा कतै परमात्माकी सहचारिणी प्रकृतितत्वका रूपमा विवेचना गरिएको पाइन्छ ।

नेपालमा शक्तिउपासनाको बारे चर्चा गर्दा माथि उल्लेख गरिएका वेद, उपनिषद्, महाभारत, पुराण र उपपुराण आदि ग्रन्थहरूले निर्माण गरेको सामाजिक, सांस्कृतिक पृष्ठभूमिकै सन्दर्भमा हेर्नुपर्ने हुन्छ । विभिन्न पुराणहरूले नेपाललाई शक्तिउपासनाको मुख्य थलोका रूपमा चिनाएका छन् । देवीभागवतमा नेपालमा गुह्यकालीको महापीठ रहेको बताइएको छ (देवीभागवत, ७।३८।११) । भगवान् शङ्करको निवासस्थान मानिने नेपाल भूमि शक्तिस्वरूपा पार्वतीको माइती देश हिमालयको काखमा छ । त्यसैले यो भूमि शिव र शक्तिको अनादिकालदेखिको संगमस्थल पनि हो । सतीदेवीको मृत शरीर लिएर भगवान् शङ्करले पृथ्वी भ्रमण गर्ने क्रममा नेपाल भूमिमा उनको गुह्यपतन भएपछि गुह्यकालीपीठको उत्पत्ति भएको कुरा स्कन्दपुराणले बताएको छ । त्यसै गरी कपिलवस्तु र पश्चिम तराईका विभिन्न क्षेत्रमा पुरातात्विक उत्खनन् गर्दा प्राप्त भएका विभिन्न देवीमूर्ति र शृङ्गार साधनहरूले यहाँ रहेको शक्तिउपासनाको प्राचीनता सिद्ध गर्दछन् । लामिछाने (२०७३) का अनुसार नेपालमा शक्तिउपासनापरम्परा ईशापूर्वयुगदेखि नै प्रारम्भ भएको र सोही परम्पराको निरन्तरतास्वरूप कलाकारहरूले शक्तिलाई मातृकाका रूपमा मूर्तरूप दिएको देखिन्छ (पृ. ८९) ।

नेपालको प्रामाणिक इतिहास लिच्छविकालदेखि शुरु हुन्छ । यस कालका विभिन्न अभिलेखहरूमा त्यतिखेर मातृदेवीको उपासनापरम्परा रहेको सांकेतिक जानकारी पाइन्छ । लिच्छविकालपछि मल्लकालमा शक्तिउपासनाको परम्परा निकै विकसित भयो । त्यसबेलाका राजाहरू प्रायः शैव र शाक्तसम्प्रदायका अनुयायी हुन्थे (लामिछाने, २०७३:९०) । मल्लकालपछि शाहकाल र आधुनिक नेपालमा समेत शक्तिउपासनापरम्परा जीवन्त छ र त्यसलाई यहाँका विभिन्न चाडपर्व, जात्रा, मेला, उत्सव, स्थानीय संस्कृति, देवीमन्दिरहरू र तन्त्रपरम्पराले अभिव्यक्ति दिइरहेका छन् (कोइराला, २०६५:९७) ।

४. काठमाडौंका प्रमुख शक्तिपीठ

शक्तिपीठ भन्नाले शक्तिस्वरूपा भगवतीका आराधनास्थलहरू बुझिन्छ । शक्तिपीठ उत्पत्तिको कथा मूलतः स्कन्दपुराणको केदारखण्डमा वर्णित छ । सतीदेवीले आफ्ना पिता दक्षप्रजापतिका यज्ञमा गरेको देहत्यागको घटनासँग यो कथा सम्वन्धित छ । यो कथालाई श्रीमद्भागवत् चतुर्थस्कन्ध, कालिकापुराण अष्टादश अध्यायका साथै रामायण, महाभारत र प्रमुख आगमशास्त्रहरूले समेत वर्णन गरेका छन् । शक्तिपीठहरूको उत्पत्तिको कथा वर्णन गरे पनि उल्लिखित ग्रन्थहरूमा शक्तिपीठको सङ्ख्याका बारेमा बताइएको पाइँदैन । यिनको सङ्ख्या देवीभागवतमा-१०८, देवीगीतामा-७२, तन्त्रचूडामणिमा-५२ र देवीपुराणमा-५१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बताइएको छ । यसरी फरक-फरक ग्रन्थले शक्तिपीठको सङ्ख्या फरक-फरक उल्लेख गरेका पाइन्छ । आर्यावर्त क्षेत्रमा -५२, शक्तिपीठहरू प्रमुख मानिन्छन् । यी मध्ये भारतमा -४४, पाकिस्तानमा-१, बंगलादेशमा -४, श्रीलङ्कामा-१, तिब्बतमा -१ र नेपालमा-१ रहेको कुरा ज्ञवाली (२०७३) ले उल्लेख गरेका छन् (पृ. १९६) । तर शास्त्रीय प्रमाण यस्तो भए पनि नेपालमा मात्रै शक्तिको आराधना गरिने ३७५ भन्दा बढी शक्तिपीठहरू भएको अनुमान गर्न सकिन्छ । लेखकको अध्ययनका क्रममा टिपिएका प्रमुख शक्तिपीठहरूमध्ये काठमाडौंका शक्तिपीठहरूको जानकारी निम्नानुसार प्रस्तुत गरिएको छ ।

४.१. काठमाडौं

काठमाडौं उपत्यकालाई मन्दिरै मन्दिरको सहर भनिन्छ । उपत्यकाका यस्ता मन्दिरहरूमध्ये धेरै जसो मन्दिरहरू काठमाडौं जिल्लामा रहेका छन् । काठमाडौंमा रहेका त्यस्ता मन्दिरहरूमध्ये प्रस्तुत अनुसन्धानको विषय शक्तिमन्दिर मात्रै रहेकोले यहाँ सोही अनुसार तिनको परिचय र महत्व प्रस्तुत गरिएको छ ।

काठमाडौं उपत्यका आफैमा पनि तान्त्रिक मान्यता अनुसार निर्मित छ । यो महामञ्जुश्री, जामुना गुभाजु, लम्बकर्ण भट्ट जस्ता विख्यात तान्त्रिकहरूको साधनास्थल र सिद्धस्थल हो । यहाँ रहेका तीन सहरमध्ये कान्तिपुर सहरलाई देवीको हतियार 'खड्ग' स्वरूप परिकल्पना गरिएको छ, त्यस्तै ललितपुर देवीको आयुध मानिने चक्रस्वरूप परिकल्पना गरिएको छ भने भक्तपुरलाई देवीको प्रतीक मानिने यन्त्रस्वरूप परिकल्पना गरिएको छ । तसर्थ भनिन्छ यी तीनै सहर शक्तिसाधनाका लागि विशेष आकर्षण र शीघ्र सिद्धिदायक स्थल हुन् । यी मध्ये पनि भक्तपुर देवीको प्रतीक यन्त्रस्वरूप भएकोले अत्यन्त महत्वपूर्ण मानिन्छ (प्रा.डा.पुरुषोत्तमलोचन श्रेष्ठबाट प्राप्त जानकारी) ।

(क) <u>गुह्येश्वरी</u>

गुह्येश्वरी शास्त्रीय रूपमा पनि प्रसिद्ध शक्तिपीठ हो । आर्यावर्तमा रहेका ५२ शक्तिपीठमध्ये नेपालको एकमात्र शक्तिपीठका रूपमा गुह्येश्वरीको गणना गरिएको छ । यहाँ सतीदेवीको गुह्यपतन भएको शास्त्रीय प्रमाण छ । तर यस मन्दिरमा देवीको कुनै मूर्ति छैन, गुह्यपतन भएको भनिएको स्थानमा एउटा सानो प्वाल (गर्भगृह) छ, जसलाई देवीको प्रतीक मानेर तान्त्रिक विधिले पूजा, आराधना गरिन्छ । यो नेपालका शक्तिपीठहरूमध्ये सबै भन्दा पुरानो हो । गुह्येश्वरीलाई गुह्यकाली पनि भनिन्छ र यी उत्तराम्नायकी देवी भएकीले उग्रउपासना गर्ने वाममार्गी साधकहरूका लागि सिद्धिदायक पीठ मानिन्छ (कोइराला, २०६५:७३) । जसरी कौलसम्प्रदायका निम्ति कामाख्याको पीठ प्रमुख मानिन्छ त्यसरी नै वाममार्गीका निम्ति गुह्येश्वरीपीठ मुख्य मानिन्छ । गुह्येश्वरी अर्थात् गुह्यकालीका सम्बन्धमा आगमशास्त्रहरूमा प्रशस्त चर्चा गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कतिपय ग्रन्थहरूले गुह्येश्वरीमा सतीदेवीको घुँडा पतन भएको बताए पनि यहाँ गुह्येश्वरीको विग्रह नभएर जलाशय नै पीठ हुनु र त्यस्तै मान्यता भएको परम्परा एवं तदनुरूप नै मन्दिरको अवस्थितिले पनि यहाँ गुह्यस्थान पतन भएको कुरा निश्चित छ (कोइराला, २०५७:७४)।

शिवका पाँच मुखबाट पाँच आम्नाय (मार्ग) को जन्मभएको शास्त्रीय सन्दर्भलाई हेर्दा गुह्येश्वरी वाममार्गी उपासकहरूकी आराध्या देवी हुन् भन्ने कुरा स्पष्ट हुन्छ। शिवको उत्तरमुखलाई वामदेव भनिन्छ र यही मुखद्वारा वाममार्गबाट शिवशक्तिको उपासना गर्नेक्रम चलेको हो। उत्तराम्नायकी आम्नायनायिका देवी भगवती गुह्यकाली भगवान् पशुपतिनाथको उत्तरवक्त्र वामदेव मुखकै सामु पर्ने गरी ईशानकोण (उत्तर-पूर्व) मा अवस्थित रहेकीले यिनको वामाम्नायसँगको सम्बन्ध स्पष्ट हुन्छ। गुह्येश्वरीमा तेत्तीसकोटि देवताले समेत पूजा, आराधना गरेका वर्णन पाइने हुँदा उनको महिमा उच्च छ। विशेष गरी दशैंको नवरात्रमा गुह्येश्वरी मन्दिरमा श्रद्धालुहरूको घुइँचो लाग्ने गर्दछ।

(ख) दक्षिणकाली

काठमाडौं जिल्लाको दक्षिण सीमा नजिकै दक्षिणकाली मन्दिर अवस्थित छ। यो ठाउँ लिच्छविकालको प्रसिद्ध बस्ती 'फनपीं' र हाल फर्पिङ्ग भनिने ठाउँको केही तलपट्टि जङ्गलभित्र खोंचमा रहेको छ। यहाँ पश्चिम र दक्षिणबाट बग्दै आएका साना पहाडी खोल्सा (नदी) मिसिन्छन् र त्यही दोभानको छेवैमा भगवतीको प्राचीन र प्रसिद्ध पीठ छ। दक्षिणकालीको पीठ पहिले हाल फर्पिङ्ग भन्दा माथि रहेको अग्लो डाँडामा थियो। पछि दक्षिणकालीका योगिनीगणहरूले फर्पिङ्गका बासिन्दालाई राति घरबाहिर निस्कँदा समातेर खान थालेपछि तान्त्रिकाचार्यहरूले मन्त्रबलद्वारा देवीगणलाई स्तम्भन गरी उपासनाद्वारा रिझाई फर्पिङ्ग सहरभन्दा तल खोंचमा पर्ने दुई नदीको दोभान र श्मशानघाटमा दक्षिणकालीलाई आफ्ना गणसहित आवासभूमि बनाउन बाध्य पारेको (कोइराला, २०६५:५८) उल्लेख पाइन्छ। दक्षिणकालीको शास्त्रीय इतिहासलाई लिच्छविकालभन्दा अगाडि तन्काउन सकिँदैन। किनभने त्यसभन्दा अघिका ऐतिहासिक साक्ष्यहरू हाल उपलब्ध छैनन्। वंशावलीहरूको कथनानुसार डाँडाबाट नदीको दोभानमा दक्षिणकालीको पीठ स्थापना गर्दा विना मूर्तिको शुद्ध पाषाणमा प्राणप्रतिष्ठा गरी जगाई स्थापना गरिएको बताइन्छ। राजा प्रतापमल्ललाई सपनामा 'मेरो मूर्ति प्रकाश गर' भन्ने आकाशवाणी भएपछि पीठमात्र रहेको स्थानमा उनले मूर्ति बनाएको तर 'त्यो मूर्ति अप्रकाशित र उग्रमूर्ति हो दरबारभित्र स्थापना गर' भन्ने पुनः स्वप्नमा आज्ञा भएकोले गुरु लम्बकर्ण भट्टसँग सल्लाह गरी अर्को मूर्ति बनाउन लगाई स्थापना गरिदिएका हुन् भन्ने कुरा देवमाला वंशावलीमा पाइन्छ। यसैसँग मिल्दो कथन भाषावंशावली (भाग-२, पृष्ठ-८२) मा समेत पाइन्छ। दक्षिणकालीको सम्बन्ध

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवको दक्षिणाम्नायसँग छ। शिवको दक्षिणमुखलाई अघोर मुख र भैरवरूपमा उपासना गरिन्छ। शिवको अघोरवक्त्र संहाररूप हो। तसर्थ दक्षिणाम्नायकी नायिका दक्षिणकाली पनि संहारकालकी देवी हुन्। चाँडै खुशी हुने र खुशी हुनासाथ सद्य फल दिने भएकीले साधकहरूले यिनको उपासना गर्दछन्। दक्षिणकालीका स्तोत्रमा दक्षिणकालीको संहारक भीषण स्वरूपको वर्णन गरिएको छ। उक्त स्वरूपको वर्णनबाट प्रलयकालिक शिव र कालीको बोध हुन्छ। दक्षिणकालीका यस्ता उग्ररूपका मूर्तिहरू प्रायः गोप्य नै राखिन्छन्। दक्षिणकालीपीठमा रहेको मूर्ति सौम्य भए पनि त्यसभित्र रहेका सांकेतिक चिह्नहरूबाट उनको भीषण स्वरूपको प्रतिविम्बन गर्न खोजिएको देखिन्छ। भयावहरूप सबैका लागि दर्शनीय एवं श्रद्धालायक हुन नसक्ने भएकोले यसो गरिएको विद्वान्हरू बनाउँदछन्।

(ग) भद्रकाली

काठमाडौं उपत्यकाको टुँडिखेलदेखि केही दक्षिणतर्फ चौरतिरबाट बाटोले घेरिएको ढिस्कोमा अवस्थित भद्रकाली मन्दिर उपत्यकाका प्राचीन शक्तिपीठहरू मध्येको एक हो। नेपाल संवत् १०० तिर तत्कालीन राजा गुणकामदेवले सपनामा महालक्ष्मीबाट पाएको आदेश बमोजिम त्यसवेला कोलिग्राम भनिने बस्तीको विस्तार गरी कान्तिपुर नाम राखेर यसको चारै दिशामा पीठदेवताको स्थापना गरेको र सोही क्रममा सहर भन्दा पूर्व दिशामा भद्रकालीपीठ जगाई पूजा, मान्यता गरेको थाहा हुन्छ (कोइराला, २०६५:१०२)। वास्तवमा गुणकामदेवले भद्रकालीपीठ जगाउँदा त्यहाँ पहिलेदेखि नै अवस्थित प्राकृतिक शिलामा हुँदै आएको देवीको पूजा, आराधनाको परम्परालाई व्यवस्थित तुल्याएर त्यसलाई पूर्वपीठको मान्यता दिएको थाहा हुन्छ। देवमाला वंशावलीमा उल्लेख भए अनुसार यस पीठमा भद्रकाली नाच, वाह्रवर्षे पर्व र जात्राको प्राचीन परम्परा रहँदै आएको स्पष्ट हुन्छ। अहिले भद्रकाली मन्दिर रहेको ठाउँ नजिकै प्राचीन समयमा इच्छुमती (टुकुचा) नदी बग्ने गर्दथ्यो र त्यो क्षेत्र जङ्गलले घेरिएको, एकान्त, डरलाग्दो र श्मशानभूमि थियो। पछि सहरको विस्तार हुँदै जाँदा यो मन्दिर काठमाडौंको केन्द्र भागमा रहन पुगेको छ।

भद्रकालीपीठमा तान्त्रिक पद्धति अनुसार देवीको पूजा हुन्छ। वज्राचार्य, गुभाजू यहाँका पूजारी हुन्छन्। यहाँ भद्रकालीलाई चामुण्डादेवीका रूपमा पूजा गर्ने चलन पनि छ (गौतम, २०६१:४११)।

शक्तिस्वरूपा भगवतीको भद्रकाली रूपको उल्लेख दुर्गासप्तशतीको अर्गलास्तोत्रका साथै श्रीमद्भागवतको जडभरतको कथा र रुक्मिणीविवाह प्रसङ्गमा पनि पाइन्छ।

(घ) शोभाभगवती

काठमाडौं सहरको पश्चिमपट्टि विष्णुमती र भाचाखुसीको संगमस्थलमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शोभाभगवतीको प्रसिद्ध शक्तिपीठ रहेको छ। यो क्षेत्र काठमाडौं उपत्यकाको अत्यन्त उग्र श्मशान मानिने 'करबीर' श्मशानको विचरण स्थलका रूपमा लोकप्रसिद्ध छ। प्राचीन समयमा सो श्मशानघाट नजिकै जङ्गल रहेको र मानिसहरू त्यहाँ जान डराउने हुनाले यस्तो खराब ठाउँलाई शुभस्थल बनाउन त्यसबेलाका विद्वान् र बुद्धिजीवीहरूले सोचेर यी दुई नदीको संगमस्थलमा शोभाभगवतीको स्थापना गरेका हुन्। भूत, प्रेत, पिशाचगणलाई साथमा लिएर श्मशानमा बस्ने भगवान् शङ्करकी सहचारिणीका रूपमा भगवती दुर्गा, शिवा, काली आदि देवीगण शास्त्रप्रसिद्ध छन्। त्यस्ता देवीको सौम्य स्वरूपलाई श्मशानघाट नजिकै प्रतिष्ठित तुल्याउनाले समाज र देशको रक्षा हुने धारणा अनुरूप यो डरलाग्दो ठाउँमा शुभरूपा भगवती अर्थात् शोभाभगवतीको स्थापना गरिएको बुझिन्छ।

शोभाभगवतीको मन्दिर राजा शङ्करदेवले ६८४ मा जीर्णोद्धार गरी बनाएको कुरा नेपालमा प्राप्त एउटा वंशावलीमा उल्लेख छ। सोही वंशावली अनुसार अधि द्वापर शेषवर्ष १०५०-१००० भित्र राजा बिक्रमकेशरकी रानी नवसागरले राज्य सञ्चालन गरेका बखत विश्वकर्माका एक अवतारी कालिगढले भगवतीको मूर्ति बनाई विष्णुमती र भद्रमतीको संगममा स्थापना गरेर शोभाभगवती नामले पूजा, अर्चना शुरु गरेको बताइन्छ। यही मन्दिरलाई पछि शङ्करदेवले जीर्णोद्धार गरेका हुन्। केही मूर्ति विशेषज्ञहरूले शोभाभगवतीको मूर्ति बाह्रौं शताब्दीतिरको हुनुपर्छ भनी अड्कल गरेको पाइनाले बिक्रमकेशरी राजा र नवसागर नामकी रानीको बारेमा वंशावलीहरूमा गरिएको चर्चा खासै प्रमाणपुष्ट मानिंदैन। त्यसैले शोभाभगवतीको मन्दिरमा रहेको देवीमूर्ति कत्तिको पुरानो हो भन्ने बारेमा अनेकौं मतमतान्तर यथावत् छन्। यस मन्दिरलाई २०१७ सालमा जीर्णोद्धार गरी नयाँरूप दिइएको तथ्य गौतम (२०६१) ले उल्लेख गरेका छन् (पृ.४०९)।

कोइरालाले शोभाभगवतीको मूर्तिलाई सातौं शताब्दी पछिको मान्न नमिल्ने बताएका छन् (पृ.८५)। उनका अनुसार शोभाभगवतीको मूर्तिलाई कसैले बगलामुखी र कसैले मातङ्गी पनि भन्दछन्। जङ्गल र नदी किनारामा स्थापना गरिएको यस मूर्तिलाई नवदुर्गा भन्ने पनि छन्। किन्तु उल्लिखित देवीहरूको ध्यानसँग यस मूर्तिको निर्माणशैली नमिल्ने कोइरालाको कथन छ (पृ.८५)।

पलाञ्चोकभगवती, नक्सालभगवती र शोभाभगवतीको मूर्ति एउटै कालिगढले बनाएको भन्ने धारणा छ। पलाञ्चोकभगवतीको दिव्यमूर्ति दाहिने हातले बनाएपछि अर्को त्यस्तै मूर्ति नबनोस् भनेर दाहिने हात काटियो। देब्रे हातले नक्सालभगवतीको मूर्ति बनाए, त्यसपछि देब्रे हात पनि काटियो। त्यसपछि गोडाले कुँदेर शोभाभगवतीको मूर्ति तयार भएको श्रुतिपरम्परा छ (भट्टराई, २०७१:३३१)। कालिगढको हात काटिएको कुरा उल्लेख नभए पनि पलाञ्चोकभगवती, नक्सालभगवती र शोभाभगवतीको मूर्ति स्थापनाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समयावधि सम्बन्धमा कोइराला (२०६५:८८) ले उल्लेख गरेको विवरणबाट समेत यो कुरा पुष्टि हुन्छ।

(ङ) नक्सालभगवती

काठमाडौंको केन्द्र भागमा पर्ने नक्सालमा नक्सालभगवतीको मन्दिर अवस्थित छ। भगवती वहाल नक्सालमा रहेको नेपाली प्यागोडा शैलीको पित्तलको छाना लगाइएको तीन तले यो मन्दिर काठमाडौंका पुराना देवीपीठमध्ये एक मानिन्छ। यहाँ रहेको भगवतीको मूर्ति पलाञ्चोकभगवती र शोभाभगवतीको मूर्ति वनाउने कलाकारले नै निर्माण गरेका हुन् भन्ने किंवदन्तीको चर्चा यस अघि नै गरिसकिएको छ। कोइराला (२०६५) का अनुसार नक्सालभगवतीको मूर्ति लिच्छविकालीन हो र यसलाई पलाञ्चोकभगवतीको मूर्ति निर्माणसमय भन्दा २५-३० वर्ष पछिको मानेमा त्यति अन्तर पर्दैन (पृ.९१)। वंशावली अनुसार नक्सालभगवतीलाई नवसारभगवती भन्ने नाम दिइएको थियो। नवसागर विक्रमकेशरी राजाकी रानी थिइन् र तिनैले स्थापना गरेकी भगवती नक्साभगवतीका नामले प्रसिद्ध छन्। यी भगवती अति उग्र हुँदा खाडलमा राखी ढुंगाले छोप्ने गरिन्थ्यो। पछि राजा शङ्करदेवले बि.सं. ६६४ मा पुनः विधिपूर्वक भगवतीको मूर्ति स्थापना गरी प्रेतचतुर्दशीका दिन रथारोहण गराई यात्रा समेत गर्ने प्रवन्ध मिलाएको जानकारी वंशावलीबाट प्राप्त हुन्छ। आधुनिक कालमा जुद्ध शमशेर र राजा महेन्द्र आदिले यस मन्दिरको यथासंभव मर्मत संभार गर्दै आएको इतिहास छ। शनिवार र नवरात्रमा यहाँ भक्तहरूको विशेष घुइँचो लाग्ने गर्दछ। वज्राचार्यहरू यहाँका पूजारी हुने परम्परा छ।

नक्सालभगवतीको मन्दिर लिच्छविकालीन कलाको सुन्दर नमूनाका रूपमा अष्टादश भुजा भएकी महिषमर्दिनी, सिंहवाहिनी देवी दुर्गाको मूर्ति श्रद्धालु भक्तहरूका निम्ति आस्था र विश्वासको केन्द्रका रूपमा विद्यमान छ। अष्टादशभुजायुक्त मूर्तिलाई महालक्ष्मी पनि भनिन्छ र उग्रचण्डी अथवा दुर्गा पनि भनिन्छ। नेपालमा शाक्तसम्प्रदायको महत्ता बुझाउने प्राचीन मूर्तिहरूमा पलाञ्चोकभगवतीको विग्रह पछि नक्सालकी महिषमर्दिनीको दोस्रो स्थान र त्यसपछि शोभाभगवतीको स्थान आउँछ। पौराणिक उपाख्यानले गुह्येश्वरीपीठ आद्यपीठ भए पनि विग्रहरहित भएकोले र वर्तमान अवस्थाको मन्दिर स्थापत्य मल्लकालीन भएकोले मूर्ति रूपमा शास्त्रीय विधाले रूपान्तरण भएको मूर्ति उपत्यकाभित्र चाहिं यही नै पहिलो देखिएको छ (कोइराला, २०६५:९५)।

(च) मैतीदेवी (पञ्चकुमारी)

देवमाला वंशावली र स्कन्दपुराण हिमवत् खण्डमा वर्णित कथा अनुसार अति प्राचीन कालमा देवताहरू जम्मा भएर शिवको आराधना गर्दा ज्ञानेश्वर स्वयंभूलिङ्ग उत्पन्न भयो। उक्त लिङ्ग उत्पत्ति भएको ठाउँ नजिकै मयूरतीर्थ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नामक पोखरी थियो । मयूरतीर्थलाई पहिले जेष्ठिलतीर्थ भनिन्थ्यो । देवताहरूले दानवहरूमाथि विजय प्राप्त गर्नका लागि ज्ञानेश्वर स्वयंभू ज्योतिर्लिङ्गमा आई शिवको उपासना गरेको र उनीहरूले स्नान गर्ने बेला यहाँ मयूरहरू नाचेर हर्ष प्रकट गरेकोले यस तीर्थलाई मयूरतीर्थ भनिएको कथा स्कन्दपुराण हिमवत् खण्डको १८४ अध्यायमा वर्णित छ । उक्त तीर्थको उत्तरपट्टि श्मशानघाटको नजिकबाट रुद्रमती नदी बग्ने गर्दथिन् । यही सुनसान ठाउँमा शक्तिपीठका रूपमा मैतीदेवीको स्थापना भएको किंवदन्ती छ । बस्तीभन्दा टाढा नदीकिनार, जङ्गल र श्मशानभूमि शक्तिपीठहरूका निम्ति उपयोगी ठहर्दथ्यो । जहाँ भूत, प्रेतगण र आफ्ना योगिनीगण सहित देवीहरू निर्बाध रूपले विचरण गर्दथे ।

मैतीदेवीपीठको स्थापना कहिले भयो भन्ने कुराको प्रमाण पाउन सकिएको छैन । कोइराला (२०६५) ले यस पीठको पहिलो स्थापना लिच्छविकालको उत्कर्ष भन्दा पनि अगाडिको हुनसक्ने अनुमान गरेका छन् (पृ.१०५) । मैतीदेवीमा मूर्तिको सट्टा शुद्धशिलामात्रै स्थापना गरिएको छ । किंवदन्ती अनुसार आकाशमार्गबाट उडेर माइत जान लागेका पञ्चकन्याहरूलाई बाख्रा चराउन लागेका एक जना तान्त्रिकले देखेपछि यी देवीहरूलाई स्थापना गर्न पाए देशरक्षा हुन्थ्यो भन्ने ठानेर मन्त्रका बलले स्तम्भन गरी यहाँ बस्न बाध्य पारेका थिए । यसरी माइत जान हिंडेका पञ्चकुमारीलाई स्थापना गरिएकोले यस पीठलाई माइतीदेवी भन्दा-भन्दै मैतीदेवी प्रचलित हुन पुग्यो । यहाँ स्थापना गरिएका पञ्चकुमारी भनेका कुन-कुन हुन्, त्यसको यथार्थ जानकारी पाइँदैन, अनुमानतः ब्रह्माणी, माहेश्वरी, वैष्णवी, कौमारी र वाराहीको समष्टि रूपलाई पञ्चकुमारी भनिएको हुनुपर्छ ।

देवमाला वंशावलीका अनुसार पनि यी देवी सत्ययुगमा नै विराजमान भएका पञ्चकुमारी हुन् । राजा प्रताप मल्लले आफ्नो शासनकालमा यहाँ मन्दिर बनाएर नित्यार्चनका लागि गुठी राखिदिएका थिए । सोही मन्दिरमा बि.सं. १९६५ मा चन्द्र शमशेरले स्वर्णमण्डित छाना बनाइदिए । यस मन्दिरमा पनि काठमाडौंका अन्य देवीमन्दिर जस्तै तान्त्रिक विधिले नै पूजा, अर्चना हुन्छ ।

(छ) <u>नरदेवी (श्वेतकाली)</u>

काठमाडौंको केन्द्र भागबाट वायव्य कोणमा अवस्थित श्वेतकालीको मन्दिर हाल नरदेवी नामले प्रसिद्ध छ । वर्तमान कालमा यसै मन्दिरको नामबाट उक्त मन्दिर रहेको ठाउँलाई समेत 'नरदेवी' भन्ने गरिन्छ । नरदेवी मन्दिरको स्थापनाका बारेमा प्रामाणिक अभिलेखहरू पाइँदैनन् । राजा गुणकामदेवले महालक्ष्मीबाट सपना भए अनुसार यस मन्दिरको स्थापना गरेको उल्लेख केही वंशावलीहरूमा पाइन्छ । राजा गुणकामदेव प्रथमको अस्तित्व नेपाल संवत्को पहिलो शदी अर्थात् ई.सं. ११०० आसपासको प्रमाणित भइसकेको छ । उनै राजाले काठमाडौं (कान्तिपुर) सहर विस्तार गरी राजधानी बनाउँदा देशरक्षानिम्ति सहरका चारै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिशामा रक्षक देवी-देवताको स्थापना गर्दा उत्तरपट्टि सहर छेउ श्वेतकालीका रूपमा देवीपीठ स्थापना गरे। देवमाला वंशावली अनुसार पछि राजा अमर मल्लले वाह्र वर्षमा एक पटक नचाउने गरी सबै सहरमा वर्ष-वर्षमा श्रीश्वेतकालीको स्थान दक्षिण डबलीमा प्रेतचतुर्दशीका दिन नृत्यलीलाको परम्परा शुरु गरिदिएका थिए। वि.सं. १९९५ सालमा जुद्ध शमशेरले यो मन्दिरको पुनःनिर्माण गराएको सोही वंशावलीमा उल्लेख छ।

श्वेतकालीलाई हाल 'नरदेवी' नामले चिनिन्छ। मानिसहरूको बलि दिने प्राचीन परम्परालाई संझाउने यहाँको पीठमा संभवतः नरवलि दिने गरिएको हुँदा यिनलाई (सो मन्दिरलाई) नरदेवी भनिएको हुनसक्छ। नरदेवीलाई स्थानीय लोकभाषामा 'ङठदेवी' भनिन्छ। यिनलाई नृत्यदेवी पनि भन्ने गरिन्छ। देवमाला वंशावलीमा तन्त्रोक्तविधिले यी देवीको स्थापना गरिएको उल्लेख छ।

(ज) टुँडालदेवी

काठमाडौंको प्राचीन विशालनगर क्षेत्रभित्र पर्ने टुँडालदेवीको मन्दिर रहेको ठाउँ लिच्छविकालको पुरानो वस्ती हो। हाल यो ठाउँ हाँडीगाउँमा पर्दछ। टुँडालदेवीका नजिकै पाइएका दुई अभिलेख मध्ये एउटा वि.सं. ५३२ को देखापर्दछ। यस अभिलेखमा उक्त मन्दिरका बारेमा खासै नवताइएको भए पनि यो शक्तिपीठ नेपालकै पहिलो शक्तिपीठ हो भनेर स्वीकार्नु पर्दछ।

नेपालमा पाइने विभिन्न वंशावली अनुसार विशालनगर ठूलो सहरको रूपमा विकसित भएर पछि आगलागीका कारण समाप्त भएको थियो। त्यसैवेला यो प्राचीनपीठ पनि दग्धभग्न भएर रहेको अनुमान गरिएको छ। विशालनगरको दक्षिणमा पर्ने एउटा वस्ती लिच्छविकालमै हरिगाउँको नामले आवाद भएको थियो। त्यसै क्षेत्रमा अंशुवर्मा लेखिएका इँट, शिलापत्र तथा मूर्तिहरू प्राप्त भएकाले यो ठाउँ प्राचीन सिद्ध हुन्छ। देवमाला वंशावलीको अनुसार वि.सं. १६४२ मा शिवसिंह मल्ल राजाको पालामा धोवीखोलाको किनारमा रहेकी वाराहीको मूर्ति रुद्रमतीले बगाउँदै ल्याउँदा वागमतीमा अड्केपछि उक्त मूर्ति स्थापना गरी प्राचीन वैष्णवीपीठ जगाई प्रतिवर्ष यात्रा गर्ने रीत चलाएको उल्लेख छ। सोही पीठलाई हाल तुनादेवी भन्दछन् र नेवारी भाषामा 'तोरीद्यो' भन्दछन्। कतिपयले तोरणको अपभ्रंश 'टुँडाल' वा 'तुनाल' हुनुपर्छ भन्ने अर्थ गरेका छन्। नेवारी भाषाको उच्चारण 'तोरीद्यो' को भाषागत विश्लेषण गर्दा त्वरितादेवीको विकृतरूप नै 'तोरीद्यो' भन्ने थाहा पाइन्छ (कोइराला, २०६५:१०८)।

(झ) कँडेलचोक भगवती

हनुमानढोका दरबारको वाह्यभवनका रूपमा रहेको घरको माथिल्लो तल्लामाथि मन्दिरको आकारमा उठाइएको सानो मन्दिर कँडेलचोक भगवतीको हो। यो मन्दिर शिव-पार्वती झ्यालमा बसेको आयताकार नवयोगिनी मन्दिरको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्वभागमा स्थित छ । कँडेलचोक भगवतीको नाम उक्त मन्दिर रहेको ठाउँ अगाडि पर्ने 'कोहोल चोक' भन्ने चोकको अपभ्रंशरूप कह्नेल वा कँडेल चोकको नामले राखिएको हो । यही चोकबाट 'देहुलीतले' मन्दिरमा पनि गइन्छ ।

कोइराला (२०६५) का अनुसार कँडेलचोक भगवतीको पूजाआजालाई पनि पहिले भित्रकै चोकबाट जानुपर्ने गरी यो मन्दिर बनेको थियो । पछि मात्र यस मन्दिरमा जान बाहिरी लङवाटै भऱ्याङ राखी भित्रबाट बन्द गरिएको छ (पृ.१२७) ।

भगवतीका उपासक श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले यस मन्दिरमा राखिएको महिषमर्दिनी भगवतीको सानो मूर्तिलाई नुवाकोटबाट काठमाडौं विजयपछि यहाँ ल्याएको किंवदन्ती प्रचलित छ । पृथ्वीनारायण शाहले महिषमर्दिनीको उक्त मूर्ति आफू जहाँ-जहाँ जान्थे त्यहाँ-त्यहाँ साथै लैजाने गर्दथे । त्यस्तै नित्य उपासना गरिने र जहाँ जाँदा पनि साथै लगेर जाने भगवतीको मूर्ति काठमाडौं विजय पछि नित्य पूजा र दर्शन गर्न दरबार भित्रबाटै जान-आउन हुने गरी स्थापना गरिएको हो (कोइराला, २०६५:१२८) ।

मल्ल राजाहरूकी इष्टदेवी तुलजा भवानी र कुलदेवीकै रूपमा उपासिता देगुतलेजु भवानी पनि दरबार क्षेत्रभित्रै स्थापना गरेर राजपरिवारले दैनिक पूजा, आजा गर्दै आएको त्यस्तै व्यवस्था मिलाएर कँडेलचोक भगवतीको पनि स्थापना गरिएको बताइन्छ ।

यो मन्दिर वास्तवमा भगवती मन्दिर नभएर महीपतीन्द्रनारायणको मन्दिर थियो । यस देवलको छानोको किनारमा अंकित अभिलेखमा वि.सं. १८१३ मा मल्ल राजा जयप्रकाशले महीपतीन्द्रनारायणको उक्त मन्दिरमा सुनको छाना हालेको लेखिएको छ । वास्तवमा 'महीपतीन्द्र' प्रताप मल्लका कान्छा छोरा थिए र प्रताप मल्लको निधन पछि दरवारीया षड्यन्त्रका कारण वि.सं. १७४४ मा महीपतीन्द्रको क्रूरतापूर्वक हत्या गरिएको थियो । महीपतीन्द्रको हत्या भएको २४ वर्ष पछि उनका छोरीतिरका नाति जगज्जय मल्लले अकारण मारिएर अगति परेका आफ्ना मातामहप्रति श्रद्धा राखेर मुक्ति मिलोस् भन्ने उद्देश्यले प्रतिदिन पूजा-आजा गर्न पाइने गरी यो मन्दिर बनाएर महीपतीन्द्रनारायणको स्थापना गरेका थिए । जगज्जयका छोरा अन्तिम मल्ल राजा जयप्रकाशले उपरोक्त मन्दिरमा सुनको छाना हाल्न लगाएका थिए । पछि महीपतीन्द्रनारायणको मूर्ति चोरी भयो र सो खाली ठाउँमा भगवतीको मूर्ति स्थापना गरी पूजा-आजा चलाइयो ।

ती भगवती पृथ्वीनारायण शाहले काठमाडौं विजय गर्दा नुवाकोटबाट खल्तीमा राखी ल्याएकी भगवती थिइन् । त्यसैले यी भगवतीको नुवाकोटसम्मको खटजात्रा प्रारम्भ गरियो जुन अद्यापि चलिरहेको छ । भगवतीको पूजा-आजा र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जात्रा-पर्व चलाउन प्रशस्त गुठी राखिएकोले यिनी श्री ५ वडामहाराजाधिराजकी श्रद्धेय इष्टदेवी हुन् भन्ने कुरामा विवाद छैन (कोइराला, २०६५:१३०)।

(न) न्हुच्छे भगवती

हनुमानढोका दरबारको दक्षिणपट्टि र कुमारीको भवनभन्दा उत्तरपट्टि गद्दी बैठकको सोझै भित्र पर्ने चोकको नाम 'न्हुच्छे चोक' हो, यस चोकको भित्र पस्दा बायाँपट्टि एउटा सानो स्वर्णनिर्मित भएको भगवतीमन्दिर छ। यसलाई न्हुच्छेभगवतीको मन्दिर भनिन्छ। नेवारी भाषामा 'न्हुल' भनेको 'नयाँ' र 'छे' भनेको घर हो। यहाँ देवीको स्थापना केहिले भयो भन्ने स्पष्ट प्रमाण पाइँदैन। यहाँ रहेको नेपाल संवत् ८६२ को अभिलेखबाट राजा जयप्रकाश मल्लले देवीको प्रीतिका लागि मन्दिरमा सुनको छाना लगाएको थाहा हुन्छ।

काठमाडौंमा रहेका अन्य शक्तिपीठहरूमा टेवहालस्थित संकटास्थान पनि महत्वपूर्ण छ। देवमाला वंशावली अनुसार राजा गुणकामदेवले कलिगत ३८२८ मा देशरक्षा खातिर मन्त्र जान्ने गुभाजूसँग सरसल्लाह गरी तन्त्रोक्त मूर्ति बनाई कटुवाल दहमा गई वहुत दुःखले कामरूपपीठवाट आवाहन गरी कलशमा प्रवेश गराई सो कलश उदरमा राखी टेवहालमा देवालय बनाई स्थापना गरिदिए र बाह्नाभ्यान्तरको पूजा चलाइदिए। यस कथन अनुसार गुणकामदेव राजाको अनुरोध अनुसार तान्त्रिक पद्धतिद्वारा कामरूपपीठाधिश्वरीलाई आकर्षित गरी आवेशित कलश पेटमा राखी माताको मूर्ति बनाएर यां देवीको स्थापना गरेको थाहा हुन्छ।

भगवती संकटाको मान्यता वैदिक तन्त्रपरम्परा र वौद्ध तन्त्रपरम्परा दुवैमा पाइन्छ। संकटादेवी राहुग्रहको शक्तिका रूपमा पनि प्रसिद्ध छन्। यिनको दशा प्रारम्भ हुँदा प्रशस्त कष्ट हुन्छ भन्ने कुरा ज्योतिषशास्त्रहरूमा बताइएको छ।

काठमाडौंको अर्को शक्तिपीठको रूपमा विष्णुमती किनारको इन्द्रामणीपीठ पनि प्रसिद्ध छ। इन्द्रायणीका बारमा मार्कण्डेयपुराण अन्तर्गत सप्तशतीको आठौं अध्यायमा उल्लेख गरिएको पाइन्छ। यिनको स्थापना पनि राजा गुणकामदेवले देशरक्षाका खातिर गरेका हुन् भन्ने देवमाला वंशावलीमा लेखिएको छ।

त्यसै गरी पशुपतिक्षेत्र वनकालीमा रहेको वनकाली भगवतीको मन्दिर सूर्यवंशीराजा शिवदेवले स्थापना गरेको देवमाला वंशावलीमा उल्लेख गरिएको छ। कोइराला (२०६५) ले यो मन्दिरलाई सातौं शताब्दीतिरको उल्लेख गरेका छन् (पृ.११२)।

काठमाडौं सहरको मध्यभाग असनमा अन्नपूर्णादेवीको पश्चिमाभिमुख एउटा मन्दिर छ। मन्दिरभित्र देवीको श्रीविग्रह मत्स्य चिह्नङ्कित रजतकलश आकारको मूर्ति सुशोभित छ। सुवर्णतोरण द्वारले परिवेष्ठित यस मन्दिरमा अवस्थित देवीलाई योगाम्बरा र ज्ञानेश्वरा देवीका रूपमा पनि भक्तहरूले आराधना गर्दछन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

असनमा यिनलाई मञ्जु अजिमा पनि भनिन्छ ।

असनको पश्चिमतिर न्हैकन्तलानेर रहेको उग्रताराको मन्दिर कालिगत ३८२५ मा गुणकामदेवले स्थापना गरेको मानिने प्राचीन मन्दिर हो । आँखाको रोग लागेर निको नभएमा उग्रतारालाई ऐना चढाई दर्शन तथा पूजा गरेमा आँखाको रोगबाट मुक्ति पाइन्छ भन्ने धारणा रहेको छ । आँखाका रोगीहरूले चढाएका ऐनाहरूले यो मन्दिर भरिएको छ । यहाँ स्थित मन्दिर र मूर्तिलाई नीलसरस्वती पनि भनिन्छ (भट्टराई, २०७३:१२) ।

काठमाडौंको पश्चिमी भाग विष्णुमती नजिकै कंकेश्वरीको मन्दिर छ । यो मन्दिर पनि सूर्यवंशी राजा गुणकामदेवले आफूले निर्माण गरेको कान्तिपुर सहरको रक्षाका लागि स्थापना गरेको बताइन्छ । यहाँ पहिले बाह्र वर्षमा एक पटक नाच नचाउने, प्रत्येक वर्ष प्रेतचतुर्दशीका दिन रथारोहण गरी यात्रा गराउने परम्परा थियो । यो स्थिति परम्परा अमर मल्लले नेपाल सम्वत् ५८० मा बाँधेका थिए । पछि गएर नाच नचाउने क्रममा पशुरूप लिई बसेको मानिसको बलि चढ्दा अनर्थ भएको सम्झी नाच नचाउने काम बन्द गरियो । देवमाला वंशावलीमा पनि यस मन्दिरका बारेमा उल्लेख भएको पाइन्छ ।

चौधौं शताब्दीतिर भारतका मुसलमान गयासुद्धीन तुगलकले सिमरौनगढका राजा हरिसिंहदेवमाथि चढाइ गरेपछि उनले आफ्नी इष्टदेवी तुलजालाई श्रीयन्त्रका रूपमा लिएर भक्तपुर आएका थिए । त्यसबेला कान्तिपुर र भक्तपुर एउटै राज्य भएकोले एउटै तलेजु मन्दिर थियो । बि.सं. १५०१ मा यक्ष मल्लले राज्य विभाजन गरेपछि तलेजु मन्दिर पनि कान्तिपुर, भक्तपुर र ललितपुरमा विभक्त भयो । तलेजुभवानी त्यतिखेरका राजासँग गोप्य रूपले पाशा खेल्ने गर्दथिन् । राजा जयप्रकाश मल्लसँग पाशा खेल्दा राजाकी छोरीले देखी विघ्न परेकोले अबदेखि पाशा खेल्न प्रत्यक्ष रूपमा नआउने, बाँडाकी कुमारी केटीमा प्रवेश गर्ने र तिनै कुमारीको पूजा, दर्शन गरेमा आफ्नो पूजा गरेको ठहरिने सपनामा भनिछन् । यसरी जयप्रकाश मल्लका पालादेखि कुमारीपूजा शुरु भएको हो । कुमारीलाई जीवित देवी पनि भनिन्छ । दसैंको पूजामा निश्चित प्रक्रिया अनुसार छानिएकी कुमारीलाई तलेजु देवीका रूपमा पूजा गर्ने काठमाडौं उपत्यकाको साँस्कृतिक परम्परा रहेको छ । हिन्दूहरू त्यस्ती कुमारीलाई तुलजाका रूपमा मान्दछन् भने बौद्धहरू वज्रदेवीका रूपमा पुज्दछन् (भट्टराई, २०७१:४१) । जीवित कुमारीहरू राजाका इष्टदेवी मानिन्छन् ।

काठमाडौं गोलढुंगामा पुरानो गुह्येश्वरीको मूर्ति तथा मन्दिर रहेको छ । बागमती तीरको वर्तमान गुह्येश्वरी पत्ता नलागेसम्म यसै स्थललाई सतीदेवीको गुह्यपतन भएको शक्तिपीठ मानिन्थ्यो । लोककथा अनुसार परापूर्व कालमा भगवान् शंकर कालकूट विषको डाहा शान्त गर्न गोसाईंकुण्डतिर जानलाग्दा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उनका पछि-पछि आएकी पार्वती यहीं नेर आइपुग्दा रजोवती भएकी र चार दिनसम्म यहीं बसेकीले यसलाई गुह्येश्वरी मानिएको वताइन्छ।

पशुपतिक्षेत्र अन्तर्गत पर्ने वागमती नदी किनारको गौरीघाट यद्यपि शक्तिपीठ नभए पनि आदिम युगमा भगवान् शंकरले मृगरूप लिई वनविहार गर्न आउँदा पार्वती आएर तपस्या गरेको ठाउँका रूपमा प्रसिद्ध छ। यहाँ पार्वती बसी तपस्या गरेको मानिने एउटा ढुङ्गा छ जसलाई गौरीको प्रतीक मानिन्छ । देवमाला वंशावलीमा यस तीर्थका वारेमा चर्चा गरिएको पाइन्छ ।

कीर्तिपुर नगरको दक्षिण दिशामा पर्ने सवभन्दा अग्लो ठाउँमा अवस्थित प्राचीन चम्पादेवीको मन्दिर एक अर्को शक्तिपीठ हो । चम्पक (चाँप) का फूल फुल्ने हुँदा यहाँ रहेकी देवीलाई चम्पादेवी भन्ने गरिएको हो । उपत्यकाको पानी खोल्ने क्रममा चीनबाट आएका मञ्जुश्रीका श्रीमतीमध्ये वरदादेवी केशनी लक्ष्मीलाई फुलोच्चगिरि (फूलचोकी) मा र मोक्षदादेवी उपकेशनी सरस्वतीलाई ध्यानोच्चगिरि 'चम्पादेवीका पर्वतमा वसालेको कुरा देवमाला वंशावलीमा लेखिएको छ। चम्पादेवीका दुई पाउमध्ये एक पाउ चाल्नाखेलमा र अर्को पाउ कीर्तिपुर नगरको वार्ड नं. ७ मा पर्दछ भनिन्छ। चम्पादेवीको पाउमा दूधपोखरी छ।

काठमाडौंको ईशान कोणमा पर्ने जोरपाटीको मुख्य वजारदेखि करिव ३०० मिटर उत्तरमा मनोरम सानो ढिस्कोमा रहेको चामुण्डामाईको मन्दिर सतीदेवीको नङ पतन भएर वनेको शक्तिपीठ हो भन्ने लोकविश्वास छ । चामुण्डादेवी चण्डमुण्डलाई मार्ने भगवतीका रूपमा प्रख्यात छन्। यहाँ पहिले-पहिले कसैलाई केही नगद रकम र भाँडाकुँडा चाहिएमा यी-यी चिज यति यति दिनका लागि चाहियो भनी लिखित माग गरेमा अर्को दिन त्यति-त्यति रकम वा ती-ती चिज सापटीस्वरूप पाइन्थ्यो रे । कसैले म्यादभित्र फिर्ता नगरी वेइमान गरेकोले यो क्रम रोकिएको जनश्रुति छ। चामुण्डादेवीकै मन्दिर नजिक अर्घातेश्वर महादेवको मूर्ति छ। शनिवार, चैत्राष्टमी आदि पर्वमा चामुण्डादेवी अर्घातेश्वर महादेवलाई भेट्न जान्छिन् भनिन्छ।

काठमाडौंको गौशालावाट चावहिलतर्फ लाग्दा बाटोको वायाँतिर नवालीटोलमा पर्ने जयवागीश्वरीको पादपीठ लिग्छविकालीन पुरानो शक्तिपीठको रूपमा प्रसिद्ध छ। यिनलाई श्वेतसरस्वती पनि भनिन्छ। भाषावंशावली र देवमाला वंशावलीमा समेत जयवागेश्वरीको चर्चा छ। यहाँ स्थापित मूर्तिको कलेवर वाह्र-वाह्र वर्षमा फेरी माटोद्वारा निर्माण गरिन्छ । कलिगत ३२३२ मा चञ्चल मूर्तिलाई स्थीर गरी कलाकारद्वारा रहस्यमय मूर्ति वनाई प्राण प्रतिष्ठा गरेर स्थापना गरिएको देवमाला वंशावलीमा उल्लेख छ। यहाँको शिला मानसरोवरदेखि ल्याएर स्थापना गरिएको र अंशुवर्माकै पालादेखि कलेवर फेर्ने चलन चलेको उल्लेख छ। सतीप्रथा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रहँदासम्म सती जाने नारीहरूले आफ्ना गहना तथा सौभाग्यका सामान यहीं चढाएर सती जान्थे भनिन्छ । कालीमाटीको टंकेश्वरनेर रहेको नीलवाराहीपीठ सतीदेवीको घुँडा पतन भएर बन्यो भन्ने नेपाल माहात्म्यमा उल्लेख छ । यद्यपि उक्त महात्म्यमा त्यस्तो पीठ वागमती र विष्णुमतीको संगममा रहेको उल्लेख छ । संगममा नै त्यस्तो देवीमन्दिर अर्को नहुनाले नेपाल माहात्म्यमा वर्णित शक्तिपीठ यही नीलवाराहीको हो कि भन्ने अनुमान गरिएको छ ।

काठमाडौंको हाँडीगाउँमा अवस्थित भाटभटेनीमन्दिर लोकविश्वाससँग अधिक सम्बन्धित छ । द्वापरको अन्त्यमा भगवान् श्रीकृष्णले वागमती नदी खोली कच्छपासुर आदिलाई मारी जल बग्ने प्रवन्ध मिलाएपछि भट्ट-भट्टिनी स्त्रीपुरुष नेपालमा आई 'जत' नामक राजा थापी बसेका र तिनै भट्ट-भट्टिनीले पूर्वजन्ममा भगवान्को तपस्या गरी सन्तान हुने वरदान माग्दा भगवान् नारायणले अर्को जन्ममा म तिमीहरूको सन्तान हुँला भने बमोजिम भट्ट-भट्टिनीका कोखमा नारायण अवतरित भएको तर नारायण जस्तो पुत्र पाएर दङ्ग परेका ती दम्पत्ति छोरो लिएर बाहिर घाममा बसेको बेला चिलको रूप लिई गरुड आएर बालकलाई उडाई लगेपछि भट्ट-भट्टिनी पनि तन्त्र-मन्त्रका प्रभावले र छोराका प्रेमले उड्दै आकाशमा पुगेर आकाशचारिणी देव-देवीका रूपमा यहाँ रहेको किंवदन्ती छ । भाट-भटिनीका बारेमा अन्य लोककथा पनि प्रसिद्ध छन् ।

पशुपति गौशालामा अवस्थित भुवनेश्वरीदेवीको मन्दिर उपत्यकाका पुराना शक्तिपीठहरू मध्येको एक हो । देवमाला वंशावलीका अनुसार यो मन्दिर लिच्छवि राजा शिवदेवले बनाएका हुन् र बि.सं. १५८६ मा नरेन्द्र मल्लले जीर्णोद्धार गरेका हुन् । काष्टकलाका दृष्टिले यो मन्दिर अत्यन्त महत्वपूर्ण छ । यस मन्दिरमा भुवनेश्वरीदेवीको मूर्ति नभई प्रतीकात्मक यन्त्र छ । पशुपतिमा हुने विभिन्न पूजाहरूमा भुवनेश्वरीलाई पनि पूजा, सम्मान तथा भाग पठाउनु पर्ने चलन छ ।

यसै गरी बालाजुदेखि केही पर विष्णुमतीको पुलमाथितिर पर्ने मनमैजुदेवीको मन्दिर, धर्मस्थली गाउँमा पर्ने सतीदेवीको बायाँ पैताला पतन भई बनेको मानिने मल्लवीपीठ (महाकाली मन्दिर), पशुपतिनाथदेखि दक्षिण र चक्रपथदेखि उत्तर पशुपति परिसरभित्रै पर्ने तान्त्रिक साधनाकी देवी राजराजेश्वरीको मन्दिर, काठमाडौंको उत्तरमा अवस्थित साँखुको डाँडामा रहेकी उग्रतारामध्येकी एक मानिने वज्रयोगिनीको मन्दिर, पशुपतिनाथको दक्षिणतर्फ वागमतीको तीरमा रहेको वत्सलेश्वरी (पार्वती)को मन्दिर, शालीनदी साँखुमा रहेको स्वस्थानीमन्दिर, कलंकीमा अवस्थित कंकालीमाईको मन्दिर र हाल चन्द्रगिरि नगरपालिका वार्ड नं. १३ मा पर्ने कंकालीदेवीको मन्दिर पनि काठमाडौंका प्रसिद्ध शक्तिपीठहरू हुन् ।

५. निष्कर्ष

प्रस्तुत आलेखमा नेपालमा प्रचलित शक्तिउपासनाको सुदृढ परम्पराको खोजी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्ने क्रममा 'शक्ति' शब्दको शाब्दिक व्युत्पत्ति र अर्थ केलाउँदै परिभाषा र नेपालमा शक्तिउपासनाको इतिहास प्रस्तुत गरियो । यस क्रममा वेद, उपनिषद्, महाभारत, पुराण, तन्त्रग्रन्थहरू आदिमा वर्णित शक्तिपरक सन्दर्भहरूको सांकेतिक दिग्दर्शन समेत प्रस्तुत गरियो । यसै पृष्ठभूमिमा नेपालमा रहेको शक्तिपूजाको सुदीर्घ परम्परा र त्यसमा पनि काठमाडौं जिल्लाका स्थानीय शक्तिपीठहरूका बारेमा विभिन्न सन्दर्भ सामग्रहरूमा आधारित रही संक्षिप्त परिचयात्मक जानकारी प्रस्तुत गरियो ।

यस लेखमा मुख्य दश (१०) ओटा पीठको संक्षिप्त परिचय सहित विशेषता र मान्यताका बारेमा समेत छोटो चर्चा गरियो भने अन्य बाईस (२२) ओटा शक्तिपीठहरूको सामान्य जानकारी मात्र उल्लेख गरियो । यसरी प्रस्तुत लेखमा काठमाडौं जिल्लाका जम्मा बत्तीस (३२) ओटा शक्तिपीठहरूको विवरण उल्लेख गरियो । यस अध्ययनबाट काठमाडौं उपत्यका अन्तर्गत काठमाडौं जिल्लामा अनेकौं शक्तिपीठहरू रहेको र ती सबैमा तान्त्रिक विधिले पूजा अर्चना गर्ने परम्परा विद्यमान रहेको देखिन्छ । अधिकांश शास्त्रहरूले सतीदेवीको गुह्यपतन भएको गुह्येश्वरीपीठलाई आर्यवर्तका बावन्न (५२) शक्तिपीठमध्ये नेपालमा रहेको एउटा मात्र पीठका रूपमा उल्लेख गरेका भए पनि काठमाडौंका अन्य केही शक्तिपीठलाई समेत यहाँका जनताले सतीदेवीका अङ्गपतन भएर बनेका भनी विश्वास गरेको पाइन्छ भने केही लेखकहरूले पनि यसै गुह्येश्वरी बाहेकका अन्यपीठलाई समेत सतीदेवीको अङ्ग पतन भएर बनेका भन्ने मान्यता दिइएको छ । प्रस्तुत अध्ययनबाट काठमाडौंमा रहेका शक्तिपीठहरू सङ्ख्या र महत्व दुवै दृष्टिले उल्लेख्य रहेको कुरा सिद्ध हुन्छ । यहाँका शक्तिपीठहरू स्थानीय जनताको धार्मिक आस्था र विश्वासका प्रतीकका रूपमा अवस्थित रहेको र पीठहरूसँग स्थानीय जनजीवनको धार्मिक, साँस्कृतिक सम्बन्ध परापूर्व कालदेखि नै गहिरोसँग जोडिएर आएको स्पष्ट हुन्छ ।

सन्दर्भग्रन्थसूची

१. कल्याण (ई.२००५), देवीपुराण (महाभागवत) शक्तिपीठाङ्क, गोरखपुरः गीता प्रेस।
२. कल्याण (२०६९), उपनिषद्-अङ्क, गोरखपुरः गीताप्रेस ।
३. कोइराला, कुलचन्द्र (२०६५), शाक्तसम्प्रदाय र शक्तिपीठ, काठमाडौंः कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान ।
४. गिरी, रामानन्द (२०६९), दुर्गासप्तशती, तनहुँः महेश संस्कृत - गुरुकुलम् ।
५. गौड, रामस्वरूप (सं.) (ई. १९९०), अथर्ववेद, (सायणभाष्यसहित) वाराणसीः चौखम्बा संस्कृत विद्याभवन ।
६. गौतम, प्रसन्नचन्द्र (सं.), (२०६७), ऋग्वेद संहिता, (प्रथम र द्वितीय भाग), काठमाडौंः कुलचन्द्र गौतम स्मृति संस्था ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७. गौतम, युवराम (२०६१), तीर्थपर्यटन, काठमाडौं: लुम्बिनी ट्रेडिङ्ग एण्ड प्रिन्टिङ्ग हाउस प्रा.लि. ।
८. जोशी, मुनीशचन्द्र (ई. १९८९), ऐतिहासिक सन्दर्भ में शाक्ततन्त्र, नयी दिल्ली: नेशनल पब्लिक हाउस ।
९. ज्ञवाली, यज्ञराज (२०७३), देवदर्शन, काठमाडौं: दायित्व वाङ्मय प्रतिष्ठान ।
१०. त्रिपाठी, मृत्युञ्जय (ई. २००६), कालिकापुराण (भाग-एक), वाराणसी: नवशक्ति प्रकाशन ।
११. द्विवेदी, श्यामाकान्त (ई. २०१२), भारतीय शक्तिसाधना स्वरूप एवं सिद्धान्त, वाराणसी: चौखम्वा सुरभारती प्रकाशन ।
१२. देवमालावंशावली, (२०१२), काठमाडौं: श्रीपीरमहन्त क्षिप्रनाथ योगिराज ।
१३. पणशीकर, वासुदेवलक्ष्मण (सं.), (ई. १९९०), ईशाद्यष्टोत्तरशतोपनिषद्, वाराणसी: चौखम्वा विद्याभवन ।
१४. पाण्डे, रामतेज (सं.),(ई.२००३),देवीभागवत, वाराणसी: चौखम्वा विद्याभवन।
१५. बोडास, राजाराम र गोरे, शिवराम (सं.), (ई. १९४५), ऋग्वेद, (सायणभाष्यसहित), वम्बई: बम्वई टेक्नोलोजिकल पब्लिकेशन फन्ड ।
१६. भट्टराई, घटराज (२०७१), नेपालका धार्मिक स्थलहरू (सांस्कृतिक कोश), काठमाडौं: विद्यार्थी पुस्तक भण्डार ।
१७. लंसाल, देवीप्रसाद (सं.), (२०२३), भाषा वंशावली, (द्वितीय भाग), काठमाडौं: श्री ५ को सरकार नेपाल राष्ट्रिय पुस्तकालय ।
१८. वाचस्पत्यम् (वृहद्संस्कृतभिधानम्) (षष्ठो भागः) (प्रकाशित मिति नरहेको) वाराणसी: चौखम्वा संस्कृत सीरिज आफीस ।
१९. वाल्मीकि रामायण, (प्रकाशित मिति नरहेको), गोरखपुर: गीताप्रेस ।
२०. वेदव्यास (प्रकाशित मिति नरहेको), भागवतमहापुराण, गोरखपुर: गीताप्रेस ।
२१. वेदव्यास (२०७३), महाभागवत (देवीपुराण), गोरखपुर: गीताप्रेस ।
२२. शर्मा, द्वारकाप्रसाद (ई. १९१७), चतुर्वेदी-संस्कृति-हिन्दी कोष, लखनउ: एम.एल. भार्गव ।
२३. शर्मा, वासुदेव (ई. १९९०), ईशाद्यष्टोत्तरशतोपनिषद्, वाराणसी: चौखम्वा सुरभारती ।
२४. शास्त्री, महादेव(सं.)(ई.१९८५), तैत्तिरीयारण्यक, दिल्ली:मोतीलाल वनारसी दास ।
२५. प्रा. डा. पुरुषोत्तमलोचन श्रेष्ठवाट प्राप्त जानकारी ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुई गीत

सीता अर्याल

१) मिर्मिरेमा पाधेरीमा ...

मिर्मिरेमा पँधेरीमा आउँछ्यौ पक्कै पानी भर्न
पछ्याउँनेछु मैले पनि पाउन्नौ है आँखा तर्न
न्यास्रो लाग्छ क्यारुँ मैले सम्फि मात्र जहिले पनि
डर लाग्छ धोका खाएँ थाहै होला पहिले पनि
साइत हेरी हालौँ प्रिय सकिनँ म पर सर्न
मिर्मिरेमा पँधेरीमा आउँछ्यौ पक्कै पानी भर्न
शीतल शीतल जुन जस्तै कोमल कोमल वदन तिम्रो
हेरिरहुँ जस्तो लाग्छ सुस्त सुस्त कदम तिम्रो
कहिले आउँ लिन तिम्लाई पाउन्नौ है भाका सार्न
मिर्मिरेमा पँधेरीमा आउँछ्यौ पक्कैपानी भर्न ।

२) तन्द्रामा प्रिया भ्फभ्फल्को ...

तन्द्रामा प्रिया भ्फभ्फल्को तिम्रो आउँछ रातैमा
सपना पनि देख्दछु तिम्रै पाउँछु साथैमा
उडेर दुवै बादलु माथि पुग्दथ्यौँ सरर
हावाले तिम्रा ती काला केश पार्दथ्यो फरर
कति हो कति सम्फना तिम्रो फूल र पातैमा
सपना पनि देख्दछु तिम्रै पाउँछु साथैमा
कसरी काटुँ उदासी दिन कल्पना बुनेर
सिंदूर टीका सजाई मनको पोतेमा उनेर
सन्देश मेरो लैजा है चरी पिपलु पातैमा
सपना पनि देख्दछु तिम्रै पाउँछु साथैमा ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Skilling Youth for Self-employment and Safe Migration

Dr. Kushmakar Bhatta

Migration is a global phenomenon caused not only by economic factors, but also by social, political, cultural, environmental, health, education and transportation factors. It commonly takes place because of the push factor of fewer opportunities in the socio-economic situation and also because of pull factors that exist in more developed areas.

Migration is the movement of people from one location to another and widely associated with change of permanent place of residence. Reasons of Migration are inter-regional and intraregional disparities at macro level and fundamentally lack of skills and employment opportunities resulting low standard of living conditions among different socio-economic groups at micro level. This article is based on the literature review on human migration theories and principles. The objective of this study is to analysis the factors' affecting the migration and employment. Skilling youth can control massive migration and also assist in safe international employment. Existing literature was reviewed and it is found that Nepalese youth have high migration in overseas employment. Most of the youths migrated are unskilled followed by semi-skilled. The article concludes with few recommendations on skilling young people for promoting their engagement in self-employment and for safe international employment.

Key Words: labor Market, Migration, Employment, Development

Introduction

Human migration is the movement by people from one place to another with the intention of setting in the new location. The movement is typically over long distances from one country to another but internal migration is also possible. Migration is the action or an act of moving from one place to another, the migrating of a person, a people etc from one country or place of residence to settle in another (Herald, 2006). Migration plays a very significant role in changing the composition and distribution of population. Migration decides the population change in a big way. They change both population size and population composition in terms of urban and rural populations and in terms of age and sex composition. Migration may be individuals, family units, or in large groups. There are three components of population change. They are mortality, fertility and migration (Chian, 2014). There are two types of migration: internal migration and international migration. Internal migration is the movement of people from one place to other place in a given country. International migration is the movement of people from one country to another in order to take up employment of establish residence or to increase in living standard. Migration can contribute to human development especially if the rights of movers are improved (UNDP, 2009).

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Theories/Principles of Migration

There are many theories of the migration, out of which Everett Lee's Theory of Migration clarifies the factors of migration. According to Lee, there are four major factors that contribute in migration, they are:

1. Factors associated with the area of Origin: There are certain factors that motivate people to leave their place of origin to outside area. The existing situation of the origin, not enough job, few opportunities, inadequate conditions, desertification, famine or drought, political fear, slavery, poor medical care, loss of wealth factors forces to migrate people somewhere else so this is also called the push factor.
2. Factors associated with the Area of Destination: Certain factors of the destination area motivate and pull the people toward. Especially the Job opportunities, better living conditions, freedom, education, better medical care, attractive climate, security better livelihood means and other facilities of destination are the Pull factors which motivate the persons to reside them in the area.
3. Intervening Obstacles: Intervening obstacles like access, distance and transportation which increase migrant selectivity of the area of destination.
4. Personal Factors: There are some personal factors on which the decision to migrate from the place of origin to the place of destination depends. Individual's perception of the 'pull and push forces' which influence actual migration are personal factors.

The existence of the "Plus" and "Minus" determines the pulling and pushing of the population. Lack of facilities, socio-economic condition, suppression and natural calamity in the origin are 'minus' and pushing factors while as adequate facilities, better opportunities, peace and safe environment are the 'plus' and pulling factors that attract the people's destination in the areas (OECD, 2004). Similarly the '0' is in between the Push and Pull factors. The figure below shows the factors affecting in migration.



Factors in Origin Area Figure-1(Revised from Lee's Migration Factors)
Factors in Destination Area

Along with the pull-push factors, personal factors like age, sex, race and educations and the intervening obstacles that also determine migration (OECD, 2007). According to Lee there are sequential migrants such as children and wives of migrants who have little role in the decision to migrate. Mostly the Tarai region and urban centers of Nepal has pull factors and rural and village areas have push factors which has increased migration in Tarai and urban areas emptying the rural areas.

Some Facts about Migration

- The flow of migration generates a counter migration
- Short distance migration is in priority of majority of the migrants.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

- Migration who move longer distances tend to choose big city distance
- Migration from rural to urban areas is found higher than urban to rural.
- Families are less likely to make international moves than young adults
- Adults have high tendency to migrate
- Large town grow by migration rather than natural increase
-

Causes of Migration

Generally, the following causes are the determinant of migration

1. **Economic and Technical Causes:**

Access into the market activities, use of technology, production and operation of the agriculture, better price situation, employment and better earning opportunities and career development are some of the causes which motivate migration.

2. **Social Causes:**

Facilities and development of institutional structure, better policies and security structure, availability of the occupation related production, development of transport and communication systems, population growth, increase in knowledge and its expansion, class-conflicts and competition, disarrangement coming in social degradation and structure of administration, changing needs of maintenance of family, etc. are some of the social causes that determine the migration.

3. **Personal Causes:**

Increasing and unsatisfied needs, increase in the intelligence of persons and expanding horizon of knowledge and skills, health, emotions of alienation, views regarding neighbors, imagination power, nature and social status etc are the personal causes.

4. **Natural Causes:**

Environment and atmosphere, diseases and natural disaster and calamities are some of the natural causes of migration.

Except the above mentioned causes labour problems, strikes, security, conflicts, riots, increase in real wealth, search of new means or ending up of the supply of old resources are some causes and determinants which also affect migration.

Migration in Nepalese Context

Internal Migration: Internal migration in Nepal tends to inter-Zonal, Inter district and inter-provincial. The trend is Hill to Tarai, one district to another district and country-side to urban areas. The trend is massively increased in Tarai after the eradication of several diseases and then during the internal conflict (2051-2063).

International Migration: International migration in Nepal started with recruitment of physically strong young people by the powerful countries. Slowly it became a livelihood strategy for a large part of the rural population in Nepal. International migration of Nepalese is Cross border migration (mainly India), Gulf countries and a few western countries.

It is estimated that more than four million migrants are abroad and that nearly half of all household in Nepal either have at least one migrant in foreign countries. India and the gulf countries like Qatar, Saudi Arabia and UAE) and Malaysia are the main International Destinations for Nepal Migration The recent data shows that out of them India: 37.6 %, Middle East: 37.6 %, ASEAN Countries: 13%, European Countries:3.3%, Other Asian Countries: 2.9 %, USA and Canada: 2.5%, Other Countries: 2.1% Not stated: 1.1 % (CBS, 2011). Out of the migrants looking for work 42.9%, other work

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

related 36.1%, Education and training: 6.2%, Together with family/ relatives: 9.7%, other family reasons: 2.6%, other: 2.5% (Regmi, 2017).

Skill Development and Status of Foreign Employment

More than the 80 percent of the total population in Nepal are of working age. Every year approximately 4,00,000 young people enter into the labor market each year (CTEVT, 2016). The official data shows that in 2072/073 a total of 36,19,981 (Male 34,64,868 and female 155,113) (MOL, 2017) Nepalese have been working as migrant labors in international labor market and out of them only 24.5% migrants are the skilled. The Foreign Employment Policy (FE) 2068 B.S. of Government of Nepal in its background mentions that the state is facing greater challenge to create productive and income generating employment opportunities for the estimated 400 thousands new labor forces per year. Foreign employment is one of the key sectors for economic development of Nepal. However, high volume (around 75%) of unskilled human resource entering into labor market each year (CBS, 2014). Lack of skilled human resources is weakening the competitive ability of Nepal at international labor market which is forcing them to be involved in hazardous work (Nepal, 2016). Growing fascination and involvement of unskilled women in foreign employment is another area of concern.

Similarly, the Constitution of Nepal-2072, Fourteenth Plan 2073-2076, TVET Policy-2012, National Youth Policy-2010 and many other national policies and acts have directed to impart quality skill development programs to the young people to make them competitive in the international labor market. There is the serious need of providing knowledge and skill based training to young people for developing them as skilled, empowered and competitive according to demand of international labor market (MLE, 2017).

Recommendations

Following recommendations are contextual for improving skill development and managing international labor migration.

- Widen the skilling programs in various marketable occupations to young people and linking with the industries/ business for domestic wage and self-employment.
- Integrating entrepreneurships training along with the hard skills and provisioning with startup supports to establish and promote small and micro enterprise (SME).
- Develop a systematic approach to managing demand and exploring employment opportunities for Nepali workers in domestic as well as in international labor market.
- Provide skill trainings based on foreign employment market needs with certification and recognition that meets international standards
- Develop a comprehensive framework for foreign labour migrants
- Simplify the process for the recruitment and employment of Nepali workers by examining the current procedures and identifying the bureaucratic hurdles.
- Improve the lobour migration governance system including decentralized services to be provided by governmental agencies and the private sector
- Enhance the capacity of foreign employment line agencies in terms of resource increasing, support both human and financial and improving the service provisions.
- Identify common grounds and coordinate activities between civil society, donor

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

organization, and government agencies to address issues relating to skilling and migration.

References

1. Chian, M. (2014). Empires and Walls Globalization, Migration and Colonial Control. Leiden: Brill.
2. Herald, B. (2006). Labor Movement: How Migration Regulates Labor Market. New York: Oxford University Press,
3. OECD. (2004). Migration for Employment. Paris: OECD Publications.
4. OECD. (2007). Internationational Migration Outlook. Paris: OECD Publications.
5. Kainth, G.S. (2009), FPush and Pull Factors of Migration: A Case of Brick Kiln Industry of Punjah State", Asia-Pacific Journal of Social Sciences, 1, 82-116.
6. DR. Narayan Regmi: Presentation on Foreign Employment and Migration, 2017
7. Council for Technical Education and Vocational Training, Annual Report 2072/073
8. Technical and Vocational Education and Training (TVET) Journal, 2073 CTEVT Fact sheet, 2016

Chief, CTEVT, Sudurpaschim Province Dhangadhi, Kailali, ABSTRACT

दण्डपाणि [illegible]ज्याल स्मृति केन्द्र

आर्थिक वर्ष २०७४/०७५ को आय व्यय विवरण

अनुसूचि १

क्र.सं.	विवरण	यस वर्ष
१	सदस्यता शुल्क	
२	बैक ब्याज	१३०,४००.००
३	सहयोग	
४	विज्ञापनबाट प्राप्त सहयोग	४६,८८३.२४
	जम्मा	१७७,२८३.२४

कोषाध्यक्ष   सचिव   अध्यक्ष   लेखापरिक्षक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मौलिक र मौलिकताप्रतिको चिन्तन

राजेन्द्र सुवेदी

१. विषय प्रवेश

संस्कृतमा मूल स्रोतको केन्द्र मानिने अर्थलाई बुझाउने 'मूल' शब्दमा 'इक' प्रत्यय लागेर निर्माण भएको र अन्य विषयका अनेक प्रभाववाट मुक्त रहेको नितान्त आफ्नै परिचय एवं गुणको विशेषतालाई प्रस्तुत गर्ने विशेषण वोधक अनि पारिभाषिक तथा प्राविधिक शब्द हो । अन्य प्रकारका विशेषता र प्रभाववाटमुक्त रहेका सांस्कृतिक साहित्यिक तथा कला चेतनालाई सम्वोधन गर्ने यस शव्दले सृजनामा पितृविम्ववाट मुक्त सृजना हो भन्ने स्थितिलाई बुझाउने शब्द हो । यसरी नै मौलिक र प्रभावको सीमालाई नितान्त भिन्नका रूपमा ग्रहण गरिने काम हुन्छ। यसलाई चित्रकला, साहित्य सृजना, अभिनय प्रदर्शन तथा सङ्गीतका सन्दर्भको विवेचना गर्दा यस प्रकारको चिन्तनमा वढी ध्यान दिनु पर्ने हुन्छ। यस विषयलाई त्यसैतर्फ उन्मुख हुनु सन्दर्भ सङ्गत हुने देखिन्छ ।

विषय कुनै मौलिक हुन्छन्, कुनै अमौलिक पनि हुन्छन् भन्ने मत प्राप्त भएको स्थिति देखिन्छ । प्रकृति जगत्मा कुनै पनि वस्तु मौलिक छैन । केवल त्यसलाई प्रस्तुत गर्ने शिल्प र शैलीामा नवीनता भएका कारण त्यस्ता विषयलाई मौलिक रूपमा स्विकार्न सकिने स्थिति देखिन्छ । पौराणिक, ऐतिहासिक सामाजिक जस्ता तिनओटा विषयमा केन्द्रित रहेका विषयलाई सृजनाका सन्दर्भमा स्रष्टाबाट ग्रहण गरिने विषयहरू पनि यहाँ उपस्थिति हुने सन्दर्भ उपस्थापन भएका छन् । इतिहास र पुराणका विषयका अतिरिक्त स्रटाद्वारा आफ्नै जीवन जगत्को परिधिवाट उत्पादित विषय पनि उहाँ मौलिक विषयका रूपमा उपस्थित रहेका देखिन्छन् । मौलिकता पुरानै विषयमा पनि स्रष्टाले विषयको प्रस्तुतिका कोणहरू र भाषिक शैलीको नवीनताका आधारमा रचनाले मौलिकता आत्मसात् गर्दछ। यस प्रकारका सन्दर्भहरू प्रतिपादन गर्न सक्ने सन्दर्भ पनि यहाँ प्रकट भएका स्थिति देखिन्छन् । एक काल खण्डमा कुनै प्रतिभाले सृजनामा प्रयोग गरिसकेको विषय नयाँ स्रष्टाका हातमा पर्ने वित्तिकै नयाँ आकार र नयाँ आभास प्रदानको विषयका रूपमा प्रकट हन आउँछ ।

आदि स्रष्टा परव्रह्म परमात्माको सुजनाका अनेक अनेक वस्तु र तिनको प्रभाववाट विकसित बन्दै आएका विषयको निरीक्षण गर्ने, भोग गर्ने र भुक्तमान काट्ने भोक्ताले आत्मसात् गर्नाका कारण जन्मेका अनुभूतिका संवेगलाई रचनाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रूप प्रदान गर्ने क्रममा सृजना भएका विषयलाई यस स्थितिको संवेदना पहाँ कृतिको रूप लिएर सार्वजनिक भएको हुन्छ । यसरी आदिकालदेखि नै प्रतिभा, व्युत्पत्ति र अभ्यासका आधारमा आविष्कार भएका नयाँ नयाँ चिन्तन तथा तिनका आविष्करणलाई नवीन सृजना मान्दै आउने क्रममा साहित्य, कला र सङ्गीतलाई मानवप्रतिभाको सृजनात्मक विषय मानिदैँ आएको र यसरी नै सृजित हुने कारक तत्वलाई मौलिक संज्ञा दिँदै आएको कुरा जनात्मक लेखनका क्रममा निष्कर्ष दिने गरिन्छ । पौराणिक, ऐतिहासिक र लोकजीवनका सन्दर्भलाई संयोजन गरेर रचनाको प्रदान गर्ने क्रममा पूर्वमा पाइएका वेदका वाणीका तत्कालीन वक्ता र पाश्चात्य आदि सभ्यताका उद्‌गाता अज्ञात महामनीषीहरूका प्रथम अनुभूति र तिनका अभ्यङ्कन, मान्छेका पुस्तापुस्ताको गलागलामा सर्दै जीवन्त वनेर आएका ज्ञान र संस्कार तथा संस्कृतिका वेगहरूको अविच्छिन्नतामा जोडिन आएका अनुभूति तन्तुले प्राप्त गर्दै जाने नयाँ रूपलाई नै मौलिक मान्ने गरिन्छ ।

पूर्वीय चिन्तन परम्परमा आदि स्रष्टा भनेको परमात्मा परव्रह्म नै हो भन्ने विषयको निष्कर्ष महर्षि व्यासको श्रीमद्‌भागवत महापुराणको पहिलो पद्यमै प्रकट गरिएको छ । यसको सन्दर्भ–

जन्माद्यस्य यतोन्वयादितश्चार्थेस्वभिज्ञ स्वराट् ।
तेने ब्रह्म हृदा य आदिकवये मुह्यन्ति यत् सूरय ॥
(श्रीमद्‌भागवत् महापुराण १/१)

यस पद्यवाट सिद्ध हुन्छ– सृजनाको पहिलो प्रतिभा भनेको स्वयं ईश्वर हो र यसको सम्मोहनमा समस्त दैवी शक्तिको प्रेरणा तथा प्रभावमा मात्र सृजना हुन्छ र पहिलो स्रष्टा चाहिँ स्वयं परब्रह्म परमेश्वर नै हो भन्ने कुरा पनि यस पङ्क्तिले सिद्ध गरेको छ । यसवाट के सिद्ध हुन्छ भने ईश्वर नै मौलिक सृजनाको कारक र प्रेरक हो । उसकै प्रेरणा र प्रभावका आधारमा पछिका स्रष्टाहरूले सृजनात्मक कार्य गर्दै आएका छन् । विश्वसभ्यताको इतिहासमा जब आर्षपरम्पराको आरम्भ भयो तब महामनीषीहरू अनेक किसिमका नवनव सृजना र निर्माणको कला तथा सौन्दर्य चिन्तनको प्रयासमा जुटे, यसको परिणाम नै नयाँनयाँ आकार, शैलीशिल्प र संवेदना तथा अनुभूतिका पक्षहरू आविष्कृत बन्दै गए र यसको परिणाम नै नयाँनयाँ सृजनाको यात्रा सतत र निरन्तरित बन्दै गयो ।

पूर्वमा शुक्राचार्यलाई कविको संज्ञा दिइयो । श्रीमद्‌भगवद्‌गीताका दसौं अध्याथमा सर्जक अथवा स्रष्टालाई कविको नाम दिइएको छ । श्रीकृष्णले उशना अर्थात् शुक्राचार्यलाई कविको रूपको आफ्नो अवतार हो भनेका छन् । यसको साक्ष्यका निम्ति–

वृष्णीनां वासुदेवोऽस्मि पाण्डवानां धनञ्जय ।
मुनीामप्यहं व्यास कविनामुशना कवि ॥ (श्रीमद्‌भगवद्‌गीता /१०/३७)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस कथनले पनि कविहरूको सर्वश्रेष्ठ व्यक्तित्व भनेर शुक्राचार्य आफ्नो विभूतिको विम्व कविमा निहित हुन्छ र यस्ता कविहरूमध्ये शूक्राचार्य नै मेरो अंश हो भन्ने सन्दर्भ सम्प्रेषण गरेका छन् । यसबाट स्रष्टा वा कवि स्वयं परमात्माकै अवतार हो भन्ने कुरा सिद्ध हुन्छ । प्रकृति जगत्मा रहेका विशिष्ट र नयाँनयाँ सौन्दर्ययुक्त विषयलाई नवसंवेदनाको आकृतिमा अभिञ्जन गर्न गरिएका प्रयत्नहरू मौलिकीकरणका कारक हुन् । यसै अर्थमा सृष्टिमा कुनै पनि विषय मौलिक अर्थात् र नयाँ छैन र स्रष्टाले तिनै नित्य निरन्तर रहेका विषयहरूलाई नौलो पाराले प्रतिपादन गर्ने काम गर्न सक्यो भने त्यही नै सृजनामा रहने मौलिकता हो ।

पौरस्त्य सभ्यतामा आदिकवि वाल्मीकि तथा व्यास र पश्चात्य समाजमा होमरका सृजनाले विश्व तिनै आदिमानवका अनुभूतिलाई आफ्नो सृजनामा अभ्यङ्कन गरेका छन् । महर्षि व्यास, भास र कालिदास हुँदै समग्र विश्वजीवनलाई समाहित गर्ने सृजनाचेत भएका स्रष्टाहरूका सृजना तिनै आदिमान्छेका चेतनाको पुनः संस्करण र पुनराविष्करण हो भन्ने कुरा यहाँ भुल्न मिल्दैन । पश्चिमी समाजमा होमर, दाँते र भर्जिलका सृजनाहरूमा पनि यही कुरा लागू हुन्छ । विश्वसभ्यतामा मौलिकताको प्रश्न आरम्भमा जति जटिल र निरुत्तरित थियो आज पनि त्यत्तिकै जटिल र निरुत्तरित नै छ र यो अनन्त कालसम्म पनि यसरी नै निरुत्तरित नै रहिरहन्छ । यसवाट सृजना भनेको एक अर्काको अनुकरण नभएर एकै विषयमा अनेक स्रष्टाको चिन्तन र कल्पनाले प्रदान गरेका नवाकृति तथा नव संवेदनाको स्वप्रकटीकरण हो । यसमा स्रष्टाको स्वप्रकटको तहमा तहमा पुगेर विरत हुन्छ ।

स्रष्टामा आविर्भाव भएको मौलिक भावनाको विम्वको आफ्नै विकासक्रम हुन्छ र यसको प्रारम्भ पितृविम्वका रूपमा उद्‌वोधित वन्दछ । यसरी उद्‌वोधन भएको प्राथमिक विम्व एक वालकले तातेताते गरेर हिँड्न सिकेको स्थितिका आधारमा बुझ्ने सान्दर्भिक हुन्छ । वालख सानो छँदासम्म आफ्ना अभिभावकहरूका हातको औंलो समाएर हिँड्न सिक्दछ र विस्तारै आफै हिडेर र दौड्न पनि सक्ने हुन्छ । यो नै पितृविम्वको उदाहरण हो । स्रष्टा पनि पहिले पहिले अग्रजहरूका सृजनाको अनुकरणको आधार लिएर सृजनामा लाग्दछ । अनि विस्तारै ती अग्रज स्रष्टाका सृजनाको प्रभाववाट मुक्त भएर आफै आफ्नो स्रोत र आदर्श तथा प्रेरणा अनि प्रभावको विम्व वन्दछ । यहीँ अवस्थाको प्राप्ति स्रष्टाको मौलिकताको पुञ्ज हो । यस दृष्टिले सृजनामा मौलिकताको स्थापना हुने कुरामा विश्वस्त वन्न सकिन्छ । यसरी गरिएको सृजनामा नितान्त नौलो र पृथक् विषय र पृथक् प्रस्तुतिको आभास मिल्दछ । तर ती विषय र प्रस्तुतिको पुथक् आभास देखिने पक्षहरू यसै प्रकृति जगत्का निरन्तरित र परम्परित विषयकै प्रतिकृति मात्र हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सत्यनारायणको पूजामा एक प्रार्थना मन्त्र छ। जसले चराचर जगत् ईश्वरकै प्रभावांश हो र त्यो विषय नै ईश्वरको स्वायत्त साधन हो र यो सबै हजूरमै समर्पण गर्दछु भनेर भक्तले विषयको समर्पण गर्ने काम गरेको हुन्छ। यसको मन्त्र यस प्रकार रहेको छ। त्वदीयं वस्तु गोविन्द तुभ्यमेव समर्पये। अर्थात् मैले भक्तिसाथ यी तपाइँबाट सृजना भएका सबै प्रकारका फलफूल, वस्त्र, परिधान, आभूषणलगायतका सामग्रीहरू मैले जुटाएको र परिष्कार गरेको मात्र हो र यो हजुरप्रति नै समर्पण गरेको छु भन्ने यसको आशय हो। यसबाट के सिद्ध हुन्छ भने प्रकृति जगत्मा रहेका समग्र मालहरू ईश्वरकै सृजना हो र यस सृजनामा रहेका समग्र सत्यको प्रतिबिम्बन साहित्यमा सर्जकले गरेको हुन्छ र यस सृजनामा स्रष्टाले केवल परिमार्जन र परिष्करण मात्र गरेको हुन्छ। यसवाट निष्कर्ष भनेको चाहिँ परिमार्जन र रूपाकृतिमा दिइने प्रस्तुतिगत नवीनता मात्र हो।

वाल्मीकि तथा व्यास आदिका सृजनाचेतमा तिनै आप्त पुरूषका अनुभवका पुञ्ज बनेका वाणीहरूको परिशोधन, परिष्करणका साथ गरिएको पुनः सृजन नै मौलिकताको पहिचान बनेको छ। मानवहृदय र मष्तिकमा प्रभाव जमाएर बसेका पूर्व सस्कार र समाज तथा भौतिक विश्वमा क्षणक्षणमा आउने परिवर्तनले प्रक्षेपण गरेका नवीनताहरूका विन्यासका आधारमा गरिएका सृजनाका नवाकृतिहरूमा नै मौलिकताको आभास मिल्दछ। विश्वका समग्र कला तथा साहित्य सृजना र ज्ञान विज्ञानका सन्दर्भमा यही विषय लागू हुन्छ। प्रत्येक आविष्कारकले प्रकृतिको गर्भमा रहेका अमूर्त वस्तुलाई मूर्त रूपमा उतार्ने र भावना तथा अनुभूतिमा रहेका अभूर्त संवेगलाई मूलभूत कल्पनाद्वारा मूर्त रूपमा आविष्करण गर्ने काम मात्र सृजना हो। एकभन्दा अर्को कृति भिन्न भएको स्थितिमा अभिव्यक्त हुने कला नै मौलिकता हो। यसरी मौलिकतालाई निरूपण गर्न सकिन्छ।

प्लेटोको विचारमा समग्र विश्व नै उपजीव्य ईश्वरको प्रतिकृति हो र त्यस प्रकृतिवाट स्रष्टाले स्रोत ग्रहण गरेर गरिएको सृजना नव सृजना हो। यसमा स्रष्टाले आफ्नो प्रतिभाका आधारमा कल्पनाको सहायता मार्फत नवीनताको आभास प्रदान गर्दछ। यस दृष्टिले प्रकृतिका निम्ति ईश्वर उपजीव्यता हो र कवि तथा स्रष्टाका निम्ति प्रकृति उपजीव्यता हो। अनि व्यक्ति स्रष्टाले त्यसै प्रकृति जगत्का घटना र परिघटनालाई, समग्र परिस्थिति, क्षण, समय र पर्यावरणलाई सृजनाको उपजीव्यता मानेर सृजना गर्दछ। यसरी सजना भएका सामग्रीलाई नै उपजीव्य मानेर सृजना गरिएका सामग्रीहरू पनि निकै व्यापक स्रोतको भण्डार लिएर आजका स्रष्टा समक्ष उपस्थित भएका हुन्छन्। उपजीव्यता ग्रहण गर्ने स्रष्टाले कि त तिनै ईश्वरप्रदत्त प्रेरणा र प्रकृतिलाई कि आप्त जनका लोककथनलाई र कि त पूर्वस्रष्टाहरूले सृजना गरेका आधार सामग्रीलाई स्रोत मानेर गरिने सृजनामा रहेको कल्पनाजन्य नवीनता नै मौलिकताको परिचय हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भानुभक्तको रामायण, सोमनाथ सिग्देलको आदर्शराघव, लेखनाथ पौडेलको मेरो राम, पवनकुमार खनालको भरतमिलन, विष्णुराज आत्रेयको वैदेही, गोविन्द विनोदीको कैकेयी र सूर्पनखाजस्ता काव्य कृतिहरू रामायणको उपजीव्यतामा आधारित छन् र यिनको प्रस्तुतिगत मौलिकतका स्थितिहरू प्रकटमा आएका छन् । महाभारतमा केन्द्रित सृजनाहरूमा देवकोटाको शाकुन्तल, भरतराज मन्थलीयको देवयानी, भानुभक्त पोखरेलको मृत्यञ्जया र हिमवत्खण्ड, घनश्याम कडेलको देवयानी र धृतराष्ट्रजस्ता काव्य कृति र राजेश्वर देवकोटाको द्वन्द्वको अवसान, मदनमणि दीक्षितको माधवी, विनोदप्रसाद धितालको योजनगन्धाजस्ता कृतिहरू उपजीव्यतामा सृजित बनेका छन् । यिनमा स्रष्टाको मौलिकता प्रस्तुति र चिन्तनमा प्रकट भएको छ । एकपल्ट एक जना प्रतिभाले प्रयोग गरिसकेको विषयलाई अर्को स्रष्टाले प्रयोग गर्दा कति नवीनता र विचलनका साथ प्रयोग गरेको छ र त्यस नावीनतामा विश्वसनीयता र आकर्षणशीलता पनि प्रस्तुत हुन सकेमा त्यही नै मौलिकताको उपस्थिति मानिन्छ ।

नेपाली साहित्यका सन्दर्भमा विभिन्न स्रष्टाका सृजनाहरू पुराणका विभिन्न कोणका र इतिहासका अनेक विषयका सन्दर्भहरू एकपल्ट त मौलिक रूपमा पहिलो सर्जकले प्रयोग गरिसकेको स्थितिका विषयहरू विभिन्न कालखण्डमा विभिन्न स्रष्टाले सृजनाको विषय बनाउँदै आएका सन्दर्भले विषय प्रस्तुतिका आधारमा नै मौलिक रहन्छ । यसरी विवेचना गर्दा सोमनाथ सिग्देलको आदर्शराघव रामायणको पुन सृजन हो । देवकोटाको शाकून्तल र माधव घिमिरेको अस्वत्थामा महाभारतका पुनः प्रयुक्त विषय हुन् । यिनलाई विशिष्ट संवेदना र नयाँ प्रस्तुति भएका कारण यी विषयहरू मौलिक रूपमा प्रस्तुत भएका छन् । यिनलाई स्रष्टाले मूलवत्करण गर्ने काम गरेका कारण यी सबै सृजनाहरू मौलिक सामगीको रूप प्राप्त गर्ने हैसियत प्राप्त गरेका छन् । यस कारण विशिष्ट संवेदनाका आधारमा यसलाई विवेचना गर्न सकिन्छ । यसरी मौलिकताका विष्यको अवधारणा तयार गर्न सकिन्छ ।

सन्दर्भ सामग्री

- कीथ, ए.बी. (२०१०, सन्) संस्कृत साहित्य का इतिहास, वाराणसी : मोतीलाल बनारसीदास ।
- बराल, ईश्वर र अन्य (२०५५) नेपाली साहित्य परिचय, काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।
- श्रीमद्भागवतगीता (२०६२), काठमाडौं त्रिमूर्तिनिकेतन ।
- श्रीमद्भागवतमहापुराणम् (२०६२) गोरखपुर : गीताप्रेस ।
- सुवेदी, राजेन्द्र (२०७२) सृजनात्मक लेखन सिद्धान्त र विश्लेषण, काठमाडौ : पाठ्यसामग्री प्रकाशन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उद्दालकको दर्शन

रामराज रेग्मी

१. विषय प्रवेश

उद्दालक आरुणी अरूण उपवेशी नामक ऋषिका छोरा हुन् । सतपथ व्राह्मणमा अरूण र वृहदारण्यक उपनिषद्मा उपवेश नामका ऋषिको चर्चा छ । यी दुवै नाम उद्दालककै वावुको हुनुपर्छ । उद्दालकलाई तत्कालीन कुरु-पाञ्चाल देशका वासिन्दा भनिएको छ । यो भूगोल अहिले हिमालय पर्वत र गङ्गाको मैदानवीच पर्दछ (Subbanna, 2013 : 7) । तर उद्दालकका छोरा श्वेतकेतु आफ्ना मामाको साथमा राजा जनकको दरवारमा गएको प्रसङ्गवाट उनको वसोवासको क्षेत्र कतै प्राचीन नेपालको भूगोलभित्रको विदेह राज्यको नजिक हुनुपर्छ भनी अनुमान गर्न सकिन्छ । उद्दालकको प्रसङ्ग विभिन्न उपनिषद्हरूमा पाइए पनि छान्दोग्य उपनिषद्मा उनका वारेमा दृष्टिकोणसहित विस्तृत व्याख्या गरिएको छ । उनका चेलाहरूमा याज्ञवल्क, कौशितकी, प्रोति कौसरविन्दी, सखायन र अरण्यक पर्दछन् ।

समय काललाई हेर्दा उद्दालक आरुणी इ.पू. ७०० तिरका उपनिषद्कालीन दार्शनिक हुन् । तर प्राचीन कालका भए पनि उनको दर्शन प्रारम्भिक भौतिकवादीहरूको भन्दा उन्नत र पूर्ण भौतिकवादी देखिन्छ । जर्मन दार्शनिक वाल्टर रुवेनले उनलाई आर्य सभ्यताका पहिला दार्शनिक भनेका छन् । रुवेनको भनाइ अनुसार उद्दालक त्यस्ता व्यक्ति थिए जसले दर्शनमा भौतिकवादलाई प्राचीन पूर्वीय समाजमा प्रतिस्थापन गरे र त्यही भौतिकवादको प्रतिक्रियास्वरूप नै याज्ञवल्क जस्ता दार्शनिकहरूले आदर्शवादलाई जन्म दिएका हुन् (Ruben, 1962 : 1) ।

२. शिक्षार्थीका रूपमा उद्दालक

उद्दालकले आचार्य आयोद धौम्यबाट औपचारिक शिक्षा प्राप्त गरे । उपमन्यू र वेद उनका सहपाठी हुन् । उनको विद्यार्थी जीवनमा घटेको एउटा घटना महाभारतमा उल्लेख गरिएको छ जस अनुसार एकदिन गुरुले उनलाई आफ्नो खेतमा पानी लगाउन पठाउँछन् । त्यतिखेरको चलन अनुसार गुरुकै आश्रममा लामो समयसम्म वसेर कामकाजमा सहयोग गर्दै शिक्षा आर्जन गर्ने चलन थियो । उद्दालक खेतमा जाँदा आली भत्किएर पानी गरामा नअडी सुख्खा भएको पाउँछन् र पानी थुन्न भत्केको आली वनाउन खोज्छन् । तर पानीको चापले वनाएपिच्छे आली भत्कँदै गर्छ । आखिरमा केही नलागेपछि उनी आफैं गरामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पल्टेर पानी थुनी खेत सिच्दछन् । उनी रातभर आलीमै पल्टिरहन्छन् । यता खेतमा पानी लगाउन गएका चेला राती अवेलासम्म घर नआएपछि गुरु रातभर भुटभुटिइरहन्छन् र भोलिपल्ट विहान सवेरै केही चेलाका साथ खेततिर लाग्छन् । त्यहाँ उद्दालकलाई आलीमै पल्टिरहेको देखेपछि हर्षले द्रविभूत हुँदै उनलाई नाम चल्ने विद्वान भए भनी आशिष दिन्छन् र वग्ने पानीको प्रवाहलाई छेक्ने काम गरेकाले तिम्रो नाम आजदेखि 'उद्दालक' भयो भन्दछन् ।

पछिका विद्वानहरूले यस कथालाई प्रतिकका रूपमा व्याख्या गरेका छन् । तिनको भनाइ अनुसार खेत भनेको मानव शरीर हो र वग्ने पानी भनेको मन हो । उद्दालक त्यस प्रकारका व्यक्ति हुन् जसले आफ्ना मन लगायतका इन्द्रियलाई नियन्त्रणमा लिन सके (Subbanna, 2013 : 8) । जे होस् त्यस घटनाले उद्दालक आफूलाई दिएको जिम्मा इमान्दारी र लगनशीलताका साथ पूरा गर्ने इमान्दार व्यक्ति रहेछन् भन्ने कुरा वताउँछ ।

उद्दालकले आचार्य धौम्यका अतिरिक्त अनेकौं गुरुहरूवाट अनौपचारिक शिक्षा प्राप्त गरे । उनी जीवनभर सिकेर नथाक्ने व्यक्ति थिए । उनी ज्ञान आर्जनका लागि पैदल हिँडेर निकै टाढाटाढासम्म गएको देखिन्छ । यसक्रममा उनले गान्धार (अहिलेको कन्दहार जुन अफगानिस्तानमा पर्दछ) देखि विदेह राज्यसम्मको लामो यात्रा तय गरेका छन् । बुद्धकथा **जातक**मा उनी सिक्नका लागि तक्षशिला (रावलपिण्डीको उत्तर पश्चिम) पुगेको उल्लेख छ । उनले सर्वप्रथम आफ्नै वावुवाट मधुविद्या सिके, त्यसपछि माद्र देशका पञ्चला कश्यपवाट यज्ञकर्म सिके, मानिस को हो भन्ने वारे राजा चित्र गार्गायनवाट सिके, अश्वपति कैकेयवाट वैश्यानर सम्वन्धी ज्ञान सिके र जीवनको अन्तिम अवस्थामा पञ्चलाका राजकुमार प्रवाहण जैवलीबाट कर्म सिद्धान्त सिके । राजा चित्र गार्गायनले उनलाई दिएको शिक्षा भौतिकवादी देखिन्छ । त्यसको सार यस्तो छ : मानिस अनन्त अन्तरिक्षको गर्भवाट पैदा हुने ॠतुको उपज हो । प्रकाशले मानिसलाई हुर्कनमा सघाउ पुऱ्याउँछ (Subbanna, 2013 : 8) । ज्ञानका खातिर उद्दालकले काशिका राजा भद्रसेन अजातशत्रु काश्यप र विदेहका राजा जनकसँग भेटेको पनि चर्चा छ । उनी गान्धार देश पुग्दा त्यहाँको शैक्षिक वातावरण देखेर आफूलाई आँखा नदेख्ने अन्धो जस्तो ठान्दछन् । छान्दोग्य उपनिषद्मा ज्ञानका लागि उत्तरी देशहरूमा भौतारिइरहेका वेला उनले सौनक ॠषिवाट पूजापाठ सम्वन्धी ज्ञान सिकेको तर त्यसलाई मिथ्या ठानी असहमती प्रकट गरेको उल्लेख छ ।

३. उपनिषद्कालका महान् दार्शनिक

प्रत्ययवादीहरूले उपनिषद्कालका सवैभन्दा महान् दार्शनिक भनी याज्ञवल्कको बढाइचढाइ गरेका छन् । याज्ञवल्क कुरु पाञ्चाल देशका निवासी थिए र उनलाई उद्दालककै चेला मानिएको छ । उनले शुक्ल यजुर्वेद र ब्राह्मण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रन्थको सतपथ-ब्राह्मणको संपादन गरेका थिए । उनी सम्पन्न वर्गका मानिस थिए । वादविवाद र तर्कमा निपूर्ण भए पनि विचारमा उनी प्रतिगामी थिए र शैली निरङ्कुश थियो । वादविवादमा कसैलाई पछार्न सकिएन भने बल प्रयोग गर्दथे भन्ने कुरा शाकल्य र गार्गीसँगको प्रसङ्गबाट थाहा लाग्छ । उनले आफूसँग बहस गरिरहेका विदग्ध शाकल्यको टाउको काटेका छन् । गार्गी वाचक्नवीले प्रश्न सोधेर आच्छुआच्छु पार्दा "यसभन्दा अघि बढ्यौ भने तिम्रो शिर काटिन्छ" भनी धम्की दिएका छन् र जनकको सभामा आयोजित बौद्धिक प्रतियोगितामा नतिजा सार्वजनिक नहुँदै राजा जनकलाई प्रभावमा पारी अन्य ब्राह्मणहरूका विरोधका वावजुद पुरस्कारका लागि राखिएका १००० गाई जवर्जस्ति खेदेका छन् ।

उद्दालक आरुणी विद्वतामा याज्ञवल्कभन्दा धेरै अगाडि थिए । पौराणिक कालमा रहेका भए पनि उनको चेतना उन्नत र अग्रगामी देखिन्छ । उनको सोचाइ भौतिकवादी भएकाले नै उनलाई ओझेलमा पार्न खोजिएको हो । उनी भद्र स्वभावका व्यक्ति थिए । उनले बहस र वादविवादमा कहिले पनि ठाडो शैली प्रयोग गरेको पाइन्न । आफू ब्राह्मण भएर पनि उनले त्यतिखेर ब्राह्मण पुरोहितहरूले अँगाल्ने गरेको काल्पनिक, रहस्यमय र मिथकीय दृष्टिकोणको खण्डन गरेका छन् । उनी प्रयोगात्मक ज्ञानमा विश्वास गर्दथे र सिद्ध भएका कुरामा मात्र विश्वास गर्नुपर्छ भन्ने उनको मान्यता थियो । कतिपय गुरुकहाँ सिक्न जाँदा उनले तिनका काल्पनिक आत्मा र ईश्वर संवन्धी व्याख्याको खण्डन गरेको पाइन्छ ।

४. उद्दालकको दर्शन

छान्दोग्य उपनिषद्को छैटौं अध्यायमा उद्दालक र उनका छोरा श्वेतकेतुबीच रोचक सम्वाद छ जसमा उद्दालकले आफ्ना भौतिकवादी मत व्यक्त गरेका छन् । उनको भौतिकवादी दृष्टिकोण राजा अश्वपति कैकेयसँगको संवादबाट पनि बुझिन्छ । राजाले, "गौतम, तपाई कुन आत्मालाई श्रद्धा गर्नुहुन्छ ?" भनी सोद्धा उनले जवाफ दिएका छन्, "महाराज, म पृथ्वीलाई श्रद्धा गर्दछु ।" (चट्टोपाध्याय, २००७ : ४७०) । छान्दोग्य उपनिषद्मा प्रस्तुत गरिएको विवरण अनुसार त्यस वेलाको प्रचलन बमोजिम उद्दालकले आफ्ना छोरा श्वेतकेतुलाई १२ वर्षको उमेर पुगेपछि समस्त वेदको अध्ययनका निम्ति गुरुकहाँ पठाउँछन् । अध्ययन कार्य सकेपछि श्वेतकेतु २४ वर्षको उमेरमा आफूलाई पहिलो नम्बरको वेदज्ञ ठान्दै गर्वका साथ घर फर्किन्छन् । छोरासँगको पहिलो भेटमै उद्दालकले उनको हिँडाइको चालबाटै पूर्ण ज्ञान प्राप्त नगरेको अनुभूति गर्दछन् । उनले छोरालाई प्रश्न गर्दछन्, "वाबु, तिमीलाई आचार्यले यस संसारमा सुन्न नसकिने भनिएको ठाउँको कुरा सुन्न सकिने, सोच्नै सकिन्न भनी भनिएको कुरा सोच्न सकिने र जान्ने सकिन्न भनेर भनिएका कुरा जान्न सकिने त्यस्तो विद्याबारे ज्ञान दिनु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भयो कि भएन ?" श्वेतकेतुले त्यसबारे ज्ञान प्राप्त नभएको वताउँदै लाचारीका साथ आफूलाई बताउन अनुरोध गर्दछन् । तदनुसार उद्दालकले छोरालाई विश्वमा विद्यमान पदार्थको मूल कारणबारे जानकारी दिन सुरु गर्दछन् ।

संवाद र व्याख्याका बीचवीचमा उद्दालकले प्रयोगमा जोड दिन्छन् र श्वेतकेतुलाई त्यसको नतिजा सम्बन्धमा धारणा बनाउन प्रेरित गर्दछन् । उनले श्वेतकेतुलाई पानीमा नून मिसाउन, फलफूल फूटालेर त्यसको वीउ निकाल्न र केही दिनसम्म खाना नखाई उपवास बस्न लगाउँछन् र सृष्टि, प्रकृति, पदार्थ र चेतना सम्बन्धी ज्ञान दिन्छन् ।

जगत्को सृष्टि र यसको सञ्चालन : विश्वको उत्पत्ति कसरी भयो ? यस सम्वन्धमा उद्दालक भन्दछन् कि प्रत्येक वस्तुको सम्बन्ध आफ्नो आधारसँग हुन्छ, जस्तो कि सबै प्रकारका माटाका भाँडाहरूको आधार कालोमाटो हो, सबै प्रकारका फलामे हातहतियार र मालसामानको आधार फलाम हो र सबै प्रकारका स्वर्ण गहनाहरूको आधार सुन हो । यो कुरा वुझेपछि वाह्य वस्तुको सहारामा त्यसको आधार पत्ता लगाउन सकिन्छ । यही नियम अनुसार जगत्को सृष्टि सम्वन्धमा यसको आधार भौतिक भएकाले सृष्टि गर्ने मूलतत्व पनि भौतिक नै हुनुपर्छ ।

वैदिक र उपनिषद् दुवै युगमा जगत्को सृष्टि सम्वन्धमा विद्वान् र दार्शनिकहरूमाझ लामो वहस र वादविवाद हुँदै आएको छ । वेदमा यसवारे परस्पर विरोधी कुराहरू पाइन्छन् । ऋग्वेदमा कहीँ सुरुमा केही थिएन र असत् (Nonbeing) बाट सत् (Being) को उत्पत्ति भयो भनिएको छ, कहीँ फेरि सत्/असत् केही थिएन र सत्को उत्पत्ति भयो भनिएको छ । उद्दालक यी दुवै भनाइलाई स्वीकार गर्दैनन् । उनी प्रश्न गर्दछन्- शून्यबाट अस्तित्व कसरी जन्मिन सक्छ ? उनी भन्दछन्, "भौतिक जगत्को सृष्टिका लागि सुरुमा आद्य भौतिक वस्तु भएकै हुनुपर्छ । अस्तित्वबाट नै धेरै कुराहरू उत्पन्न हुन्छन्, नभएकाबाट केही पनि उत्पत्ति हुँदैन । यही कुरा नै जीवित सत्य हो । त्यसकारण जगत्को आद्यवस्तु सत् हो, त्यो भनेको सुक्ष्म सार वस्तु (पदार्थको अणु) हो जुन सम्पूर्ण अस्तित्ववान वस्तुमा विद्यमान हुन्छ । त्यो नै मूल तत्व हो । त्यसलाई नदेखिने भएकाले केही नभएको भान हुनु स्वभाविक हो ।" (चट्टोपाध्याय, २००७ : ४६२) ।

जगत्को सुरुआत भएकाले यसको अन्त्य हुन्छ भन्ने कुरालाई पनि उद्दालक मान्दैनन् । उनी भन्दछन्, "जगत्को न त सुरुआत थियो, न त यसको अन्त्य नै हुन्छ, यो नित्य छ ।" उद्दालक प्रकृतिको विकास प्रक्रियालाई रथको चक्का जस्तो मान्दछन्- फर्केर उही ठाउँमा पुग्ने र फेरि दोहरिने । आजभोलि मार्क्सवादले जगत्को विकास प्रक्रियालाई यही दोहरिने खालको ठान्दछ, तर केही परिस्कृत रूपमा, रथको चक्का जस्तो होइन वर्तुलाकार चक्काको रूपमा । मानव समाज

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रारम्भिक चरणमा जुन साम्यवादी अवस्थामा थियो, यो आखिरमा त्यही अवस्थामा पुग्छ, तर पुरानै अविकसित र जङ्ली साम्यवादी अवस्थामा होइन, सभ्य वैज्ञानिक साम्यवादी अवस्थामा ।

आफ्नो भनाइलाई पुष्टि गर्न उद्दालकले श्वेतकेतुलाई पानीमा नून राख्न लगाउँछन् र भोलिपल्ट भाँडामा रहेको पानीमा नून छ कि छैन भनी हेर्न लगाउँछन् । नून पानीमा घोलिइसकेकाले श्वेतकेतुले त्यसको छुट्टै अस्तित्व पाउन्नन् । त्यसपछि उद्दालक छोरालाई प्रश्न गर्छन्, "नून कहाँ गयो ?" उनले पानी चाख्न लगाउँछन् र सोध्दछन्, "स्वाद कस्तो छ ?" जब श्वेतकेतुले पानी नूनिलो छ भन्दछन्, तब उद्दालकले सत्बारे थप व्याख्या गर्छन् । उनी भन्दछन् कि सत् भनेको त्यही पानीको नून जस्तै कुरा हो जुन हुन्छ तर देखिन्न । उनी वरको गेडा फोडेर श्वेतकेतुलाई भित्र हेन लगाउँछन् । अनि प्रश्न गर्दछन्, "भित्र के पायौ ?" जब श्वेतकेतुले बिउका सानासाना दाना पाएको कुरा वताउँछन्, तव उद्दालक भन्दछन्, "हेर बाबु, ती गेडाका दानाभित्र पानीमा तिमीले नून नदेखे जस्तै सत् रहेको हुन्छ र त्यही कारणले तीबाट टूसा उम्रन्छन् । टूसाहरू हुर्केर विरुवा र अजङ्गका वोट वन्दछन् । रूखका बोटभित्र पनि यही सत् (मूल तत्व) रहेको हुन्छ । वनस्पतिमा झैँ जीवित प्राणीमा पनि मूल तत्व रहेको हुन्छ । त्यो तिमीमा पनि छ (तत् त्वं असी) ।" उद्दालकले यहाँ जुन सत् भनेका छन्, उनको आसय अनुसार त्यो पदार्थको प्राथमिक रूप हो ।

उद्दालकको विश्लेषण अनुसार प्राणी र वनस्पतिभित्र रहेको मूल तत्वलाई जीवतत्व भनिन्छ । त्यो जीव तत्व केन्द्रीय भागमा मात्र होइन, प्रत्येक अङ्गप्रत्यङ्गमा रहेको हुन्छ । जीव तत्व भएर नै प्राणी र वनस्पति हुर्कने, वढ्ने र चलायमान हुने हो । मूलतत्व प्रत्येक प्राणी र वनस्पतिमा रहुन्जेल, ती नष्ट हुन्नन् । मूलतत्वले छाडेपछि मात्र तिनको आयु समाप्त हुन्छ । उक्त मूल तत्व अजैविकभित्र पनि रहेको हुन्छ । सम्पूर्ण जैविक र अजैविक वस्तुवीच अन्तर्सम्वन्ध हुन्छ र सवैलाई सञ्चालन गर्ने एउटै मूल तत्वले हो । मूल तत्व शुद्ध एकल र अविभाज्य हुन्छ, यो नभएको त कुनै पनि वस्तु हुँदैन । यो कुनै काल्पनिक र वनावटी कुरा होइन र यसबाट के पनि प्रमाणित हुन्छ भने मानिस, वनस्पति र सम्पूर्ण पदार्थ प्रकृतिको विकासभन्दा अरू केही होइनन् ।

उद्दालकको विचार अनुसार जसलाई हामी मृत्यु भन्छौँ, त्यो कुनै चोला फेर्ने कुरा होइन । न त यो अर्को लोकमा जन्मिन जाने हो । मृत्युको अर्थ मूल तत्वमै गएर मिल्ने हो । सत्वाट विकसित भएर अनेक बन्छ र अनेक फेरि त्यसको अवसानपछि उही एक (मूलतत्व) मै परिणत हुन्छ । अनेक हुँदा प्राणी, वनस्पति र पदार्थको अनेक रूप र नाम हुन्छ र एकमा गएर मिसिएपछि ती सवै पहिचान गुम्छन् । यस तथ्यलाई प्रमाणित गर्न उद्दालकले मह र नदीको उदाहरण प्रस्तुत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दछन् । उनी भन्दछन् कि मौरीले विभिन्न रूखका फलफुल चहारेर तिनको रस ल्याई मह वनाउँछन् । रस प्रत्येक फलफूलमा रहुन्जेल त्यसको पहिचान हुन्छ । त्यतिखेर यो रस यस फलको हो र त्यो रस त्यो फूलको हो भन्न सकिन्छ । तर मौरीले घारमा रस मिसाइसकेर त्यो महमा परिणत भइसकेपछि कुन रस कुन रूखको अथवा कुन फलफुलको हो भनी छुट्याउन सकिन्न । नदीहरू पनि विभिन्न नामका छन् र पूर्व, पश्चिम उत्तर, दक्षिण विभिन्न दिशा भएर वग्ने ती सवै नदी समुद्रमा गएर मिसिन्छन् । समुद्रमा नमिसिइन्जेल तिनको आ-आफ्नो पहिचान हुन्छ । तर समुद्रमा मिसिइसकेपछि त्यहाँ तिनको अस्तित्व देखिन्न । यतिसम्म कि कुन पानीको कण कुन नदीवाट आएको हो भन्न सकिन्न । नदी जस्तै प्राणीहरू वनस्पति र पदार्थ आदि विभिन्न नामका र विभिन्न रूपका छन् र तिनको छुट्टै पहिचान एवं अस्तित्व देखिन्छ । तर मृत्युपछि सवै सत्‌मा मिल्छन् र आफ्नो पहिचान गुमाउँछन् ।

उद्दालकले सवैभन्दा पहिले रूख कसरी मर्दछ भन्ने कुरा वताउँछन् । उनको भनाइ अनुसार कुनै रूख विरुवाका हाँगाविँगा काट्दा त्यसको रस वाहिर निस्कन्छ । रस भनेको वनस्पतिको जीवतत्व हो र त्यो नभएपछि काटेका हाँगाविँगा मर्दछन् । तर हाँगा काटे पनि जरासहितको काण्ड रहने र त्यसमा मूलतत्व रहिरहने भएकाले रूख मर्दैन । काटेको ठाउँवाट नयाँ हाँगा विँगा पलाउँछन् । मानिसको सवालमा पनि यही कुरा लागू हुन्छ । मानिसका हात खुट्टा काटिए पनि उ मर्दैन किनभने उसको शरीरमा मूलतत्व रहिरहेकै हुन्छ । मूल तत्वले छोडेपछि मात्र मानिसको मृत्यु हुन्छ । मृत्युपछि मानिसको शरीर त्यही तत्वमा गएर मिल्दछ जसवाट यो वन्दछ - वोली मनमा विलीन हुन्छ, मन प्राणमा विलीन हुन्छ र ताप सत्‌मा विलीन हुन्छ। उद्दालकको भनाइ अनुसार मर्ने बेलामा मानिसले सवैभन्दा पहिले मन अथवा चेतना गुमाउँछ । उसले आफ्ना श्रीमती, छोराछोरी, बन्धुबान्धव, इष्टमित्र कसैलाई पनि चिन्दैन । त्यसपछि उसले श्वासप्रश्वास गुमाउँछ र आखिरमा ताप गुमाउँछ । प्रकृति वा पदार्थमा पनि यही खालको क्रमिक अवसान हुन्छ । उद्दालकको यस विचारले मानिसले अर्को जन्म लिन्छ र मरेपछि आफ्नै पहिचानमा आ-आफ्नो कर्मको फल अनुसार स्वर्ग र नरकमा अथवा अर्को लोकमा वस्न पाउँछ भन्ने कुराको खण्डन गर्दछ ।

मानिस मृत्युपछि सत्‌मा लिन हुन्छ भन्ने कुरालाई उद्दालकले निद्राको उदाहरणवाट वुझाउने प्रयास गरेका छन् । उनको भनाइ अनुसार निदाएका वेला मानिसंको मन सत्‌मा गएर आराम गर्दछ । जसरी चराहरू दिनभर खानाका खोजीमा यताउति उड्छन् र साँझ परेपछि आ-आफ्ना गुँड र वासस्थानमा फर्कन्छन् उसरी नै दिनभर काममा संलग्न र विभिन्न विषय र क्षेत्रमा डुलेको डूल्यै गर्ने मानव मन पनि राती आरामका लागि सत्‌मा आएर लीन हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसलाई सपनाविनाको मस्त निद्रा भनिन्छ । मृत्यु यस्तै खाले तर फरक घटना हो । निद्रामा मानिस अस्थायी रूपमा सत्मा लीन हुन्छ भने मृत्युमा स्थायी रूपमा । मृत्युलाई त्यसै भएर महानिद्रा भनिन्छ ।

मूलतत्वको सिद्धान्त (Theory of Ultimate Elements): उद्दालकको विचार अनुसार मूल तत्व (सत्) गतिशील हुन्छ जसलाई सञ्चालन गर्नका लागि कुनै शक्तिको आवश्यकता पर्दैन । यहाँ शक्तिको सङ्केत प्रत्ययवादीहरूले मान्दै आएको ईश्वरतर्फ गरिएको छ । उद्दालकले बडो कूटनीतिक पाराबाट ईश्वर हुन्छ भन्ने कुराको खण्डन गर्दछन् । उनको भनाइ अनुसार सत् स्वयंचालित मूल तत्व हो । आफूमा अन्तर्निहित गतिशीलताका कारण मूल तत्व तीन तत्वमा परिणत हुन्छ- अग्नी, जल र अन्न । यहाँ अन्न खाद्य पदार्थको मात्र अर्थमा नभएर ठोस पदार्थ अथवा पृथ्वी तत्वका रूपमा लिइएको छ । उद्दालक भन्दछन् कि सबैभन्दा पहिले मूल तत्वबाट अग्नी उत्पन्न हुन्छ र अग्नीबाट जल उत्पन्न हुन्छ । यस कुरालाई प्रमाणित गर्न उनी गर्मी भएका वेलामा उत्पन्न हुने पसिनाको उदाहरण दिन्छन् । उनी भन्दछन्-

'तस्मद्यत्र क्व च शोचति स्वेदते वा'

भनाइको अर्थ- जब कुनै व्यक्तिले गर्मीको अनुभव गर्दछ, उसको शरीरबाट खलखली पसिना निस्कन्छ ।

त्यसपछि उद्दालकले पानी उत्पन्न भएपछि त्यसबाट अन्न उत्पन्न हुन्छ भन्दछन् । यस कुरालाई पुष्टि गर्न वर्षात्पछि वनस्पति हुर्कने र चारैतिर हरियाली छाउने उदाहरणबाट पुष्टि गर्दछन् । यूरोपीय परिवेशमा यही खालको मूल तत्व सम्बन्धी अवधारणा प्राचीन युनानी दार्शनिक थेल्सले प्रस्तुत गरेका थिए । जगत्को मूल तत्व जल हो भन्दै उनले प्राचीन कालको काल्पनिक एवं धार्मिक दृष्टिकोणको खण्डन गरेका थिए । उनलाई यूरोपीय भौतिकवाद र विज्ञानको अग्रदूत मानिन्छ । हाम्रो प्राचीन पूर्वीय परिवेशमा पनि उद्दालकले मूलतत्व सम्बन्धी अवधारणा प्रस्तुत गरेर कट्टर धार्मिक मतका अनुयायीका विचारमाथि कडा प्रहार गरेका छन् । अझ भन्ने हो भने कालक्रमका हिसाबले थेल्सभन्दा उद्दालक नै पुराना दर्शनवेत्ता देखिन्छन् । प्रचुर मात्रामा वर्षात् भएपछि वनस्पति हराभरा हुने र गर्मी हुँदा मानिसका शरीरमा पसिना आउने विषयवस्तुका आधारमा उनले मूलतत्व सम्बन्धी व्याख्या अघि सारेका छन् (चट्टोपाध्याय, २००७ : ४६३) ।

उद्दालकको विचार अनुसार यस जगत्मा जे जति पदार्थहरू छन्, ती सबै अग्नी, जल र जमिनबाट बन्दछन् । तीन मूल तत्वमा आ-आफ्नो गुण हुन्छ । अग्नीमा ताप हुन्छ, जलमा तरलता हुन्छ र जमिनमा ठोसपन हुन्छ । पदार्थमा अग्नी, जल र जमिन तिनैका गुणहरू विद्यमान हुन्छन् । कुनै पनि वस्तुमा देखिने रक्तपन अग्नीको गुण हो, सेतो चमक पानीको गुण हो भने कालोपन जमिनको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुण हो । आगाको सवालमा काठमा बलिरहेको आगो रातो हुन्छ, त्यसवाट ताप निस्कन्छ र दनदनाउँदा सेतो ज्योती चारैतिर विस्तारित हुन्छ । जब आगो निभ्छ, यो कालो कोइलामा बदलिन्छ (छान्दोग्य, ६.४.१) । सूर्यलाई हेरौं, विहान यो रातो लालीमय हुन्छ, जति यो आकाशिदै जान्छ यसका सेता किरणहरू चारैतिर फैलन्छन् र तीवाट निस्केको तापले समस्त धरति तताउँछ । साँझपख सूर्य अस्ताउँदा यो अँधेरो रात्रीमा परिणत हुन्छ । पदार्थ भनेको मिश्रण हो भन्ने कुरा पुष्टि गर्न उद्दालकले नौनीको उदाहरण प्रस्तुत गर्दछन् । उनका अनुसार जसरी धेरै दिनको दूध सङ्कलन गरेर मथेपछि नौनी बन्दछ, उसैगरी अग्नी, जल र जमिन मथिएपछि पदार्थ वन्दछ । यहाँ मथ्ने कुराले तत्वहरूबीचको क्रिया प्रतिक्रियालाई अभिव्यक्त गर्दछ । उदालक भन्दछन् कि मिश्रणको मात्रा भने पदार्थपिच्छे फरक हुन्छ ।

उद्दालकको विश्लेषण अनुसार पदार्थको निर्माण हुँदा त्यो बदलिएर विलकुलै नयाँ नौलो वस्तु वन्ने होइन, पुरानैको रूप परिवर्तन हुने हो । दुधवाट नौनी वन्दा बेग्लै वस्तु वने जस्तो देखिन्छ, तर नौनी दूधकै अर्को रूप हो । दूधमा नौनीका कणहरू भने पहिलेदेखि नै विद्यमान हुन्छन् । उद्दालकको यस भनाइभित्र कार्य कारण सम्बन्ध देखिन आउँछ । उनले यस सम्बन्धमा रूखको जरा र शाखाको सवाल पनि उठाएका छन् । उनी भन्दछन् कि रूखको मूल (जरो) र यसका श्रुङ्गा (शाखा) हेर्दा खेरि भिन्न देखिन्छन् तर तिनको भित्री पहिचान एउटै हो । मूल कारण हो भने शाखा त्यसका कार्य हुन् । उद्दालकले कार्य कारण श्रृङ्खला भनी स्पष्टसँग उल्लेख नगरे पनि कार्यका बीज कारणमा पहिले नै रहने कुरा अप्रत्यक्ष रूपमा व्यक्त गरेका छन् । साङ्ख्य र वौद्ध जस्ता पछिल्लो पिँढीका दर्शनहरूले उद्दालकको यही व्याख्यालाई विस्तारित रूप दिएको वुझिन्छ । अझै भन्नु पर्दा वुद्धले त कार्यकारण सम्वन्ध अथवा प्रतित्यसमुत्पाद्को व्याख्यामा दूध र नौनीकै उदाहरण प्रस्तुत गरेका छन् । वुद्ध भन्दछन् "दूधवाट नौनी/धिउ जे वने पनि दूधलाई नौनी वा घिउ भन्दैनौं न त नौनी र घिउको अस्तित्वमा दूध देख्छौं ।" (Subbanna, 2013 : 16) ।

पदार्थको विभाजन संवन्धमा उद्दालक के भन्दछन् भने यो विभिन्न कणहरूमा विभाजित हुन्छ । पदार्थका अतिनै शुक्ष्म कणहरू हुन्छन् जसलाई आँखाले देखिन्न । आजभोलि तिनलाई अणु भनिन्छ । अणुहरू गुणमा एक अर्कावाट भिन्न हुन्छन् । तिनीहपरू स्थायी हुन्छन् । तिनमा एक आपसमा मिल्ने र छुट्टिने गुण हुन्छ । तिनको संयोगका कारण विभिन्न रूप र आकारका पदार्थ वन्दछन् । कणहरूको मिल्ने र छुट्टिने प्रक्रिया सत्का कारण हुन्छ । आधुनिक परिवेशमा भन्नुपर्दा सत् भनेको विद्युत जस्तै शक्ति हो । जसरी विद्युतले व्याटरीको क्रियाशीलतामा अभिवृद्धि गर्दछ उसरी नै सत्ले अणुलाई गतिशील बनाउँछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चेतना सम्वन्धी अवधारणा : चेतना प्रधान हो कि पदार्थ ? यसको विवादमा दार्शनिकहरू विगतदेखि नै दुई खेमामा विभक्त भएका छन् । प्रत्ययवादीहरूले चेतनालाई प्रधान र पदार्थलाई चेतनाको उपज मान्दछन् । भौतिकवादीहरूले त्यसको विपरित पदार्थलाई प्रधान र चेतनालाई त्यसको उपज मान्दछन् । आर्य समाजको उपनिषद्कालमा चेतनालाई 'आत्मन्' शव्दको प्रयोग गरेको पाइन्छ । त्यस वेलाका आदर्शवादीहरूले आत्मन्लाई 'परम चेतना' अथवा 'परम ईश्वर' मानेका थिए र त्यसैबाट विश्वको निर्माण भएको धारणा व्यक्त गरेका थिए । यही विचारलाई पछ्याएर आजका आदर्शवादीहरूले जगत्लाई मानिसको वुद्धिले कहिल्यै वुझ्न नसक्ने एक अवोधगम्य दैवी लिला ठान्दछन् । तर उपनिषद् काल केवल अध्यात्मवादी चिन्तनमा मात्र सीमित थिएन । त्यसमा पदार्थलाई प्रधान मान्ने र चेतनालाई त्यसको उपज मान्ने भौतिकवादी चिन्तनको विशाल भण्डार पनि विद्यमान थियो । यही खालको मत उद्दालकको पाइन्छ । मूलतत्वको अवधारणाका आधारमा उनी पदार्थ र चेतना सम्वन्धी समस्या समाधान गर्न खोज्दछन् र चेतनाको आधारको रूपमा रहेको मस्तिष्क अन्नको देन हो भनी भन्दछन् । आफ्नो यस भनाइलाई प्रमाणित गर्न उद्दालकले छोरा श्वेतकेतुलाई १५ दिनसम्म केवल पानी मात्र पिएर उपवास बस्न लगाउँछन् र उपवासको अन्तिम दिनमा "तिमी वेदज्ञ हौ, मलाई सवै वेदका मन्त्र वताउ त" भन्दछन् । लज्जित हुँदै श्वेतकेतु भन्दछन्, "मेरो संस्मरणमा केही आउँदैन, वुवा ।"

"उसो भए पहिला भोजन गरेर आउ", उद्दालकले श्वेतकेतुलाई भन्दछन् । खाना खाएर आएपछि फेरि उद्दालकले छोरालाई वेदका मन्त्रहरू वताऊ भन्दछन् । यस पटक भने श्वेतकेतुले भटाभट सवै भनिदिन्छन् । त्यसपछि उद्दालकले भन्दछन्, "वुझ्यौं वावु ? पानीबाट प्राण वन्ने भएकाले नै तिमी १५ दिनसम्म अरू केही नखाँदा पनि वाँच्न सक्यौं । तर अन्नबाट चेतना वन्ने भएकाले सो नहुँदा तिमीले वेदका मन्त्रहरूको स्मरण गर्न सकेनौं ।"

उद्दालकको भनाइ अनुसार जसरी मथेको दही तीन भागमा वाडिन्छ - नौनी, मोही र छोक्रा, त्यसरी नै मानिसले खाएको खाना पनि तीन भागमा वाडिन्छ - सवैभन्दा साना कणवाट चेतना वन्छ, मझौला कणवाट शरीर वन्छ र सवैभन्दा खस्रा कणहरू मलमा परिणत भई वाहिर त्यागिन्छ । पिएको पानी पनि यसरी नै तीन भागमा वाँडिन्छ - सवैभन्दा सानो कणवाट प्राण वन्दछ, मध्यम खालका कणवाट रगत वन्दछ र सवैभन्दा ठूलो कण पिशावमा परिणत हुन्छ । त्यस्तै पिइने घिउ तेल आदि तेजस् पदार्थ पनि तीन भागमा वाँडिएर मसिनो कणवाट वाणी (वोली) वन्छ, मध्यम कणवाट वोसो वन्छ र ठूलो कणवाट हाड वन्छ । उद्दालक के पनि भन्दछन् भने जसरी दही मोथ्दा त्यसको सानो भाग नौनीको रूपमा माथि सतहमा उत्रन्छ उसरी नै अन्नवाट उत्पन्न शुक्ष्म भाग 'मन' शरीरको

ज्ञानबिन्दु – १२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माथि मस्तिस्कमा रहन्छ, पानीबाट उत्पन्न शुक्ष्म भाग प्राण (श्वासप्रश्वास) को रूपमा शरीरको माथिल्लो भागमा आउँछ र तेजस् पदार्थबाट उत्पन्न शुक्ष्म भाग माथि उत्रिएर वाणी (बोली) बन्छ । उद्दालकभन्दा पहिलेका पूर्वीय दार्शनिकहरूले अग्नीबाट वाणी र पानीबाट श्वास बन्दछ भन्ने कुरा गर्दथे । तर खानाबाट मस्तिष्कको विकास हुन्छ भन्ने उद्दालकको सोचाइ ती सबैभन्दा अग्रगामी सोचाइ हो । यहाँ पदार्थको उपज चेतना हो भन्ने तर्कतर्फ नै उद्दालकको जोड देखिन्छ र यस तथ्यलाई साबित गर्नका लागि उनले सुनिश्चित प्रमाण पेश गरेका छन् । (चट्टोपाध्याय, २००७ : ४७७) ।

ज्ञान मीमांसा : उद्दालक मानिस र जनावरबीचको भिन्नता देखाउने साधनका रूपमा ज्ञानलाई लिन्छन् । ज्ञान निकै गहिराइको चीज भएकाले सिकेर सक्ने भन्ने कुरा कहिल्यै हुँदैन भन्ने मान्यता उनी राख्दछन् । उनका लागि सिक्नका लागि ब्राह्मण ऋषि नै चाहिन्छ भन्ने छैन । उनी बरोबर भन्ने गर्छन् - सिक्नका लागि सानो ठूलो भन्न हुँदैन र त्यसमा आग्रह पाल्न पनि हुँदैन । उनी सिक्नका लागि आफ्नो विचारभन्दा फरक धारणा भएका व्यक्तिकहाँ पनि पुगेको देखिन्छ । यो संस्कार उपनिषद्कालको तत्कालीन समाजमा थियो । सिक्नका लागि सानो बालकले मृत्युबाट, राजामहाराजाहरूले ऋषिका आश्रमबाट र ब्राह्मणहरूले क्षत्रीय राजाहरूबाट शिक्षा ग्रहण गरेको पाइन्छ । सत्यकाम जबालले साँढे र चराबाट सिक्छन् र उपकोशलले अग्नीबाट सिक्छन् (Subbanna, 2013 : 3) । उद्दालकले पनि ज्ञान सम्बन्धी यही संस्कार अपनाएको बुझिन्छ । उनी मानिसले आफ्नै अध्ययन, अनुसन्धान, प्रयोग र अनुभवबाट बुझ्न सक्दछ भन्ने मान्यता राख्दछन् । उनले सृष्टि, मूल तत्व, पदार्थ र चेतनाबारे आफ्ना छोरा श्वेतकेतुलाई बुझाउन खोज्दा प्रयोगात्मक विधिको अनुसरण गर्दछन् । उनको व्याख्या सामान्यबाट विशेषतर्फ र सतहबाट गहिराइतर्फ अघि बढ्छ । प्राचीन पूर्वीय दर्शनमा आफ्ना भनाइलाई व्यवहारिक प्रयोग (द्रष्टना) मा जाँचेर मात्र निस्कर्ष निकाल्ने पहिलो दार्शनिक उद्दालक नै हुन् (Subbanna, 2013 : 7) । उद्दालकले भौतिक जगत्मै भएका घटनाहरूको उदाहरणबाट के जानकारी गराएका छन् भने ज्ञानको स्रोत प्रकृतिक हो र बुद्धिको विकास व्यवहारिक अनुभवबाट नै हुन्छ । मूलतत्व जस्ता सामान्य नागरिकले बुझ्न नसक्ने कुरा जान्नका लागि उनले श्वेतकेतुलाई सचेत गराउँछन् । यस्तो ज्ञान पाउनका लागि निरीक्षण, तर्क र निस्कर्षको विधि अपनाउनु पर्छ र यस्को निम्ति मिहेनत र ध्यानको आवश्यकता पर्दछ भनी उनी भन्दछन् । उनी के पनि भन्दछन् भने जबसम्म आफूले यो क्षमता हासिल गर्न सकिन्न तबसम्म आफूलाई सिकाउने उपर्युक्त आचार्यको खोजी गर्नु पर्दछ ।

५. निस्कर्ष

उद्दालक आरुणीको विचारलाई दृष्टिगत गर्दा उनी आफ्नो समयको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिवेशभन्दा निकै अग्रगामी देखिन्छन् । उपनिषद् कालमा धेरै आर्य ऋषिहरूले भौतिकवादी मत प्रकट गरेका छन् तर तिनका ती मतहरू खासै परिस्कृत भेटिन्नन् । ती आद्यभौतिकवादको तहमा व्यक्त भएका छन् । तिनले भौतिकवादका धेरै जरा उधिन्न सकेका छैनन् । उद्दालक आरुणी त्यस समयको अपवादका रूपमा प्रकट भएका भौतिकवादी दार्शनिक हुन् । उनले जगत्को सृष्टि, तत्वमीमांसा, ज्ञानमीमांसा आदि सवालमा प्रकाश पारेका छन् । शङ्कर र रामानुजजस्ता वेदान्तवादीहरूले उद्दालकले भनेको सत् अचेतन प्राकृतिक मूलतत्व हुन सक्दैन भन्दै त्यसको अर्थ 'परम पुरुष' हुन्छ भन्ने लगाए । ईश्वरको अस्तित्वलाई समर्थन गर्ने दर्शनको वाहुल्यता छ भन्ने देखाउनका लागि तिनीहरूले आरुणीको विश्लेषणलाई बङ्ग्याएर उनलाई प्रत्ययवादी सिद्ध गर्ने प्रयत्न गरेका छन् । तर वाल्टर रुवेनजस्ता खोजकर्ताहरूले आरुणीका वास्तविक विचारहरू जन समक्ष ल्याएर प्रत्ययवादीका षडयन्त्रलाई निस्तेज बनाइदिएका छन् । मुख्य रूपले जैकोबी र रुवेनप्रति हामी ऋणी हुनुपर्छ किनकि उनीहरू नै त्यस्ता व्यक्ति हुन् जसले पुरपार पारिएको उद्दालकको दर्शनको वास्तविक रूपलाई उधिनेर जनसमक्ष प्रस्तुत गरिदिएका छन् । हिमाली उपमहाद्वीपमा पछिल्लो कालका चार्वाक र साङ्ख्य जस्ता भौतिकवादी दर्शनहरूले उद्दालकका विचारका सहारामा भौतिकवादको थप व्याख्या विश्लेषण गरेका छन् ।

सन्दर्भ स्रोतहरू

- चट्टोपाध्याय, देवीप्रसाद, २००७, भारतीय दर्शनमें क्या जीवंन्त है और क्या मृत, पिपुल्स पब्लिशिंग हाउस, नइ दिल्ली
- Ruben, Walter, 1962, Uddalak and Yajnavalka : Materialism and Idealism, www.carvaka 4india.com
- Subbanna, Sreeenivasrao, 2013, Who was Uddlak Aruni ? part 1-3, https//www.speakingtree.in,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालका तीन मौलिक चिन्तन परम्परा

डा. असरफ अली

नेपाली ज्ञान परम्पराका तीन मौलिक चिन्तनहरू हाम्रो समाजमा परापूर्वकालदेखि रहिआएका छन्। दर्शनिक सोचभन्दा केही पृथक रहेर पनि ती ज्ञान परम्पराले नेपाली समाजलाई चरप्पै समाएको देखिन्छ। हिमाली क्षेत्र होस् या तराई, पहाडी भू-भाग हुन् या उपत्यका सवैतिर कम बेसी मात्रामा छरिएको यस्तो ज्ञान परम्परामा तन्त्र, मष्टो र मुन्धुमी चिन्तन रहेको छ। धामी झाँक्रीको परम्परासँग तन्त्रको गहिरो सम्बन्ध छ भने मातृप्रधान समाजकालिक प्रकृतिपरक चिन्तनको रूपमा मष्टो परम्परा छ । मुन्धुमी परम्पराको रूपमा थिग्रिएको प्रकृतिपरक सोच, जीवन दृष्टि र संस्कारहरू पनि नेपाली ज्ञान परम्परामा प्रभावकारी रही आएको पाईन्छ। यही सन्दर्भमा नेपालका तीन मौलिक चिन्तन परम्पराका बारेमा केही विमर्श तल प्रस्तुत गरिन्छ।

क) तान्त्रिक चिन्तन परम्परा

नेपाली समाजमा तान्त्रिक चिन्तन परम्परा निकै लामो छ। प्रकृतिपूजक बोन विश्वासका मानिसहरूमा मात्र होइन, शाक्त, शैव, हिन्दु, बौद्ध चिन्तन अँगात्ने धार्मिक सम्प्रदायमा व्यक्तिगत तथा सामुहिक ढङ्गले तन्त्रलाई आफ्ना अनेक समस्या समाधान गर्ने साधन बनाउने गरेको पाइन्छ। प्रकृति र समाजका साझा समस्याहरूदेखि व्यक्ति विशेषका निजी समस्यासम्मको निदान तन्त्रका सहारामा खोज्ने, त्यस क्रममा भूत-प्रेत, बोक्सी-डाइन, वायु-मरी, मशान, किचकन्या, झाँक्री-निदेनी जस्ता रहस्यमूलक काल्पनिक शाक्तिको अवधारण अँगाल्ने र तिनीहरू माथि विजयहासिल गर्नका लागि विभिन्न प्रकारका जादु-टुनामुना, टोटेम र जन्त्रमन्त्रको प्रयोग गर्ने उपासना पद्धति या विद्यालाई तन्त्र भनिदै आएको पाइन्छ। तन्त्र शब्दको तात्पर्य खोतल्दा तन अर्थात् शरीर त्र अर्थात् विधि मिलेर देह र मनलाइ ठीक पार्ने उपायका रूपमा तन्त्रलाई लिइन्छ। मन्त्रसँगै तन्त्रलाई उपकरण बनाएर लोकको हित लोककै वस्तुबाट गर्ने प्रविधिद्वारा तन्त्रशास्त्र भरिभराउ छ। नेपाली समाजका सबै जाति प्रजातिमा तन्त्र विद्या प्रचलित छ। तन्त्र शब्द सर्वप्रथम ऋग्वेदमा प्रयोग भएको पाईन्छ र त्यहाँ यो शब्दको अर्थ धागो कात्ने यन्त्र थियो। परन्तु पछि यसको अर्थ विस्तार एवं परिवर्तन भएर अनेक प्रकारका कर्मकाण्डसँग जोडियो सामान्य टुनामुना, धामी झाँक्री, पूजा अनुष्ठानसँग सम्बन्धित भए पछि तन्त्र एकप्रकारको धार्मिक विश्वास बन्न पुग्यो। फलस्वरूप प्रकृति पूजक बोन, मातृत्व पूजक शाक्त, लिङ्ग पूजक शैव, सूर्यपूजक सौर, विष्णुपूजक वैष्णव, बुद्धपूजक बौद्ध, ब्रम्ह पूजक हिन्दु सवैमा तन्त्रले विशिष्ट स्थान बनायो। वेदान्तका विरुद्ध भौतिक संसारलाई सत्य र यथार्थ बताउँदै तान्त्रिक चिन्तनले जीवन र जगतबाट वैराग्गिएर हिंड्ने-जोगी बन्ने अथवा पराश्रित हुने कुराको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विरोध गऱ्यो । त्यसैले तन्त्रवाद भौतिकवादी चिन्तनका साथै प्रत्ययवादी चिन्तनको मिश्रण पाइने हाम्रो समाजको प्रारम्भिक जीवन दर्शन बन्न पुग्यो। यसले देवी साधना, प्रेत साधना, भूत साधना, डायन साधना जस्ता कर्म अनुष्ठान सँगै मारण मोहनद्वारा वशीकरण गर्ने, जादु टुनामुनालाई पनि आफ्नो उपकरण बनाएको हुन्छ। झारफुक गर्ने जडिबुटीको सहारा लिने र जन्तर बाँध्ने जस्ता प्राचीन बोन परम्पराका विधिहरूको अतिरिक्त रेखा, वेदी, त्रिशुल, घण्ट, द्याङ्ग्रो, काङ्लिङ, धूप–धजा, सिन्दुर, रगत, सर्स्यूं बेसार, आगो, खुर्सानी प्रयोग गरेर आ–आफ्ना साधनालाई सार्थक पार्ने गर्दछन्। धर्म दर्शन सँग जोडिए पछि तन्त्रलाई दर्शनसंग दर्शनलाई तन्त्रसँग जोडेर हेर्ने टिप्पणी गर्ने पनि गरियो । खासगरी भौतिकवादी सोच राखेर यही संसारलाई सत्य बताउने चिन्तनका रूपमा तन्त्रवादले आफूलाई अघि बढाए पछि लोकायतिक प्रवाहमा बहकिएका मानिसहरूको जुक्ति भन्दै तीव्र आलोचना गर्न थालियो। वेदान्ती विद्वान् शङ्कराचार्यले त शाङ्ख्य दर्शनलाई नै "शाङ्ख्य तन्त्र" "कपिल तन्त्र" भन्दै टिप्पणी गरेका छन् । बृहस्पतिका विचारलाई पनि भनिएको पाईन्छ । (वेदान्त सूत्र २/१/१) त्यसैले तान्त्रिक ज्ञानको लौकिकतालाई जोड लिने शास्त्रको रूपमा तन्त्र चिन्तन रहेको प्रष्ट छ।

तान्त्रिक चिन्तनको प्रारम्भ बोनदर्शनको प्रकृति पूजक दृष्टिकोणबाट भएको हो। प्रकृतिका विशिष्टता र अनौठा कुराहरू सँगै मानिसको ज्ञान, अनुभवजन्य तर्क र सम्भावना आकलन गर्ने खुवी अर्थात श्वैर कल्पनाको सहारामा तन्त्र परम्परा हुर्कियो, एकातर्फ शिवद्वारा इच्छित कामना विन्दुबाट ज्ञान पैदा भयो र त्यी ज्ञानको एउटा शाखाका रूपमा तन्त्रको प्रादुर्भाव भयो भन्ने दैवी सिद्धान्तको धारणा पाइन्छ भने अर्को तर्फ प्राचीन मानव जातिको आदिम चेतनाद्वारा क्रमश विकास हुँदै आएको सोच अर्थात् सामाजिक विकासको अवधारणा पाइन्छ। वैदिक तथा अवैदिक दुवै सांस्कृतिक धारामा तन्त्रको प्रयोग रहि आएको तथ्यले के दर्शाउँछ भने कृषि युग पछि यसले विशेष महत्व पायो र उर्वरता बृद्धिका लागि गरिने उपासनाका रूपमा फष्टायो। ऋग्वेदमा रोग मुक्त र कामना पूर्तिका लागि तन्त्र प्रयोग गरिने गरेको सङ्केत पाईन्छ। (ऋग्वेद–१।२।३।१०) अथर्ववेदमा त थुप्रै तान्त्रिक कर्मका सन्दर्भ उल्लेख छन्। पछि पछिका धार्मिक ग्रन्थ र पुराणहरूमा पनि तन्त्रका मन्त्र उपलब्ध छन्। लोक जीवनमा यसको प्रयोग अझै पनि भइरहेको भेटिन्छ।

नेपाली लोक जीवनमा तन्त्र परम्पराका दुई मुख्य धारा रहि आएका छन्। पहिलो ऋति परम्पराको अलिखित धारा, दोस्रो लिखत परम्पराको शास्त्रीय धारा। यि दुवै धारा विभिन्न धार्मिक सम्प्रदायका विश्वास, प्रथा र कर्म काण्डसँग जोडिएको धर्मशास्त्रीय परम्परा बन्न पुगेका छन् । श्रुतिपरम्पराहरू पनि क्रमश लिखित भईरहेका छन् । पहिले मौखिक रूपमा रहेका वेद पुराण सवै लिखित भए जस्तै मुन्धुमहरू, गुरुबाबक जमौंटी र ह्नबहरू लिखित पुस्तक बनिरहेका छन्। ताम्बादर्शन र कर्मकाण्डका लिखित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भईसकेको छ। शैव, हिन्दु र बौद्ध तन्त्रका ग्रन्थ धेरै अघिदेखि लिखित रूपमा आएका छन् । सिद्ध परम्परासंग जोडेर ६४ सिद्ध र योगिनीका नाममा लेखिएका तान्त्रिक ग्रन्थहरू शाक्त धारामा गणना गरिन्छन्। शिवसँग जोडिएका शैवतान्त्रिक ग्रन्थहरूलाई तीन आगममा बयानब्बे ग्रन्थ बनाइएको पाइन्छ। यसरी नै अन्य दश महाविद्याका आधारमा, वैष्णव सम्प्रदायका आधारमा, पञ्चरात्री भागवत् सौर सम्प्रदायका आधारमा बोद्ध तन्त्र जैन तन्त्र जस्ता हाँगा हाँगामा अनेकौं तन्त्र ग्रन्थहरू रचिएका छन्। यिनमा तान्त्रिक भावका चरित्रहरू फरक फरक छन्। जैविक भाव र अजैविक भावका अतिरिक्त वैष्णव, वामाचारी र कौल जस्ता धारामा पनि उपासक साधकहरू नेपाली तन्त्र परम्परामा रहि आएका छन्।

नेपाली तन्त्र परम्परामा शैव तन्त्रलाई मुख्य मान्ने, शाक्त तन्त्रलाई मुख्य मान्ने र बौद्ध तन्त्रलाई मुख्य मान्ने तीन प्रकारका मत रहेका छन्। यी बाहेक प्राचीन बोन, तान्त्रिक लामायानी बौद्ध, थारु, लिम्बू, राई, मगर, थकाली, गुरुङ्ग जातिमा प्रचलित तान्त्रिक कर्मकाण्ड पनि विशिष्ट छन्। प्रत्येक जातिका संस्कारमा तिनीहरूका रूपगत भिन्नता देख्न पाइन्छ। बौद्ध तन्त्र परमपरामा महायानी र हिमयानी पुरानो विभाजन हो। पछिको लामायान बोन परम्परा मिश्रित "तिब्वती बुद्धवाद" बन्न पुगेको छ। त्यसै हारीमा नेपाली बज्रयानले आफूलाई "नेवारी बुद्धवाद" भन्न थालेको भेटिन्छ। वास्तवमा जातीय सङ्कीर्णता बुद्धको शिक्षा थिएन। तर बज्रयानी तन्त्र भनेर विशिष्ट भिन्नता निर्माण भएको छ। पद्मसंभव रिम्पोछे नै वज्रयानीहरूका पनि गुरु हुन्। त्यसैले तेरा भैरम भन्दा मेरा भैरम ठूला भन्ने सोंच नराख्नु नै तन्त्रयानी सन्देश हो।

पछिलो समय तन्त्रवादलाई योग, ध्यान र मण्डपसँग जोडेर हेर्ने गरिएको छ। मण्डपकै विविधतामा वेदी, मण्डला तथा हवनकुण्डलाई हेरिन्छ। सबैको निर्माण विधि तान्त्रिक नै छन्। नौ या तीन अङ्कलाई आधार मान्ने र सात या पाँच अङ्कलाई आधार मान्ने दक्षिण एशियाली धारण भन्दा पृथक उत्तर एशियाली चलन रहेको छ। चीनमा आठ अङ्कलाई शुभ ठान्ने तान्त्रिक सोच रहेको छ। केही वनस्पति, वृक्ष र ढङ्गा पनि तन्त्र साधनाका उपकरण सरह प्रयोग हुन्छन्। खास गरी शालीग्राम शिला, दर्शन ढुङ्गो र निलो पत्थर तन्त्र साधनमा प्रयोग हुने गर्दछ। घण्ट, त्रिशुल, शङ्ख, बञ्चरो, डम्मरु, द्याङ्ग्रो, मुकुट, झ्याली, कलश, रुद्राक्ष, रिठ्ठा, डल्ले खुर्सानी, काउछो, बोधिचित, धुँधुरा आदि साधनहरू तन्त्र साधकले प्रयोग गर्दै आएका छन्। शास्त्रीय अध्ययन र व्यवहारिक प्रयोगको पक्ष हेर्दा हिमाल, पहाड र तराईमा तन्त्रको प्रयोग उस्तै उस्तै ढङ्गले भएको देखिन्छ। काठमाडौंमा जामन गुमाजु, लमबकर्णमट्ट जस्ता पुराना साधकको किम्बदन्ती सुनिन्छ भने शास्त्रीय ग्रन्थलेखकका रूपमा धन समशेर राणा, विद्यानाथ मट्ट र विद्या बहादुर बज्राचार्य जस्ता तन्त्र ग्रन्थकारहरू देखिएका छन्।

ख. मष्टो चिन्तन परम्परा

अष्ट तत्वको योगलाई शिवको सामुहिकता बोधक नाम भनी महाअष्ट भन्दै जाँदा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अप भ्रंश भएर मष्ट-मष्टो-मष्टा भनिएको कथन केही विद्वान्को छ। महादेवको अष्टरूप महाअष्ट तत्वमा भने सबै भौतिक जगतका पदार्थहरू छन्। पृथिवी, जल, अग्नि, वायु, आकाश, सूर्य, चन्द्र र मनुष्यलाई अष्टतत्व भनिन्छ। यिनै आठ तत्वको योगलाई महातत्व महत् पनि भनिएको पाइन्छ। त्यसो त मान्छेले मानेको हुँदा मष्टो भनियो भनी सत्यमोहन जोशीले उल्लेख गरेका छन्। (जोशी, लोक संस्कृतिक- खण्ड १ इतिहास, काठः ने.रा.प्र.प्र. पृ- १२) नरहरिनाथ योगीले देवीका सेनानीहरूले मस्तक थापेर मनुष्य रक्षा गरेको हुँदा मष्टो भनियो भनेका छन्। (रत्नाकार देवकोटा, बृहद् जुम्ला राज्यको ऐतिहासिक विवेचना (वि.सं. २०६४) काठःकुमार खड्ग प्राइवेट स्टडिज) डाही राक्षसले मानिसलाई दुख दिएको र शिवका सन्तती मानिने भवानीलाई आँखा लगाइको हुँदा शिव स्वंय मष्टो बनेर भवनीको रक्षा गरेको मिथक पूर्वी नेपालको लिम्बु संस्कृति र पश्चिमको कर्णाली संस्कृतिमा प्रचलित छ।

मष्टो पूजन नेपाली खसहरूको एउटा विशिष्ट धर्म अथवा उपसना भनी स्वीकार गर्न सकिन्छ र यो उनीहरूको मौलीक प्राचीन संस्कार रहेको बताईन्छ। (६३७, बालकृष्ण पोखरेल, खस जातिको इतिहास (वि.सं. २०५५) विराटनगरः उदात्त अनुसन्धान अड्डा) मष्टो प्रथा आर्य संस्कृतिको एउटा विशेषता मात्र नभएर यो नेपाली पनको मौलिक रूप हो। खसहरूको उद्गम भूमि नै नेपाल मानेको पाइन्छ। (पृ. ६३ विवि अधिकारी नेपालका खस जाति- वि.सं. २०६८, काठः नेपाल कन्सल्टिङ लयर्स) खस संस्कृतिलाई भारतीय आर्यहरू उपज मान्न नसकिने धारणा पनि विद्वान्हरूले व्यक्त गरेको पाईन्छ। नेपालमा वौदिक आर्यहरू आउनु भन्दा अघि नै यहाँ खस आर्यहरू ले आफनो सभ्यता र संस्कृति हुर्काई सकेका थिए र त्यसको एउटा चिनो मष्टो उपसानमा धामी पतुर्ने संस्कार-जनजातिको शामनी संस्कार (झाँक्रीवाद) सँग मेल खान्छ। गुरुङ, नेपाल सोशियल डेमोग्राफी एण्ड एक्सप्रेशन, काठ : हिमाल बुक्स, इ.सं. ११२८) मष्टोलाई आफ्नो पैत्रिक देवता मान्ने सोच वेद लेखिनु भन्दा पहिलेको हो। प्रेतात्मा र प्रकृतिलाई मष्टोमा जोडेर मानव उत्पत्तिको कथा सुनाइन्छ। वास्तवमा मनुष्यको उत्पत्ति कथामा सृष्टिका प्रथम जोडी आ-आफ्नो जाति पिच्छे फरक फरक देखिन्छन्। लिम्बुको युमा र फेवा, राइको सुम्निमा-पारुहाङ् ब्राम्हणको मनु र शतरुपा, क्षेत्री प्रकृति र पुरुष, वैष्णवको विष्णु र लक्ष्मी, शैवको शिव र शक्ति, अद्वेतको ब्रम्ह र माया, गुरुङको केडेखर्कली र मेडेहयोंखर, क्रिश्चियनको आदम र इभ जस्ता आख्यान सन्दर्भले यही दर्शाउँछ। मष्टो उत्पतिको कथा जे जे सुनाइए पनि यो एउटा काल्पिनिक शक्ति सत्ताको धारणा हो। प्राचीन समयको प्रकृति पूजक चिन्तनद्वारा वायु, अग्नी, पृथ्वी, जल र आकाशको एकतामा निर्मित शीर्ष शक्ति स्वरुप मष्टो धारण रहेको छ। मष्टोले धामी झाँक्री देहमा प्रवेश गरी रोग व्याधी हर्ने, न्याय निसाफ गर्ने र मानिसहरूलाई असल कर्ममा लैजाने बाटो देखाउँछ भन्ने लोक विश्वास छ। यस अर्थमा यो प्रकृति पूजक बोन दर्शन कै एउटा रूप पर्दछ। भूमिपूजक धारणामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो भुवो हो। भुवो नै आदि मष्ट पनि हो मष्ट र मष्टालाई मालिक र मालिका मान्ने गरिन्छ। केही मिथकहरूमा मष्ट सूर्यको शक्ति प्राप्त झाँक्री हो भने केही मिथक अनुसार पृथिवीको रक्षाका लागि लड्ने ज्ञानी पुरुष हो। मष्टो चिन्तन एउटा दर्शन भन्दा पनि एउटा प्रथागत धार्मिक परम्परा बनेर आएको देखिन्छ। लामायानी बौद्धहरूले बूढा मष्ट भनेर खसहरूसंग सांस्कृतिक समन्वय कायम गरेको कुरा कर्णालीको संस्कृति ईतिहासमा पाईन्छ। कपिल मुनीलाई "बूढाबुद्ध" अर्थात् बुद्धभन्दा पहिलेका बौद्ध भन्ने भाव यसमा व्यक्त भएको छ। कपिल मुनी तान्त्रिक पनि थिए। मष्ट निराकार विश्वासमा बाँचेको शीर्ष देवता मानिन्छन्। देउती बज्यै मष्टकी शक्ति रूपा स्त्री हुन्। झाँक्रीको जस्तै प्राकृतिक थान थपनामा मष्टलाई राखिन्छ। यस्तो थपनामा मष्ट रूपी लिङ्गो या मौलो अनिवार्य गाडिएको हुन्छ, जो शिवलिङ्गको प्रतिक पनि हो–मष्टका अष्टबाहु भन्ने गरिन्छ र बौद्धहरूले पनि मष्टबाट प्रभावित भएर आफ्नो चक्रलाई अष्टबाहु युक्त बनाएको मानिन्छ। त्यसैले मष्टो चिन्तन परम्परालाई शाक्त–शैव संस्कृतिसँगै वैदिक सनातनी र बौद्ध संस्कृतिको समन्वयमा जीवित रहेको नेपाली संस्कृति मान्नु पर्दछ।

मष्ट चिन्तन प्रकृतिपूजक, देहात्मवादी रहेको मात्र नभै यो हाम्रो नेपाली संस्कृति र चिन्तनमा रहेको समन्वयात्मक सम्मिलनको उदाहरण पनि हो। यसमा एकातर्फ जीवनवादी सोच र भौतिकवादी संस्कार छ भने अर्को तर्फ बोन, शाक्त, शैव र बौद्ध चिन्तनको स्वाभाविक मिलन रहेको छ। जातीय रूपमा पनि सवै नेपालीको चलन बनेका कति कुराहरू यसमा रहेको छ। मष्टो पाञ्चायनमा झाँक्री पूजा समावेश हुनु, अष्टतत्वमा भौतिक पदार्थहरू रहनु, देवी पूजा गर्दा सप्तमातृका र नवदुर्गालाई समान ठान्नु र बीचमा अष्टमातृकालाई राख्नु, बूढा मष्ट–बूढा सुब्वा र बूढा बुद्धको अस्तित्वलाई सहज ढङ्गले स्वीकार्नु, अष्टबाहुको धारणालाई अशोक चक्रमा समावेश गर्नु जस्ता कामहरू देख्दा हामी के भन्न सक्छौं भने नेपाली चिन्तन परम्परामा बोन दर्शानले पारेको प्रभाव जस्तै मष्ट चिन्तनले पनि हाम्रो समाज, संस्कृति र संस्कारलाई राम्रै सँग प्रभावित गरेको छ। वास्तवमा मष्टोलाई आदिम कालको मानव ज्ञान र कल्पनाले उमारेको प्राकृतिक साधना र उपसनाको रूपमा देख्नु पर्दछ। हुन त यसलाई शिवको रूपमा पनि लिएको पाइन्छ। मुगु मानदराका खम्पाहरू शिवलाई थार्वामष्ट भनी तान्त्रिक विधिले पूजा अर्चना गर्दछन्। (पृ. ९० प्रश्रित, २०७० वि.सं.) बुढा सुब्बा किराँती शिवकै रूपमा छन् र मष्टो उपासना विधि अनुरूप खुल्ला थपनामा विनामूर्तिको प्राकृतिक पूजनस्थल छ। त्यस्तै लामा मष्टको मिथक सिञ्जामा निकै प्रचलित आख्यानका रूपमा रहेको छ। यसमा लामा वुद्धमार्गी देखा पर्दछन्। दुवै शाकाहारी छन् र पशुबलि खाँदैनन्। परन्तु यी लामा प्राचीन बौद्ध परम्पराका हुनुपर्छ किन भने तान्त्रिक धारणमा पद्मसम्भवको आगमन पछि सात्विक आचरण प्राय समाप्त भएको थियो। समयको सापेक्षतामा अघि बढ्छन् मूल्य मान्यताहरू। समय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सँगै बदलिँदै जान्छन्-परम्पराहरू र पारस्परिक एकता र अन्तर प्रभावबाटै विचारहरू परिस्कृत हुन्छन् भन्ने तथ्य तर्फ पनि हाम्रो ध्यानकर्षण गर्दै जान्छन् र भन्ने तथ्य तर्फ पनि हाम्रो ध्यानकर्षण गर्दछ वास्तवमा नेपाली दर्शनमा रहेको वैचारिक संवाद प्रकृति, समाज र समयको सापेक्षतामा प्राचीन तन्त्र मन्त्र र आधुनिक यन्त्र सम्मको समन्वय भाव लिएर युगसंगै हुर्किरहेको छ। नयाँ नयाँ संस्लेषणका साथ अघि बढी रहेको छ।

ग. मुन्धुमी चिन्तन परम्परा

किराँती जीवन दृष्टिका रूपमा रहेको चिन्तन र पद्धतिलाई किराँती दर्शन भन्ने गरिन्छ। खासगरी मुन्धुममा व्यक्त सृष्टि, प्रकृति र मानव जातिको उत्पत्ति, परिपालन र विकासका बारेमा किराँतहरूमा प्रचलित विचारधारा, जीवन शैली, नैतिक मूल्य र आदर्शको एकत्वमा मुन्धुमी किराँत दर्शन खडा छ। नेपालमा रहेका किराँतहरू मुख्य गरी राई, लिम्बूहरूमा रहेका अवधारणाको समग्रतामा किराँत दर्शनलाई हेरिन्छ। त्यसो त दर्शनमा रहने तार्किकता, ज्ञानको नवीनता र विश्वासका आस्थाहरू पनि दर्शनको समुच्चयमा रहन्छन्। यसरी हेर्दा प्राकृतिक तत्व, सामाजिकताको ज्ञान, नैतिक विधि व्यवहार, सौन्दर्य चेतना, भाषा, साहित्य र प्राविधिक ज्ञान पनि दर्शन कै वृत्तमा पर्दछन्। कतिपय विवेचकहरूले त लौकिक जीवन भन्दा परको अलौकिक आस्था, जैविकता र उत्पादनको पक्षलाई समेत दर्शनको शाखामा गणना गर्छन्। यद्यपि समाजशात्रीहरूका बीचमा नै किराँतको परिभाषामा विविधता रहे जस्तै उनीहरूको दर्शनिक हेराईमा मनग्य विविधता छँदैछ। प्राकृतिक लोक धारणाका जातीय मिथकहरू, किम्वदन्ती श्लोक, आख्यान सँगै गाथा-कथा, गीत-सङ्गीतका मौखिक एवं लिखित परम्पराका किराँत जातिको दार्शनिक दृष्टकोण व्यक्त भएको पाइन्छ। मूलतः किराँत वंशीय भनिएका राई, लिम्बू लेप्चा, सुनुवारका कुराहरूमा हाम्रो अध्ययन सीमित छ। किराँती मुन्धुम आफै एकीकृत स्वरूप हासिल गर्न नसकेको अवस्थामा छ। उनीहरूमा राईको मुन्दुम र लिम्बुको मुन्धुमका रूपमा मात्र भेद रहेको नभएर राई भित्रै बान्तवा, चामलिङ, थुलुङ, कुलुङ, याख्खा र लेप्चा जस्ता भिन्न थर गोत्रका किराँती माझ, फरक फरक मुन्धुम देखिन्छन्। मुन्धुमको परिभाषा दिँदै चैतन्य सुब्बा लेख्दछन् "मुन्धुम मूलत मिथक भए पनि यो किराँतहरूको आदिम ज्ञान हो, धर्मशास्त्र र धार्मिक दर्शन हो, अध्यात्म विद्या हो र आचार शास्त्र एवं सौन्दर्यशास्त्र हो। विषय वस्तुका हिसावले मुन्धुम अध्यात्म शास्त्र (साम्जिक) सृष्टि शास्त्र- (नावाचइत) ईश्वरीय ज्ञान (साप्ची) अनुष्ठानिक (चामजिक) आचार शास्त्र (थिम्कि) जस्ता शीत्रीय विवेचना युक्त छन् भने आधुनिक ज्ञानको स्रोतका रूपमा अनेक मुन्धुम छन्। विस्तृत कर्मकाण्ड सहितका विधापरक मुन्धुम त लगभग दुई दर्जन भन्दा बढी छन। यिनै मुन्धुमहरूद्वारा किराँतीहरूको जीवन निर्देशित छ, उनीहरूको विश्व दृष्टकोण निर्माण भएको छ। (पृ ७८, दर्शनावली एक, किराँती दर्शन, प्राचीन ज्ञानको आधुनीक चर्चा (२०६८ विं :) काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान) किराँतदर्शन भनेको मूलत : पूर्वी नेपालमा बस्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किराँतीहरूमा प्रचलित सृष्टिस्थिति र संहार सम्बन्धी दृष्टिकोणहरूको समष्टी हो। (पृ. २९३, वेदुराम भुसाल, नेपालमा प्रचलित दार्शनिक चिन्तनहरू, वि.सं.२०६८, काठमाडौं) किराँत दर्शनका अनुसार सृष्टि महाशून्यमा गति, ज्योति र चेतना पैदा भए पछि हावा, पानी, आगो र पृथ्वी हुँदै जलचर, स्थलचर, उभयचर र उद्भीज उत्पन्न भए। शून्यमा को थियो ? तागेरा निङ्वाफु अर्थात सर्वशक्तिमान् परमआत्मा लिम्बू भाषामा त्यो महान् आत्मा अर्थात आत्माहरू मध्येमा सब भन्दा प्रमुख हाङ्साम नामबाट जानिन्छ। यद्यपि किराँती जातिका अलग अलग ईश्वर र परमआत्माको उपस्थिति मुन्धुमहरूमा पाईने हुँदा एकतत्ववादी सोच भन्दा बृहतत्ववादी सोच नै किराँती दर्शनको मीयो बनेको छ। किराँतीहरूको धर्मदर्शनको मूल आधार जडात्मवाद हो। (प. ८४, चैतन्य सुब्बा, दर्शनवली १ पूर्ववत्) जडात्मवादया देहात्मवादको आधार भने प्रकृति पूजक बोन दर्शनको अवधारणा हो। समग्र प्रकृति अर्थात् जीव, वनस्पति, पहाड-पर्वत, नदी नाला, पशुपन्छी, हावा पानी, मनुष्य, जनावर, ढुङ्गा माटो सबैतिर जीवन शक्ति छ र त्यो प्राकृतिक छ। स्वभावगत विकासमा ती नियमबद्ध छन् भन्ने बोन दर्शनको धारणा किराँती लोक विश्वासमा पनि छ। यस धारणाको व्याख्यात झाँक्री धार्मीहरू हुन्। किराँती जनजीवनमा लामा झाँक्री, धामी बिजुवाहरूको सम्मान आज पनि उच्च छ। आ-आफ्ना थर गोत्र, कुल कुटुम्बका देवी देवताहरू पृथक छन्। प्रकृति पूजक लिम्बू जातिमा प्रचलित किराँत दशनिको शास्त्रीय स्वरूप र लोक जीवनमा त्यसको प्रयोग धार्मिक भावनासँग मिसमास भएको देखिन्छ।

राई जातीय मुन्दुम अनुसार पृथिवी जलमग्न थियो। आँधी, हुरीले ल्याएको धुलो पानीमा जम्दै जाँदा उन्यू पैदा भयो। उन्यूको पतिङगर कुहेर धुलोमा मिल्दै माटो बन्यो। माटोमा धमिराले देवल ठड्यायो, च्याउ उम्रियो। किराँतीहरू पैदा भए। धेरै समय पछि त्यही जल, जमीन र किराबाट मान्छेको रूपमा रिमेमा र रिक्पा नमाक स्त्री पुरुष उत्पर्ति भए। तिनै कीराका सन्तान किरात मनुष्य रुपमा सवै तिर फैलिए। - पृ ३१, बयान सिंह चामलिङ राई, उत्पत्ति र परम्पराको चामलिङ मिथक- वि.सं. २०५५ मा काठमाडौं जितराज र निर्मला राई) एक अर्को कथन अनुसार सूर्य र चन्द्रमाको पारस्परिक आकर्षणबाट पृथ्वीमा गर्भ रह्यो। त्यसबाट सुम्निमा पारुहाङ् जन्मिए। सुम्निमालाई कसैकसैले सुम्दिमा भनेको पनि पाईन्छ। उनी साक्खेवाको युग्म रूपमा रहन्छिन्। उनीहरूकै सन्तानका रूपमा मनुष्य जाति फैलियो। परन्तु किराँती लेख्दछन्। "आकाश र पृथ्वीको संयोगबाट निना मरेम्मा नामक कन्या जन्मिन् उनले वायुसँग प्रेम गरिन् र निनियामा पैदा भइन। निनियामाको बिहे बृहस्पतिसँग भयो र बृहस्पतिका सन्तान किराँती हुन्।- पृ२५, २६) गोपाल किराँती, सर्वहारा वर्गको जातीय कार्यक्रम- ई.सं. २००९) काठमाडौं कोशी प्रकाशन) किराँतीहरू मध्ये राईलाई साक्खेवाका सन्तान भनिन्छ। साक्खेवा किराँती देवता हुन् र उनी नरनारी एउटै जिउ भएको अर्धनारीश्वर युग्म शाक्ति मानिन्छ। यही युग्म देवीकै अपभ्रंश भएर युमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देवी भनिएको संभावना तर्फ पनि केहीले सङ्केत गरेका छन्। साक्खेवाको मूर्त रूप नै सुम्निमा पारुहाङ हो भन्नेहरू पनि छँदैछन्। साकेवा सिली नृत्य तिनै युमादेवीको उपासनामा नाचिन्छ। साक्खेवाको शिला अर्थात ढुङ्गालाई बिम्ब बनाई पूजा अर्चना गरिने हुँदा साक्खेवा सिली भनिएको हो।

साक्खेवा प्रकृति पूजक चिन्तनद्वारा निर्मित संस्कार हो। यसै नाममा उधौली उभौली गरेर दुई उत्सव मनाइन्छ। कृषि उपज राम्रो होस् भनी प्रकृतिसँग पानी माग्दै एक पटक र खेतीपाती स्याहारे पछि प्रकृतिलाई धन्यवाद दिदै अर्को पटक साक्खेवा सिली मनाइन्छ। यो गीति नृत्यमा बिउ छर्नेदेखि बाली स्याहार्ने सम्मको अभिनय गरिन्छ। साक्यखेवाको स्वरूप दुई चम्का चुलीको अगेनो बनाउने र त्यसलाई पितृ को मृतात्मासँग जोड्ने सोच पनि किराँती जीवन दर्शनको भौतिकवादी अवधारणा लाग्दछ। नाक्छोङ (धामी झाँक्री) राई संस्कारमा रहेकै छन्। जो प्रकृति पूजक बोन दर्शन एवं मस्टो परम्परासँग पनि मिल्दोजुल्दो देखिन्छ। राई लिम्बू पृथक होइनन् भन्ने भाव संस्कार कर्मले प्रष्ट देखाउँछ। दश भाइ किराँती बाह्र घर मुन्धुमी चुल्हो एउटै थर मान्ने आहान्ले किराँतीहरूको पुख्यौली एकता व्यक्त गर्दछ। आहानमा रहेका दुई थर जो बढी छन् ती मध्य एउटा कुलपितृको पूजा अनुष्ठानका लागि र अर्को कुल कुटुम्ब इष्टभित्रको स्वागत सत्कारका निम्ति भन्ने गरिन्छ। यो किराँती परम्परामा रहेको राम्रो चलन पनि हो।

सन्दर्भ ग्रन्थ सूची

१. ऋग्वेद (सं.) प्रशन्नचन्द्र गौतम (वि.सं. २०६७) काठ : कुलचन्द्र गौतम स्मृति संस्था।

२. वेदान्त सूत्र, चौखम्बा संस्कृत सिरिज, बनारस।

३. माधवप्रसाद लामिछाने, **नेपाली समाजमा तन्त्र परम्परा**- वि.सं. २०७३ काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान।

४. बालकृष्ण पोखरेल, **खस जातिको इतिहास** (वि.सं. २०५५) उदनत्त अनुसन्धान अडडा विराटनगर।

५. सत्यमोहन जोशी, **लोक संस्कृति**- खण्ड १ इतिहास काठमाडौं ने.ए.प्र.प्र. (२०२४)

६. रत्नाकर देवकोटा, **वृहद् जुम्ना राज्यको ऐतिहासिक विवेचना**- वि.सं. २०६४ काठमाडौं कुमार खड्ग प्र. स्टडिज।

७. विपिन अधिकारी, **नेपालका खस जाति**- वि.सं.२०६८) काठमाडौंः नेपाल कन्सलिङ लपर्स।

८. हर्क गुरुङ **नेपाल सोसियल डेमो ग्राफी एण्ड एक्सप्रेसन**-इ.सं. १९९८) काठमाडौंः हिमाल वुक्स।

९. मोदनाथ प्रश्रित, **दर्शन र दृष्टकोण** -वि.सं. २०७० काठमाडौंः माईलस्टोन प्रकाशन।

१०. विष्णु प्रभात **प्रज्ञा संस्कृति कोश** -वि.सं. २००४ काठमाडौं नेपाल प्रज्ञा प्रतिष्ठान।

११. चैतन्य सुब्बा **दर्शनावली १** काठमाडौं ने.प्र.प्र.

१२. वेदुराम भुसाल **नेपालमा प्रचलित दर्शनिक चिन्तनहरू**-वि.सं. २०६८ काठमाडौं ने.प्र.।

१३. बयानसिंह चामलिङ राई उत्पत्ति र **परम्पराको चामलिङ मिथक**- वि.सं. २०५५ काठमाडौं : जितराज र निर्मला राई।

१४. गोपाल किराँती, **सर्वहरा वर्गको जातीय कार्यक्रम**-ई.सं. २००९ काठमाडौं कोशी प्रकाशन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टोपी

✍ **हरिहर अर्याल**



टोपी हो सब मर्द पुरुषको शोभा अनि सौरभ
टोपी हो हिमशैल आश्रित सबै नेपालीको गौरव
टोपी हो पहिचान शान जनको हिमालको भिरमा
टोपी हो अभिमान मान जनको तराइको तिरमा ।।



टोपी हो शिर ढाकने र बचने जाडो अनि स्यांठमा
टोपी हो शिर रक्षक पनि हुने हावा हुरी माथमा
टोपीले पनि छेक्छ केही सहसा काँढा किला चोटमा
टोपीले पनि थप्छ सुन्दर छटा हाँसो भए ओठमा ।।

टोपीको महिमा छ गाउन सके स्वराष्ट्रको गौरव
टोपीको महिमा छ लाउन सके सुस्वास्थ्य भै कौरव
मान्छे सभ्य बनि हटाई शिरको टोपी मुडुलो बन्यो
टोपी हिन पुरुषलाई जनले हे ! मुरकुट्टा भन्यो ।।



टोपी लाउनुमा छ बन्धन कुनै मानेर लाऊ तिमी
मर्दा पितृ त झिक्नु पर्छ शिरको टोपी र फेटा तिमी
पूजामा किन झिक्नु टोपी शिरको टोपी जसै शुध्दछ
टोपीको महिमा र सार सरिता बुझि नसक्नुकोछ ।।

टोपीको इतिहास गम्य गहिरो छ रङ्ग औ नापले
कालैले अनि नामले पनि छ यो बनोटमा छापले
यस्मा भिन्न पनि छ है प्रयोगले जाडो अनि गर्मिको
आफै टोपी खुल्यो सुशोभित बन्यो शिरमाबसी कर्मिको ।।

टोपी ताज बनि रहन्छ शिरमा हाँस्तै सगर्मा पनि
जस्को माथि अनन्त गगन छन को छुन सक्ला कुनि
उचोको प्रतिमान मान गरिमा चोखो शिरैमा बसे
नेपाली हुनुमा छ गौरव भने टोपी लगाउ सखे ।।

- : समाप्त :-

३० दिसेम्बर २०१८, पेरिस

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निर्मल ध्यान (प्रथम चरण)

मानसाग्नि
mansaganimission@gmail.com

परिचय

सनातन ध्यान विज्ञानका गुणसूत्र र मेरो साधनाको स्वानुभूतिको योगबाट विकसित यो निर्मल ध्यान शारीरिक र मानसिक मलबाट मुक्त भई निर्मल बन्ने सरल मार्ग हो । वर्तमान आर्थिक युगमा आनन्द र शान्तिपूर्वक बाँच्ने आकांक्षा राख्ने मानवलाई दृष्टिगत गरी यो ध्यान विधि विकसित गरिएको हो । शरीर, चित्त र चैतन्यको सक्रिय सहभागितामा पूर्ण हुने तीन चरणमा रहेको यो ध्यान प्रणाली मलको मलिन मार्गबाट निर्मल सत्पथतर्फ बढाउने, बेहोसीबाट होसको यात्रामा लैजाने सरल र शक्तिशाली विधि- विज्ञान हो । मानव आफ्नो देह ऊर्जा, प्राण ऊर्जा र आत्मा ऊर्जाको त्रिवेणी स्नान गर्दछ र अनादि सत्तातर्फ अघि बढ्छ ।

वर्तमान मानव आफ्नो प्रकृति या भनौं मूल उद्गमबाट टाढा गइरहेको छ। शरीर योग, विश्व योग र अनादि योगको संगमबाट स्वधर्मको जीवन जिउने कला, संस्कृति र विज्ञानलाई भुलिसकेको छ । बेहोस जीवनशैलीले होस मार्गका सबै मूल ढोकाहरू बन्द गरिदिएको छ । बेहोसीका कारण वर्तमान मानव दुखी, अशान्त, भयभीत र असन्तुलित छ । जसका कारण सुखको खोजमा, शान्तिको खोजमा, अभयको खोजमा, आनन्दको खोजमा बेहोस भौंतारिइरहेको छ । पैसाको थुप्रोमा, पद-प्रतिष्ठामा, रक्सीको बोतल र लागु पदार्थमा, यौन भोगमा आदि यस्तै-यस्तै बेहोस यात्रामा आँखामा पट्टी बाँधेर दौडिएको छ मानव ।

कहाँ लुकेको छ सुख, आनन्द र ऐश्वर्य भनेर दौडँदा-दौडँदा आज ऊ आफ्नो केन्द्रबाट त धेरै टाढा पुगेको छ, परिधिबाट पनि उछिट्टिँदैछ । यही दौडमा मानव जाति नै मलैमलले मलिन हुँदै गइरहेको छ । निर्मल नहुँदासम्म कहाँ सुख, शान्ति र आनन्द नै मिल्दछ र ? संसारमा आजसम्म विज्ञानको चरम विकासले बाहिर खोजेको खोजले सुविधा त दिन सक्यो तर आनन्द र उत्सवमय जीवन दिन सकेन । जसले सुख, आनन्द र उत्सवमय जीवन चाहन्छ उसको खोज भित्र हुनुपर्दछ । भित्रको ऐश्वर्यको खोज ध्यान विज्ञानद्वारा मात्र सम्भव छ । जससँग बाहिरी र भित्री दुवै ऐश्वर्यको सम्यक मेल छ ऊ मात्र संसारमा सुखी र आनन्दित हुन सक्दछ । यो निर्मल ध्यान ३० वर्षदेखि हजारौं हजार मानिसमाथि प्रयोग गरेर सिद्ध भएको वैज्ञानिक विधि हो जो सरल र शक्तिशाली छ । यसका ११ चरणहरू छन् जसको प्रथम प्रवेश चरणलाई यहाँ समावेश गरिएको छ ।

विधि प्रवेशभन्दा पहिले: निर्मल ध्यानको विधि प्रवेशभन्दा पहिले निम्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आधारभूत जीवनशैली र कार्य सुरु गर्नु जरुरी छ जसले विराट लाभ प्राप्त हुन्छ।

१) चुरोट-तमाखु, जाँड-रक्सी एवं अन्य लागुपदार्थ र मांसाहार छाड्नु पर्दछ। तत्काल छाड्न नसके संकल्प गरेर २१ दिनमा छाड्नु पर्दछ।

२) हरियो सागपात एवं तरकारी, सुखा एवं ताजा फलफूल, कन्दमूल, अंकुरित अनाज, काँचो खान मिल्ने सलाद आदि र सादा, सुपाच्य र सात्विक भोजन गर्नु पर्दछ।

३) विहान सूर्योदयभन्दा पहिले ध्यानको प्रारम्भिक अभ्यास गर्नु राम्रो हो तर साधनाको रूपमा गर्ने हो भने हरेक २-२ घण्टामा गर्न सकिन्छ। साधनाको रूपमा गर्ने हो भने रसाहार, अल्पाहार (मुङको खिचडी), सुखा फल आदि मात्र खानु राम्रो हो।

४) पेट मलरहित खाली, समयानुकुलित जल स्नान, कमसेकम र हलुका लुगा (सम्भव भए सेतो-सुती), एकान्त स्थान राम्रो हुन्छ।

५) चारैतर्फवाट वायु प्रवाह हुन सक्ने, खुला र हावादार स्थान राम्रो हुन्छ। नदी, समुद्र, हिमालका सुरक्षित किनारा साथै वर-पिपलको फेद, जंगल वगैंचा, पहाड, खुल्ला आकास आदि श्रेष्ठ स्थल हुन्। यो देश-काल-परिस्थिति अनुसार निर्णय गर्ने।

६) मानव जीव-जन्तु, चरा-चुरुङ्गी, वनस्पति आदि अनादि सत्ताका कृतिहरूप्रति अहिंसा व्रतले ध्यानलाई विराट वनाउँछ।

७) अल्पाहार, गहिरो निद्रा, तनावमुक्त विश्राम, एकान्तवास, मौन आदिले ध्यान उपलव्ध गर्न सजिलो हुन्छ। अत्यन्त धेरै या थोरै नभएर सम्यक भोजन, आलस्यका साथ धेरै सुत्ने या तपी देखिन कम सुत्ने नगरी सम्यक निद्रा, धेरै बोल्ने या वोल्दै नवोल्ने नगरी अति आवश्यक मात्रामा वोल्ने सम्यक मौन, हुलका साथ वसिरहने या कोठामा चुकुल लगाएर वस्ने नगरी अति आवश्यकतामा मात्र भेटघाट गर्ने सम्यक एकान्त, थकित हुने गरी श्रम गर्ने या हलचलै नगर्ने नगरी सम्यक योगासन एवं व्यायाम आदि ध्यान यात्रामा सहयोगी हुन्छन्।

८) संकल्पवान ध्यानमार्गीहरूले नुन र चिनीलाई छाड्नु श्रेष्ठ तप हो। नुन र चिनीलाई छाडेपछि होटल, भोज-भतेर, स्वच्छन्द भोजनवाट मुक्ति मिल्दछ। आफ्नो घरमा वनेको साइभ्विक र सम्यक भोजनले ध्यान मार्गमा सरलता हुन्छ। यसलाई कठोर नियमका रूपमा नहेर्नु तर श्रेष्ठ तपका रूपमा हेर्नु।

९) बुद्ध दुःखवाट साक्षी, जनक सुखवाट साक्षी, शिव दुःख-सुख दुवैवाट साक्षी। साक्षी नै धारणावाट ध्यानमा, ध्यानवाट समाधिमा र समाधिवाट अनादि सत्तामा पुऱ्याउने गुणसूत्र हो।

१०) अनादि सत्ता उपलब्ध गर्ने संकल्पका साथ ध्यानको प्रारम्भ गरेको क्षण नै शुभ-मुहूर्त हो, शुभ लगन हो। अतः तिथि, वार, शुभ दिन निश्चित गरेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ध्यान सुरु गर्दछु भनेर नसोचौं । तत्काल जहाँ छौं त्यहींबाट संकल्प गरौं ।

विधि प्रवेश

विधि विज्ञान ध्यान होइन, ध्यान उपलब्ध गर्ने मार्गलाई सरल र सुगम बनाउने प्रविधि मात्र हो । यहाँ उल्लेखित विधिलाई नै ध्यान मानेर रमाउनु हुँदैन । दिनमा १ घण्टा यो विधिलाई प्रयोग गरेर म ध्यानी हुँ भन्ने अहंकार लिनु हुँदैन । एक दिन विधि-प्रविधि हराउँछ र ध्यान उपलब्ध हुन्छ तव जीवन आनन्द र उत्सवले विराट बन्दछ । यो ध्यान विधिको पहिलो र दोस्रो चरण १०-१० मिनेटको छ र तेस्रो चरण ४० मिनेटको छ । साधनाको लागि अभ्यास गर्ने साधकले गुरुको साथमा रहेर समय र सीमालाई विस्तार गर्दै समयातीत र असीममा प्रवेश गर्न सक्दछन् ।

प्रथम चरण

यो चरण गहिरो र लामो श्वास-प्रश्वाससँग प्रत्यक्ष सम्वन्ध राख्दछ । कुनै ध्यानात्मक आसनमा वस्ने, त्यसमा पनि वज्रासन वढी सहयोगी हुन्छ । मेरुदण्ड सिधा रहोस् । नाकका दुवै प्वालहरूवाट समान गतिमा लामो र गहिरो श्वास-प्रश्वास गर्ने । वाहिरबाट यति वायु भित्र भर्ने कि वायु भित्र जान सक्ने सम्पूर्ण सम्भावना पूरा होस् । फेरि उही गतिमा वायु वाहिर फ्याँक्ने कि वायु वाहिर फ्याँक्न सक्ने सम्पूर्ण सम्भावना पूरा होस् । न त भित्र रोक्ने हो न त वाहिर रोक्ने हो । एउटै गतिमा वायु भित्र प्रवेश गर्दछ र अन्तिम विन्दुवाट पुनः उही गतिमा वाहिर निस्कन्छ । यो जति लामो, गहिरो र एक लयमा हुन्छ, त्यति नै वढी आनन्द प्राप्त हुन्छ । यो चरणको केन्द्र छाती हो अर्थात् ह्दय केन्द्र हो । नाकबाट वायु भित्र प्रवेश गर्दा तिमी पनि साथ साथ प्रवेश गर, न अघि न पछि साथ साथ । वायु नाक हुँदै श्वास नलीबाट फोक्सोमा पुग्दछ र फोक्सोको हरेक सूक्ष्म प्रवेशद्वारबाट प्राणवायु सम्पूर्ण कोषाणुसम्म फैलिन्छ र पुनः सूक्ष्म निकास द्वारहरूबाट त्यही गतिमा प्राणनाशक वायु फोक्सो, श्वास नली र नाक हुँदै वाहिर निस्कन्छ । स्वजातीय द्रव्य बोकेर प्रवेश गरेको वायु विजातीय द्रव्य बोकेर फर्कन्छ । यो क्रियाले शरीर, मन र चेतना निर्मल हुन्छ ।

सारा जीवन श्वासको खेल हो । जगतमा जीवनको अस्तित्व श्वासमा निर्भर छ । हामीले जसरी श्वास-प्रश्वास गर्नु पर्ने हो, त्यसरी गरिरहेका छैनौं । प्रतिफल आवश्यक श्वास-प्रश्वासको अभाव नै तेस्रो विधायक प्राणशक्तिको अभाव हो । मानव शरीरको वाहिरी हिस्सालाई हेर्दा पनि वर्तमान मानवको फोक्सोले जति श्वास-प्रश्वास गर्नु अनिवार्य थियो, त्यसको २० प्रतिशत पनि गर्न सकेको छैन । प्रतिफल वाँकी ८० प्रतिशत भाग शरीरलाई हानि गर्ने विजातीय पदार्थ (धुवाँ, धुलो, कफ, कार्वनडाइअक्साइड आदि) ले भरिएर रहेको छ जो सयौं रोगको कारण हो । यो १० मिनेटको अभ्यासले विस्तारै-विस्तारै फोक्सोको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पूर्ण भागका साथै कोषाणुहरूमा भरिएको विजातीय पदार्थलाई सफा पार्दछ र स्वजातीय प्राणवायुलाई अन्तरकोषीय कोषाणुसम्म पुऱ्याउँछ। शुद्ध वायुद्वारा वृद्ध आयु प्राप्त गर्न सक्दछौं जसको सुप्रभाव शरीर योगदेखि विश्व योगसम्म पर्दछ।

दोस्रो चरण

सम्पूर्ण शरीर र मनको कोष-कोषमा जम्मा भएका विजातीय पदार्थहरूलाई निकाली तिनीहरूमा प्राण ऊर्जा भरेर शक्तिशाली वनाउनु यस अभ्यासको प्रथम र महइभ्वपूर्ण कार्य हो भने निर्मल चेतना प्राप्त गर्ने राजमार्ग पनि हो। शरीर र मनको निर्मलताले नै चैतन्यवोधको ढोका खोल्दछ। हुलले मानेको सत्यको भूलवाट स्वयंले जानेको सत्यको मूलसम्म पुऱ्याउँछ।

पहिलो चरणमै वसेको ध्यानात्मक आसनमा वस्ने। वज्रासन सवैभन्दा राम्रो हो। प्रश्वास(रेचक)लाई शक्तिपूर्वक वाहिर छाड्ने र नाभिलाई शक्तिपूर्वक मेरुदण्डतर्फ धक्का दिने। धक्का दिनेवित्तिकै नाभिलाई शान्त छाडिदिने जसले पूर्व अवस्थामा आओस्। नाभि पूर्व अवस्थामा आउनुका साथसाथ नाकवाट स्वाभाविक रूपमा श्वास (पूरक) भित्र प्रवेश गर्दछ। यो चरणमा केवल सम्पूर्ण अस्तित्वको केन्द्र, ऊर्जाको केन्द्र र समग्रमा भन्दा अनादि सत्ताको शरीरको केन्द्र नाभिलाई जोडले प्रश्वास (रेचक) लाई वाहिर फ्याँक्दै मेरुदण्डमा धक्का दिने र शान्त हुन दिने। नाभि मानव जीवनको केन्द्र हो, यो वाटोवाट हामी जगतमा प्रवेश गरेका थियौं। चक्र विज्ञानको दृष्टिमा यस अभ्यासले मूलाधार, स्वाधिष्ठान र मणिपूर चक्रलाई निर्मल वनाउँछ। शरीर, मन र चेतनालाई निर्मल वनाउँछ।

ज्ञान-विज्ञानको केन्द्र मस्तिष्क हो, भावना र संवेदनाको केन्द्र ह्दय हो, अस्तित्व र प्राणतइभ्वको केन्द्र नाभि हो। विचार या सूचनाप्रधान जगतवाट भावनाप्रधान जगत र भावनाप्रधान जगतवाट प्राणप्रधान जगतमा यात्रा गर्नु नै ध्यान हो। प्राणप्रधान जगतवाट हामी अनादि सत्तामा प्रवेश गर्दछौं। अध्यात्मिक साधना या शरीर र मनको पूर्ण स्वास्थ्य र निर्मलताका लागि नाभि रहस्यको केन्द्र हो। नाभि शरीरको जन्म, स्थिरता र मृत्युको केन्द्र हो। मानव शरीरको रहस्य, रचना र रफ्तारको केन्द्र नाभि अर्थात् मणिपुर चक्र (solar plexus) हो। व्रह्माण्डमा सूर्यको जुन स्थान छ शरीरमा नाभिको त्यही स्थान छ। यसैले नाभिलाई सूर्य चक्र, प्राण चक्र, गति चक्र, निर्मल चक्र, अग्नि चक्र आदि नामले पनि सम्वोधन गरिन्छ। योग ग्रन्थ आयुर्वेद ग्रन्थ, तन्त्र ग्रन्थ साथै वेद-वेदाङ्ग, प्राच्य एवं पाश्चात्य धर्मदर्शन, साहित्य-संगीत-कला आदि सवैतिर नाभिको गुणगान गाइएको छ। जगत र अन्तरजगतको पुलका रूपमा नाभिले काम गरिरहेको छ। प्राण-विज्ञानको आत्मा हो नाभि। एक दिन आधुनिक विज्ञानले पनि वुझ्ने छ नाभि रहस्य। र, नाभिको महइभ्व आमाको गर्भसम्म मात्र होइन अस्तित्वको गर्भसम्म र त्योभन्दा विराट अनादि सत्तासम्म रहेको जान्ने छ। यो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिन शरीर रचना र क्रिया विज्ञानले आफ्नो शिखर छुनेछ । नाभिको गुणगान जति गाए पनि कम हुन्छ । यसको विराट रहस्य शब्दले होइन साधनाले देख्न सकिन्छ । प्राण विद्या एवं विज्ञानको केन्द्र नाभिलाई होस, समझ र चैतन्य बोधद्वारा जान्न सकिन्छ । मान्नुलाई छाडेर जब जान्नुलाई स्वीकार्छौं, तब गन्तव्य टाढा छैन, जानेर मान । मानेर जान्न गाह्रो छ, असम्भव नै भने हुन्छ । प्रवचनबाट स्ववचनमा, ग्रन्थबाट निग्रन्थमा, आदिबाट अनादिमा प्रवेश गरेर नै तिम्रा सम्पूर्ण प्यास मेटिनेछन् । सम्पूर्ण सामर्थ्य लगाएर साधना गर ।

नाभि केन्द्र हो । त्यसबाट षड्चक्रहरू बने । षड्चक्रबाट २१ चक्र बने । २१ चक्रबाट १०७ चक्र बने । १०७ चक्र (मर्मस्थान) बाट ५६७ चक्र बने र त्यसबाट करिब ७ करोड चक्र बने जो प्रतिक्षण प्रकम्पित छन् । नोटः यो शक्तिशाली प्रयोग हो । नयाँ अभ्यासी, वृद्ध-वृद्धा या रोगीले गुरुका साथ रहेर अभ्यास गर्नु पर्दछ । प्रारम्भमा १ मिनेट, ३ मिनेट, ५ मिनेट, ७ मिनेट गर्दै १० मिनेट पुऱ्याउनु पर्दछ । पहिलो दिनमै ५-१० मिनेट गर्नु हुँदैन । क्रमिक रूपमा सरलताका साथ बढाउनु पर्दछ । गर्मीको समयमा पित्त प्रकृति भएकाले धेरै गर्नु हुँदैन । देश, काल, परिस्थितिलाई ध्यान दिएर साधकले लाभ प्राप्त गर्न सक्दछन् ।

तेस्रो चरण

यो चरण श्वासमा ध्यान राख्दै, त्यसैमा सहज बग्ने चरण हो । श्वासद्वारा नै देह सत्ता र अनादि सत्ता जोडिएको छ । श्वास पुल हो– वारि देह सत्ता छ पारि अनादि सत्ता । श्वास हाम्रो सबैभन्दा अग्लो उचाइ हो र गहिरो गहिराइ पनि । हाम्रो सबैभन्दा टाढा शरीर छ र बीचमा श्वास र सबैभन्दा नजिक अनादि सत्ता । तर, हामीले सबैभन्दा टाढाको देखेका छौं नजिकको भुलेका छौं । श्वासले नाता जोडिदिन्छ । नाकका दुवै प्वालबाट आइरहेको र गइरहेको श्वासलाई होसपूर्वक हेरिरहनु । सम्पूर्ण काम-कुराबाट माथि उठेर हेर्ने कला, विज्ञान र चैतन्यबाट सजग साक्षी बन्नु । श्वास-प्रश्वास जसरी आउँछ आओस्, जसरी जान्छ जाओस् । श्वास-प्रश्वासलाई लामो-छोटो बनाउने कोशिस नगर्नु जस्तो प्रणायाममा गरिन्छ । सहज आफ्नै गति र लयमा बग्न दिनु । श्वास-प्रश्वासका साथ-साथ पूर्ण होसका साथ अघि बढ्नु, न अगाडि न पछाडि, साथ-साथ ।

श्वास भित्र प्रवेश गऱ्यो नाकको प्वालभित्र स्पर्श गर्दै । श्वास अगाडि बढ्यो श्वास नाली हुँदै फोक्सो फैलियो । क्षणभर स्वाभाविक रूपमा श्वास-प्रश्वास रोकियो । फेरि प्रश्वास बाहिर आयो । फोक्सो खुम्चियो नाकका प्वालमा स्पर्श गर्दै प्रश्वास बाहिर निस्कियो । क्षणभर स्वाभाविक रूपमा श्वास-प्रश्वास रोकियो । फेरि नयाँ श्वास आयो फेरि नयाँ प्रश्वास गयो । यो विराट चक्र चलिरहेको छ । यी क्षणहरूलाई अनुभव गर, विचारका साथ होइन निर्विचारका साथ । श्वास-प्रश्वासको स्पर्श पनि अप्राकृतिक नबनोस् कृति बनोस् । कथा नबनोस्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कौशल बनोस् । प्रत्येक सूक्ष्माति सूक्ष्म क्षणहरूलाई देख । यो चक्र सम्पूर्ण शरीरको सम्पूर्ण कोषाणुदेखि ब्रह्माण्डको अनादि सत्तासम्म घुमिरहेको छ । तर, यो आधार अभ्यासमा हामी फोक्सो या छातीसम्म मात्र साथ-साथ यात्रा गर्दछौं । अगाडि बढेर नाभि क्षेत्रसम्म फैलिन सक्दछौं । हेर्नु निष्कम्प हेर्नु, निशव्द हेर्नु, निर्विचार हेर्नु विज्ञानको पनि विज्ञान महाविज्ञान हो । निर्मल, निर्धुम स्थितिबाट हेर्दै जाऊ कि एक दिन यस्तो शुद्धतम स्थिति आओस् श्वास-प्रश्वाससँग जोडिएको अनादि सत्ता देख्न सकियोस् । सत्य आफ्नो विराट स्वरूपमा प्रकट होस् ।

श्वास-प्रश्वास र भावको अन्तरसम्वन्ध छ । श्वास-प्रश्वास वदलियो त भाव वदलियो । डराएको वेलामा श्वास-प्रश्वास छुट्टै किसिमले चल्दछ, प्रेमको वेलामा छुट्टै किसिमले चल्दछ, क्रोधको वेलामा छुट्टै किसिमले चल्दछ, अहंकारको वेलामा छुट्टै किसिमले चल्दछ । चोरीको वेलामा छुट्टै किसिमले त लोभको वेलामा छुट्टै किसिमले, अहिंसाको वेलामा छुट्टै किसिमले त हिंसाको वेलामा छुट्टै किसिमले चल्दछ । हरेक भावले श्वास-प्रश्वासमा प्रभाव पार्दछ । जव श्वास-प्रश्वासलाई सहज हेर्ने वानी हुन्छ तव यो कुराको ज्ञान हुन्छ । श्वास-प्रश्वास वदल्दा कसरी भाव वदलिन्छ, भाव वदल्दा कसरी श्वास-प्रश्वास वदलिन्छ । यो श्रेष्ठतम कला हो जसले हरेक विषम परिस्थितिलाई सम बनाउन सहयोग गर्दछ । समइभ्व नै ध्यानको उच्च अवस्था हो ।

श्वास-प्रश्वास हेर्ने कला एवं विज्ञान सनातन महाविज्ञान हो । जसको प्रयोगद्वारा मानव इतिहासमा लाखौं साधकले अनादि सत्ताको विराट सत्य उपलब्ध गरेका छन् । श्वास-प्रश्वास हेर्ने कला, जान्नु हरेक मानवका लागि आवश्यक छ । यो यसरी हेर्ने हो कि जसरी हामी नदी किनारामा बसेर नदीको प्रवाह हेर्दछौं । हिमालको सौन्दर्य हेर्दछौं । पुष्पको पुष्पित आभा हेर्दछौं । जस्तो छ त्यस्तै उसकै गति र सौन्दर्यमा । कुनै रोजाइविना, कुनै चाहनाविना । कस्तो भए राम्रो हुन्थ्यो या कस्तो भएर नराम्रो भयो आदि आदि । मोह र द्वेषविना तर्क-वितर्कविना उसकै स्वरूपमा हेर्नुमा शान्ति छ, सौन्दर्य छ, सत्य छ । अहिंसा छ, करुणा छ, प्रेम छ ।

श्वास-प्रश्वासको साक्षी अवलोकन गर्दा एक स्थिति यस्तो आउँछ कि वाहिरबाट भित्र गएको श्वास र भित्रबाट वाहिर अएको प्रश्वास एक क्षणका लागि एक विन्दुमा मिल्दछन् र स्थिर हुन्छन् । त्यो अवस्थामा मंगलावस्था अवतरित हुन्छ । जब श्वास पूरा भित्र जान्छ तब एक क्षणका लागि रोकिन्छ । जव प्रश्वास पूरा बाहिर जान्छ तव एक क्षणका लागि रोकिन्छ । यो दुवै क्षण होसपूर्ण भयो भने अहंकार, महइभ्वाकांक्षा र प्रतिस्पर्धाको त्रिवेणी समाप्त हुन्छ । श्वास-प्रश्वास रोकियो भने मन रोकिन्छ, मन रोकियो भने श्वास-प्रश्वास रोकिन्छ । यहाँ रोकिनु भनेको दिव्य विश्राममा रहनु हो । चैतन्य निद्रामा रहनु हो । श्वास-प्रश्वास रोकियोस् या मन रोकियोस् अहंकारको त्रिवेणी स्वतः नै मानव जीवनबाट विदा हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लाभ: लाभ, लोभ र लोभीको त्रिवेणीमा आजको मानिस बाँचेको छ। त्यसैले लाभको कथा नसुनाएसम्म लोभीको लोभ जाग्दैन र साधनामा आउँदैन । तसर्थ यो लौकिक लाभ खण्ड राखिएको छ । निर्मल ध्यानले निम्न उल्लेखित लाभहरू प्रारम्भिक अवस्थामै देखिन्छन् । निम्न लाभ ठूलो लाभ होइन । श्रेष्ठ लाभ त अनादि सत्ता उपलब्ध गर्नु नै हो । आजको मानिसले शारीरिक र मानसिक लाभ प्रारम्भमा नै नसुनीकन सत्पथद्वारा अनादि सत्तामा जाने साहस गर्दैन । योगका विविध विधि-विज्ञानहरू शरीर सत्ता, ब्रह्माण्ड सत्ता र अनादि सत्तालाई जानेर सत्यमा स्थित हुनका लागि थियो तर आज शरीर सत्ताको पनि निम्नतम तल जो दैनन्दिन देखिरहेका छौं, त्यसको रोग र शोकले विक्षिप्त बनाइरहेको छ । त्यसैले यो निर्मल ध्यानले शारीरिक र मानसिक रोगमा के काम गर्दछ भन्ने कुरामा यो लाभ खण्ड केन्द्रित छ । तर, यो ध्यान विधि विराट र शक्तिशाली छ जसको लाभको वर्णन शब्दमा सधैं अपूर्ण रहन्छ । यसको अध्यात्मिक लाभ र अगाडिको अभ्यासका लागि गुरुका साथ बसेर साधना गर्नु आवश्यक छ ।

१) नसर्ने र आजको विश्वलाई घुँडा टेकाइसकेको रोग, मुख्यतः मोटोपन, रगतमा कोलेस्ट्रोल एवं ट्राइग्लिसिरायड जस्ता चिल्लोको वृद्धि जो हृदय रोगको प्रमुख कारण, मधुमेह, दम, आदि नियन्त्रणमा लाभ पुऱ्याउँछ ।

२) रोगको जननी कब्जका साथै अम्लपित्त, वायुगोला, अपच-अजीर्ण र अन्य पेट रोगमा केही दिनमा लाभ पुऱ्याउँछ ।

३) सम्पूर्ण शरीरको कान्ति, ओज, आभा बढ्नुका साथै दिव्य सौन्दर्य प्रकट हुन्छ ।

४) कफप्रधान रोगहरू रुघा-खोकी, पिनास, दम आदि समूल नष्ट हुन्छन् ।

५) छाती र पेटभित्र रहेका मुटु, फोक्सो, कलेजो, मिर्गौला, फियो, क्लोम ग्रन्थि, आमाशय, ठूलो र सानो आन्द्रा आदिलाई निर्मल र शक्तिशाली बनाउँछ ।

६) स्त्री एवं पुरुष प्रजनन् प्रणालीका रोगमा फाइदा पुऱ्याउँछ । पाठेघर खसेको र हर्नियाको समस्या भएकाले दोस्रो चरण नगरी पहिलो र तेस्रो मात्र गर्नु ।

७) विभिन्न ग्रन्थिहरूबाट नियमित निस्कने अन्तःस्रावी र वहिर्स्रावी हर्मोनहरूको सन्तुलन गराउँछ । हर्मोनहरूको कमी या बढीबाट पैदा हुने स्वास्थ्य समस्याहरूमा यो ध्यानले फाइदा पुऱ्याउँछ ।

८) पुनर्यौवनका लागि यसले चमत्कारिक काम गर्दछ। असमयमै रौं फुल्ने, झर्ने, मोटो र दह्रो हुने जस्ता रौंका समस्या अनुहार एवं सम्पूर्ण शरीरमा कालो-सेतो दागहरू, छाला चाउरी पर्नु जस्ता समस्याहरूमा फाइदा पुऱ्याउँछ । लामो समय यो ध्यान गर्ने वृद्धहरूमा पनि युवामा जस्तै जोश-जाँगर र कान्ति पाइएको छ ।

९) शरीर र मनमा संकलित विजातीय पदार्थको निष्कासन एवं जीवनी शक्तिको वृद्धि गर्दछ जसले रोग र शोकवाट मुक्ति मिल्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१०) स्मृति नाश (भुल्ने समस्या) मा अत्यन्त राम्रो सुधार पाइएको छ । पढेका, सुनेका, देखेका आदि घटनाहरूलाई स्मृतिपटलमा व्यवस्थित र क्रमवद्ध रूपमा राख्ने क्षमतामा वृद्धि हुन्छ । उचित समयमा आवश्यक सूचना तत्काल स्मृतिमा आउने क्रममा पनि राम्रो लाभ पाइएको छ । भुल्ने रोग (अल्जाइमर) का रोगीहरूमा पनि स्थिरता र सुधार देखिएको छ ।

११) चिन्ता, तनाव, हीनतावोध, उच्चतावोध, क्रोध, डर, अनिद्रा आदि मानसिक समस्या साथै हिंस्रक स्वभाववाट मुक्ति मिल्दछ ।

१२) जाँड-रक्सी, चुरोट-तमाखु, गाँजा-भाङ एवं अन्य नशा या लागुपदार्थप्रति अनिच्छा पैदा हुने र क्रमशः छाड्दै जाने गरेको पाइयो । यो ध्यान १ वर्षसम्म लगातार गर्दा लागुपदार्थ सेवन गर्नेहरूमा स्वभाव परिवर्तन भई यस्ता नशालु या लागु पदार्थ छाडेको पाइएको छ ।

१३) आलस्य हराएर स्फूर्ति वढ्छ । सानो-सानो कामले पनि छिटो- छिटो थाक्ने या विश्रामपछि पनि थकानका लक्षणहरू देखिइरहने भयो भने यो ध्यानको अभ्यासले चामत्कारिक लाभ देखाउँछ ।

१४) कार्यकुशलता एवं सिक्ने क्षमतामा अत्यन्त वृद्धि पाइयो । श्रम, सीप, समय, सदाचार र साधनाको पञ्चाङ्ग जीवनशैली विकसित देखियो ।

१५) रक्त वसा (कोलेस्ट्रोल एवं ट्राइग्लिसराइड) लाई सन्तुलित राख्दछ । धमनी अवरोधजन्य हृदयरोगमा अवरोध घटाउन मद्दत गरेको पाइयो । उच्च रक्तचापलाई सन्तुलित एवं स्थायी नियन्त्रण गरेको पाइयो ।

१६) त्रिदोषलाई सन्तुलित गर्दछ । दोषप्रधान रोगहरूलाई समूल नाश गर्दछ ।

१७) टाउको दुख्ने र विशेषतः माइग्रेन एवं तनावजन्य टाउको दुखाइमा फाइदा गरेको पाइयो ।

१८) मृगी र हिस्टिरियाका रोगीमा विशेष फाइदा गरेको देखियो । यस्ता रोगीले गुरु या विशेषज्ञको सल्लाहमा तोकिएअनुसार अभ्यास गर्नु ।

१९) शरीर र मनलाई मलरहित निर्मल वनाउनुका साथै जीवनी शक्तिलाई अत्यन्त बढाउने हुनाले एलर्जी, वंशाणुगत रोग, अर्वुद (क्यान्सर), एच. आई.भी./एड्स, हेपाटाइटिस-वी आदि स्वास्थ्य समस्यामा पनि फाइदा पुऱ्याएको पाइयो ।

२०) सुस्त मनस्थिति र मानसिक अपाङ्गता भएकाहरूमा पनि क्रमिक अभ्यासले फाइदा पुऱ्याएको पाइयो ।

२१) अन्तमा भन्नुपर्दा स्वस्थ-अस्वस्थ, तपस्वी-साधक साथै अनादि सत्ताको साथ एकाकार हुन चाहने सवैका लागि यो श्रेष्ठ ध्यान- साधना हो ।

सावधानी: ध्यानको अभ्यासका क्रममा विभिन्न सकारात्मक घटना हुँदाहुँदै पनि ध्यानपथको जानकारीका अभावले नकारात्मक जस्ता लाग्न सक्ने घटनाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जानकारी दिएर सचेत गराउन खोजेको हुँ। निम्न घटनाहरू ध्यानका बेला घट्न सक्दछन् तर डराउनु पर्दैन। गुरुको सल्लाह र साथ लिनु पर्दछ।

१) ध्यानको अभ्यास बढ्दै जाँदा निद्रा र थकान घट्नै जान सक्दछ। निद्राले जे विश्राम दिन्थ्यो त्योभन्दा श्रेष्ठ विश्राम ध्यानबाट प्राप्त हुने हुनाले निद्रा कम हुन गएको हो। यो ध्यान विहानका लागि बनाइएको हो तसर्थ साँझ सूर्यास्तपछि नगर्नु। सूर्यास्तपछि गर्नाले निद्रा नआउन सक्दछ। आध्यात्मिक साधकले गुरुको मार्गदर्शनमा कुनै पनि बेला र जति लामो समयावधि पनि गर्न सक्दछन्।

२) प्रारम्भिक दिनमा भोक अत्यन्त बढ्दै जान्छ र साधकले सधैंको भन्दा अत्यन्त धेरै खाना खान थाल्दछ। फेरि केही दिनपछि क्रमिक रूपमा भोक घट्दै जान्छ र सधैंको भन्दा आधा र त्योभन्दा पनि कम खानाले पुग्दछ। ध्यानको प्रभाव बाहिरी हिस्सामा रहँदासम्म ऊर्जा क्षय बढी हुने हुनाले सो पूर्तिका लागि शरीरमा भोजनको माग बढेको हो। जब ध्यानको प्रभाव विस्तारै भित्री हिस्सातर्फ बढ्दै जान्छ तब उसले अनादि ऊर्जा प्राप्त गर्न थाल्दछ। अनादि ऊर्जा प्राप्त हुन थालेपछि भोजनबाट प्राप्त हुने ऊर्जाको आवश्यकता घट्दछ र कम भोजनले नै तृप्ति मिल्दछ।

३) ध्यान साधना बढ्दै जाँदा शरीर सानो हुँदै गए जस्तो, शरीर ठूलो हुँदै गए जस्तो, शरीर अत्यन्त गह्रुङ्गो हुँदै गए जस्तो, शरीर धेरै तातो भए जस्तो, शरीर धेरै चिसो भए जस्तो या यस्तै अनेकन अनुभवहरू हुन सक्दछन्। यस्तो भएमा चिन्ता लिनु जरुरी छैन। यी घटनाहरूलाई हटाउने या स्वीकार्ने दुवै कार्यबाट टाढा घटनाको केवल साक्षी बनेर पूर्ण सजगता, पूर्ण होसका साथ ध्यान साधना गरिरहने।

४) ध्यान साधनाबाट बढी फाइदा लिन हरेक चरणमा पूर्ण उपस्थिति र शक्तिका साथ कार्य गरिरहनु पर्दछ। लाभलाई आउन दिनु पर्दछ, बोलाउनु हुँदैन। निरन्तर अभ्यास र प्रतीक्षा यसका मूल सूत्र हुन्। लाभ-हानिको लेखाजोखा गर्नु हुँदैन तबमात्र तेस्रो विधायक अवस्था आनन्द र उत्सव प्राप्त हुन्छ।

५) चिन्ता-तनाव, डर, आत्तिएको आदि मानसिक असन्तुलनताका बेला ध्यान नगर्नु राम्रो हुन्छ। ध्यान गर्नुभन्दा पहिले गर्नुपर्ने पूर्वकर्महरू गरेर यो अभ्यासमा आउनु राम्रो हुन्छ।

६) विधि प्रवेशभन्दा पहिले गर्नुपर्ने दस सूत्र जति सकिन्छ बढी अभ्यास गर्नु पर्दछ। एकैपटक पूर्ण गर्न नसके पनि पूर्ण गर्ने सोच र संकल्पलाई बलियो बनाउनु पर्दछ।

७) अनादि सत्ता या सत्यलाई प्राप्त गर्ने विराट लाभलाई केन्द्रस्थ बनाएर साधना अघि बढाएपछि शरीर र मनोगत लाभ त प्रारम्भमै देखिन्छ। त्यसतर्फ ध्यान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिनै पर्दैन, केवल ध्यानतर्फ ध्यान दिए पुग्छ ।

८) मैत्री, करुणा र आनन्दको त्रिरत्न जडित आभूषण लगाएर सवैभित्र म छु र मभित्र सवै छन् भन्ने विराट भावना र भक्तिका साथ साधनालाई अघि वढाउनु पर्दछ ।

९) आनन्दित मान्छेसँग मित्रता, दु:खीलाई करुणा, पुण्यात्मावाट प्रसन्नता र पापीहरूलाई उद्धारको भावनाले चित्त प्रसन्न हुन्छ जसले ध्यान-साधनामा उन्नति हुन्छ ।

१०) शरीरका मुख्य तीन केन्द्र छन्– मस्तिष्क (वुद्धि केन्द्र, ह्दय (चित्त केन्द्र र नाभि (अस्तित्व केन्द्र । यो त्रिवेणी, जो शरीर योग, विश्व योग र अनादि योगको प्रतिनिधि केन्द्र हो । यसलाई जान र अघि वढ । मस्तिष्कको सम्वन्ध मानसँग । मनको कार्यक्षेत्र मस्तिष्क । ह्दयको सम्वन्ध प्राणसँग । नाभीको सम्वन्ध अनादि सत्तासँग । मस्तिष्क र मन मिलेर ज्ञान, वुद्धि, प्रज्ञाको जन्म । ह्दय र प्राण मिलेर प्रेम, शान्ति, करुणाको जन्म । नाभी र अनादि सत्ता मिलेर सत्य र आनन्दको जन्म ।

विशेष

निर्मल ध्यान विधि ३१-३२ वर्षवाट हजारौं मानिसले सिकिरहेका छन् जसमा सवैभन्दा वढी आफ्नो शारीरिक र मानसिक रोगोपचारका लागि अस्पताल या स्वास्थ्य शिविरमा आउनेहरू छन् । सनातन ध्यानको विधि-विज्ञान भित्रवाट मैले आजको मानिसका लागि यो संयोजन गरेको हुं जो नामजस्तै निर्मल छ । साधकहरूले वताएका अनुभव र अनुभूतिको आधारमा हेर्दा पनि आफूभित्र सुतेको सम्भावना र शक्तिको स्रोतलाई जगाउन श्रेष्ठतम साधना प्रमाणित भएको छ । प्राप्त अनुभव र अनुभूतिका सूचनालाई आधार मानी कैयन वैज्ञानिक अनुसन्धान पनि भएका छन् एवं आवश्यक सुधार र परिमार्जन पनि । हामी आज समाजमा जुन सम्भावना र शक्तिको कुरा गरिरहेका छौं त्यो सतही सम्भावना र शक्तिको आख्यान हो । हामीभित्र त त्यो विराट सम्भावना र शक्तिको स्रोत छ जो वेहोस सुतेको छ । श्वास-प्रश्वासको विभिन्न प्रयोगद्वारा त्यसलाई वढाउन र पूर्ण होसका साथ दिव्य प्रयोग गर्न सकिन्छ । यो निर्मल ध्यानको गन्तव्य शरीर सत्ता, व्रह्माण्ड सत्ता हुँदै अनादि सत्तामा पुगेर महाविश्राम गर्नु हो ।

नोटः

* निर्मल ध्यान वाह्र (१२) चरणमा वाँडिएको छ, यहाँ प्रथम चरण प्रस्तुत गरिएको छ । यो ध्यान मानसाग्नि ध्यान संहितावाट साभार गरिएको हो ।

* समत्व जीवन, दिव्य विचार र सम्वुद्ध चेतनाको त्रिवेणी “मानसाग्नि” को सांसारिक नाम डा. हरिप्रसाद पोखरेल हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अमर श्रष्टा पारिजातको अमर कृति (शिरीषको फूल)

✍ प्राज्ञ डा. ज्ञानू पाण्डे

"लगाममा बाधेर लेखकलाई राख्ने सोचाइ वैज्ञानिक होइन। स्वतन्त्रता केही हदसम्म लेखकलाई हुनुपर्दछ"- पारिजात (जनमत, २०४९)

नेपाली साहित्यकी अमर श्रष्टा पारिजात

लेखकको मूल पहिचान भन्नु उसको कृति हो; उसको कृतित्व हो। दमदार कृतित्वले नै एउटा लेखकको नामलाई अमर श्रष्टाको स्थानमा विराजमान गराउने हो। त्यसो त सस्तो प्रचारबाजीको बलमा पनि कतिपय लेखकहरू केही कालका लागि चर्चापरिर्चाका विषय बन्न सक्लान्, तर मुख्य कुरा, कृतित्वमा दम नहुने हो भने जति नै बल गरे पनि पाठक मनमा तिनले प्रभावको दीर्घकालीन डोब छोड्न सक्तैनन्। सस्तो प्रचारप्रसारका बलमा आफ्नो नामलाई चर्चामा ल्याउने ध्याउन्ना गर्नु भनेको लेखकले आफ्नो कलमको दमप्रति आफैले विश्वास गर्न नसकेको अवस्था त हो नै, साथै सिंगै साहित्य फाँटकै गरिमामा पनि त्यो एउटा नराम्रो धब्बा हो। नेपाली साहित्यमा उतिबेला यस प्रकृतिको विकृतिको विगबिगी शायद थिएन, जतिबेला पारिजात पहिलोचोटि साहित्यमा पदार्पित भइन् र जुन समयभरि उनी साहित्यमा गतिशील रहिन्। उनका समकालीन जीवित स्रष्टाहरूसँग कुरा कोट्याउँदा थाहा पाइन्छ- 'त्यो बेला अर्कै थियो, साहित्यमा आजजस्तो प्रचारबाजीको विगबिगी फस्टाएको थिएन, लेखकहरू समर्पित भावले लेखनमा लागेका हुन्थे र प्रायः लेखकहरू कृतिकै दमले मात्र चर्चामा आउँथे, आउन सक्थे।' पारिजात त्यही आदर्शको बाटो हुँदै साहित्यमा अगाडि आएकी हुन्। उनी आफ्नै कृतिको दममा चर्चाको शिखरमा पुग्न सफल भएकी प्रतिभा हुन्। नेपाली साहित्यकी एक अमर स्रष्टा हुन् पारिजात।

पारिजात (वि.सं. १९९०-२०५०) को साहित्ययात्रा २०१३ सालबाट आरम्भ भएको हो। भारतको दार्जिलिङ जिल्लामा जन्मिए पनि आफ्नो साहित्यिक कर्मभूमि नेपालको राजधानी काठमाडौंलाई बनाएकी पारिजातले २०१३ सालमा धरती पत्रिकामा 'व्यर्थ प्रयास', 'आज विदाको दिन हो' र 'को हो त्यो' शीर्षकका तीनवटा कविता एक्कैचोटि प्रकाशित गरी नेपाली साहित्यमा पर्दापण गरेकी हुन्। उनको पहिलो पुस्तकाकार कृति पनि कविता विधामै निस्किएको हो। २०१४ सालमा प्रकाशित उनको पहिलो पुस्तक 'आकांक्षा'मा उनका १५ वटा कविताहरू संकलित छन्। यसरी साहित्ययात्राको आरम्भमा कविता विधामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उदाएकी पारिजातको कलम पछि गएर गद्यविधामा पनि उल्लेखनीय गतिमा चल्न सुरु भएको हो ।

प्रारम्भमा रोमान्टिक भावको कविता लेखनमा रत्तिएको पारिजातको कलम पछि गएर कथा, उपन्यास, निबन्ध, आत्मसंस्मरणका साथसाथै नाटकविधामा पनि चल्न नछुटेको प्रमाण मिल्दछ । वहुमुखी प्रतिभाकी धनी स्रष्टा पारिजातका पुस्तकाकार कृति प्रकाशनको क्रमवद्ध सूची यस प्रकारले रहेको पाइन्छ :

१) आकांक्षा (कविता संग्रह, २०१४), २) शिरीषको फूल (उपन्यास, २०२२), ३) महत्ताहीन (उपन्यास, २०२५), ४) आदिम देश (कथासंग्रह, २०२५), ५) बैंशको मान्छे (उपन्यास, २०२९), ६) सडक र प्रतिभा (कथासंग्रह २०३२), ७) तोरीबारी बाटा र सपनाहरू (उपन्यास, २०३३), ८) पर्खालभित्र पर्खालवाहिर (उपन्यास, २०३४), ९) उसले रोजेको वाटो (उपन्यास, २०३४-०३५), १०) अन्तर्मुखी (उपन्यास, २०३५), ११) अनिँदो पहाडसँगै (उपन्यास, २०३९), १२) साल्गीको वलात्कृत आँसु (कथासंग्रह, २०४३),१३) धुपी, सल्ला र लालीगुराँसको फेदमा (निवन्ध कृति, २०४३) १४) पारिजातका कविता (कविता सङ्ग्रह २०४४), १५) एउटा चित्रमय सुरुवात (संस्मरणसंग्रह, २०४५), १६) परिभाषित आँखाहरू (उपन्यास, २०४६),१७) बोनी (लघुउपन्यास, २०४८), १८) आधी आकाश (लेखनिवन्धसंग्रह, २०४८), १९) बधशालाजाँदाआउँदा (कथासङ्ग्रह, २०४९),२०) वैंसालु वर्तमान (कवितासंग्रह, २०५०), २१) अध्ययन र संघर्ष (आत्मकथा, २०५०), २२) पारिजातका फुटकर लेखहरू (२०५४) २३) जुठी दमिनी (वाल गीतिकाव्य, २०५५) र २४) पारिजातका नाटक (२०६५) ।

परिजातका यी सवै कृति नेपाली साहित्यका अमूल्य निधि हुन् । विधागत अनुशासनका दृष्टिले मात्र नभई विषयगत गम्भीरता र शैलीगत आकर्षणका दृष्टिले पनि उनका यी कृतिहरू महत्वपूर्ण प्राप्ति हुन् नेपाली साहित्यको ।

पारिजातको साहित्यिकताको मूल्याङ्कनको सवाल

नेपाली साहित्यमा पारिजात आफ्नै विशिष्ट सिर्जनायात्राका कारण उच्च स्थान प्राप्त गर्न सफल हुने स्रष्टाहरूको सूचीमा अग्रपंक्तिमै पर्ने नाम हुन् । उनी नेपाली साहित्यको इतिहासमा सक्रिय नारीस्रष्टाहरूमध्ये त शीर्षस्थ नाम हुन् नै, सिंगै नेपाली साहित्यको परिप्रेक्ष्यमा पनि उनको नाम विशिष्ट प्रतिभाको सम्मानमा बिराजमान छ । पारिजातको साहित्यिकतालाई एउटा निश्चित खेमामा बन्दी गरेर वुझ्न खोजिएको, बुझाउन खाजिएको देखिन्छ प्रायः यसो गर्नु उनको सिंगो साहित्यिक उचाइलाई कदापि न्याय हुन्न भन्ने लाग्छ । वुझ्नु पर्ने कुरा के हो भने पारिजातको साहित्यिकता स्वयंमा अग्लो उचाइको छ, त्यसलाई अग्लो देखाउन कुनै वृत्तबाट पनि अनावश्यक वढाइचढाइ गरिरहनु पर्ने खाँचो छैन । बस् आवश्यकता हो उनको व्यक्तित्वलाई गहिराइका साथ नियाल्नु, उनको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साहित्यिकतालाई समग्रमा परख्न ध्येय राख्नु ।

पारिजातको साहित्यिकतालाई समग्रमा परख्नका लागि केवल उनका प्रकाशित कृतिहरू मात्र पढ्नु कदापि पर्याप्त हुन्न, उनको पारिवारिक तथा व्यक्तिगत जीवन भोगाइ, अध्ययनको दायरा, सामाजिक सम्पर्क, सामाजिक आन्दोलन र अभियानहरूमा उनको संलग्नता र ती सब कुराका पृष्ठभूमिबारे पनि चासोका साथ जान्नु बुझ्नु जरुरी हुन आउँछ। हामीलाई थाहा छ, एउटा लेखकको सिर्जनाको पृष्ठभूमिमा धेरै कुराहरू हुन्छन्। लेखकको विचार वा दृष्टिकोण विशिष्ट बन्नुमा धेरै पक्षहरूको कारक भूमिका रहन्छ । उसले अध्ययनका आधारमा आर्जन गरेको ज्ञानको महत्व त आफ्नो ठाउँमा छँदैछ, त्यो भन्दा पनि महत्वपूर्ण प्रेरणा हुन्छ उसको व्यक्तिगत जीवन भोगाइको, जीवनका बाध्यताहरूको । र, साथसाथै सामाजिक सम्पर्क, सामाजिक आन्दोलन र अभियानप्रतिको संलग्नताको आयातनले पनि ठूलो माने राख्तछ उसको दृष्टिकोण विशिष्ट बन्नुमा । स्मरणीय छ, व्यक्तिको विचार निर्माणमा उसले घोकेर जानेको पाठको भन्दा उसले भोगेर सिकेको ज्ञानको प्रभाव बढी प्रगाढ हुन्छ ।

परिजातको जीवनीबारे अरूले लेखेका सामग्रीहरू, पारिजात स्वयंले लेखेको आत्मसंस्मरणहरू र विभिन्न समयमा आएका उनका अन्तर्वार्ताहरू आदि पढ्दा थाहा पाइन्छ- साठी वर्षीय आयुभरिको पारिजातको जीवन अपेक्षित अनपेक्षित अनेक रंगका आरोह अवरोहमा गुज्रेको हो । जीवनको ऐकान्तिकता र रिक्तताबोधको चोटसित बाल्यकालमै ठोक्किसकेकी हुन् उनी । अस्तित्वको स्वतन्त्रता र त्यसको चुनौतीप्रति संघर्षशील बन्ने अभ्यासमा उनी कलिलो उमेरबाटै ससचेत लागिसकेकी हुन् । सानोमै आमा दिवङ्गत भएको कारण मातृत्व स्नेहको मिठास अनुभव गर्न पाउने नैसर्गिक अधिकारबाट बञ्चित भएको हो पारिजातको जीवन। यद्यपि हुर्किने बढ्ने उमेरमा आमाको सानिध्य अनुभव गर्न नपाए पनि साथमा बाबु त सँगै थिएँ उनीसित, तर रुचिगत बिमिलनका कारण तिनसितको पारिजातको सम्बन्ध कहिल्यै न्यानो भएन। पेसाले डाक्टर थिए बाबु, त्यसैले बाल्यकाल आर्थिक अभावमा गुजार्नु परेन पारिजातले, तर बाबुले आफ्नो रुचिक्षेत्र नबुझिदिनु वा बुझ्न नचाहनु आफैमा एउटा ठूलो दुख र सकसको कारण बनेको थियो उनलाई । उनी आफू साहित्यमा डुबेर बाँच्न चाहिन्थिन्, तर यता बाबुचाहिँ उनलाई डाक्टर बनोस् भन्ने चाहन्थे । उनी कल्पनामा उड्न चाहन्थिन्, बाबु उनलाई गणितमा रगडिन बाध्य गराउँथे । अवश्य नै, पारिवारिक परिवेशभित्रको यो द्वन्द्वपूर्ण स्थितिका कारण पारिजातको हुर्कदो उमेर कष्टपूर्ण बितेको हो । तर संयोग नै भन्नु पर्छ, उनको उक्त कष्टप्रद बाल्यकालीन परिवेश नै उनको साहित्यिक व्यक्तित्वमा दार्शनिक गहिराइ उभार्न बरदान सिद्ध भयो । अस्तित्वपूर्ण जीवन बाँच्नका लागि व्यक्तिले जीवनको विसंगतिलाई चिन्नु मात्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
काफी हुन्न, त्यससित जुझ्ने साहस पनि आफूमा जागृत गर्न सक्नु पर्छ भन्ने अस्तित्ववादी दर्शनको पाठ पारिजातले आफ्नै जीवन भोगाइबाट सिकेकी हुन् भन्ने प्रष्टै वुझिन्छ ।

राजनारायण प्रधानको केही कृति : केही स्मृति (दो.सं. सन् १९७३) पुस्तकभित्र पारिजात विषयक लेखमा एक ठाउँमा भनिएको छ -

'झण्डै एघार वर्षको उमेरदेखि' पारिजात विसङ्गत स्मरण भन्छिन्, 'आन्तिरिक वेदना र अज्ञात भयहरूलाई कोठाको कुनामा बसेर अभिव्यक्त गर्दा ममा लेखक हुने सपना थिएन । आफूले सिकेसम्मको भाषालाई मिठास दिएर केही कथा केही कविता तयार पारिन्थ्यो, जसलाई 'टाइप' अथवा 'फर्मेसन' भनिदिए हुन्छ । मेरो घर, साहित्यिक वातावरण र प्रेरणाका निम्ति अध्यारो कुवा, घोप्टिएर म्याथम्याटिक्स सिक्नु अनिवार्य, साँझ महावुद्ध र राजनैतिक वार्ता सुन्नु अनिवार्य, गीत, सङ्गीत र कविता पाठमा भीषण निषेध । वाहिर भाग लिएको वेला अभिभावकसँग सामना गर्नु एउटा समस्या । प्रेरणा शब्दमा आस्था अनास्था दुइटै भएन, यसो भनूँ, मैले त्यो शब्द नै जानिनँ । समयसँग आन्तरिक अवस्थाले विकास गर्दै आयो । हामी स्वतन्त्र अध्ययनका निम्ति वन जंगल पस्थ्यौं । म कथा कविता लेखेर वाकसभित्र लुकाउँने गर्थें । दाजुको मृत्युपछि घरको यो विशेष अनुशासनको साङ्लो अचानक तोडियो । हामी आफ्ना सोचाइ, लेख्नलाई, पढ्नलाई फुक्का भयौं, प्रेरणा यद्यपि जन्मेन । कलाप्रतिको यो भयानक नकारात्मकता र यसको मौलिक रूप अभिभावकको तर्फवाट आजपर्यन्त वर्तमान छ परिवर्तनहीन । हामी कहिल्यै भेट हुन सकेनौं त्यसैले स्वतन्त्र छौं एक अर्कादेखि" (पृष्ठ २४१) ।

यसै गरी अरू पनि कयौं अन्तर्वार्ताहरू छन् जसमा पारिजातका निजी जीवनका पीडाहरू खुलासा भएको पाइन्छ ।

सम्पन्न परिवारमा जन्मिएको कारण वाल्यावस्थामा आर्थिक अभावको पोलाइ वेहोनु नपरे तापनि पारिवारिक अनुशासनको कडा घेरोमा उनले आफ्नो वाल्यकाल कम उकुसमुकुसको वातावरणमा बाँच्नु परेको होइन । दार्जिलिङवाट काठमाडौ वसाई सरेपछिको समयमा पनि सजिलोसित बितेको होइन उनको जीवन । आर्थिक संकटको अचेट, प्रेममा वियोगको झट्का, अझ त्यतिले नपुगेर असमयमै रोगले जीर्ण भएको शरीर बाँन्चु परेको थियो उनले । यथार्थमा दुख्न कतै बाँकी रहेको होइन उनको जीवन । यो कुरा अलग हो कि अध्ययनको विशाल दायरा भएको कारण ज्ञानको उज्यालोको कहिल्यै कमी भएन उनलाई, तर कलिलै उमेरदेखि हाडजार्नी दु:ख्ने रोगको आक्रमणका कारण आफ्नो कुँजो शरीर घिसार्दै स्वाभिमानपूर्ण जीवन बाँच्न कति सास्ती भएको थियो होला उनलाई ? सग्लो शरीर बाँच्न पाउने जीवनको स्वभाविक अधिकार विनाकारण उनवाट खोसिएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थियो । विना अपराधको त्यो दण्ड बेहार्न उनलाई कति सास्ती परेको थियो होला ? शारीरिक दुर्वलताका कारण पाइला पाइलामा परनिर्भरतामा जीवन बाँच्न वाध्य हुनु पर्दा अस्तित्व स्वतन्त्रताको आफ्नै चेतना कति भारी भएको थियो होला उनलाई जीवनमा ? यो कुरा हामी सहजै अनुमान गर्न सक्छौं । अत्यन्त प्रतिकूल आफ्नो शारीरिक अवस्थालाई भोग्दै-बेहोर्दै, प्रत्येक पल जीवनको तीतो विसंगति वोध गर्दै पनि जीवनलाई रोज्न भने छोडिनन् उनले । सघर्ष नै जीवनको अनिवार्य शर्त हो भन्ने तथ्यप्रति उच्च सचेतता राख्तै विभिन्न सामाजिक अभियान र आन्दोलनहरूमा मिसिदै र मुछिदै अघिबढेकी हुन् पारिजात जीवनमा । यी सबै पृष्ठभूमिको प्रभाववाट उनको साहित्य अछुत रहन सक्ने कुरै भएन । अतः पारिजातको साहित्यिकताको अध्ययन गर्दा वा उनको साहित्यको मूल्याङ्न गर्दा यी सबै पक्षहरूप्रति तटस्थ दृष्टिका साथ ध्यान पुर्‍याउनु जरुरी छ भन्ने लाग्छ। मूल्याङ्कन मासिक, वर्ष ११, पूर्णाङ्क १२, २०५० मा प्रकाशित एउटा अन्तर्वार्तामा पारिजातबाट यस्तो भनाइ आएको पढ्न पाइन्छ-

"गीतप्रेमी भएको नाताले गीतकै माध्यमवाट रायन र रामेशसँग मेरो चिनजान भयो र दिनदिनै चर्चित हद गएको मेरो नाउँले मेरो सम्पर्क संसार पनि दिन दिनै विशाल हुँदै गयो । यसरी निनु, मंजुल, विमल र अरू केही पनि । हामीमा क्रमशः आत्मीयता बढ्दै गयो । यो त समुहका कुरा भए । तर एकातिर मेरो व्यक्तिगत जीवन सहज थिएन । म मरूभूमिको पैदल यात्रा गरिरहेकी थिएँ, मेरो कुनै ओयसिस थिएन । मनस्थिति जता छाम्यो उतै रक्ताम्य, जीवन मेरो निम्ति काठको विछ्यौनामा सुत्नु थियो । मेरो यस भीषण मानसिक यातनाको समक्ष मेरो बढ्दो लोकप्रियता मलाई उपहास गरिरहेको जोकर जस्तो लाग्थ्यो । प्रेमको बहाना, विवाहको संकल्प अनि कामुक आँखाहरूको पोलाइ, एक्लै बस्नु डरमर्दो, कतै कसैले इकाएक सकम्वरी तुल्याइदिने हो कि, कुनै इर्ष्यालुले सुतिरहेको बेला छुरा धसेर गइदिने हो कि, क्षण क्षणको डर, आर्थिक कष्ट, ईर्ष्या, डाह । खप्नै नसकेपछि म झन् झन् खुम्चिदै, सानो हुँदै राल्फाभित्र आफूलाई लुकाउदै लगेर सोचें - म सुरक्षित हुँदै छु। तर राल्फाभित्र पनि म त्यति सुखी थिइनँ । तनावको फासीमा झुण्एिर बाँचिरहेकी थिएँ । यस्तो मानसिकता लिएर मैले कतिपय घोर विसंगत कविताहरू लेखें, कथाहरू लेखें । त्यति नै खेर थाहा भयो- मान्छेको जिजीविषा कति प्रवल हुन्छ भन्ने कुरा । विसंगति मान्छेको जीवनको अन्त्य होइन । मभित्रको लागातारको द्वन्द्वले ममा समाजप्रति तीव्र विद्रोहको भाव जाग्न थाल्यो ......।"

अस्तित्ववादले भन्छ- विद्रोह अस्तित्वको सम्भावना हो । पारिजातका हरेक कृति पाठकभित्र विद्रोही चेत जगाउँन सक्षम लाग्छन् । यथास्थितिप्रतिको समर्पण होइन, परिवर्तित परिस्थितिमा रूपान्तरित हुन पाठकलाई ती उत्प्रेरित गर्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
व्यक्तिमा परिवर्तन आउन सम्भव छ, समाजमा परिवर्तन आउन सम्भव छ भन्ने विश्वास पाठक मनमा जगाउन सक्नु र विद्रोहको चेत नै परिवर्तनको मुख्य हतियार हो भन्ने सन्देशको झन्कारले पाठकलाई सम्मोहन गर्न सक्नु विशिष्ट शक्ति हो पारिजातको लेखनीको । प्रस्टै बुझिन्छ -परिजातका कृतिहरूमा आएको विद्रोही चेतको स्रोत अरू केही होइन, सिवाय उनको आफ्नै स्वअस्तित्व बोधको प्रेरणा । जीवनका कटु अनुभूतिबारे अभिव्यक्त पारिजातका उपर्युक्त वाणीहरू यही तथ्य बोध गराउँछन् हामीलाई ।

प्रवृत्तिगत दृष्टिले परिजातको साहित्यलाई अस्तित्ववादी-विसंगतिवादी, सामाजिक यथार्थवादी, समाजवादी यथार्थवादी र आलोचनात्मक यथार्थवादी गरी मूलतः रूपमा चार धारमा विभाजन गरेर हेर्ने गरिएको पाइन्छ । र, अस्तित्ववादी-विसंगतिवादी धारको प्रभाव उनको साहित्य यात्राको प्रथम चरणसम्म मात्र सीमित थियो भन्ने तर्क अघिसारिएको भेटिन्छ । तर यथार्थ त्यो भन्दा अलि भिन्नै हो भन्ने कुरा पारिजातको जीवन भोगाइको पृष्ठभूमिको आलोकमा उनका कृतिहरू पढ्दा स्वतः स्पष्टिन आउँछ । शायद पारिजात स्वयं नै आफ्ना कृतिहरू त्यसरी नपढिएको भन्ने अनुभूतिले दुःखी थिइन् । कतिपय अन्तर्वार्ताहरूमा उनका अघिल्ला चरणका कृतिहरूबारे सोधिएको प्रश्नहरूमा उनले जसरी जवाफ दिएकी छन्, तिनमा ध्वनित उनको आशयले यही तथ्य बोध गराउँछ हामीलाई ।

पारिजात सङ्कलित रचनाहरू, ग्रन्थ ६ (२०५४) भित्र संकलित 'विष्णु कुमारी वाइवा कसरी पारिजात बनिन् ?' शीर्षकको अन्तर्वार्तामा एक प्रश्नको जवाफमा पारिजातले स्पष्टैसित भनेकी छन् :

"प्रगतिशील समीक्षक र पाठकहरूले मलाई मात्र दुई चिरा पारेर हेर्छन् । एक जनविरोधी र दुई प्रगतिवादी । यस्तो हेराई वैज्ञानिक हुँदैन । मेरो लेखन कसरी गतिवान भएर आएको छ, त्यसको मूल्यांकन नगरिदिएकोमा मलाई गुनासो छ ।" (पृष्ठ २८५)

अवश्य नै, पारिजातले आफ्नो साहित्ययात्राको पछिल्लो चरणमा आफू बाँचिरहेको समाजभित्रका समस्या, विकृति बेथिती, लैंगिक विभेद एवं आर्थिक सअमानता, शोषण र अत्यचार लयायतका विकृति विसंगतिका विरूद्धमा धुवादार आवाज उठाउने क्रममा प्रगतिवादी साहित्यसिद्धान्तको मर्म आत्मसाथ गरेकी हुन्, क्रातिकारी परिवर्तनको पक्षमा उनले कलम दौडाएकी हुन् । तर त्यसको मतलब यो होइन कि उनी आफ्ना अघिल्ला कृतिहरूमा आएको जीवनदृष्टिप्रति पूरै विमुख देखिन चाहेकी हुन् अथवा विमुख हुन सकेकी हुन् । पारिजातको उपर्युक्त वाणीमा यही आशय ध्वनित भएको पाइन्छ ।

वास्तवमा भन्ने हो भने अनुभूतिले खारिएको, अध्ययनले चम्किएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पारिजातको अस्तित्ववादी चेत, व्यक्ति अस्तित्वको सीमा र सम्भावनाप्रतिको उनको उच्च सचेतता उनका सिर्जनामा कतै पनि अन्तरतरंगीत हुन छुटेको पाइन्न। उनका सुरुका चरणको सिर्जनामा जस्तै गरी पछिल्लो चरणको सिर्जनामा उक्त चेत प्रकट वाणीमा आएको छैन, यो कुरा बेग्लै हो। तर स्मरणीय कुरा के भने त्यहाँ पनि मन्द ध्वनिमा उनको उक्त चेत अन्तरतंगित हुन छुटेको पाइन्न। बस् आवश्यकता हो पारिजातको साहित्यको यस पक्षबारे (पनि) तटस्थ भावका साथ अध्ययन गर्ने उदारताको। पारिजातलाई विचारको निश्चित सीमामा अड्काएर बुझ्नु वा बुझाउन बल गर्नु उनको साहित्यिकताको विशाल आयामप्रति कदापि न्याय हुन्न भन्ने लाग्छ मलाई। उनको साहित्यिक व्यक्तित्वको समग्रता पहिल्याउनका लागि पारिजात विषयलाई खुला बौद्धिक छलफलमा ल्याउनु जरुरी छ भन्ने ठान्छु म।

पारिजातको अमर कृति शिरीषको फूल

बहुमुखी प्रतिभा सम्पन्न स्रष्टा पारिजातको साहित्यिक व्यक्तित्वका विविध आयाममध्ये उपन्यासकार व्यक्तित्व सर्वाधिक प्रसिद्ध मानिन्छ। 'शिरीषको फूल' पारिजातको प्रथम प्रकाशित उपन्यास हो र त्यस पछि मात्र उनका अरू नौवटा उपन्यासहरू अगाडि आएका हुन्। दशवटा उपन्यासकी धनी पारिजातको 'शिरीषको फूल' सार्वाधिक चर्चित उपन्यास हो। उक्त उपन्यास प्रकाशित हुनुअघिसम्म त्यस समयकी एक सरदर स्रष्टाका रूपमा चिनिदै आएकी पारिजात 'शिरीषको फूल' प्रकाशित भएपछि एकाएक प्रसिद्धिको शिखरमा पुग्न सफल भएकी हुन्। यसको मतलव 'शिरीषको फूल' पछि प्रकाशित भएका उनका अरू उपन्यासहरू महत्वपूर्ण छैनन् भन्ने कुरा होइन। काव्यिक चेतको प्रचुरताले ओतप्रोत सुन्दरशैलीकी धनी स्रष्टा पारिजातका एक एक उपन्यास चित्ताकर्षक लाग्छन्। पढुँ पढुँ लाग्ने शैलीमा पुस्तकभित्र विषयलाई बगाउन सक्ने उनको कलमको शीपले उनका सबै उपन्यास सिंगारिएका छन्, सजिएका छन्। त्यसैकारणले गर्दा पढ्न भनी एकचोटि हातमा उठाइसकेपछि उनका कुनै उपन्यास पनि बीचैमा छोड्न मन मान्दैन पाठकको। तर त्यति हुँदा हुँदै पनि प्रभावको सर्वाधिकताका हकमा 'शिरीषको फूल' को स्थान तुलनात्मक रूपमा सबैभन्दा उच्च रहेको पाइन्छ। प्रकाशनका दृष्टिले मात्र एक नम्बरको उपन्यास होइन यो पारिजातको, अव्वलताको दृष्टिले पनि यही नै एक नम्बरको उपन्यास हो उनको। उनी समर्थित राजनीतिक विचारको पक्ष विपक्षमा नछुट्टिकन विशुद्ध साहित्यिक उच्चताका दृष्टिले मूल्याङ्कन गर्नुपर्दा ढुक्कैसित भन्न सकिन्छ- 'शिरीषको फूल' को अव्वलतालाई पारिजातका अरू कुनै उपन्यासले पनि उछिन्न सकेका छैनन्।

सकम्बरी र सुयोगबीर नामका दुई विशिष्ट चरित्रका पात्रको केन्द्रीयतामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुनिएको यो उपन्यासमा पारिजातले अनुभूतिले खारिएको अनि अध्ययनले चम्किएको आफ्नो अस्तित्ववादी-विसङ्गतिवादी जीवन दर्शनलाई अत्यन्त कलात्मक शिल्पमा ओच्छ्याएकी छन् । मनोवैज्ञानिक दृष्टिले पनि उत्तिकै विवेचनीय लाग्ने उनको पारिजातको यो उपन्यासको मूल शक्ति भन्नु यसको दार्शनिक ओज नै हो । यही ओजले लोकप्रियताको शिखर छुन सफल भएको हो यो उपन्यास । यथार्थमा यो उपन्यास पारिजातको व्यक्तिगत साहित्यिक जीवनको मात्र सर्वाधिक चर्चित कृति होइन, आधुनिक नेपाली उपन्यासको सिंगो इतिहासमै यो एक विशिष्ट प्राप्ति हो । उपन्यासमा नयाँ युगको स्पष्ट उद्घोष हो, नयाँ बाटोको पहिल्याई हो । यो नै पहिलो त्यो उपन्यास हो नेपाली साहित्यको जो अंग्रेजीमा अनुवाद भई देशभन्दा धेरै पर विश्वसाहित्यका पाठकसम्म पुग्न सफल भयो । टङ्कविलास भार्यासँगको सहकार्यमा सोन्द्रा जेडन स्टेनले २०२९ सालमा 'शिरीषको फूल' अंग्रेजीमा 'ब्लु मिमोजा' शीर्षकमा अनुवाद गरी आफैले प्रकाशन समेत गरेकी हुन् । मदन पुरस्कारले समेत पुरस्कृत हुन सफल भएको पारिजातको यो उपन्यासले अंग्रेजीमा अनुवाद भएपछि अमेरिकाको मेरिल्याण्ड विश्वविद्यालयको पाठ्याक्रममा समेत प्रवेश पाएको हो । यसरी 'शिरीषको फूल' उपन्यास अगाडि आएपछि पारिजात परिचयले एकाएक सर्वव्याप्ती भएको हो, यही उपन्यासको माध्यमवाट उनको नाम विश्वसाहित्यका पाठकहरूसम्म फैलिन सफल भएको हो ।

हुन त, 'शिरीषको फूल' उपन्यासलाई लिएर पारिजातले प्रशस्त प्रशंसा र स्यावासी पाउनुका साथसाथै कतिपयवाट तीखो आलोचना पनि खेप्नु नपरेको होइन । खास गरी यस उपन्यासको वैचारिक पक्षलाई लिएर प्रगतिवादी धारका कतिपय विद्वान् एवं वरिष्ठ लेखक समालोचकहरूले उनको लेखनीको निन्दा गरेका हुन् । चूडामणि रेग्मी कृत पारिजात : परिचय र मूल्याङ्कन (प्र.सं.२०५०) नामको पुस्तकभित्र 'शिरीषको फूल' बारे विभिन्न प्रतिक्रिया' शीर्षकको एक लेख समाविष्ट छ । त्यो एउटा मात्र लेख पढ्ने हो भने पनि वामपन्थीधारका लेखक स्रष्टाहरूबाट पारिजातको 'शिरीषको फूल' लाई लिएर कति हद सम्म नकारात्कमक टिप्पणी भएको रहेछ भन्ने कुरा वुझ्न गारो पर्दैन । कतिसम्म भने कतिपयले त 'पारिजात स्वयंले नै 'शिरीषको फूल' लाई जलाइदिए हुन्छ भनेकी छन्' भन्ने कुरा अघि सारेर पनि यो उपन्यास उनका अन्य उपन्यासका तुलनामा कमजोर उपन्यास हो भन्ने आफ्नो तर्कलाई पुष्टि गर्न खोजेको पाइन्छ । तर यसमा घोत्लिनु पर्ने कुरा के भने के पारिजातले साच्चै नै महत्वहीन कृति मानेर 'शिरीषको फूल' लाई जलाइ दिए हुन्छ भनेकी होलिन् त ?

पारिजात : सङ्कलित रचनाहरू ग्रन्थ ६ (२०५४) भित्र सङ्कलित एक अन्तर्वार्तामा 'शिरीषको फूल'को रचनागर्भबारे पारिजातले यसरी कुरा खुलाएकी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पढ्न पाइन्छ : "......कविताभन्दा मलाई उपन्यास लेखनमा वढी रुचि थियो। स्नातकको शिक्षा लिंदासम्ममा मैले विशेष रसियाली, भारतीय र फ्रान्सेली उपन्यासहरूको प्रशस्त अध्ययन गरें। म नेपाली उपन्यासविधासँग पटक्कै सन्तुष्ट हुन सकिनँ। मभित्र एउटा बेजोड उपन्यास लेख्ने महत्वाकाङ्क्षाको राक्षसले शीर उठाउन थाल्यो र आ.ए. देखि बि.ए. पास भइसक्ता जम्मा चार वटा उपन्यासका ठेली लेखें। - 'सङ्घर्ष', 'मानव अन्तर्यामी', 'शारदा' र 'वर पीपल' चित्त नबुझेपछि सुकन्याको आँखा छलेर सबै जलाईदिएँ। महत्वाकाङ्क्षाको त्यो राक्षस अझ प्रबल हुदैं गयो। यता एउटा बेजोड उपन्यास लेख्न नपाउँदै अर्को बेजोड राक्षस रोगले मलाई तीन वर्ष बिछ्यौनामा कैद गरिदियो। त्यसै राक्षस महत्वाकाङ्क्षाको परिणति हो 'शिरीषको फूल'..." (पृष्ठ २८२-२८३)।

उपर्युक्त हरफहरू पढ्दा पारिजातले 'शिरीषको फूल'लाई जलाइ दिए हुन्छ भनेर मनैबाट भनेकी हुन् भन्ने कुरा पत्याउन हामीलाई गारो पर्छ। नेपाली उपन्यासलाई विश्वका उपन्यासको हाराहारीमा देखाउने उत्कट अठोट मनमा पालेर उपन्यासमा कलम उठाएकी हो रहिछन् पारिजातले। सोचेअनुसारको उपन्यास नबनेको लाग्दा आफूले लेखेको चार चार वटा उपन्यासलाई जलाइदिन पनि पछि परेकी होइन रहिछन् उनी। जब पाँचौपटकको प्रयासमा आफ्नो कलमबाट 'शिरीषको फूल' जन्मियो, त्यो भने आफूले चाहेजस्तै बन्यो भन्ने लागेपछि मात्र बल्ल त्यसलाई प्रकाशनको उज्यालोमा ल्याएकी हो रहिछन् उनले। यतिविधि मिहिनेतका साथ आफूले लेखेको उपन्यासलाई केही मानिसहरूबाट आलोचनाको स्वर आयो भन्दैमा सजिलै लत्याउन कसरी उनको मन मानोस्? अझ, त्यसमाथि पनि त्यो उपन्यासले लोकप्रियताको शिखर चुमिसकेको अवस्थामा! पक्कै पनि 'शिरीषको फूल' जलाइदिए हुन्छ भन्ने वाणी पारिजातको आत्माको बोली थिएन होला, बरू आफूप्रति निरन्तर आलोचनाको औंला उठाइरहेका बामपन्थी मित्रबन्धुहरूको लखेट्याइबाट पार पाउन मात्र त्यसो भन्दिएको हुनुपर्छ उनले। अर्को एक अन्तर्वार्तामा पारिजातले भनेकी छन्

"...त्यसपछि म बिरामी भएँ। विरामी भएपछि म निराश किसिमको कविता लेख्थें मेरो आफ्नै चारित्रिक विशेषता रहेछ। त्यसको पनि मूल्याङ्न हुनुपर्छ। खोजी हुनुपर्छ। अनि 'शिरीषको फूल' लेखे। ...त्यसलाई म आफैले जनविरोधी उपन्यास भनेर घोषणा गरिसकेकी छु। यसको अस्तित्व नभए पनि हुन्छ तर त्यो अहिले मरेको छैन (ऐजन, पृष्ठ ३०६-३०७)।

यहाँ आएको "..तर त्यो अहिले मरेको छैन" भन्ने लबजले 'शिरीषको फूल' प्रतिको पारिजातको माया सङ्केतित हुन्छ।

'शिरीषको फूल' उपन्यासको बौद्धिकतालाई त्यसको कमजोरी औल्याउन खोज्ने आशयको एउटा प्रश्नप्रति पारिजात कसरी जवाफिएकी छन्, सुनौं :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"...मैले तपाईलाई अघि भनिसकेँ होला, अर्थात् म कसैप्रति सचेत नभई लेख्छु । म आफैलाई यो वौद्धिक पराकाष्टामा पुगेको जस्तो लाग्दैन । कारण यस्तै उपन्यासमा मलाई रुचि छ । उपन्यास वौद्धिक पनि त हुनुपर्छ । के वौद्धिकता साहित्यको दोष हो ? ..." ऐजन, पृष्ठ २६५ ।

वास्तवमा 'शिरीषको फूल' को वैचारिक पक्षलाई लिएर पारिजातले जनविरोधी उपन्यास लेखेको तर्क अघिसार्दै त्यसलाई उनैको मुखवाट महत्वहीन उपन्यास सावित गराउनका लागि उनी समर्थित राजनीतिक वृत्तबाट जति नै वल गरिएको भए तापनि र पारिजातले पनि मुखले त्यसो भनिदिएकी भए तापनि यथार्थमा उनको हृदयमा आफ्नो यो उपन्यासप्रति माया थियो । यो कुरा बुझ्न उनका उपर्युक्त वाणीहरूमा घोत्लिए काफी हुन्छ भन्ने लाग्छ ।

रोचक कुरा, 'शिरीषको फूल' उपन्यासका कारण पारिजातले एकै समयमा एउटा कुनावाट निरन्तर रूपमा आलोचनाका स्वरहरू आएको सुन्नु परिरह्यो भने अर्कोतिरबाट त्यही उपन्यासका कारण उनको नामलाई निरन्तर रूपमा प्रशंसा र स्यावासीको धाप मिलिरह्यो । एउटै कृतिवारे यसरी जमेरै परस्पर विपरित स्वरका प्रतिक्रिया आउनु एकातिर आफैमा एउटा रोचक घटना त हो नै, साथै त्यो अवस्था सिर्जना भैदिनुले पनि पारिजातको 'शिरीषको फूल' को चर्चा परचर्चामा व्याप्ती थपिन वल पुग्नु स्वभाविक भयो । त्यसमाथि यो उपन्यास स्वयंमा त उसै पनि उच्च गुणयुक्त थियो नै ।

निचोडमा भन्नुपर्दा,

पारिजात नेपाली साहित्यकी एक अद्वितीय प्रतिभा हुन् । आफ्नो साहित्यिक जीवनमा उनले जति पनि कृतिहरू लेखिन् ती सवै आ-आफ्नो ठाउँमा दमदार छन् । तर पनि उपन्यासभित्र अन्तर्निहीत विशिष्ट शक्तिका कारण उनको 'शिरीषको फूल' सवैभन्दा उच्च कोटीको हो । वौद्धिक उचाइ, वैचारिक गहिराई, काव्यिक भाषाको स्वच्छन्द प्रवाह, साहित्यिक मिठासको एकछत्त झन्कार र मुख्य कुरा, मनुष्य अस्तित्वको विडम्वनापूर्ण यथार्थलाई जस्ताको तस्तै देखाइ दिए पनि, जीवनमा यतै दुःख छ उतै दुःख छ भन्ने तीतो सत्य उद्घाटित गरिदिएको भए पनि जीवनप्रति विमुख हुन उक्साउने उपन्यास होइन 'शिरीषको फूल' । जीवनमा जिउनुलाई नै रोज्नवाट हत्तपत्त पन्छन सक्तैन कोही, पन्छन हुन्न पनि भन्ने अस्तित्ववादी सत्यलाई पात्रको विशिष्ट चरित्रको माध्यमबाट (सुयोगवीरको चरित्रबाट) उच्च वाणी दिनु, वाणी दिनसक्नु पारिजातको यो उपन्यासको ठूलो शक्ति हो । वास्तवमा नेपाली उपन्यासको इतिहासमै नयाँ मोड ल्याउन सक्ने एक अत्यन्त महत्वपूर्ण कृति हो 'शिरीषको फूल' । अझ, नेपाली उपन्याससाहित्यको मात्र होइन, सिंगै नेपाली साहित्यकै यो एक कालजयी कृति हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बहुलयात्राको सम्झौटो पत्थरै पत्थर

डा. दुर्गाप्रसाद अर्याल

वि.सं. २०७४ चैतमा प्रकाशनमा आएको **पत्थरै पत्थर** यात्रा-नियात्रा-संस्मरणका विधामा एउटा गहकिलो सत्प्रयास हो । गीता रेग्मीको व्यक्तित्वको प्रकाशन भएको यस कृतिमा विभिन्न यात्रानुभव र आत्मानुभूतिहरू सार्वजनिक साहित्यिक खुराक भएका छन् । विवेक सहानुभूति र चिन्तनलाई यात्रा सन्दर्भमा संयोजन गरिएको पत्थरै पत्थरमा सप्रन्सुक हृदय खोलिएको छ । अङ्ग्रेजी ट्रायलग भनिने यात्रा वृत्तान्तलाई अनेक नामले व्याख्या विवेचना गरिदै आएको पाइन्छ । यसलाई यात्रा संस्मरण भनेर चर्चा गरिएको छ । भ्रमण वृत्तान्त र यात्रानुभवका रूपमा पनि यसको पर्याप्त विश्लेषण भएको देखिन्छ । भ्रमणाख्यान र पर्यटनानुभूतिका रूपमा पनि निवन्ध विधाकै कित्तामा यात्रा नियात्राकारका लेख-रचना र कृतिहरू बहुचर्चित हुँदै आएका छन् । यस्ता कृतिलाई पर्यावरीय स्मृति, विहार स्मृति र घुमफिरको सम्झौटा मान्न सकिन्छ । घुमफिरसँग सम्वन्धित यस प्रकारका साहित्यिक कृतिमा यात्रानियात्राको वस्तुगत वर्णन र विवरका साथै यात्रानुभवी लेखकको आत्मपरक दृष्टिकोण र भावात्मकताले ठूलो भूमिका खेलेको हुन्छ । लोकयात्रा वृत्तान्तबाट यसको स्वरुप विकसित भएको अवगत हुन्छ ।

यात्रामा कटु-कठित र मधु-मुदु अनुभवहरूलाई उत्साहित र उल्लासित रूपमा मर्य-मधुर हुनेगरी संस्मरणात्मक शैलीमा गद्यढाँचामा प्रस्तुत हुँदा यात्रा संस्मरणात्मक रचनाले स्वतन्त्ररूपमा आफ्नो अस्तित्व कायम गरेको पाइन्छ । सुरु विवरण र वस्तुगत वर्णन भएको पात्र साहित्य यात्रा विवरण हो । लेखकयि अनुभूति र अवधारणाको यात्रा साहित्य यात्रा संस्मरण वा यात्रा वृत्तान्त हो । यो निबन्ध साहित्य पछि विकसित हुन आएको स्वतन्त्र विधाका रूपमा स्थापित हुने अवस्थामा छ । आजको युग यात्रा, पर्यटन वा नियात्राको युग हो । यो विश्वव्रमाण्ड र त्यसभित्रका अणुपरमाणु लगायत सबै कुराहरू ग्रह नक्षत्रहरू घुमिरहेका छन् आ-आफ्नो यात्रा गरिहेका छन् । स्वयं जीवन नै यात्रा हो । यात्रा-नियात्रा प्राकृतिक स्वभाव सम्वद्ध कुरा हो । एक ठाउँबाट अर्को ठाउँमा जाने क्रममा हुने मर्म र उत्सवका भावनाका साथ जीवनले अग्रगति लिएको हुन्छ । यस्तै यात्रापरक जीवनका अनुभूति र गतिविधिलाई संस्मरणात्मक ढङ्गमा प्रस्तुत गर्दा यात्रा संस्मरणको निर्माण भएको सन्दर्भमा यसलाई Travelogue भनियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यात्रावृत्तान्त वा यात्रासंस्मरणको मौलिकता लेखकको व्यक्तित्वको अभिवयक्तिमा निर्भर गर्दछ ! रुचि अनुसार यात्रा हुन्छ । रुचि अनुसारको यात्रानुभव र अनुभूतिको अभिव्यञ्जन र प्रकाशनको तीव्र लालसाले संस्कर हो भन्ने मान्यता पनि साहित्य शास्त्रीहरूले अगाडि सार्दै आएका छन् । निरन्तर अभ्यास र वहुप्रचारमा आएका सार्वजनिक कुराबाट रुचि जाग्ने र रुचि वढ्ने गर्दछ । अज्ञाततिर रुचि वढ्छ, सौन्दर्यमा रुचि जाग्छ, रहस्यले रुचिमा तरङ्ग ल्याउछ । तसर्थ बिनारुचि यस्तो साहित्य सृजना हुन सम्भव छैन । सूचना, सन्देश र भावनात्मक सहमतिको अपेक्षा राखेर आधुनिक गधशैलीमा सुरुचिपूर्वक यात्रा-संस्मरणको सृजना-संरचना भएको छ । यसमा लेखकले पाठकलाई हार्दिक अनुनय विनय गरेर आफ्ना भावना प्रति अनुभव गर्न सकिन्छ ।

कसरी आफ्ना यात्रानुभूतिजन्य अभिव्यक्तिले पाठकको हृदय स्पर्श गर्न सकिन्छ, कसरी प्रभाव प्रदान गर्न सकिन्छ, आफ्ना मर्म मधुर स्मृति तरङ्गले पाठकीय मन मस्तिष्कलाई उद्वेलित गरेर चिरस्मरणीय भाव सञ्चार गर्न सक्षम भइन्छ ध्याउन्नमा यात्रासाहित्यका लेखक लागेका छन् । यस प्रकारको लेखन आत्मप्रकाशन हो, आफ्ना यात्राको अनुभव र स्मृतिको सञ्चारको अभिप्राय हो । आफ्नो रुचि, स्वार्थ, जिज्ञासा र चेतनाका आधारमा घुमफिर गर्ने र त्यसलाई लिपिबद्ध मात्र होइन विशेष शैलीका साथ कलात्मक रूपमा खास रचना विशेषको संरचना गर्ने प्रवृत्तिले यस कालखण्डमा यो विधा विस्तार भएको हो । यसमा आफ्नो कलात्मक निपुणता दर्साउने कार्य गीता रेग्मीबाट भएको छ । दस देशका विभिन्न भागमा अध्ययन भ्रमण गरेर अनुभवी बनेकी गीताको व्यक्तित्व घुमफिर भनेपछि हुरुक्क हुने खालको देखिन्छ । गीताजीसँग धेरै अनुभव छ । अनुभव सजिलो सस्तो प्राप्ति होइन । अनुभवलाई सारा ज्ञानको जननी (Experience is the mother of all knowledge) मानिन्छ । यथार्थ अनुभव र स्मृतिसित यात्रा साहित्यको सृजनात्मक आधार हुन्छ । यसैमा प्रत्यक्ष ज्ञानका कुरा पर्दछन्, अनुमान र अनदाजका भरोसाले तत्व बुझाइ हुन्छ, उस्ता उस्तै भावना र दृश्यको तुलनाले गरिने सादृश्य ज्ञान हुन्छ र सादृश्य ज्ञानले स्मृति तरङ्ग ल्याउँछ । गीता रेग्मीको स्मृति र अनुभवको गति सजित पत्थरै पत्थर कलात्मक शिल्प शैलयुक्ती यात्रा संस्मरणको संगालो हो । हरेक साहितयकारले जस्तै जीवन यापनका क्रममा साहित्यकार रेग्मीले पनि आफूले प्राप्त अनुभव गरेको, स्मृति र तत्कालिक अनुभूतिलाई औचित्यका साथ आफ्ना रचनामा प्रस्तुत गरेको देखिन्छ । त्यस प्रकारको प्रस्तुतिमा पृथक मौलिकता भेटिन्छ । त्यो मौलिकता के हो भने संवेदजना र विवेकिताले नियालिएका स्थान र व्यक्तिलाई विश्वासिलो पाराले चिनाउनु । पृथक मौलिकताकै क्रममा हरेक विषयवस्तुलाई अनुरागपूर्ण महत्व र व्यक्तित्व प्रदान गर्ने र पाठकीय रुचिको ख्याल राख्ने लेखन प्रवृत्तिको पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्केत हुन आउँछ । छोटो छरितो लेखनशैलीबाट स्वादिला र गहिरा जीवन दृष्टि प्रक्षेपण गर्ने क्षमता पनि मौलिक गुणमा आउँछ । जीवनको पूर्वार्द्धमै, अल्पवयमै यस प्रकारको परिपक्वता आउनु साहित्यकार रेग्मीको आफ्नै खाले विशेषता हो । रेग्मीको लेखन कलालाई लेखकीय भित्रको यस कथनले धेरै निर्देश गर्दछ :

"मैले मेरो यस यात्रालाई लिपिबद्ध गर्न यसकारण चाहेँ कि कसैले नभेटेको पात्र मैले भेटेको हुन सक्छु, कसैले नदेखेको दृश्य मैले देखेको हुन सक्छु । हिँडिरहेका, चलिरहेका गतिशील कुराहरूबाट प्रचार प्रसार हुँदै भाषा, धर्म, र संस्कृतिहरू एक ठाउँबाट अर्को ठाउँमा पुग्दै रूपान्तरित र सभ्यतातर्फ उन्मुख भइरहेका छन् । यो मेरो नितान्त व्यक्तिगत यात्रा हो । घुम्न चञ्चल बनिरहने मनको उपज यसले इतिहास खोतल्दैन, मात्र म हिँडेको बाटो नाप्छ र आँखा देखेका अनुभूत गरेका कुराहरूलाई पाठकमाझ पस्कन्छ ।"

यो गीताजीको भनाइ र गराइमा एक ठाउँमात्र अन्तर्विरोध पाइन्छ । त्यो अन्तर्विरोध हो- 'यसले इतिहास खोतल्दैन' । यसकृति भित्रका गाउँ, ठाउँ, नाउँ र घटनाका इतिहासहरू सारसङ्क्षेपमा आएका छन् । स्वयंम गीताले इतिहासको अध्ययन गरेकोले खास खास विषयका इतिहासमा चासो लिएको दावा पनि यस कृति भित्र प्रकट भएको छ । वास्तवमा प्रत्येक साहित्यिक लेखक वा साहित्कार इतिहासकार हो । उसको साहित्यिक कृति बहुपक्षीय कलात्मक सौन्दर्यको इतिहास हो । यो यस्तो इतिहास हो जुन सार्वकालिक हुन्छ । काल्पनिक, व्यावहारिक, सौन्दर्यपरक भएर हार्दिक रूपमा संरचित साहित्यमा वर्णित स्थान, समय चरित्र र तिनका व्यवहारले इतिहासको बोध गराउनु पर्ने नैसर्गिक हेक्का दिन्छन्, राख्दछन् र केही न केही लघु-गुरु वृत्तान्त प्रक्षेप गर्दछन् । साहित्यकारले एकातर्फ आफ्नो इतिहास बनाइ राखेको हुन्छ भने अर्को तर्फ साहित्यको ऐतिहासिकता कायम गर्न अघोषित प्रयत्न गरिहेको हुन्छ । हरेक वर्तमान पछि अंतीत हुन्छ जुन साहित्यको मर्म मधुर स्मृतिमय इतिहास बन्छ । यहाँ इतिहास र अर्थशास्त्रको विष्यगत अध्ययन पर्याप्त भएकी गीताको यो कृतिमा प्रत्येक विषयवस्तुप्रति ऐतिहासिक दृष्टि र सृष्टि छ । प्रत्येक सामाजिक प्राकृतिक र सांस्कृति विषय व्यवहारप्रति अर्थशास्त्रीय उपयोगितावादी दृष्टिकोण झल्किएको पाइन्छ । त्यसैले वहुमूल्य गरगहनाले विभूषित प्यागोडा, स्तुपा, चैत्यमा प्रशस्त खर्च भइरहेको छ, अर्को तर्फ शिक्षाको स्तर न्यून छ र बेरोजगारी बढ्दो छ भन्ने किसिमको लखकीय टिप्पणी छ । प्यागोडामा गरिने खर्च उद्योग धन्दामा लगाए देश र जनताको भलो हुने कुरामा गीता दर्शन प्रर्याप्त छ । निराकर सूक्ष्म भावनाले सुन्दर भाषा शैलीको स्वरुप लिएर निर्मित भएको 'पत्थरै पत्थर' गीताको साहित्यिक यात्राको एउटा कोसे ढुङ्गा हो । यस भित्र सूक्ष्म र स्थूल मानसिक र शारीरिक अनेक यात्राका विवरणहरू छन् । जन्मदेखि मृत्यु सम्मको गतिविधिसित मानव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जीवन चल्दै आएको छ। जीवनको जिउँदो जाग्दो जुन क्रम छ, त्यही नै यात्रा हो। त्यसैले लयामेति जीवनं प्राहुः अर्थात माया नै जीवन हो जीवन नै यात्रा हो भनिएको छ। जहाँसम्म यात्रा साहित्यको कुरा छ, यसमा अतीतको स्मृति, वर्तमानको विधि व्यवहार अनि भविष्यको सम्भावना गाँसिएको छ। यस प्रकारको त्रिकालिक संयोगका आधारमा लेखकको जीवन र जीवनका सापेक्ष अनेक कुराहरूको वर्णन गर्दछ। वर्णनका क्रममा मूल्याङ्कन पनि स्वत हुन्छ। यात्रीको यात्रानुभव र आत्म भावना अनुरुपको वर्णन र मूल्याङ्कनमा आधारित साहित्यिक कृतिवाट प्रस्तुत हुने निष्कर्षलाई कलात्मक दर्शनको स्वरूप मान्न सकिन्छ। यही यात्रादर्शन हो। यसलाई चाखलाग्दो गरी चिर स्मरणीय रूपमा पाठक समक्ष पुऱ्याउने जुन प्रयत्न भएको छ त्यो गीताजीको साहित्यिक यात्रा हो। यस प्रकारको पाँचौ साहित्यिक कृति सृजना र संरचनाको यात्रामा श्रीमद भगवदगीताले भनेको वाङ्मयको तपस्या अनुस्मरण हुन्छ। गीतामा वताए अनुसार आफ्नो र आफूले देखे भोगेको विषयवस्तुलाई चासो दिनु नै स्वाध्यायन (Self studies) हो। यस्तो स्वाध्यायनलाई वाङ्मयको तपस्याको रूपमा लिइएको छ। वाङ्मयको तपस्या कलात्मक र ज्ञानात्मक भाषा शैलीको अनुशासनमा आधारित विषय हो। यस प्रकारको अनुशासनले मनमा नबिझाउने बोली वचन अँगाल्न निर्देश गरेको पाइन्छ। अनुशासनका क्रममा वचनको सत्यतालाई अँगाल्नु पर्ने सङ्केत छ। प्रायः साहित्यिक वचनको सत्यता काल्पनिक सत्यमा आधारित हुँदै आएको प्रसङ्ग पनि यहाँ स्मरणीय हुन आउँछ। त्यस्तै प्रिय कथनलाई पनि वाङमयको तपस्यामा जोड दिइएको पाइन्छ। त्यसैले मिठो बोलीवचनले धेरै मानिसलाई रिझाउन सकिने प्रियवाक्य प्रदानेन सर्वे तुष्यन्ति मानवाः यो भनाइको विशेष महत्व रहन्छ। मिठो र सत्य भएर पनि भलाइ हुने बोली वचनको अपेक्षा साहित्यमा सुविधा पाठकको रहनु स्वाभाविक हो। विदेश वर्मा, थाइल्याण्ड र मलेसियाको यात्रानुभवको वर्णन गरिएको गीताको पत्थरै पत्थरमा स्वदेशको माया-ममता र वस्तुस्थितिको मनोयात्रा पनि पर्याप्त मात्रामा वर्णित छ। यस प्रकारको स्वदेश प्रतिको मनोयात्रा सादृश्यका आधारमा भएको छ। जब लेखकलाई आफ्ना देश, समाज र संस्कृतिका समानान्तर कुराहरू विदेश यात्राका क्रममा देखा पर्दछन् र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नै दृष्ट पूर्व र ज्ञातपूर्व जस्ता लाग्दछन् तव समान किसिमका मिल्दा जुल्दा कुराको सम्झना हुन्छ । यस प्रकारको सम्झनालाई सादृश्य स्मृति भनिन्छ । सादृश्यलाई उपमान उपमेयका रूपमा पनि लिएको पाइन्छ । तुलना, दृष्टान्त र उदाहरणका रूपमा यस कृतिका सादृश्य स्मृतिका आधारमा स्वदेशी मनोमय यात्रा भएको छ भने तनमय या प्रत्यक्ष दैनिक रूपमा विदेश बर्मा थाइल्याण्ड र मलेसियाको यात्रा भएको छ । यस प्रकारको तन मनको समानान्तर द्वैध यात्रामा गीताले श्रीमद्गीता निर्दिष्ट स्वाध्यायनलाई अँगालेको पाइन्छ । देशान्तरीय यस यात्रामा विदेशी संस्कृतिप्रेमी नबनेर लेखक स्वसंस्कृतिप्रेमी बनेको पुष्टि हुन्छ । आफ्ना धर्म, वंश, कुल, जाति र थातीको संस्कार अनुसार साहित्यकारका कृतिमा साँस्कृतिक र सामाजिक पृष्ठभूमि निर्माण भएको हुन्छ । यस पक्षमा पनि लेखकको पर्याप्त होस हेक्का देखिन्छ । विदेशी खासगरी वर्मेली नेपालीको खान पान, परिधान, सामाजिक विधि विधान र जीवन पद्दतिको स्वदेशी नेपाली समाजसँग तुलना गरेर मूल्याङ्कनको निस्कर्ष यसमा प्रस्तुत भएको छ । यस निष्कर्षमा एकातर्फ वर्मेली नेपालीहरू, उन्नतिशील र सम्पन्न भएको उल्लेख छ भने अर्कोतिर शिक्षाको कमी, सीमित शिक्षितमा पनि बेरोजगारी र मान्द्राले बारेका घरवास भएका नेपालीका विपन्नावस्थालाई औल्याइएको छ । यो लेखकीय अन्तविरोध हो । यो स्वाभाविकै हो वर्मेली नेपालीको समान किसिमको जीवनस्तर छैन ।

वर्मेली नेपालीका कतिपय घरवासमा पुगेर रमाइलो मानेकी गीताले अतिथ्य दानशीलता गुम्वा, स्तूप, चैत्पर प्यागोडामा धन र मन समर्पण गर्ने बौद्ध मार्गीलाई उद्योगहीन स्वभावका, धर्मान्ध जस्ता चरित्रका रूपमा चित्रण गरेको पाइन्छ ।

चञ्चले मनको स्वाभाव लिएर २०७० साल माघ ५ गते काठमाडौंवाट वर्मा यात्राको साइत गरेकी गीतासंग कलावती, गोमा संझना र गोमाकी माता समेत सहयात्री भए । पाँचजनाको यात्राको साइत गर्नु अगावै आफ्नो स्वभाव र व्यवहारको अनि घर माइतका श्रीमान् दीपक अर्याल र हजूर आमाको प्रसङ्ग कोट्याएर आफ्नो भययुक्त र भयमुक्त दोधारे स्वभावलाई बताउँदै उत्साहका साथ यात्री गीता अगाडि बढेको अवगत हुन्छ । यदाकदा मनमा सन्देह, भय र द्विविधा भए पनि उत्साह शक्तिको प्रचूरताले भ्रमण गर्न र भ्रमणानुभवजन्य गतिविधिलाई साहित्यिक रुपरेखाका ढाल्न अनि यथासंभव लोकप्रिय र आफूलाई चित्तवुझ्दो कृति तयार गर्ने सङकल्पवोधले भएको यात्राको परिणम हो पत्थरै पत्थर । वर्माका प्राकृत, साँस्कृतिक र निजी आवास (नेपालीका) भ्रमणमा अधिकांश दिन यापन भएको अवगत हुने यस यात्रा सङ्ग्रहमा मनोदैनिक यात्राको वर्णन आकर्षक छ । संवेदनशीलता, स्वाभूति र विवेकिताको यथेष्ठ प्रकाशन भएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस कृतिमा आधुनिक निवन्ध विधाको उपविधा वा प्रेम भेद भनिने संस्करण (Memoir) टड्कारो भएर पाठकका मन-मस्तिष्कमा पनि मनोरम सम्झना हुने गरी भइसकेको छ ।

उत्तर आधुनिक युगमा प्रभावशाली भएर निवन्ध विधाका पृष्ठोधारमा आउने जीवनी आत्मकथा वा वृत्तान्त, रेखा चित्र, डायरी, पत्र-साहित्य, कलात्मक साहित्यिक र भावपूर्ण रिपोर्ट (रिपोर्ताज), अन्तर्वार्ता र भूमिका जस्ता उपविधाको यस युगबाट नेपाली साहित्यकार प्रभावित भएर क्रियाशील भएका छन् । यस प्रकारको नव युगीन प्रभाव र प्रवृत्तिवाट सचेत भएर गीताको साहित्य यात्रा २०६५ देखि परिचय कथा सङ्ग्रहवाट प्रारम्भ भएको देखिन्छ । यो प्रकाशनका आधारमा प्रारम्भ यात्रा हो । लेखनका दृष्टिले अझ अगाडि देखिवाट सुरु भएको हुनुपर्छ । जसरी गीताको साहित्यिक यात्रा एकल र संयुक्त कविता, कथा र नियात्रा सङ्ग्रहका साथ वहुविधा परक भएर देखिन्छ, त्यसरी नै पत्थरै पत्थरमा निहित वा अक्कित यात्रा पनि वहुल देखिन्छ । विमान र विमानघार देखि त्रिदेशीय खास खास धराधामका पचासौ यात्रालाई सुन्दर शव्द शैलीले मञ्चन गरेर पाठक समक्ष सजीव रूपमा प्रदर्शन गर्नु लेखकीय सक्षमता र विपुणता हो यसमा शैली नै मान्छे हो (Style is man) भन्ने मान्यताले ठूलो अर्थ राख्दछ । कुनै साहित्यका विधाको उपविधाको विभाजक वा अन्तविभाजक आधार शैली पनि हो ।

शैली विचारको आवरण, गतिशीलता, श्रृङ्खला र लेखकको शील स्वभावसित सम्वन्धित अभिव्यक्ति प्रणाली हो । शील शव्दबाट वन्ने शैलीले लेखनको स्वभाव संग पनि उत्तिकै घनिष्ठता राख्दछ । शीलं परं भूषणम् भन्ने नीति शास्त्रीहरूले शील स्वभाव अनुस्तर नै मानवीय कर्कलाभहरू अगाडि वढ्दछन् भन्ने दृष्टिकोण प्रक्षेप गरेका छन् । अहिलेको भाष विज्ञान र शैली विज्ञानको सहयात्रा भएको युगमा गीताले आफ्नो निजी शैली निर्माणको क्रमलाई आफ्ना कृतिका माध्यमवाट अग्रसरित गर्दै आएको पाइन्छ । पत्थरै पत्थरमा जसरी यात्राको वहुलता छ त्यसैगरी शैलीको पनि बहुलता छ । नाटकीय शैलीमा प्रस्तुत गरेर पाठकलाई आफूले घुमफिर गरेका ठाउँमा अवलोकनको जिज्ञासा प्रदान गर्नु र उत्सुकता जगाउनु यस कृतिको शैलीगत विशेषता हो । कतै इतिहास कोट्याए, कतै शव्द सिँगारेर, कतै वाक्य बटारेर, कतै उक्ति, सूक्ति र उखान उकेलेर, वर्णनात्मक, विवरणात्मक व्याख्यात्मक, नाटकीय शैलीको प्रयोग भएको पत्थरै पत्थरमा अभिव्यक्ति प्रणालीगत मिश्रण पाइन्छ । इतिहास, भूगोल, वनस्पति जगत् र मानव जगत् कुराहरूलाई सूचनात्मक शैली प्रदान गरिएको यस प्रकारको कृतिले काव्यात्मक सौन्दयपूर्ण शैली पनि प्राप्त गरेको छ । शैलीको सिद्धावस्थर आउने क्रम यस प्रकारका कृतिवाट सन्निकट भएको आभास हुन्छ । यसमा रागात्मक काव्य भाषा नभए पनि निजात्मकताले प्रशस्त प्रधानता प्राप्त गरेको हुँदा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कृतिको अघिदेखि अन्त्यसम्म आत्मापरकशैलीको उपयोग भएर मनस्वी गीताको मनोवैज्ञानिक झलक पनि पाउन सकिन्छ। गीताले बर्मा हालको म्यानमारलाई अनेककोणबाट अध्ययन अवलोकन गर्ने प्रचेष्टा गरे पनि उनको दृष्टिकोण बर्मेली नेपालीको जीवन परिवेशको परिधिबाट बाहिर पुग्न सकेको छैन। या त बर्मेलीको भविष्यमा अन्योल या बर्मेली नेपालीको वर्तमान भन्दा भविष्य अनिश्चित छ कि लेखकीय दिग्दर्शन नहुनु स्वाभाविक हो। लेखक स्वतन्त्र व्यक्ति हो। अहिलेको समसामयिक विगत १० वर्ष देखियताको काल खण्डमा उदीयमान साहित्यबाट गीता रेग्मी स्वकीय स्वतन्त्र अस्तित्व र नारी सामर्थ्य अँगालेर यस्तै सघन आत्म वृत्तान्त परक जीवन दर्शन प्रस्तुत भएको छ।

बौद्ध धर्म दर्शनका आधार शिलामा विकसित बर्मा (म्यानमार) र थाइल्याण्डमा हिन्दू धर्म दर्शनको प्रभाव र प्रेरणाले पनि यत्किञ्चित स्थान पाएको देखिन्छ। बर्माका तुलनामा नेपालीको बस्ती थाइल्याण्डमा नगण्य छ। विश्वव्यापी रुपमा सेतो हात्तीको देश भनेर चिनिने थाइल्याण्डमा पुगेर के अभिप्रायले लेखकीय यात्राको टिप्पणी यसरी आयो "घरबाट रिसाएर वा जीवनदेखि विरक्तिएर मर्न हिडेको मान्छे सर्पले टोक्छ भनेर लालटिन बालेर हिँडे जस्तो भएको थियो हाम्रो यात्रा" यो कथन अधिकांश व्यक्तिका जीवन यात्रामा लागु हुने देखिन्छ। फाँसीमा लड्किन जान लागेको मान्छेले बाटोको छिटोबाट जुत्ता जोगाउन घुमाउरो बाटो हिडेको प्रसङ्ग पनि गीताको टिप्पणीसंग मेल खान्छ। वास्तवमा मृत्यु अवश्य भावी हो, त्यसमा पनि मर्ने निधो गरेको मान्छे अथवा फाँसीको सजाय पाएको मान्छेले मृत्युको मुखमा नपसुन्जेल सहज व्यवहार गरिराख्छ र कालवेला न आउँदै ज्यान फाल्दैन। मरणशील सबै प्राणीको यही धर्म हो। व्यवहार पनि।

थाइल्याण्डको फुकेट यात्रा र खापुन्खाको यात्रा प्रसङ्गमा बडो उत्सुकताका साथ गीताले यौन व्यापारका कुरा उठाएर त्यसप्रति उपेक्षा भाव प्रक्षेप गरेको देखिन्छ। थाइल्याण्डको अनेक विशेषतामा यौन व्यापार पनि मुख्य हो। यसमा सहभागी हुन संसार भरिकै ठाउँ ठाउँबाट यौनाचारी आउँछन् भन्छन्। नाइट लाइफ हेर्न सिलोप पुगेकी गीतालाई यौन क्रीडामा जाने व्यक्तिहरूका बारेमा यसमा लागेका व्यक्तिहरू पढेका, आमा, भाउजू सबैखाले मान्छे छन्, यसलाई (यौन क्रीडा) त यहाँ भाँडा माझेको जस्तै लुगा धोएजस्तै भनौं वा अफिसमा काम गरेजस्तै एउटा रोजगारीका रूपमा लिएका छन् भनेर थाहापाइन्। गीताको मन भारी भयो।" थाइल्याण्डमा यौनाचारलाई युगानुकूल शिष्टाचारमा परिणत गराउने सस्कारले विश्वलाई व्यवस्थित रूपमा वैधताका साथ यौन क्रीडा सञ्चालन गरेर यौन कुण्ठा हटाउन सकिने पाठ सिकाएको मान्ने विद्वान्हरू पनि छन्। संस्कारले सामाजिक मर्यादाले र मानव सभ्यताको उचाइले यस्तो पाशविक यौन कर्ममा उपेक्षा आउनु गीताको देशकाल संस्कार अनुरूपको शिष्टता र अनुशासन हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यौन तत्व अदम्य र अपरितार्थ भएको कुरा विश्वेश्वरप्रसाद कोइरालाको कथा र फ्रायडको यौन मनोविश्लेषणबाट जति छर्लङ्ग हुन्छ, त्यति आहार निद्रामय मैथुनञ्च, सामान्य मेतत् पशुमिर्नरायाण्" यो नीतिपरक वचनबाट पनि पुष्टि हुन्छ । नियात्राकार गीताको उत्सुकता जति यात्रा नियात्रा गऱ्यो उत्ति वढ्दै जाने देखिन्छ ।

पत्थरै पत्थर भित्रका २४ वटा छोटा छरिता तर स्वयंपूर्ण लेख रचना अनेक अनेक ढङ्गले व्याख्या विश्लेषण गर्न योग्य छन् । पाठकवीच रुचि वढाउने र अध्यानको आस्वादनबाट त्यति प्राप्त हुने यस्ता कृतिहरूको संरचना अझै गर्ने उत्साह लेखकमा पर्याप्त छ । त्यसैले गीताको नेपाली साहित्य सृजनाको यात्रा अनवरत चल्ने कुरामा म पूर्ण विश्वरत छु ।

मलेसियाको यात्राका क्रममा रोजगारीका मलेसिया पुगेका नेपाली युवाको दुर्दशा प्रतिदिन हुने मरण नेपाली म्यान पावर कम्पनीका दलाल, अनि कामकाज लगाउने मलेसियाका उद्योग धन्दाका मालिकहरू, राजदूतको अकिञ्चनता, नेपाल सरकारको अनुत्तरदायी व्यवहारका साथै जानी नजानी वुझी नवुझी मलेसियामा हाम्फाल्ने नेपाली युवा कामदारहरू सवै पक्षको त्रुटि दुर्वलता गैर जिम्मेवारीलाई एक एक केलाएर चित्रण गरेको अवस्थाले हरेक पाठकको मुटु कुडिन्छ, मस्तिष्क बिलथिलिन्छ, हृदयवितीर्ण हुन्छ, माथि उल्लेख गरिएका सवै धूर्त दुख, निर्लज्ज तत्वहरूको पर्दाफास हुन्छ । यसरी हृदय हल्लाउने गरी क्वालाम्पुरको सीमित समयमा देखे भोगेका अवस्थालाई सर्वाङ्ग, जिरिङ्ग हुने गरी वर्णन चित्रण र प्रतिविम्वन गर्नु लेखकको अद्वितीय क्षमता हो ।

अन्त्यमा देश देशाटनको यात्रा र साहितय सृजनाको यात्राको निरन्तरता र सफलताको कामना गर्दछु । आफ्ना देखे सुनेका पढे भोगेका र स्वतः स्फूर्त व्यक्तित्वका वहुमुखी प्रतिविम्वलाई पत्थरैपत्थरमा अटाएर वहुमूल्य पत्थरको व्यापार व्यवसायले प्रसिद्धि पाएको आधारमा सार्थक शीर्षक चयन गर्नुमा पनि लेखकीय चातुर्यले भूमिका खेलेको छ । यसका लागि पनि लेखकीय गुण विशिष्ट भएकी गीता धन्यवादी सम्झन्छु । यस्ता कृतिको आस्वादन र विवेचन दीर्घकालसम्म चल्दै जाने र लेखकले स्यावासीको सधै हौसला प्राप्त गर्दै जाने प्रवल सम्भावनामा पनि म विश्वास गर्छु र यही कलात्मक कार्य यात्रामा निरापद मार्ग प्रशस्त हुनेमा मेरो पूर्ण विश्वास छ । नोवेल पुरस्कार विजेता आङसान सुकी र उनको देशलाई भेट्ने तीव्र अभिलाषामा वर्मा लागेको गीताजीको यात्रामा सुकीको घर देखेर पार्टी अफिस देखेर नेपालका सर्वोच्चनेता गणेशमानको सामान्य एकनासे सफल व्यवहार संझिदै उनमा ठूलो हेक्का आयो । शालीनता र दृढ सङ्कल्पले नै देशलाई निकास दिँदो रहेछ भन्ने दिव्य चेतना प्राप्त भयो । देश र जनताका लागि वेलायतको सुख सयल मुक्तधर परिवार छाडेर वर्मामा सङ्घर्षरत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यागी निरभिमानी सुकीको व्यक्तित्व र नेतृत्वलाई विभिन्न पथपत्रिकाले दलाई लामा, नेल्सन मण्डेला, महात्मा गान्धी र नेपालका बीपी कोइरालासँग तुलना गरेको संझदै लेखक गीतालाई भावावेगी बनाएको प्रसङ्ग विछट्टै मर्म मधुर छ।

यस प्रसङ्गवाट गीताले देशभक्ति नारीको देश र जनताका निम्ति भएको उदाहरणीय कर्ताको रुपरेखा दर्साउन समर्थ भएको स्पष्ट छ । यस क्रममा गीता रेग्मीको आफ्नो देशको दशा पनि देखिएको छ । त्याग तपस्या, सङ्घर्ष र सुशीलतापूर्ण व्यवहारको ज्ञान र कर्म योगको आधुनिक युगीन सेमीकार्यता पनि सहसा हृदयस्पर्शी हुने गरी नेपाली पाठकलाई प्रदान गरेका अवगत हुन्छ। आङसान सूकीको त्याग-तपस्या देश र क्षमता प्रतिको श्रश्था र क्षमता मानवाधिकार र स्वतन्त्रताको दृढ सङकल्प निरङ्कुश शासनको उन्मूलन जस्ता प्रकार्यमूलक विचार व्यवहारले वर्मा विश्वको राजनैतिक मञ्चमा चर्चित भयो । अनेकौं देशी विदेशी निरङ्कुशताले थिचोमिचोमा परेको कहिले मङ्गोल साम्राज्यले कव्जा गरेको, कहिले थाइल्याण्ड र लाओससँग लड्न परेको, कुनै बेला वेलायतको आक्रमण र कव्जावाट प्रति ब्रिटिस आहत हुन नसकेको कुनै वाल खण्डमा ब्रिटिसराजको उपनिवेश भएको कुनै बखत सैनिक शासनको जकड वन्धनमा परेको बर्माले प्रजातन्त्रवादी नारी चेतनाको अग्रणी नेतृत्वले नयाँ निकास पाउने क्रममा छ । प्रतिशत भन्दा बढी बौद्ध धर्मावलम्वी जन समुदाय भएको वर्मालाई अझगति दिने निस्वार्थी संघर्षशील, त्यागी आङसाङ सूकीको त्यागी, राष्ट्रवादी मानवतावादी र प्रजातन्त्रवादी कार्यव्यवहारवाट हामी जस्ता नारीले आत्मवलको साथ राष्ट्रिय जागरणको कार्यमूलक भावना ग्रहण गर्नुपर्दछ भन्ने सन्देश सञ्चार गर्नमा पो प्रसङ्ग अग्रसरित गरिएको छ कृतिमा । सन्देशलाई समसामयिक र देशकाल सापेक्ष बनाउनु गीताको सम्वन्धिक यात्राको महत्वपूर्ण उपलब्धि र अनेक चेतनाको पाठकीय प्राप्ति पनि हो । यहींनेर चरन्वै मधु विन्दति अर्थात् घुमफिर गर्दा अनेकौ राम्रा मिठा कुराको लाभ हुने अभिप्रायलको वोध हुन्छ । वेदमा भनिएको छ चरैवेति चरैवेति अर्थात हिडडुल गर्दै नव चेतनाको आहार प्राप्त कार । यसरी उपदेश भन्दा उदाहरण राम्रो (Example is better then precept) भन्ने आत्मोदाहीण (self example) प्रस्तुत गर्ने गीताको सर्वोदयको कामना गर्दछु। सत्य सौज्दर्य र शिवमत्वपूर्ण नेपाली साहित्य साधनामा निरन्तर सृजन शीलताको अपेक्षा राख्दछु। साहित्यिक तपस्याको सिद्धि प्रसिद्धि र व्यापप्तिको निमित्त अविरल सृजनात्मक यात्राको मङ्गलमय कामना गर्दछु । तव वर्त्मदि वर्तता शिवम् हवाज जस्तै चारै तिर अव तिमी नित्य बहनू ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पद्यावली

प्रा. शिवहरि मरहट्टा

क) शुभकामना

भाषा संस्कृति सभ्यता- कुसुमका उद्यान जो सुन्दर
बन्ला दर्शनयोग्य काव्य र कला सङ्गीतको मन्दिर ।
सारा उद्यत विज्ञ प्राज्ञ जनका प्रज्ञामुखी स्पन्दन
वर्षाऊन् परिणाम सार्थक नयाँ यो कामना गर्छु म ॥

ख) त्रितत्त्व-महिमा

शिल्पी शिल्प र रङ्गसाधनविना हुन्नन् कला सुन्दर
कर्मी कर्म कुचो सुयोग्य नभए बाटो सफा बन्छ र ?
यौटा मात्र अपाङ्ग दुर्वल भए बन्ला र राम्रो घर
चक्का विग्रन गो भने यदि कुनै गाडी कहाँ गुड्छ र ?

ग) पीडा

कस्ले इज्जत सम्झलान् घरघरै भोका र नाङ्गा भए
कस्को पेट भरिन्छ भाषण तथा नारा सुनौला दिए ।
जग्गा बिक्रि गरेर वा ऋण लिई पर्देशका वन्धन
कल्पेरै युवपङ्क्ति दिन्दिन सयौं जाहाज चढ्छन् किन ?

॥ १ ॥

तातो वाफसँगै प्रचण्ड रविले अत्त्याउँदैमा पनि
भुल्थे रे किन वीरसन्ततिहरू कतव्यको पालन ।
अल्पिन्छन् सुखचाहना हिमसरी दारिद्रयका तापमा
खप्तै कष्ट र यातना कतिकती, सुस्ताउँछन् आसमा ॥

॥ २ ॥

खाडीमा बहदै छ जो श्रमनदी नेपालका काखमा
बग्ने ती दिन पर्खदै छ जनता आशा र विश्वासमा ।
जान्छन् बाकसभित्र लास, दिनहूँ सुन्दा र देख्दा पनि
पीडा भित्र लिँदै छरिन्छ बलले निर्माणका रोशनी ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

॥ ३ ॥

आयौ खान नपाइ यो मुलुकमा' यस्ता अहम् भावमा
कस्को चित्त कुँडिन्न रे सगरको माथा हुने देशमा
फर्केलान् सब ती स्वदेश कहिले चिन्ता र चासो त यो
कामै गर्न दिने नयाँ मुलुकको खोजी छ के घट्तथ्यो ?

॥ ४ ॥

नाना ती उपभोग्य वस्तुहरूको अन्तै छ धेरै भर
आफ्ना संस्कृति धर्मका विषयमा देखिन्न नीति स्थिर ।
शक्ति स्रोत प्रयोगनिम्ति परकै राखिन्छ ठूलो डर
प्यारो सुन्दर वीरदेश कसरी अल्भन्छ चारैतिर ॥

घ) आत्मरति

१. सपना जपना पद वित्तको
न विवेक छ धर्म अधर्मको ।
कति स्वैर प्रवृत्ति सबैतिर
खहरेसरि हुत्तिन आतुर ॥

२. दृढ नैतिक मूल्य चरित्रको
वलमै महिमा हिमदेशको ।
किन विक्रम विग्रह ल्याउन
पहिचान-प्रभा धमिल्याउन ॥

३. अवरोध विभाजनका कथा
कति अङ्ग-उपाङ्गमुखी व्यथा ।
सवको नगरेर विवेचन
कुन सक्छ यथार्थ चिनाउन ?

४. दृढ नीति विचार सुने भय
छलछाम पलायन छन् प्रिय ।
छ त दोष जहाँ जब दृष्टिको
कुन चिन्छ र रूप सुवर्णको ?

५. जुन रूप र रङ्ग अधिल्तिर
मणिमा सरि, विम्बित आखिर ।
शुभ सृष्टि छँदा पनि के गरी
प्रिय वन्न पुग्यो भ्रम-माधुरी ॥

६. जब साधक साधन शोभित
अनि कर्म जहाँ छ प्रशंसित ।
त्रिपथी अभियान नभैकन
सुखचन्द्र दियून् किन दर्शन ?

ङ) रसराग

१. किन हो मधुमास वसन्तमा
मनमोहक छन् रस वासना ।
जसका गुन चिन्न चिंनाउन
कति सक्रिय ती भमरागण ॥

२. भव नाटकवाट रमाउन
कति गर्दछ नृत्य र गुञ्जन ।
महिमा नबुझेर वसन्तमा
किन छर्थे रससिक्त भावना ?

३. न त चञ्चल ती रस आसमा
न निराश हुने रवितापमा ।
न प्रवृत्ति छ मित्र सताउने
भमरागुण के छ विझाउने ?

४. कति हर्ष छ कीट-पतङ्गमा
सरस पुष्प लता निकुञ्जमा ।
धमिरा कमिलाहरूका मन
ऋतु मास विभेद लियून् किन ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५. जति मित्र बनेर हिँडे पनि
जति रमाउँदछौं भने पनि ।
धमिराहरूको रसकामना
किन पूर्ण बनून् अरु मासमा ?

६. भय त्रास न वा रसरागमा
भमरा न त पुग्छ जहाँतहाँ ।
जब चाल चरित्र त भिन्न छन्
किन कर्म र वास समान हुन् ॥

७. परजीवनतर्फ न छन् मन
न त गर्नु कुनै विधिपालन ।
मुनिवृत्ति, विवेक लियून् कता
धमिरापथमा रस के कता ?

८. वनजङ्गलमा घर गोठमा
कति भित्र घुसेर समूहमा ।
क्षत विक्षत पार्न रुचाउने
धमिरागुण के छ र सम्झिने ?

९. दुइटै छ प्रवृत्ति समाजमा
तलदेखिन् कति माथिसम्ममा ।
जसरी जलका दुध हाँसले
सवका गुण चिन्नु विवेकले ॥

दण्डपाणि अर्ज्याल स्मृति केन्द्र
काठमाडौं

आर्थिक वर्ष २०७५ आषाढ मसान्त सम्मको विवरण

१	पूंजि तथा दायित्व विवरण	यस वर्ष २०७५	यस वर्ष २०७४
	तिर्न बाँकी		५,०००।००
	बचत		
	गत वर्षको	१,५४,३९३।२०	१,१६,४९,७।२०
	गत वर्षको हिसाब मिलान		
	यस वर्ष थप रकम	६२,५३९।२४	३२,८९६।००
	अक्षय कोष		
	म्हेपी बचत तथा ऋण सहकारी	९,७५,०००।००	९,७५,०००।००
	गोरखा बचत तथा ऋण सहकारी	१,५०,०००।००	१,५०,०००।००
	जम्मा	१३,४१,९३२।४४	१२,७९, ३९३।२०
२	सम्पत्ति तथा जायजेथा		
	नगद तथा बैक मौज्दात		
	म्हेपी बचत तथा ऋण सहकारी (बचत)	१०,३७४।००	३५,९३६।००
	म्हेपी बचत तथा ऋण सहकारी (मुद्दती)	९,७५,०००।००	९,७५,०००।००
	गोरखा बचत तथा ऋण सहकारी (बचत)	७१,५५८।४४	६१,४१७।२०
	गोरखा बचत तथा ऋण सहकारी (मुद्दती)	१,५०,०००।००	१,५०,०००।००
	रा.बा. बैक बालाजु शाखामा भएको	१,३२,०००।००	५४,०४०।००
	म्हेपी बचत तथा ऋण सहकारी (शेयर)	३,०००।००	३,०००।००
	जम्मा	१३,४१,९३२।४४	१२,७९,३९३।२०

कोषाध्यक्ष | सचिव | अध्यक्ष | लेखापरिक्षक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपति क्षेत्रका अभिलेखहरू सम्बन्धमा केही चर्चा

✍ प्रकाश दर्नाल



मृगस्थलीको दुई चिरापरेको शिलालेख

राष्ट्रिय अभिलेखालयले आ.व. २०७३/७४ मा ललितपुर जिल्ला र आ.व. २०७४/७५ मा भक्तपुर जिल्लाको अभिलेखहरूको लगत राख्ने कार्य सम्पन्न गरेको थियो । हुन त राष्ट्रिय अभिलेखालयमा पण्डित सिद्धिहर्ष बज्राचार्य र उनका छोरा चित्तहर्ष बज्राचार्यले तीन हजार भन्दा बढी शिलालेखका उतारहरू सङ्कलन गरिदिएकाले नै आज लिच्छविकाल र मल्लकाल आदिका हजारौं अभिलेखहरू Rubbing (उतार) को माध्यमले अध्ययन अनुसन्धान गर्न सकिएको छ । यदि यसरी समयमै उतार, नगरीएको भए ती शिलापत्रहरू समयको क्रममा अक्षर नचिनिने, फुट्ने, पाप्रा, उप्किने भएर नष्ट भएका हुन्थे भने कतिपय शिलापत्र मान्छेहरूले इनामेल रङ्ग लगाई दिने, सेतो चुना पोत्ने, तेल दल्ने, अक्षर समेत छोप्ने गरी गाढ्ने, घाममा सिधा राख्ने आदि कार्यले गर्दा शिलापत्रहरू धेरै नोक्सान भएका छन् । त्यसैले शिलापत्रहरू कहाँ कस्तो अवस्थामा छन् भन्ने तथ्य थाहा पाउन समय समयमा तिनको अवस्थाबारे अनुगमन र मूल्याङ्कन गरी रहनु पर्छ । २०७२ साल बैशाख १२ गते गएको विनाशकारी गोरखा भूकम्पपछि धेरै जनधनको साथै सयौं सम्पदाहरूको क्षति भएकोले पनि अभिलेखहरूको अद्यावधिक तथ्यहरू थाहा पाउन अत्यावश्यक थियो । यसबाट कुन अभिलेख कस्तो अवस्थामा छ भन्ने पत्ता लाग्छ भने, कुन हरायो वा नासियो भन्ने पनि थाहा हुन्छ । पहिले शिलापत्रहरूको लगत राख्दा स्थान, नामं एउटा थियो भने अहिले फरक हुन जाँदा ती



भूकम्प पछिको जलद्रोणीमा हाल माला भुण्ड्याएर राखेको (अभिलेख कोषमा राखिएको)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



भस्मेश्वरको पहिलेको अवस्थाको शिलालेख

शिलापत्र पत्ता लाग्न गाह्रो भएको यथार्थ पनि छ । पहिले दाताहरूले शिवलिङ्गहरू प्रतिष्ठा गरी अभिलेख कुँदाएर प्रशस्त जग्गा गुठीहरू राखिएका स्थानहरू अहिले व्यक्तिहरूको घरभित्र कैद हुन पुगेको छ (वज्राचार्य, २०३०, ५०) । लिच्छविकालका १५०० वर्ष अगाडिका ती शिवलिङ्गहरू त्यस्तो अवस्थामा देख्दा यस क्षेत्रमा लाग्नेहरूको मन चसक्क हुन्छ । सम्वन्धित निकायले यसको व्यवस्था गर्न अव विलम्व गर्न हुँदैन । प्रस्तर, तामा, काष्ठ, फलाम, चाँदी, सुन, मृत्तिका (टेराकोटा) आदिमा कुँदिएका अभिलेखहरू पहिले झैं स्मारक, वहा- वही, ढुङ्गेधारा, सत्तल पाटी, चैत्य, मन्दिरहरूको विवरणको साथ साथै अभिलेखको फोटो र यसको स्थानको फोटो समेत हुँदा अव अनुसन्धानकर्ताहरूलाई स्थान पत्ता लगाउन सजिलो हुन्छ । पहिले लेखिएका कैयौ स्थानहरू अहिले थाहा पाउनेहरू धेरै कम छन या त छँदै छैनन् । त्यसैले फोटोसहितको लगत राख्ने र GPS पनि दिइने हुँदा यसको महत्वको साथै विशेषता पनि थपिएको छ । अव स्थान र अभिलेख खोज्दा न अल्मलिनु पर्छ न द्विविधा हुन्छ ।

यो आर्थिक वर्ष २०७५/७६ मा काठमाडौं महानगरपालिकाको १ देखि १६ वडा सम्मका सवै अभिलेखहरूका लगत तयार गर्ने योजना वमोजिम यो पङ्क्तिकारको अगुवाइमा अभिलेख विशेषज्ञ श्यामसुन्दर राजवंशी, कुलनाथ के.सी., हिरारत्न वज्राचार्य र राजेन्द्र स्थापितको टोली कार्यस्थलमा खटिएको थियो । यहाँ पशुपति क्षेत्रसँग सम्वन्धित लिच्छविकालीन अभिलेखहरू र फेला परेका शिलापत्रहरूको जानकारी दिने हेतुले संक्षेपमा चर्चा गर्न लागेको छु ।

भस्मेश्वरको सफा गरे पछिको शिलालेख

पशुपति क्षेत्र नेपालको पुरातात्विक, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक रूपमा प्रसिद्ध पवित्रस्थल हो । यहाँ मूर्ति, स्मारक, मन्दिर, मठ, आगँछें, शिवलिङ्ग, पाटी, सत्तल, देवल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आर्यघाटको सूर्यमण्डलको पहिलेको अवस्थाको शिलालेख

आदि गरेर सयौं महत्वपूर्ण सम्पदाहरू छन् । शिलापत्र, ताम्रपत्र र ऐतिहासिक पत्र पनि सयौं पशुपति क्षेत्रसंग सम्बन्धित रहेको देखिन्छ । पुरातत्व विभाग र राष्ट्रिय अभिलेखालयले यहाँ विगतमा पनि मूर्ति तथा अभिलेखको फोटो सहितको लगत राख्न प्रयत्न गरे तापनि सकेको थिएन । तर यस पटक अभिलेखालयको प्रयासलाई पशुपति क्षेत्र विकास कोषले सकारात्मक रूपले लिई कार्यलाई सफल पार्न सहयोग गऱ्यो । यसमा महेश भट्टको सहयोग विर्सी नसक्नु छ । तिलगङ्गाको त्रिविक्रम मूर्तिमा रहेको मानदेवको संवत ३८९ को अभिलेखबाट कामको शुरुवात गरिएको थियो । सधैं पानी जमी रहने पादपीठमा अहिले भुईंमा सिमेन्ट व्लक छापेकोले पानी जमेको पाइन्न ।

पशुपति आर्यघाटवाट मृगस्थली जाने बाटोको पुलदेखि केही माथि ढुङ्गाको सिंढीको दक्षिणतर्फ शिवलिङ्गमा संवत ४६७ को रामदेवको अभिलेख छ । त्यसैको दक्षिणतर्फ राममन्दिर जाने बाटोमा उत्तर फर्काएर राखिएको उमामहेश्वरको मूर्ति छ । यसको पादपीठमा मानदेवकालीन अभिलेख भए पनि हाल जमिनमुनि गाढिएको छ । मृगस्थली स्थित नरहरिनाथ सङ्ग्रहालय अगाडिको एउटा शिलापत्र दुई चिरा भएको देखिन्छ । वि.सं. १९२२ को यो शिलापत्र रसायनविदको निर्देशनमा जोडेर राख्न सकिन्छ । नरहरिनाथ सङ्ग्रहालयमा दुइवटा शिलापत्र छ । एउटामा वि.सं. १९९७ र अर्को रातो माटोले पोतिएको अक्षर नदेखिने थियो । त्यसलाई सफा गरेर हेर्दा संवत ८९२ को पाइयो ।

पशुपतिको पश्चिम बाटोको प्रवेशद्वारको बायाँतिर गणेश मन्दिर छ । यसको पश्चिममा अंशुवर्माको संवत ३९को अभिलेख छ । तर २२ पंक्तिको यो अभिलेख अहिले २१ पंक्ति मात्र देख्न सकिन्छ ।

यसै अभिलेख अगाडि वाटोमा संवत ४३७ को जलद्रोणीमा

आर्यघाटको सूर्यमण्डलको सफा गरेपछिको शिलालेख

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



धन्दो चैत्यको लिच्छवि शिलालेख

धन्दो चैत्यको आधा पत्ता लागेको शिलालेख (हाल चारुमति विहारमा)

अभिलेख थियो । २०७२ सालको भूकम्पमा यो भत्केको हुँदा नरोत्तम वैद्यले सुरक्षाको लागि कोषमा बुझाएको थाहा पाएर त्यहाँ हेर्न जाँदा स्टोरमा फेला परेन । यसैसंगै दक्षिणामूर्ति मन्दिर छ । यसको पश्चिमतिर केही उकालो गएपछि दक्षिणतर्फ फलामको ढोका देखिन्छ । यहाँ घरको तल रत्नसंघको संवत ३९९ र ४०२ को दुईवटा शिवलिङ्गमा अभिलेख छ । यसैको पर्खालको दक्षिणमा कागेश्वरी महादेव शिवलिङ्गमा ५ पंक्तिको प्रभु संघको संवत ४०२ को लिच्छवि अभिलेख छ । तर त्यहाँ जान दक्षिणको पसल भएको घरवाट जानु पर्छ । सूर्यघाटमा संवत ४२७ को विजयवतीको अभिलेख भएको शिवलिङ्ग छ । कुनवेला भुस्खलनको चपेटामा पर्छ भन्ने डर छ । त्यसैले सुरक्षाको व्यवस्था गर्न ध्यान दिनु पर्ने देखिन्छ । भस्मेश्वरको अभिलेख कालो चिल्लो दलेर अक्षर देखिएको थिएन । पछि त्यसलाई सफा गरेपछि संवत ४५५ को अभिलेख पढ्न सकिने भयो । त्यस्तै आर्यघाटको यमराज मूर्तिसंगैको गोलो प्रस्तर सूर्य मण्डल भए पनि अक्षर देखिएको थिएन । सुशिल गौतमले यही नै अक्षर छ भनेपछि सफा गर्दा संवत ४५२ को एक पंक्तिको लिच्छवि अभिलेख देखियो । राजराजेश्वरी मन्दिरमा ने.सं ५२८ को शिलालेख छ । वनकाली मूर्ति पादपीठमा पनि लिच्छवि अभिलेख छ । तर अर्को वनकाली प्रस्तर शिलालेख भेटिएन । पशुपति मन्दिर जाने बाटोको उत्तर तर्फ हाल जुत्ता राख्ने ठाउँको पश्चिममा गचाननी पर्दछ । यहाँ संवत ४८७ को स्वामीवार्त्तको अभिलेख मात्र छ । यसमा उल्लेखीत शंकरनारायणको मूर्ति चोरी भई सक्यो । पञ्चदेवलको दुई लिच्छवि अभिलेख मध्ये पश्चिमपट्टिको शिवलिङ्गको जलहरिमा १ पंक्तिको छ । तर पश्चिम उत्तर कुनाको शिवलिङ्गको संवत ४१० भेटिएन । वरुण ढुङ्गेधारामा स्वस्ती श्री मानदेव संवत १०३ ताका तदनुसार भने पनि मूल अभिलेख कहाँ छ भन्ने स्पष्ट भएन । जयवागेश्वरी मूर्तिमा पनि लिच्छवि अभिलेख छ । संगैको ढुङ्गेधारामा जयस्थिति मल्लको ने.सं ५०८ को अभिलेख रहेको छ । नवाली गणेश मन्दिरमा ने.सं ९४७ र पश्चिम तर्फको पाटीमा ने.सं. ८६३ को शिलालेख भएकोमा हाल पाटी छैन । घरको ढोकामा राखिएको छ । चावहिल धन्दो चैत्यको दक्षिण प्राङ्गणमा रहेको लिच्छवि चैत्यको संवत १०२ को अभिलेख पनि अक्षरहरू झन खिइदै गएको देखियो । यो अभिलेख आ.व. २०५९/६० मा चैत्यको जीर्णोद्धार गर्ने क्रममा भुइंमा इँटा छाप्न माटो निकाल्दा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri


चैत्यमा फेला परेको ब्राह्मी लिपिको ईंटा (हाल राष्ट्रिय संग्रहालय छाउनीमा)

पहिलो पटक पत्ता लागेको थियो। त्रयोदश भुवन जीर्णोद्धार गर्दा प्रचलित लिपि, ब्राह्मी लिपि तथा भुजिमोल लिपिमा लेखिएका ईंटाहरू भेटिएका थिए । ती सबै राष्ट्रिय सङ्ग्रहालयमा राखिएका छन् । त्यस्तै चैत्यको पश्चिम तथा उत्तरतर्फका वुद्ध मूर्ति माथि ढुङ्गाको प्रस्तर लिच्छवि चैत्य छ । ती चैत्यको मुनि गोलो ढुङ्गामा लिच्छवि अभिलेखहरू छन् (दर्नाल, २०६२, ५१/५२) ।

त्यस्तै धन्दो चैत्यको पश्चिमतर्फ लिच्छवि अभिलेख सात पङ्क्तिको थियो। यसमा संवत् र राजाको नाम नभएकोले चाँगु भन्दा पुरानो अनुमान गरिएको थियो । जीर्णोद्धार गर्दा त्यसलाई सारेर दक्षिणपट्टि राखे । यसको वुट्टा हेर्दा आधा भाग मात्र हो भनेर लेखेको थिए (ऐजन, पृ.५८) । चैत्यमा सेतो रङ्ग लगाउँदा शिलापत्रहरूमा पनि रङ्ग पोतेकाले अक्षरहरू देख्न नसकिने अवस्थामा छन् । अव यसलाई रसायन उपचार गरी पढन सक्ने अवस्थामा ल्याउन खर्च र समय लाग्छ । यसैले सम्वन्धित पक्ष वेलैमा सचेत भएको भए यो अवस्था आउने थिएन । धन्दो चैत्यवाट चारुमती महाविहार जाँदा त्यहाँ अर्को आधा भाग देख्न पाउँदा हामी निकै खुशी भएका थियौ । यसमा संवत ४२१ अर्थात मानदेवकै समय थियो । सवैको चासो हुने भएकोले गोरखापत्रमा २०७५ पुस २६ गते **धन्दो चैत्यको शिलालेख भेटियो** भन्ने खवर छापियो । पहिले यो क्वापाद्यः भित्र लोकेश्वरको पादपीठमा थियो । पछि नयाँ पादपीठ बनाउँदा यो प्रस्तर वाहिर राखिएको रहेछ । काष्ठ तोरणमा ने.सं. ७७७ को अभिलेख छ ।

पशुपति मन्दिर प्राङ्गणको दक्षिणतर्फ छत्रचण्डेश्वर मूर्तिको पादपीठ, मूर्तिको पछाडि (पूर्व) र दक्षिणतर्फ गरेर तीनवटा लिच्छवि अभिलेख पाइन्छ । त्यस्तै उत्तरतर्फ त्रिशुलको पूर्वतिर संवत् ४१३ को जयलम्भको अभिलेख, पश्चिममा अन्नपूर्ण मूर्तिको पादपीठमा ने.सं. ७९६ को अभिलेख र चण्डेश्वर मन्दिरनिर ने.सं ५२३ को शिलापत्र छ । वासुदेव मन्दिर र छत्रचण्डेश्वर पूर्व दक्षिण रहेको धनेश्वर महादेव मन्दिरमा क्रमश प्रतापमल्लको ने.सं ७७० र ७९६ को शिलालेख छ । कोटीलिङ्गेश्वर मन्दिरको दक्षिणतर्फ शिवलिङ्गको पादपीठमा संवत ४६२ को आभिरी गोमिनीको अभिलेख रहेको छ ।

पशुपति मन्दिरभित्र दक्षिण पश्चिम कुनामा केही शिलापत्रहरू भित्तामा राखिएका छन् । ती मध्ये एउटा उत्तर फर्काएर राखिएको, फक्रेको कमल फुल भएको झण्डै चारपाटा आकारको शिलालेखले सवैको ध्यान खिच्छ । यो द्वितीय जयदेवको प्रसिद्ध संवत १५७ को अभिलेख हो । यस्तै पूर्व फर्काएर पश्चिम भित्तामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्रमशः दायाँवाट वायाँ तर्फ ने.सं ७७८, ५७४, ५३३, ५१३, स्पष्ट नभएको, ७७५, १८६५ र ७९६ का शिलापत्रहरू राखिएका छन् । यी शिलापत्र भन्दा पूर्वतर्फ लहरै तुलादानका प्रस्तर स्तम्भहरू छन् । सवै स्तम्भमा अभिलेख कुँदिएको छ भने केही प्रस्तरको पछाडि लौह अभिलेखहरू पनि छन् । लालगणेशको दक्षिणमा रहेको कृष्ण मन्दिरको उत्तरतर्फ ने.सं. ७९७ र जलसयन नारायणको पूर्व तर्फ ने.सं ७८२ को अभिलेख छ । यसै गरी मन्दिरको दक्षिणतर्फ दुई प्रस्तर स्तम्भमा प्रतापमल्लको ने.सं. ७७७ को अभिलेख देख्न सकिन्छ । पशुपति मन्दिरभित्र देखिएका शिलापत्रहरूको लगत राखेपछि दक्षिण पश्चिम कुनामा थुपारिएका प्रस्तरहरू पल्टाएर हेर्दा ने.सं ७०२, आधा भाग शिलापत्र, १९०३, २५ पंक्ति ? ७९३, ८०१, १९२९, १८८७, ८??, यक्षमल्ल, ९५५, ७७२, पार्थिवेन्द्र मल्ल, पढ्न नसकिने ? गरेर १४ वटा शिलापत्रहरू भेटिए । कुलानन्द झाको सानो सदावर्त पाटीमा घोप्टाएर राखेको शिलापत्रको अक्षरहरू पाप्रा उप्केर मिति चिन्न नसकिने अवस्थामा पाइयो । चाखलाग्दो कुरा त कोषको कार्यालय वाहिर थुपारेर राखेको प्रस्तर वुट्टाहरूमा विजयदेवको संवत् १७३ को अभिलेख रहेछ । ग्यारेजमा ने.सं. ४३७ र १०२१ का अभिलेख देखियो । स्टोरमा भर्पाइ गरेर राखेको संवत् ४३७ को जलद्रोणी अभिलेख खोज्दा यहाँ राखेको भेटियो । अर्को ने.सं. ९७३ को अभिलेख पनि पाइयो । श्यामसुन्दर राजवंशीले पशुपति मन्दिर स्थित मातृकाको सिंढीमा भेटिएको संवत ३८१ को अभिलेख (शिवशरण राजभण्डारीको समयमा) कहाँ छ भनी कोष, गुठी तहविल सवैलाई सोध्दा पनि कसैले वताउन सकेन्न् । त्यतिबेला उनले वडो मुश्किलले Rubbing (उतार) राख्न सकेकोले अहिले उपयोग गर्न पाइएको छ । तर मूल प्रस्तर अभिलेख खोज्ने अभिभारा त कोषकै हो नि त । उनले नै वासुदेव मन्दिरको उत्तर पर्खाल रत्नकुमारी मन्दिर संगै ६ पंक्तिको र पूर्वतर्फको सूर्यनारायण मन्दिरको उत्तर गारोमा ३ पंक्तिको लिच्छवि अभिलेख देखाई दिएकोले हामीलाई थाहा भयो । वागमती जाने पूर्वी ढोकाको लामो प्रस्तरमा पनि लिच्छवि अभिलेख भएको तर अध्ययन नै नगरी पुरेको भन्ने थाहा भएकोले कोषले आफ्नो दायित्व निभाउने नै छ ।

सन्दर्भ ग्रन्थहरू :

* धनवज्र बज्राचार्य, २०३०, **लिच्छविकालका अभिलेख,** नेपाल र एशियाली अध्ययन संस्थान, त्रि.वि.वि. काठमाडौं ।

* डा. गोविन्द टण्डन, २०५६, **पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन** (दुई भाग) अभिलेख खण्ड, श्री झरेन्द्र शम्शेर ज.ब.रा. तथा श्रीमती मञ्जु राणा, काठमाडौं ।

* प्रकाश दर्नाल, २०६२, चावहिल स्थित धन्दो चैत्य जीर्णोद्वार बारे केही चर्चा, प्राचीन नेपाल, सङ्ख्या १५९, पुरातत्व विभाग, काठमाडौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिभा परिचय

कपिलचन्द्र खनाल

डा. हरिप्रसाद पोखरेल मानसाग्निको जन्म २०२० चैत्र २२ गते पाल्पा जिल्लाको तानसेन नगरपालिकामा पिता यज्ञप्रसाद र माता यानकुमारी पोखरेलको कान्छो सन्तानको रूपमा एक मध्यमवर्गीय किसान परिवारमा भएको हो । सानैदेखि सुन्दर प्रकृतिको एकान्तमा रमाउँदै जीव वनस्पति र समग्र प्रतिजगतको साथै मानव सभ्यता, धर्म संस्कृतिका रहस्यमा चिन्तन-मनन गर्ने अन्तर्मुखी स्वभावका उहाँ वर्तमानमा योग साधना, प्राकृतिक चिकित्सा र प्राकृतिक जीवन शैलीका अभियन्ताका रूपमा सुपरिचित हुनुहुन्छ । निष्काम कर्मयोगमा विश्वास राख्ने उहाँ मानव रूपान्तरणको क्षेत्रमा क्रियाशील रहनुभएको छ । उहाँले स्वधर्म अन्तर्गत शरीरयोग, विश्वयोग र अनादियोगको अभिधारणालाई अघि सार्नु भएको छ । यी तीनवटा योगको अन्वेषणले जीवनको उचाइ प्राप्त गर्न सक्छ भनी मौलिक धारणा व्यक्त गर्ने उनी सादा जीवन र उच्च विचारका संवाहकका रुपमा देखिन्छन् । हिमवत्खण्डभित्रको नेपालबाट योग थालनी भई विश्वमा विस्तार भएको सन्दर्भलाई विशेष प्रामाणिकताका साथ उठाउँदै उहाँले माघ १ गतेलाई विश्वयोग दिवसका रूपमा मनाउने कार्यको प्रारम्भ गर्नुभयो । मकर सङ्क्रान्तिका रूपमा मानिदै आएको माघ १ गते समाजशास्त्रीय, धार्मिक, सांस्कृतिक दृष्टिले नयाँ वर्ष थालनीको दिन त हुँदै हो योग र साधनाको दिन पनि हो भन्दै उहाँले उक्त दिनलाई अन्तर्राष्ट्रिय योग दिवसको रूपमा मनाउनुपर्छ भन्दै संयुक्त राष्ट्र सङ्घमा प्रस्ताव लैजानु पर्ने अभियान चलाउनुभयो । तर दुर्भाग्य राज्यको तदर्थवादी सोच र अकर्मण्य प्रवृत्तिका कारण सो सम्भव हुन सकेन । योगको गुरुदेश अनि गन्तव्यदेश नेपालले आफ्नो प्राचीन गौरव र गरिमा कायम राख्न सकेन ।

उहाँले नेपाल सरकार स्वास्थ्य मन्त्रालय र शिक्षा तथा खेलकुद मन्त्रालय अन्तर्गतका ४० भन्दा बढी विभिन्न समिति, कार्यदलको अध्यक्ष, उपाध्यक्ष, सदस्य सचिव, संयोजक तथा शिक्षा शास्त्रीको रूपमा कार्य गर्नुभएको छ । ती सबैको नामोल्लेख गर्न यहाँ सम्भव छैन अपितु उहाँका सेवा र सम्बद्धताका केही सन्दर्भलाई यहाँ सङ्क्षिप्त रूपमा प्रस्तुत गर्दछु ।

१) सदस्य सचिव- प्राकृतिक चिकित्सा कार्यदलको प्रतिवेदन अध्ययन, मूल्याङ्कन एवं कार्यान्वयन २०५२ विशेष समिति
२) वैज्ञानिक सदस्य- चन्द्र निघण्टु ग्रन्थ वैज्ञानिक सम्पादन मण्डल
३) अध्यक्ष- योग एवं प्राकृतिक चिकित्सा समिति (प्रथम)
४) प्राकृतिक चिकित्सा- वैकल्पिक चिकित्सा सेवा कार्य समिति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५) सदस्य सचिव- निजी क्षेत्रवाट सञ्चालित स्वास्थ्य संस्था (अस्पताल, नर्सिङ्ग होम आदि) हरूको राष्ट्रिय नीति तयार गर्न गठित प्राकृतिक चिकित्सा उप-समिति

६) सदस्य- वैकल्पिक तथा पूरक चिकित्सा समिति स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, नेपाल सरकार

७) सदस्य- प्राकृतिक चिकित्सा शिक्षा विषय समिति हालसम्म पाठ्यक्रम विकास समिति

८) संयोजक - प्राकृतिक चिकित्सा विषयको पाठ्यक्रम, निर्माण तथा उच्च अध्ययन-अनुसन्धान नीति निर्माण कार्यदल-महेन्द्र संस्कृत विश्वविद्यालय

९) संयोजक - प्राकृतिक स्वास्थ्य शिक्षा पाठ्यक्रम निर्माण समिति, महेन्द्र संस्कृत विश्वविद्यालय

१०) संयोजक- Community Medicine Auxiliary in Mature-Cure (CMA-N) पाठ्यक्रम निर्माण समिति महेन्द्र संस्कृत विश्वविद्यालय

११) शिक्षक- प्राकृतिक चिकित्सा/योग(स्वास्थ्य वृत्त विज्ञान) विषय/नरदेवी आयुर्वेद क्याम्पस-चिकित्सा शास्त्र अध्ययन संस्थान त्रि.वि. (प्रथम)

१२) अध्यक्ष- योग तथा प्राकृतिक चिकित्सा विषय समिति हालसम्म महेन्द्र संस्कृत विश्वविद्यालय

१३) विशेषज्ञ- योग एवं जीवनशैली केन्द्र स्थापना र सञ्चालन समिति विशेषज्ञ नियुक्ति वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान - नेपाल

१४) संयोजक- योग एवं स्वास्थ्य शिविर सञ्चालन समिति रजत जयन्ती समारोह नेपाल संस्कृत विश्वविद्यालय

१५) उपाध्यक्ष- नेपाल खेलकुद योग संघ-संस्थापक केन्द्रिय कार्य समिति, राष्ट्रिय खेलकुद परिषद-नेपाल

१६) सह-प्राध्यापक- प्राकृतिक चिकित्सा विषय, योग तथा प्राकृतिक चिकित्सा विभाग, नेपाल संस्कृत विश्वविद्यालय

१७) नेपाल संयोजक- श्री धर्मस्थला मञ्जुनाथेश्वर प्राकृतिक चिकित्सा एवं योग विज्ञान कलेज कर्नाटक, भारत

१८) संयोजक- "योग एवं जीवनशैली व्यवस्थापन" विषयको २ वर्षे स्नातकोत्तर तहको पाठ्यक्रम निर्माण समिति- नेपाल संस्कृत विश्वविद्यालय

१९) संयोजक - स्वरिक्पा (आम्छी) चिकित्साको स्नातक तह (+२-५.५ वर्षे) को पाठ्यक्रम निर्माण समिति- नेपाल संस्कृत विश्वविद्यालय

उहाँले सूचना सञ्चार र पत्रकारिताको क्षेत्रमा संलग्न भएर पनि देश र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
जनताको सेवा गर्नुभएको छ। त्यसको केही झल्को यहाँ उल्लेख गर्दछु :

१) वरिष्ठ प्रतिनिधि एवं स्वास्थ्य स्तम्भकार- जनमत अर्द्ध साप्ताहिक बाँके-नेपाल
२) स्वास्थ्य र संस्कृति स्तम्भ- जनमञ्च साप्ताहिक काठमाडौं-नेपाल
३) प्रधान सम्पादक- प्राकृतिक स्वास्थ्य पत्रिका प्राकृतिक स्वास्थ्य संस्था-काठमाडौं
४) प्रधान सम्पादक- धर्मोदय अर्धवार्षिक पत्रिका, रुपन्देही-नेपाल
५) संरक्षक- जीवनधारा त्रैमासिक पत्रिका/सामुदायिक स्वास्थ्य इन्स्टिच्यूट, काठमाडौं
६) जीवनशैली र स्वास्थ्य- साप्ताहिक पत्रिका/कान्तिपुर पब्लिकेसन्स, काठमाडौं
७) सल्लाहकार- प्रणव आशिष त्रैमासिक पत्रिका प्रणवानन्द आश्रम- नेपाल
८) सम्पादक- स्वस्थ्य संदेश/अन्तर्राष्ट्रिय मञ्च, हालसम्म, काठमाडौं-नेपाल
९) विशेष सल्लाहकार- हाम्रो स्वास्थ्य मासिक, काठमाडौं-नेपाल

सदा सक्रिय डा. हरिप्रसाद पोखरेलले अनेकानेक र सरकारी तथा सामाजिक सङ्घ संस्थाहरूमा संलग्न भई सामाजिक सेवामा सक्रियता देखाउनु भएको छ।

१) आजीवन सदस्य- अखिल भारतीय प्राकृतिक चिकित्सा परिषद्, भारत
२) महासचिव- वी.पी. अनुसन्धान सेवा केन्द्र, काठमाडौं-नेपाल
३) आजीवन सदस्य- इण्डियन होलिष्टिक मेडिकल एकेडेमी, थान्जाभूर-भारत
४) संस्थापक/महासचिव- प्राकृतिक स्वास्थ्य संस्था-नेपाल
५) पार्षद सदस्य- संस्कृत विद्याश्रम, भैरहवा-नेपाल
६) संरक्षक (आजीवन)- भूतपूर्व सैनिक प्रतिष्ठान-नेपाल
७) महासचिव- चरित्र निर्माण राष्ट्रिय संकल्प महाअभियान नेपाल
८) संरक्षक- आनन्द निकेतन विद्याश्रम, पाल्पा-नेपाल
९) वैज्ञानिक मण्डल (नेपाल प्रतिनिधि) - भारतीय पारिस्थिनीकी एवं पर्यावरण संस्थान नई दिल्ली-भारत
१०) सल्लाहकार- द इन्टरनेसनल काउन्सिल फर, हालसम्म हेल्थ फ्रिडम (यु.एस.ए)
११) संरक्षक- विश्व-सनातन-धर्म-एकता महासंघ, नेपाल
१२) वैज्ञानिक सल्लाहकार- नेसनल हेल्थ एजुकेसन सोसाईटी अफ इण्डिया, मुम्बई
१३) परिषद् सदस्य- गणेशमान सिंह अध्ययन प्रतिष्ठान, काठमाडौं-नेपाल

हालसम्म उहाँले नेपाली भाषामा ३५ वटा विविध सानाठूला पुस्तक ग्रन्थ प्रकाशित गरिसक्नु भएको छ। ती मध्ये केही ग्रन्थका नाम यस प्रकार रहेको छः- निरोग हुने सरल उपाए, विश्वयोग दिवश, केही गुणकारी बोट विरुवाहरू, एड्स (भाग: १, २, ३), प्राकृतिक स्वास्थ्य विज्ञान, विरुद्ध भोजन र स्वस्थ्य, सामाजिक विसङ्गति र स्वास्थ्य, भोजन, पोषण र हाम्रो स्वास्थ्य, महिला स्वास्थ्यको हेर विचार, जल चिकित्सा र हाम्रो स्वास्थ्य जीवन शैली र स्वास्थ्य, मानसाग्निको स्वधर्म, अचेतन यात्रा, प्राञ्जल पथ, स्वास्थ्य पथ योग एवं प्राकृतिक चिकित्साको क्षेत्रमा उहाँले पुऱ्याएको ऐतिहासिक योगदानलाई यसरी उल्लेख गर्न सकिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
१) प्रारम्भकर्ता (श्रष्टा)- योग सम्वत, २) विश्व अभियन्ता (श्रष्टा)- विश्वयोग दिवस ३) प्रकाशक- योग पञ्चाङ्ग, ४) मूल अभियन्ता (श्रष्टा) - राष्ट्रिय योग दिवस- माघ १, नेपाल सरकार, ५) राष्ट्रिय प्राकृतिक चिकित्सा दिवस-असार २० ने.स.।

योग, प्राकृतिक चिकित्सा र सामाजिक एवं सांस्कृतिक कार्यमा प्रशस्त योगदान पुऱ्याएको सन्दर्भमा उहाँलाई स्वदेशी तथा विदेशी सङ्घ संस्थाले मानार्थ उपाधि सम्मान/पुरस्कार अर्पण गरेको देखिन्छ।

१) प्रकृति श्री पुत्र - देव अन्तर्राष्ट्रिय योग केन्द्र, कानपुर-भारत
२) डिप्लोमा फर बडी केयर (मानार्थ)- हेल्थ केयर स्कुल, पटना-भारत
३) स्वर्ण पदक- इण्डियन वोर्ड अफ अल्टरनेटिभ मेडिसिन कलकत्ता-भारत
४) विद्यावारिधि(पि.एच.डि.)- मेडिसीना अल्टरनेटिभा इन्स्टिच्युट द ओपन इन्टरनेशनल युनिभर्सिटी फर कम्प्लीमेन्टरी मेडिसिन अल्माआटा १९६२ श्रीलंका
५) प्रकृति शिरोमणि- प्राकृतिक स्वास्थ्य एवं पर्यावरण संस्थान, पटना-भारत
६) आयुर्वेदाचार्य- धान्वन्तरीय आयुर्वेद महाविद्यालय, गोरखपुर (उ.प्र.) भारत
७) डिप्लोमा फर एक्युप्रेसर वरिष्ठ विशेषज्ञ एक्युप्रेसर (मानार्थ)- इण्डियन एकेडेमी अफ एक्युप्रेसर साइन्स, इन्दौर-भारत
८) डाक्टर अफ साइन्स (मानार्थ)- मेडिसिना अल्टरनेटिभ इन्स्टिच्युट, द ओपन इन्टरनेशनल युनिभर्सिटी फर कम्प्लीमेटरी मेडिसिन अल्मा-आटा-१९६२ श्रीलंका
९) नूर-गंगा संस्कृति प्रतिभा पुरस्कार-२०५७- नूर-गंगा प्रतिभा पुरस्कार गुठी-नेपाल
१०) योग शिरोमणि सम्मान- लमजुङ्ग जिल्लाका २२ सामाजिक संघ संस्था मिलेर वनाएको नागरिक सम्मान समितिद्वारा सम्मान, लमजुङ्ग-नेपाल
११) वैद्यशिरोमणि- आयुर्विज्ञान प्रतिष्ठान, मद्रास-भारत
१२) नइ खरा गौरव- पुरस्कार, नइ प्रकाशन-नेपाल
१३) चक्रपाणि स्मारक पुरस्कार २०७५- चक्रपाणि स्मारक प्रतिष्ठान, नयाँवानेश्वर।

यसका अतिरिक्त उहाँलाई लोकस्तरमा २० वटाजति अन्य प्रतिष्ठान, केन्द्र र संस्थाहरूले अभिनन्दन, कृतज्ञता वा प्रशस्तिपत्र प्रदान गरेको देखिन्छ।

निष्कर्षमा डा. हरिप्रसाद पोखेल मानसाग्नि आफ्नै विशिष्ट चेतना, ज्ञान र साधनाको पैतालामा उभिएका अविराम साधक देखिनुहुन्छ। नेपाली माटोको प्राचीन गौरवको रूपमा रहेको योग अनि प्राकृतिक चिकित्सा प्रणालीको पुनर्जागरणको निम्ति उहाँको योगदान उल्लेखनीय छ। शिवसभ्यता, जनकसभ्यता र बुद्धसभ्यतावाट अनुप्राणित नेपाल योगको गुरुदेश र गन्तव्य देश हो भन्ने भावधारमा प्रष्ट उहाँमा आफ्नै माटोको सुगन्ध भेटिन्छ। यस्ता साधकलाई सम्मानस्वरूप दण्डपाणि-नन्दकुमारी राष्ट्रिय पुरस्कार-२०७५ का निम्ति चयन गरिएको छ। म उहाँको उत्तरोत्तर प्रगति एवं सुस्वास्थ्यको कामना गर्दै वधाई ज्ञापन गर्दछु।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कथा

फरक भूगोलको फरक कथा

प्रभा बराल

डिसेम्बरको अन्तिम दिन । सडकमा गाडीको चाप अत्यन्त कम छ । अरू बेला नदी झैं कुद्ने गाडीहरूको वेगलाई आज सडकले त्यति धेरै धान्नु परेको छैन । अत्यन्त जरुरी काम परेकाहरू मात्र शायद गाडीमा हिँडेका छन् नत्र सबै सबै नागरिकहरू पारिवारिक माहोलमा रमाइरहेका होलान् पक्कै । जापानीहरूको सबैभन्दा ठूलो चाड नै नयाँ वर्ष हो रे । क्रिसमस त आंशिक हो रे । इसाई धर्मावलम्बी कम छन् रे जापानमा । सँगै काम गर्ने मोरिता सानले हिजो मलाई भनेको सम्झैं । नयाँ वर्षमा बाबु-आमालाई भेट्ने, सँगै बसेर खाना खाने, वर्ष दिनभरिका दुःखसुख बाँडने गरिदाँ रहेछ । बाबु-आमा बितेकाहरू बाबु-आमाको अस्तु गाडिएको चिहानस्थल पुगेर प्रार्थना गर्दा रहेछन् र कोही कोही देशविदेशको यात्रामा निस्कदाँ रहेछन् । करिब नयाँ वर्ष सुरु हुने एक हप्ता अगाडि अर्थात् क्रिसमसबाट नै बाटोघाटो शुन्य देखिन थाल्छ । नेपालतिर दसैं आउन लाग्यो भनेपछि देखिने माहोल होला जस्तो लाग्यो । वर्षदिनभरि सम्बन्धहरूको रिचार्ज हुने बेला नै यही रहेछ ।

सडकको साइकल लेनमा साइकल कुदाउँदै छु म । यो साइकल लेन हो भनेर चिन्नलाई लेनको ठाउँ ठाउँमा साइकलको चित्र अंकित देखिन्छ । साइकलयात्रीलाई पनि निकै सम्मान गरिने यो सभ्य मुलुकमा मेरो ध्यान सडक र साइकलमा भए पनि मनभरि अनेक कुराहरू खेलिरहेका छन् । नयाँ वर्षको दिन प्रायः सबै पसलहरू पनि बन्द हुन्छन् त्यसैले लगभग एक हप्ताको खाद्यान्न जोहोको कार्यक्रममा म पनि लागेकी थिएँ । अरू बेला महङ्गो पर्ने खाद्य सामग्री आज केही छुटमा पनि थिए । शायद लामो समय जोगाउन नसकिने भएर होला । अरू बेला एक हजार येन पर्ने रातो अङ्गुर र स्ट्रबेरी आज सय येनमै पाइएको थियो । हरियो तरकारीको मूल्य पनि उत्तिकै कम थियो । आफूलाई पुग्नेजति सामान उठाएँ र घरतिर आएँ । यही नयाँ वर्षका कारण काम गर्ने ठाउँमा पनि विदा थियो । एउटी नेपाली साथी कामनालाई भेट्न जाने योजनामा थिएँ । भर्खर किनेर ल्याएको अङ्गुरले मुख रसाएको थियो । झोलाबाट अङ्गुर निकालेर पखालैं र स्वाद लिएर कपाकप खाएँ । अति नै रसिलो र गुलियो रहेछ । बाँकी सामान फटाफट फ्रिजमा हालैं र साथीकोमा जान निस्किएँ । दस मिनेटको दुरीमा भएकी साथीलाई भेट्न म पैदल जाने सुर कसैं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धुम्म परेर वादल लागेको दिन थियो । सूर्यको मुख झुलुक्क पनि देख्न पाइएको थिएन । चिसो स्याँठ चलिरहेको थियो । आजको तापक्रम कति डिग्री रहेछ भनेर मेरो मोवाइलमा हेरेँ पाँच डिग्री रहेछ तर जाडोको महसुस भने माइनस पाँच डिग्रीको जस्तो थियो । क़स्तो अचम्म यस्तो चिसो हावा चल्ने ठाउँमा पनि जापानीहरू नाङ्गो टाउको लिएर हिँडेका हुन्छन् । हम्मेसी टोपी नै लगाउँदैनन् वरु हावा नपसोस भनेर कानमा इयरफोन जस्तो देखिने वस्तु प्रयोग गर्छन तर अँह हत्तपत्त टोपी लगाउने मान्छे फेला पार्न मुस्किल हुन्छ । मनभरि यिनै कुराहरू खेल्छन् । म साथीको कोठाअगाडि पुग्छु । ढोका ढकढक गर्न नपाउँदै भित्रवाट आवाज आउँछ "दिदी ढोका खुलै छ आउनु भित्र ।" म ढोका घ्याक्क पार्दै भित्र पस्छु । अपरिचित दुई अनुहार पनि उनको कोठामा थिए । गलत समयमा आइछु कि भनेर साथीको अनुहारमा प्रश्नसूचक दृष्टिले हेर्छु । कति छिटो उनले मेरो मनोविज्ञान वुझिछन् र भनिन् "असजिलो मान्नु पर्दैन दिदी हाम्री जापनीज साथीसँग परिचय गरौं वरु ?"

मतिर फर्किएर कामनाले मेरो अनुमति मागिन् ।

"ए भइहाल्छ नि । यो त मेरो लागि झन् खुसीको कुरा हो ।" मैले कामनातिर फर्किएर प्रसन्नता व्यक्त गरेँ ।

"उनी माखी सान । हामी २०२ नम्वर कोठा, उनी २०३ नम्वर कोठा ।" अगाडिको ढोका हो दिदी, हातको इशाराले २०३ नम्वर लेखेको ढोका देखाउँदै कामना बोलिन् ।

"ए हो ।" मैले माखी सानलाई टाउको झुकाएर हाजिमेमासिते, वातासिवा प्रभा देस्, दोउजो योरोसिकु ओनेगाइसिमास् । (हेलो म प्रभा हो, तपाईसँग भेट्दा खुसी लाग्यो) भनेँ । उनले पनि उसैगरी अभिवादन फर्काइन् । उनको नाम माखी सान । उनको नाम सुन्दा मलाई थोरै आश्चर्य किन लाग्यो भने नेपालमा झिँगालाई माखा पनि भनिन्छ अव उनको नाम सम्झन माखा सम्झिए भयो । उसो त अस्ति भर्खर पनि स्याल्ली सान भन्ने सँग पनि परिचय भएको थियो । उनलाई सम्झन पनि मैले स्याल सम्झिए हुने रहेछ भनेर मनमनै मुस्कुराएकी थिएँ । अहिले पनि त्यो कुरा सम्झेर म फिस्स हाँसेँ ।

"दिदी किन हाँस्नु भयो ?" कामनाले मलाई पक्डिइन् । माखी सान र स्याल्ली सानका बारेमा कामनालाई भनेपछि कामना पनि हाँसिन् । हामी हाँसेको कारण थाहा नपाएर सुरुमा माखी सान भने अलमल्ल परिन् र टवाल्ल परेर हामीतिर हेरिरहिन् । हामी हाँस्नुको कारण कामनाले खुलाइदिएपछि माखी सान पनि दिल खोलेर हाँसिन् । सानै कुरामा पनि हामी उन्मुक्त वनेर हाँस्न सकेकाले एकछिन भए पनि रमाइलो वातावरण वन्यो ।

माखीसानको काखमा एउटा चुलवुले हँसिलो छोरो थियो । उसलाई माखी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सानले हिकारी हिकारी भनेर बोलाइरहेकी थिइन् । मैले हिकारी बुलेट ट्रेनका बारेमा पढेकी थिएँ तर हिकारीको अर्थ थाहा थिएन । यतिबेला माखी सानलाई त्यसको अर्थ के हो भनेर सोधिहाल्न पनि सकिनँ । हामी हलल्ल हाँसेको देखेर हिकारी पनि लहलहैमा हाँसेको थियो । मैले माखी सानलाई उनको छोरा देखाउँदै सोधेँ । नान साइ देस्का ? (कति वर्षको भयो ?) इचि साई देस् (एक वर्षको भयो) हातले समेत चोर औँला ठड्याएर उनले एक वर्ष भनिन् । ओहो ! साङ्केतिक भाषा त नेपाल र जापानको एउटै रहेछ है ? मैले मनमनै सोचेँ । हिकारी आऊँ भन्दै अर्को साङ्केतिक भाषा जाँच्नका लागि मेरा दुवै पाखुरा फैलाएँ, तर भर्खर मात्र भेटेको म नयाँ मान्छेसँग ऊ किन आउँथ्यो र, आमाको काखमै लुटुपुटु गऱ्यो । भर्खर पलाउन थालेका थोते दाँत डिच्च पार्दै मम्मीको काखमा लुपुक्क लागेको हिकारीलाई मैले अपलक हेरिरहेँ ।

थाइकट कपाल, गोरो अनुहार, मिलेको आँखी भौँसँगै कानमा रातो रङको अत्यन्त सुन्दर टप लगाएकी थिइन् माखी सानले । प्रायः जापनीजले कानमा टप, झुम्का केही लगाउँदैनन् । म कामना लगायत थुप्रै नेपालीले छेडेका नाक कान पनि बुच्चै राखेका थियौँ । नाक कानमा गहना लगाएर काम गर्न नपाइने भए पछि हामी बाध्यताले नै बुच्चै बनेका थियौँ । माखी सानको कानमा टल्किएको सुन्दर टप देखेर मैले मन थाम्न सकिनँ र कानतिर देखाउँदै किरेइ ने (सुन्दर है ?) भनेँ ।

माखी सान मुसुक्क हाँसिन् र भनिन् आरिगातो (धन्यवाद) । कामनाले कति छिटो दुध राखेर कफी बनाइसकिछन् हरर बासना छुटाउँदै मलाई र माखी सानलाई दिइन् । जाडोको मौसममा तातो कफीले मनै हर्षित बनायो । कफीको चुस्कीसँगै हामीले हाम्रा वार्तालापहरू अगाडि बढाउदै थियौँ । एकाएक कसैले ढोका हान्यो । ढोकामा को आयो भनेर हामी सबैलाई उत्सुक बनायो । हामी सबैका आँखा ढोकातिर सोझिए । भित्रबाट चुकुल नलागेको ढोका आफैँ खुल्यो । एउटा पुरुष आवाज सुनियो "माखी सान ! माखी सान !!"

माखी सान "हाइ" भन्दै निकै आतुरतापूर्वक जुरुक्क उठिन् । सायद त्यो आवाज वर्षौं पुरानो छ र उनी त्यो आवाज सुन्नै व्यग्र भएर बसेकी हुन् झै गरिन् । पुरुषले जापनीज भाषामा आफूलाई सरकारी स्तरबाट पठाइएको चिठीको आशय नबुझेको कुरा गऱ्यो । माखीले सरर पढिन् र त्यसको आशय राम्ररी बताइदिइन् । कुरा बुझेपछि ढोकामा आउने पुरुषको अनुहार हँसिलो देखियो । सरसर्ती एक नजर हामीतिर डुलाउँदै ऊ माखी सानसँग बिदाबादी भएर फर्कियो । यतिन्जेल मलाई किन ध्यान दिइन भनेर गुनासो गरेझैँ गरी आफ्नी आमातिर फर्किएर रुन रुन थालेको छोरोलाई काखमा च्यापेर उनी बेतको मोडामाथि बसिन् र कामनातिर फर्किएर भनिन्, "हिरोजे सान ।"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"ए !" कामनाले माखी सानतिर हेरेर मुन्टो हल्लाई र मतिर फर्किएर उसको भूतपूर्व बूढा भनी । भूतपूर्व भन्नाले मैले कामनातिर हेरेर अनभिज्ञता प्रकट गरेँ । नेपालमा भूतपूर्व बूढा भनेपछि सामान्यतया मुखै नहेर्ने चलन छ । ठुलै ठाकठुक नपरी सम्बन्ध विच्छेद पनि गर्दैनन् । ठाकठुकले सबै सम्बन्ध बिर्गाछ र पहिला हामी दुःख सुखका साथी थियौं भन्ने कुरा नै बिर्साउछ । शायद यही परम्परामा म हुर्किएकीले होला म घरि कामनाको मुखमा र घरि माखी सानको मुखमा पालैपालो हेरिरहेँ । माखी सान छोरालाई काखबाट झारेर कोठाको कार्पेटमाथि खेल भन्ने ईशारा गरिरहेकी थिईन् ।

"दिदी माखी सानको कथा त अनौठो छ नि । हुन त माखी सानको मात्र के भन्नु र प्रायः जापानी डिभोर्सी महिलाको कथा यस्तै हुन्छ ।"

"हैन के छ त्यस्तो ? भन्नु न मलाई ।"

मेरा आँखाका परेलाहरू उत्सुकताले उचालिए ।

"यसको अघि के भन्नु त ?"

"यसले नेपाली भाषा वुझ्ने होइन खरर भन्नु म वुझिहाल्छु नि ।" अर्काको निजी जीवनको वारेमा वुझ्न मानिसलाई कति हतार हुन्छ त्यही हतारो ममा पनि देखियो । झन् फरक भूगोल र फरक संस्कृतिको वारेमा गहिरिएर चासो राख्ने मजस्तीलाई जिज्ञासा नलाग्ने त कुरै भएन मैले कामनापट्टि फर्किएर कुरा वढाउन भनेँ । माखी सानलाई हामीले नेपाली भाषामा मात्र कुरा गरेको सुनेर असजिलो लागेछ कि मेरो छोरालाई खानेकुरा खुवाउने वेला भयो म आफ्नो कोठामा जान्छु भनिन् । आफ्नी आमाले घर जाने वावु ! भनेर वोलाउनेवित्तिकै खेलिरहेको छोरो आमाको काखमा लुपुक्क टाँसियो र हामीलाई वाई भन्दै विदा भयो । माखी सानले हामीबाट विदा लिएपछि हामीलाई अघिको कुरा अघि वढाउन कुनै आइतवार कुर्न परेन ।

हामीसँग कुरा गर्दागर्दै कामनाले प्रेसरकुकरमा आलु उसिन्न वसालेकी रहिछन् । कति छिटो पाकिसकेछ थालमा लिएर आइन् र तिनै आलु छोडाउँदै उनी मसँग कुरा गर्न कस्सिइन् । "अघि ढोकामा उभिने लोग्नेसँग माखीले हालसालै मात्र डिभोर्स गरेकी हुन् दिदी ।

अघि हुलाकबाट जापनीज भाषामा आएको चिठी नवुझेर सोध्न आएको रे उसको भूतपूर्व लोग्ने ।"

"है ।" आलुको गेडो हातमा खेलाउँदै मैले भनेँ । "अनि वोलचाल त फेरि राम्रै रै छ है ?"

"लौ साथी त भए क्यारे नि लोग्ने स्वास्नी पो भएनन् । यिनीहरूको वोलचाल देख्दा त यिनीहरू डिभोर्सी हुन् र जस्तो लाग्छ ।"

"अनि केटो त जापनीज जस्तो थिएन त ?" मैले भनेँ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"थाइलैण्डको केटो हो । उतैको मसाज गुरु रे । मसाज गर्दागर्दै माखी सान उसको प्रेमजालमा परिछन् ।"

"कहाँ भेट भएको रहेछ नि पहिला उनीहरूको ?" मैले भनें ।

"माखी सान थाइलैण्ड घुम्न गएका बखत उसको मसाज सेन्टरमा गइछन् र त्यहीबाट परिचय भएर बिहेसम्म पुगेछ र पछि जापान नै आए दुवैजना ।" कामनाले बेलीविस्तार लगाउँदै थिइन् मलाई पनि निकै उत्सुकता जागिरहेको थियो यो कुराले ।

"जापानमा आएर दुई चार वर्ष त उनीहरूको प्रेमसम्बन्ध राम्रै अघि बढ्यो तर केटा ख़राव रहेछ । नयाँ नयाँ केटीसँग सम्पर्क बढाउने बानीबाट माखीसान आजित भइछिन् र डिर्भोस मागिछन् ।" अनि छोरा.....।

"लौ यहाँ त छोरो अठार वर्षको नभइन्जेल बाबुले पाल्ने र पढाउने खर्च दिनु पर्छ । महिनाको निश्चित रकम छोराको पालनपोषणमा तिर्न पर्ने रकम कबुलेर उनीहरू अहिले यही अर्पाटमेन्टमा आ-आफनै निजी जीवन बिताउँछन् । छोरोलाई भेट्न मन लागे बाबु माखी सानको अर्पाटमेन्टमा आउँछ, छोरो खेलाउँछ । माखीसान साथीको रूपमा उनलाई व्यवहार गर्छिन तर पत्नीको दर्जावाट उनी आफूलाई प्रस्तुत गर्दिनन् ।" यहाँका महिलाको सामाजिक सुरक्षा पुरै सरकारले लिन्छ । कुमारी आमाले बच्चा पाएपनि सरकार नै जवाफदेही बन्छ । सिंगल मदर भनेपछि सरकारबाट झन् धेरै भत्ता पाउँछन् । अर्पाटमेन्टको भाडा तलबको दश प्रतिशत मात्र तिरे पुग्छ । तँ त श्रीमान्बाट अलगिएकी भनेर समाजमा कसैले खिसीटिउरी गर्दैन । सभ्य समाजको काइदा यस्तो पो हुँदो रहेछ दिदी । कामना एकसुरले आफ्ना अनुभव फरर सुनाउँदै थिइन् । हुन पनि उनी जापान बसेको सात वर्ष नाघिसकेको थियो । धेरै अनुभव सँगालेकी थिइन् जापानी जीवनशैलीको ।

"हो है ?" म सोचमग्न भएँ । मैले देखेको नेपाली समाजमा मेरा दिदी वहिनीले छोडपत्र गर्दा भोग्ने जीवनका रङहरू कति कहाली लाग्दा छन् । तर यही क्षण माखी सानको जीवनमा कति सामान्यजनक छ । उनलाई एक्लै बस्नु पर्दामा पनि कुनै खेद छैन । अनुहारमा उस्तै चमक छ । उनको व्यक्तित्व उस्तै टकटकाउँदो छ । तर हाम्रा लागि यो कुरा एकादेशको दन्त्यकथा भन्दा कम छ र ? हुन पनि जापान, एसिया महादेशमा पर्ने पूर्वीय मुलुक भइकन पनि पाश्चात्य मुलुकको जस्तै विकास र सभ्यताले हुर्किरहेको कुरा सुन्न र पढ्न पाएकी थिएँ । माखी सानको मात्र के कुरा र सँगै काम गर्ने आकिमी सानसँग पनि अस्ति केही अन्तरंग कुराकानी भएको थियो । उनले डिर्भोस गरेको पनि बीस वर्ष भयो रे । छोराछोरीले बच्चा जन्माएर उनी हजुरआमा बनिसकिन् रे । आध्यात्मिक बाटोमा लागेपछि फेरि दोस्रो बिहेको चाहना भएन उनी भन्थिन् । मेरा आँखामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्ता अरू थुप्रै पात्र पनि आँखामा नाचे जो प्रायः एकल जीवनमै आनन्दको अनुभूति गरिरहेका थिए । स्वतन्त्रताको सुखानुभूतिमा जीवनको असीम सार्थकता भेटिरहेका थिए । आ-आफ्नो जीवन आफ्नै तरिकाले बाँच्न पाउन पर्छ भन्ने सिद्धान्तलाई लागू गरिरहेका थिए ।

तर जब मेरो देशका दिदीबहिनीको कथा आँखाभरि नाच्न थाल्छ तब मेरो मुहार लट्टेको साग जसरी लल्याकलुलुक ओइलाउँछ । बिहानै मात्र अनलाइन अखबारमा पढेकी थिएँ सम्बन्ध विच्छेद गरेपछि पनि अरूको स्वास्नी हुन दिन्न भन्दै पूर्व पतिले दिएको मानसिक यातना । त्यस्तै श्रीमान्‌ले परस्त्रीगमन गरेर हत्तुहैरान परेपछि सम्बन्ध विच्छेद गर्न गएकी महिलालाई एक रुपियाँ पनि नलिने सर्तमा मात्र सम्बन्ध विच्छेद गर्न पारिवारिक दबाब । अनि सम्बन्ध विच्छेद गरेका महिलाले समाजबाट पाउने व्यङ्ग्य बाण र असहयोगको कथा । विकसित र अविकसित देशमा महिलाले भोग्ने विभेदको लामै सूचीले मलाई अत्यन्तै बेचैन गरायो । पृथ्वीको भूगोलका विपरीत ध्रुवमा रहेका यी देशमध्ये यो देशले यति धेरै चेतना कसरी पायो होला र समृद्धिको भऱ्याङ कसरी चढ्यो होला ? यो प्रश्नको उत्तर एकै वाक्यमा आउने त पक्कै थिएन । यसका पछाडि थुप्रै त्याग र सङ्घर्षका कथा पक्कै होलान् । कति बेरदेखि मेरो मथिङ्गल यिनै कुरामा रङ्मङ्गिएछ । दिदी, ल अचार र तातो पुरी खानुस भनेर कामनाले खाजाको प्लेट अघि सार्दा पो म झल्याँस्स भइछु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्घीय पद्धति अनुरूप भाषा संरक्षण र भाषा शिक्षण

रमेश भट्टराई (सहृदयी)

सार

नेपालको बहुभाषिक सम्पदाको संरक्षणमा संघीय शासनले कानुनी आधार पाएको छ। सबै भाषाको संरक्षण तथा संवर्धनमा यो शासन व्यवस्थाले प्रभावकारी संयोजन गरेर अघि बढ्नुपर्ने आवश्यकतालाई संविधानले स्पष्ट पारेको छ। यसका लागि नेपालको स्थानीय तहदेखि संघीय सरकारसम्ममा नै भाषिक सर्वेक्षण, खोज तथा अध्ययन अनुसन्धानको भाषागत चासो हुनुपर्ने देखिन्छ। मूलतः भाषिक गणना गरी सबै भाषाको संरक्षण र विकासका लागि संघीय शासन पद्धतिले अब सकारात्मक भूमिका खेल्न सक्नुपर्छ। सबै जाति तथा भाषाभाषीहरूले आफ्नो भाषालाई माया गर्ने वातावरणलाई स्थायी आधार प्रदान गर्न संघीय व्यवस्थामा प्रभावकारी भाषानीति तथा योजनाको आवश्यकता हुन्छ। नेपालमा सबै भाषाहरूको संरक्षण र विकासको नीतिका साथमा संघीय शासन पद्धतिले भाषाको संरक्षण गर्दा अपनाउनुपर्ने शैक्षणिक आधारलाई अध्ययनमा केलाइएको छ। हालसम्म भइरहेका अध्ययन, अनुसन्धानका तहमा पुगेर भाषा शिक्षणका तरिकालाई अध्ययनमा समावेश गरिएको छ। यस अध्ययनमा भाषिक न्याय तथा भाषिक संयोजनका लागि समाजसँगको सम्बन्धलाई केलाइएको छ। यहाँ मूलतः विगतको अवस्था र अबको भाषानीति तथा बहुभाषिक संयोजनमा स्थानीय तह, प्रदेश तथा संघीय दायित्वलाई समाज र संस्कृतिसँग जोडेर व्याख्या गरिएको छ। मूलतः गुणात्मक अध्ययन विधिलाई अपनाइएको यस अध्ययनमा पुस्तकालयीय सामग्रीका आधारमा अध्ययन विश्लेषण गरी सम्पन्न गरिएको छ।

विशेष शब्दावली: त्रुटि विश्लेषण, बहुभाषिक कक्षा, बालमैत्री शिक्षा, भाषिक अपक्षय, भाषा अपशरण, भाषिक मृत्यु, मातृभाषा, वाङ्मय, व्यतिरेकी विश्लेषण, शैक्षिक विकेन्द्रीकरण, संघीय शासन व्यवस्था आदि।

१. पृष्ठभूमि

भाषागत विविधता बहुभाषिक मुलुकका लागि समस्या होइन। भाषिक विविधताले देशको पहिचानलाई जोगाएको हुन्छ। भाषासँग सामाजिक, सांस्कृतिक तथा आर्थिक विकासका विषय आपसमा गाँसिएर आएका हुन्छन्। नेपालका लागि बहुभाषिक परिवेशमा बहुजातिगत ज्ञानको आदानप्रदान हुनु एउटा ठूलो अवसर हो। बहुभाषासँग बहुज्ञान र बहुकलाको सम्बन्ध हुन्छ। राष्ट्रिय जनगणना २०६८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
ले नेपालमा १२३ वढी भाषाहरू, १२५ जातजाति र १० धर्मावलम्वीको अस्तित्व रहेको तथ्यलाई पेस गरेको छ। यहाँको अनेकतालाई एकैसाथ समेटेर अघि वढ्न देशले वैज्ञानिक भाषिक व्यवस्थापनमा ध्यान दिनु आवश्यक हुन्छ। भाषिक गणना तथा व्यवस्थापन, जातिगत पहिचानको रक्षा, सांस्कृतिक सम्पदाको विकासमा संघीय व्यवस्थाले वहुभाषिक नीतिलाई सम्वोधन गर्न सक्नुपर्छ। नेपालको संविधान २०७२ ले नेपालमा वोलिने सवै भाषाहरूलाई राष्ट्रभाषाको मान्यता दिएको छ। नेपाललाई वहुजाति, वहुभाषी, वहुधार्मिक, वहुसांस्कृति तथा भौगोलिक विविधता भएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था भएको मुलुक भनेर संविधानको प्रस्तावनामा खुलाइएको छ।

२०७२ को संविधानको भाग १ दफा ६ अनुसार "नेपालमा वोलिने सवै मातृभाषाहरू नेपालका राष्ट्रभाषा हुन्।" त्यस्तै गरेर दफा ७ मा भनिएअनुसार "(१) देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुनेछ। (२) नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा वढी अन्य राष्ट्रभाषालाई प्रदेश कानून बमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्नेछ। (३) भाषासम्वन्धी अन्य कुरा भाषा आयोगको सिफारिसमा नेपाल सरकारले निर्णय गरे अनुसार हुनेछ।" यसरी हेर्दा वर्तमान भाषानीतिलाई नेपालमा रहेका वहुभाषिक स्थितिले प्रत्यक्ष प्रभाव पारेको पाइन्छ। यसपूर्वका संविधानमा नेपाली भाषा वाहेकका अन्य भाषालाई उस्तो दिलचस्पी राखिएको पाइँदैन तर वर्तमान संविधानमा भने सांस्कृतिक वहुलतासँग जोडिएको वहुभाषाको कदर गर्ने नीति वनाइँदै गएको पाइन्छ। यसरी नेपालका मातृभाषाहरूले कानूनी मान्यता पाएको छ। नीतिगत आधारमा संविधानले सवै भाषाको संरक्षण र विकासमा उत्तिकै महत्व दिएको कुरा यहाँवाट स्पष्ट हुन्छ।

सवै भाषाको संरक्षण र संवर्धन गर्नका लागि व्यक्ति तथा सरोकार सवैको भूमिका उत्तिकै हुन्छ। तर, नेपालमा सवै भाषा सुरक्षित र संरक्षित हुने अवस्था भने रहेको छैन। धेरै भाषाहरूको आफ्नो लिपि, वर्ण, व्याकरण, शव्दकोश, लेख्य सामग्री वा साहित्य, वाङ्मय नभएका कारणले वाक्परम्परामा सीमित भाषा वक्तासँगै मृत्युको सङ्कटमा पर्दै गएका छन्। तिनको जगेर्ना गर्न विभिन्न संस्थागत तथा शैक्षिक तबरबाट प्रयास गरिएको भए पनि अव भने संघीय शासन व्यवस्थाले तिनको संरक्षण र विकासमा चासो वढाउनुपर्ने आवश्यकता छ। वर्तमान संविधान २०७२ ले सवै भाषालाई राष्ट्रभाषाको स्थान दिएर भाषिक न्याय प्रदान गरेको छ। वास्तवमा देशको राजनीतिक, सामाजिक एवम् सांस्कृतिक एकतालाई संवर्धन गर्ने र क्षेत्रीय तथा जातीय स्तरमा मात्र नभई राष्ट्रिय स्तरमा प्रयोग हुने कुनै पनि भाषा राष्ट्रभाषा वन्न सक्छ (अधिकारी, २०७४:७७)। सवै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाषाको रक्षा गर्नका लागि बहुभाषिक मुलुकले प्रभावकारी भाषानीति तथा योजनाको विकास गर्न सक्नुपर्छ । भोट चिनिया वर्गका भाषाहरू चीन, तिब्बत, म्यानमारतिरका भाषासँग मिल्दाजुल्दा देखिन्छन् । भारोपेली परिवारका कतिपय भाषाहरू उत्तर भारत, पाकिस्तान, अफगानिस्तान जस्ता देशका भाषासँग मिल्ने प्रकृतिका रहेका छन् तर नेपालमा मात्र बोलिने लोपोन्मुख अवस्थामा रहेको कुसुन्डा भाषा संसारको कुनै भाषासँग मिल्दैन (पोखरेल, २०१७ इ.: २१९) । कुनै पनि भाषा आफैँमा सानो या ठूलो भन्ने हुँदैन । बहुभाषिक मुलुकमा आपसी सद्भाव र सम्पर्कका कारण कुनै पनि व्यक्ति स्वभावैले द्विभाषी वा बहुभाषी बन्न पुग्छ । यो आपसी सम्प्रेषण सम्बन्धी व्यवस्था र वातावरणमा नीहित हुन्छ । संघीय शासन पद्धतिमा भाषा संरक्षण र विकासका लागि प्रभावकारी भाषानीति निर्माण तथा त्यसको कार्यान्वयनको पाटो बलियो हुनुपर्छ ।

२. समस्या र औचित्य

नेपालको संविधानले नेपालमा बोलिने सबै भाषाको संरक्षण र संवर्धनमा कानूनी हिसाबले बाटो खुलाएको छ । नेपालमा विगतमा एकभाषिक नीति तथा परम्परा बसिरहँदा कैयौँ नेपालका भाषाहरूले सङ्कट झेल्दै अपक्षयको स्थिति बेहोर्नु परेको देखिन्छ । २०४७ सालको संविधानले नेपालका भाषाहरूमध्ये नेपाली भाषालाई राष्ट्रभाषा र अन्य मातृभाषालाई राष्ट्रिय भाषा भनेको थियो । यसअघि नेपालका अन्य मातृभाषाले विकासको बाटो नपाएरै अस्तित्व जोगाएको देखिन्छ । यसरी हेर्दा एकभाषिक नीतिका कारण आफ्नो मातृभाषाप्रति उदासिनता हुने तथा सो भाषाको विकासमा चासो नहुने भएका कारण उक्त समयमा प्रभावशाली भाषातिर अपसरित हुने स्थिति थियो भन्न सकिन्छ । वास्तवमा भाषा भनेको कुनै जातिको मात्र पहिचानमा मात्र सीमित नरहेर सिङ्गो मुलुकको स्वाभिमानको आधार हो । यो मुलुकको साझा सम्पत्ति पनि हो । यिनको संरक्षण गर्नु भनेको नेपालको सम्पत्तिको संरक्षण गर्नु हो । भाषासँग संस्कृति, समाजको परम्परा तथा रीतिरिवाजको सम्बन्ध गाँसिएको हुन्छ । यसर्थ यस्तो देशको गौरवलाई जोगाउन अबको संघीय राज्यले भूमिका खेल्नुपर्ने देखिन्छ ।

३. अध्ययनको उद्देश्य

नेपाल बहुभाषिक मुलुक भएकाले यहाँका सबै भाषाको संरक्षण तथा संवर्धन र विकासमा अघि बढ्नु संघीय व्यवस्थाको नीतिगत आवश्यकता हो । सबै भाषाको सम्मान गर्ने तथा कुनै पनि भाषालाई भाषिक मृत्यु हुन नदिने आदर्श भाषानीतिको खाँचोलाई अबको शासन व्यवस्थाले सम्बोधन गर्न सक्नुपर्छ । स्थानीय तहबाटै भाषाको रक्षा गर्न पहल नगरी प्रादेशिक व्यवस्थाले त्यसमा थप योगदान दिन सक्दैन । प्रविधिको पहुँचमा रहन नसकेका तथा संरक्षणका आधारभूत तहमा पुग्न नसकेका भाषाहरूको संरक्षण र विकास गर्नु अबको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आवश्यकता हो । सङ्कटापन्न अवस्थाका भाषाको जगेर्ना गर्नुपर्ने नेपालको वर्तमान समस्यालाई ध्यानमा राख्दा नेपालका आधाभन्दा धेरै भाषाको आफैँमा कमजोर अवस्थामा छन् । तिनले लिपि, वर्ण, व्याकरण, वाङ्मय, साहित्य, शब्दकोश, प्रयोग विस्तारमा पहुँच वढाउन सकेको देखिँदैन । नेपालका यस्ता कथ्य आधारमा मात्र बाँचेका भाषाहरू एकपुस्तावाट अर्को पुस्तामा जाँदा क्रमश: कमजोर बन्दै गएको अध्ययनले देखाएको छ । रेग्मी (२०१७ इ. : २३६) द्वारा प्रस्तुत तथ्यलाई अध्ययन गर्दा नेपालका भाषाहरूको जीवन्तताको स्थिति :

जीवन्तताको तह	सुरक्षित भाषा	सङ्कटापन्न भाषा	अपशरणशील भाषा	मृतप्राय: भाषा	सुपुप्त	लोपोन्मुख
भाषाको सङ्ख्या	५३	५१	११	६	१	१
प्रतिशत	४३.०९%	४१.४६%	८.९४%	४.८७%	०.८%	०.८%

४. विश्लेषण

४.१ सङ्घीय शासन र शिक्षा

नेपालमा संघीय शासन व्यवस्थालाई २०७२ को संविधानले सुनिश्चित गरेको छ । यो व्यवस्था अनुकूल स्थानीय तहदेखि, प्रादेशिक तथा संघीय व्यवस्थामा शिक्षाले विकसित हुने अवसरलाई अव नीतिगत तवरमा सम्पन्न गर्नुपर्ने देखिन्छ । स्थानीय स्तरका भाषाभाषीहरूको सम्वोधन गर्ने तथा तिनको उत्खनन, खोज अन्वेषण गरी विकसित तुल्याउन यो व्यवस्थाले मार्ग प्रशस्त गर्ने आशा जागेको छ । राज्यशक्तिको बाँडफाँड गर्ने क्रममा संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकारअन्तर्गत आधारभूत र माध्यमिक शिक्षालाई पनि समावेश गरिएको छ । यसरी माध्यमिक तह अर्थात् कक्षा १२ सम्मको पाठ्यक्रम विकास गर्ने दायित्व कानुनी रूपमा शैक्षिक इतिहास वनेर स्थानीयकरण भएको छ (शर्मा, २०७४: ७३) । शैक्षिक विकेन्द्रीकरणको अवधारणामा शिक्षाको विकास हुने अवको परिवेशमा शिक्षानीति तथा योजना स्थानीय आवश्यकतामुखी वनाइँदै लैजानु आवश्यक देखिन्छ । शिक्षाको सार्वजनिक आकाङ्क्षा पूरा गर्न, शैक्षिक सुशासन कायम गर्न, स्थानीय सरकार र सरोकारवालालाई विद्यालयप्रति उत्तरदायी र जिम्मेवार बनाई निर्णय प्रक्रियामा सहभागी वनाउन नेपालको सन्दर्भमा शैक्षिक विकेन्द्रीकरणको आवश्यकता छ (गौतम, २०७२ : ११) । संघीय शासनमा शिक्षाको व्यवस्थालाई नियाल्दा स्थानीय आवश्यकता, दिगो सिकाइ, भाषिक विकास तथा संरक्षणका कार्य, जनसरोकारका विषयलाई अध्ययन अध्यापनको आधार बनाइनु आवश्यक रहेको देखिन्छ ।

४.१.१ विगतमा भएका शैक्षिक विकेन्द्रीकरणका दृष्टान्त

राजनीतिले शिक्षाको विकासमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । वि.सं. २००७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

को राजनीतिक परिवर्तनपछि समुदायको पहलमा विद्यालय खोल्ने लहर बढ्यो। विद्यालयका लागि चन्दा तथा श्रमदान, भूमिदान भएको पाइन्छ । औपचारिक रूपमा स्थानीयस्तरबाट विद्यालय शिक्षाको व्यवस्थापनको सुरुवात वि.सं. २०११ सालमा गठन गरिएको राष्ट्रिय शिक्षा योजना आयोगले गरेको हो । यो आयोगले निश्चित इलाका भित्रका विद्यालयहरूको सम्पूर्ण व्यवस्थापकीय कार्यका लागि स्थानीय व्यक्तिहरूबाट छानिएको 'शिक्षाको स्थानीय बोर्ड' बनाउने सिफारिस गरिएको थियो (देवकोटा, थाहाखबर) । शिक्षाको नीतिगत मान्यतालाई हेर्दा रा.शि.प.यो. २०२८ ले शिक्षक नियुक्तिलाई विकेन्द्रिकृत गरी जिल्लामा अधिकार दिएको थियो । तर, २०१८ मा गठन भएको सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन र रा.शि.प.यो. २०२८-२०३२ ले शैक्षिककार्यलाई सरकारी मातहतमै राखेको पाइन्छ। राष्ट्रिय शिक्षा आयोग २०४९ को प्रतिवेदनले विद्यालय सञ्चालक समितिलाई अभिन्न अङ्ग माने पनि स्थानीय निकायलाई जिम्मेवार बनाउने कानूनी प्रावधान स्थानीय स्वायत्त शासन ऐन २०५५ मा गरिएको पाइन्छ (पूर्ववत्) । यसले आंशिक अधिकार गा.वि.स. र नगरपालिकालाई दिएको थियो । वि.सं. २०५८ माघ २५ मा भएको शिक्षा ऐन, २०२८ को आठौँ संशोधनले विद्यालय व्यवस्थापन समिति वा स्थानीय निकायमा विकेन्द्रीकृत गऱ्यो । त्यस्तै गरी वि.सं. २०५९ मा सामुदायिक विद्यालयको व्यवस्थापन हस्तान्तरण सम्बन्धी निर्देशिका २०५९ जारी गरियो, यही सालमा विश्व बैंकको सहयोगमा सामुदायिक विद्यालय सहयोग कार्यक्रम लागु गरियो । वि.सं. २०७२ को संविधानमा आधारभूत तथा माध्यमिक तहको विद्यायल प्रशासनको जिम्मा स्थानीय सरकारलाई दिने गरी व्यवस्था गरिएको छ (ढकाल, २०७४ : ९१) । अबको संघीय शासन पद्धतिमा हेर्दा शिक्षालाई स्थानीय बौद्धिक समूहको मातहतबाट त्यहाँको प्रशासनिक ढाँचाबाट सञ्चालन गर्ने पद्धतिको विकास हुनुपर्ने देखिन्छ । तर, केन्द्रीय तहको बुद्धिजीवी वर्गले आवश्यक अनुसन्धानात्मक प्रक्रियामा चनाखो नबने संघीय शिक्षाको पद्धति अन्योलमा गुज्रने भय रहन्छ। यसरी विश्लेषण गर्दा स्थानीय अधिकारबाट सम्पन्न हुँदा पनि शैक्षिक गुणस्तरमा बृद्धि हुन नसक्नुमा प्रशासनिक दायित्व तथा सेवाप्रतिको उदासीनताले भूमिका खेलेको देखिन्छ ।

४.१.२ विश्वमा भएका केही सङ्घीय शिक्षाका उदाहरणहरू

विश्वमा शिक्षाको विकेन्द्रीकरणका राम्रा र सफल उदाहरणहरू पाइन्छन् । संघीय शासन व्यवस्थाले विद्यालय व्यवस्थापनलाई कसरी संयोजन र व्यवस्थित गर्छ भन्ने सफल उदाहरणबाट अब नेपालले पाठ सिक्न सक्नुपर्छ । अन्य देशमा भएजस्तै ठ्याक्कै उही व्यवस्था हुनुपर्छ भन्ने भन्दा पनि ती उदाहरणबाट नेपालले आफ्नो शैक्षिक नीति तर्जुमा गर्ने आधार पाउन सक्छ भन्ने कुरामा ध्यान जानु आवश्यक हुन्छ । खड्का (अनलाइन, जागरण) द्वारा पेस गरिए अनुसार संघीय संरचनामा शिक्षालाई निम्नानुसार बोध गर्न सकिन्छ :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(क) भारत भारतमा सन् १९७६ अघि शिक्षालाई राज्य सरकारको अधिनमा राखियो । यसमा केन्द्रीय सरकाले समन्वयकारी भूमिका खेलेको थियो । सन् १९७६ को संविधान संशोधनपछि शिक्षालाई साझा सूची (concurrent list) मा राखियो । त्यसपछि केन्द्र सरकारले शिक्षा नीतिको निर्माण गर्ने र कार्यक्रमलाई तयार पार्ने काम गर्दछ भने राज्य सरकारहरू कार्यान्वयन तहमा स्वतन्त्र छन् । त्यहाँको नेसनल काउन्सिल फर एजुकेसनल रिसर्च एन्ड ट्रेनिङ नामक केन्द्रीय संस्थाले राष्ट्रिय प्रारूप तयार गर्दछ र राज्यको शिक्षा विभागलाई पाठ्यक्रम, शैक्षणिक प्रविधि, शैक्षिक रणनीति र मूल्याङ्कन विधिवारे सल्लाह, सुझाव र प्रस्ताव पेश गर्ने काम गर्दछ । त्यहाँ केन्द्र सरकारले राज्य सरकारहरूलाई शिक्षा कार्यक्रमका लागि प्रशस्त अनुदान दिने हुनाले केन्द्रीय सरकारको नीतिलाई पालना गर्नु स्वाभाविक हुन्छ । राज्य सरकारका शिक्षा विभागहरूले आफ्नै खाले विद्यालय पद्धति सञ्चालन गर्छन् तर राष्ट्रिय नीति निर्देशनका आधारमा तयार पारिएको पाठ्यक्रम, शिक्षण विधि र मूल्याङ्कन पद्धतिलाई लागु गरिन्छ । त्यहाँको पूर्व प्राथमिक तह भने महिला तथा वालवालिका मन्त्रालय अन्तर्गत सञ्चालन गरिएको छ ।

(ख) अमेरिका

अमेरिकामा शिक्षाको व्यवस्थापनमा राज्य सरकारहरू वढी सक्षम हुन्छन् । राज्य सरकारको शिक्षा विभागले पाठ्यक्रम निर्माण, शिक्षक नियुक्ति, अनिवार्य शिक्षाको उमेर हद निर्धारण जस्ता काम गर्दछ । केही राज्यहरूमा स्थानीय जिल्ला स्तरीय विद्यालय शिक्षाको व्यवस्थापन गर्दछन् । केन्द्रीय सरकारले शिक्षामा अनुदान दिन्छ तर संघीय शिक्षा व्यवस्थामा कुनै हस्तक्षेप हुँदैन । यहाँ फरक-फरक पाठ्यक्रमको व्यवस्था गर्ने अधिकार राज्यहरूलाई दिइएको छ । त्यहाँ स्थानीय आवश्यकता अनुरूप एउटै स्तरमा पनि राज्यको विधान अनुरूप फरक-फरक विषय र शीर्षकहरूमा पठनपाठन गरिरहेका हुन्छन् (देवकोटा, थाहाखवर) ।

(ग) पाकिस्तान

यहाँ केन्द्रीय स्तरको शिक्षा मन्त्रालयले शिक्षाको राष्ट्रिय नीति, योजना र कार्यक्रम निर्धारण गर्दछ भने कार्यान्वयनको जिम्मा स्थानीय र राज्य सरकारलाई दिइएको हुन्छ ।

(घ) बङ्गलादेश

बङ्गलादेशमा शिक्षा मन्त्रालयले प्राथमिक रं प्रौढ शिक्षा वाहेक अन्य तहको शिक्षाको केन्द्रीय प्रशासन, व्यवस्थापन र योजना निर्माण गर्ने निकायको रूपमा काम गर्दछ । सरकारी हाइस्कुल र कलेजका शिक्षकहरूको छनोट र नियुक्ति, सरुवा, बढुवा तथा विदेश तालिममा छनोट गर्ने अधिकार पनि शिक्षा मन्त्रालयलाई नै छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ङ) जापान

जापानमा स्थानीय तहमा नै सबैका लागि समान, अनिवार्य र निःशुल्क शिक्षा कार्यक्रम बनाइएको छ । फलतः त्यहाँ शतप्रतिशत साक्षरता रहेको छ ।

यसरी हेर्दा स्थानीय सरकारलाई केन्द्रीय सरकारले मान्यता दिएर मात्रै पुग्दैन त्यसमा थप सहयोग गरिरहनुपर्छ भन्ने मर्मलाई अन्य देशका शिक्षानीतिबाट केलाउन सकिन्छ । केन्द्रीय स्तरबाट सम्पूर्ण शैक्षणिक गतिविधि सञ्चालन हुँदा काममा ढिलासुस्ती हुने तथा बाधाव्यवधान बढी आउने हुँदा स्थानीय सरकारलाई अधिकार दिइनु वैज्ञानिक कुरा हो । संघीय शासन प्रणाली लागू भएका विभिन्न देशहरूमा स्थानीय तहलाई माध्यमिक तहसम्मको शिक्षा सम्बन्धी सम्पूर्ण अधिकार दिएको देखिँदैन । अधिकांश देशहरूमा प्रान्तीय सरकारलाई विद्यालय शिक्षा सञ्चालनको अधिकार दिइएको देखिन्छ र स्थानीय सरकार पछाडि बसेर साधन-स्रोतको व्यवस्थापनमा लागि परेको पाइन्छ (देवकोटा, थाहाखबर) ।

४.२ संविधानमा भाषा र अधिकार

नेपालको संविधान २०७२ ले सबै भाषाको सम्मान गर्ने गरी भाषाको विकासमा चासो राखेको छ । उक्त संविधानको धारा १८ मा भाषाका आधारमा कुनै भेदभाव नगरिने कुरालाई स्पष्ट पारिएको छ । धारा ३१ मा शिक्षासम्बन्धी हकअन्तर्गत नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यायल तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने कह हुनेछ भनी उल्लेख गरिएको छ । धारा ३२ मा आफ्नो भाषा, लिपि, संस्कृतिको संरक्षण र संवर्धन गर्ने हकलाई खुलाएको छ । त्यस्तै गरेर धारा ५१ ले राज्यका नीतिहरू (ग) (७) लाई उल्लेख गर्ने क्रममा बहुभाषिक नीति अवलम्बन गर्ने कुरालाई प्रष्ट्याएको छ । धारा ५७ (४) ले स्थानीय तहको अधिकार रहेको कुरालाई खुलासा गरेको छ ।

संविधानको आधारमा भाषिक अधिकार सुनिश्चित भएपनि यसैभित्र टेकेर नेपालका भाषाहरूको संरक्षण र संवर्धन गर्न दह्रो संस्था तथा निकायको खाँचो हुन्छ । नेपाल सरकारले नेपालका भाषाहरूको जगेर्ना गर्ने उद्देश्यले भाषा आयोगको स्थापना गरेको पाइन्छ । संविधानको धारा २८७ : भाषा आयोग : ६ अन्तर्गत भाषा आयोगका काम, कर्तव्य र अधिकारलाई उल्लेख गरिएको छ :

- सरकारी कामकाजको भाषाको सिफारिस गर्ने
- भाषाहरूको संरक्षण, संवर्धन र विकास गर्ने
- मातृभाषाको विकासको स्तर मापन र शिक्षामा प्रयोगको सम्भाव्यता सम्बन्धी सिफारिस तयार पार्ने
- भाषाहरूको अध्ययन, अनुसन्धान र अनुगमन गर्ने ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४.२.१ संविधानमा संघ, प्रदेश र स्थानीय सरकारको नीति

नेपालको संविधानसम्मत हुने गरी सरकारी कामकाजको भाषाको प्रयोग गर्नुपर्ने कुरालाई धारा ७ मा उल्लेख गरिएको छ । नेपाली भाषा र अरू राष्ट्रभाषाहरूको प्रयोग कसरी र कुन-कुन सन्दर्भमा गर्न सकिन्छ भन्ने कुरा भने संविधानमा स्पष्ट छैन । स्थानीय तहको अधिकार सूचीमा (अनुसूची ८) मा भाषा, संस्कृति र ललितकलाको संरक्षण विकासको कुरालाई उल्लेख गरिएको छ । भाषाका आधारमा भेदभाव हुने नहुने भन्ने कुरा धारा ३ र धारा ६ मा उल्लेख छ । अब व्यवस्थापिका, न्यायपालिका र कार्यपालिकाका सेवा क्षेत्रहरूमा बहुभाषिक कार्यपद्धतिलाई सञ्चालन गर्ने कार्यमा जटिलता पनि छ । संसदमा भाषा अनुवादक यन्त्रको यथेष्ट विकास गर्न सके यो विषय सहज हुन सक्छ । दृष्टिविहीन तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिको भाषिक अधिकारको सुनिश्चितता गर्ने कुरा धारा १८ को २ र ३ मा उल्लेख गरिएको छ । धारा २८७ (६) (क) मा प्रादेशिक हिसाबमा सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन पूरा गर्नुपर्ने आधारहरूलाई भाषा आयोगले वक्ताको सङ्ख्या, पहिचान, सामर्थ्य, लेख्य पद्धति, ऐतिहासिकता आदि हुने कुराको उल्लेख गरेको छ । भाषा आयोग र प्रदेश कार्य क्षेत्रलाई धारा ७ (२) र धारा २८७ (६) (क) मा उल्लेख गरिएको छ । अतः भाषिक विकासका लागि संघ, प्रदेश र स्थानीय तहको सहकार्यबाट भाषानीति तथा योजना तर्जुमा गर्नुपर्ने आवश्यकता छ । आफ्नो देशका भाषाहरूको संरक्षण र विकासमा स्थानीय तहबाटै पहल गर्ने प्रावधानलाई विकसित तुल्याउनुपर्छ । अबको भाषानीतिमा संघ, प्रदेश र स्थानीय स्तरको भाषा विकासको योजना निर्माण हुनु आवश्यक रहेको देखिन्छ । स्थानीय स्तरका भाषाको भाषिक सर्वेक्षण गरी प्राप्त तथ्याङ्कबाट विकास प्रक्रियालाई अवलम्बन गर्ने नीति आवश्यक हुन्छ ।

४.२.२ भाषासम्बन्धी विगतका नीतिगत आधार र विकास प्रक्रिया

हालसम्म हेर्दा नेपालमा शिक्षाको माध्यम नेपाली र अङ्ग्रेजीलाई अपनाइएको छ । विषयगत हिसाबमा हेर्दा नेपाली, अङ्ग्रेजी, संस्कृत, नेवारी (नेपाल) भाषा, मैथिली र हिन्दी भाषाहरूको अध्ययन तथा अध्यापन एम्.ए. स्तरसम्म हुन्छ (बन्धु, २०७३ : २७२) । रेग्मी (२०७४, पौष ३) द्वारा प्रस्तुत गरिएको कक्षा प्रस्तुति सामग्रीका आधारलाई हेर्दा नेपालको भाषानीतिमा निम्नानुसारको व्यवस्था रहेको पाइन्छ :

(क) एकीकरणभन्दा पूर्व : स्थानीय भाषा नै शासकीय भाषा

(ख) एकीकरणपश्चात् : नेपाली (गोरखा) भाषा शासकीय भाषा

(ग)राणाशासन काल:नेपाली बाहेकका भाषालाई अपरिष्कृत भाषा/जङ्गली भाषा

(घ) पञ्चायत काल : अघोषित रूपमा नेपाली भाषाको एकभाषिक नीति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ङ) २०१९ सालको संविधान : नेपाली एक मात्र राष्ट्रभाषा
(च) २०४७ सालको संविधान : नेपाली राष्ट्रभाषा र अरु मातृभाषाहरू राष्ट्रिय भाषा
(छ) २०६३ सालको अन्तरिम संविधान : नेपाली लगायत सबै नेपालका मातृभाषाहरू राष्ट्रभाषा
(ज) २०७२ सालको संविधान : सबै भाषालाई समान रूपमा राष्ट्रभाषा, प्रदेशले समेत् कानुन बमोजिम प्रदेशको सरकारी कामकाजको भाषा तोक्न सक्ने व्यवस्था, नेपाली भाषालाई सरकारी कामकाजको भाषा ।

२००४ को संविधानमा नेपालको राष्ट्रभाषाका रूपमा नेपाली भाषालाई व्याख्या गरिएको छ । २०१५ सालमा आइपुग्दा 'देवनागरी लिपिमा लेखिएको नेपाली भाषालाई नेपालको राष्ट्र भाषा' भनी व्यवस्था गरियो । २०१९ सालको संविधानले नेपाली भाषालाई राष्ट्र भाषा भन्नुका साथै विदेशीका हकमा नेपाली नागरिकता लिन नेपाली भाषा जान्नुपर्ने बाध्यकारी नियम ल्याइयो । २०४७ सालको संविधानमार्फत् नेपालका भाषाहरूमध्ये नेपाली भाषालाई राष्ट्रभाषा र अन्य मातृभाषालाई राष्ट्रिय भाषा भनेर नेपाली भाषालाई सरकारी कामकाजको भाषा नेपाली हुने नीति ल्याइयो । प्रजातन्त्रको पुनर्स्थापनापछि नेपालको भाषिक अध्ययनको जटिलतालाई नियालेर २०५० सालमा राष्ट्रिय भाषानीति सुझाव आयोग गठन भयो । २०५८ सालको जनगणनाबाट नेपालको भाषिक विविधता र जटिलतालाई थप पुष्टि गरियो । अन्तरिम संविधान २०६३ मा नेपालका सबै भाषालाई राष्ट्रभाषा हुन् भनी उल्लेख गरियो । अहिलेसम्म आइपुग्दा मुलुक संघीय संरचनामा मोडिएको छ । २०७२ ले भने प्रादेशिक स्तरसम्म पुगेर भाषिक अधिकारलाई प्रत्यायोजन गरेको छ ।

भाषागत अध्ययन, सांस्कृतिक तहसम्बन्ध राख्ने विभिन्न अन्वेषण गर्दै गइए पनि उल्लेख्य रूपमा खोजी गर्ने कार्यनीति तथा व्यवहार भएको पाइँदैन । वहुभाषिक कक्षामा शिक्षण गर्ने, भाषाको सम्मान गर्ने, सबै सांस्कृतिक पृष्ठभूमिका भाषाका वक्तालाई आफ्नो भाषाको, संस्कृतिको संरक्षणप्रति राज्यले ठोस नीति वनाउनुपर्छ । विगतका भाषानीति तथा आजको परिवर्तनलाई ध्यानमा राखेर अव देशले भाषिक विकास, शिक्षाको विकास तथा पहिचान संरक्षणमा बहुभाषिक विकाससँग सरोकार राख्ने भाषा आयोग, नेपाल प्रज्ञा प्रतिष्ठान, गोरखापत्र राष्ट्रिय दैनिक, नेपाल टेलिभिजन, विभिन्न भाषा सम्बन्धी निकायहरू, भाषाविद्, भाषा अध्ययन केन्द्र तथा निकाय आदिको सहकार्यलाई प्राथमिकतामा राख्नुपर्छ ।

४.३ भाषाको अध्ययन र विकास

नेपाल भाषिक विकास, अध्ययन तथा अनुसन्धानका लागि साञ्चारिक विकासले भूमिका खेलेको पाइन्छ । वि.सं. १९५८ गोरखापत्रको प्रकाशन तथा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
१९६५ को माधवी पत्रिकाले नेपाली भाषासँगै भाषिक अनुसन्धानमा जग वसालेको पाइन्छ । त्यस्तै गरेर वि.सं. १९७० मा 'गोरखा भाषा प्रकाशिनी समिति' स्थापना, १९७० सालमा चन्द्रिका व्याकरण प्रकाशन, पारसमणि प्रधानको 'नेपाली भाषाको उत्पत्ति र विकास', चूडामणि वन्धुको 'नेपाली भाषाको उत्पत्ति' नामक कृतिको अमूल्य योगदान रहेको पाइन्छ । नेपालमा संस्थागत रूपमा २०१६ सालमा त्रि.वि.को स्थापनापछि स्नातकोत्तर तहमा र २०३० पछि विद्यावारिधिका तहमा भाषा सम्वन्धी अनुसन्धान हुन थालेको पाइन्छ (निउरे, २०७० : ११) ।

नेपालमा भाषिक अध्ययनको विकासलाई नियाल्दा जे.ए. एटन (सन् १८२०) सम्म पुगेर हेर्नुपर्ने हुन्छ । त्यसपछि हजसन नामक विद्वान्ले नेपाली भाषामा मात्रै नभएर नेपालका विविध भाषामा चासो वढाएको पाइन्छ । उनले नेपालका विभिन्न भाषावारे सामग्री सङ्कलन गरेर बेलायत पठाए (वन्धु, २०७३ : ४०२) । नेपालमा यसरी भाषा र भाषाविज्ञानका वारेमा छिटफुट थुप्रै प्रयासको जग पहिला पनि भएकै हो तर विश्वविद्यालयले गरेको प्रयास नै औपचारिक तवरमा सबल रहेको देखिन्छ । भाषा आयोगको प्रतिवेदन (२०७३/२०७४) को पृष्ठभूमि खण्डमा उल्लेख भएअनुसार त्रि.वि. केन्द्रीय भाषा विज्ञान विभागको संयोजनमा भारोपेली, भोट वर्मेली, आग्नेली, द्रविड र परिवार नखुलेका कुसुन्डा भाषा समेत गरी ८४ भाषाको समाज भाषावैज्ञानिक अध्ययन गरिएको छ ।

भाषिक विकासको चरणले मूर्तता पाउने आधारलाई खोज्दा अवको भाषागत नीति तथा व्यवस्थाले वढी प्रश्रय पाउने देखिन्छ । भाषा आयोगको वार्षिक प्रतिवेदन (२०७३/२०७४) मा उल्लेख गरिएअनुसार नेपालमा वोलिने विभिन्न भाषामध्ये १३ वटा भाषाको आफ्नै लिपि रहेको छ । १२३ भाषामध्ये ५३ (४३.१ %) वटा भाषा कथ्यका दृष्टिले मात्र सुरक्षित छन् । तिनलाई लिपि, वर्ण, व्याकरण, साहित्य तथा वाङ्मयका तहसम्म जीवन्त राख्न संघीय शासन व्यवस्थाले विशेष पहल गर्नुपर्ने हुन्छ । भाषिक विकास तथा विस्तारमा आधुनिकीकरण तथा मानकीकरण गर्नका लागि भाषिक तथ्याङ्कको यकिन विवरण सङ्कलन गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ ।

४.४ भाषा शिक्षण सम्बन्धी अनुसन्धानको स्थिति

हाल त्रिभुवन विश्वविद्यालय अन्तर्गत नेपाली भाषा केन्द्रीय विभाग, भाषाविज्ञान केन्द्रीय विभाग र नेपाली भाषा शिक्षा विभाग लगायत त्रि. वि.का विभिन्न निकाय, नेपाल सरकार, विश्वविद्यालय अनुदान आयोग लगायतका संस्थागत प्रयासबाट भाषाको अनुसन्धानका प्रयास भइरहेका छन् । नेपालका मातृभाषाहरूको संरक्षण, संवर्धन र विकास गर्ने तथा अनुसन्धान र अनुगमन गर्ने उद्देश्यले २०७३ सालमा भाषा आयोगको गठन भयो । नेपालमा भाषा शिक्षण सम्बन्धी अध्ययन परम्परा वि.सं. २०४० को दशकबाट सुरु भएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाइन्छ । नेपाली भाषा शिक्षा विभागअन्तर्गत २०४१ सालवाट र शिक्षाशास्त्र सङ्कायमा स्नातकोत्तर तहमा नेपाली विषय शिक्षणको प्रारम्भ भएपछि २०४२ सालदेखि औपचारिक रूपमा भाषा शिक्षण सम्वन्धी अनुसन्धानको थालनी भएको पाइन्छ (निउरे, २०७१ : ११) । सन् १९६० को दशकमा प्राध्यापक वालकृष्ण पोखेलले तुलनात्मक अध्ययनशास्त्रमा पढाए । उनको पहलमा आफ्ना विद्यार्थीलाई भाषाविज्ञानको अध्ययन र भाषाको अन्वेषणमा रुचि जगाइयो । विदेशमा पठाएर केही व्यक्तिलाई अध्ययन, प्रशिक्षणको जानकारी लिने अवसर दिएको पाइन्छ । यसले नेपालमा भाषाविज्ञानको शिक्षणमा रूचि जगाएको पाइन्छ (वन्धु, २०७३ : ४०३) । मानविकी तथा शिक्षाशास्त्रमा २०५५ सालपछि अनिवार्य वनाइएपछि भाषिक अनुसन्धानमा फड्को मारेको पाइन्छ । विशेष गरेर त्रि.वि. शिक्षाशास्त्र संकायअन्तर्गतको नेपाली शिक्षा विभागद्वारा भाषा शिक्षण सिकाइमा अनुसन्धान कार्यमा जोड दिइएको पाइन्छ । पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण विधि, भाषा शिक्षण सिकाइ क्रियाकलाप, विभिन्न भाषाबिचको तुलनात्मक अध्ययन, व्यतिरेकी पक्षको अध्ययनजस्ता गराइएको पाइन्छ । हाल शैक्षिक प्रयोजनका लागि गरिने अनुसन्धानले विद्यालय तहदेखि महाविद्यालय तह र विद्यावारिधि तहसम्म विस्तारित भएको पाइन्छ (निउरे, २०७१ : १२) ।

हाल नेपालमा भाषिक सर्वेक्षणका क्रममा वैज्ञानिक र व्यवस्थित प्रक्रियाका रूपमा समाज भाषावैज्ञानिक अध्ययन भएको पाइन्छ । यसबाट भाषिक सर्वेक्षण तथा आनुवंशिक वर्गीकरण कार्य, मातृभाषाका पुस्तक प्रकाशन, भाषिक विकासका सहकार्यहरू हुँदै गएका छन् । नेपालमा वहुभाषिक शिक्षाप्रतिको विकासमा यिनै अनुसन्धानले हौसला प्रदान गरेको छ । संविधानले सवै नेपालमा वोलिने भाषालाई वरावरी मान्यता दिई एकल भाषानीतिलाई तोडेपछि वर्तमान सन्दर्भमा भाषिक विकासमा पहिलाको तुलनामा बढी सचेतना वढेको देखिन्छ । भाषिक न्याय व्यवस्थापन गर्दै सवै भाषाको सम्मान गर्नु मुलुकको दायित्व हो । नेपालमा भाषाहरूको अध्ययन गरी शिक्षण सिकाइमा सहजता तुल्याउनु आवश्यक पक्ष पनि हो । सन् १९६६ मा समर इन्स्टिच्युट अफ ल्याङ्ग्विस्टिक्सको स्थापना भई दश वर्षसम्म नेपालका भाषाहरू तामाङ, मगर, खाम, खालिङ, चेपाङ, लिम्बू, शेर्पा, थारु, नेवार, दनुवार, दरै, सुनुवार, जिरेलजस्ता भाषाका ध्वनिदेखि सङ्कथनसम्मका विविध पक्षमा अध्ययन गऱ्यो (वन्धु, २०७३ : ४०३) । वहुभाषी विद्यार्थीका मनोभावना वुझ्ने चेतनाले भर्खरै स्थान पाउन थालेको छ । भाषा आयोगले भाषिक विकासमा विज्ञ समूह निर्माण गर्दै भाषा अध्ययनमा कदम अगाडि वढाइरहेको छ । भाषाको अध्ययन अनुसन्धानहरूमा विज्ञहरूको सहभागिता वढ्दै गएकाले भाषिक विकासमा केही प्रयास हुने गरेको पाइन्छ । रेग्मी (२०१७ इ.:२३३) का आधारमा हेर्दा नेपालको भाषाहरूको अध्ययन अनुसन्धानको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्थितिको प्रारम्भिक झलकलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

क्र. सं.	भाषा परिवार	समाजभाषा-वैज्ञानिक सर्वेक्षण	अभिलेखीकृत भाषा	शब्दकोश निर्माण	व्याकरण लेखन	मातृभाषामा पाठ्यपुस्तक निर्माण
१.	भारोपेली	३३	७	७	१२	६
२.	चीन-तिव्वती	५६	१६	२५	३३	१८
३.	आग्नेसियाली (सन्थाली र खडिया)	२				
४.	द्रविड (उरावे)	१				
५.	एकल भाषा (कुसुन्डा)	१			१	
	जम्मा	९३	२३	३२	४६	२४

५. भाषा शिक्षण पद्धति र प्रक्रिया

नेपालमा संविधानको धारा ३१ मातृभाषामा शिक्षा लिन पाउने व्यवस्था अनुरूप अब स्थानीय स्तरमा मातृभाषाका पाठ्यक्रम, पाठ्यसामग्री तथा भाषा शिक्षक उत्पादन गर्दै यसको विकासमा अघि बढ्नुपर्ने आवश्यकता रहेको देखिन्छ । भाषा र ज्ञान फरक-फरक कुरा हुन् तर ज्ञानलाई भाषाले जीवन्त राख्छ । यसर्थ भाषा शिक्षकले भाषा शिक्षण गर्नु भनेको विषयवस्तुको ज्ञान प्रदान गर्नु होइन । सम्वन्धित भाषालाई भाषिक सिपगत कार्यकलाप गराउने कार्य भाषा शिक्षणको आधारभूत विषय हो । संघीय शासनमा सवै भाषा शिक्षकले भाषाका सिपको एकीकृत शिक्षणमा अभ्यास र पुनरावृत्ति गराउँदै कार्यकलाप सञ्चालन गराउँदै तिनको विकासमा पहल गर्नुपर्ने हुन्छ । एउटा सवल र सक्षम भाषा शिक्षकलाई भाषा शिक्षण गर्दा नेपाली समाज, यहाँको विविधता, भाषिक पृष्ठभूमि, संस्कृतिजस्ता विषयमा दिलचस्पी रहँदा शिक्षण सिकाइमा सहजता हुन्छ । बालमनोविज्ञान र समाजमनोविज्ञानको अध्ययनलाई एउटा शिक्षकले वुझ्न सक्नुपर्छ । यसर्थ नेपालको बहुभाषिक पृष्ठभूमिमा मातृभाषाको शिक्षणमा वालमनोविज्ञानको अध्ययन बढी सान्दर्भिक वन्न पुग्छ ।

भाषाको माध्यमबाट उच्च स्तरीय बोध र अभिव्यक्ति क्षमता विकास गर्न र सिकारुमा जिज्ञासा उत्पन्न गर्नु शिक्षकको कर्तव्य हो । अतः भाषा शिक्षकले निम्नानुसारका पक्ष र विषयसन्दर्भमा सचेतना अपनाउनु आवश्यक हुने देखिन्छः
क) भाषा शिक्षण ज्ञानको शिक्षण नभई सिपको शिक्षण र सिप शिक्षणका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कार्यकलापको ज्ञान

ख) भाषाका आधारभूत सिद्धान्तको ज्ञान

ग) पहिलो भाषाका रूपमा र दोस्रो भाषाका रूपमा भाषा शिक्षण गर्दा अपनाउनु पर्ने विधि प्रविधिको ज्ञान, माध्यम भाषा, सम्पर्क भाषा विकासको ज्ञान

घ) सिकारुको चाहना, रुचि, जिज्ञासा, सहकार्य लगायतका मनोवैज्ञानिक पक्ष अर्थात् मनोभाषाविज्ञानको बारेमा जानकारी (बालमैत्री शिक्षण), सिकारुको भाषिक पृष्ठभूमि

ङ) बहुभाषिक समाजमा सबै भाषालाई भाषिक न्यायको स्थापना गर्दै संस्कृति, समाज, सम्पर्क र साझा सम्पर्कको सेतु बन्ने आधारवस्तुमा ध्यान दिई मातृभाषाका साथमा अन्य भाषालाई चोट नपुग्ने गरी एकभाषिक, द्विभाषिक, बहुभाषिक समाज र शिक्षाको ज्ञान

च) भाषाको पाठ्यसामग्रीको विकासका लागि वर्णदेखि सङ्कथनसम्मको व्यवस्थामा ध्यान दिँदै शिक्षण कार्यकलापका क्रममा उत्पन्न प्रत्येक समस्यालाई निराकरणात्मक उपायका लागि भाषिक समस्या समाधानका नवीन विधि, प्रविधिमा समेत् अद्यावधिक बन्दै जाने वातावरणको आवश्यकता

छ) विश्वव्यापीकरण, आधुनिक साधन, सूचना तथा सञ्चारको विकासको ज्ञान र उपयोग, भाषिक स्थायित्वका लागि भण्डारणमा प्रभावकारी व्यवस्थापनको आवश्यकता

ज) भाषा शिक्षणमा साहित्यको विकास तथा उपयोग, विधागत विविधताका कार्यकलाप सञ्चालनद्वारा रुचिपूर्ण शिक्षण, वर्ण व्यवस्थादेखि सङ्कथन शिक्षणका लागि विधि, प्रक्रिया तथा पूरक, सहायक सामग्री उपयोगको ज्ञान

झ) कक्षाकोठाको शैक्षिक, भौतिक, मनोवैज्ञानिक व्यवस्थापन लगायत सिकाइमा त्रुटि विश्लेषण, व्यतिरेकी विश्लेषण गर्दै निरन्तर मूल्याङ्कन र अभ्यासको सिकारुमैत्री वातावरणको व्यवस्थापन ।

भाषा शिक्षकले बहुभाषिक कक्षा व्यवस्थापन, बालबालिकाको भाषिक पूर्वज्ञान, सिकारुले पाएको भाषिक वातावरण, भाषा सिकाइप्रतिको तत्परताजस्ता व्यक्तिगत, मनोवैज्ञानिक पक्षलाई ध्यान दिनुपर्छ । व्यक्तिगत विभिन्नतामा आधारित रहेर भाषा शिक्षण गर्नु भाषा शिक्षकका लागि बढी प्रभावकारी प्रक्रिया हुन सक्छ । नवीन विधि र प्रविधिमा अद्यावधिक बन्नु र सोको प्रयोगद्वारा शिक्षण कार्य गर्नु भाषा शिक्षकको प्रमुख आवश्यकता हो । विविध भाषाका विद्यार्थीको भाषिक न्याय व्यवस्थापन गरेर भाषाका सिपगत विकास गर्ने कार्यमा शिक्षक सचेत र जागरुक हुनुपर्छ । भाषा शिक्षणमा दैनिक एउटै विधिले दिक्क हुने बालमनोविज्ञानलाई शिक्षकले बोध गर्न सक्नुपर्छ । शिक्षक तालिम, शिक्षण अनुगमन, आवश्यक सुझावको व्यवस्थामा मातृभाषाको शिक्षा प्रभावकारी बन्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सक्छ । कक्षाकोठा व्यवस्थापनअन्तर्गतका प्राज्ञिक व्यवस्थापन तथा भौतिक वातावरणको व्यवस्थापनका भाषा शिक्षक सचेत रहनु आवश्यक हुन्छ । शिक्षकले कक्षाकोठामा कुन विधिको प्रयोग गर्ने भन्ने कुरा विद्यार्थीको अवस्था, भाषिक स्थिति, कक्षाकोठाको अवस्थामा भर पर्दछ (सापकोटा, २०७१/२०७२:११७) । यसर्थ बालकको सामाजिक विकास र अवस्था, आर्थिक अवस्था, सांस्कृतिक तथा पारिवारिक अवस्थाजस्ता विषयलाई स्तरअनुकूल आवश्यक उपचारात्मक शिक्षण गर्नु भाषा शिक्षकको दायित्व हो । यसका लागि कक्षाकार्यकलापको आत्ममूल्याङ्कन गर्न कार्यमूलक अनुसन्धान तथा समस्याको निदानात्मक उपचार पद्धतिको ज्ञान हुनु आवश्यक हुन्छ ।

६. भाषाहरूको संरक्षणका आधारहरू

नेपालमा रहेका सवै भाषाको संरक्षण गर्नु देशको आवश्यकता हो । भाषाले राष्ट्रिय गौरवलाई जोगाएको हुनाले यिनको संरक्षणमा मुलुकले संरक्षणका आधारलाई केलाएर अघि बढ्नुपर्ने देखिन्छ । नेपालका धेरै भाषाहरूमा अध्ययन, अनुसन्धान हुन नसकेकाले लोप हुने खतरा बढेको पाइन्छ । नेपालमा भाषा सम्बन्धी चिन्तन मनन गर्ने परम्परा पहिलेदेखि पाइए पनि औपचारिक रूपमा अनुसन्धान गर्ने कार्य पछि मात्र सुरु भयो । यहाँका भाषाहरूमध्ये केही भाषाहरू मात्र मानकीकरण र स्तरीकरणको अवस्थामा पुगेका छन् भने केही विकासको गतिमा छन् । अधिकांश भाषा विकसित नभएका तथा कतिपय लोपोन्मुख वन्दै गएको पाइन्छ (निउरे, २०७१:१०) । यी विभिन्न भाषाहरूको संरक्षणका लागि सम्बन्धित सरोकारवालाहरू जुट्नुपर्ने देखिन्छ । अवस्थी (२०७४) द्वारा प्रस्तुत गरिएको भाषा आयोगको प्रतिवेदनमा उल्लेख गरिएअनुसार भाषाहरूको संरक्षण, संवर्धन र विकास सम्बन्धी निम्न सुझावलाई स्थानीय तह, प्रदेश तथा संघले ध्यान दिनुपर्दछ :

१. भाषा सर्वेक्षण (धारा २८७ (६) (ख)
२. भाषा सङ्ग्रहालय तथा अभिखेलयको स्थापना (धारा ३२)
३. लिपि, शब्दकोश, व्याकरण र सामग्री विकास (धारा ३२ (३)
४. भाषा विकास कोषको स्थापना (धारा २८७ (६) (ख), (ग)
५. भाषानीति निर्धारण समिति गठन
६. भाषामा प्रविधिको प्रयोग
    (क) भाषा अभिलेखालय
    (ख) भाषा प्रविधि तथा अनुवादसम्बन्धी कार्य
    (ग) भाषाहरूको अध्ययन र संस्थागत आधार निर्माण

उल्लिखित भाषागत विकासको आधारलाई हेर्दा आयोगले भाषाहरूको अध्ययन अनुसन्धानका लागि पनि सुझाव पेस गरेको छ । यसमा उल्लेख गरिएअनुसार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाषाहरूको अध्ययन अनुसन्धान, भाषा सम्वन्धी अनुगमन, राष्ट्रभाषाहरूमा जनशक्ति विकासलाई सो सुझावमा उल्लेख गरेको छ। भाषाको विकासका लागि वर्तमान सन्दर्भमा राज्य व्यवस्थामै नीति तथा योजना निर्माण हुनु आवश्यक रहेको देखिन्छ। यसमा भाषा शिक्षकले यसको अनुसन्धानमा भएका अभावलाई केलाएर अध्ययन तथा विश्लेषण गर्न सहज हुन्छ। नेपालको वहुभाषिक अवस्थालाई नियालेर तिनको अनुसन्धान, खोज तथा विश्लेषण गर्ने दर्विलो निकायलाई संघीय व्यवस्थाले तर्जुमा गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ। देशको बहुसङ्ख्यक समुदायलाई एउटै सूत्रमा बाँधेर सबैको भाषिक अवस्थालाई संरक्षण, संवर्धन र विकास गर्न नेपाली भाषा अझै सबल बन्नै पर्ने आवश्यकतालाई हाम्रो जस्तो मुलुकले मनन गर्नुपर्ने देखिन्छ।

६.६.१ भाषानीति तथा योजनामा सङ्घीय शासन पद्धतिको जिम्मेवारी

देशका राष्ट्रभाषाको संरक्षण र संवर्धनका लागि सबै प्रान्तीय तथा स्थानीय सरकाले आवश्यकतालाई निर्क्योल गर्नुपर्दछ। संघीय सरकारले नीतिगत मान्यता तथा थप प्रोत्साहन गर्दै अघि बढ्नुपर्ने देखिन्छ। यहाँका सबै भाषाको अवस्थालाई स्थानीय स्तरमै पुगेर स्थलगत अवलोकन गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ। जनगणनामा प्रश्न सोध्दा, सोधिने प्रश्नलाई तयार पार्दा भाषाविद् तथा भाषाविज्ञका रायलाई भरपुर उपयोग गर्ने वातावरणलाई अबको शासनले तय गरिनु पर्छ। रेग्मी (२०७४) का अनुसार देशले लिने भाषिक नीतिका आधारमा भाषा बन्दछन्। यसर्थ भाषाका योजना निर्माण गर्दा मुख्यत: निम्न तीन प्रकारका नीतिलाई अवलम्बन गर्नुपर्ने हुन्छ :

(क) स्थितिगत योजना (भाषा प्रयोग)
(ख) संरचनागत योजना (भाषा विकास)
(ग) सम्प्राप्तिगत योजना

नेपालमा तल्लो तहबाटै अङ्ग्रेजी सिकाइनु आवश्यक छैन। यसर्थ अबको नेपालको भाषानीति तथा योजनाका बारेमा रेग्मी (२०७४) का अनुसार निम्नानुसारको व्यवस्था हुनु प्रभावकारी हुन्छ :

(क) सरकारी कामकाजको भाषानीति : मेरिट आधारमा
(ख) शिक्षाको भाषानीति : मातृभाषा, नेपाली र अङ्ग्रेजी
(ग) सञ्चारको भाषानीति : मातृभाषा, नेपाली र अङ्ग्रेजी
(घ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्पर्क
(ङ) वहुभाषिक शिक्षा

विदेशमा जानका लागि आवश्यक पर्दा जापानिज, कोरियन, हिब्रुजस्ता भाषाको सिकाइ सम्भव भएको छ। यसर्थ अङ्ग्रेजी भाषालाई तल्लो तहदेखि सिकाइनुभन्दा प्राथमिक तहमा मातृभाषा हुँदैं नेपाली र अङ्ग्रेजी भाषातिर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal.

CC-0. In Public Domain. Digitization by eGangotri

लम्किने सुझावलाई विज्ञहरूले पेस गरेको पाइन्छ (पूर्ववत्)। त्यस्तै गरेर अवस्थी (२०७२/२०७३) का अनुसार भाषानीति तथा योजनालाई यसरी निर्क्योल गर्न सकिन्छ :

१. भाषाको स्थान सुरक्षित गर्ने

कुन भाषाले के कस्तो क्षेत्रसम्म पुगेर जिम्मेवारी वहन गर्न सक्छ सो कुरामा अध्येताले निर्क्योल गर्नु आवश्यक छ। भाषालाई मूलतः प्रयोजनपरक भेदका आधारमा विश्लेषण गर्दै अध्ययन अनुसन्धान गर्न सकिन्छ। भाषालाई निम्नानुसार प्रयोगका दृष्टिले वर्गीकृत गर्न सकिन्छ :

- सरकारी कामकाजको भाषा
- शिक्षा र पठनपाठनको भाषा
- सांस्कृतिक वा धार्मिक कार्यको भाषा
- पेसा, व्यवसाय, जागिर, पर्यटन, उद्योग आदिको भाषा

२. भाषाहरूको वर्ण, व्याकरण, शब्दकोश निर्माण, साहित्यको विकास गर्ने

३. भाषाको सिकाइ तथा संज्ञान विकास, चेतना विकास र जिम्मेवारी बोध

४. भाषाको प्रतिष्ठा र सम्मान वृद्धिका लागि स्थानीय, प्रान्तीय र संघीय संरचना निर्माण

यसर्थ अब बहुभाषिक समुदायका सबै भाषाको संरक्षण, संवर्धन र विकासमा निम्न कार्यलाई संघीय व्यवस्थाले अपनाउनु आवश्यक रहेको देखिन्छ :

- ➢ भाषाहरूको तथ्याङ्क विश्लेषण
- ➢ भाषाहरूको संरक्षण र विकासको बाटो खोज्ने
- ➢ संघीयतासँगै भाषा प्रयोगमा सशक्तिकरण गर्ने, स्थानीय जागरण
- ➢ विद्यालय, विश्वविद्यालय तहमा मातृभाषामा शिक्षा लिने, दिने व्यवस्था निर्माण
- ➢ भाषाहरूको अध्ययन, जानकारी लिने तथा अनुगमन, खोज कार्य गरिरहने
- ➢ स्थानीय भाषा, प्रादेशिक भाषा, नेपाली र विदेशी भाषाको स्थान सुरक्षित राख्ने
- ➢ बहुभाषिक जीवनपद्धतिमा जटिलता र लाद्ने नीति नभएर स्वीकार्य पद्धतिमा जोड
- ➢ बहुभाषिक नीति, योजना र कार्यान्वयनमा जोड दिने
- ➢ मातृभाषा तथा बहुभाषिक कार्यविधि सञ्चालनको वातावरण तयार गर्ने
- ➢ जमघट, विचार आदानप्रदान, भाइचारा कायम गर्ने वातावरणमा प्रोत्साहन गर्ने।

समाजमा बोलिने सबै भाषाहरूको आधुनिकीकरण र मानकीकरण गर्ने कार्यव्यवस्थालाई भाषानीति तथा योजनामा सहजीकरण गरिनुपर्दछ। सबैमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाषिक अधिकारको ज्ञान, चेतना तथा झुकावलाई जागृत गर्दै नेपाली भाषाले देशका कमजोर अवस्थामा रहेका भाषाको विकासमा टेवा पुऱ्याउनुपर्छ । सबैले बुझ्ने भाषाका आधारबाट भए पनि यहाँका भाषाको विकास गरिनु संरक्षणको एउटा आधार बन्न सक्छ । अबको संघीय व्यवस्थाले सबै भाषाको रक्षामा समभाव, समदूरी कायम राख्दै अध्ययन, अन्वेषणका क्रममा आएका चुनौतीलाई समाधान गर्ने दह्रो नीतिगत व्यवस्थालाई कार्यान्वयनको तहसम्म पुऱ्याउने कार्य गर्नु आवश्यक छ । यसमा पनि अल्पसङ्ख्यक भाषिक समुदायका भाषाको अवस्थालाई ध्यानमा राखेर भाषिक स्थायित्वमा बढाबा दिनुपर्ने हुन्छ । भाषाको समुचित व्यवस्थापनका लागि प्राज्ञ वर्ग, सरोकार राख्ने जानकारको सल्लाह, सुझाव तथा अन्वेषणलाई सबै स्थानीय तह, प्रदेश तथा संघीय व्यवस्थाले ध्यान पुऱ्याएर अघि बढ्नुपर्ने देखिन्छ ।

७. उपसंहार

भाषा र संस्कृतिको अन्योन्याश्रित सम्बन्ध हुन्छ । भाषाको रक्षा गर्नु संस्कृति तथा नेपालका जातिगत पहिचानलाई संरक्षण गर्नु हो । भाषाले संस्कृतिलाई सञ्चरण गरेको हुन्छ । यसर्थ भाषाको रक्षा गर्दा सांस्कृतिक इतिहासको संरक्षण हुन्छ । तबमात्र संविधानले व्याख्या गरेको बहुधार्मिक, बहुसांस्कृतिक, बहुभाषिक तथा बहुजातिगत अस्तित्व व्यावहारिक तबरमा सुरक्षित रहन्छ । यसर्थ नेपालका सबै भाषाको संरक्षणमा सबै स्तरबाट चासो तथा नीति र कार्यक्रमको रणनीति हुनुपर्ने देखिन्छ । संस्कृति आस्था र श्रद्धाको परम्परा हो । यहाँका मान्यता वा रीतिरीवाजबाट भाषा प्रभावित हुन्छ । यी विषयलाई भाषानीति तथा योजनामा समेटेमा मात्र सो कार्य समाज सापेक्षित बन्छ । परम्परा, जातजाति र धर्म सम्प्रदायसित भाषाको घनिष्ठ सम्बन्ध हुन्छ । भाषा परम्परित र सामाजिक वस्तु हो (लामिछाने, २०७१ : १) ।

नेपाल बहुसांस्कृतिक तथा बहुभाषिक मुलुक हो । यहाँ १२५ जाति र १२३ भाषाको अस्तित्व रहेको तथ्यलाई २०६८ को जनगणनामा उल्लेख गरिएको छ । लामिछाने (२०७१ : ९) द्वारा भारोपेली, चिनियाँ तिब्बती, आग्नेली, द्रविड र एकल (कुसुन्डा) गरी पाँचवटा नेपालका भाषाको पारिवारिक वर्गीकरणलाई उल्लेख गरिएको छ । यसरी हेर्दा बहुभाषिक मुलुकमा सबै भाषाको अस्तित्व जोगाएर भाषिक संयोजन गर्ने कार्य चुनौतीपूर्ण हुन्छ । कतिपय लिपि नभएका भाषाको लिपि निर्धारण गर्न, आधुनिकीकरण, मानकीकरण गर्ने कार्य सहज छैन । यसर्थ समाज र समयसँग अद्यावधिक बन्दै परिवर्तित सन्दर्भमा सबै भाषाको संरक्षण, संवर्धन र विकास गर्न समाज र संस्कृति अनुकूल नीति तथा योजनालाई कार्यान्वन गर्न भाषा शिक्षणमा ध्यान दिनुपर्दछ । आपसी सद्भाव कायम राख्न, भातृत्व विकास गर्न, सामाजिक विकास गर्दै भाषाको संरक्षण, संवर्धन र विकास

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्न भाषा शिक्षणको कार्यथलोको रूपमा सांस्कृतिक वातावरणले मूल भूमिका खेलेको हुन्छ । लिपि, कोड निर्माण, वर्ण, व्याकरणको निर्माण जस्ता आधारभूत तहदेखि अस्तित्व सङ्कटमा परेका भाषालाई उठाउनु पर्ने आवश्यकता देखिन्छ । भाषाको न्यायिक सम्मान तथा वहुभाषिक कक्षा सञ्चालनका लागि सबै भाषाको संरक्षण, संवर्धन र विकास गर्ने नीतिको खाँचो रहन्छ ।

सन्दर्भसामग्री सूची

* अधिकारी, हेमाङ्ग राज (२०७४), **सामाजिक र प्रायोगिक भाषा विज्ञान**, काठमाडौँ : रत्न पुस्तक भण्डार ।
* अवस्थी, लवदेव (२०७२/२०७३), **भाषा आयोग**, काठमाडौँ : शङ्खमूल ।
* खड्का, भक्तवहादुर, **सङ्घीयताअन्तर्गत शिक्षामा स्थानीय तहको भूमिका : संवैधानिक प्रावधान, सम्भावना र चुनौतीहरू,** http://jagaran.com.np/news/2405
* गौतम, दिननाथ (२०७२), **शैक्षिक विकेन्द्रीकरण र यसको आवश्यकता**, वर्ष ३१, अङ्क २, काठमाडौँ : पाठ्यक्रम विकास केन्द्र ।
* ढकाल, पुष्पराज (२०७४), **विद्यालय सुशासन : अवधारणा र अभ्यास**, वर्ष ३३, अङ्क २ काठमाडौँ : पाठ्यक्रम विकास केन्द्र ।
* देवकोटा, श्रीप्रसाद, **नेपालमा सङ्घीय स्वरूपमा विद्यालय शिक्षाका अप्ठ्यारा**, http://thahakhabar.com/news/8120
* निउरे, ध्रुवप्रसाद (२०७१), **भाषिक अनुसन्धान विधि**, काठमाडौँ : सनलाइट पब्लिकेसन ।
* पोखरेल, माधवप्रसाद (नोभेम्वर, २०१७), **सिकारुलाई नेपाली पढाइ किन अप्ठ्यारो हुन्छ ?**, गिपन (Gipan), काठमाडौँ : त्रि.वि., भाषाविज्ञान केन्द्रीय विभाग ।
* पोखरेल, शैलजा (२०७१), **नेपालका लागि आदर्श भाषानीति**, शोधमूलक अर्धवार्षिक प्रज्ञा ११०, अङ्क १, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।
* वन्धु, चूडामणि (२०७३), **भाषाविज्ञान**, ललितपुर : साझा प्रकाशन ।
* रेग्मी, दानराज (२०७४), **नेपालको भाषिक स्थिति, भाषिक सर्वेक्षण र भाषानीति**, ग्राजुएट स्कुल अफ एजुकेसन एम.फिल. कक्षामा प्रस्तुत सामग्री, काठमाडौँ : कीर्तिपुर ।
* रेग्मी, दानराज (नोभेम्वर, २०१७), **नेपालमा भाषाहरूको स्थिति र भाषिक सर्वेक्षण: समीक्षात्मक विश्लेषण**, गिपन (Gipan), काठमाडौँ : त्रि.वि., भाषाविज्ञान केन्द्रीय विभाग ।
* लामिछाने, कपिलदेव (२०७१), **नेपालको भाषिक अवस्था**, शोधमूलक अर्धवार्षिक प्रज्ञा, काठमाडौँ : नेपाल प्रतिज्ञा प्रतिष्ठान ।
* शर्मा, दीपक (२०७४), **सङ्घीयतामा पाठ्यक्रमको विकास र व्यवस्थापन : केही आधारभूत सवालहरू**, वर्ष ३३, अङ्क २ काठमाडौँ : पाठ्यक्रम विकास केन्द्र ।
* श्रेष्ठ, अमन (२०७२), **संवैधानिक विकासक्रम तथा नेपालको संविधान**, काठमाडौँ : राष्ट्रिय सूचना मञ्च ।
* सापकोटा, शुकदेव (२०७१/२०७२), **निम्नमाध्यमिक तथा माध्यमिक शिक्षक प्रतियोगिता दिग्दर्शन**, काठमाडौँ : मकालु प्रकाशन गृह ।

 Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भ्यागुते रेलमा तिआनजिनको यात्रा

सरिता अर्याल

सानी नानीले डोरी खेल्दा उफ्रिए जस्तै उफ्रिएको छ मेरो मन पनि आज । के गरौं कसो गरौं भएकी छु बिहानैदेखि । म बिनाकाम बाहिर भित्र गरेको देखेर लक्ष्मी भाइले सोधी हाल्नु भएको पनि हो "दिदी यो छटपटी हिड्ने हतारो हो कि सन्चो नभएर हो ?" म के कारणले छटपटिएको थिएँ सुनाउन लाज लाग्यो । उनीहरूको लागि सामान्य भएको कुरा सबैभन्दा छिटो दौडने रेलमा चढन जान हतार भएर छटपटिएको भाइ- भन्न सकिनँ । परिस्थिति अनुसार आवाज निकालेर बोल्ने जवाफ भएन भने कि मुस्कुराउने कि रुने अधिकांश महिलाको स्वभाव नै हो । मलाई पनि त्यो समयमा केही भन्न मन लागेन चौवन्नी मुस्कान अनुहारमा ल्याइदिए । चिया नास्ता गरेर चेतनाथ र म बाटो लाग्यौं ।

"दिदी साइकल चलाउन आउछ ?" घरबाट निस्कनासाथ फुटपाथमा लहरै राखेको साइकल मोबाइलबाटै साइकलको साँचो खोलेर चलाउँदै चेतनाथले सोधे । "स्कुल जाने बेलामा त कुदाएको हो तर अहिले त कहाँ आउनु र ? फेरि यत्ति सानो साइकलमा म चढँ भने साइकल नै भाँचिएला ।" चेतनाथ साइकल गुडाउँदै म हिडदै पापा ओसान स्टेसन पुग्यौं । साइकल स्टेसन बाहिर नै राखिदिएँ पछि हामी तल झर्‍यौं । विकशित देशको मानिसको चेतना पनि उच्च नै हुने । हाम्रो मुलुकमा भए यसरी बाटोमा साइकल कम्पनीले राखिदिएपछि चोरेर दुई दिनमै हराइसक्थ्ये होला । यहाँ कति सुरक्षित छन् यी साइकलहरू । जहाँ जानु परेपनि हामीलाई पापा ओसानको सुरुङ्गमा नपसी हुँदै नहुने यो पल्ट पनि पसियो ।

एक नम्बर मेट्रोबाट हामी सितान सम्म पुग्यौं । त्यहाँ हामीलाई अर्को ट्रेन फेर्नु पर्ने रहेछ । भित्र भित्रै मुसाको प्वार जस्तै रेलको प्वाल फेरियो । हामी चार नम्वरको मेट्रोमा चढ्यौं । त्यहाँबाट हाम्रो गन्तव्य बेजिङ्गको दक्षिण रेलवे स्टेशन रहेछ, चेतनाथले रेलबाट बाहिर निस्कियौं भने पछि थाहा पाएँ । रेलबाट बाहिर निस्किसकेपछि रेलवे स्टेसनको चकाचौध देखेर म अचम्मित भएँ । हाम्रो त एक मात्र अन्तराष्ट्रिय विमान स्थल पनि यति भव्य छैन । त्यहाँबाट धेरै तिर लामा दूरीका ट्रेन चल्ने रहेछन् । सुरक्षा जाँच गराएर भित्र पसेपछि सोध्दै हामी तिआनजिन जाने रेलको टिकट दिई रहेको काउन्टरमा पुग्यौं । म प्रतीक्षालयमा बसेँ भने चेतनाथ टिकट लिने लाइनमा । मलाई सवैभन्दा मन पर्ने नै ट्रेनको यात्रा हो । त्यसमाथि पनि अहिले त म पहिलो पल्ट द्रूत गतिमा दौडने ट्रेनमा चढन गइरहेकी थिएँ । चिनको राजधानी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
बेजिङ्ग पुगेता पनि यो रेलमा पनि चढन पाँउला भन्ने त कल्पना पनि गरेकी थिइन। तर भविष्यमा कहाँ के हुन्छ भन्ने कुरा कसलाई पो थाहा हुन्छ र।

टिकट लिएर हामीले फेरि इलेक्ट्रोनिक मेसिनवाट सुरक्षा जाँच गराउनु पऱ्यो। भित्र पसेपछि पनि मानिसको भिड छिचोली नसक्नु छ। जताततै उस्तै हजारौ मानिसको भिड र लाइन। हामी सोध्दै एउटा लाइनमा गएर उभियौँ। चेतनाथ कुन ट्रेन हाम्रो हो वुझेर आउछु ल भन्दै लाइनवाट वाहिरिए जस्तो लागेको थियो। उनले मलाई पनि आउनु भनेका रहेछन्, म भने लाइनमै उभिरहेँ। हाम्रो ट्रेन छुट्नै लागेको रहेछ। चेतनाथले मलाई नदेखे पछि टिकट चेक गर्ने नजिकै उभिएर कराएका थिए "सरिता दिदी, ओइ सरिता दिदी" म झण्डै पचास जना पछाडि थिए होला त्यो सयौँको भिडमा मैले पनि सुन्ने गरि चेतनाथले कस्तरी कराउनु परेछ त्यो बेला। म उनको अगाडि पुग्ना साथ भाइ त वेस्कन रिसाए उनको पछि पछि किन नआएको भन्दै। मलाई हाँसो उठ्यो, मैले त्यो वेला हाँसो दवाएँ। टिकट चेक गरिसकेर भित्र पसे पछि हाम्रो **ट्रेन** लिगमा पनि आइसकेको रहेनछ। त्यहाँ पुगेपछि भने म किन त्यस्तरी कराएको भन्दै वेस्कन हाँसे। चेतनाथको रिस पनि मेरो हाँसोले हाँसोमै वदलियो। म उभिएको लाइन हामी चढ्ने भन्दा पछाडिको तेस्रो ट्रेनको लाइनमा पो पुगिसकेको रहेछ। हाम्रो रेलका त टिकट चेक गराएर सवै भित्र पसिसकेका रहेछन् "दिदी तिमी मेरो पछाडि देखिन। खोज्ने समय छैन ट्रेन छुट्न लाग्यो भनि सक्यो अनि के गर्नु कराउनु परेन। किन पिर गर्छौ तिमी र मलाई चिन्ने यहाँको थियो र म कराएको वुझ्ने पनि को होला र खै ?" उनले यताउता हेर्दै हाँस्दै भने।

केही क्षणमा भ्यागुताको मुख जस्तो मुख भएको ट्रेन हाम्रो अगाडि आइपुग्यो। "कस्तो अनौठो थुतुनु भएको रहेछ। हाम्रो गन्तव्य सम्म पुग्न यसलाई कति टाइम लाग्छ होला ?" ट्रेन भित्र पस्दै मैले सोधे चेथनाथलाई। तर त्यहाँ उनलाई मेरो प्रश्नको जवाफ दिने फुर्सद भए पो। टिकटमा सिट नम्वर रहेछ उनी त सिट खोज्दै रहेछन् घरि दाँया घरि बाँया टाउको हल्लाउँदै। सिटहरू पनि अन्तर्राष्ट्रिय उडान गर्ने ठूलाठूला जहाजका सिट जस्ता। सिट नम्वर पाइयो। सिटमा वसिसकेपछि मात्र चेतनाथको वोली फुट्यो। "हाम्रो यात्रा काठमाडौंवाट नारायणघाट गए जति हो दिदी एक सय पचास किलोमिटर। यो रेल तीनसय पचास किलोमिटर प्रति घन्टाको वेगमा दौडन्छ। अनि अनुमान गर्नु त कति समय लाग्ने रहेछ।" "आधा घन्टा पनि लागेन त। कति सम्म गर्न सकेका हुन चाइनिज हरूले पनि।" मैले आश्चर्यचकित हुँदै भने। न छुकछुक न सिठ्ठी ट्रेन त दौडिहाल्यो। यति छिटो दौडियो कि वाहिरको दृष्यलाई आँखामा कैद गर्न पनि भ्याइएन। सिट माथी स्क्रिनमा माथिपट्टि वाहिरको र भित्रको तापक्रम देखाइरहेको थियो। त्यो भन्दा मुनि रेलको स्पिड २८० देखि तीनसय सम्म पुगेको पनि सवै देखाइरहेको थियो। हामी तिआनजिन पुगि हालेछौँ। तिआन नगरपालिका चीनको चारवटा केन्द्रशासित सहर मध्येको एउटा रहेछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्य तीनवटामा बेइजिङ, साङहाइ र छोङछीङ। गगनचुम्बी महलहरूले तिआनजिन आइपुगेको संकेत पाँचसात मिनेट पहिले नै दि सकेका थिए।

रेलबाट बाहिर निस्कनासाथ चेतनाथले कसैलाई फोन गरे कहा छौ भन्दै। उनको चिनजानका कोही नेपाली रहेछन् यहाँ भन्ने लाग्यो। हामी अगाडि बढ्दैथियौं दुईजना केटीहरूले नमस्कार भन्दै हात जोडे। नेपाली नानीहरू रहेछन्। परिचय भयो काठमाण्डौ बालुवाटारकी अनुराधा खनाल र इलामकी जागृती खनाल रहिछन्। उनीहरू त्यहाँ एमविविएस अध्ययन गरिरहेका रहेछन्। उनीहरू त्यही बस्ने भएकोले हामीलाई घुमाइदिने भन्दै आएका। अब पालो उनीहरूको पछि लाग्ने आयो। स्टेसनबाट बाहिर ननिस्की अर्को लोकल ट्रेनको टिकट लिएर हामी फेरि अर्को ट्रेनमा पस्यौं। नानीहरू पनि झुक्किएछन् हामीलाई एक स्टेसन पहिले नै रेलबाट बाहिर निकाले। रेल हिडिसकेपछि भन्छन् हामी त एक स्टेसन पहिल्यै ओर्लिए छौ। फेरि केही छिन अर्को रेलको प्रतीक्षा गरेर हामी सहरको केन्द्र बिन्दुमा पुग्यौं। रेलबाट निस्किएर हामी पैदल अगाडि बढ्यौं। भोक लागि सकेको थियो पहिले केही खाऊँ अनि घुम्न जाउँला भनेर मैले भनें। हामी मल भित्रको दुईतल्ला माथि रहेको म्याक्डोनाल्डमा जाने भयौं।

बाहिरको तापक्रम माइनसबाट पनि उकालो लागेको छ। कुनै पनि मल भित्र होस या रेस्टुरेन्ट भित्र पस्नु भन्दा पहिले ढोकामै हावालाई रोक्न सक्ने बाक्लो पर्दा लगाइएको हुन्थ्यो। यो बेजिङदेखि नै दैख्दै आएकी थिएँ यहाँ पनि रहेछ। पर्दा बाहिर मुटु काम्ने जाडो पर्दाभित्र पस्नासाथ न्यानो। झ्यालतिर बसें। बाहिरको घामको किरण शरीरमा परेपनि त्यसको तातोपनको अनुभव भएन। बरु रुमहिटरले तातो बनाएकोले होला कोठा भने तातो नै थियो। नानीहरू र चेतनाथ खानेकुरा लिन गए काउन्टरतिर। झ्यालबाट बाहिर हेर्दा तल घाम लागे पनि काम्दै हिडेका बूढाबूढी देख्दा माया लागेर आयो। एकल परिवारमा रम्ने समाजका मानिसको सबैभन्दा कठिन समय हो बुढेसकाल। खानु लगाउनु परि हाल्छ अनि किनमेल गर्न पनि बाहिर जानै पर्‍यो के गर्नु ? दिमाग चिनिया बूढाबूढीमा केन्द्रित भइरहेको थियो नानीहरूले किस्तीमा खानेकुरा लिएर आए। चिकेन नगेट, बर्गर र कफी पिए पछि मैले भोक शान्त बनाएँ। अरुले पनि आ-आफ्नै स्वादले खाए। हामी घुम्न आएको भनेर होला नानीहरूले पहिले त हामीलाई मलतिर नै घुमाए। पछि मल हैन ऐतिहासिक कुराहरू हेरुँ न यहाँका भनेपछि उनीहरूले हामीलाई फेरि बस चढाए।

तिआनजिनको नामको पनि अर्थ रहेछ-त्यो स्थान जहाँ सम्राटले नदि पार गर्दछन्। सहरको बनावट हेर्दा यो नाममा सत्यता पनि देखिन्छ किनकी हैई नामक नदीको किनारमै पुरानो सहर अवस्थित रहेछ। हैई नदीको दुवैतिर सहर बिस्तार भइसकेकोले ओहरदोहर गर्ने पुल नजिकनजिक नै देखिन्छन्। पुलको बनावट नै यति कलात्मक छ कि ती पुलमा फोटो नलिने त कोही पनि पर्यटक नहोलान्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
बिनहाई, बोहाई नामक समुन्द्रको किनारमा रहेको यो सहरले समुद्री बाटोबाट पनि आफ्नो व्यवसायलाई बढाएकै जस्तो देखियो । सहर किनारमा रहेको बोहाइ सागरमा कुनै समय शाही बन्दरगाह नै थियो जुन बन्दरगाह प्रयोग गरेर युरोपियनहरू यात्रा गर्दथे ।

कुनै समयमा युरोपियनहरूले चाइनालाई पनि आफ्नो उपनिवेश बनाएका रहेछन् । चाइनिज भूमिलाई आफ्नो उपनिवेश बनाएका भए पनि उनीहरूले आफ्नो कोलोनीभित्र सर्वसाधारण चाइनिजको लागि प्रवेश निषेध नै गरेका रहेछन् । कोलेनीको मुल गेटमै 'चाइनिज र कुकुरलाई प्रवेश निषेध' **भन्दै राइफल धारी गार्ड तैनाथ हुन्थे रे** । त्यो समयमा चाइनिज र कुकुरलाई प्रवेश नपाउने इटालियन कोलेनीभित्र हामी पुग्यौं । पहिलेको संरचनालाई जस्ताको त्यस्तै राखिएको रहेछ । युरोपियन स्टाइलका घर । प्रत्येक दसबाह्र घर पछाडि एउटा घन्टा घर । साँझ बिहान घुम्न बस्नको लागि ठाउँठाउँमा चोक र पार्क । सहरको फूलमा चिनिया गुलाबलाई अगाडि बढाएका यिनीहरूको घर र पार्कमा पनि जतातत चिनिया गुलाब देखियो । कोलोनीभित्र पसिकेपछि लाग्दछ म चाइनामा हैन कुनै युरोपियन मुलुकमा छु जस्तो । जहाँ घुम्दा पनि राम्रो नराम्रो सबै कुरा देखिन्छ । कोलेनीभित्र पनि त्यस्तै अनुभूत गर्न पुगें म । त्यो समयमा युरोपियनहरूले महिलालाई कुन नजरले हेर्दा रहेछन् भन्ने कुरा कोलोनीको बाटा छेउछाउमा भएका महीलाका नग्न स्ट्याचुहरूले प्रष्टाएको अनुभूति मैले गरें त्यहाँ ।

११,९४६ वर्ग किलोमिटरमा फैलिएको यो सहर १६ जिल्लामा विभाजित छ । हान राष्ट्रियता मानिआएका नागरिकहरूले आफ्नो सहरको छुट्टै पहिचान दिएका छन् । सहर आफैमा सुन्दर हुँदा हुँदै पनि यहाँ भएका ऐतिहासिक घटनासित जोडिएर आएका प्राकृतिक र भौतिक संरचनाले पर्यटकलाई तान्न सफल भएको रहेछ तिआनजिन सहर । आफ्नो देशमा राजनैतिक परिवर्तनको साथसाथै अधिकांश पुराना संरचनालाई भत्काएको देखिरहेको मेरो आँखाले त्यहाँका पुराना संरचनालाई झन जोगाएर राखेको देख्दा नतमस्तक हुन मन लाग्यो । युरोपियन उपनिवेश हुँदा नै बनाइएको सब भन्दा पुरानो रेल स्टेसन बाहिर दुईवटा ठूलठूला घडी देखिए । एउटा घडी त क्युरियो मै गणना भै सकेको जस्तो लाग्यो । आफूलाई कुकुर सित दाँज्ने युरोपियनहरूका निशानीहरू जस्ताको त्यस्तै जीवन्त राखेका रहेछन् । साथीको बुवाले ह्याट पाइएमा ल्याइदिनु ल भन्नु भएको थियो । तर उहाँले भने जस्तो ह्याट मैले बेजिङमा घुम्दा पाएको थिइनँ । यहाँ मैले उहाँले भनेजस्तै पाएँ र किनेँ पनि । फर्केर बुवाको अगाडि त्यो ह्याट पुऱ्याउँदा उहाँको अनुहारमा आउने मुस्कान हेर्न म सम्झेरै लालायित भएकी थिएँ त्यै बेला पनि । केही अरु पनि सानातिना सामान किनेर हामी साँझ परेपछि त्यहाँबाट हिड्यौं । नानीहरू सित विदा भएर फेरि पस्यौं भ्यागुते रेल भित्र । नयाँ ठाउँ नयाँ अनुभव लिदै म कोठामा पुग्दा रातको नौ तिस भैसकेको रहेछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किन लेख्नु ?

गीता रेग्मी

किन लेख्नु ? भन्ने प्रश्नको उत्तर पनि कहाँ सहज छ र ? लेखेर के हुन्छ ? झन गाह्रो प्रश्न । पढेर को ठूलो भएको छ र ? हात्ती नि हात्ती ! ऊ पनि पढेर लेखेरै ठूलो भएको हो र ? भन्ने मनुवाहरूका कुरा सुन्यो भने घरमै बसेर भात भान्सा गर्दै सिरियल हेर्नुको विकल्प छैन । होइन, हात्ती भन्दा स्वरूपले होईन ज्ञान, बुद्धि र विवेकले ठूलो हुने हो भने पढ्न र लेख्न पर्छ नि भन्दा प्रश्नकर्ताले बुझेपो !

तर पनि मान्छेले लेखिरहेछन्, हरेक समयमा । पहिले पहिले भुईमा लेखे– वाँसका कप्टेराले । हिजो सेतो कागजमा निलो मसी राखेको कलमले लेखे । आज प्रविधिसँगै ल्यापटप र नोटबुकमा लेख्दैछन् । अब बोलेको कुरा लेखिने दिन आईसके, "मान्छे लेखेर पढेरको ठूलो भएको छ र ?" भन्न छोडेको खै त ? मान्छेको सोच र विचारहरूमा यति धेरै असमनता कसरी भयो होला ? सोचमग्न हुन्छु घरी घरी ।

आफूले लेख्न सुरु नगरुन्जेल त लेख्ने मान्छे भयङकर ठूला हुन जस्तो लाग्थ्यो। हात्तीलाई त बरु घर नजिकैको बोटो भएर लावालश्कर लागेर लसकलस्क हिंड्को देख्ने हुंदा मनले सामान्य मान्थ्यो । तर ती किताबको गातामा फोटा टाँसेका लेखक चै भयङ्कर लाग्थ्यो । तिनका त टाउकोबाट देवी देवताको जस्तै आभा निस्किरहन्छ होला जस्तो मेरो मनले मान्थ्यो । अहिले आफूले लेखिरहँदा हात्तीसंग भन्दा ती लेखकसँग धेरै जम्काभेट भएर हुन सक्छ, कोही भिष्मपिता, कृष्ण, दोर्णचार्य, सञ्जय र शकुनिजस्ता । संसार त यताको पनि विचित्रै रहेछ तर...

पाठकका मनमा कुरा उब्जिन सक्छ–मैले चै किन लेखैं होला भनेर । यो लेखको आसय पनि यही प्रश्नको जवाफदेहिता नै हो । सोझो बाटो नपाए पछि मान्छे यसरी नै भौतारिदा हुन् जसरी म भौतारिइरहेको छु । हिजो कलेज पढ्दै गर्दा यस्तो लाग्दथ्यो कि देशै मेरो हो । चाहिएका कुरा बोलेरै प्राप्त गर्न सकिहालिन्छ नि । त्यो जवानीको जोशमा सायद सबैले यसैगरी सोच्दा हुन् । आफ्ना कुरामात्र पूरा गरिएन, अरुहरूलाई समेत न्याय मागेरै फर्किइयो । आपत परेकालाई रोजगारी माग्न गइयो, दिलाएरै आइयो । जे जति मागियो, धेरै पाइयो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
नै । जीवन यसरी नै आँटले र ठाँटले बित्छ होला भन्ने लाग्थ्यो । धत् अल्लारे बुद्धि ।

जब घरबारे भइयो, छोरीले भोग्ने समाज र बुहारी भएर भोगिने समाज त नितान्त बेग्लै रहेछ । काठमाडौं सामाखुशीको बाटो विवाह अघि म कति पटक एक्लै हिँडे, हेक्का छैन; तर विवाह पछि घरमा काम गर्ने सहयोगी भाइले कालो विक्रम टेम्पोमा चढ्दै गर्दा भन्यो– "भाउजू छेउ पट्टि नबस्नु है, यहाँका केटाहरू खत्तम छन् ।" म आश्चर्यमा परेँ । कालो सानो विकम टेम्पुमा दुईजना बस्दा छेउ त दुवैतिर हुन्थ्यो । मैले आँफैलाई नियालेँ ! हिजोँ रात साँझ कतै जानु पर्दा ऊ भन्दा जेठो मेरो भाइ "दिदी भए पछि मलाई के को डर" भनेर मेरो पछाडि लुक्दथ्यो । आज म गाडीको छेउतिर पनि बस्न नसक्ने गरी कमजोर कसरी भए ? यो कुराले मलाई धेरै हल्लायो ।

राजनैतिक परिवर्तनहरूमा प्रत्यक्ष संलग्न भएर राजनीतिका उतार चढावलाई नजिकबाट अवलोकन गरिरहेकी म, समाजलाई परिवर्तन गर्नुपर्छ भनेर समाज सुधारका अभियानमा होमिएकी म, प्रत्येक पाइलामा लाग्ने ठेसहरूले यसै यसै कमजोर बन्दै गएँ । वडेमाको हात्तीलाई सानो बन्चरो बोकेको माहुतेले घुमाए झै म पनि समाजले बनाएका नियमका भुमरीहरूमा घुमिरहेँ । म भित्रको "म" हराउदै गयो । म सिर्फ एउटी अबला बन्दै गए । जब म भित्रको "म" जाग्ने गर्दथ्यो र आँफैलाई खोज्ने गर्दथ्यो, मबाट रातको निन्द्रामात्र होइन दिनको भोक पनि भाग्ने गर्दथ्यो । म आत्तिएँ, छटपटिएँ । शान्त हुन पानी मात्र होइन, औषधी नै खाएँ ।

परिवार भित्र एउटा संस्था खोल्ने कुरा चल्न थाल्यो । संस्था खुल्नलाई निकै कसरत भयो । दीपकजी यसमा पत्यक्ष संलग्न भएकाले यसका प्रगतिका विषयमा म जानकार रहिरहेँ । जब संस्थाको सार्वजनीकीकरण हुने दिन आयो, दण्डपाणि अर्ज्याल स्मृति केन्द्रको नामले । मलाई न त दीपकजीले आइज भन्नु भयो न त अरु आफन्तले नै । संस्था सार्वजनीकीकरण सीतापाइलाको एक्मी इन्जिनियरिङ कलेजमा भव्य कार्यक्रमका साथ हुँदै थियो । आकाश धुम्म परेर सिमसिम पानी परिरहेको थियो । मलाई घरकै कामले कालिमाटी जानु थियो । सोचे दीपकजीले बाटैबाट मालाई "यता आऊ" भन्नुहोला । मनमा झिनो आशा पलाउदो नै रहेछ । फेरि फर्कँदा सोचेँ– कसैले त मलाई आइज भन्ला नि ! दीपकजीले "काम सकेपछि त पक्कै आइज भन्नु होला, कोही मान्छे मलाई बोलाउन आएको होला !" सोच्दै सीतापाइला आइपुग्नासाथ बसको झ्यालबाट टाउको बाहिर निकालेर हेरेँ । अहँ मलाई आइज भन्ने त्यहाँ कोही रहेनछन् । प्रत्यक्ष न सही अप्रत्यक्ष तवरले यही संस्थाका कामका लागि मेरो संलग्नता छ । कति दिन मैले भान्सा कुरेर बसेँ, कति मध्य रातसम्म उहाँलाई कुरेँ । तर म एउटा पाँच फिट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुई ईन्चको सग्लो मान्छे भुसुनो जति पनि बनिन । मलाई "म" नभएको आभाष भयो । म विक्षिप्त बनेँ ।

मैले गुनासो गर्ने कसलाई ? दीपकजी आउनु भयो । कार्यक्रम भव्यताका साथ सकेकोमा उहाँको गर्वको सीमा थिएन । घर अएपछि फोनमा दाजुभाइका कुरा भए । समीक्षा चले । "कार्यक्रममा दण्डपाणि अर्ज्यालका छोराहरूलाई मात्र अगाडि चिनाइयो छोरीहरूलाई त बिर्सिइएछ !" हाँसो छुट्यो । उहाँहरूले त्यो विषयलाई सामान्य कमजोरी सोच्नु भयो, दिदीहरू (अमाजू) ले के सोच्नु भयो ? तर मैले समस्त नारीगणको उपहास पाएँ । टेलिफोन वार्ता सकियो । मभित्र कस्तो हुन्डरी मच्चिएको छ उहाँहरूलाई के थाहा ? कार्यक्रम समापनको खुसी र दौडधुपले उहाँ मस्त निदाउनु भयो । अस्तित्व हराएको मानेर मेरा आँखा वन्दै भएनन् । यसैले जन्मायो पहिलो कविता **"लोग्ने मान्छे"** ।

कल्पना गरेको समाज भनौ वा राजनीतिक परिवर्तन भएर निर्माण भएको समाज, समाजशास्त्र पढ्दै गर्दाको समाजको चित्र र मैले भोग्दै गरेको व्यावहारिक समाज बीच आकाश जमिनको फरक भेटेँ । ती व्यथितिहरूलाई तोड्ने चेष्टा गर्नथालेँ । फेरि थपियो परिचयको सङ्कट । मैले पच्चिस वर्ष लगाएर निर्माण गरेको परिचय विवाहको मण्डपमै छोडिएको रहेछ कि ! त्यो परिचय बनाउन फेरि कति वर्ष खर्चिऊँ ? म आँकलन गर्न असमर्थ छु तर पनि मेरो परिचय आम नागरिक भए पर्याप्त हुनु पर्ने होइन र ? भएन । म हराएको परिचय खोज्न लागेँ । आमा र श्रीमतीका परिचय घरधन्दामा मात्र प्रयोग भए । आम नागरिकलाई कसैले चिन्दैन रहेछ । मैले लेखेँ आफ्नै परिचय । हो, त्यही परिचय दिनका लागि मैले मेरो पहिलो कथा सङग्रहको नाम नै **"परिचय"** राखेँ ।

पुस्तक विमोचन भइरहँदा एकजना वक्ताले महिलावादीको ट्याग लागाइदिए । ससम्मान मञ्चमा आसीन भएकाहरू आफ्नै मनको कुरा बोलिदिएझैं एकअर्कालाई चिमटाचिमट गरे । मेरो बुवाले कार्यक्रम समापन गरेपछि भन्नु भयो "म खुसी छु, मेरी छोरीले म मरेपसी पनि मलाई जीवित राख्ने भई ।" यी दुवै खाले ऊर्जालाई मैले आफ्नो जीवनको मूलमन्त्र बनाएँ । यो घटनाले मलाई प्रोत्साहन र आलोचना दुवै नभई लेख्नै नसक्ने बनायो ।

अग्रज दिदी दाइहरूले भाषण गर्दा भन्ने गर्थे "बच्चा नरोईकन आमाले आफ्नै बच्चालाई त दुध खुवाउदैनन् भने त्यसै तपाईहरूले के पाउनुहुन्छ ? नमागी केही पाईदैन, त्यसैले माग्नुस् ।" गोरखा साहित्य समाजले गोरखाका बरिष्ठ साहित्यकार राजेश्वर देवकोटादेखि कनिष्ठ साहित्यकारलाई समेटेर पुस्तक निकाल्दै थियो । वर्षदिन पछि काम विषेसले प्रेसमा जाँदा त किताब सेटिङ हुदैगरेको देख्छु ! म फेरि छक्क परे । जो मान्छेसँग संधै जम्काभेट भइरहेको छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
तिनै मान्छेहरूले मलाई समेट्न नखोजेको थाहा पाउदा म दङ्ग खाँए । घरमा आएर दीपकजीसँग गुनासो पोखेँ । तुरन्तै सुनुवाई भयो । म "पुस्तान्तर" कथा सङ्ग्रहभित्र परे । म गोरखा मात्र होइन कता कता पुगे पुगेँ ।

यिनै अक्षरको त्यान्द्रोले डोऱ्याएर बेलायत र युरोप पुऱ्यायो । स्कुल पढ्दा तरवार ठूलो कि कलम ठूलो भन्ने विषयको पक्ष र विपक्षमा बोल्नु पदर्थ्यो । अक्षरसँग खेल्न डराए पनि म सधै कलमको पक्षमा उभिन्थेँ । त्यही कलम र अक्षरको संयोजनले युरोप घुमायो । म खुशी भएँ । मान्छे बनेको कल्पना गर्न थालेँ र त मैले बेल्जियममा साथी सीता सापकोटाको घरमा वसेर फेसवुकमा स्टाटस हाले "अब जीवनसंग कुनै गुनासो छैन ।" यसको मतलव मेरो जीवनको लक्ष्य भनेकै बेलायत वा युरोप घुम्नु थियो त ? अवश्य होइन । मेरो उद्धेश्य स्वभिमानका साथ जिउनु थियो । शिर उठाएर हिंड्नु थियो । यी कुराहरू मैले लेखेरै प्राप्त गर्दै थिए । आत्मवल यिनै अक्षरहरूले वढाउदै लानथाले– किन नलेख्ने त ?

यसको मतलव अब पूर्ण भए र सन्तुष्ट छु त्यो कदापि होइन । म आफ्ना लेखाइवाट सन्तुष्ट हुन अझै सकेको छैन । आँफूले भन्न खोजेका कुरा पूर्णरुपमा भन्न नसक्दा सम्म लेखेका कुरा सार्वजनिक गर्न डराउन थालेको छु । हिजो आफ्ना कुराहरू लेखेर सक्ने बित्तिकै छापियोस् भन्दै छापाखानामा पुग्थेँ, आज लेख दिनुस् भनेर मागिरहँदा पनि आनाकानी गर्छु ।

जहाँ जहाँ गएँ, त्यहींका कुरा लेख्नथालेँ । कसैले भने –"ताप्लेजुङ्ग जानुभन्दा बेलायत जान छिटो भयो, के लेख्नुहुन्छ बेलायतका कुरा ?" कसैले भने– "गुगलले सबै देखाउँछ तपाँईले लेखेको कस्ले पढ्छ ?" हो, प्रश्न त जेमा पनि उठ्दा रहेछन् । मान्छेको सोच जत्रो छ अभिव्यक्ति पनि त त्यत्रै प्रवाह हुंदो रहेछ । भाँडा अनुसारको पानी अड्ने त रहेछ नि ! धेरैले मैले लेखेको राम्रै माने । मान्छेका सराहनाले ठुलो सन्तुष्टि दिदाँरहेछन् । गुगलले म हिंडेको वाटो कसरी नाप्छ ? लेखेरै "म" हुनुको अनुभूति कसरी गराउथ्यो ? मसँग ठोक्किन आइपुगेकाहरूसँगको अनुभूति कल्पना गर्न सक्ने कुनै प्रविधि बनेको छैन । यसैले आजकल मान्छेका कथा र व्यथा लेख्न छोडेर अनुभूतिहरू लेख्न थालेकी छु । तिनै हिंडाई र लेखाइका उपज हुन **"पश्चिमाहरूको देशमा"** र **"पथ्यरै पत्थर"** यिनै अक्षरहरूले मलाई म बनाऊँदै छन् ।

राजनीति गर्नेहरूको चर्चा उनीहरूले कर्म देखियुन्ज्येल मात्र हुन्छ तर लेख्नेहरू बाँचिरहन्छन् जुगजुग सम्म । पारिजात, तसलिमा नसरिन, लक्ष्मीप्रसाद देवकोटा बाँचे र बाँचिन् माधवप्रसाद घिमिरेकी पहिली श्रीमती गौरी पनि । यसैले म मेरो अस्तित्व जोगाउन र मान्छे भएर बाँच्न लेखेँ, लेख्छु र लेखिरहनेछु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वसन्तको पदार्पणले

गंगा लिगल

पृथ्वी तल हर्षले गद्गद हुन्छे
वसन्तको पदचापमा
शिशिरको खास्टो फाली
पालुवा घुम्टो ओढेर
मानस पटलमा
ऋतु राजको
शुभागमन हुन्छ
यो अद्धितीय दृश्य त
स्वर्गवाट पृथ्वीमा परीको
पदार्पण भए जस्तो
भान हुन्छ !
फोहर मैला उदाङ्ग भै
वातावरणमा
मुस्कुराइटले ठाउँ लिन्छ
वन जङ्गलमा यौवन थपिन्छ
जाडो र गर्मी दुवै गुणका स्वामी
ऋतु राज वसन्तको
पदचापले
पृथ्वी तल, हर्षले गद्गद् हुन्छें
गुराँसमा यौवनको लालीमा थपिन्छ
वाटिकामा सुगन्धित फूलले नयाँ
वहार ल्याउँछ
जसले जगतलाई नै आफूतिर
आकर्षित पार्दछ
हराभरा डाँडा लहलह धानका वाला
मधुरको सौदर्यपूर्ण नृत्य
सम्पूर्ण दृश्यले जगत नै विभोर भान
हुन्छ
मादक पवनले, हिमालको चिसो स्पर्श
कन्चन छहरा, कोइलीको सङ्गीत
जलले पृथ्वीमा अभिशेक गर्छ
विश्व नै आनन्दमय वन्छ
जव पृथ्वीमा वसन्तको
प्रभातीय ज्योतिको दिव्य
स्फुरण भएको वोध हुन्छ
तव मानव आफूलाई
अति गौरवशाली ठान्दछ

शिशिरको मारले
हुर्कन नसकेका कलिला मुना पनि,
विस्तारै, आँखा मिच्दै
हेर्न थाले
वसन्तले राज्य गरेको
स्वर्गीय जगतलाई
यही रोमाञ्चकारी समयको
अर्को उपलब्धी
जसले दिनमा दीर्घताको वोध गराउँछ
रातले मधुरतालाई वहन गर्न वाध्य
हुन्छ
जसले गर्दा दिन र रात दुवै
दिव्यताको संयोगमा सम्मिलित वन्न
पुग्छ
यही खुसीयालीमा महक फैलाउँदै
वेली-चमेलीले लावा भैँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफूलाई पृथ्वीतलमा छर्दै
वसन्तको स्वागतमा
रमणीयता दर्शाउँदै
रङ्गी-विरङ्गी पुतलीलाई
छम-छम नाचेको दृश्यले
कसलाई आकर्षित पार्दैन ?
पृथ्वीमा पूर्ण रूपले
सौन्दर्यको राज्य चकाचौँध हुन्छ
वसन्तले हरियालीको पिङमा
मस्त झुल्दै
पारिलो घाम संगैको दृश्यमा
ऋतुराजले सम्पूर्णमा शैत्य गांभीर्य र
माधुर्यताले
हर हर हर हर अभिवशेक
गरिदिन्छ
वसन्तको पदार्पणले
पृथ्वी झनै सुन्दर वन्दछ ।

INLS Houston Chapter
अनेशासको संस्थापक अध्यक्ष

दण्डपाणि अर्ज्याल स्मृति केन्द्र
काठमाडौं

आ.व. २०७४/०७५ को खर्च विवरण

क्र.सं.	विवरण	यस वर्ष २०७५	गत वर्षको २०७४
१	संस्था नविकरण	७,५००।००	६,३५०।००
२	लेखा परीक्षण खर्च	२,५००।००	५,०००।००
३	सम्मानपत्र खर्च	२,७९०।००	२५,०००।००
४	टेलिफोन तथा संचार	२,०००।००	१,०००।००
५	ज्ञानविन्दु प्रकाशन खर्च	७४,०००।००	५५,०००।००
६	त्रिविधा प्रकाशन खर्च		
७	पुस्तक विमोचन खर्च काठमाडौमा (अनुसूचि वमोजिम)	५३,८५०।००	५६,०००।००
८	पुस्तक विमोचन खर्च गोरखामा (अनुसूचि वमोजिम)	–	३१,५००।००
९	विविध	५,०००।००	२,०००।००
	वचत	२९,६४३।००	३२,८९६।००
	जम्मा	१,४७,६४०।२४	२,१४,७४६।६६

कोषाध्यक्ष	सचिव	अध्यक्ष	लेखापरिक्षक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Dandapani Arjyal Memorial Center: A brief introduction

Dr. Anupama Aryal

Dandapani Arjyal was born in 24 Kartik, 1963 B.S to Tapa Sharma Arjyal and Bhawani Devi Arjyal in a small village called Baguwa, Gorkha. In 2004 B.S, he started his career as a teacher in Gorkha Bhasha School. Later, he taught in Adhar Middle school and Shakti High School and stayed for a while. He always believed that education is vital to the well being and development of the society and has recognized the powerful impacts education can make on the society. So, he devoted his entire life to the promotion of education. He died in 7 Magh, 2045 B.S at the age of 83. His contribution to the Nepalese society has been well appreciated all over the nation. In order to cherish his versatile personality and the contribution Mr. Arjyal made to the society, Dandapani Memorial Center was established in 1962 B.S.

Dandapani Memorial Center is a legally registered organization which was established in a year 2062 B.S with the motto of FSocial Service and Promotion of History, Education, Astrology, and Culture". This organization has been very pro-active conducting various events at the national level since the time of its establishment.

To uplift the national history and sociology, to implement Sanskrit language and its literature in day to day life, to preserve our culture, rituals, norms and values in a modern way, to abolish the superstitious and blind belief such as caste system (so called untouchable and lower caste system) and to make the public aware about the importance of education in our daily life are some of the issues this center is currently working on. Beside this, this center has published various articles and books written by late Dandapani Arjyal such as Arjyal Brihat Bansawali, Dashmahabidhya, Tribidhya etc. In order to promote education, history, culture, to end the caste system, raise awareness about women empowerment, this center has formed a working committee which comprises a group of popular national faces such as Prof. Shivaharu Marahatta, Prof. Saroj Devkota, Dr. Prabha Kaini, Dr. Dinesh Devkota , Bishnu Pravat etc.

From the very beginning of its establishment, the center has done numerous activities. Some of them are listed as follows:

1. It has published 17 books in various fields by some of the talented writers of the country.
2. It has been releasing its annual magazine FGyanbindu" every year which consists of articles written by the people from various fields based on research and Nepali literature. This magazine is very popular.
3. It has been conducting interaction programs and workshops on various topics every year and presents a research paper (karyapatra), which is also published in its annual magazine.
4. It has been awarding a versatile national personality every year, who has

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
contributed his/ her life in promoting the education, astrology, social service, culture, history, Sanskrit literature etc since 2063 B.S. It has established a prize to award such national personalities named FDandapani-Nanda Kumari Arjyal Memorial National Award." The award was named after himself and his wife the late Nanda Kumari Arjyal. Mrs Arjyal had played a very important role in her husband's life by supporting him in all of his ventures and endeavors.

Following are the names and the area of their contribution of all the award recipients so far.

Year (BS)	Recipient	Area of contribution
2063	Gyan Mani Nepal	History
2064	Prof. Dinesh Raj Panta	Astrology
2065	Satya Mohan Joshi	Literature and culture
2066	Prof Dr. Suresh R. Sharma	Education
2067	Madan Mani Dixit	Literature and culture
2068	Dr. Mod Nath Prashrit	Literature
2069	Dr. Surendra K.C	History
2070	Punya Laxmi Khatiwoda	Literature and education
2071	Prof. Dr. Tulsi Ram Baidhya	History
2072	Dr. Prem K Khatri	Culture
2073	Dr. Jagman Gurung	Astrology and culture
2074	Dhurmus and Suntali	Philanthropy

5. To acknowledge the talent of underprivileged and obedient students, the center has been providing a scholarship to a student of Shakti High School where Arjyal used to teach. The fund for this was provided by one of the founding members of the center, Mr. Harihar Aryal.
6. Dandapani Arjyal was always against the so-called lower caste system prevalent in our society. Our center always appreciates this nobel thought and has provided a scholarship to a female student among so-called Flower caste" society who was the highest scorer in SLC examination.
7. In order to uplift the patriotic feelings among the youth of Gorkha district, this center organized an essay competition in a topic related to patriotism and awarded top 3 contestants. This center is looking forward to organizing such types of academic programs in the near future.
8. In the memory of Late Umesh Aryal (grandson of Dandapani Arjyal), Harihar Aryal and Chandra Aryal (parents of late Umesh Aryal) have decided to build a building in Saraswati Madhyamik Vidhayalaya, Alhe, Gorkha through Dandpani Arjyal Memorial Center. The total fund for the building is approximately Nepali

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Rs. 8 lakhs and will be named after Umesh Aryal, who lost his life at the age of 40.

The income/ expenditure of the center is published in its annual magazine every year. This center was established by Dandapani Arjyal's sons (Balaram Aryal, Parashuram Aryal, Harihar Aryal, and Rajendra Prasad Aryal) with some donations. Now the fund has risen to approximately Nepali Rs.13,00,000.00. The interest given by the bank, the money raised by selling books, the advertisement published in its annual magazine and personal donations are some of the sources of income that keep this center still running. Beside this, the Cultural Ministry of Nepal had also provided some funds to acknowledge the contribution of this center in our society.

Dandapani Arjyal Memorial Center has played a key role to preserve the history, culture and promotion of education in Nepal. Secure funding to conduct its activities and keep it running has been a major challenge for this center. DandapaniArjyal's children and grand/ great-grand children have been working very hard to keep his legacy alive by establishing this center. I would like to wish this center good luck and urge all the readers to support this Centre in any means possible.

हार्दिक समवेदना

दण्डपाणि अर्ज्याल स्मृति केन्दका आजिवन सदस्य **श्रीमती चन्द्रा अर्याल**का पिता **लाल प्रसाद कट्टेल**को मिति २०७५ कार्तिक १२ गते ९७ वर्षको उमेरमा भएको दुःखद् निधनले हामी मर्माहत भएका छौं। हामी उहाँको आत्माको चिरकालतक शान्तिको कामनासहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।

दण्डपाणि अर्ज्याल स्मृति केन्द्र, काठमाडौं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र
कार्यसमितिको नामावली

प्रा. सरोजकुमार देवकोटा	अध्यक्ष	९८५१०३९६७८
श्री प्राज्ञ विष्णु प्रभात	उपाध्यक्ष	९८४१४२२५२२
श्री ईश्वरचन्द्र बानियाँ	महासचिव	९८५११९४४४०
श्री गीता रेग्मी अर्याल	सचिव	९८४१६१५०४४
श्री कमल अर्याल	कोषाध्यक्ष	९८५६०३२७९४
डा. प्रभा कैनी	सदस्य	९८४१२७६६८८
श्री मदनराज थापा	सदस्य	९८४५२१६८११
श्री दीपकबाबु अर्याल	सदस्य	९८४१२३८३१०
श्री कपिलचन्द्र खनाल	सदस्य	९८४१४८४३५८
श्री प्रभा बराल	सदस्य	९८४१७३७२९२
श्री अनिल अर्याल	सदस्य	९८५११६२६६५
श्री ईश्वरी सुवेदी	सदस्य	९८४९९४४४४६
श्री सविता शर्मा	सदस्य	९८४१७३६९६५
श्री विजय आचार्य	सदस्य	९८५११८२९७४
श्री परशुराम अर्याल	कोष संस्थापक	९८४१४०३७२३
श्री हरिहर अर्याल	कोष संस्थापक	(हाल: फ्रान्समा कार्यरत)
श्री राजेन्द्रप्रसाद अर्याल	कोष संस्थापक	(हाल: अमेरिकामा कार्यरत)

सल्लाहकारहरू:

प्रा. श्री शिवहरि मरहट्टा

डा. श्री दिनेशचन्द्र देवकोटा

श्री दोलखबहादुर गुरुङ

श्री शीतलवाबु रेग्मी

श्री नारायणभक्त अर्ज्याल

श्री तुलसी न्यौपाने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्मृति केन्द्रका गतिविधि

कमल अर्याल

१. नामित प्रतिभा र केन्द्रको परिचय

वि.सं. १९६३ साल कार्तिक २४ गते वगुवा गा.वि.स., गोरखामा जन्मिनु भएका ज्योतिषी पण्डित दण्डपाणि अर्ज्यालको २०४५ साल माघ ७ गते गोरखा वजारमा स्वर्गारोहरण भएको थियो। उहाँ गोरखामा पण्डितवाजे, ज्योतिषीवाजे र माष्टरवाजे जस्ता नामले चिनिनुहुन्थ्यो। वि.सं. २००४ सालदेखि शिक्षण पेसामा लाग्नु भएका स्व अर्ज्याल विभिन्न संस्थाहरूमा रही लामो समयसम्म शिक्षा विकासमा योगदान दिनुभयो।

स्व. दण्डपाणि अर्ज्यालले विभिन्न क्षेत्रमा गर्नु भएको योगदानलाई जनसमक्ष पुऱ्याउने र वहाँको स्मृतिलाई चिरस्थायी वनाउँदै लैजानका लागि र साहित्यिक तथा सांस्कृतिक उन्नयनका निम्ति विभिन्न सामाजिक कार्य गर्ने उद्देश्यका साथ परिवारको संलग्नतामा वि.सं. २०६२ सालमा दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र स्थापना भएको हो। स्मृतिकेन्द्रको स्थापनापछि केन्द्रले एक अक्षयकोष खडा गरी तथा पुरस्कारको प्रवन्ध गरेको छ र प्रत्येक वर्ष राष्ट्रका लागि महत्वपूर्ण योगदान गर्ने राष्ट्रिय व्यक्तित्वहरूलाई राष्ट्रियस्तरमा **दण्डपाणि/नन्दकुमारी अर्ज्याल स्मृति पुरस्कार** प्रदान गर्दै आएको छ। इतिहास, संस्कृति, वंशावली अनुसन्धान, शिक्षासेवा, साहित्य, समाजसेवा, संस्कृतभाषा, ज्योतिषशास्त्र आदि विषयहरूमा क्रमैसँग प्रतिभा चयन गर्दै पुरस्कृत गर्दै आइरहका छौं। यसवर्ष (२०७४) मा संस्थाले सामाजिक विषय छान्यो र सोही क्षेत्रमा समर्पित प्राकृतिक चिकित्सा र उपचार पद्धतिमा छुट्टै पहिचान बनाउन सफल एक सामाजिक अभियन्ता डा. हरि प्रसाद पोखरेल "मानसाग्नि"लाई पुरस्कृत गर्ने निर्णय गरेका छौं।

२) वार्षिक साधारण सभा सम्पन्न

२०७५ आश्विन १० गते वुधवार दण्डपाणि अर्ज्याल स्मृति केन्द्रको वार्षिक साधारण सभा बालाजु, काठमाडौंको गुराँस क्याफेमा सम्पन्न भयो। दुई चरणमा सम्पन्न भएको उक्त सभाको पहिलो सत्रमा उद्घाटन कार्यक्रम सम्पन्न भएको थियो भने दोस्रो चरणको वन्द सत्र कार्यक्रममा महासचिवको प्रतिवेदन, कोषाध्यक्षको प्रतिवेदन छलफलको लागि प्रस्तुत गर्दै पास गरिएको थियो। दोस्रो चरणमा स्वतन्त्र निर्वाचन मण्डल गठन गरी नयाँ कार्य समिति गठन गरिएको थियो। पहिलो चरणको उद्घाटन सत्रको कार्यक्रममा प्रमुख अथितिको रूपमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समुपस्थित हुनु भएका गैर आवासीय नेपाल संघका सदस्य तथा दण्डपाणि अर्ज्याल स्मृति केन्द्रका कोष संस्थापक श्री हरिहर अर्यालले गौरवशाली व्यक्तिको नाममा स्थापित संस्थाले गर्दै आइरहेको अत्यन्त राम्रा अझै उन्नत किसिमबाट गर्दै जानका लागि शुभकामना दिनुभयो । त्यस्तै संस्थाको कामलाई प्रभावकारी रूपबाट अगाडि बढाउनसक्ने कार्य समिति छनोट गर्न सकोस् भन्ने शुभेच्छा पनि प्रकट गर्नु भएको थियो । कार्यक्रममा प्राज्ञ विष्णु प्रभातले पनि शुभकामना मन्तव्य दिनु भएको थियो । दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रका अध्यक्ष श्री सरोज देवकोटाको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन साहित्यकार गीता रेग्मीले गर्नु भएको थियो भने कार्यक्रममा समुपस्थित महानुभावप्रति धन्यवाद ज्ञापन संस्थाका सदस्य दीपकबाबु अर्यालले गर्नु भएको थियो । कार्यक्रममा उपस्थित गोरखा लिगलिग पण्डित गाँउ स्थायी निवासी श्री शिशिर देवकोटा र गोरखा राउतेपानी स्थायी निवासी श्री नारायण प्रसाद देवकोटाले स्मृतिकेन्द्रको आजीवन सदस्यता लिनुभएको थियो ।

३) पुरस्कार अर्पण तथा ज्ञानबिन्दु ११ औं अङ्क लोकार्पण

स्मृति केन्द्रले ज्ञान सञ्चारको निम्ति वि.सं.२०६४ साल देखि "ज्ञानबिन्दु" पत्रिका प्रकाशित गर्दै आएको छ । यही परम्परालाई निरन्तरता दिँदै गत २०७४ चैत्र ३ गते शनिबार नेपाल प्रज्ञा प्रतिष्ठानको हलमा ज्ञानबिन्दु पत्रिका लोकार्पण गरिएको थियो । नेपालको सामाजिक क्षेत्रमा अतुलनीय योगदान दिन समक्ष व्यक्तित्व सामाजिक अभियन्ता श्री सीताराम कट्टेल "धुर्मुस" र श्रीमती कुन्जना घिमिरे "सुन्तली" लाई कदर स्वरूप रू.२५००० हजार र कदरपत्रले सम्मानित गरिएको उक्त कार्यक्रमको प्रमुख अतिथिको रूपमा मध्य पशिचमाञ्चल विश्व विद्यालयका उपकुलपति प्राध्यापक डा. उपेन्द्र कुमार कोइराला उपस्थित हुनु भएको थियो । प्रमुख अतिथिको आसनबाट बोल्दै उहाँले ज्ञानबिन्दु बहुपक्षीय विचारको प्रवाहको रूपमा प्रवाहित भएकोमा खुशी व्यक्त गर्दै पुरस्कृत व्यक्तित्व नेपाली समाजमा सामाजिक अभियन्ताको रूपमा स्थापित हुनु भएको चर्चा गर्नु भयो । साथै उहाँले त्यस्ता वहुआयामिक उच्चतर व्यक्तिलाई चयन गरी सम्मान गरेर स्मृति केन्दले आफ्नो गौरव बढाएको कुरा समेत स्पष्ट पार्नु भएको थियो । सम्मानित व्यक्तित्व श्री सीताराम कट्टेल "धुर्मुस"ले उदाहरणीय प्रतिभाको नाममा स्थापित र सञ्चालित संस्थाले सम्मान गरेकोमा गौरव बोध र कर्तव्य बोधले पुलकित भएको कुरा बताउनु भएको थियो । कार्यक्रममा पूर्वमन्त्री एवं साहित्यकार रमेशनाथ पाण्डे, नायक सरोज खनाल, प्रा.डा. जयराज आचार्य, प्राज्ञ गीता केशरी, नियात्रा समाजका अध्यक्ष चन्द्रप्रसाद भट्टराई, थाई नेपाली संघका अध्यक्ष कुमार कार्की लगाएतका विशिष्ठ महानुभावहरूको उपस्थित रहेको थियो । संस्थाका अध्यक्ष प्राध्यापक श्री सरोज देवकोटाले सभापतिको आसनबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
बोल्दै कार्यक्रममा उपस्थित विद्वान् विदुषीको भव्य उपस्थितिले कार्यक्रम सफल बन्न सकेकोमा उपस्थित सबै धन्यवादका पात्र हुनु भएको कुरामा जोड दिनु भएको थियो । उक्त कार्यक्रममा साहित्यकार विष्णु प्रभातले ज्ञानविन्दु पत्रिकाको सम्पादकीय मन्तव्य राख्नुभएको थियो भने संस्थाका सचिव गीता रेग्मीले स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो । कार्यक्रमको सञ्चालन संस्थाका सदस्य श्री दीपकवाबु अर्यालले गर्नु भएको थियो ।

४) आर्थिक सहयोग प्राप्त

अन्त्यमा अघिल्ला वर्षहरूमा जस्तै फ्रान्स निवासी हरिहर र चन्द्रा अर्यालले २०७४ सालको पुरस्कार राशि रु. पच्चीसहजार चन्दास्वरूप स्मृति केन्द्रलाई प्रदान गर्नुभएको थियो । त्यसै गरी नामित प्रतिभाकी धर्मपत्नीको नाममा २०५४ सालमा रु. पचास हजारको अक्षयकोष खडा गरी गोरखावजारस्थित श्री शक्ति मा.वि.मा अध्ययन गर्ने कक्षा ८ र १० का एक एक छात्र छात्रालाई छात्रवृत्ति दिने परम्परा जारी छ । स्मरणरहोस् उक्त अक्षयकोष उहाँहरूले नै स्थापना गर्नुभएको हो । साथै त्यसैगरी गोरखाको खोपीधारा पुनः निर्माणको निम्ति स्वर्गीय छोरा उमेशको सम्झनामा दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र मार्फत रु. पच्चीस हजार चन्दा स्वरुप प्रदान गर्नु भएको छ । स्मरण रहोस् स्मृतिकेन्द्र मार्फत गोरखाको आहालेस्थित सरस्वती उच्च मा.वि.का लागि उहाँहरूले अघिल्लो वर्ष घोषणा गर्नुभएको रकमका आधारमा भवन तथा हल निर्माण कार्यले गति लिइरहेको छ ।

अमेरिका निवासी राजेन्द्र प्रसाद अर्याल र सीता अर्यालले दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रको तर्फबाट गोरखाबजारमा अवस्थित खोपीधारा परिसरमा निर्माण हुन लागेको पार्क/बगैचाको निम्ति रु. पच्चीसहजार सहयोग स्वरुप प्रदान गर्नु भएको छ । यी विभिन्न सहयोगहरूवाट संस्था क्रियाशील हुन सकेकोमा म उहाँहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(गीत) मलाई थाहै भएन

उत्सव अर्याल

तिम्रो बाटो हेर्दा हेर्दै
कहिले साँझ परेछ मलाई थाहै भएन
तिम्रो बारेमा सोच्दा सोच्दै
म हराउन लागेछु
मलाई थाहै भएन
तिम्रो आवाजले मलाई तानिरहेछ तानिरहेछ
मलाई थाहै भएन
तिम्रो रूपले मलाई तानिरहेछ, तानिरहेछ
मलाई थाहै भएन
तिम्रो हेराइले मलाई लोभ्याइरहेछ
मलाई थाहै भएन
तिम्रो आँखाले मलाई बोलाइरहेछ
मलाई थाहै भएन
कति अमूल्य लाग्छ मलाई २
तिम्रो मन्द मुस्कान त्यो
हेरिरहुँ लाग्छ सँधै आँखै नहटाई २
मेरो मनले तिमीलाई खोजिरहेछ, खोजिरहेछ
मलाई थाहै भएन
तिम्रो मुटुमा म अट्ने सानो ठाँउ त छ होला २
त्यहि ठाँउले मेरै लागि पर्खि बस्दै छ होला २
साँचो माया मबाट
अरु केही होइन .....
तिमीबाट यस्तो माया म पाउँछु पाउँदिन ...
मलाई थाहै भएन २
मेरो मुटुमा तिम्रा लागि यस्ता
कति गीत बनेछन्
तिम्रो मनमा त्यस्ता गीतहरू
छन् कि छैनन् मलाई थाहै भएन
मलाई थाहै भएन
तिम्रो आवाजले मलाई तानिरहेछ तानिरहेछ
मलाई थाहै भएन २

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र, काठमाडौंद्वारा प्रकाशित पुस्तकहरू



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मूल्य रु. २००/-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal